ISSN 2091-2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक

(भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क)




किरण पुस्तकालय

तम्घास, गुल्मी



गोरखापत्र संस्थानका अध्यक्ष श्री विष्णुप्रसाद सुवेदीसँग किरण पुस्तकालयको साहित्यिक प्रकाशन हाम्रो पुरुषार्थ र गोरखापत्रका प्रकाशनहरूको आदानप्रदान



नेपाल प्रज्ञा-प्रतिष्ठानका पूर्व सदस्य सचिव डा. तुलसी भट्टराई, डा. गोविन्दराज भट्टराईलाई हाम्रो पुरुषार्थ हस्तान्तरण




नेपाल प्रेस युनियनका पूर्व अध्यक्ष मुरारिकुमार शर्मा, देउखुरी, दाङलाई हाम्रो पुरुषार्थका विभिन्न अङ्कहरू प्रदान।

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

## भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क

| वर्ष : ५२ | अङ्क : २ | सम्पूर्णाङ्क : १०५ | माघ-चैत, २०८१ |
|---|---|---|---|

**सम्पादक**

शशि पन्थी

**सह-सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

**लेआउट**

सुमन कार्की

**मुद्रण**

सहारा प्रिन्ट कनेक्सन, काठमाडौं - ९८५१०७४१३३

प्रकाशक

मूल्य रु. ५००/-

**किरण पुस्तकालय**

तम्घास, गुल्मी, फोन : ०७९-५२०२८७, ९७६२२२७७८७

सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३

मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८

Email : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com

Website: www.kiranpustakalaya.com

आवरण : सुप्रसिद्ध साहित्यकार लीलबहादुर क्षत्री, इन्द्रबहादुर राई र पुराना पत्रिकाहरू

# हाम्रो पुरुषार्थ

(त्रैमासिक)

### काठमाडौं प्रतिनिधि

डा. दुर्गाप्रसाद अर्याल
फोन नं. ०१-४८२०५९७

डा. लक्ष्मीकान्त पन्थी
फोन नं. ९८४११४८३८५

गोविन्दप्रसाद पोखरेल
फोन नं. ९८४१८४९६६६

भानुभक्त मरासिनी
फोन नं. ९८४१७१३३३६

डा. कृष्ण भण्डारी 'मुमुक्षु'
फोन नं. ९८५६०३२४७७

### पाल्पा प्रतिनिधि

कमल खत्री
फोन : ९८४७३०८९०८

### रुपन्देही प्रतिनिधि

गोपाल पन्थी
फोन नं. ९८५७०३३३३८

रुरु शर्मा
फोन नं. ९८४७०९३०११

माधव गौतम
फोन नं. ९८४७०३३९२४

### चितवन प्रतिनिधि

पूर्णप्रसाद अधिकारी
फोन नं. ०५६-५२८१६०

### दाङ प्रतिनिधि

प्रा.डा. अर्जुनप्रसाद भट्टराई
फोन : ९८६८६३०४६१

### पोखरा प्रतिनिधि

शङ्कर ज्ञवाली
फोन : ९८५६०३१४४४

### विदेश प्रतिनिधि

महेश आचार्य
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
फोन नं. : +१७०२-४२८-५५४०

डा. गोपालप्रसाद शर्मा
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

शंकरप्रसाद शास्त्री
गढी केन्ट, घुन्घुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९९७२०७४८४

महेन्द्रकुमार लम्साल
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अष्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

विष्णु शर्मा
पी.डब्लू डी. कोलोनी
डिफू, कर्बी, एङ्लोङ, आसाम, भारत
फोन नं. ००९१२६७१२७३१८५

सम्पादकीय

# भारतीय नेपाली साहित्यप्रति समर्पित

- भाषामै उनिएर आए ज्ञान, विज्ञान, कला र कौशलहरू । भाषामै बुनिएका छन् साहित्य, संस्कृति र सभ्यताहरू पनि । नाघेर राज्यका साँधहरू परपर पुग्दा रहेछन् भाषा, साहित्य र संस्कृतिहरू । यिनैले जोड्दा रहेछन् टाढाटाढाका मनहरू पनि ।
- नेपाल सबैको हो, भाषा बोल्नेहरूको हो । हिमाल, पहाड र तराईलाई जोड्छ नेपाली भाषाले । मेची-महाकाली जोड्छ नेपाली भाषाले । अझ पर दार्जिलिङ सिक्किम, आसाम, मणिपुर र देहरादूनसम्म भाषा, साहित्य र संस्कृतिमा जोडिन्छौँ हामी । बर्मा र समुद्रपारिसम्म जोडिन्छौँ हामी भाषा र संस्कृतिले ।
- हिजो नेपाल निदाउँदा दार्जिलिङ र देहरादूनले जगाउँथे । घन्कन्थे जागरणका गीतहरू त्यता । दार्जिलिङ र सिक्किममा भाषा बचाउन संघर्ष हुँदा यताका मनहरू पनि जुर्मुराउँथे । त्यता नेपाली भाषाले मान्यता पाउँदा यताका मनहरू पुलकित हुन्थे ।
- भारतभूमिमा नेपाली साहित्यका हरा, भरा उर्वरा फाँटहरू छन् । त्यहाँ अन्वेषण र सृजनका फराकिला सामर्थ्य र आँटहरू छन् । झन् चर्को छ भाषाप्रेम त्यता' । अपूरो हुन्छ नेपाली भाषा र साहित्य त्यताको उल्लेखविना । अधुरो हुन्छ नेपाली साहित्यको इतिहास भारतीय नेपाली साहित्यलाई बिर्सेर ।
- सूधपाले दार्जिलिङबाट नेपाली भाषा र साहित्यलाई दिएको योगदान अविस्मरणीय छ । नरबहादुर भण्डारी, दिलकुमारी भण्डारी, इन्द्रबहादुर राई, पवन चामलिङहरूको भाषाप्रेम अविस्मरणीय छ । हामी सम्झिरहन्छौँ- 'हरिप्रसाद गोर्खा राई र चन्दनसिंह ठाकुरका योगदानहरूलाई । हामी सम्झिरहन्छौँ- बर्मा, आसाम, मेघालय, सिक्किम, दार्जिलिङ, बनारस र देहरादूनसम्म नेपाली भाषाका बिउ रोप्नेहरूलाई, नेपाली साहित्यका फूल फुलाउनेहरूलाई ।
- भारतीय भूमिमै फुले- डाक बंगला, भ्रमर, मुलुकबाहिर, आज रमिता छ, बसाइँ जस्ता फूलहरू । जसका सुवास हामी लिइरहेछौँ । दार्जिलिङबाट आए- तेस्रो आयाम र लीलालेखनहरू । सुजना, दर्शन र सन्देश सबै आएका छन् यता । भारतीय भूमिमा रहेर नेपालीहरूले नेपाली भाषा र साहित्यको लागि गरेका योगदानहरूको स्मृतिमा 'हाम्रो पुरुषार्थ' को प्रस्तुत अंक 'भारतीय नेपाली साहित्य र साहित्यकार' प्रति समर्पित छ ।

# कुटुरो फुकाउँदा


| कति | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | संस्थागत व्याकरण र कोषको अभावमा ... | डा.खगेन शर्मा | १ |
| २. | पुरेतले अशुद्ध पढेपछि आफैं पढेर ... | लोकनाथ उपाध्याय चापागाईं | ९ |
| ३. | मौलिक ग्रन्थ निर्माण गर्नुभन्दा धेरै ... | छविलाल उपाध्याय | २५ |
| ४. | समाजकल्याण साहित्यको अन्तरनिहित... | डा. इन्दुप्रभा देवी | ३३ |
| ५. | आज पाठक-समूह केवल लेखकहरू मात्र छन् | सुवास दीपक | ४५ |
| ६. | राजनीतिले तोड्छ, तर साहित्यले जोड्छ | मुक्ति उपाध्याय बराल | ६३ |
| ७. | साहित्य जीवनको मार्गदर्शक हुनुपर्छ | लीलबहादुर क्षत्री | ७२ |
| ८. | जीवन नै एउटा बगिरहने नदी हो | बन्ति शेन्वोवा | ७८ |
| ९. | कविताले जीवन जिउने बाटो देखाउँछ | निलीमा आचार्य | ८४ |
| **लेख / आलेख / निबन्ध / समीक्षा / समालोचना** | | | |
| १. | नेपाली भाषा : नेपाल र भारतका बीच ... | डा. तुलसी भट्टराई | ८९ |
| २. | नेपाली महाजातिका एक उच्च ... | प्रा.डा. गोविन्दराज भट्टराई | १०१ |
| ३. | ऐतिहासिक र आधुनिक उपन्यास ... | प्रा.डा. यमबहादुर क्षेत्री | १०९ |
| ४. | भारतमा नेपाली भाषा आन्दोलन ... | डा. सुजना शर्मा | १२४ |
| ५. | नेपालबाहिर नेपाली भाषा र साहित्यका ... | डा. लक्ष्मीकान्त पन्थी | १३४ |
| ६. | भारतेली नेपाली नाटकको पौराणिक... | मुक्तिप्रसाद उपाध्याय | १६८ |
| ८. | मणिपुरमा नेपाली भाषा | भवानी अधिकारी | १७८ |
| ९. | पूर्वोत्तर भारतमा नेपाली समालोचनाको... | ज्ञानबहादुर छेत्री | १९१ |
| १०. | भाषा दिवससम्बन्धी केही कुरा | टीका ढुङ्गेल | २०२ |
| ११. | डा. गोकुल सिन्हाको बाह्र बटुलो र रामगीता | छत्रमान सुब्बा | २०५ |
| १२. | शरद् ऋतु, शारदीय पीडा र शरद्पुत्री | डा. वीणा हाङ्गखिम | २१२ |

| कृति | के ? | कसको | कहाँ ? |
|---|---|---|---|


| | | | |
|---|---|---|---|
| १३. | खाने मुखलाई जुँगाले छेक्दैन | डा. व्यन्जना शर्मा | २२१ |
| १४. | बीसौं शताब्दीमा जन्मिएकी नेपाली... | अनिता पन्थी | २२४ |
| १५. | नेपाली साहित्यमा बनारसको देन | दुर्गाप्रसाद श्रेष्ठ | २३३ |
| १६. | पारसमणि प्रधान : नेपाली साहित्यको ... | शरद प्रधान | २४५ |
| १७. | साहित्यकार कृष्णप्रसाद ज्ञवाली र उनको... | राजेन्द्र पन्थी | २५४ |
| १८. | रामकृष्ण शर्माको 'टेबल गफ नौ बैठक' ... | नवीन पौड्याल | २६३ |
| १९. | मलाई चकित तुल्याएको पुस्तक .... | आचार्य लक्ष्मण भण्डारी | २७४ |
| २०. | वरिष्ठ नारी स्रष्टा मातृका गजमेर श्रेष्ठको .... | गङ्गा अभिलाषी | २८० |
| २१. | दार्जिलिङ र साहित्यकार डा. गीता क्षेत्री | पुष्कर अथक रेग्मी | २८३ |
| २२. | बनारसमा नेपाली साहित्य र 'छात्रदूत' | राजेन्द्र गोपाल सिंह | २८७ |
| २३. | मेघालयको नेपाली साहित्यको ... | डा.टेकनारायण उपाध्याय | २९० |
| २४. | देहरादूनमा लाहुरेको रेलिमाई : एक समीक्षा | उदय ठाकुर | ३०४ |
| २५. | भाषा मान्यताको निर्णायक आन्दोलन- ... | चन्द्र दुलाल | ३०८ |
| २६. | पूर्वाञ्चलीय भारतीय नेपाली ... | डा. बाबुराम ज्ञवाली | ३१४ |
| २७. | उत्तराखंडमा नेपाली भाषा | महेशचन्द्र बराल | ३१९ |
| २८. | भारतीय भाषा साहित्यको इतिहासमा कोशेढुंगा | दिल साहनी | ३२२ |
| २९. | हरितालिका व्रत : एक नयाँ दृष्टिकोण | नैना अधिकारी | ३३२ |
| ३०. | सय वर्ष उमेर धानेको असमेली नेपाली ... | पूर्णकुमार शर्मा | ३३९ |
| ३१. | भारतीय नेपालीहरूका जातीय चिनारी र ... | योगेश खाती | ३५७ |
| ३२. | लीलबहादुर क्षत्रीका नाटकहरू ... | लक्ष्मण वियोगी | ३६६ |
| ३३. | एक्काइसौं शताब्दीको सुब्बा | सैनिक कवि विशाल के.सी. | ३८३ |


**कथा/लघुकथा**


| | | | |
|---|---|---|---|
| १. | अजिङ्गर | मनप्रसाद सुब्बा | १८३ |
| २. | मूकदर्शक | इन्दिरा गौतम | ३३० |
| ३. | धर्ती की परी | ललिता जोशी क्षेत्री | ३७८ |

| कति | के ? | कसको | कहाँ ? |
|---|---|---|---|

**कविता/मुक्तक**

| | | | |
|---|---|---|---|
| १. | उदाउँदैनन् कि ! नयाँ बिहानी | कुसुम गौतम | २३१ |
| २. | आदिकवि भानुभक्त आचार्य | टेकनारायण रिमाल "कौशिक" | २३२ |
| ३. | मुक्तक | सीतादेवी | २८२ |
| ४. | शुद्धरत ऐरावती | अमित घिमिरे | ३२१ |
| ५. | बल्ल बुझ्दैछु | ओमबहादुर बगाले थापा | ३३१ |

**स्थायी स्तम्भहरू**

| | | | |
|---|---|---|---|
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट-१०८ | मुक्तिप्रसाद उपाध्याय | १ |
| ३. | भेटघाट-१०९ | मुक्तिप्रसाद उपाध्याय | ९ |
| ४. | भेटघाट-११० | छविलाल उपाध्याय | २५ |
| ५. | भेटघाट-१११ | मुक्तिप्रसाद उपाध्याय | ३३ |
| ६. | भेटघाट-११२ | डा. देवचन्द्र सुब्बा | ४५ |
| ७. | भेटघाट-११३ | पूर्णकुमार शर्मा | ६३ |
| ८. | भेटघाट-११४ | अखण्ड भण्डारी (अन्नपूर्ण पोष्ट) | ७२ |
| ९. | भेटघाट-११५ | इन्दु प्रभादेवी | ७८ |
| १०. | भेटघाट-११६ | डा. खगेन शर्मा | ८४ |
| ११. | अनुभव/अनुभूति : विष्णुदत्त शर्मा | शशि पन्थी | ३८९ |
| १२. | पुस्तकालय परिचय | टेकेन्द्र बस्याल | ३९५ |
| १३. | किरण पुस्तकालयको पातो | सचिव | ३९९ |
| १४. | नौलो सृष्टि : सानो दृष्टि | अकिञ्चन | ४०० |
| १५. | यताउताबाट | निष्पक्ष ध्वनी | ४०५ |
| १६. | पाठक-प्रतिक्रिया | सङ्गीता उपाध्याय पौडेल | ४०६ |
| १७. | किरण पुस्तकालयका आजीवन/विशिष्ट सदस्यको परिचय | | ४०७ |
| १८. | हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली | | ४०७ |

# संस्थागत व्याकरण र कोषको अभावमा हिज्जेमा विविधता देखिन्छ



डा.खगेन शर्मा

*(पूर्वोत्तर भारतका नेपाली साहित्य र संस्कृतिका संगठक डा. खगेन शर्मा गुवाहाटी विश्वविद्यालयका नेपाली प्राधयापक हुनुहुन्छ। उहाँका मौलिक, सम्पादित र अनुवाद गरी २० भन्दा बढी कृति प्रकाशित छन्। उहाँ भारतमा मात्र होइन विश्वमै नेपाली भाषाको पठन-पाठन गराउन प्रयासरत हुनुहुन्छ। भाषा-साहित्यका अथक परिश्रमी तथा विलक्षण प्रतिभा डा. खगेन शर्मासित मुक्तिप्रसाद उपाध्याय बरालले लिएको लिखित अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ। - सम्पादक)*

**प्रश्न– खगेन सर। सर्वप्रथम तपाईंलाई नमस्कार छ। तपाईंको जन्म, बाल्यकाल र शिक्षा कहाँ कता भएको हो ?**

**उत्तर–** म त गाउँले हुँ। ६ जनवरी १९७१ मेरो बर्थ डे लेखिएको रहेछ। तर मेरो असल जन्म मिति चाहिँ १८ अक्टोबर १९६९ रहेछ चिनाको अनुसार। नाम पनि हुनुपर्थ्यो अरे खगेन्द्र, तर प्राथमिक विद्यालयमा मेरो नाम लेखिदिने गुरु हुनुहुन्थ्यो असमियाभाषी। उहाँको नाम बिहुराम शर्मा हो अनि उहाँले नै खगेन नाम चलाइदिनु भयो। मलाई मेरो पीएचडी मौखिक परीक्षामा भाषाशास्त्री प्राडा बालकृष्ण पोखरेल सरले पनि मेरो नाम किन खगेन भयो भन्ने प्रश्न गर्नुभएको थियो। मैले उत्तर गरेँ- हामी जहाँ छौँ त्यहाँकै परम्पराअनुसार नाम लेखिने नियम रहेकाले मेरो नाम पनि खगेन भएको हो भनेँ।

प्राथमिक शिक्षा पनि आफ्नै गाउँकै ताराजुली प्राथमिक विद्यालयमा भएर कक्षा ५ देखि १० सम्म बडो गाउँमा रहेको लालबहादुर शास्त्री हाइस्कुलमा भयो। त्यो स्कुल बडो र असमिया माध्यमको थियो। म असमिया माध्यमको विद्यार्थी थिएँ। बाल्यकाल कठिन परिस्थितिमा गुजरिएको थियो। सबै पीडा यहाँ नखोलौँ। धेरैको आआफ्नै खाले व्यथाकथा हुन्छ नै। गाउँबाट कक्षा १० पास गर्ने म दोस्रो व्यक्ति थिएँ अनि कक्षा ११-१२ चाहिँ दण्ड चहरिया हायार सेकेन्डरी स्कुल (असमकै वर्तमान उदालगुडी जिल्लाको रौता चाराली) बाट असमिया माध्यममा पास गरेँ। ती दिनहरू हाम्रो जातिका लागि सारै सङ्कटपूर्ण थिए, यसबारे पछि भनौँला। यसरी नै स्नातक

चाहिँ एक बर्ष एल.ओ.के.डी कलेज ढेकियादुली र दुई बर्ष उदालगुडी कलेज पढी उत्तीर्ण भई एम.ए. र पिएचडी चाहिँ त्रिभुवन विश्वविद्यालय, काठमाडौँमा अध्ययन गरेको हो।

अहिले आएर बुझ्दा सानै उमेरदेखि गाउँ-समाजको केही आदर्श र संस्कारका कारण सामाजिक भइएछ र केही ठुलो कार्य गर्ने रहर मनमा पलाएको पाइयो। ती बखान पनि पछि गरौँला।

**प्रश्न– हामीले जान्दा यहाँले सानै उमेरदेखि सामाजिक कार्य गरिआउनुभएको रहेछ। यस्तो प्रेरणा कहाँ कसरी प्राप्त भएको थियो ?**

**उत्तर–** हो, यसको उत्तर लामो हुन्छ तर पनि छोटकरीमा भन्न प्रयास गर्छु। केही मानिसको बाल्यकाल सारै संवेदनशील हुँदो रहेछ। म कक्षा ६-मा पढ्दा गाउँमा जाँड-रक्सीको चलन बढी भएकाले यसको रोकथामका लागि ताराजुली मद निवारणी समिति भन्ने सानो संस्था खोलेर रातिराति लट्ठी बोकेर रक्सी बनाउने, बेच्ने र खानेको दोहोलो काढ्न गइन्थ्यो। साथमा बुबा पनि हुनुहुन्थ्यो। अरू पनि हुन्थे। त्यसकारण जाँड-रक्सीप्रति सानैदेखि घृणाभाव पैदा भएकाले अहिलेसम्म रक्सी चाख्न सकेको छैन। यसको कारण हो गाउँको एउटा जमातको सु-संस्कार। सानैदेखि मनमा सामाजिकता छाएकाले जे गरे पनि भलो हुने काम मात्र गर्नुपर्छ भन्ने छाप परेछ। त्यतिखेर भन्न नजाने पनि अन्तर्मनमा चाहिँ अनवरत सर्वजन हिताय र सर्वजन सुखाय मन्त्र गाढिएछ।

अर्को पक्ष रोचक छ। हामी भारतको आसाम भन्ने राज्यमा छौँ। आसामको पनि बडोभाषी अध्युचित क्षेत्रको भित्री गाउँमा। सन् १९८७ देखि उग्र रूपमा बडोहरू पनि आफ्नो जातीय अस्मितालाई लिएर जागृत भएकाले आफ्नो हक-अधिकारका लागि आन्दोलनमुखी भए। यस भेगमा हाम्रो जाति चाहिँ अल्पसङ्ख्यक त छँदै छ अनि मनमा कताकता पलायनवादी भावले पेलेको पनि हुन्थ्यो। खास गरी सन् १९८० देखि १९८५ सम्म चलेको असमबाट विदेशी खेदाउने असम आन्दोलन र १९८७ देखि बडोहरूको पनि डिभाइड आसाम फिफ्टीफिफ्टीको आन्दोलनले हाम्रो जातिलाई पनि आच्छुआच्छु पारेको थियो। तर हाम्रो क्षेत्र (वर्तमानको बीटीआर) मा साङ्गठनिक एकताका कारण हामीले हाम्रा मानिसलाई त्यस्तो भयानक आन्दोलनबाट जोगाउन सफल भयौँ। छिटफुट केही घटनाबाहेक। वास्तवमा १९८० देखि जातिलाई लागेको विदेशीको कलङ्क मेटाउँदै अस्तित्वका लागि सङ्घबद्ध भई गर्ने लडाइमा सो बेला म पनि अग्रपङ्क्तिमा थिएँ, सो बेलाका कथा-उपकथा बखान्न त धेरै समय चाहिन्छ।

वास्तममा न्यूनतम सामाजिक सोच राख्ने व्यक्तिलाई तत्कालीन राज्यको

परिवेशले खार्दो माइदो रहेछ। आजभन्दा ३५ वर्ष अघिदेखि जातीय अस्तित्व रक्षार्थ जातीयतावादी बन्न बाध्य पारेको वातावरणले अझै पनि छोडेको छैन।

**प्रश्न– धन्यवाद छ, धेरै कुरा जानियो, अब लागौँ–भाषा साहित्यको सन्दर्भमा। वर्तमानको समयमा असम तथा भारतमा नेपाली भाषा पठनपाठनको क्षेत्रमा यहाँ सक्रिय रहेको देखिन्छ, केके गर्दै हुनुहुन्छ र केके गराउने प्रयास रहनेछ ?**

**उत्तर–** हो, यस बेला भारतमा नेपाली भाषाको पठनपाठनका लागि केही मात्रामा कार्यरत छु। पारसमणि प्रधान सरपछि मैले धेरै समय अरू कसैलाई नै पर्खिबसेँ। कसैले सारा भारतमा नेपाली पठनपाठनको विषयम कम्मर कसिदिओस् भन्ने लाग्थ्यो। तर देखिनँ। प्रान्तीय रूपमा केही व्यक्तिहरू यस क्षेत्रमा सक्रिय हुनुहुन्छ। तर राष्ट्रिय तहमा चाहिँ देखिनँ। अनि हाम्रा संस्था-सङ्गठनहरूको पनि प्राथमिकतामा यो विषय परेको देखिनँ। तर मैले के बुझेको छु भनेँ व्यवस्थित रूपमा जुन भाषाको पठनपाठन हुँदैन त्यो संस्कृति र साहित्यको अपेक्षित रूपमा विकास नै हुँदैन।

तुलनात्मक रूपमा अध्ययन गर्दा प्रायः बीस वर्षसम्ममा मैले के देखेँ भने भारतमा नेपाली भाषा नन-पपुलर (प्राथमिकतामा नपर्ने) भाषाका रूपमा राखेको पाइन्छ। किनकि नेपाली भाषामा चाहिने कैयौँ सामग्री छैनन्, अध्ययन पनि हुने गरेको छैन। भारतका केही ठाउँमा मात्र नेपाली अध्यापन हुन्छ। सो अध्यापन पनि सेवाका लागि हो कि जागिरका लागि हो भन्ने जस्तो देखिन्छ। तर जुन ठाउँमा नेपाली पठनपाठन भएको छैन सो ठाउँमा नेपाली भाषाको पठनपाठन गराउन सके हुन्थ्यो भन्ने लाग्छ।

**प्रश्न– उत्तर भारतमा यहाँको प्रयासमा केही विश्वविद्यालयमा नेपाली पठनपाठन भएको भनिन्छ, हो ?**

**उत्तर–** हो, उत्तराखण्डको हल्दवानी भन्ने ठाउँमा उत्तराखण्ड मुक्त विश्वविद्यालयमा 'नेपाली डिप्लोमा कोर्स'(www/ uou.ac.in/ progdetail<pidCNL-21) खोलाउन गरेको प्रयास विद्यार्थीहरूको अभावमा छ महिने 'सर्टिफिकेट कोर्स'मा अडकिएको छ। जसका लागि आवश्यक छ भन्ने ठानेर सो कोर्स खोलाएको थियो उनीहरूलाई नै चासो नभएको जस्तो देखिन्छ। तर पनि व्यवस्था जारी छ। आज कसैले पनि ६ महिने नेपाली सर्टिफिकेट कोर्स गर्न सक्छन्।

त्यसै गरी भारतको राजधानीमा अवस्थित जवाहरलाल नेहरू विश्वविद्यालय (JNU) मा पनि नेपाली पठनपाठन प्रारम्भ होस् भन्ने मैले व्यक्तिगत रूपमा पटकपटक प्रस्ताव पठाएको थिएँ, पछि ११ जनवरी २०२३ का दिन भारतको नेपाली भाषा साहित्यका लागि गठन भएको राष्ट्रिय सङ्गठन 'नेपाली भाषा विकास मञ्च' को

भएर पनि विश्वविद्यालयमा गई रेक्टरलाई भेटी माग राख्यौँ । उनीहरूले भनेका छन् तमिलनाडू र असम सरकारले गरे भैँ तपाईंहरूले पनि त्यसो गर्न सके काम बन्छ । उनीहरूले भनेको 'त्यसो'को अर्थ हो उनीहरूलाई दस करोडको आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने रहेछ। सो रकमको ब्याजबाट एकजना प्रोफेसरको तलब र भाषा विकासका लागि खर्च गर्ने नियम बनाएका रहेछन् ।

हामीले यसबारे सिक्किमका वर्तमानका मुख्यमन्त्री श्रीमान् प्रेमसिंह तामाङलाई यो ऐतिहासिक काम गरिदिन अनुरोध गर्दा उहाँले तुरुन्तै यो काम गरौँ भनेर उहाँका ओ-एस-डी शङ्कदेव ढकाललाई हाम्रै अगाडि निर्देश दिनु भएको हो। ३ अप्रेल २०२३ का दिन, तर ढकालसाबले के गर्दै हुनुहुन्छ थाहा लागेको छैन।

त्यसैगरी, दिल्ली विश्वविद्यालयका केही प्राध्यापकहरूसित मेरो पुरानो चिनजान भएकाले कसोकसो गरेर दिल्ली विश्वविद्यालयमा नेपाली भाषा अन्तर्भुक्त गराउन भनिराखेको थिएँ। भारतमा राष्ट्रिय शिक्षा नीति (NEP 2020) लागु भएपछि दिल्ली विश्वविद्यालयले २ क्रेडिटका रूपमा पहिलो अथवा दोस्रो सेमिस्टरमा AEC-Aability Enhancement Course) भन्ने कोर्समा १६ वटा भाषालाई मान्यता दिँदा नेपाली भाषा पनि अन्तर्भुक्त भयो । तर दिल्ली विश्वविद्यालयका ९० वटा कलेजको कुन कुन कलेजका विद्यार्थीहरूले नेपाली लिने हुन् अनि क्लास कसरी गर्ने भन्ने प्रश्नको उत्तरमा अनलाइन क्लास गराउने तय गरी मलाई नै अनलाइन क्लास गराउन लिखित नियुक्ति दिएका छन् । रोचक कुरा के छ भने गैर-नेपालीभाषीहरूले पनि AEC का रूपमा नेपाली भाषा चयन गरेकाले उनीहरूका लागि Basic Nepali र नेपालीभाषी वा नेपाली जान्नेहरूका लागि Translation and Interpretation पढाउनुपर्छ। मोठमाठमा नेपाली भाषाले दिल्ली विश्वविद्यालयमा मान्यता पाएकामा आफैलाई थोरै भए पनि खुसी लाग्दो रहेछ।

**प्रश्न– हजुर, आफूले प्रयास गरेका केही कार्य सफल भएमा खुसी लाग्नु स्वाभाविक हो। आसामतिर नेपाली पठनपाठन के कस्तो छ ?**

**उत्तर–** नेपाली पठनपाठन आजभोलि चाहिँ जातीय सङ्गठनहरूको खासै प्राथमिकतामा परेको देखिँदैन । सरकार चाहिँ सकारात्मक छ तर सकारात्मक भए तापनि आफूले बढ्याइँका साथ भिड्न र उछिन्न जान्नुपर्छ। आजको तारिखमा पुरानो नियम उठेपछि प्राथमिक तह (कक्षा १ देखि ४ सम्म) मा चाहिँ नेपाली पठनपाठनको नीति बनेको छैन, तर कक्षा ६ देखिमाथि विश्वविद्यालयसम्ममा नेपाली पठनपाठनको नीति बनेको छ। पहल गर्दा पढ्ने विद्यार्थी पनि हुन्छन्, तर प्रभावकारी पहल चाहिँ चलेको देखिँदैन। पहल त संस्था सङ्गठनहरूले पनि गर्नुपर्छ।

यो भेगमा आजको तारिखमा नेपाली एम.ए. पढ्ने व्यवस्था नभएकाले एउटा ठुलो अप्ठ्यारो परेको छ । मुख्यमन्त्रीको इच्छामा यो कुरा अडकिएको छ । उनलाई घत लाग्ने गरी याद दिलाउन सक्दा आशावादी हुन सकिन्छ । हल्का खुसीको कुरा चाहिँ के छ भने यसपालिदेखि NE-SLET मा नेपाली पनि अन्तर्भुक्त हुँदै छ । यो परीक्षामा नेपाली भाषाका विद्यार्थी उत्तीर्ण हुन सके केही कलेजमा रहेका केही रिक्त पद पूरा हुने थिए । पहिला पहिला नेपाली पढेर के गर्नु भन्ने प्रश्न हुन्थे तर अचेल त्यस्तो प्रश्न उठ्न छोडेको छ । मोठमाठमा साङ्गठनिक प्रयास प्रभावकारी हुन सके यस भेगमा नेपाली पठनपाठनको पाटो उज्यालो देखिन्छ ।

**प्रश्न– खगेनजी ! अब लागौँ साहित्यतिर, वर्तमान असमको नेपाली साहित्य धाराबारे तपाईंको धारणा कस्तो छ ?**

**उत्तर–** यस वर्तमानमा आसाममा नेपाली साहित्यले गति लिएको देखिन्छ । युवा नेपाली साहित्य सेवकको जमात बढेको छ । पाठकहीन समाजमा पनि युवा सर्जकहरू पनि कम्मर कसिरहेका छन् । अझै पनि यो भेगमा कविता नै अग्र पङ्क्तिमा रहेको देखिन्छ । कथा, उपन्यास, नाटक पनि सलबलाउँदै छन् । तर समग्र नेपाली साहित्यको फाँटमा यो भेदको अवदानको सही मूल्याङ्कन हुन बाँकी छ जस्तो लाग्छ । यस भेगका सर्जकहरूलाई हौस्याउन सके अझ केही थप सेवा गर्थे होलान् जस्तो छ । अहिले त 'इन्द्रेणी' भन्ने अनौपचारिक सङ्गठनको पहलमा समालोचना र अनुवादका क्षेत्रमा पनि गज्जबका कार्यहरू भइरहेका छन् । सर्जकहरू जन्मिरहेका छन्, जन्मिएका सर्जकहरू मौलाइरहेका छन् । अबका केही वर्षमा केही राम्रा कामहरू अझ थपिने सम्भावना छ । तर पनि आदर्शका रूपमा लिन सक्ने विश्वजनीन विषयवस्तुलाई टिपिएर लेखिएका सामग्री र विभिन्न समयक्रममा घटेका अर्थात् जातीय जीवनलाई छुने सामाजिक राजनीतिक घटनाहरूलाई विषयवस्तु बनाई लेखिएका सामग्री चाहिँ न्यून छन् ।

उदाहरणका साथ भन्नुपर्दा के भन्न मिल्छ भने 'भारतको स्वतन्त्रता सङ्ग्राम', असमको 'असम र बडो आन्दोलन'मा हाम्रा मानिसहरूको सहभागिता थियो तर यसबारे खासै लेखिएन, साहित्य बनिएन, बनिएको छैन । फलस्वरूपमा हामीले भोगेका ती दिनहरूलाई केलाउन सक्ने अवस्था छैन । उता अहिलेका केही सर्जकहरू चाहिँ बेलाबेला हामीसित विषयवस्तु माग्ने गर्छन् । अझ भनौँ खोज-अनुसन्धान तथा क्षेत्र अध्ययन गरी वास्तविकतालाई आत्मसात गरी लेखिएका सामग्री पनि न्यून नै छन् ।

भारतका नेपाली सर्जकहरूको अर्को विडम्बना के छ भने भारतमा साहित्य अकादमीबाहेक अन्य पुरस्कार वा सम्मानका लागि सामग्रीहरूको उत्कृष्ट अङ्ग्रेजी वा हिन्दी अनुवाद हुन सक्नुपर्छ । यस भेगबाट अङ्ग्रेजीमा अनुवाद गर्न सक्नेलाई त

औंलामा गन्न सकिन्छ। यसको अभावले पनि प्रेरणामा केही असर परेको देखिन्छ।

मननयोग्य थप कुरा के छ भने यो भेगका सर्जकहरूलाई सिक्किम-दार्जिलिङ र नेपालले कार्यक्रम गरी प्रशिक्षण दिन, अभिप्रेरित गर्न, थप कौशल सिकाउन खासै निम्याएको देखिँदैन तर निम्याइदिए हुन्थ्यो जस्तो लाग्छ। तर डा.गोविन्दराज भट्टराई सरबाट व्यक्तिगत रूपमा चाहिं यस भेगका धेरै सर्जकहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा अभिप्रेरित तथा उपकृत भएको कुरा छर्लङ्ग छ। भट्टराई सरप्रति म पनि व्यक्तिगत रूपमा कृतज्ञ छु।

**प्रश्न– भारत–नेपालका आपसका केही सामग्रीहरू किन सजिलै आदान–प्रदान नभएको जस्तो लाग्छ ?**

**उत्तर–** दुवै देशको परराष्ट्र नीतिका कारण यसो हुने गर्छ। किताब त परै जाओस् जीवनदायनी सामग्री अर्थात् भारतका औषधि नै नेपालमा लान नपाउने अवस्था छ। तर पनि किताब-पत्र, सांस्कृतिक सामग्री र औषधि आदिमा भारत-नेपालबीच प्रतिबन्ध नलाग्नु पर्ने हो।

जानि राखौं सातौं शताब्दीदेखि काठमाडौंको ललितपुरमा हुने रातो मच्छिन्द्रनाथको रथयात्रामा रथ बनाउँदा चाहिने बेत आसामबाट लाने परम्परा बसेकाले लुकीछिपी भारतबाट नेपाल छिराउनु पर्ने अवस्था रहेछ। कस्तो विडम्बना नि ? बेतै लाउनु पर्ने कारण चाहिं के रहेछ भने सो ६५ फुट अग्लो रथमा कहीं कतै पनि काँटीको प्रयोग हुँदो रहेनछ।

साहित्य विकासको सन्दर्भमा कुरा गर्दा यस वर्तमानमा नेपालमा त भकाभक नेपाली किताब प्रकाशित भएको अनुमान हुन्छ तर ती सामग्री तुरन्तै भारत आइपुग्दैनन् अनि आइपुग्दा त धेरै ढिलो भइसकेको हुन्छ। यसै गरी भारतमा प्रकाशित सामग्रीहरू नेपालको उचित ठाउँमा नपुग्ने अवस्था त छँदै छ। यसका लागि दुवै देशका राजदूतावासमा केही पहल गर्न सके हुन्थ्यो कि भन्ने लाग्छ।

**प्रश्न– खगेनजी ! तपाई केही अभूतपूर्व कार्यमा संलग्न हुने गरेको देखिन्छ। अहिले केके योजनामा हुनुहुन्छ ?**

**उत्तर–** हो, मैले माथि नै भनिसकेको छु, म तुलनात्मक रूपमा भाषा र साहित्य पढाउने कार्यमा संलग्न हुने गर्नु परेकाले के देखें भने नेपाली भाषा र साहित्यमा त धेरै थोक सामग्री नै रहेनछन्। भारतको परिप्रेक्षमा अनि समग्र नेपाली साहित्यको संसारमा पनि। भारतमा संस्थागत नेपाली व्याकरण र शब्दकोश छैनन्, जे छन् व्यक्तिगत छन्। हुन त ती व्याकरण उत्कृष्टै होलान् तर तिनीहरूको संस्थागत मान्यता छैन। यो

काम किन नभएको होला भन्ने प्रश्न उठ्छ। संस्थागत व्याकरण र कोशको अभावमा हिज्जेमा विविधता देखिन्छ। सरकारका निम्ति काम गर्दा वास्तवमा संस्थागत सामग्री चाहिने अवस्था हुन्छ। हामीले संस्थागत रूपमा शब्दकोश निर्माणको काम सुरु गरेका छौं तर केही प्राविधिक कारणले यसको गति सुस्त छ।

अर्को ठुलो कुरा के देखियो भने नेपाली भाषामा विश्वकोश पनि छैन। नेपाल एकाडेमी (काठमाडौँ) ले एउटा लघु विश्वकोश प्रकाशन गरेको छ तर त्यसले दोष मात्र काटिएको होला तर हाम्रो खाँचो टरेको छैन। विश्वकोश नभएको जाति कति निम्जो हुन्छ अनुमान गर्नेहरूले गर्ने गरेका छन्। त्यसकारण कसलाई आश गर्नु भनेर मैले नै पहल प्रारम्भ गरी गत वर्ष ६-७ नभेम्बर २०२२ का दिन गुवाहाटी विश्वविद्यालयमा आठोटा विश्वविद्यालयका प्राध्यापक र केही विशेषज्ञहरूलाई भेला पारी छलफल गरी पहल थालिएको छ। तर दैवले आजसम्म जुराएका छैनन्। सिक्किमका मुख्यमन्त्रीले सहमति जनाए तापनि कार्यान्वयन हुन सकेको छैन। प्राज्ञिक तयारी भइसकेको छ, तर आर्थिक चाजो मिलिसक्दा सो कार्य सम्पादन हुनेछ जसमा हजारौँको संलग्नता हुनेछ।

**प्रश्न– भाषालाई प्रविधिसित पनि जोड्नुपर्छ भनेर तपाईं भनिरहनुहुन्छ। यसबारे आफ्नो विचार राखिदिनुहोस् न।**

**उत्तर–** हो, आजको युग प्रविधिको युग हो। त्यसकारण दैनिक जीवन तथा दिनचर्यामा चाहिने अधिकांश सामग्रीसित अचेल प्रविधि जोडिएको हुन्छ। अझ भनौं-भाषा, साहित्य र संस्कृति त झन् मज्जाले सम्पर्कित छन्। मेरो चाहना के छ भने प्रस्तावित हाम्रो विश्वकोशका अधिकांश सामग्री तथा हजार-पन्ध्र सयवटा शीर्षकलाई निःशुल्क रूपमा अनलाइन (युट्युब) मा उपलब्ध गराउने इच्छा छ ताकि हाम्रा अनुज तथा भावी सन्तानलाई सजिलो होस्। यसका लागि एउटा ठुलो मिसन लिनु छ किनकि सामग्रीहरू अङ्ग्रेजीमा पनि उल्था गरी राख्नुपर्छ।

**प्रश्न– यहाँका घतलाग्दा सोचका लागि धन्यवाद र शुभकामना, अन्त्यमा के जान्न मन लागेको छ भने यहाँको पेशा वा सेवा कार्य चाहिँ के कस्तो छ भनिदिनुहोस् न।**

**उत्तर–** प्रायः ३४ वर्ष भयो म शिक्षण पेशामा छु। त्यसमा २३ वर्ष भयो म नेपाली भाषालाई दोस्रो भाषाका रूपमा अध्यापन गराउँदै आएको। विगत २०१६ देखि गुवाहाटी विश्वविद्यालयको आधुनिक भारतीय भाषा तथा साहित्य अध्ययन विभागमा नेपाली प्राध्यापकका रूपमा सेवारत छु, अनि म गैर-नेपालीभाषीलाई नेपाली भाषा साहित्य र संस्कृति पढाउने अनुसन्धान गराउने कार्य गर्छु। गैर-नेपालीभाषीबीच नेपाली भाषा, साहित्य, संस्कृति र जातीय जीवनको सुभाष फैलाई राष्ट्रिय-अन्तर्राष्ट्रिय संहति र विकासका निम्ति काम गरिरहेको छु। एकजना शिक्षक भए पछि केही संस्था

सङ्गठनसित संलग्न रहने कार्य त स्वाभाविकै हो अर्थात् म धेरैवटा सङ्गठनहरूसित संलग्न छु।

**प्रश्न– हजुरका कृतिहरू के कति छन् ?**

**उत्तर–** मेरा मौलिक कृति त ३ वटा मात्र छन् । सम्पादित कृति १४ वटा अनि अङ्ग्रेजीबाट नेपालीमा अनुवादित कृति ५ वटा छन् । असम सरकारको अनुरोध सापेक्ष Assam's brave–heart Lachit Barphukan लाई पनि मैले नेपालीमा अनुवाद गरेको छु।

सम्पादित कृतिहरूमा 'साहित्यकार लीलबहादुर क्षत्री' कृति उल्लेखयोग्य छ अनि भूटानी शरणार्थी एन.बी.गिरीसित सहकार्य गरी सम्पादन गरेको Journey to Bhutan for Justice भन्ने किताबको ऐतिहासिक महत्त्व छ जस्तो लाग्छ।

**प्रश्न– यहाँको विद्यावारिधिबारे जान्न मन लाग्यो।**

**उत्तर–** प्रा.डा.माधवप्रसाद पोखरेल सरको निर्देशनमा 'मास्टर मित्रसेन थापाको गीतको विश्लेषण' शीर्षकमा मैले केन्द्रीय नेपाली विभाग-त्रिभुवन विश्वविद्यालयबाट शोधकार्य गरी २००३ सन्‌मा विद्यावारिधिको उपाधि प्राप्त गरेको हुँ । मैले नेपाली एम.ए. पनि सोही विभागबाट गरेको हुँ।

**प्रश्न– अन्तिममा हजुरका मनमा लागेका थप केही कुराहरू के होलान् ?**

**उत्तर–** यो प्रविधिको युग भएकाले सत्यतामा आधारित हाम्रा सबै सामग्री अनलाइन साइटमा उपलब्ध हुनुपर्छ, साथै अङ्ग्रेजीमा उल्था भएर पनि । प्रायः ६५ वटाभन्दा बढी देशमा बस्ने नेपाली भाषीका लागि केही साझा सामग्री जस्तै-नेपाली भाषामा विश्वकोश उपलब्ध गराउन सके हुन्थ्यो । कसैले सहयोग गर्ला कि भन्ने आशामा छु । मेरो सम्पर्क-+९१-८०११५-८६१४० अनि इमेल-khagen.sharma@gmail.com हो।

अन्त्यमा यो अन्तर्वार्ताका लागि मलाई चयन गरेकामा यहाँलाई धन्यवाद साथै यो अन्तर्वार्ता प्रकाशन गरिदिने प्रकाशक-सम्पादकहरूप्रति पनि साधुवाद टक्राउँछु।

**प्रश्नकर्ता – धैर्यपूर्वक मेरा प्रश्नहरूका उत्तर दिएर कृतार्थ तुल्याउनु भएकामा हजुरलाई पनि धेरै धेरै धन्यवाद छ।**

# पुरेतले अशुद्ध पढेपछि आफैं पढेर आफ्नो बिहे उतार्नुपर्‍यो



लोकनाथ उपाध्याय चापागाईं

*(भाषा-वाङ्मयका अक्लान्त साधक लोकनाथ उपाध्याय चापागाईंको जन्म सन् १९४० (सं. १९९६ - ९७) छेक एउटा सम्पन्न र धनी परिवारमा, आसाम (भारत) को सुदूरपूर्वस्थित डिगबोईमा भएको हो । डिगबोई 'तेल नगरी' भनेर चिनिन्छ र भारतमा मात्र होइन, एशियामै सर्वप्रथम सन् १९८९ मा तेल भेटिएको पनि यहीँ नै हो र पहिलो तेल सोधनागार १९०१ मा यहाँ स्थापित भएको हो । यो डिगबोई नामको सन्दर्भमा पनि एउटा किम्बदन्ती लुकेको छ । अङ्ग्रेजको शासनकाल थियो । एकदिन एकजना अङ्ग्रेजले त्यस क्षेत्रको सर्वेक्षण गर्दै जाँदा खेत हुँदो पानीमा तेल तर परेको उनले देखेछन् । त्यो पानी उनले लिएर आएछन् र घरैमा एकचोटि विश्लेषण गरेर हेरेछन् । यसपछि उनी फेरि त्यहाँ गएछन् र छेउछाउका गाउँका केटाहरूलाई बटुलेर त्यस ठाउँलाई खन्न लाएछन् । यसरी खाडल खनाउने क्रममा उनले प्रत्येक केटालाई उकास्दै 'Dig Boy, dig', (खन् केटा खन्) भन्दा रहेछन् । यो क्रम केही दिन चलेछ र पछि जम्मै त्यस क्षेत्रमा तेल भएको पत्तो लागेछ । यसरी त्यहाँ, पछि तेल उद्योग फस्टिएको हो भन्ने इतिहास छ । यही Dig Boy शब्दबाट त्यस ठाउँको नाउँ 'Dig Boy' भयो र कालक्रममा यो 'Y' का ठाउँमा 'i' जोडिएर Digboi भएको हो भन्ने कुरो त्यहाँका इतिहासकारहरू भन्ने गर्छन् । तर यसमा अरू अरू मतहरू पनि छन् ।*

*लोकनाथ उपाध्याय चापागाईंको शिक्षाको थालनी तीन वर्षको उमेरदेखि प्रायः आठ वर्षको उमेरसम्म अङ्ग्रेजीमा घरैमा भएको हो र 'मेरियम' नाउँ गरेकी अक्सफोर्ड (Oxford) की एउटी शिक्षिकाले चार वर्षसम्म उहाँलाई यसरी घरैमा ट्युशन पढाएकी हुन् । शायद यसैले होला अहिले पनि अङ्ग्रेजीमा लेख्दा उहाँको लेखाइमा अक्स्फोर्डको शब्दशैली झल्किने गर्छ । यसपछिको उहाँको जीवनकथा डरलाग्दो रोमाञ्चले भरिएको छ । चापागाईं मेरा फुपूका छोरा हुनाले म उहाँलाई सधैँ दाइ भनेर आदर गर्छु ।*

*साउँ अक्षरसम्म आफ्नो भाषामा पढ्न नपाएको र कुनै शिक्षा संस्थानमा*

औपचारिक रूपले पढ्ने अवसर नै नपाएको व्यक्तिले कसरी यति उच्च शिक्षा प्राप्त गर्न सक्छ भन्ने प्रश्नको उत्तर खोज्नुपर्दा सम्भवतः त्यो उत्तर सोझै नभेटिएला फेरि पनि उहाँ शिक्षा र ज्ञानको वटवृक्ष झैँ देखिनुहुन्छ। शिक्षाको कुरो गर्न जाँदा स्वअध्ययनकै भरमा भारतका अलग अलग विश्वविद्यालयहरूबाट राजनीतिशास्त्र, समाजशास्त्र, इतिहास, व्याकरण, वेदान्त, हिन्दी संस्थानबाट हिन्दीमा साहित्यरत्न, असम राष्ट्रभाषा प्रचार समिति, गुवाहाटीबाट विशारद, विश्वभारती (शान्ति निकेतन) बाट बङ्गला, वृन्दावनबाट ज्योतिष (गणितीय), स्वअध्ययनकै बलबुतामा उहाँले यी शिक्षाहरू आर्जन गर्नुभएको देखिन्छ। अर्कातिर कतिपय विद्यार्थीहरूको विद्यावारिधिका लागि आफैले थेसिस लेखिदिएर उहाँले ठूलो उपकार गरेको एउटा अनौठो अभिलेख पनि छ। यतिमात्र होइन, तीस वर्षसम्म सेना (असम राइफल्स) मा जागिर धानेर गरेको रोमाञ्चक संघर्षको इतिहास छुट्टै छ। यसअघि प्रा. लीलबहादुर क्षत्री (गुवाहाटी) सँग मिलेर गुवाहाटी रेडियोको 'उत्तराञ्चल अनुष्ठान' (नेपाली) मा सन् १९६२ देखि १९६४ सम्म आफ्नो प्रस्तुति दिएको इतिहास पनि सग्लै छ।

जहाँसम्म कृतिहरूको प्रश्न छ, आफ्नो मातृ भाषामा कपुरी 'क' सम्म नपढेका व्यक्तिले कसरी भाषा वाङ्मयमा आफैले अध्ययन गरेर, यत्रा कृतिहरू लेखेर नेपाली साहित्यलाई समृद्ध बनाउनुभयो भन्ने त्यो लामो रोमाञ्चक कथा यहाँ अहिले नकोट्याए पनि हुन्छ।

धेरै विषयमा अध्ययन गरेर पारङ्गत हुनुभएका र नेपाली, हिन्दी, असमिया, बङ्गला, अङ्ग्रेजी र संस्कृतमा सरोबरी कलम चलाएर साहित्यको सेवा पुऱ्याउँदै आउनुभएका दाइ लोकनाथ उपाध्याय चापागाईं हाम्रा लागि प्रेरणाको स्रोत हुनुहुन्छ भन्न पाउनु पनि मेरा लागि त अझ गौरवको विषय हो।

नारीवादमा आधारित उहाँको 'आँधी' उपन्यास निकै चर्चित उपन्यास हो र यो उपन्यास त्रिभुवन विश्वविद्यालयलगायत अरू सात-आठवटा विश्वविद्यालयमा एम. ए. तहको पाठ्यतालिकामा पनि निकै वर्ष गाभिएको हो। यतिमात्र होइन, यो उपन्यास हिन्दी, र असमिया भाषामा पनि अनुवाद भैसकेको छ र यसको अङ्ग्रेजी अनुवाद बेलायतबाट प्रकाशित हुने तरखरमा छ। यसै लहरमा 'रहस्य र अनुसन्धान' शीर्षकको नयाँ परिपाटीमा लेखिएको रहस्य र शंसयले भरिएको एउटा निकै ठूलो अद्भुत उपन्यास पनि छ र उहाँले आफैले लेखेको यसको अङ्ग्रेजी संस्करण पनि अहिले विदेशबाटै प्रकाशित हुन गइरहेछ। यो उपलब्धि सानो होइन।

कथा, कविता, काव्य, उपन्यास, निबन्ध, समीक्षा आदि विधामा उहाँको कलम सरोबरी चल्छ। १९८२ मा प्रकाशित उहाँको कथा-सङ्ग्रह 'साइत' निकै चर्चित कथा

*-सङ्ग्रह हो र 'किन रोयौ उपमा ?' कथा-सङ्ग्रहमा उहाँले भारतको सर्वोच्च साहित्य एकाडमी पुरस्कार प्राप्त गर्नुभएको हो ।*

*जहाँसम्म कविताको प्रश्न छ, मुक्तक वा छन्दमा लेख्न उहाँ खप्पिस हुनुहुन्छ । अर्को एउटा आश्चर्यको कुरो के छ भने, मैले सानै उमेरदेखि उहाँलाई देख्दै आएको हुँ र कुनै पनि समारोहमा कविता वाचन गर्दा उहाँले कागजमा लेखेको कविता हेरेर वाचन गरेको मैले कहिल्यै देखिनँ । यसरी कण्ठस्थै कविता वाचन गर्ने कविहरू विरलै हुन्छन् ।*

*इस्वी साठीका दशकदेखि कलम चलाउँदै आउनुभएका यी साहित्यकारका आजसम्म देश-विदेशका १५० भन्दा धेरै विभिन्न पत्र-पत्रिकाहरूमा झन्डै १२०० भन्दा धेर रचनाहरू प्रकाशित भैसकेका छन् र दुई दर्जन जति कृतिहरू पनि निस्किसकेका छन् । अझै दुई दर्जन जति पाण्डुलिपिहरू तयार छन् भन्ने जानकारी दिन पाउनु पनि मेरा लागि खुशीको कुरो हो भन्ने लाग्छ ।*

*समानुपातिक शब्दहरूको समाहार भएको उहाँको भाषाशैली यति आकर्षक र मीठो छ, उहाँको कुनै पनि कृति पढ्न थालेपछि पाठकले त्यो कृति नसिध्याई छाड्दैन ।*

*पुरष्कार, सम्मान र अभिनन्दनका रूपमा आजसम्म साहित्य एकाडमी पुरष्कार लगायत प्रायः ७० भन्दा धेरै राष्ट्रिय-अन्तर्राष्ट्रिय पुरष्कार र कदरपत्रहरूले उहाँ सम्मानित भैसक्नु भएको छ । प्रस्तुत छ उहाँसँग मुक्तिप्रसाद उपाध्यायले लिएको यो अन्तर्वार्ता । -सम्पादक)*

**मुक्ति– दाइ, पहिले म सन्दर्भदेखि बाहिरको यहाँसँग एउटा प्रश्न गर्छु, अन्यथा न लिइदिनुहोला । तपाईंले अध्ययन, लेखन, शब्द सिर्जना र भाषा वाङ्मयमा संलग्न भएर अहर्निश गर्नुभएको यो कठोर परिश्रमलाई नियालेर हेर्दा के देखिन्छ भने, यसका लागि मानसिक सन्तुलन र धेरै शारीरिक ऊर्जा चाहिन्छ । यस उमेरमा पनि तपाईं स्वस्थ र सबल भएर यसरी यति गतिशील र सक्रिय हुनुको रहस्य के हो ?**

**चापागाईं** – भाइ, हामी त भाषा-साहित्यको चर्चा-परिचर्चाका लागि पो बसेका थियौं, थालनीमै विषय र सन्दर्भदेखि बाहिरको यो स्वास्थ्यसम्बन्धी कुरो कहाँबाट आयो ? जे नै होस्, प्रश्नकै रूपमा कुराको उठान भैसकेपछि यसको उत्तर त मैले दिनै पर्ने हुन्छ । तर, यस्तो प्रश्न अचेल अरू धेरै व्यक्तिले पनि मलाई गर्छन् । हुन ता आजका मितिसम्म मेरा शरीरमा 'छुँदा पापै लाग्छ' भने झैं गरेर कुनै रोगले छोएको छैन । साँच्चै भन्ने हो भने विगत ५० वर्षदेखि मलाई न ज्वरो आएको छ न त टाउको नै दुखेको छ । त्यसअघि म अलि अलि बिमार भएँ होला, तर त्यो पनि थाहा छैन । धेरै

वर्ष अघिदेखि नै स्वास्थ्यको कुरो लिएर म सतर्क रहँदै आएको हुँ र अहिले पनि त्यति नै सतर्क रहन्छु । हुन ता हाम्रो यो शरीर पनि विचित्रको छ । एउटा नपत्याउने कुरो गरौं ल ! यत्रतत्र सर्वत्र लसुनको गुन गाएर मानिसले कर्नाल फुक्तै हिँडेको देख्छु । स्वास्थ्यसम्बन्धी पुस्तकहरूमा पनि जताततै लसुनको महिमा प्रशस्ति गाएर लेखिएको देखिन्छ । तर भाइ, मेरा शरीरले लसुन ठ्याम्मै सहँदैन । लसुन खानु त के यसको गन्धदेखि पनि म टाडै तर्किएर बस्छु । फेरि पनि मेरो रक्तचाप प्रायः नै १२०-८० र कहिलेकाहीं माथि १२५ सम्म र तल ८५ देखि यताउति कहिल्यै भएन । डाक्टरहरूलाई सोद्धा सटीक उत्तर कसैले दिँदैनन् । शायद यो 'बायोलजी' उनीहरूलाई पनि थाहा छैन । तर अर्कातिर लसुन मन पराएर खाने मानिसको पनि रक्तचाप तल-माथि भएको देख्छु । अब यसको विश्लेषण कसरी गर्नु ! कालिदासले शरीरमाद्यं खलु धर्म साधनम् भनेका पनि छन् । अङ्ग्रेजीमा पनि Health is Wealth भनिन्छ । एउटा प्रसङ्ग अघि सारें । शल्य चिकित्साका जनक महर्षि सुश्रुतले वागभट्ट नाम गरेका उनका एकजना मेधावी छात्रलाई एकदिन अचानक "कोरुक्, कोरुक्, कोरुक् ?" भनेर यसरी तीनचोटि सोधेछन् । यसको अन्वय गर्दा 'कः अरुक्, कः अरुक्, कः अरुक् हुन्छ जसको अर्थ 'को स्वस्थ छ, को निरोगी छ, को शारीरिक विकारले मुक्त छ ? भन्ने हुन्छ । गुरुको प्रश्न भुइँमा खस्न पनि नपाई वागभट्टले गुरुकै प्रश्नशैलीमा 'हितभुक्, रितभुक्, मितभुक्' भनेर उस्तै उत्तर दिएछन् । यसमा हितकारी भोजन, ऋतुअनुसारको भोजन र मित भोजन अर्थात् अल्प भोजन गर्ने व्यक्ति नै स्वस्थ रहन्छ भनिएको छ । म प्रायः जसो यिनै कुराको पालन गर्छु र मनमा कुण्ठा, अवसाद र चिन्ता लिंदै लिन्न र सधैं सकारात्मक सोच र विचारधारा लिएर हिंड्ने गर्छु र सृजनामा व्यस्त रहन्छु ।

अब अलिकति अर्को पाटो । थपेर भन्नुपर्दा, हामीले एउटा अवयवको कुरो जानि राख्नु अति आवश्यक छ, त्यो हो हाम्रो मस्तिष्क । हाम्रा शरीरको केन्द्रीय सञ्चालक नै हाम्रो मस्तिष्क हो र यो अवयव चिन्तन-स्रोतको भण्डार पनि हो । यहाँ जे गर्छ, सबै मस्तिष्कले नै गर्छ । मस्तिष्क सही छ त, सबैथोक सही छ भन्ने कुरामा म सधैं सतर्क रहने गर्छु । शायद मेरो स्वास्थ्यको रहस्य पनि यिनै कतिपय कुरामा कतै लुकेको छ । म कहिल्यै बूढो भएँ भनेर सोच्दै सोच्दिनँ र सधैं फुर्तीमै रहन्छु । सानैदेखि गर्दै आएको योग - प्राणायाम त आफ्ना ठाउँमा छँदैछन् । यिनै दिनचर्याको अभ्यस्तताले गर्दा होला मेरा शरीरले आजसम्म निहुँ खोज्ने मौका पाएकै छैन र यसरी सधैं सिर्जनामा व्यस्त रहन्छु । तात्पर्यपूर्ण कुरो के भने शारीरिक क्रियाशीलताभन्दा पनि मस्तिष्कको क्रियाशीलता र यसमा सन्तुलन छ भने यही मस्तिष्कले मानिसलाई निकै माथिसम्म पुऱ्याइदिन्छ ।

नत्र ता आठ ठाउँ शरीर बाङ्गिएर अङ्ग भङ्ग भएका ऋषि 'अष्टाबक्र'ले आफ्ना ज्ञानले संसार थर्काउने थिएनन् । स्टिफेन हकिंस पनि रोगी थिए र त्यस्तै अवस्थामा पनि उनले विज्ञानमा धेरै काम गरेर उनी गए । झमक घिमिरेकै उदाहरण लिऊँ, साँपे शरीर लिएर जन्मिएकी र भुँइमा घस्रिएरै हुर्किएकी झमक अहिले साहित्यमा उच्च शिखरमा पुगेकी छिन् । यो सबै मस्तिष्कको सकारात्मक सक्रियता र सन्तुलनको देन हो ।

**मुक्ति- धेरै कुरा जान्न पाएँ दाइ ! अब म सोझै साहित्य - फाँटकै कतिपय कुरा राख्न चाहन्छु । गद्य साहित्य त आफ्ना ठाउँमा छँदैछ, तर पद्यमा पनि तपाईंले सरोबरी कलम चलाउनुभएको छ । अझ छन्दमा त तपाईं विलक्षण हुनुहुन्छ र कविता कण्ठस्थै वाचन गर्नुहुन्छ । फेरि पनि नेपाललाई छोडेर हाम्रा यताका कविहरूले छन्दमा त्यति कलम चलाएको देखिंदैन, यसबारे के भन्नुहुन्छ ?**

**चापागाईं**– त्यति लामो भन्नुपर्ने केही छैन र पनि कतिपय बुँदाहरू त अघि सार्नै पर्ने देखिन्छ । मैले मुक्तक र छन्द, यी दुवैमा सरोबरी कलम चलाउँदै आएको हुँ । तर अहिले गद्यको भार धेर आइलागेकाले यसको गति अलिक मन्थर भएको छ । फेरि पनि, जहाँसम्म वार्णिक छन्दको प्रश्न छ, यसमा म निकै सतर्क भएर कलम चलाउने गर्छु । नेपालमा त छन्दमा लेख्ने कवि-कवियित्रीहरू लछेप्रै छन् । सिक्किम वा आसाममा पनि छन्दमा लेख्ने धेरथोर छन् । तर नेपाल होस्, सिक्किम र आसाम होस्, त्यहाँका यी कविहरूले आफ्ना कवितामा बीच-बीचमा 'निपात' शब्दको प्रयोग गरेको देख्दा मन कता कता कुडिन्छ । यस्ता निपातहरूले कविताको लालित्य नै बिगारिदिन्छन् । अर्कातिर, छन्द मिलाउने क्रममा कतिपय कविहरूले अनर्गल आयातित शब्द पनि कवितामा भित्र्याएको देख्छु । यस्ता कुरामा म निकै सतर्क भएर कलम चलाउँछु र अर्कातिर यस्ता कुरामा त गद्य साहित्यमा पनि म त्यति नै सतर्क रहन्छु ।

**मुक्ति–दाइ, आयातित त ठिकै छ, तर 'निपात' शब्दको कुरो गर्नु भो । यो मैले अलिक नबुझेको शब्द पर्‍यो, यसबारेमा केही स्पष्ट पारिदिनुहुन्छ कि ?**

**चापागाईं** – निपात शब्द त्यो हो, जो छन्द मिलाउन गाभिएको हुन्छ, जस्तै 'नै' । अरू पनि शब्द छन् । रामायण, महाभारत जस्ता पौराणिक ग्रन्थहरूमा पनि हाम्रा कविहरूले 'जसै, तसै' भन्ने शब्द थपेर श्लोकका अन्तमा अनुप्रास मिलाएका हुन्छन्, जब कि यस्ता शब्दहरूको त्यहाँ कुनै अर्थ र औचित्य नै देखिंदैन । रह्यो कुरो अनुप्रासको । छन्दोबद्ध कवितामा प्रायः नै अन्त्यानुप्रास रहेको हुन्छ र विम्ब, अभिव्यञ्जना, अलङ्कार त आफ्ना ठाउँमा छँदैछन् । अन्त्यानुप्रासको प्रयोग त पुराना पाश्चात्य कविहरूले पनि

गरेका छन् । वर्डस्वर्थ, शेली, कीट्स्का कवितामा पनि अन्त्यानुप्रास भेटिन्छन् ।

**मुक्ति– दाइ, यो पनि साधारण पाठकहरूका लागि नयाँ कुरो पऱ्यो, यसको केही उदाहरण दिन सक्नुहुन्छ कि ? किनभने विज्ञान र गणितको छात्र हुनाले, यस्तो कुनै पनि विषय किन नहोस्, मलाई तथ्य र प्रामाणिकताको उठान गर्न मन लागिहाल्छ ।**

**चापागाईं–** काल्पनिक साहित्य (Fiction Letarature) मा प्रमाण र तथ्यको त्यति आवश्यकता पर्दैन भाइ ! फेरि पनि जिज्ञासाको थैलो खोलिएपछि त्यसबाट केही झिकेर त्यसको निराकरण त मैले गर्नै पर्ने हुन्छ, किनभने कुरो मैले नै कोट्याएको हुँ ।

'William Words worth को Golden daffodils भन्ने कविता नै लिऊँ न !

I wandered lonely as a cloud
That float on high oÜer vales and hills
When all at once I saw a croud
A host of golden daffodills .

वर्डस्वर्थले यस कवितामा पहिलो र तेस्रो हरफमा cloud र croud राखेका छन् र दोस्रो र चौथो हरफमा hills र daffodills लेखेका छन् अनि यसपछि अन्तिम दुई हरफमा भने Beside the lake, beneath the trees

Fluttering and dancing in the breeze

भनेर अन्त्यानुप्रास मिलाएका छन् । वर्डस्वर्थ मात्र किन, अरू पनि कविहरू छन् । John Keats कै पनि Bright star को उदाहरण लिऊँ न !

Bright Star! would we were stead fast as thou art,
Not in lone splendour hang aloft the night,
And watching, with eternal lids apart,
Likes nature's patient sleepless Erenite,

कीट्सको यस कवितामा पनि आर्ट र एपार्ट अनि नाइट् र एरेनाइट् शब्दहरूको अन्त्यानुप्रास रहेको देखिन्छ । वस्तुतः यिनीहरूका यी कविताहरू छ हरफे हुन्थे । यस्ता उदाहरण धेरै छन् ।

यसैबीच म एउटा कुरो के भन्छु भने, धेरैले 'देवकोटा र बालकृष्ण सममा अङ्ग्रेजीको छाप परेको थियो भन्छन्, तर तथ्य र उदाहरण कसैले अघि सार्दैनन् । केही कुरो भनि सकेपछि त्यसको उद्धरण वा तथ्य दिनैपर्छ, नत्र ता त्यसको प्रामाणिकता

खोज्नुपर्ने हुन्छ । म पनि यी साहित्यिकहरूमा अङ्ग्रेजीको छाप परेको अनुभव गर्छु । देवकोटाकै कुरो लिऊँ । उनको एउटा कविता 'घँसिया गीत' कै एउटा उद्धरण दिन्छु ।

चाल स्वतन्त्र अकेलापनको
खुला उज्यालो बेयाद
फुल्दो यौवन हाँसिरहेको
पूर्ण कलामा यस्तो चाँद ।

यहाँ देवकोटाले कीट्स र वर्डस्वर्थकै अनुसरण गरेर पहिलो हरफमा 'पनको' तेस्रो हरफमा 'रहेको' अनि दोस्रो हरफमा 'बेयाद' र चौथो हरफमा 'चाँद' को अन्त्यानुप्रास मिलाएका छन् । यसरी, यसखाले उनका अरू धेरै कविताका शब्द शैलीहरू अङ्ग्रेजीतिर ढल्किएका देखिन्छन् । यसभन्दा उता मैले नभने पनि हुन्छ ।

**मुक्ति- दाइ, तपाईंको, साहित्य एकाडमीद्वारा पुरष्कृत कथा-सङ्ग्रह "किन रोयौ उपमा ?" मा भएका इन्दु, गन्तव्य, किन रोयौ उपमा ? प्रतीक्षा, यी कथा पढेर मलाई दुईजना व्यक्तिले "चापागाई सर त रोमाण्टिक हुनुहुँदो रहेछ ।" भनेका थिए । यसमा तपाई के भन्नुहुन्छ ?**

**चापागाईं**– त्यस कथा सङ्ग्रहमा मेरा यी कथाहरू नारी पात्रलाई आधार बनाएर उनीहरूको चरित्रगत पार्थक्य र मनोविज्ञानलाई लिएरै लेखिएका छन्, यो कुरो त सही हो, तर यो 'रोमाण्टिक' शब्दको जुन अवधारणा हामीमा छ, त्यो चैं वैश्विक अवधारणासँग साँगी लाग्दैन, मिल्दैन र त्यस अर्थमा यो पर्दैन पनि । अङ्ग्रेजी साहित्यमा रोमान्टिज्मको लामो लहरो छ । वर्डस्वर्थ, शेली, कीट्स्, यी पनि सबै रोमाण्टिक कवि मानिन्छन् । विश्लेषण गरेर भन्नुपर्दा, हाम्रा शास्त्रमा काव्य विधाका कतिपय 'रस' हरू मानिन्छन्, भक्तिरस, वीररस, वीभत्सरस, सौम्यरस, प्रेमरस, श्रृंगाररस आदि । यी रसहरूको आ-आफ्नै स्थायी भाव हुन्छ । असलमा रोमान्टिज्मको भाव श्रृंगाररसभित्र पर्छ । तर यसमा पनि हाम्रा मानिसले सिंगारिनु, श्रृङ्गार गर्नु, राम्री वा राम्रो हुनु, चिटिक्क पर्नु भन्ने अर्थ लाउँछन्, तर यो पटक्कै होइन । अझ हास्यास्पद कुरो के भने रोमान्टिज्मको उठान हुँदा हामीले बीचमा नारी पात्रलाई ल्याउने गर्छौं । तर यो असङ्गत कुरो हो । साहित्यमा रोमान्टिज्मको अर्थ यो विश्वमा भएका सबै जीव-जन्तु, प्रकृति, मनुष्य आदिलाई आफ्नै ठान्नु, आफ्नै मान्नु, तिनलाई त्यसरी नै माया गर्नु भन्ने भावार्थमा यो शब्द पर्दछ र माथिका ती अङ्ग्रेज कविहरूका कवितामा यस्तै र यिनै भावहरू पाइन्छन् । अरू त के, देवकोटा पनि रोमान्टिक कवि मानिन्छन् । कसरी ? उनको एउटै कविताको म उद्धरण दिन्छु 'पाप लाग्छ' (बाल कविता)-

"नटिप्नु हेर कोपिला ।
नचुँड्नु पाप लाग्दछ ।
नच्यात्नु फूल नानी हो,
दया र धर्म भाग्दछ,
न छोप्नु है चरीवरी
सराप आँसु लाग्दछ ।
नमार्नु जन्तु है कुनै
बसेर काल जाग्दछ ।
यसैलाई भनिन्छ रोमान्टिज्म ।"

**मुक्ति – दाइ, मैले सानैदेखि तपाईंको कविता वाचन सुन्दै आएको छु । तर तपाईंले कविता वाचन गर्दा कागज कहिल्यै हेर्नुहुन्न र मिठो स्वरमा कण्ठस्थै वाचन गर्नुहुन्छ । के यो प्रयास र अभ्यासको फल हो ? अभ्यास नै गर्नु हो भने पनि धेरै चोटि गरेर बल्ल कण्ठस्थ हुने कुरो हो । यसको रहस्य ?**

**चापागाईं–** कविता हेरेरै वाचन गर्नेले पनि अचेल यो स्मार्ट फोनको युगमा कागज कसले पो बोकेर आउँछ र ! मोबाइलमै सेभ गरेका हुन्छन् र त्यहाँ 'स्क्रल' गरेरै धेरैले कविता वाचन गर्छन् । फेरि पनि यो हेरेरै वाचन गरिएको मानिन्छ । मेरो स्मरण शक्ति अलिक दह्रै छ र यो स्मरणले आजसम्म विश्वासघात गरिहालेको छैन । मैले त गीता पनि १५ दिनमै कण्ठस्थ गरेको हुँ । कवितामात्र होइन, अरू विधामा पनि आफूलाई मन परेको र घत परेको विषयवस्तु छ भने दुई-तीनचोटि पढ्दैमा मलाई कण्ठस्थ त होइन, तर जम्मै कुरो मनमा रहन्छ । तर यहाँ एउटा ठूलो उपादानले प्रतिनिधित्व गरेको हुन्छ, त्यो हो एकाग्रता । म जे गर्छु, मन लाएर एकाग्र चित्तले गर्छु । मानिसलाई कुनै पनि क्षेत्रमा पारङ्गत बनाउने नै एकाग्रता हो भन्ने लाग्छ । तर यसमा संस्कृत भाषाको प्रभाव पनि पऱ्यो कि जस्तो पनि मलाई लाग्छ । तर ममा स्वामी विवेकानन्दको प्रभाव पनि परेको हो । उनले लेखेकै छन् Take up one idea. Make that one idea, think of it, live on that idea . Let the brain muscle, nurves, every part of your body, be fill of that idea and just leave every other idea.

**मुक्ति– दाइ, प्रसङ्गको पोयो नमिले पनि मलाई अलिकति अचम्म लागेको र अप्ठ्यारो र अलिकति असजिलो लागेको एउटा प्रश्न तेर्स्याउन चाहन्छु । भारतको सर्वोच्च राष्ट्रिय साहित्य संस्थान 'साहित्य एकाडमी' ले 'Meet the Author' को भव्य कार्यक्रमको आयोजना गरेर तपाईंलाई स्वागत गरेको थियो । त्यही कार्यक्रमको उद्धरण दिएर डा. सुकराज दियालीले तपाईंका बारेमा "हेलिकप्टरमा अक्कासमा उड्दै गर्दा पनि**

**उपन्यास लेख्ने हाम्रा विभूति !" भनेर लेखेको सामाजिक सञ्जालमा मैले कतै पढ्न पाएको थिएँ। कुरो के हो र यो कुरो कहाँसम्म साँचो हो, प्रष्ट्याइदिनुहुन्छ कि ?**

**चापागाईं–** दियालीले त्यति भाँति पुऱ्याएर स्पष्टरूपमा नलेखेकाले धेरैले यो कुरो राम्ररी बुझ्नेनछन् । तर कुरोचैं साँचो हो । सेना (आसाम राइफल्स) मा जागिर अवधिमा मैले पाँचवटा पुस्तक साइत (कथा-सङ्ग्रह), विवर्तन (खण्डकाव्य), अन्तराल (कविता सङ्ग्रह), (कविता-सङ्ग्रह), आँधी (उपन्यास) अनि लोक–निबन्ध (निबन्ध-सङ्ग्रह) लेखेर प्रकाशित गरेको हुँ । त्यो आँधी उपन्यास लेख्दै गर्दा म अरुणाचलमा चीनको सीमावर्ती क्षेत्रमा कार्यरत थिएँ । त्यस क्षेत्रमा टाढा टाढा भएका सैनिक छाउनी (पोस्ट)हरूमा हेलिकप्टरबाटै सामान पुऱ्याउनुपर्ने हुन्छ र पेराशूटमा झुण्ड्याएर राशन खसाल्नु अर्थात् ड्रप गराउनुपर्ने हुन्छ । यो क्रम प्रायः चलिरहन्छ । जङ्गलभित्रका यस्ता टाढा टाढाका सैनिक पोस्टहरूमा 'हेलिपेड' हुँदैनन् । यसरी नै राशन पुऱ्याउनुपर्ने हुन्छ । ड्रिष्ट्रिब्युशन कमाण्डरका हैसियतले एकचोटि म यस्तै ड्युटीमा खटिएको थिएँ । मेरो ड्युटी त्यहाँ देखरेख (अब्जर्भेशन) गर्नुमात्र थियो । सबै काम एन्. सी. ओ. र सिपाहीहरूले गर्थे । तर त्यहाँ यो काम त्यति सजिलो र सहज भने थिएन र कहिले त राशन झार्नै मिल्दैनथ्यो । के हुन्थ्यो भने, चीनको सीमावर्ती क्षेत्र भएर उड्दा उड्दै अचानक कुइरीमण्डल पाठ लागेर अक्कास जम्मै ढाकिदिन्थ्यो र राशन झार्न मिल्दैनथ्यो । त्यतिखेर मौसम विज्ञान (meteorology) का ती हाइग्रोमिटर, एनिमोमिटर जस्ता उपकरणले पनि काम गर्दैनन् । यसले गर्दा त्यो अनकन्टार र अटब्बे जङ्गलको उडान पथमा कम्पास र 'अल्टिमीटर' यन्त्रकै भरमा दिशा खुट्याएर त्यत्तिकै फर्केर आउनुपर्थ्यो । त्यहाँ त कहिले कतिखेर अचानक अक्कास धुमिन्छ, पाठ लाग्छ थाहै लाग्दैनथ्यो । तल केही देखिँदैनथ्यो । यस्ता बेलामा वायुसेनाको त्यो कार्गो एम. आइ-८ हेलिकप्टरको 'बेरोमिटर' ले पनि हार मान्थ्यो । सधैंको पट्टाइलाग्दो यही कामका अवधिमा उडान पथमा हेलिकप्टरमै बसी बसी त्यो आँधी उपन्यासका आखिरीका पाँच अध्याय मैले केही दिनमा लेखेर सिध्याएको हुँ । यथार्थ यही हो ।

'यति कुरो भनिसकेपछि, मैले यस सन्दर्भमा अलिकति अरू जानकारी त थप्नै पर्ने हुन्छ । वायुसेनाको MI–8 Cargo हेलिकप्टर निकै ठूलो हुन्छ । यसले ४० कुइन्टल सामान सहजै बोकेर उड्न सक्छ । पाइलट, को-पाइलट, गनर (पाइलटका सहायक), पाँच-छ जना सिपाही, आठ - दश बोरा आटा-चामल, खाने तेल, मट्टी तेलका टिन, आलू - पियाज, नून - खोर्सानी, आलू-पियाज, मसाला, चिनी-दाल आदि इत्यादि सामान त हुन्थे नै, भएन, भेंडा - बाखा (खसी भन्न अलिक मिल्दैन) पनि हुन्थे । यिनलाई ठूला ठूला खास बास्केटमा हालेर पेराशूटबाटै तल झार्नु पर्ने

हुन्छ र यसो गर्दा एकछिन्का लागि भए पनि हेलिकप्टरलाई आकाशमा स्थिर पारेर अड्याउनु पर्ने हुन्छ, जसलाई Stable at altitude भनिन्छ । यसोगर्दा टनौ सामान बोकेको हेलिकप्टरलाई धेरै भार पर्छ र धेरै बेर हावामा अड्याइराख्न मिल्दैन र त्यतिखेर यो राशन झार्ने काम हत्तारिँदै छिटो छिटो नै गर्नुपर्ने हुन्छ । सोझै क्याम्पको माथि लोकेशन मिलाएर सामान झार्दा पनि कहिलेकाहीं हावामा बत्तिएर पेराशूट तल कहाली लाग्दो भञ्ज्याङको गहिरो खाडलतिर जान्थ्यो र उतै खस्थ्यो । ल्याउन सक्ने ठाउँमा खस्यो भने त तल पोस्टका सिपाहीहरूले पेराशूट र सामान सबै लिएर आउँथे तर अटब्बे जङ्गल र ठाडो भञ्ज्याङमा खस्यो भने त्यत्तिकै उनीहरूले बाध्यतावश छोडदिन्थे । यस्तो घटना दुर्गम ठाउँहरूमा भएका पोस्टहरूमा हुन्थ्यो ।

**मुक्ति– आङ जिरिङ पार्ने रोमाञ्चक कथा जस्तो घटना ।**

**चापागाई–** यसै सन्दर्भमा भाइलाई म एउटा अझ रोमाञ्चकारी डरलाग्दो घटना सुनाउँछु । यो राशन वितरण गर्ने काम अरुणाचलको एउटा सबडिभिजन 'रोइङ' भन्ने ठाउँबाट शुरु हुन्थ्यो । त्यो ठाउँ आसामको पूर्वोत्तरमा स्थित 'सदिया' भन्ने ठाउँबाट प्रायः बीस किलोमीटर टाढामा छ । त्यहींको हेलिप्याडबाट उड्नुपर्थ्यो । हाम्रो 'बेसक्याम्प' त्यहीं थियो । त्यहींको एउटा स्कूलमा सैनिकहरूका छोरा-छोरीलाई पढाउने एकजना शिक्षक थिए अनील घोष । उनी मलाई घरी घरी "मलाई हेलिकप्टरमा उड्न साह्रै मन लागेको छ, लु न एकखेपका लागि चाँजो मिलाइदिनुहोस् न सर !" भनेर गनगनाइ रहन्थे । मलाई के आपत्ति थियो र ! एकचोटि मैले पाइलटहरूसँग भनसुन गरेर उनलाई त्यो टोलीमा सामिल गराएँ ।

हेलिकप्टर उड्यो । प्रायः पन्ध्र मिनटपछि अचानक हेलिकप्टरले एकचोटि धड्धडिए जस्तो गऱ्यो । म, को-पाइलटका पछिल्तिर भएको गनरका सीटमा बसेको थिएँ । दुवै पाइलट गम्भीर भएर आपसमा खस्याक- खुसुक गरेर बोल्दै थिए ।"साहब, यताउति कतै चहुर वा फुट्बल ग्राउन्ड छ ?" भनेर सिनियर पाइलटले मलाई सोधे । हामीसँग तायो नाम गरेको त्यही क्षेत्रको एउटा मिस्मी सिपाही पनि थियो । त्यसलाई बोलाएर मैले यही कुरो सोधें । ऊ अलिक परतिर चामलका बोरामाथि बसेको थियो । त्यसै क्षेत्रमा जन्मिएर हुर्किएको हुनाले उसलाई त्यहाँको पूरै जानकारी थियो । हेलिकप्टर उडरिहेको थियो तर अब भने त्यो अलि अलि बत्तिए जस्तो पनि गर्नथाल्यो । तायो नेपाली भाषा रिङ्गो नबिराई बोल्दथ्यो । उसले खिर्कीबाट चियाएर तल हेऱ्यो र आत्तिए झैं गरेर "उ त्यो भञ्ज्याङका आडमा छ ठूलो चहुर" भनेर एकातिर देखायो र पाइलटलाई भन्यो । हेलिकप्टर त्यतैतिर हानियो । तायोको कुरो सही निस्कियो । नभन्दै एकैछिनमा तल एउटा ठूलो चहुर देखियो । अब भने

हेलिकप्टर बिग्रिएको कुरो सबैलाई थाहा भो। अब त्यही चहुरमा लेन्डिङ गराउनु थियो- इमरजेन्सी लेन्डिङ। हेलिकप्टर ओह्रालिंदै गयो। तर थर्किन छोडेको थिएन। जम्मै सिपाहीहरू आत्तिइसकेका थिए। निकै तल आएपछि त्यो चहुरमा अर्को दृश्य देख्न पाइयो। त्यो चहुरका छेउछाउ लोग्ने मान्छे, आइमाई, केटाकेटी थुप्रै थिए। हेलिकप्टर त्यहीं ओह्रालिंदै गएको देखेर ती मानिस यता र उति भागाभाग गर्दै कुद्न थालेका देखिए, मैले खिर्कीबाट हेरिरहेको थिएँ। चहुरकै माझमा एउटा मिथुन बाँधिएको थियो, त्यो पनि दाम्लो चुँडाएर जङ्गलतिर बुर्कुसी मारेर भाग्दै गरेको देखियो। जे नै होस्, हेलिकप्टरले सुरक्षित लेन्ड गऱ्यो।

**मुक्ति– डरलाग्दो कथा सुन्न पाएँ दाइ! अनि त्यसपछि त्यो हेलिकप्टरलाई के गरियो?**

**चापागाई–** भाइ, त्यसलाई के गरियो, गरिएन, त्यो पछि भन्छु, तर अझै रोमाञ्चक घटनाको कथा त अझ बाँकी नै पो छ त। त्यो हाम्रो हेलिकप्टर उत्रिएको चहुर माथिबाट हेर्दा जत्रो देखिन्थ्यो, त्यो भन्दा दोबर ठूलो रहेछ। हेलिकप्टर उत्रिंदै गर्दा त्यसका हावाले अलि परतिर भएको मिस्मीको एउटा छाप्रो उडाएर तल कता पुऱ्यायो पुऱ्यायो। त्यहाँ छेउछाउमा भएका जम्मै मानिस, जसमा आइमाई, केटाकेटी पनि थिए, एकछिन् पछि हेलिकप्टर हेर्न वरिपरि झुम्मिए। हाम्रा सिपाहीहरू काँधमा राइफल बोकेर ओर्लिएको देख्दा भने उनीहरू अलिक पर पर तर्किए। तायो भन्ने त्यो सिपाहीले उनीहरूकै भाषामा के के भनेर तिनीहरूलाई अझ निकै टाढा धपायो। म पनि ओर्लिसकेको थिएँ। सुरक्षाका कारणले पाइलटहरू हेलिकप्टरमै आ-आफ्नै ठाउँमा थिए। अरू दुईजना सिपाही पनि ओर्लिन बाँकी नै थिए। एकछिनपछि एउटा सिपाही फुत्त ओर्लिएर हतारिंदै सोझै म भए ठाउँमा आयो र आत्तिएझैं गरेर "साहब मास्टर त मरेछ!" भन्यो। म झसङ्ग भएँ। यो कुरो अरूले पनि सुने। दुई - तीनजना सिपाही फेरि कुद्दै गएर हेलिकप्टरभित्र पसे। मेरा नौ नारी गलेर आए। एकछिनपछि फेरि एउटा सिपाही निस्किएर आयो र "साहब त्यो मरिहालेको रैनछ, धुक्धुकी चल्दैछ, डरले मूर्छा परेको रहेछ" भन्यो। मैले ठूलो सास फेरें।

पाइलटहरूले उड्दा उड्दै पहिल्यै 'सन्देश' पठाइसकेका थिए। एकछिनपछि झट्टै अर्को हेलिकप्टर आउने भयो।"स्मोक रेडी गर" भनेर पाइलटले आदेश दिने बित्तिकै एकजना सिपाही स्मोक बम लिएर ठिक्क पऱ्यो। यहाँ एउटा कुरो, यस्ता अपरिचित जङ्गलको उडान पथमा खोजी हेलिकप्टरका लागि 'यो ठाउँ' भनेर चिनाउन आकाशमा धुवाँको मुस्लो छोड्ने गरिन्छ। यसले दुईटा काम गर्छ। पहिलो त पाइलटलाई परैबाट धुवाँ देखेर 'लोकेशन' थाहा लाग्छ, दोस्रो हावाको दिशाको पनि पत्तो लाग्छ। त्यो स्मोक बमको धुवाँको रङ अलिक भिन्नै किसिमको हुन्छ। हेलिकप्टर

आयो । सिपाहीहरूले चहुरका छेउमा उभिएर सेतो कपडा हल्लाएर "सबै ठीकै छ, उत्रिए हुन्छ" भन्ने संकेत दिए । माथि आधा फन्को मारेर त्यो हेलिकप्टरले पनि त्यहाँ लेन्ड गऱ्यो । त्यो अनकन्टार गाउँका चहुरमा दुई-दुईवटा हेलिकप्टर । यो अद्‌भुत दृश्य हेर्न त्यहाँको पूरै गाउँ खनियो । यो हल्लाखल्लामा त्यो शिक्षकको पनि होश आएछ ।

**मुक्ति– विचित्र, अद्‌भुत र रोमाञ्चले भरिएको कथा पो रहेछ दाइ !**

**चापागाईं–** कथा होइन भाइ, म साँचो घटना सुनाउँदै छु । त्यो हामीलाई लिन आएको अर्को हेलिकप्टरमा पाइलट र 'गनर' त थिए नै, दुईजना इन्जिनियर पनि थिए । उनीहरूले छिटो छिटो हाम्रो हेलिकप्टर चेक गरे । पुछरमा भएको 'सानो रोटर' को एउटा ब्लेडको 'नट' खुकुलो भएर बाँङ्गिएछ । उनीहरूलाई त्यो पंखा अस्थायी रूपले ठीक पार्न एक घन्टा जति लाग्यो । हेलिकप्टरको यो पछिल्तिरको सानो पङ्खा नै हेलिकप्टरको 'राजहाड' मानिन्छ । यसैले हेलिकप्टरलाई अक्कासमा स्थिर पारेर सन्तुलनमा राख्छ र दायाँ-बायाँ जान यसैले सघाउँछ । असलमा यसलाई टेल रोटर भनिन्छ । यो रोटर नभए त, टाउकाको ठूलो पङ्खा घुम्दा हेलिकप्टर पनि सँगसँगै घुम्न थाल्छ, अनि बिग्रिएन कुरो ! यी सब कुराहरूको जानकारी पनि मलाई यही उडानपथमै आठ-दश दिनमा भएको हो ।

तायोले टाउकामा पानी खन्याई खन्याई एकछिन् पछि त्यो शिक्षकलाई पनि तंग्र्याएछ ।

चारैतिर मानिसहरूको मेला लागेको थियो । अब त्यो राशन अर्को हेलिकप्टरमा सार्न बाँकी नै थियो, किनभने त्यो टेल रोटर बिग्रिएको हेलिकप्टरले त्यत्रो लोड लिएर फर्किने कुरै आएन । यो जिम्मा तायोको भागमा पऱ्यो ।

एकछिनपछि सिनियर पाइलट ग्रुप केप्टेन (वायु सेनामा ग्रुप केप्टेन थलसेनामा कर्नल रेङ्कको बराबर हुन्छ) - ले मलाई छेउमा बोलाएर एउटा राम्रो कुरो भने "साहब यी मिस्मीहरूको हामीले एउटा छाप्रो पनि उडायौं, मिथुन पनि उफ्रिँदै जङ्गल पस्यो । यिनीहरू यहाँ केका लागि भेला भएका थिए कोनि, त्यो पनि हामीले बिथोल्यौं । यिनलाई अलिकति राशन दिँदा कसो होला ? गरीबलाई अलिकति सघाउ त हुन्छ ।" त्यो राशनको दायित्व मेरै हुनाले उनले मलाई सोधेका हुन् ।

"हुन्छ सर ! पछि 'राइट अफ्' गरेर हिसाब मिलाउँला" मैले भनें, उनी खुशी भए । यसपछि एकबोरा चामल, दशकिलोको चिनीको एउटा प्याकेट, चियापत्तीको एउटा ठूलो प्याकेट, नूनको सानो बोरा, एउटा ठूलै जखमले बोको, चार बतल रम, पाइलटले तिनको गाउँ-बूढालाई एक एक गरी थमाइ दिए । यति हुने बित्तिकै एकछिन्

पछि त्यहाँ भएका मिस्मीहरूले खुशी खुशी जम्मै राशन त्यो नयाँ हेलिकप्टरमा सारिदिए । सिपाहीहरूले केही गर्नै परेन । उनीहरूको काम हेलिकप्टरमा मिलाएर त्यो सामान व्यवस्थित पारेर राख्नु मात्र थियो, किनभने हेलिकप्टरमा सामान राख्दा सन्तुलन मिलाएर राख्नुपर्ने हुन्छ ।

एकछिनपछि दुवै हेलिकप्टरले पालो पालो गरेर टेक् अफ् गरे । माथि पुगुन्जेलसम्म पनि ती मिस्मीहरूले हामीलाई कृतज्ञता स्वरूप हात हल्लाई हल्लाई विदा दिइरहेका देखिन्थे । हामीलाई फर्किएर बेसकेम्पमा आइपुग्न २० मिनिट पनि लागेन । रित्तो हेलिकप्टर सोझै दिनजान भन्ने ठाउँतिर (मुख्यालय) हानियो । त्यो राशन भराएको हेलिकप्टर चैं हामी सबैलाई रोइङमा उतारेर फेरि राशनसहित त्यो पनि त्यतै उड्यो ।

तायो अलिक धेर बोल्थ्यो । उत्रिने बित्तिकै उसले ती अनील घोष नाउँका शिक्षकलाई हाँसेर भन्यो "मास्टरजी, भोलि पनि फेरि उडेर जानुपर्छ है ।"

"अबदेखि म कहिल्यै हेलिकप्टरमा चढ्दिनँ, कान समातें, धन्न बाँचियो" यति भन्दै काँधमा झोला भिरेर, बिहान ल्याएर बेस केम्पमै राखेको आफ्नो साइकलमा चढेर उनी गए । म केही बोलिनँ । तर सोच्दा आज अचम्म लाग्छ, केका प्रेरणाले हो, यस्तो अप्ठ्यारो स्थितिमा पनि मैले कलम पटक्कै बिसाइँनँ ।

**मुक्ति – अचम्म र उदेकलाग्दो, पत्याइ नसक्नु डरलाग्दो रोमाञ्चले भरिएको जीवनको अविस्मरणीय कथा हो दाइ यो ।**

**अब म यहाँ अप्रासङ्गिक र विषयदेखि बाहिरको कुरो भए पनि तपाई र म माझको एउटा घटनाको कुरो सोध्छु दाइ । १९७१, सम्भवतः साल २०२८ हुनुपर्छ, तपाईंको बिहेमा म पनि जन्ती भएर जन्त गएको थिएँ । त्यतिखेर बल्ल मेरा जुँगा रेखी बस्न थालेका थिए । यो सबै तपाईलाई पनि थाहै छ । तर त्यहाँ तपाईंले आफ्नो बिहे रातभरि आफैले पढेर उतार्नु भएको मलाई जम्मै अहिले पनि याद छ ।"लौ, ब्यौलाले यज्ञमा आफै पढेर बिहे गरे !" भन्ने एउटा हल्ला भएर बिहेभरि त्यहाँ एउटा रमितै भएको थियो । के त्यहाँ कुनै पण्डित – पुरोहित थिएनन् ? भित्री रहस्य के हो, मैले अझै बुझ्न सकेको छुइनँ ।**

**चापागाईं–** हुन ता मेरो त्यस बिहेमा दुईजना पुरोहित त थिए, तर तिनले पुस्तक पढ्दा घरी-घरी अशुद्ध उच्चारण गरेर पढ्थे । संस्कृत यस्तो भाषा हो, जसको लेखाइमा अथवा उच्चारणमा अलिकति गल्ती भयो भने अर्थको अनर्थ हुनजान्छ । उदाहरणकै रूपमा 'मृत् र मृत' शब्द लिऊँ । 'मृत' भन्दा मरेको बुझिन्छ तर 'त' मा हलन्त

लाएर 'मृत्' पार्दा माटो बुझिन्छ। यसमा समास भएछ भने पनि उच्चारण फेरिन्छ, जस्तै मृत्+अङ्ग=मृताङ्ग (मरेको अङ्ग), अर्को मृत+अङ्ग=मृदङ्ग (माटाको अङ्ग), यस्तो हुन्छ संस्कृत भाषा । ती पुरोहितहरूले घरीघरी त्यहाँ अशुद्ध पढेको सुन्दा मलाई झनक्क रिस उठ्यो । आफू ब्यौलो भएर बसेको मर्यादालाई पनि तिलाञ्जलि दिएर "पण्डितज्यू, तपाईंहरूले घरीघरी अशुद्ध उच्चारण गर्दै हुनुहुन्छ" भनेर एकचोटि सबैका सामु झर्किए झैं गरेर हकारेको मात्रै थिएँ, एकछिनपछि त ती पुरोहितले शायद कुनै एउटा निहुँ पारेर पालै पालो त्यहाँबाट टाप कसेछन् र दुवैजना सटक सीताराम भएछन् । उनीहरू पछि छेउछाउ खोजेरै भेटिएनन् । एकछिन घर - गाउँलेहरूमा 'पुरेत कता गए, हराए क्यार' भनेर त्यहाँ सानो खैलाबैला पनि मच्चियो । निकै बेरसम्म पनि ती पुरेतहरू आएनन् । पछि आए होलान्, त्यो कुरो म जान्दिनँ । त्यतिखेर बाध्य भएर म आफैले रातभरि आफै पढेर आफ्नो बिहे उतार्नुपर्‍यो । पछि थाहा पाउँदा, त्यहाँ धेरै दिन यो एउटा चर्चाको विषय चैं भएछ । 'पण्डित धपाउने ब्यौलो' भनेर कसैले टीका टिप्पणी त गर्दैन वा कसैले यस्तैखाले मन्तव्य त पोख्तै हिंड्दैन भन्ने डर पनि लागेको थियो, किनभने गाउँ घरमा यस्तो चर्चा छिटै फैलिन्छ। तर त्यतिखेर त्यहाँ त्यस्तो केही भएनछ; पछि पनि भएन । यथार्थ यो हो ।

**मुक्ति– ठिटौले उमेर भएकाले त्यतिखेर बिहेको त्यो यज्ञप्रति मैले त्यति ध्यान दिइनछु । जेनै होस् दाइ, यो पनि जीवनको अविस्मरणीय पल हो । अब म सोझै साहित्यकै बारेमा एउटा गम्भीर प्रश्न तपाईंका अगाडि राख्न चाहन्छु ।**

**'इस्वी साठीका दशक ठेक दार्जीलिङबाट' तेस्रो आयामको एउटा व्युत्पतिमूलक नयाँ धारा हाम्रो भाषा-साहित्यमा देखा पर्‍यो र निकै वर्ष त्यो भाषा - वाङ्मयको कलेवरमा भित्रिन खोज्यो र चर्चा-परिचर्चाको विषय पनि बन्न पुग्यो। तर त्यसलाई धेरैले आत्मसात गर्न सकेनन् । तेस्रो आयाममा आयामकै आदि र अन्तको मूर्तरूप फेला नपर्दा बिस्तारो बिस्तारो त्यो साधारण पाठकबाट टाढिँदै गयो र अहिले त्यो इतिहास मात्र भएर रह्यो। यसपछि 'लीला लेखन आयो, त्यो पनि साहित्यको विशेष बर्गमा मात्र सीमित रहेर साधारण पाठकबाट अस्वीकृत हुँदै गयो । अहिले उत्तर आधुनिकतावादको मेहरो आएको छ। तपाईंले यसबारेमा के भन्नुहुन्छ ?**

**चापागाईं** - पहिले त तेस्रो आयामकै कुरो गरौं । यो तेस्रो आयाम, ईश्वरबल्लभ, वैरागी काईंला र इन्द्रबहादुर राईको प्रयासमा स्थापित भएको एउटा नयाँ चेतनामूलक आन्दोलन थियो र यसैलाई धेरैले नेपाली साहित्यको इतिहासमा आधुनिकतावादको एउटा कोशे ढुङ्गो पनि मान्ने गर्छन् । तर तेस्रो आयाम र लीला लेखन, यी दुई धारामा,

यिनको भाषिक शैली र विचार शैलीमा फरक देखिन्छ । असलमा तेस्रो आयामको आरम्भ गणेशबहादुर प्रसाईले सन् १९६३ मा दार्जीलिङ्मा वैरागी काइँला, ईश्वरबल्लभ र इन्द्रबहादुर राईलाई एकैठाउँ भेट गराइदिएपछि भएको हो भन्ने छ। तर गणेशबहादुर प्रसाई भने तेस्रो आयामवादी थिएनन् । म त कुनै पदार्थको चेप्टो, नेप्टो, गहिरो, यही आकारलाई आयाम भन्छु । यसमा विषय-वस्तुको मूर्तरूप नहुनाले त्यतिखेर धेरैले यसको विरोध पनि गरे । दुवसु छेत्रीले त तेस्रो आयाम मात्र होइन, कुनै पनि वस्तुमा 'चौधवटा' आयाम हुन्छन् भनेर उनले यो तेस्रो आयामलाई सोभ्कै नकारेका हुन् भन्ने छ। डाइसका गुटीका छवटा पाटालाई मात्र होइन, त्यसका अरू आठवटा कुना जोड्दा बल्ल आयाम पूरा हुन्छ भन्ने कुरो पनि छ। जहाँसम्म लीला लेखनको प्रश्न छ यसलाई Flirtation - भन्न चैं अलिक मिल्दैन। लीला लेखन उत्तर-आधुनिकतावादकै एउटा पाटो हो भन्ने लाग्छ। 'लीला लेखन पूर्वेली अध्यात्मवादका मिथकीय, नैतिक र मेटाफिजिकल अर्थात् पराभौतिक पक्षहरूको सम्बन्धलाई औँल्याउँदै 'लीला लेखन र उत्तरआधुनिकतावादी लेखन बीचमा भिन्नता छ' भन्ने कुरो डा. सञ्जीव उप्रेतीको धारणा छ। ... लीला लेखनको सृजनात्मक अभ्यास र समसामयिक इतिहास अनि राजनीतिको आपसी अन्तरसम्बन्धलाई उत्तर आधुनिकतावादमा पर्याप्त स्थान दिइए तापनि लीलालेखनको सैद्धान्तिक पक्षले भने उक्त सम्बन्धलाई राम्ररी व्याख्या गर्न सकेको छैन' भन्ने तर्क पनि डा. उप्रेतीले उठाएका छन् ।

असलमा, उत्तरआधुनिकतावाद दोस्रो विश्वयुद्धपछि सन् १९५० को दशक छेक प्राज्ञिक अवधारणाबाट आएको एउटा बौद्धिक छाल हो । अहिले यसैको धेर चर्चा छ। ममा चैं यसको केही रुचि जागेन । उत्तर आधुनिकताका नाउँमा जब छाडापन भित्रिन थाल्छ, पछि यसको अस्तित्वमाथि नै प्रश्नचिन्ह ठडिन सक्छ भन्ने लाग्छ।

मूलरूपमा यस अवधारणाका जनक चार्लस् मुरे (Charls Moore) लाई मानिए पनि यसै वादका विभिन्न क्षेत्रका व्यक्तिलाई पनि उतिकै मान्यता दिइएको पाइन्छ। किनभने यो विभिन्न क्षेत्रमा बाँडिएको छ। नित्से (Neitzshe) कै कुरो लिऊँ - Friedrich Neitzsche is generally considered the precusor of postmodern philosophy. भनेर लेखिएको पाइन्छ । उनी राजनीतिक उत्तर आधुनिकका जनक मानिन्छन्। कुनै समयमा "ईश्वर मरे" भन्ने पनि नित्से नै हुन्। त्यसरी नै, उत्तर आधुनिक वास्तुकला (Architecture) का जनक Robert Ventury, लाई मानिएको छ र यस विषयमा अरू पनि यस हारमा पर्न जान्छन्। किनभने उत्तर आधुनिकतावाद साहित्यका क्षेत्रमा मात्र होइन, राजनीति, कला, वास्तुकला, चित्रकला, मूर्तिकला, विज्ञान, दर्शन

आदि विषयमा पनि यसको प्रभाव सरोबरी पर्न गएको स्पष्ट रूपले देखिन्छ।

उत्तर आधुनिकतावादको कुरो गर्न जाँदा 'डायसपोरा' को कुरो पनि निस्किन्छ। यसलाई 'विकीर्णन' भनिन्छ। हिजोआज पो हामीले डायसपोराको कुरो गर्न थालेका छौं। तर यो वहिर्गमन वा विकीर्णन प्रथा त धेरै पुरानो हो। विश्वमा सबै भन्दा धेर भारतवंशी नै डायसपोरिक भएका देखिन्छन्। तर जनसंख्याको प्रतिशतका हिसाबले हेर्दा नेपाल पनि पछि छैन। यो विकीर्णन अर्थात् डायस्पोरिक समुदाय तीन श्रेणीमा बाँडिएको हुन्छ। उत्पीडित डायसपोरा (Oppressed diaspora), श्रमिक डायसपोरा (Labor diaspora), अनि स्वैक्षिक डायसपोरा (Unconstrained diaspora)। यी, स्वैक्षिकरूपले विकीर्णन भएका समुदायले नै विदेशमा भाषा-साहित्यको सृजना गरेको देखिन्छ र परोक्षरूपमा उत्तर आधुनिकवादको भँगालो पनि यिनीहरूले नै भित्र्याएका हुन् भन्ने परिलक्षित हुन्छ।

यसको व्युत्पत्तिमूलक तथ्य बटुल्दै जाँदा के लेखिएको पाइन्छ भने Diaspora, populations such as members of an ethnic or religious group, that originated from the same place but dispersed to different locations. The word diaspora comes from the ancient Greek 'diaspeiro', meaning "to show over". The concept of diaspora has long been used to refer to the Greeks in the Hellenic world and to the jews after the fall of Jeruselem in the early 6th century BC. अर्थ विस्तारको दृष्टिले विश्लेषण गर्दा यसको परिभाषा र अन्वय लामो हुनजान्छ। डा. गोविन्दराज भट्टराई, ज्ञानबहादुर छेत्री जस्ता विद्वान् व्यक्तित्वहरूले यसको धेरै चर्चा परिचर्चा गरे पनि एकदिन यसको पनि मियाद टुङ्गिन्छ जस्तो लाग्छ, किनभने समय सँगसँगै मानिसको अन्तरमन र उसको विचारधारा पनि प्रभावित भैरहेको हुन्छ। यो छोटो अन्तरवार्तामा यसभित्र रहेको केलेडोस्केपिक (Kaleidoscapic) संसारको सम्पूर्ण नक्शा देखाउन सम्भव हुँदैन र आखिरीमा म यति भन्छु भाइ, साहित्यिक वाङ्मयबोध र सांस्कृतिक चेतनामा ऊर्जा थप्नु छ भने यो वाद अर्थात् ism मा रहेको बहिर्जगत्को बिम्बमा अन्तरजगत्को प्रतिबिम्ब हेर्न जान्नुपर्छ र मात्र, यसको परिधि मात्र होइन, यसको शिल्पसौन्दर्य र तात्पर्यको अलिक विस्तारले आकलन र व्याख्या गर्न सकिन्छ। आजलाई मेरो भन्नु यति नै रह्यो।

# मौलिक ग्रन्थ निर्माण गर्नुभन्दा धेरै कठिन काम हो अनुवाद



छविलाल उपाध्याय

*(छविलाल उपाध्यायसँग वरिष्ठ समालोचक ज्ञानबहादुर क्षत्रीद्वारा हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १०५ भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कका लागि लिएको अन्तर्वार्ता - सम्पादक)*

**प्रश्न नं.१– तपाईंको पुर्ख्यौली कैरन (आद्योपान्त) जान्न पाऊँ न ?**

**उत्तर**:– मेरा पुर्खाहरू पूर्वी नेपालको इलाममा रहेको जान्न पाइन्छ। त्यस पुर्ख्यौली जग्गाको दर्शन गर्ने सौभाग्य पाएको थिएँ इस्वी सन् १९५८ मा। मेरा जिबा (हजुरबा) काशीनाथ उपाध्याय खतिवडा भारतको वृन्दावनमा बसेर अध्ययन गरी संस्कृतको ठूलो र नामी पण्डित भएर कर्मसंस्थानको निम्ति पूर्वी भारतको असम राज्यको त्यसबेलाको दरङ वर्तमान विश्वनाथ जिल्लाको गुप्तकाशी नाउँले सुप्रसिद्ध विश्वनाथ घाटमा स्थायीरूपले बसोबास गर्नुभएछ। त्यहीं पण्डित्याइँ कर्म गरेर घरसन्सार गर्नुभएछ र मेरा पिताजी पण्डित रामनाथ उपाध्यायको जन्म इस्वी सन् १९०१ मा त्यही इतिहास प्रसिद्ध विश्वनाथ घाटमा भएको अहिले उच्चमाध्यमिक विद्यालय (त्यसबेला एम. भी. विद्यालयबाट) तृतीय कक्षाको परीक्षा उत्तीर्ण भएको प्रमाण-पत्र दिएका छन् तत्कालीन प्रधान अध्यापक कालीराम कलिताज्यूले। यस अबोध तथा अकिञ्चनको जन्म पनि त्यही घरमा भएको हो सन् १९३६ को ३ नोभेम्बरका मितिमा। त्यसपछि कर्मसँस्थानको निम्ति सन् १९४० मा तत्कालीन दरङ जिल्लाअन्तर्गत मिच्छामारी विधानसभाअन्तर्गत धिराइमाजुली नामक गाउँमा वर्तमान पनि छँदैछ र अहिलेचरी देकियाजुली नामक नगरीको वडा नं. ६- को कविनिकेतनमा सानो कुटीमा आफ्ना परिवार लिएर बसेको छु। पानमा साना कुटामा आफ्ना परिवार लिएर बसेको छु।

**प्रश्न नं.२:– तपाईंको शिक्षा-दीक्षा कहाँकहाँ कुनकुन शिक्षा-प्रतिष्ठानहरूबाट प्राप्त गर्नुभयो ? अनि आजीविकाका कुरा पनि जोडेर बेलिबिस्तार सुनाइदिनुहुन्थ्यो कि ?**

**उत्तर**:– मेरो शिक्षा-दीक्षासम्बन्धी भन्नुपर्दा सर्वप्रथम गाउँकै असमिया माध्यमको

प्राथमिक विद्यालयबाट भएको हो। त्यसपछि तेलिया गाउँको (तेलीगाउँ) उच्चमाध्यमिक विद्यालयबाट प्रवेशिका (मैट्रिक) सन् १९६९ मा अनि आसाम संस्कृत बोर्डद्वारा सञ्चालित आसामको बिहालीअन्तर्गत बटियामारीको साङ्ग्वेद संस्कृत विद्यालयबाट पाणिनि व्याकरणको मध्यमा सन् १९५८ मा । त्यसपछि हिन्दी विश्वविद्यालय प्रयागबाट साहित्यरत्न वि.सं. २०३८ सालमा । त्यसपछि राष्ट्रभाषा प्रचार समिति वर्धा (महाराष्ट्र) बाट आचार्य सन् १९७१ मा । त्यसपछि हिन्दी शिक्षक प्रशिक्षण महाविद्यालय उत्तर गुवाहाटीबाट हिन्दी अध्यापन पारङ्गत सन् १९७६ मा । त्यसपछि पत्रकारिता महाविद्यालय नई दिल्लीबाट पत्रकारिता (जर्नलिज्म) १९८८ मा। यो सबै आफ्नै प्रयास, चाहना एवम् उच्चाकाङ्क्षा हो । यसमा अर्धाङ्गिनीको ठूलो सहयोग छ। भनौं उनी नै मेरी सहायिका र प्रेरणाकी स्रोत हुन्, गुरु हुन्। आजीविकाको अर्थ हो जीवन धान्ने उपाय। राङगाडा उच्चमाध्यमिक विद्यालयमा हिन्दी शिक्षकको पदमा रहेर अध्यापनकार्यमा संलग्न भई सन् १९६२ देखि १९९५ सम्म अध्यापन कार्य । हिन्दी अध्यापकबाट, सेवामुक्त सन् १९९५ मा।

**प्रश्न नं.३ :- साहित्य क्षेत्रमा प्रवेश कहिले कसरी भयो । त्यसबारे कुनै रोचक कुरा छ कि ? कसैको प्रेरणा, गुरु कोही छ कि ?**

**उत्तर** :- मेरो साहित्य क्षेत्रमा प्रवेश हुने सौभाग्य चाहिँ उत्तर गुवाहाटीको हिन्दी शिक्षक प्रशिक्षण महाविद्यालयमा एकवर्षे अध्ययनका अवधिमा तुलनात्मक शोधकार्य, प्रस्तुत गर्ने प्राचार्य परेसचन्द्रदेव शर्माद्वारा तोकिएको विषय थियो-हिन्दीका गोस्वामी तुलसीदास र नेपालीका भानुभक्त आचार्यको तुलनात्मक अध्ययन (शोध) कार्य गर्नुपर्ने हुँदा गरिएको थियो र त्यही नै सर्वप्रथम साहित्य क्षेत्रमा प्रवेश गरिएको हो र प्रेरणाको स्रोत पनि त्यही हो भन्नुपर्दछ। किनभने त्योभन्दा अगाडि साहित्य भनेको के हो थाहा थिएन।

**प्रश्न नं.४ :- तपाईंको पहिलो पुस्तक समालोचनाविधाको । धेरैजसो साहित्यकारले कविता विधाबाट साहित्यको क्षेत्रमा प्रवेश गरेको देखिन्छ, तपाईंले भने सर्वप्रथम समालोचकका रूपमा आत्मप्रकाश गर्नुभो। त्यसको कारण के होला ?**

**उत्तर**: मैले पत्रकारिता (जर्नलिज्म) हिन्दीमा गरेको हुँदा गुवाहाटीबाट प्रकाशित हुने हिन्दीभाषाका सेन्टिनल र पूर्वाञ्चल प्रहरीमा धेरै आलेख प्रलेख र कविता-समालोचना आदि हिन्दी भाषामै प्रकाशन गर्ने अवसर पाएको थिएँ, गरियो पनि।

**प्रश्न नं.५ :- साहित्य क्षेत्रमा केही ढिलो प्रवेश गरे पनि यतिखेरसम्म तपाईंले तीसभन्दा**

**बढी कृति प्रकाशित गर्नुभयो । असमजस्तो मुलुकमा (राज्यमा) यो कसरी सम्भव हुन सक्यो ?**

**उत्तर** – यो ता आ-आफ्नो सोच, विचार हो । सबै मानिसको विचारधारा एकै हुँदैन । आफ्नो मानव जीवनलाई कसरी सार्थक बनाऊँ भन्ने सोच, विचार कसै कसैमा मात्र हुन्छ, सबै मानिसमा हुँदैन । अथवा भनौं लक्ष्य एवम् आशा-आकाङ्क्षाहरू भिन्न-भिन्नै हुन्छन् । यस अबोध एवम् अकिञ्चनको पनि त्यही हो भन्नुपर्दछ, साहित्यमा रुचि हुँदा ।

**प्रश्न नं.६ :– लेखकलाई आफ्ना सबै कृतिहरूप्रति माया हुन्छ भन्नुपर्दा, कुन कृतिलाई सर्वोत्कृष्ट मान्नुहुन्छ ?**

**उत्तर**– हो आफूले जन्माएका छोरा-छोरीहरू सबै नै समान हुन्छन्, सबैको माया उत्तिकै हुन्छ । यो कुरा त विज्ञ पाठक एवम् प्रखर समालोचकवृन्दलाई मात्र थाहा हुन्छ । भनौं उनीहरूले मात्र भन्न सक्तछन् भन्ने मेरो आफ्नो विचार । तापनि भन्नु नै पर्दा मद्वारा निर्मित पहिलो महाकाव्य "देवकोटा" लाई मान्छु म । यो महाकाव्य सिक्किम विश्वविद्यालयको नेपाली पाठ्यक्रममा र उत्तरबङ्ग विश्वविद्यालयको नेपाली पाठ्यक्रमको एम.ए.मा समाविष्ट गरिएको हुनुका साथै काशी हिन्दु विश्वविद्यालयमा हुँदा, त्यही ग्रन्थप्रति माया र प्रिय लाग्नु स्वाभाविक कुरा हो । यो सबैमा हुन्छ नै ।

**प्रश्न नं.७ :– साहित्य अकादमी, अनुवाद पुरस्कार, मूल (मौलिक) पुरस्कार, साहित्यिक पेन्सन (भत्ता वा जीवनवृत्ति) अनि असम सरकारबाट सैयद आब्दुल मालिक जस्ता गरिमामय पुरस्कार र अन्य धेरै पुरस्कार पाउनुभो, हामी तपाईंलाई लिएर गर्व गर्छौं, तपाईंलाई के कस्तो अनुभव भइरहेको छ ?**

**उत्तर** :–परिश्रमअनुसारको फल प्राप्त हुँदा सबैलाई आनन्द लाग्नु स्वाभाविकै हो र मलाई पनि परिश्रमको स्वीकृति पाउँदा आनन्द, हर्ष र उत्साह प्राप्त भएको अनुभव भइरहेको छ र सन्तुष्ट पनि छु । अर्कातिर भन्न जाँदा पुरस्कारको आशामा रचना गरिदैन् ।

**प्रश्न नं.८ :– उमेर भयो, अस्वस्थ हुनुहुन्छ, तैपनि सिर्जनामा निरन्तर लागिरहेको देख्ता हामीलाई पनि काम गर्नु पर्ने रहेछ भन्ने होस (चेतना) आउँछ, प्रेरणा पाउँछौं के भन्नुहुन्छ तपाईं ?**

**उत्तर**:– उत्कृष्ट कर्म गरेको देख्ता सचेतक तथा बुद्धिमान् मनुष्यमा प्रेरणा आउनु विधिको विधान हो, यो सत्य र अकाट्य हो । शरीर रोगग्रस्त भएको पनि सत्य हो ।

**प्रश्न नं.९ :– तपाईंको सिर्जना कर्ममा तपाईंकी धर्मपत्नी, पुत्र–कन्या र परिवारका सदस्यहरूको के कस्तो सहयोग मिलेको (पाइएको) छ। विशेष गरी तपाईंकी धर्मपत्नीको सहयोगका बारेमा (विषयमा) विस्तारसँग भन्नुहोला।**

**उत्तर** :– सबै घर परिवारबाट केही न केही थेर-थोर सहयोग पाइरहेकै छु। पुत्रद्वय देवराज उपाध्याय र गोपाल खतिवडाले प्रकाशक भएर पुस्तक प्रकाशनमा सहयोग गरिरहेकै छन्। त्यसै गरी धर्मपत्नी विष्णु मायाबाट धेरै नै सहयोग पाइरहेकै छु। म राति १२ बजेसम्म र रातिको ३ बजे उठेर सिर्जना कार्यमा संलग्न हुँदा चिया बनाएर खान दिने उनै हुन् र मैले उनीबाट धेरै उत्साह र प्रेरणा पाएको छु, साँच्चै भन्नुपर्दा उनी मेरी प्रेरणाकी स्रोत हुन्। उनकै त्याग र तपस्याले गर्दा मैले यत्तिको सिर्जना गर्न सकेको हुँ, अझ भन्नुपर्दा उनी मेरी गुरु हुन् अनि हुन् पथप्रदर्शिका। सदैव सहयोग दिने तत्पर उनकै सेवाले गर्दा मेरो जीवन सफल भएको हो भन्दा धेरै भनेको नहोला!

**प्रश्न नं.१० :– तपाईंले हिन्दी र असमियाबाट अनुवादकृति पनि प्रकाशित गराउनुभयो। तपाईंका कुनै कृति अनुवाद भएका छन् कि ? अनुवादको प्रासङ्गिता, उपादेयताबारे (विषय) मा अलिकति सुन्न (जान्न) पाइन्थ्यो कि ?**

**उत्तर**– ज्यू हो, मेरा हिन्दी र असमियाबाट अनुवाद कृति प्रकाशित भएका हुन्। हिन्दीबाट नेपालीमा अनुवाद गरिएको "चन्द्रगुप्त नामक नाटकका निम्ति इस्वी सन् १९९८ मा साहित्य अकादमी अनुवाद पुरस्कार पनि प्राप्त गर्ने सौभाग्य जुटेको हो। तर दुर्भाग्यको कुरा हो कि आजसम्मन् यस अबोधद्वारा निर्मित कुनै कृतिको अनुवाद भएको थाहा लागेको छैन। माथि उल्लेख गरिएका कृतिहरूमा हिन्दीका दुई थान र असमिया भाषाका चार थान कृतिहरूलाई आफ्नो नेपाली भाषामा अनुवाद गर्दा आइलागेका अनेक असुविधाहरू नभएका होइनन्। मानौं कुनै पनि विधाका ग्रन्थ अर्को भाषाका (ग्रन्थका) विषयवस्तुलाई विशुद्ध नेपाली भाषाका शब्दावलीले सजाएर चाखलाग्दो प्रकारले रूपान्तरण गर्नु चानचुने कुरा होइन। मौलिक ग्रन्थ निर्माण गर्नुभन्दा धेरै कठिन काम हो अनुवाद कार्य। किनभने मौलिक निर्माणमा रचनाकार स्वतन्त्र रहन्छ। आफ्ना इच्छाले निर्माण गर्दछ। तर अनुवादकलाई त्यो स्वतन्त्रता रहेको हुँदैन। भाषान्तरका शब्दले वहन गरेको अर्थ अन्य भाषाका शब्दले यथार्थ रूपमा स्पष्ट पार्नु लर्तरो कुरा होइन र सम्भव पनि होइन। केवल भाव बोकेको हुन्छ, साहित्यको स्वरूप र सँस्कार सर्दैन; आत्मा ओसारिँदैन। यस कलात्मक कार्यमा अनुवादकले समर्पित हुनुपर्दछ, सजग हुनुपर्दछ : साथै भाव र भाषा बुझेको हुनुपर्दछ, अनि मात्र सफलता हात

लाग्दछ। नेपाली भाषाका सुटुक्क, थपक्क, लपक्क, थुक्क, प्याच्च, डिच्च, खित्रिक्क आदि अनुकरणात्मक शब्द र अन्य वस्तुवाचक शब्दहरू जस्तै- डोको, नाम्लो, बरियो, मानु-पाथी, फुरौला, मस्यौरा, थेबे, सिन्की-गुन्द्रुक, जुठेल्नु, मर्सेली, पोते, माली आदि र नाता एवम् सम्बन्धवाचक शब्द जस्तै बाहुनबा, बाहुनदाजु, सोल्टा-सोल्टी; सोल्टिनी, भदाहा-भदै, भदैनी, भ्फङ्केलो जस्ता शब्दहरूको अर्थ भाषान्तरमा सार्न असजिलो भएभैँ अरूअरू भाषा (यहाँ असमिया) भाषाका र अन्य भाषाका पनि धेरै अप्ठ्यारा शब्दहरू छन्, जसको एकैशब्दमा उतार्न सकिदैन। असमिया:- जस्तै जापि, मेखेला, जाकै, गगना शराइ, खराहि मेजाङ्गरि आदि।

**प्रश्न नं.११ :- छन्दमा लेख्ने परम्परालाई अघि बढाउँदै हुनुहुन्छ। छन्दको भविष्य कस्तो देख्नुहुन्छ ?**

**उत्तर**:- छन्दको भविष्य आशालाग्दो छ भनिहाल्न सकिदैन भविष्यले नै भन्ला। किन भने छन्दमा लेख्न त्यत्ति सजिलो काम होइन, यसमा धेरै परिश्रम गर्नुपर्ने हुन्छ। यति, गति, लय अनुप्रास, तुक आदि मिलाएर अक्षर गन्तीमा लेख्न, त्यति सजिलो काम होइन। अनि आजको परिवेश र वातावरणमा हुर्केका पढेका युवाहरूले छन्दोबद्ध काव्य-कविता निर्माण गर्न रुचाउँदैनन् पनि। सबै सजिलोतिर जान खोज्दछन् र आज, मुक्त छन्दकै परिवेश भएकाले होला विदेशी (गककङ्यौले) छन्दमै सजिलो गरी सिर्जना गरेको पाउँछौँ हामी। अँ, एक दुई जना कविहरूले प्रयास गरेको देखिन्छ तापनि धेरै छन्दमा काव्य-कविता निर्माण गरेर ग्रन्थ प्रकाशन गरेको देखिदैन। प्रयास गरे सकिने हो।

**प्रश्न नं.१२ :- महाकविका जीवनमा आधारित देवकोटा महाकाव्य लेख्ताका कठिनाइहरू के कस्ता थिए ?**

**उत्तर**: नौलो सिकारुलाई प्रथम अवस्थामा निर्माण गर्नु त्यो पनि वार्णिक छन्दमा। केही कठिनता नै हुन्छ, भए तापनि निर्माण चाहिँ गरियो। तर ! प्रकाशन र भूमिका लेखन प्रसङ्गमा भने अति नै कठिनाइ आइलाग्यो किनभनें, वि.सं. १९९६ सालमा महाकविकै जन्मस्थान काठमाण्डूबाटै प्रकाशन गराऊँ भनेर महाकाव्यको पाण्डुलिपि भ्फोलामा भिरेर त्रिभुवन विश्वविद्यालय काठमाण्डू पुग्छु र विभागीय प्रमुख डा.प्रा. वासुदेव त्रिपाठीज्यूका हातमा थमाइदिन्छु। किन हो उनले तीन वर्ष राखेर भूमिका नलेखी रित्तै पठाइदिए। त्यसपछि तात्तातै त्यही पाण्डुलिपि बोकेर तत्कालीन काशी हिन्दु

विश्वविद्यालका नेपाली बिभागीय प्रमुख डा.प्रा. घनश्याम नेपालज्यूकामा पुगेर उहाँको करकमलमा थमाइदिएर आफ्नै जन्मभूमि असममा आइपुग्दछु। नभन्दै महिनादिनभित्रैमा भूमिका लेखिएर डाकद्वारा घरमा आइपुग्दछ, उहाँलाई अशेष धन्यवाद अर्पन्छु। तसर्थ महाकाव्य निर्माण गर्नुभन्दा भूमिका लेखनमा नै अधिक कठिनाइ आइलागेको हो भन्नुपर्दछ । त्यसपछि सन् २०१० मा महाकवि देवकोटा शताब्दी सम्मान थाप्न जाँदा त्यही "देवकोटा" महाकाव्यको एकप्रति प्रा. डा. वासुदेव त्रिपाठीका हातमा थमाइदिदा उनले भने म बिरामी भएकाले भूमिका लेखिदिन सकिन र फर्काइदिएको हो भनेर क्षमा पनि मागेजसो गरे ।

**प्रश्न नं.१३ :- असमको पौराणिक पृष्ठभूमिमा रचिएका "उषा-अनिरुद्ध" महाकाव्यले तपाईंलाई साहित्य अकादमी पुरस्कार दिलायो। केही भन्नुहुन्छ !**

**उत्तर:-** आफूले गरेको परिश्रमको मान्यता वा स्वीकृति पाउँदा हर्क लाग्नु स्वाभाविकै हो। यसका साथै मानव जीवन सार्थक भएको ठान्दछु म। अनि हर्षित पनि छु र चयन समितिलाई अशेष धन्यबाद ज्ञापन गर्दछु। किनभने यो काम उहाँहरूबाटै भएको हो।

**प्रश्न नं.१४ :- छन्द बिनाका मुक्त कविता लेख्ने बारेमा (विषयमा) के भन्नुहुन्छ ! कवितामा छन्द हुनै पर्छ कि ?**

**उत्तर:-** यस विषयमा भन्न धेरै सोचेर भन्नुपर्दछ । किनभने आ-आफ्नो रुचि र प्रतिभाले कविता-काव्यको निर्माण गरिन्छ। अर्कोतिर भन्न जाँदा देश, काल, परिस्थितिअनुसारले लेखन प्रक्रिया चलेको हुन्छ। यो प्रक्रिया स्वतन्त्र र मौलिक हो। तसर्थ छन्दमा लेख्ने पर्दछ भन्ने कुरा होइन। भनौं आजको आधुनिक शिक्षा-दीक्षामा हुर्केका युवाहरूलाई छन्दमा काव्य कविता निर्माण गर्न निकै अप्ठ्यारै पर्दछ। किनभने छन्दविषयका शास्त्रहरू धेरै अध्ययन गर्नुपर्दछ। पानी ओरालातिरै बग्दछ; त्यही प्रक्रिया मानव समाजमा प्रवेश गरेको हुन्छ र सजिलैतिरै जान चाहन्छ भन्ने यस अबोधको आफ्नो विचार हो।

**प्रश्न नं.१५ :- धेरैले कविताको परिभाषा दिएका छन्। तपाईंको विचारमा कविता के हो ?**

**उत्तर:** (१) कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना, काव्य, कविको भाव या कविकर्म हो। (२)

व्यापक अर्थमा सबै प्रकारका पद्यात्मक रचना र सामान्यतः छन्द, गीति वा मुक्तकका विभिन्न प्रकारमा रचिएका कुनै एक विषय वा भावनाका फुटकर पद्यात्मक वा लययुक्त रचना हो । प्रतिभाशाली कविले नै काव्य-कविताको निर्माण गर्दछ । सबैले सक्तैनन् ।

**प्रश्न नं.१६ :– यतिखेर सामाजिक सञ्जालमा कविता लेखेर लाइक कमेन्ट मागेर, बटुलेर रातोरात ठूलै कविको दर्जा (स्तर वा श्रेणी) पाएको पनि देखिदै छ । त्यस्ता फेसबुके साहित्यकारका बारेमा (विषयमा) के भन्नुहुन्छ ?**

**उत्तर** :– यस विषयमा खोइ के भन्नु र ! कागले आफ्नो नाउँ आफै काढ्दै हिंडेजस्तो हो यो । भनौं आफ्नो प्रशंसा आफैले गरेर ठूलो कवि वा साहित्यकार कहलाउन खोजेको जस्तै हो यो । अर्थ न बर्थको बगम्फुसे कुरा लेखेर प्रशंसा बटुल्ने काम हो जस्तो लाग्दछ मलाई । आज त्यसैको खेती मौलाएर लहलहाउँदो भएको देखिन्छ । प्रशंसा पनि बटुलेका छन् । आजको नयाँ परिवेश नै त्यस्तै छ भन्दा खसालेर भनेको नहोला ।

**प्रश्न नं.१७ :– यतिखेर नेपाली साहित्यमा थोप्ले विवादले अन्योलमा पारेको देखिन्छ । तपाईंको विचार ?**

**उत्तर**:– वास्तवमा हाम्रो नेपाली भाषा-साहित्यमा थोप्लाको प्रयोग हुँदैन । यो विदेशी वा बहिरागत (उर्दू, अरबी, फारसी) भाषामा प्रयोग गरिन्छ । हाम्रो भाषाको माउ देवभाषा संस्कृत हो र आमाको अनुहार जस्तै छोरा-छोरीमा आउँदछ र आउनु पनि पर्दछ । यो प्राकृतिक नियम हो । जसरी वृक्ष वा बोट बिरुवा आदिले आफ्नै अनुहारका जन्म दिने गर्दछन् र यो प्राकृतिक नियम हो अनि विधिको विधान पनि यही हो, भन्ने लाग्छ मलाई ।

**प्रश्न नं.१८ :– गोर्खा–नेपाली विवादलाई सुल्भाउने (मेटाउने) केही उपाय छ कि ?**

**उत्तर** :– यस प्रश्नको उत्तर दिन अलिक अप्ठ्यारै छ, किनभने यसले नेपाली सम्प्रदायमा धेरै वाद-विवाद चर्काएको छ । कसैलाई गोर्खा जाति भन्न मन लाग्छ भने कसैलाई नेपाली भन्न मन लाग्दछ । मेरो आफ्नो बुझाइमा "गोर्खा" भन्ने कुनै जाति वा सम्प्रदाय होइन । यो त अङ्ग्रेज बहादुरले दिएको उपाधि हो । नेपालको गोर्खा जिल्ला भन्ने ठाउँमा थापा, मगर, मुजेल थरीहरू थिए, उनीहरू अति नै आँटिला र युद्ध वा लडाइँमा गर्न र मार्न सिपालु थिए । राणा सरकारले अङ्ग्रेज सरकारसँग मित्रता गरेर त्यस ठाउँका मानिसहरूलाई पठाउने गरेको थियो । यसको मुख्य कार्यालय पाकिस्तानको

लाहोर भन्ने ठाउँमा "गोर्खा रेजिमेन्ट" स्थापना गरेको हुनाले त्यस संस्थामा भर्ना हुने जवान (युवक) हरूलाई रिकुटे भन्ने गर्दथे । अतः यो एउटा संस्था हो जाति होइन । कसैकसैले गोर्खा भाषा पनि भनेको सुन्न वा लेखेको देख्न पाइन्छ । सन् १९९१ सम्मन "गोर्खा" भन्ने चलन थिएन । नेपाली सम्प्रदायलाई सबै नै नेपाली भन्दथे । अझै पनि नेपाली भनिरहेकै छन् । हामीलाई देश-विदेशका सबैले नेपाली भनेर जान्दछन् अनि नेपाली सम्प्रदायका मानिस हुन् भन्ने गर्दछन् वा भनिरहेकै छन् आजसम्मन् । यो "गोर्खा" भन्ने शब्दलाई सुबास घिसिङले दार्जीलिङका ३ थुम्का पहाडलाई देखाएर "गोर्खालेन्ड" को माग गरेपछि तत्कालीन हाम्रा सांसद मणिकुमार सुब्बाले असममा ल्याएर फिजाएपछि "यहाँका प्रायः जसोले हामी "गोर्खा" भन्न थालेका हुन् भन्ने मेरो व्यक्तिगत मान्यता हो । सर्वसाधारणका दृष्टिमा नहुन पनि सक्ला । यो राजनैतिक कारणले यस्तो भएको होला भन्छु म । यस विभाजनले अर्काको हाँसो आफ्नो नासो भइरहेको छ । जाति विभाजनले सबै छक्क परेका छन्, यस्तो नहवस् भन्छु म ।

**प्रश्न नं.२०:- तपाईंको प्रिय लेखक / पुस्तक-**

**उत्तर:-** मेरो प्रियलेखक/पुस्तक ? भन्नाले मलाई अति नै मनपरेको लेखक महाकवि लक्ष्मीप्रसाद देवकोटा हुन् र उनैले रचना गरेको "शाकुन्तलन" महाकाव्य हो । साँच्चो भन्नुपर्दा त्यही "शाकुन्तल" महाकाव्यको अध्ययनले नै यस अबोध अकिञ्चनले कनीकुथी जानीनजानी "देवकोटा" नामक महाकाव्य निर्माण गरेको हो र आज त्यही महाकाव्य उत्तरबङ्ग विश्वविद्यालय र सिक्किम विश्वविद्यालयका एम.ए. पाठ्यपुस्तकमा संलग्न गरिएको हुँदा त्यही नै अति प्रिय लागेको अनुभव हुन्छ मलाई ।

**प्रश्न नं.२१ :- असमका नेपाली लेखकहरूलाई तपाईंको सन्देश के छ ?**

**उत्तर:-** असमका लेखकहरूलाई भन्नुपर्ने विशेष त्यस्तो के पो होला । तापनि भन्न चाहन्छु, आफूले गरेको साहित्य सिर्जना उत्कृष्ट र विशुद्ध भाषाका बनेर सार्वदेशिक तथा सार्वकालिकका निम्ति उपयोगी बनिरहून् भन्ने मेरो शुभकामना छ । यसका साथ विद्वान् एवम् प्रखर समालोचक प्रश्नकर्तालाई धन्यवादका साथै शुभेच्छा अर्पन्छु ।

कविनिकेतन ढेकियाजुली छविलाल उपाध्याय खतिवडा किमधिकम्, शुभरिमति

# समाजकल्याण साहित्यको अन्तरनिहित उद्देश्य हुनुपर्छ



डा. इन्दुप्रभा देवी

*(शोणितपुर जिल्लाको गमिरी (असम) मा सन् १९६९ मा डा. इन्दुप्रभा देवीको जन्म भएको थियो । हाल गुवाहाटीमा स्थायीरूपमा बसोबास गर्ने इन्दु प्रभा वर्तमान बि बरुवा कलेजकी असमिया विभागकी सहयोगी अध्यापिका हुन् । उनी गौहाटी विश्वविद्यालयको असमिया विभागकी विद्यावारिधिकी तत्वावधायक (Ph.D Guide) पनि हुन् । उनले गौहाटी विश्वविद्यालयबाट असमिया र नेपालीमा एम. ए., लोकसंस्कृति गवेषणा विभागबाट एम.फिल. र असमिया विभागबाट असमिया र नेपाली भाषाको रूपतत्त्व : एक तुलनात्मक अध्ययन विषयमा विद्यावारिधि गरेकी हुन् । माधव कन्दली र रामायण (असमिया रामायणको अयोध्या काण्डको नेपाली अनुवाद, २००६), सपनाको जरो पहिल्याउँदै (कवितासङ्ग्रह, २००७), शब्द शिल्प र कारुकार्य (असमिया निबन्धसङ्ग्रह, २०१०), एक सय लिमारिक (हास्यव्यङ्ग्य मुक्तकसङ्ग्रह, २०११), ती पाइलाहरू (कवितासङ्ग्रह, २०१२), प्राप्ति अप्राप्ति (कथासङ्ग्रह, २०१७), तबेलामा घोडाहरू (कवितासङ्ग्रह, २०१८), जलप्रपात (असमिया कवितासङ्ग्रह, २०१९), रुद्ध अनिरुद्ध (कथासङ्ग्रह, २०१९), अनुहारभित्रको आकाश (उपन्यास, २०२०), सिर्जन समीक्षण (निबन्धसङ्ग्रह) शीर्षक मौलिक कृतिहरूका साथै उनका असमिया भाषाका सहसम्पादित यी कृतिहरू छन् - आधुनिक असमिया नाटक : विचार आरु विश्लेषण (२०१५), हेम बरुवार कविता विचार (२०१५), असम साहित्य सभा : मनन आरु मन्थन (२०१५), असमिया उपन्यास : उन्मेष आरु विकास (२०२२) ।*

*उनी शङ्करदेव शिशु निकेतन, असमको द्विमासिक पत्रिका 'विद्या भारती सम्वाद'की मुख्य सम्पादिका हुन् । बि.आर.बि. रोड, घर नं-१३, हेप्पीभिला, बारोवारी, गुवाहाटी-३, कि स्थायी बासिन्दा डा. इन्दुप्रभा देवी असम नेपाली साहित्य सभाकी निवर्तमान उपसभापति हुन् । त्यस्तै गरेर सदस्य, असम साहित्य सभा र सदस्य, असम*

*लेखिका संस्थासमेत रहेकी उनी, (हरिभक्त कटुवाल स्मृति पुरस्कार, (नेपाली कला निकेतन, गुवाहाटी बाट, २००८), कवि पुष्पलाल उपाध्याय स्मृति पुरस्कार, (असम नेपाली साहित्य सभाबाट, २०१६), हाम्रो गौरव राष्ट्रिय सम्मान (हाम्रो स्वाभिमान, हरिद्वारबाट, २०१७) श्री प्रसाद ओली स्मृति पुरस्कार (लेखनाथ पुस्तकालय, झापा, नेपालबाट, २०१९), भाइचन्द प्रधान स्मृति पुरस्कार (नेपाली साहित्य परिषद्, कालिम्पोङबाट) आदिले पुरस्कृत भइसकेकी छिन् ।)*

*डा. इन्दुप्रभा देवीसित मुक्तिप्रसाद उपाध्यायले लिएको लिखित अन्तर्वार्ता यहाँ प्रस्तुत गरिन्छ । -सम्पादक)*

**१. डा. इन्दुप्रभा देवीज्यू, तपाईंको पहिलो लेखनको विधा कुन हो ?**

लेखनको दृष्टिले पहिलो विधा त असमिया कविता हो । नेपाली भाषामा पनि मेरो पहिलो विधा कविता नै हो ।

**२.प्रकाशनका दृष्टिले चाहिं ?**

नेपाली रचनाको कुरा गर्ने हो भने पहिलादेखि नै लेखे तापनि सन् १९९२ मा मात्रै भानुभक्त शीर्षक कविता देशवार्ता पत्रिकामा छापिएको हो । त्यसपछि 'विष त विषै हो' भन्ने कथा छापियो जुन मेरो पहिलो प्रकाशित नेपाली कथा हो तर त्योभन्दा अघि नै असमिया भाषाका कविताहरू विश्वनाथ कलेजका भित्ते पत्रिकामा र तेजपुरबाट निस्कने असमिया पत्रिका महाजातिमा छापिने गर्थे । सन् १९८६ मा भित्ते पत्रिकामा पहिलो प्रकाशित रचना कविता हो, शीर्षक थियो 'बहाग' (वैशाख) ।

**३. कहाँ र कसरी बित्यो तपाईंको बाल्यवस्था ? कस्तो थियो त्यो समय ?**

रमाइलो र घमाइलो थियो । अहिले महानगरको जीवनमा अभ्यस्त भए तापनि अझै सपनामा आउँछ गाउँमा बितेको बाल्यकाल । मुक्त चरोजस्तो एउटा जीवन थियो, न आजको जस्तो त्रस्त परिवेशकै केही अनुमानसम्म थियो न केही दुश्चिन्ता । आफ्नै जन्मथलो गमिरीमा बितेको हो मेरो बाल्यकाल । आफन्तहरू र साथीहरूसहित गाउँका हितचिन्तक अग्रजहरूको अपार मायामा र प्रकृतिको छायामा बितेको हो । साँच्चै भन्ने हो भने तोरी फूलेको यामजस्तै बिर्सिनसक्नु एउटा याम थियो त्यो जीवन ।

**४. साहित्यमा प्रवेश गर्ने प्रेरणा कहाँबाट प्राप्त भएको हो ?**

पहिलो प्रेरणा दिने व्यक्ति हुनुहुन्छ मेरा पिता श्रीपुष्प दवाडी । त्यसपछि मेरा दाजु र

स्कुलका आदरणीय शिक्षकहरू। साहित्यप्रतिको रुचि बढाइदिनुभयो उहाँहरूले। घरमा भएका र स्कुलका लाइब्रेरीमा भएका पुस्तकहरू पढ्दै जाँदा असमिया साहित्यप्रति पहिला रुचि बस्यो। सानैमा पढेका असमिया उपन्यास र कविताहरू अझै सम्झनामा टम्म छन्। बिस्तारै नेपाली साहित्यमा प्रवेश गरें।

स्कुलमा छँदा नेपाली र बाङ्ला भाषाको रामायण स्वर लगाएर गाउने गर्थें। नेपालीका टुक्राटुक्री कविताहरू कराई कराई पढ्थें। अगमसिंह गिरीको 'युद्ध र योद्धा' काव्य पढेर थाक्दिनँथिएँ। केही नबुझीकनै मेरो भाइ रमेश र म उनको त्यो काव्यसहित एउटा कविता पनि भट्याउँथ्यौं- 'तिमी त यहाँ नचिनिने भएछौ'..। यति सारो भट्याउँथ्यौं कि बाटामा हिंड्ने मान्छे हाम्रो घरतिर फर्किएर हेर्थे। भन्नैपर्छ, पछि अरू अरूका कविताले मलाई तान्यो। बिस्तारै साहित्यप्रति आकृष्ट हुँदै गएँ।












## ५. आफूलाई कुन विधाको स्रष्टा भनिन रुचाउनुहुन्छ र किन ?

अचम्म कुरा के भने यस्तो विचार पनि दिगो हुँदो रहेनछ । म त्यसै त स्रष्टा भन्नै लजाउने मान्छे तर भन्नै पर्दा कविता विधाकी स्रष्टा भनिन रुचाउँथें । जुन समयमा नेपाली भाषामा कविता लेख्थें त्यो समयमा असमिया दैनिक पत्रिकामा र प्रतियोगिताहरूका निम्ति कथा लेख्थें । पछि आफ्नो भाषामा पनि कथा लेख्न थालें । निबन्ध र उपन्यास पनि लेखें । र अहिले मलाई कसैले यीमध्ये जे विधाकी स्रष्टा भने पनि खुसी नै लाग्छ । त्यही पनि मलाई कविता र कथा लेख्न अधिक मन पर्छ ।




## ६. कविता तपाईंको विचारमा के हो ?

मलाई लाग्छ, जीवनलाई अमरत्व दिन सक्ने अमृत बिन्दुजस्तो हो कविता । यसले सहृदय पाठकलाई आफ्ना थोरै शब्दद्वारा नै भावको अथाह समुद्रमा, अनिर्वचनीय आनन्दमा पौडिनलाई छोडिदिन्छ । पाठकको मन र अहंकारसहितै चित्तवृत्ति र बुद्धिवृत्तिलाई सजिलै छोइबस्छ असल कविताले । मनमा छलछलाउने भित्री नदीको बहिर्मुखी धार हो कविता । कविता पखेँटा लागेको चरो हो, आफ्नो गुँडबाट उडेर रुखका हाँगा हाँगा र पात पातसित मितेरी गाँस्न पुग्छ ।

कविता शब्द हो । तर शब्दातीत बनेर रमिता हेर्न रुचाउँछ । अर्थभन्दा परको अनुल्लिखित अर्थलाई काखमा च्यापेर हिँड्छ कविता । बटुवा हो ऊ । आफ्नो बाटो आफै बनाउने सिप राख्छ, जाँगर पनि । पाठकका मन मुटुका पर्दा अलिकति नहटाई चित्त बुझ्दैन उसको । सक्दो चियाउँछ र छोडेर आउँन खोज्छ त्यहाँ उसको निःशब्द

पदश्चाप । कविताले कहिले अँध्याराको सानो मैनबत्तीलाई आफ्नो अँजुलिले हावा छेकेर बलिरहन सघाउँछ, कहिले हुण्डरीलाई छेक्न दह्रो पर्खाल बनिदिन खोज्छ ।

औँलामा बिझेका काँढा झिक्ने औँला हो कविता । भत्किएको बाटाको सेतु हो कविता । आँ गरेर अलङ्कार बुझाइदिउँ भन्छ ऊ । कहिले अनुदात्त भई बोल्छ, कहिले मुखर भई । चञ्चल भएर पनि स्थिर हुन्छ कविता, स्थिर भएर पनि चञ्चल । साधनाका शिखर शिखरमा रमाइरहने मेघ हुँ भन्छ कविता, शिखरलाई अडिग राख्ने चट्टान हुँ भन्छ । शीतको थोपा पनि हुँ भन्छ, आगाको झिल्का पनि । बर्सातका लामा खुट्टा हुँ भन्छ, घामका लामा औँला पनि । हनुमानले रामलाई छातीमा बोकेझैँ कविले उसलाई छातीमा बोक्छन् । कविकै अन्तर्मनको प्रार्थनाका कुरा, विद्रोहका कुरा, सम्वेदना वा सौन्दर्यबोधजस्ता केके कुराले टम्म हुन्छ कविता । मान्छे र जगत्‌कै लागि सधैँको हतार उसको । धरालो हुँ भन्छ मान्छे र जगत्‌को, उहिल्यैदेखिको । कविता बतासको बास्ना हो, सुँघ्न खोज्दा सुँघ्न सकिने, कविता जीवनको आड हो, अडिऊँ भन्दा अडिन सकिने ।

**७. तपाईँको लिमारिकको कृति प्रकाशित छ। के हो लिमारिक र किन लेख्नुभयो ?**

हजुर, लिमारिक एक समयमा धेरै लेखेँ, हिजोआज बिर्सिए जत्तिकै भएको छ । लिमारिक भनेको हास्यव्यङ्ग्य काव्य विधा हो । कुनै व्यक्तिविशेषलाई होइन सामूहिकरूपमा चारित्रिक प्रकृतिमाथि हास्यमधुर व्यङ्ग्य कस्नु यस विधाको विशेषता हो । यसमा पाँच पङ्क्ति हुन्छन् - तीन लामा दुई छोटा । पहिलो, दोस्रो र पाँचौँ पङ्क्तिको अन्त्यानुप्रास हुन्छ भने तेस्रो र चौथो पङ्क्तिको पनि अन्त्यानुप्रास हुने गर्छ ।



अङ्ग्रेजी साहित्यमा एडवर्ड लियरले सन् १८४६ मा बुक अफ ननसेन्स प्रकाशनमा ल्याएर यस विधालाई प्रसिद्धि दिलाएका हुन् । असमियामा लिमारिक धेरैले लेख्छन् । मैले नेपाली भाषामा साहित्यकार मुक्ति उपाध्याय बरालज्यूले गर्दा लिमारिक लेख्न थालेकी हुँ । उहाँ बर्सेनी हास्यव्यङ्ग्य कवि सम्मेलन आयोजन गर्नुहुन्छ र त्यहाँ वाचन गर्ने कवितासङ्ग्रह साउती प्रकाश गर्नुहुन्छ । साउतीकै निम्ति मैले पहिला आफ्नो भाषामा लिमारिक लेखेकी हुँ । मेरो यो कवितासङ्ग्रहलाई नेपाली भाषामा लिमारिक शैलीको सर्वप्रथम मुक्तक सङ्ग्रह हो भनी यहाँका वरिष्ठ कवि नव सापकोटाले मन्तव्य गर्नुभएको छ । वास्तवमै हुने घटनाको आधारमा मैले लेखेको एउटा लिमारिक यहाँ राखौँ है त-

"घरकी बुढी आमै घिटिकघिटिक भइन्
मरिन् भन्दै छोरा रोए बुहारी पनि रोइन्
तर आमै बाँचिन् फेरि
दुवैले झन् डाँको छोडी
रुँदै भने- "मर्दिनन् बुढी छैन हाम्रो चैन ।"

**८. भाइचन्द प्रधान स्मृति पुरस्कार प्राप्त गरेको तपाईंको कविता सङ्ग्रह 'तबेलामा घोडाहरू'भित्र के कस्ता कविताहरू छन् ?**




यस सङ्ग्रहमा ५० वटा कविता छन् र ती कविताहरूमा जातीय चेतना, नारीवादी चेतना, अस्तित्वबोधको संकट, सामाजिक विसंगति, समकालीन पीडा

आदि नै अभिव्यक्त भएका छन् । यस प्रसङ्गमा 'तबेलामा घोडाहरू'मा मैले लेखेको आत्मकथनबाटै अलिकति उद्धृत गर्न मन लाग्यो -"आधुनिक र समकालीन कविताले ती जनताको कुरा गर्छ जो कविताबाट धेरै टाढा छन् । जीवन धान्ने बाटामा सङ्घर्षरत ती निमुखा हेपिएका मान्छेहरूका पक्षमा, तिनीहरूका निम्ति कविताले बोलिरहन्छ । रङ्गिन दिनको चाहनाको भारी बोकेर कविताले काँढा टिप्ने काम पनि गरिरहेको हुन्छ, काँढामा हिँड्ने काम पनि । कविताले युद्धमा रक्ताम्मे एक्लो विच्छिन्न सत्ताले आफ्नो रगत आफै पुछ्नुपर्ने असहाय हाहाकारको कुरा गर्छ, त्यो हाहाकारले जन्माएको विद्रोहको कुरा गर्छ । खुनजस्तो जूनको कुरा गर्छ, आफ्नै रापमा डढेको घामको कुरा गर्छ । माटामाथि उम्रदै गरेका बिरुवाहरूमा बिसाएर कविताले कहिले मुमूर्षू चराको कण्ठ भई कौलास्छ, कहिले बाहिरको र सर्जकको मनको गहन कोलाहलमा डुबेर चिच्याउँछ । जीवन र जगत्का निम्ति कहिले आगो फुक्छ, कहिले वर्षा बन्छ । अनि प्रयोगको कुरा के गरौं ! अस्थिर अडानमा उभिएको जीवनको अर्थको खोजीमा कयौंपल्ट नाघ्ने गर्छ शब्दका सोझा चलित अर्थका परिधिहरू । नवीन बाटो हुँदै पाठक मनसम्म पुग्ने रहरमा कयौंपल्ट छोडिहिँड्छ चलित बाटाका परिचित कुइनेटाहरू । यस सङ्ग्रहका कविताहरूले पनि माथि भनेजस्तै केके कुराहरू गरेका छन् आफ्नै धुनमा । "

**९. तपाईंले 'अनुहारभित्रको आकाश' नामको उपन्यास लेख्नुभयो । यसको मुख्य विषय के हो ?**




हजुर, करोनाले ल्याएको लकडाउनको अवधिमा 'अनुहारभित्रको आकाश' लेखेकी हुँ । असमको लक्षिमपुरका एकजना युवकलाई मुख्य पात्रका रूपमा लिएर रचित यस उपन्यासमा उच्च शिक्षालगायत अन्य कतिपय पक्षहरू समेट्न खोजेकी

छु । उच्च शिक्षामा भएका खुड्किला, त्यसपछि कुदेका बौद्धिक सपना, प्रतिभा पलायनका कारण, यहाँ गोर्खा जातिले भोग्नुपरेको राष्ट्रियतासम्बन्धी पीडा र प्रश्नहरू, प्रेम, सम्प्रीति यस्तै यस्तै विषय यसमा समेट्ने प्रयास गरेकी छु ।

**१०.असममा बसेर नेपाली भाषाको साहित्यमा कार्यरत हुनुहुन्छ, के कस्ता अप्ठेरा र सजिलाहरू छन् तपाईंको साहित्य कर्ममा ?**

सजिलाभन्दा अप्ठेरा धेरै छन् । म जहाँ हुर्किएँ, त्यहाँ नेपाली माध्यममा पढ्ने अथवा नेपाली विषय पढ्ने सुविधा थिएन । अझै छैन । हामी असमका धेरजसोले असमिया माध्यममा र अल्पसङ्ख्यकले हिन्दी वा अंग्रेजी माध्यममा पढेका हौं । नेपाली भाषा आफ्नै घरमा सिकेर, आफ्नै अनुरागले नेपाली साहित्य पढेर यहाँ साहित्यचर्चा गर्छौं । नेपाली पुस्तक बिक्री वितरणको सुविधा पनि कम छ । असमका अनेक सामाजिक राजनैतिक संकटहरूकै बीच केही लेखेर आफ्नै खर्चले पुस्तक छापेर साहित्यलाई टेवा पुऱ्याउनुपर्ने स्थिति छ । प्रकाशक पनि कम छन् ।

सजिलो यहाँ यही छ, यहाँको भाषासाहित्य सिक्ने मौका पाउनाले हाम्रो चिन्तनलाई थप मदद पुऱ्याएको छ । अनुवाद र तुलनामूलक अध्ययनको क्षेत्र पनि फष्टाएको छ । मौलिक रचनामा यहाँका जनजीवन र प्रकृति आधार बनेर आएका छन् । मेरो आफ्नो साहित्यकर्ममा पनि यिनै अप्ठेरा र सजिलाहरू छन् ।



**११. तपाई पेशाका हिसाबले प्राध्यापक हुनुहुन्छ, त्यहाँको नेपालीभाषाको विकासको स्थितिलाई कसरी हेरिरहनुभएको छ ? सन्तुष्ट हुनुहुन्छ कि छैन ?**

हिजोआज यहाँ सबै आफ्नो भाषाप्रति जागरुक भएका छन् । जमीनमा गाडिएका

आफ्ना जरा खोज्ने क्रम सुरु भएको छ । असमिया संगसँगै नेपाली भाषा सिक्ने र पढ्ने इच्छा बढेको छ । साहित्यिक संस्थालगायत अन्य जातीय संस्थाहरूको कार्यक्रममा भागिदारिता बढेको छ। हाम्रा युवा पिँढी आफ्नो जाति र भाषाप्रति सचेत हुँदै कलेजकलेजमा आफ्ना भाषाका साहित्यिक संस्थाहरू खोल्दैछन् । सबै उत्साही छन् अहिले आफ्नो भाषाको निम्ति केही गरेर देखाउन र यस्तो देखेर एउटा सन्तुष्टि आउँछ मेरा मनमा । आँउदा दिनमा भारतको पूर्वतिरको यो सबैभन्दा पहिला घाम उदाउने देशमा बस्ने हामीहरूको भाषासाहित्य पनि झलमल हुने नै छ।

**१२. असमेली नेपाली साहित्यमा महिला स्रष्टाको अवस्था कस्तो छ ?**

महिला स्रष्टाको अवस्था यहाँ अहिले निकै राम्रो छ। कतिपय स्रष्टाका कृतिहरू समादृत र लोकप्रिय बनेका छन् र पुरस्कृत पनि भएका छन्। आदरणीय गीता उपाध्याय, डा. शान्ति थापा, गोमा शर्मा, मैना थापा आशा, नयाँ देवी, मुन्नी सापकोटा आदि यहाँका वरिष्ठ सर्जक हुनुहुन्छ भने अन्य नवीन स्रष्टाहरू पनि समकालीन विशेषता लिएर लेख्दै हुनुहुन्छ। विशेष गरी अनुवाद क्षेत्रमा र बाल साहित्य रचनामा पनि कतिपय महिलाहरू सक्रिय हुनुहुन्छ। असमिया साहित्य जगत्मा महिलाका लागि छुट्टै असम लेखिका संस्था वा लेखिका समारोह भन्ने संस्था भएझैं हाम्रो छैन तर अनेसासले महिलालाई विशेष अग्राधिकार दिएको छ । नारीहरूलाई केन्द्रीय पदाधिकारी राख्ने व्यवस्था छ, नारीको लागि अनुपात छ, नारी सर्जकका लागि पुरस्कारको व्यवस्था छ, प्रतिनिधि चयनमा पनि अनुपात छ र सबैभन्दा राम्रो कुरा, नारी प्रकोष्ठ पनि छ।

**१३. कविताका निम्ति विचार प्रधान हुन्छ कि कला प्रधान हुन्छ जस्तो लाग्छ तपाईंलाई ?**

'तेरो दाहिने हात ठुलो कि देब्रे ? भनेर सोध्दा म यसरी नै अकमक्क पर्छु होला । विचार मात्रै कविता हुन्थ्यो भने संसारका सबै कवि हुने थिए । विचार वा भावको अभिव्यक्ति मात्रै कविता होइन, यद्यपि कवितामा विचार त लुकेकै हुन्छ। कला मात्र प्रधान भयो भने पनि त्यो कविता हुँदैन । कविले विचार र कलाको समुचित समन्वय राख्न सके मात्र कविता उत्कृष्ट हुन्छ। कवितामा शब्द नै प्रधान हुन्छ, तर त्यो शब्दको अर्थ र विन्यास दुवैतिरको ध्यान दिनुपर्ने हुन्छ कविले ।

**१४. साहित्यकारको आफ्नो बुझाइ साहित्यमा ल्याउँदा के के कुरामा ध्यान दिनुपर्दछ जस्तो लाग्छ ?**

यस प्रसङ्गमा साहित्यिकले मनन गर्नुपर्ने पहिलो कुरा हो, यो बुझाइ समाजको निम्ति

हितकारी हो कि होइन । हो भने पनि साहित्यकारले आफ्नो बुझाइलाई सोझै उतार्नु चाहिँ भएन । अर्ती नै दिनु छ भने पनि त्यो परोक्ष रूपमा पाठकसमक्ष पुगोस् । कलात्मक साहित्यिक भाषा निर्माण गर्न सके मात्र साहित्य रुचिकर हुन्छ । तथ्यहरूको दस्तावेज, ऐतिहासिक कुराहरूको सङ्गालो मननशील साहित्य बन्छ, तर सृष्टिशील साहित्यको निम्ति स्वैरकल्पना पनि चाहिन्छ र उत्कृष्ट संरचना पनि । साहित्यिकले पनि जीवन भोगेको हुन्छ, नजिकबाट देखेको हुन्छ र तेसैले साहित्यमा उसको बुझाइ वा जीवन जगत्प्रतिको दृष्टि आउँछ नै र आउनुपर्छ नै । साहित्यिकले त्यो बुझाइ र दृष्टिलाई परोक्षरूपमा, मनोज्ञरूपमा उतार्न सक्नुपर्दछ ।

**१५. नेपाली साहित्य विश्वसाहित्यमा कहाँ छ ?**

नेपाली साहित्यको वा विश्वसाहित्यको तर्फबाट हाम्रो साहित्य विश्वसाहित्यमा कहाँ छ भन्ने कुराको खोज अनुसन्धान भएको छ छैन म जान्दिनँ । मेरा मनमा दुइटा कुरा खेलाउँछन् । पहिलो त के भने, विश्वसाहित्यसम्म पुग्न हाम्रो जस्तो एउटा भाषालाई अझै साधन चाहिएला । विश्वका धेरै भाषाको लामो र समृद्ध इतिहास छ तर हाम्रो त्यत्रो छैन । विश्वसाहित्यको जुन चुचुरो हामी देख्छौँ त्योभन्दा तल नै छ हाम्रो साहित्य तर जमिनदेखि माथिको उडानचाहिँ भर्न थालेको छ । जस्तो किसिमको समकाल चेतना, आफ्नो परिचय बोक्न सक्ने सिर्जना, स्तरीय लेखन, स्तरीय अनुवाद, उत्थानका लागि आवश्यक सामूहिक प्रचेष्टा चाहिन्छ, माथिल्लो तहमा लागिदिने प्रयास र विश्वका पाठकको दृष्टि तान्ने जमर्को चाहिन्छ त्यो पर्याप्त छैन । यस्तो विचार सँगसँगै मेरा मनमा आएको अर्को विचारचाहिँ के भने हाम्रो भाषामा पनि स्तरीय लेखन छन् । उत्तिकै उत्कृष्ट केही रचना कुनै अङ्ग्रेज साहित्यकार र नेपाली भाषाका साहित्यकारले लेखे भने एउटा विश्वसाहित्यको दर्जामा पर्ला । लामो बाटोपछि कुनै एउटा समयमा नेपाली साहित्यले पनि विश्वसाहित्यको त्यो चुचुरो अवश्य छुनेछ ।

**१६. असमको समकालीन लेखनलाई कसरी हेर्नुभएको हुन्छ ?**

सन् ९० देखिपछि यता समकालीन चेतना लिएर सर्जकहरू विभिन्न विधामा लेख्दै आउँदै छन् । बाहिरको र यताको आञ्चलिक भाषाको साहित्यमा केही प्रभाव छ । भिन्न ढाँचामा कथा र कविता लेखिन थालेका छन् । भाषाको क्षेत्रमा सचेत हुने जमर्को छ, अभिव्यक्तिमा स्वतन्त्रता छ । कोही विशेष धारणाभित्र रहेर त कोही धारणाबाहिर साहित्य सिर्जना गरिरहेका छन् ।

**१७.साहित्यकारहरूको दायित्व के कस्तो हुनुपर्दछ जस्तो लाग्छ ?**

साहित्यकार पहिला त राम्रो पाठक हुनुपर्‍यो । अध्ययन गर्नु र राम्रो चिन्तन राख्नु उनीहरूको कर्तव्य हो । स्तरीय साहित्य सिर्जना गरेर जाति र भाषाको गरिमा बढाउने ठुलो दायित्व हुन्छ उनीहरूमा । समाजलाई सोभै उपदेश साहित्यले दिँदैन तर जाति र समाजको कल्याण साहित्यको अन्तर्निहित उद्देश्य हुनुपर्छ । प्रवीण साहित्यकारले आफूपछिको नवीन साहित्यिक जमातलाई पनि प्रेरणा दिने काम गर्नुपर्छ । एक्लो बृहस्पति झूटो हुन्छ ।

**१८. स्रष्टाहरूको प्रोत्साहनका लागि राज्यले के कस्तो भूमिका खेल्दैछ ?**

तेह्रौं चौधौं शताब्दीतिरबाट थालिएको असमिया साहित्यको इतिहासमा पनि त्यतिखेरका राजाहरूले पृष्ठपोषण गरेको कुरा पाइन्छ । राजा नरनारायणले कवि राम सरस्वतीलाई महाभारतका पर्वहरू अनुवाद गर्न अनुरोध गर्दै आर्थिक सहयोग मात्र नगरेर गोरुगाडामा पुस्तकहरू धरी पठाएका थिए अरे । यही सहयोगले गर्दा राम सरस्वती 'असमिया व्यास'का रूपमा परिचित भए । राज्यले स्रष्टाहरूलाई प्रोत्साहन दिनका लागि आफ्नो वार्षिक बजेटमा आर्थिक प्याकेज राख्नुपर्छ । पेन्सनको र पुरस्कारको पनि व्यवस्था गर्नुपर्छ । सुखको कुरा, असम सरकारले यस्ता कतिपय काम गर्दै छ । दुई वर्ष अघि 'असम भाषागौरव योजना'का अन्तर्गत यहाँका विभिन्न भाषाका साहित्यकारलाई पचास हजार रुपियाँ गरी आर्थिक अनुदान र 'लेखक संवर्धना' सम्मान दियो । साहित्यिक र शिल्पी पेन्सन दिने व्यवस्था यहाँ पहिलादेखि नै छ । अनेसासलाई पनि एउटा ठुलो आर्थिक अनुदान राज्य सरकारले दिएको छ ।

**१९. त्यहाँ साहित्यको समकालीन बजार कस्तो छ ?**

यो 'बजार' शब्द नै खड्किन्छ हामीलाई त । हाम्रा पुस्तक किन्ने बेच्ने बजारै छैन भन्दा हुने स्थिति छ । पुस्तक बेचेर खाउँला भन्ने सोच्न गाह्रो छ । आफ्नै रहरमा कवि लेखकहरू पैसा खर्चेर पुस्तक प्रकाशन गरिरहेका छन् । राम्रो बिक्री नभएपछि प्रकाशकहरू पनि अघि बढेर आएका छैनन् ।

**२०. नेपाली साहित्यको स्तरीकरण र विश्वव्यापीकरणका लागि क-कसले के के गर्नुपर्ला ?**

स्तरीकरणका लागि पहिला त स्तरीय साहित्य लेख्ने साधना साहित्यिकले नै गर्नुपर्‍यो । अध्ययन, चिन्तन, मनन र सूक्ष्म पर्यवेक्षणद्वारा उत्कृष्ट साहित्य रचना गरेपछि समीक्षकबाट पनि त्यो साहित्यको चर्चा हुनुपर्‍यो । साहित्यमा लबी हुनु अत्यन्त

हानिकारक कुरा हो । विश्वव्यापीकरणका लागि स्तरीय अनुवाद हुनु, संस्थागत रूपमा अघि बढ्नु, राज्य र देशले विशेष भूमिका खेल्नु अत्यावश्यक देखिन्छ । हिजोआज अन्तराष्ट्रिय साहित्यिक संस्था खोलिएका छन् र ती संस्थाले केही पदक्षेप लिँदै पनि छन् । विश्वमा छरिएर बसेका साहित्यकार-समालोचकहरूलाई विभिन्न ठाउँमा भेला पारेर साहित्यको गतिविधिहरू केलाउने, विभिन्न ठाउँका साहित्यिक कृतिहरू एकत्रित पारेर ती माथि विमर्श गर्ने, पुरस्कार दिने, विश्व स्तरका पत्रिकाहरू प्रकाश गर्ने आदि कामलाई निरन्तरता दिने जस्ता कदमहरू चाल्नु आवश्यक छ ।

**२१. नयाँ लेख्ने अथवा नवोदित स्रष्टाहरूलाई के सल्लाह र सुझाव दिनुहुन्छ ?**

नवोदित स्रष्टाहरू हाम्रो भविष्य हुन् । उनीहरूले गहिरो अध्ययन त गर्नुपर्छ नै । कुन विधामा उनीहरू अधिक पारङ्गत छन् वा हुन सक्छन् त्यो विधा चयन गर्न सके राम्रो । आफूभित्रको मौलिकतालाई अधिक महत्त्व दिनुपर्छ । आफूले लेखेकै उत्कृष्ट हो भन्ने एकपक्षीय धारणा पनि लिएर बस्नु हुँदैन ; सिक्नुपर्छ अरूबाट, शब्दहरू खेलाउन सिक्नुपर्छ ।

**२२. अहिले साहित्यमा लागेर के पाउनुभयो, के गुमाउनुभयो ?**

पुस्तक किन्दा र प्रकाशन गर्दा भएको खर्चलाई गुमाएको मान्ने मानसिकता राख्दिनँ म । मेरो दायित्वभित्र पर्ने कुरा हुन् यी । हो, केही नै गुमाएकी छुइनँ । प्राप्तिको बाटो खोलिदियो साहित्यले । पाएँ एउटा फराकिलो साहित्यिक जमात, नयाँ दृष्टि, नयाँ जगत् र स्वस्थ बाँचिरहेँ भने भविष्यमा शब्दसित व्यस्त रहेर जीवन, जगत्‌लाई हेर्न सक्छु भन्ने भित्री आड र भरोसा ।

**२३.अन्त्यमा, आफ्ना केही कुरा छुटेका छन् भन्ने लाग्छ भने भनिदिनुहोस् ।**

छुटेका कुरा सधैँ धेरै हुन्छन् बोलेकाभन्दा, लेखेकाभन्दा । छुटेका कुरा आज नगरौँ । असमाप्त वार्तालापले मात्र अर्को वार्तालापको मौका दिनेछ । तपाईँलाई धन्यवाद ।

व्यस्तताको बीचमा पनि समय दिनुभएकामा हजुरलाई पनि धेरै धेरै शुभकामना सहित धन्यवाद इन्दुजी !

# आज पाठक-समूह केवल लेखकहरू मात्र छन्



सुवास दीपक

*(सुवास दीपकसँग सिक्किम विश्वविद्यालय, नेपाली विभागका प्राध्यापक डा. देवचन्द्र सुब्बाले लिनुभएको अन्तर्वार्ता । - सम्पादक)*

**प्रश्न : सरका बाल्यकालबारे केही कुरा सुनौँ न सर ।**

**उत्तर** : मेरो जन्मको मिति १ अप्रेल, १९४८ हो । पारिवारिक परिवेश एउटा सामान्य खटिखाने किसान परिवार, एउटा कोठेबारी, दुई खेत, माता-पिता, दाज्यु-भाइ-पहाड परिवेश, खोला-नाला, बन-जङ्गल, जीवन-यापनका प्रायः प्रत्येक आवश्यकताको पूर्ति गाउँ-बस्तीमै । आजजस्ता कृत्रिम नचाँहिदा आवश्यकता त्यो समय कहाँ थिए र ! झन्डै आठ दशकअघिको पश्चिमाञ्चलको एउटा अभेक गाउँ, सडक, रेडियोसम्म नभएका गाउँमा मनोरञ्जनको साधन जाडा महिनामा समतलबाट आउने नाटक मण्डलीहरू हुन्थे । पारिवारिक परिवेश अति सामान्य, बुबा घोर भाग्यवादी सनातनी, सामान्य अक्षर-ज्ञान भएका । मेरो बाल्यकाल कुनै पनि अर्थमा सुखी थिएन । आफ्नो वंश-बेलबाट निर्धनता किपटमा पाएँ । सानै उमेरदेखि मलाई तीव्र बोध भइसकेको रहेछ - हामी गरिब हौं । यस गरिबीलाई बुबाले भाग्यवादको संज्ञा दिन्थे । यद्यपि १२-१३ वर्षको उमेरसम्म, आफ्नो सीमामा सबथोक सहज-सामान्य थियो । एउटा शिशुका वरिपरि जुन पारिवारिक परिवेश हुन्छ, त्यसमा ऊ एक प्रकारले आमा-बुबाको सुरक्षामा रहन्छ । त्यसले जे-जति शारीरिक र मानसिक रूपमा पाउँछ, त्यो उसले आफ्नो परिवारबाट नै प्राप्त गर्छ - परिवार निर्धन होस् अथवा धनी । त्यसमा नानीहरूका लागि चुनाउको विकल्प हुँदैन । तर मेरा लागि नियतिले कुनै अर्कै विधानको रूपरेखा बनाइसकेको रहेछ । हिजो जुन सहज-ग्रहणीय थियो त्यो १२-१३ वर्षको उमेरसम्म पुग्दा-नपुग्दै नितान्त असङ्गत कसरी हुनपुग्यो ? बुबाका दृष्टिकोणमा सन्तानको प्रथम कर्तव्य वृद्ध माता-पिताको सेवा गर्नु हो, परम कर्तव्य हो किनकि तिनीहरूले उनीहरूलाई जन्माएका हुन् ।

भुरा-भुरीको भुँडीमा जाउलोको व्यवस्था गरोस् नगरोस् तर भुरा-भुरी आज्ञाकारी हुनुपर्दछ । उनीहरूले आफ्ना समस्त इच्छालाई दमन गर्नुपर्दछ । आफ्ना बुबाको यस अकर्मण्यताले मेरा वरिपरि मेरा लागि व्यक्तित्वहन्ता परिवेशको सिर्जना गरिदिएको रहेछ । ममाथि यसको गहिरो प्रभाव पर्‍यो । म थिचिन थालेँ बुबाको निर्धनता र नियतिवादी आस्तिकताको भारीमुनि । म आफ्ना बुबालाई आफ्ना तर्कद्वारा परास्त गर्न सक्तिनँ थिएँ । त्यसकारण मेराअघि कुनै विकल्प थिएन । तिनी प्रायः कि त कुन्दनलाल सहगलको गीत 'गम दिए मुस्तकिल, कितना नाजुक है दिल…' अथवा राग भैरवीमा 'बाबुल मोरा… नैहर छूटो ही जाए…' गाउँथे अथवा स्वास्नी र नानीहरूलाई हकार-पकार गरिरहन्थे । मेरो बाल-चेतनामा बुबाको यस भनाइको जबर्जस्त प्रभाव पर्‍यो कि नानीहरूलाई जन्म दिएर आमा-बुबाले तिनीहरूमाथि उपकार गरेका हुन् । यस्ता वातावरणमा नानीहरूमा कुनै प्रकारको गर्व अथवा सम्मानको भावना विकसित हुन सक्तैन । असमय नै मैले आफूलाई एउटा आत्म-चेतस पीडाले घेरिएको पाएँ । परिणामस्वरूप मेरो वरिपरि एउटा विषाद लोक र पराजित भावको निर्माण हुँदै गयो ।

**प्रश्न : सर । तपाईं सिक्किम कसरी र के कारण आउनुभयो, त्यसबारे केही सुनौँ न ।**

**उत्तर** : पश्चिमबाट रावी नदी जसले जम्मू-कश्मीर राज्यलाई छुट्ट्याउँछ र उत्तर-पूर्वबाट हिमाचल प्रदेशको चम्बा तथा काँगडा जिल्ला अनि दक्षिणबाट एउटा पहाडी नदीले घेरिएको एउटा टापूजस्तै पञ्जाबको पहाडी क्षेत्रको धार ब्लकको एउटा कुनामा (स्वाधीनता-प्राप्तिपछि १९५४-५५)-मा स्थापित प्राथमिक पाठशालामा भुइँमा बसेर पाँचौं कक्षा र खोला तरेर चार-पाँच किलोमिटर हिँडेर आठौं कक्षा अनि फेरि अर्को स्कुलबाट आठ किलोमिटर हिँडेर म्याट्रिकसम्म पढेँ । म्याट्रिकपछि पठानकोट (पञ्जाब)-मा कलेजमा प्रि-युनिभर्सिटी (विज्ञान) उत्तीर्ण गरेँ अनि प्रि-इञ्जीनियरिङमा पढ्दै गरेको अवधिमा १९६६ तिर सिक्किम आएँ ।

जेठा दाइ, जो फौजमा हुनुहुन्थ्यो र पछि सिक्किममा पोस्टिङ हुँदा फौजबाट राजिनामा दिएर सडक निर्माण व्यवसायमा सिङतामना एकजना ठिकादारको सहायकका रूपमा कार्यरत हुनुहुन्थ्यो, छुट्टीमा घर आउनुभएको थियो । छुट्टी सकेर फर्किने बेलामा मैले तिनीसित सिक्किम घुम्न जाने बिन्ती गरेँ । कति विन्ती गर्दा दाजु राजी भएपछि म ८ जुलाई १९६६ का दिन सिङतामा आइपुगेँ । दाइले आफ्नो कामको सिलसिलामा कहिले नाथुला त कहिले गन्डकी अञ्चल (नेपाल) जानुपर्थ्यो । उहाँले

मलाई सिङ्तामपमा एउटा भाडाका कमरामा, 'म एक दुई दिनका लागि जरुरी कामका लागि बाहिर जाँदैछु, तँ बस्दै गर्नू'- भनेर अचानक गायब हुनुभयो ।

म नितान्त नयाँ ठाउँमा, एक नितान्त अभेक पहाडी गाउँबाट आएको अठार बर्से केटो नै भनौँ, थिएँ । गाउँदेखि बाहिरको संसार मेरा लागि नितान्त अपरिचित, अबुझ र विस्मयकारी थियो । सिक्किम त मेरा लागि एउटा अर्कै संसार थियो । न त म भाषा जान्दथेँ, न कोही मेरा परिचित थिए । अचानक लाग्यो, म एउटा नयाँ संसारमा छु । मलाई कसैले चिन्दैन, न म कसैलाई चिन्छु । नितान्त अहिन्दी भाषी क्षेत्रमा जन्मेको, हुर्केको, दुनियाको कार्य-व्यवहारबाट नितान्त अपरिचितहरूको संसारमा मलाई मेरो आफ्नै दाइले एक्लै छाडेर जानु अनि त्यसपछि महिनौँसम्म मेरो कुनै खबर नलिनाको रहस्यलाई आजसम्म पनि मैले बुझ्न सकिनँ । के तिनको यसमा कुनै षड्यन्त्र थियो अथवा अरू केही - यति वर्ष बितेर गए, तर रहस्य यथावत् छ । कतै यो मलाई पुस्तैनी सम्पत्तिबाट बेदखल गर्ने कुनै योजना वा षड्यन्त्र त थिएन ? हुन पनि सक्छ, नहुन पनि । तर यति अवश्य छ, तिनी बुबाजस्तै परिवारप्रति असंवेदनशील र अनुत्तरदायी थिए । आज यस अपार संसारमा मसित आफ्नो भन्ने एक इन्चसम्मको जमिन छैन, घर छैन ।

**प्रश्न : तपाईं नेपाली भाषा राम्रो बोल्नुहुन्छ, लेख्नुहुन्छ । नेपाली भाषा सिक्किम आएर नै सिक्नुभयो कि कति कुरा जान्नुहुन्थ्यो ? यसबारे केही सुनौँ न सर ।**

**उत्तर** : कलेजमा बिएस-सी गर्दा १९६६ मा जेठा दाइसित (उहाँ सेनामा हुनुहुन्थ्यो) सिक्किम घुम्न आएको थिएँ । भविष्यको कुनै रूपरेखा थिएन मसँग । दाइले सिङ्तामपमा एउटा किरायको कोठा बन्दोबस्त गरिदिएका थिए र एक दुई महिना घुमफिर गरी फर्किहाल्नुपर्ने थियो तर नियतिले मेरो अर्कै "स्क्रिप्ट" लेखिसकेको रहेछ । छोग्यालकालीन सिक्किममा सरकारी जागिर पाउनु त्यति गाह्रो थिएन । एक दिन सिङ्ताम जुनियर हाई स्कुलका प्रधानाध्यापकसित भेट भयो । तिनले मलाई कति पढेको छौ, सोधे । मैले बी.एस-सी-मा पढ्दै गरेको बताएँ । तिनले मलाई एक्कासि सोधे-"हाम्रो स्कुलमा काम गर्छौ ?" उनैबाट अग्रसारित आवेदनपत्र लिएर गान्तोकमा शिक्षा विभागमा पुगेँ । जिन्दगीमा पहिलोपल्ट गान्तोक पुगेँ अनि जिला शिक्षा अधिकारीले मेरो तत्काल अन्तर्वार्ता पनि लिइहाले र भने- You can go now. Your appointment letter will be sent to the HM of Singtam Junior High School. यस नियुक्ति-पत्रले सिक्किममा मेरो भविष्यको स्क्रिप्ट लेखिदिएको रहेछ । उमेर थियो १९ वर्ष । सानै उमेरदेखि लिखित शब्दप्रति अतिशय आकर्षण

र मोह थियो । म अचानक आफ्नो भाषिक व्योमदेखि अर्को व्योममा आइपुगेको थिएँ । यसपछि मेरो भेट सिक्किमका पहिलो उपन्यासकार गङ्गा कप्तानसँग भयो र उनको संसर्गमा बसेर मैले नेपाली साहित्य पढेँ, भाषा सिकेँ । लिपि चिनेको जानेकै थियो, कतिपय शब्दहरू हिन्दीकै जस्तो लाग्थ्यो अनि कुराहरू छिट्टै टिप्न सक्थेँ म, अलि आफ्नो परिश्रम र कप्तानज्यूका सहयोगमा मैले नेपाली भाषा सिकेँ ।

**प्रश्न : सुवास दीपक भनेर नाम सुन्दा तपाईंका सफलताहरू पनि साथमा आउँछन् तर जीवनमा असफलताहरू पनि त थिए होलान! फेरि तपाईंले आफ्नो सरकारी नोकरी छोड्नु पनि भयो । यसबारे पनि केही सुनौँ न सर ।**

अन्योलमा छु यी कुरा कसरी बताऊँ तर सफलताभन्दा असफलता, नैराश्य, अलमल, मोहभङ्ग, आलोचना र धुर्की-धम्कीहरूको एउटा लामो इतिवृत्त छ। ४०-४२ वर्षको पत्रकारिता र ५४ वर्षको साहित्यिक यात्रा कतिको सफल भयो र कतिसम्म असफल- यसको निर्धारण आफै गर्नसक्नु गाह्रो छ । यति मात्र भन्न सक्छु आफूले चिताएजस्तो केही नहुँदो रहेछ। केही सीमासम्म मेरो यस "अक्षरको खेती"-ले मलाई रचनात्मक संतुष्टि अवश्य दिन्छ तर उमेरको यस घुम्तीमा आइपुगेर पनि लाग्छ, मेरो तिर्खा अझै मेटिएको छैन र यो मेटिने पनि होइन, मलाई थाहा पनि छ ।

जहाँसम्म सफलता असफलताको प्रश्न छ १९६७-देखि १९७८ सम्मको अवधिमा (शिक्षणकाल)-मा म नेपाली र हिन्दीमा मौलिक लेखन र अनुवादमा व्यस्त रहेँ । यस अवधिमा "भारतीय नेपाली साहित्य"-को अवधारणाको सध्येय विस्तार गर्ने अभियानमा "भारतीय नेपाली कहानी विशेषाङ्क" (चण्डीगढबाट अक्टुबर १९७४ मा प्रकाशित हिन्दी मासिक "साहित्य निर्झर")-को प्रकाशन गर्ने अठोट त्यस समय गरेको थिएँ जति बेला भारतीय नेपाली साहित्यको अवधारणालाई लिएर अग्रज साहित्यकारहरुले पनि खुल्लारूपले भन्न हिच्किचाउँथे । २२-२३ वर्षका उमेरमा अनुवादका माध्यमद्वारा भारतमा लेखिँदै गरेको नेपाली साहित्यलाई चिनाउने यस प्रयासमा म नितान्त एक्लो थिएँ । सबभन्दा ठुलो चुनौती थियो हिन्दी भाषी साहित्यकारहरूलाई "भारतीय नेपाली साहित्य"-को अवधारणाबारे बुझाउनु । यति विशाल देशमा साहित्य जगत् यस विषयबारे पूर्ण रूपले अनभिज्ञ थियो । यहाँसम्म कि टाइम्स अव् इन्डियाबाट प्रकाशित हुने तत्कालीन पत्रिका "सारिका" (हिन्दी कथा पत्रिका)-का सम्पादक प्रख्यात लेखक कमलेश्वरले "सारिका"-मा भारतीय नेपाली कहानी विशेषाङ्क निकाल्ने अनुरोध अस्वीकार गर्दै मेरो दुई-तिन वर्षको परिश्रमलाई "डस्टबिन"-मा फ्याँकिदिएका थिए किनभने तिनी "भारतीय नेपाली साहित्यको

अवधारणा"-सित सहमत थिएनन्, भनौं अनभिज्ञ थिए। म निराश भएँ तर परास्त होइन। तर दुई वर्षपछि १९७४ मा "साहित्य निर्झर"-ले यस कार्यलाई पूरा गर्‍यो।

सरकारी सेवामा रहँदा (१९७८ सम्म) "अरण्य रोदन" लेखें (जसको प्रकाशन - प्रथम संस्करण-१९८५ र दोस्रो २०२१ मा प्रकाशित भए)। यसबाहेक जीवन थीङलाई हिन्दीका माध्यमबाट परिचय गराउन १९७८ मा जबलपुर (मध्यप्रदेश)-बाट प्रकाशित "पहल" (सम्पादकः ज्ञानरंजन) पत्रिकामा "नार्सिसस" (अधुरो खण्डकाव्य) र "म बेथलहम शहरको हिप्पोपोटामस" कविताका हिन्दी अनुवाद गरेर प्रकाशित गराएँ।"भारतीय नेपाली कहानी विशेषाङ्क" र "पहल"-मा प्रकाशित जीवन थीङका अनूदित कविताहरूबारे मैले धेरैबाट नकारात्मक टिप्पणीहरू पनि पाएँ।

१९८० मा पटनाबाट प्रकाशित हिन्दी मासिक पत्रिका "प्रस्ताव"-मा "भारतीय नेपाली कथा खण्ड" (छवटा कथाको हिन्दी अनुवाद) प्रकाशित भयो।"भारतीय नेपालियों की ऐतिहासिक, सामाजिक, आर्थिक पृष्ठभूमि और भारतीय नेपाली कहानी में प्रगतिशील तत्त्व"-को गान्तोकमा केही नेपाली पत्रकारहरूले अप-व्याख्या गरी मलाई "नेपाली विरोधी", "कम्युनिस्ट", "देश र जातिविरोधी तत्त्व" घोषित गरेर प्रशासनले कडा कार्यवाही गर्नुपर्ने लेख धरी आफ्ना पत्रिकामा लेखे, छापे। मैले प्रतिरोध गर्दा मलाई एमजी मार्गमा "दाँत झारिदिन्छु" भनेर ती पत्रकारले धम्की पनि दिए। यी दुवै अनुवाद कार्यको तयारीमा र पछि प्रकाशित भएर आएपछि भोग्नु परेको उदासीनताको कथा छुट्टै छ। दार्जिलिङका पुस्तक पसलहरूले यी पुस्तकको अग्रिम डिमान्ड गरे तापनि पत्रिकाको बिक्री गर्न अस्वीकार गरेको कटु यथार्थ पनि छ। हप्की-धम्कीले १९८० मै लेखनबाट मोहभङ्गको बीजारोपण भइसकेको भए तापनि म किन निरन्तर "अक्षर-अरण्य"- मा बरालिइरहेँ ? आज आफ्नो ५५ वर्षको रचना-यात्रापछि पनि यो प्रश्न मेरालागि एउटा "यक्ष-प्रश्न" नै हो।

१९७८ मा सुरक्षित सरकारी नौकरीबाट राजीनामा दिँदा मेरो मनमा कुनै किसिमको अन्योल थिएन। मैले आफ्नै सर्तमा पत्रकार-लेखक भएर जीवन बिताउन सङ्कल्प गरिसकेको थिएँ। म स्वतन्त्र हुन चाहन्थेँ र दुई लाइनको त्यागपत्र लेखेर ११ वर्षको स्नातकोत्तर शिक्षकको सुरक्षित सरकारी नौकरीबाट मुक्त भएर गान्तोकमा "सुधा" नामक नेपाली मासिक पत्रिकामा काम गरेँ। त्यस समय 'सुधा' पत्रिकाको सम्पादक नेपाली भाषाको एउटा शब्द पनि नजान्ने १९७५ मा सिक्किम भारतको २२ औं राज्य भएपछि दिल्लीबाट आएको एउटा राष्ट्रिय न्युज एजेन्सीको रिपोर्टर थियो।

"सुधा"-का मैले पाँच छवटा अङ्क निकालेँ। 'सुधा'-मा सिक्किमका एकजना

अतीव ऊर्जावान्, प्रगतिशील र आफ्नो उमेरलाई "सरपास" गर्दै रचनात्मक उँचाइलाई छुँदै तर मात्र २३-२४ वर्षको उमेरमा यस नश्वर कायालाई त्यागेर गएका जीवन थीडबारे सर्वप्रथम "स्मृति अङ्क" निकाल्ने परिकल्पना पनि मेरै थियो । मेरो अगाडि-पछाडि रहेका दिल्लीका पत्रकार र तत्कालीन कतिपय स्थानीय तथाकथित पत्रकारहरूलाई साहित्यको "स"-को पनि ज्ञान थिएन । पत्रिकाका मालिकको उद्देश्य पत्रिकालाई राजनीतिक खबरमा केन्द्रित गर्नु थियो र पत्रिकाबाट सत्ताका करिडोरहरूमा बसेकाहरूबाट आर्थिक लाभ लिनु थियो । त्यस अवधिमा विपक्षबाट केही पाउने आसै थिएन र ती पत्रकारहरू सत्ताधारीकै गुनगान गरी आफ्ना गोजी भरिरहेका थिए । "सुधा"-मा हुँदा नै एउटा अर्को महत्त्वपूर्ण कार्य गर्न सकैं । त्यो थियो "सुधा कथा प्रतियोगिता १९७८" ।

"सुधा" (१९७९) मई अङ्कको सम्पादकीयमा प्रतियोगिताको परिणाम घोषित गरिएको थियो । सम्पादकीय यस्तो थियो, "नेपाली कथाकारहरूलाई प्रोत्साहन दिने तथा कथा विधाको विकासमा एउटा प्रगतिशील पाइला सार्ने उद्देश्यले "सुधा"-ले "सुधा कथा प्रतियोगिता १९७८"-को आयोजना गरेका छौं । यस प्रतियोगितामा हामीलाई सिकारु कलमहरूबाट प्रशस्त योगदान प्राप्त भयो । ख्यातिप्राप्त कथाकारहरूबाट प्रायः नकारात्मक प्रतिक्रिया पायौं । प्रतियोगितामा करिब चालीसवटा कथा प्राप्त गर्‍यौं । निर्णायकहरूका लागि हामीले ख्यातिप्राप्त कथाकार श्री सानु लामा तथा ख्यातिप्राप्त कवि श्री गिर्मी सेर्पालाई निम्त्याएका थियौं । यसमा "सुधा"-का सह-सम्पादक सुवास दीपक पनि सामेल थिए । संयुक्त रूपमा तिनवटा कथा निर्णायकहरूले स्वतन्त्र रूपले अङ्कहरूका आधारमा कथाहरूको समीक्षा गरेर अन्त्यमा संयुक्त रूपले निर्णय लिएका थिए । संयुक्त निर्णयका आधारमा पुरस्कार-विजेताहरू यसप्रकार छन्-

प्रथम पुरस्कार- "अनि उसले भाषण आरम्भ गर्छ"- मणिप्रसाद राई

द्वितीय पुरस्कारः "यौटा धमिलो खोलाको किनारमा"- मनप्रसाद सुब्बा ।

तृतीय पुरस्कारः (१) "ट्याफिक कन्ट्रोल"- मधुसूदन लामा, (२) "सडक"-राजेन्द्र भण्डारी ।

सान्त्वना पुरस्कारः (१) "समाधान एउटा समस्याको"- कालूसिंह रनपहेंली "अमन", (२) "आफ्ना-आफ्नै गन्थन"- टी.बी. बराइली, (३) "शायद तिम्रो, मेरो र सबैको"- आर्य लामिछाने ।"

"सुधा"-मा चार पाँच महिनाका अवधिमा मैले आफ्नो परिश्रमको केवल पचास

रुपियाँ पाएँ। त्यो पनि मैले मुख्य सम्पादक (मालिक)-बाट अग्रिम राशिका रूपमा लिएको थिएँ। पछि मैले "हिमाली बेला"-मा नियुक्ति पाएपछि तिनले त्यो राशिको उल्लेख गरेका थिए। तिनको अनुसार मेरा लागि यो "परिवीक्षा अवधि" (probation period) थियो। शोषणको प्रारम्भ यहीँबाट सुरु भयो। शोषणको विरोध गर्ने व्यक्तिकै शोषण हुन थाल्यो। शोषण गर्ने को थिए - शोषणको विरोध गर्नेहरू, तथाकथित पत्रकारहरू। म निरीह थिएँ, एक्लो थिएँ। कल्पना र यथार्थसित साक्षात्कार भयो तर परास्त भइनँ, प्रभावित मात्र थिएँ। म यस समस्त प्रपञ्चको सूक्ष्मतासित अध्ययन गरिरहेको थिएँ।

"हिमाली बेला"-मा तीन वर्ष (१९७८-१९८१) सह-सम्पादकका रूपमा कार्य गरेँ। यस अवधिमा म "कल्पना र यथार्थ"-सित व्यापक र बृहत् रूपमा परिचित भएँ। पत्रकारहरू कसरी आफ्ना मातहतका कर्मचारीको शोषण गर्छन्। त्यो पत्रकारितादेखि मेरो मोहभङ्गको दोस्रो अध्याय थियो। सिक्किमजस्तो सानो राज्यमा- जहाँ पत्रकारिता आफ्नो शैशवावस्थामा थियो- युपी र दिल्लीबाट विभिन्न न्युज एजेन्सीबाट पठाइएका रिपोर्टरहरूको वास्तविक चरित्रसित परिचित हुने मौका पाएँ। अभिव्यक्तिको स्वतन्त्रताको समर्थन र भ्रष्टाचारको विरोध गर्ने तथाकथित पत्रकारहरू कसरी बेलुकी सत्ताका सर्वोच्च 'करिडोर'-हरूमा राजनीतिक विरोधीहरूको पोल लगाएर सत्ताधारी र नोकरशाहहरूबाट आर्थिक लाभको आसमा ढोका-ढोकामा कुरिरहन्छन् - त्यो पनि देख्न पाइयो। मलाई लाग्यो, म गलत ठाउँमा आएछु तर मेरोअघि कुनै विकल्प पनि त थिएन। शोषण र पाखण्डका विरोधमा उत्रेको मैले अब आफूलाई एउटा अर्को चक्रव्यूहमा पाएँ। महाभारतको अभिमन्यूका लागि केवल एउटै चक्रव्यूह थियो -जसबाट ऊ निक्लन सकेन तर मैले अर्काको चाकरीको त्यस चक्रव्यूहबाट फुत्कने अठोट गरेँ। आफ्नै प्रकाशन सुरु गरेर। १९८१-को मार्च-अप्रिल महिनामा "हिमाली बेला"- बाट राजीनामा दिएर म फेरि बेकारी भएँ।

तीन वर्षभित्र यो मेरो तेस्रो त्यागपत्र थियो। आफ्नै प्रकाशन खोल्ने अठोट त गरेँ तर गोजी रित्तै थियो। कहीँ कतैबाट पनि सहयोगको आशा थिएन, तैपनि जून, १९८१ देखि "विचार" (सुरुमा पाक्षिक र १९८५ देखि साप्ताहिक र १९९६ देखि ५ वर्षसम्म अर्ध-साप्ताहिक)- प्रकाशन सुरु गरेँ। जुन २०१२-सम्म ३१ वर्ष नियमित रूपले प्रकाशित नेपाली पत्रिका निकालेँ। यसको सत्यापन कमल दीक्षितले "विचार"-को रजत-जयन्ती विशेषाङ्क (१९८१-२००६)-मा गरेका छन्। असफलता, अड्चन, अलमलहरूले निरन्तर पछ्याइरहे। यो ३१ वर्षको अवधि मेरो निर्माण, ध्वंसको एउटा अनवरत प्रक्रिया थियो। चाटुकार पत्रकारहरूद्वारा पोलखोल, हप्की-धम्की, "दाँत

झारिदिने", "अनेपाली" भन्नेजस्ता प्रयासदेखि लिएर एकजना राज्यपालले बम्बई हाइकोर्टमा मुद्दा हाल्ने धम्कीसम्म दिइहाले ।

निष्पक्षरूपले लेख्दा पुलिस वारन्टदेखि लिएर अन्य वित्तीय थिचोमिचोको एउटा लामो इतिवृत्त छ। किनेर पढ्ने बानीको अभावमा बिक्रीबाट पाँच प्रतिशत पनि उठ्दैन थियो । ३१ वर्षको अवधिमा सिक्किम, दार्जिलिङ र पूर्वोत्तरबाट बिक्रीबाट एक पैसा पनि पाइनँ । आर्थिक रूपमा यो एउटा "डिजास्टर" थियो जसलाई मैले भोगेँ । यस्तै स्थितिमा २०११ मा ६३ वर्षका उमेरमा ऋणमा चुर्लुम्म डुबेर छापाखानाका सर-सामान रद्दीको भाउमा बेचेर सधैँका लागि "विचार"-बाट मुक्ति पाएँ र चौथोपल्ट बेकारी भएँ । क्यान्सर पीडित पत्नीले १९९४ मा नै यस संसारबाट बिदा लिएर गइसकेकी थिइन् । बेकारीसँगै म फेरि एक्लो भएँ । मेरो यस 'अक्षर-खेती'-ले मलाई कङ्गाल बनाइदिएको छ। यस धर्तीमा मेरो नाउँमा एक फितासम्म जमिन-जायदात छैन- साँचो अर्थमा "सुकुम्बासी" हुँ म ।

**प्रश्न : सरका कुरा सुनेर त मैले देखेका दु:ख केही होइनन् लाग्यो। सरको सङ्घर्षबाट म सधैँ प्रभावित छु। सर ! तपाईंको खास नाम सुबासचन्द्र डोगरा हो भन्ने पुस्तकहरूबाट थाहा लाग्यो तर तपाईंले आफ्नो नाममा उपनाम 'सुवास' मात्रै राख्नुभयो । नाम परिवर्तन गर्नु तपाईंको रहर थियो कि आफ्नो नाम मन नपरेर हो ? त्यसबारे केही बुझौँ न सर ।**

मेरो नाम 'सुवास' होइन 'सुभाष' लेखिन्थ्यो देवनागरीमा। 'सुभाष'-देखि 'सुवास'-मा कायान्तरणको मुख्य कारण बडो चाखलाग्दो छ। साठीका दशकमा दार्जिलिङमा 'सुवास' (घिसिङ)-को सुनाम नेपाली साहित्यिक जगत्मा तिनका उपन्यासहरूका कारण चारैतिर फैलिएको थियो । मैले पढेका प्रारम्भिक नेपाली उपन्यासहरूमा सुवासकै उपन्यास 'लुइम्खुम क्याम्प', 'ऊ मरी अरे', 'निलो चोली' प्रमुख थिए। १९६७ देखि मैले नेपालीमा कविता कोर्न थालेँ । कविता प्रकाशित गर्ने उत्सुकता अनि आफ्नो नाम पत्रिकामा छापिएको हेर्न पाउने उत्सुकता प्राय: सबै सिकारु कवि, लेखकहरूमा हुन्छ । म एउटा साहित्यिक नामको खोजीमा थिएँ । मेरा तत्कालीन सिङ्ताम निवासी साथी साहित्यकार गङ्गा कप्तान (सिक्किमका प्रथम नेपाली उपन्यासकार)-को पूरा नाम गङ्गाप्रसाद शर्मा थियो तर साहित्यिक नामको रूपमा गङ्गा "कप्तान" लेख्न थालेका थिए। साहित्यिक नामको यस खोजीमा उपन्यासकार सुवासले मेरो समस्याको समाधान गरिदिएछन् । सुभाष'-का ठाउँमा 'सुवास' त टिपेँ तर आफ्नो पृथक् चिन्हारी स्थापित गर्ने प्रयासमा कुन्नि कहिले 'सुवास'-का साथ 'दीपक' जोडिन

पुग्यो- थाहा भएन । 'सुवास दीपक' नाममा मैले "कञ्चनजङ्घा"-मा एउटा कविता प्रकाशनार्थ पठाएँ । कविता छापियो तर 'दीपक'-को नाममा १९६८ तिर । 'सुवास' छापिएन । सम्भवतः सम्पादकलाई 'सुवास' पनि 'दीपक' पनि लेखेको अनौठो लाग्यो होला ! जे होस् पछिका मेरा रचनाहरू "कञ्चनजङ्घा" र दार्जिलिङ, कालेबुङ र नेपाल (भद्रपुर, चन्द्रगढी)-का पत्र-पत्रिकालगायत "सैनिक समाचार"-मा प्रकाशित हुन थाले 'सुवास दीपक'-का नाममा । यसरी सुवास दीपक'-का रूपमा मेरो पुनर्जन्म भयो । यसमा म गङ्गा कप्तान र सुवास (घिसिङ)-प्रति आभारी छु । आज मेरा यी दुई साहित्यिक पथ-प्रदर्शक भौतिक रूपमा हामीसित छैनन् । शत शत नमन !

**प्रश्न : सर, तपाईंले सिक्किममा पत्रकारिता सुरु गर्दा तत्कालीन पत्रपत्रिकाको स्थिति वा अवस्था कस्तो थियो त्यो समय कसरी सम्झना गर्नुहुन्छ ?**

**उत्तर** : १९५० को सिक्किम-भारत सन्धिको प्रावधान अनुसार सिक्किम भारतको एउटा संरक्षित देश थियो । भारतको स्वतन्त्रता (१९४७) पछि सिक्किममा पनि अभिव्यक्तिको स्वतन्त्रता र जमीन्दारी प्रथाको उन्मूलनका लागि सङ्घर्ष हुँदा भारत सरकारको हस्तक्षेपमा यस प्रथाको उन्मूलनका लागि पाइला चालिए । राजशाहीको लामो अन्तरालपछि १९७५ मा सिक्किम भारतमा विलय भयो र भारतको २२ औं राज्यको रूपमा मान्यता पायो । भारत-सिक्किमको १९५० को सन्धि अनुसार सिक्किममा भारत सरकारका पञ्चवर्षीय योजनाको सुरु भयो र स्कुल, अस्पताल, सडक निर्माणजस्ता आभारभूत सुविधाहरूको थाल्नी भयो । छिमेकी दार्जिलिङ र कालेबुङदेखि प्रकाशित अङ्ग्रेजी र नेपाली पत्र-पत्रिकाहरू सिक्किममा आउन थालेका थिए तर यी पत्रिकाहरू केवल सम्भ्रान्त वर्गमा मात्र सीमित थिए । सामान्य जनतामा शिक्षाको अभाव थियो र जनसङ्ख्या पनि साठीका दशकसम्म डेढ लाखभन्दा अधिक थिएन । १९५८-५९ देखि काशीराज प्रधानका सम्पादनमा प्रकाशित हुने "कञ्चनजङ्घा" पत्रिका आरम्भ भयो । यो पत्रिका पढ्नेहरू पनि धेर थिएनन् । अस्सीका दशकपछि शिक्षाको प्रचार-प्रसार बढ्नाले त्यसपछिको शिक्षित पुस्ता राजनीतिक रूपमा पनि बढी जागरुक, सुसूचित हुन थाल्यो ।

१९७५ मा सिक्किमको भारतमा विलयपछि सिक्किममा स्वतन्त्र पत्रकारिताको थालनी भयो तर अङ्ग्रेजी पत्रकारिताको क्षेत्रमा बाहिरकै वर्चस्व थियो । स्थानीय भाषा र सामाजिक वास्तविकताबाट अनभिज्ञ यी पत्रकारहरू, जो प्रायः राष्ट्रिय न्युज एजेन्सीहरूका रिपोर्टर थिए, स्थानीय विषयहरूभन्दा बढी राजनीतिक समाचारलाई प्रश्रय दिन्थे र तिनीहरूको समाचारका स्रोत सरकारी विज्ञप्ति, राजनीतिक दलहरूका

प्रेस वार्ताहरूमा मात्र सीमित हुन्थे। स्थानीय पत्रकारहरूमा नेपाली भाषामा लेख्नेहरूको सङ्ख्या धेरै कम थियो। नगण्य नै भनौं। यस जमातमा दार्जिलिङबाट आउनेहरूको सङ्ख्या बढी थियो। यस्तो वातावरणमा १९७८ मा सिक्किमको पत्रकारिताको अरण्यमा म पनि एकजना सिकारु नै थिएँ तर निरन्तर सिक्ने र सुसूचित भइरहने मभित्र एउटा अन्तर्निहित गुण (inherent quality) छ। जसले गर्दा मैले अल्पावधिमा नै आफूलाई यस क्षेत्रमा स्थापित गर्न सकेँ। अङ्ग्रेजीको ज्ञानले पनि मलाई यस क्षेत्रमा प्रशिक्षित गर्न टेवा पुर्‍यायो किनभने लगभग सबै सरकारी विज्ञप्ति, विज्ञापन, सूचनादि अङ्ग्रेजीमै जारी हुन्थे जसलाई नेपाली अनुवाद गर्नुपर्थ्यो।

**प्रश्न : सर, तपाईंलाई भारतीय नेपाली लेखकहरूको पुस्तक कस्तो लाग्छ ? कलात्मक कि प्रभावशील ?**

**उत्तर** : भारतीय नेपाली कविताको अर्द्धशताब्दीको विकास अभूतपूर्व छ। विविध चिन्तनधाराका कविता विलक्षण छन्। मेरा लागि यी कविताहरूको पठन एउटा आनन्दको प्रतीति हो र नै कविताको अनुवाद म मन पराउँछु, कथाको पनि। राजेन्द्र भण्डारी, मनप्रसाद सुब्बा, नोरजाङ स्याङ्देन, "खडकसिंह काँडा", विकास गोतामे, जीवन थीङ, रेमिका थापा, प्रवीण राई जुमेली, मोहन ठकुरी, सुधा एम राई, राजा पुनियानी (अन्य पनि छन्) प्रभृति कविले आज अन्तर्राष्ट्रिय मञ्चहरूमा आफ्नो उपस्थिति दर्ता गरिसकेका छन्। जातीय अस्मिता, आर्थिक विषमता, विसङ्गति, बेरोजगारी, राजनीतिक दिशाहीनता आदिका प्रश्नलाई बडो प्रभावशाली ढङ्गमा प्रक्षेपित गरिरहेका छन्। नेपाली भारतीय कवितामा आज नित नयाँ प्रयोग भइरहेका छन् जसमा पर्यावरण सुरक्षाले पनि नेपाली भारतीय कविताको "डिस्कोर्स"-मा विशिष्ट स्थान ओगटेको छ। यस दिशामा डा'. देवचन्द्र सुब्बाको "नेपाली कवितामा परिवेश"ग्रन्थ एउटा पथ-प्रवर्तक पदक्षेप मान्न सकिन्छ।

**प्रश्न : तपाईंले सन् १९७८ मा शिक्षण पेसाबाट त्यागपत्र दिनुभयो। यसका पछि रहेका केही कारण वा कथा छन् कि सर ?**

**उत्तर** :१९७० का उत्तरार्द्धसम्म मेरो धेरै मोर्चाहरूमा मोहभङ्ग भइसकेको थियो। ११ वर्षको सरकारी चाकरीबाट पाएको कटु अनुभव, समाज र व्यवस्थामा व्याप्त पाखण्ड, असङ्गति-विसङ्गतिले भरिएको वातावरणबाट म उम्कन चाहन्थेँ र मुक्तिआवेग यति तीव्र थियो कि म भावी जीवनमा आउने सम्भावित सङ्कटप्रति पनि लगभग उदासीन थिएँ र एक्लै यस युद्धमा "जित्ने कि विलुप्त हुने" भन्ने मानसिक स्थितिमा पुगिसकेको थिएँ। यसमा कुनै व्यक्ति-विशेष अथवा समाजको कुनै भूमिका थिएन।

**प्रश्न : तपाईंले नेपाली भाषा साहित्यका पुस्तकहरू हिन्दीमा अनुवाद गर्नुभयो साथै हिन्दीबाट नेपालीमा ल्याउनुभयो। अङ्ग्रेजीबाट हिन्दी, डोगरीबाट नेपाली भाषामा पुस्तकहरू अनुवाद गर्नुभयो। तपाईंले गर्नुभएको अनुवादको सूची लामो छ। यी सबै अनूदित पुस्तक वा कृतिहरूमध्ये तपाईंलाई सन्तुष्टि लाग्ने पुस्तक वा कृति कुन हो ?**

**उत्तर** : अनुवाद गर्दा म बारम्बार कृतिको अध्ययन गर्छु। यहाँ कृतिको छनौटको प्रश्न पनि प्रमुख हुन्छ। अहिलेसम्म मैले अनुवाद गरेका एक दर्जनभन्दा अधिक कृतिहरूमध्ये उपन्यास, कवितासङ्ग्रह, समीक्षा, जीवनी आदिका १४ वटा कृति (नेपाली, हिन्दी, अङ्ग्रेजी र डोगरी भाषामा परस्पर अनुवाद) प्रकाशित भएका छन्। जहाँसम्म सन्तोषको कुरो छ "साहित्य निर्झर"-को "भारतीय नेपाली कहानी विशेषाङ्क" (१९७४), पवन चामलिङ 'किरण'-को कवितासङ्ग्रह "क्रुसीफाइड प्रश्न और अन्य कविताएँ" (१९९६), लैनसिंह बाङदेलको "लङ्गडाको साथी" (हिन्दीमा सहयात्री २००१), डा गोपीचन्द नारंगको "संरचनावाद, उत्तर संरचनावाद एवं प्राच्य काव्यशास्त्र"-को हिन्दीबाट नेपाली अनुवाद (साहित्य अकादेमी, २००८) राजेन्द्र भण्डारीको "छोटी-छोटी खुशियाँ" र डा. ओम गोस्वामीको उपन्यास "पल-खिन"-को मूल डोगरीबाट नेपाली अनुवाद (निर्माण प्रकाशन २०००) गर्दा भने रचनात्मक सन्तुष्टि पाएको पक्कै हो।

**प्रश्न : तपाईंका सम्पादकीयहरूमा भारतीय नेपालीहरूले उठाइरहेको स्वर देखिन्छ तर तपाईंको मौलिक कृति वा कवितातिर त्यो स्वर देखिँदैन। यसको केही कारण छ कि सर ?**

**उत्तर** : नेपाली भाषाको संवैधानिक मान्यताको सन्दर्भमा "भाषा मान्यता" (विचार प्रकाशन, १९९५) पुस्तक नै प्रकाशित छ र १९८१ देखि संवैधानिक मान्यताको प्राप्तिसम्मका "विचार"-का लगभग प्रत्येक अङ्कमा यस सम्बन्धमा समाचार, सम्पादकीय, लेख, अन्तर्वार्ता प्रकाशित छन्। पत्रपत्रिकामा मैले धेरै त यही कुरा लेखेँ।

**प्रश्न : पत्रकार, अनुवादक, साहित्यकारमध्ये तपाईं आफैलाई के भनेर चिनाउन मन पराउनुहुन्छ ? अथवा भारतीय नेपाली समाजमा 'सुवास दीपक' भनेर चिनाउने विधा कुन मान्नुहुन्छ 'पत्रकार' हो कि 'अनुवादक' ?**

**उत्तर** : वर्तमानमा पत्रकारिताबाट मुक्त छु। जहाँसम्म अनुवादको प्रश्न छ, अनुवादलाई पनि म सृजना नै ठान्दछु। एउटा भाषाको मानसिक व्योममा प्रवेश र त्यसलाई

अर्को भाषामा सकेसम्म सही परिप्रेक्ष्यमा प्रक्षेपित गर्ने उद्यम एउटा भाषाबाट अर्को भाषामा पुनर्सृजना गर्नु, साहित्यकार हुनु र अनुवादक हुनु दुवै मेरा लागि एउटा थोक हो। हिन्दी साहित्यमा सत्तरीको दशकमा मेरो चिनारी युवा कथाकार र उपन्यासकारका रूपमा उपन्यासकार स्थापित भएकै हो। तत्कालीन ठुला पत्रिकाहरू जस्तै "सारिका", "व्यंग्य" आदिमा मेरा हिन्दी कथाहरू प्रकाशित हुन्थे। १९७८ को "सारिका"-को "युवा कथाकार विशेषाङ्क"-मा मेरो कथा प्रकाशित भएको छ। सिक्किमबाट लेखिएको पहिलो हिन्दी उपन्यास (१९८५ मा प्रकाशित) -ले मलाई हिन्दी उपन्यासकारका रूपमा स्थापित गरेको हो र यस उपन्यासको दोस्रो संस्करण २०२१ मा प्रकाशित भएर चर्चित भएकै हो। विभिन्न विधाहरूमा निरन्तर लेखिरहेँ, लेख्दैछु, सकेसम्म लेख्छु तर यी सबैमा एउटैको नाम लिनु परे "अनुवादक"-लाई मानिलिएँ।

**प्रश्न : तपाईंको यति लामो साहित्यिक यात्रा कठिन थियो होला तर व्यावहारिक जीवन र साहित्यिक जीवनलाई तपाईंले कसरी सन्तुलित बनाउनुभयो ?**

**उत्तर** : कण्टकाकीर्ण यात्रा थियो यो। एक्लो यात्रा तर सन्तुलन बनाइराख्नमा मभित्र प्रकृतिप्रदत्त एउटा विलक्षण क्षमता छ। आर्थिक, शारीरिक सङ्कटै-सङ्कटले भरिएको जिन्दगीलाई अक्षुण्ण राखेँ। जहाँसम्म सन्तुलनको प्रश्न छ, मैले यी बितेका वर्षहरूमा आफ्नो सङ्घर्ष र किञ्चित् सफलताबाट निरन्तर ऊर्जा प्राप्त गर्ने अभ्यास गरिरहेँ।

**प्रश्न : भारतीय नेपाली साहित्यका धेरै राम्रा पक्ष वा गुणहरू छन् तर यसका कमजोरीहरू तपाईंलाई के के लाग्छन् ?**

**उत्तर** : मेरो विचारमा राम्रा पक्ष धेरै छन् तर ती पक्षको उचित र प्रभावकारी रूपमा प्रस्तुति हुनसकेको छैन। आजको शिक्षित नेपाली भारतीय युवा स्रष्टाहरूले जिम्मेवारी वहन गर्न अघि आउनुपर्छ। पुस्तक प्रकाशनमा तीव्रता आए तापनि पाठकहरूको सङ्ख्या निरन्तर घट्नु चिन्ताको विषय हो। आज पाठक-समूह केवल लेखकहरू मात्र छन्। हामी आपस्तमा प्रकाशित कृति बाँड्छौँ तर हामी आफै त पढ्दैनौँ भने पाठक-समूह जो अल्पसङ्ख्यामा छन् अथवा अति-अल्प सङ्ख्या जो छन् तिनीहरूको त कुरै नगर्दा हुन्छ। १९७०, ८०, ९० सम्मका दशकमा आजजस्तो पुस्तक प्रकाशन नभए तापनि पाठकहरूले खोजी-खोजी किनेर पढ्ने गर्थे। अर्कातिर आज पाठक-समूहमा कमी आउनाको मुख्य कारण, जसलाई हामी अनदेखा गर्छौँ, त्यो हो नब्बेको दशकपछिको पिँढीलाई मातृभाषाको शिक्षादेखि पूर्ण रूपमा वञ्चित गर्ने अङ्ग्रेजी स्कुलहरूको वृद्धि। यद्यपि यो प्रक्रिया ७० कै दशकदेखि सुरु भइसकेको थिएछ। तर बितेको पाँच दशकभित्र कन्भेन्टहरूको सङ्ख्यामा अप्रत्याशित वृद्धि भएको र सरकारी स्कुलहरूको

दुरावस्था हामी देखिरहेका छौँ । हामी चाहँदा चाहँदै पनि यस परिदृश्यमा परिवर्तन ल्याउन सक्तैनौँ । यो स्थानीय भाषाहरूमाथि कुठाराघात नभई अरू के हो ? भाषालाई निर्मूल पार्ने यस दुष्चक्रबाट कसले हामीलाई निकाल्ने ? मलाई लाग्छ, हामीजस्ता पाखण्डी अरू भाषा-भाषी छैनन् । बङ्गाली, असमिया, तमिल, मलयाली आदि जातिगोष्ठी हामीभन्दा ("हामी"-को तात्पर्य पूर्वदेखि पश्चिमसम्मको पर्वतीय क्षेत्रका जाति-गोष्ठी, अर्थात् नेपाली, कुमाऊँनी-गढवाली, हिमाचली पहाडी र डोगरी-भाषी क्षेत्रका मानिसहरू) अङ्ग्रेजी भाषामा जस्तै आफ्ना मातृभाषामा पनि त्यतिकै पारङ्गत छन् । तिनीहरूलाई पुस्तक संस्कृतिको संस्कारको बीजारोपण अभिभावकहरूले आफ्ना जन्मदेखि नै गरिदिन्छन् तर हामी, जीवन थीङ्गा शब्दमा "बुख्याँचा" (Scare crow) र "नार्सिसिस्ट" (आत्ममोही) भइसकेका छौँ । यो "बुख्याँचा" र "आत्ममोही"-को मुखुण्डो जबसम्म हामी उतार्दैनौँ तबसम्म परिवर्तनको अपेक्षा व्यर्थ छ ।

**प्रश्न : सर, तपाईँका समयको पत्रकारिता र आजका समयको पत्रकारितामा कति भिन्नता पाउनुहुन्छ ? के तपाईँलाई आजको पत्रकारितामा पत्रकारहरूले आफ्नो धर्म निर्वाह गरे जस्तो लाग्छ ?**

**उत्तर** : मेरो समयको पत्रकारिता "लेटर प्रेस"-को पत्रकारिता थियो । आजजस्तो मोबाइल फोन, टेपरिकर्डर, फोटो सुविधायुक्त साधन थिएनन् । ल्यान्डलाइन टेलिफोन पनि ८० का दशकसम्म सिक्किममा उपलब्ध थिएनन् । टेलिफोन कनेक्सनका लागि दुई-दुई वर्षसम्म पर्खिनु पर्ने स्थिति थियो । प्रेस वार्ताका लागि सचिवालय अथवा राजभवन हिँडेर पुग्नपर्ने बाध्यता थियो । पत्रिकामा फोटो छाप्नका लागि ब्लक बनाउन सिलीगडी अथवा कलकत्ता पठाउनुपर्थ्यो किनभने गान्तोकमा यो व्यवस्था थिएन । १५-२० दिनपछि ब्लक बनेर आउँथ्यो । साप्ताहिकहरूमा सरकारी र राजनीतिक दलहरूका विज्ञप्तिबाहेक स्वतन्त्र रूपले लेख-टिप्पणी लेख्ने धेरै कम पत्रकार थिए । आजभन्दा चार दशकअघिको लोकतान्त्रिक व्यवस्थामा सिक्किमको सामाजिक संरचना र राजनीतिमा सामन्ती प्रवृत्तिका अवशेष यथावत् थिए र नै तत्कालीन पत्रकारिताको स्वरूप र आजको स्वरूपमा भिन्नता हुनु स्वाभाविकै हो । पत्रिकाको "सम्पादकलाई पत्र" स्तम्भमा कुनै समस्यालाई लिएर गुनासो पोखाउँदा पनि प्रशासन होस् अथवा कुनै निजी संस्था अथवा व्यक्ति-विशेषबाट सम्पादकलाई धम्की आइहाल्थ्यो । तत्कालीन पत्रकारहरूमा विधागत प्रवीणता र प्राविधिक सुविधाको अभाव हुँदा-हुँदै पनि जान्ने, बुझ्ने र निरन्तर सिक्दै जाने जिजीविषा थियो । आजका पत्रकारहरूलाई सबथोक "फास्टफुड" जस्तो उपलब्ध हुन थालेकाले पत्रकारहरूलाई गम्भीर अध्ययन र शोधका

लागि समय नै छैन। सबथोक "रेडिमेड" पाइहाल्छ- त्यसमा कुनै संशोधन गर्ने र टिप्पणी गर्ने समय नै छैन।

जहाँसम्म पत्रकारिताको धर्मको निर्वहनको प्रश्न छ, आज चार दशकअघिको परिवेश छैन। आज मिडिया हाउसहरूको स्थापना भइसकेको छ सिक्किममा। प्रिन्ट मिडियामा अभूतपूर्व परिवर्तन भएको छ। अफसेट प्रेसहरूको स्थापनाका लागि ब्याङ्क लोनको व्यवस्था छ। राज्य सरकार र केन्द्र सरकार (डीएभीपी) बाट मात्र होइन कार्पोरेट हाउस र निजी व्यावसायिक संस्थानबाट विज्ञापनहरूको प्रवाह निरन्तर जारी छ। सिक्किममा यसकारण आज शिक्षित युवा पत्रकारिता क्षेत्रपट्टि आकर्षित हुन थालेका छन्। अर्को कुरो, "पत्रकारिताको धर्म" र "निष्पक्षता" भन्ने कुरा वर्तमान परिप्रेक्ष्यमा प्रश्नहरूको घेरामा छन्। यो स्थिति स्थानीय नभएर राष्ट्रिय र वैश्विक परिदृश्यमा पनि एक समान पाइन्छ।

**प्रश्न : तपाईंको जीवन नै सिक्किममा बित्यो। आफ्नो कर्मभूमि सिक्किमलाई तपाईं कसरी हेर्नुहुन्छ ?**

**उत्तर** : सिक्किमबिना सुवास दीपकको कुनै अस्तित्व छैन। कुनै चिनारी छैन। कुनै ठाउँ-ठेगाना छैन। सिक्किम आएको ५६ वर्ष हुँदै छ। मेरो निर्माणमा सिक्किमको जति योगदान छ त्यति नै दार्जिलिङको पनि छ। मेरी जीवन सङ्गिनी दार्जिलिङकी थिइन्। यस अर्थमा दार्जिलिङसित मेरो पारिवारिक सम्बन्ध पनि छ। मेरी एउटी मात्र सन्तान छोरी सारिका आत्रेय मिरिक निवासी साहित्यकार दम्पती (स्व) धनवीर पुरी र (स्व) कमला राईकी बुहारी हुन्। पूर्व र पश्चिम हिमाचल प्रदेश, जम्मू-कश्मीर, अनि दक्षिण दिशाबाट पन्जाबको पर्वतीय क्षेत्रको धार ब्लकको एउटा अभेक गाउँ - तीन दिशाबाट नदी र खोला र उत्तरबाट पहाडहरूले घेरिएको क्षेत्रमा हुर्कें। आमा-बाबाको स्वर्गवास भएको धेरै भयो। दाज्यु-भाइहरूले मलाई नसोधी करोडौँको पुस्तैनी सम्पत्ति आआफ्ना नाउँमा दर्ता गराएपछि स्वतः मेरो चिन्हारी त्यहाँबाट मेटियो।

दार्जिलिङसित मेरो ५२ वर्षको पारिवारिक सम्बन्धले मेरो निर्माणमा सहयोग दिएको छ। मलाई नेपाली साहित्यमा मार्गदर्शन गरेको छ। मलाई भारतीय नेपालीहरूका इतिहास, संस्कृति र चिन्हारीको सङ्कटबारे बुझ्नमा सहयोग पुर्‍याएको छ।

सिक्किमले मलाई माया गरेको छ। मलाई बास, गाँस र सम्मान दिएको छ। मलाई हुर्काएको छ र मलाई जीवनमा सङ्घर्षको पाठ सिकाएको छ। मेरो मार्गदर्शन गरेको छ। सिक्किमका साहित्यिक संस्थाहरूले मलाई राज्यका लगभग सबै पुरस्कारले सम्मानित गरेको छ। सिक्किम सरकारले मलाई पत्रकारितामा "सिक्किम

सम्मान"-ले विभूषित गरेको छ साथै २०१८ मा मारिससमा आयोजित ११ औं विश्व हिन्दी सम्मेलनमा विदेश मन्त्रालय, भारत सरकारको प्रतिनिधिमण्डलमा सिक्किम सरकारको आधिकारिक सदस्यका रूपमा मनोनीत गरी सहभागी बनाएर मलाई सम्मानित गरेको छ।

महाकवि देवकोटा शताब्दी महोत्सवमा त्रिमूर्ति निकेतनद्वारा स्थापित "लक्ष्मीप्रसाद देवकोटा शतवार्षिकी समारोह समिति"-ले मलाई अन्तर्राष्ट्रिय नेपाली भाषासाहित्य सम्मेलन, काठमाडौंमा २२ मार्च २०१० मा नेपाली वाङ्मयको श्रीवृद्धिका लागि निरन्तर समर्पित हुँदै नेपाली भाषाको अन्तर्राष्ट्रिय विस्तारमा महत्त्वपूर्ण योगदान दिएकामा नेपाली भाषा साहित्यका अत्यन्तै लोकप्रिय स्रष्टा महाकवि लक्ष्मीप्रसाद देवकोटा शताब्दी सम्मान प्रदान गरेको छ।"नेपाली साहित्य अध्ययन समिति, कालेबुङ"-ले "नेपाली भाषा अनि साहित्यको श्रीवृद्धिका निम्ति गत पाँच दशकभन्दा अधिक समयदेखि अनुवाद र सिर्जनात्मक लेखनका माध्यमद्वारा अनवरत सेवा पुऱ्याए बापत" चौबीसौं पारसमणि पुरस्कार २०२१ प्रदान गरेको छ।

मलाई कुनै प्रकारको असुविधा छैन- किनभने मैले एउटा साहित्यकारका रूपमा, एउटा पत्रकारका रूपमा, एउटा अनुवादकका रूपमा, एक सामान्य नागरिकका रूपमा जे जति उपलब्धि पाएँ, त्यो सिक्किमकै कारण हो। मैले सिक्किम र दार्जिलिङलगायत भारतभरिका नेपाली दाज्यू-भाइको स्नेह पाएर नेपाली भाषा, साहित्य र समाजका लागि आफ्नो जीवन समर्पित गर्ने अवसर पाएँ। मेरा अग्रज, मेरा दौंतरी र मभन्दा उमेरमा साना सबै युवा साहित्यानुरागीले मलाई माया गरेबापत सबैप्रति अनुगृहीत छु, आभारी छु। यस जन्ममा म यो ऋण तिर्न सक्तिनँ। प्राप्ति अप्राप्तिको परिधिबाट म धेरै टाढा छु।

**प्रश्न : सामाजिक सञ्जालको विकास भएदेखि साहित्यकार, कवि, लेखक, पत्रकार हरूमा पनि वृद्धि भएको देखिन्छ। के यस प्रकारको विकासले साहित्यको गुणवत्तामा पनि विकास ल्याउला ? सरलाई यसबारे के कस्तो लाग्छ जान्ने इच्छा भयो।**

यस क्षेत्रमा उत्तरोत्तर वृद्धि एउटा वैश्विक परिघटना (Universal phenomenon) हो। सामाजिक सञ्जाल आजको आवश्यकता हो। आज दूरीहरू हराएका छन्। समस्त विश्व आज हाम्रा हातमा छ। हामी कुनै पनि क्षण आफ्नो इच्छाअनुसार कसैसित पनि सम्पर्क गर्नसक्छौं। विश्वज्ञानको कुनै पनि विधा तत्क्षण हामीलाई उपलब्ध छ। सामाजिक सञ्जाल परिदृश्य गत केही वर्षदेखि यति द्रुत गतिले फैलिँदै छ। यसका सकारात्मक र नकारात्मक पक्षको सूक्ष्म विश्लेषण गर्नु सम्भव छैन

तैपनि समय बित्दै जाँदा प्रत्येक थोकको गुण-दोषको निक्योंल पनि स्वतः हुँदै जाने छ। अहिले हामी यसको सकारात्मक पक्षको सदुपयोग गरौं र सृजन, अनुसन्धान तथा संरक्षणपट्टि बढी ध्यान केन्द्रित गरौं। हाम्रो समृद्ध ज्ञान-सम्पदा भाषा-बोली, लिपि, हस्तलिखित पाण्डुलिपिहरूको उचित संरक्षणका अभावले विलुप्तिको सङ्घारमा पुगिसकेको छ। त्यसको संरक्षण तथा दस्तावेजीकरणमा यी साधनहरूको सदुपयोग गरौं। साहित्यको गुणवत्ताको निरीक्षण र जाँच हेतु विशेषज्ञहरूको निर्माण गरिए यस दिशामा ठोस कार्य गर्न सकिन्छ।

**प्रश्न : सर, सिक्किमका माटो कवि भनेर परिचित जीवन थिङ आज पनि बाँचेको भए सिक्किमेली नेपाली साहित्य र राजनीतिको स्थिति कस्तो हुने थियो होला ? तपाईँ यसबारे के सोच्नुहुन्छ ?**

**उत्तर** : जीवन थीङ निःस्सन्देह अतीव सम्भावनायुक्त युवा कवि, कथाकार, वक्ता र २२-२३ वर्षको उमेरमै उग्र विद्रोही राजनीतिक टिप्पणीकार थिए। उनका कविता र कथामित्र सिक्किमको आहत आत्माको चित्कार छ, आक्रोश छ, पीडा र असहायपन छ। उनको यो असहायपन मुख्य रूपमा उनको खण्डकाव्य "नार्सिसस" र "वैतलहम सहरको हिपोपोटामस" कवितामा अत्यन्त तीक्ष्णताका साथ गुन्जिएको छ। आफ्नो समयभित्र रहेर पनि समयदेखि निस्कन कवि थीङको छटपटीले कालान्तरमा कस्तो रूप लिने थियो होला त्यो कल्पना गर्नु असम्भव छ। तत्कालीन भारतीय राजनीतिक परिदृश्य - भर्खर सिक्किमको भारतीय गणराज्यमा विलय भएको, महाशक्तिहरूको होडबाजी, ४०० वर्षको राजशाहीको अन्त्य, यस्तो अप्रत्याशित र जटिल समयमा २२-२३ वर्षको विद्रोही स्वरलाई सत्ताले निमोठ्न पनि सक्थ्यो। जीवन थिङको असामायिक निधन १९७८ को ५ जुलाईका दिन भयो। सिक्किममा दिल्लीपन्थी काजी ल्हेन्डुप खाङ्सेर्पा कठपुतली मुख्यमन्त्री थिए। समस्त शासन दिल्लीको हातमा थियो। जहाँसम्म राजनीतिमा थिङको भूमिकाको प्रश्न छ, त्यस सम्बन्धमा पनि कल्पना नै गर्न सकिन्छ। तिनी १९७९ को पहिलो लोकतान्त्रिक चुनाउपछिको नेतृत्वमा सहभागी भएर एउटा कुशल नेताको भूमिका पनि खेल्न सक्थे तर उनको प्रगतिशील विचारधाराले सिक्किमको तत्कालीन समाज र राजनीतिमा कुनै "स्पेस" पाउनु कठिन मात्र नभएर असम्भव पनि थियो। आज पनि कुनै खास परिवर्तन आएको देखिएको छैन।

**प्रश्न : सर, तपाईँले धेरैको अन्तर्वार्ता लिनुभएको छ। यीमध्ये अरू कसको अन्तर्वार्ता लिने मन हुँदा हुँदै पनि सकिनँ भन्ने लाग्छ ?**

**उत्तर** : ओकिउयामा ग्वाइन, डा. कुमार प्रधान, सुवास घिसिङ र डा. घनश्याम नेपालको अन्तर्वार्ता लिने इच्छा हुँदा हुँदै पनि व्यस्तताले, स्थिति परिस्थितिले गर्दा समय नै जुरेन ।

**प्रश्न : सिक्किमबाट प्रकाशित पहिलो हिन्दी उपन्यास 'अरण्य रोदन'लाई कतिपय समालोचकहरू उपन्यासकार स्वयम् अर्थात् तपाईंकै जीवनको अनुभवहरूको अभिव्यक्ति हो भन्छन् । के यो अनुमान सही हो सर !**

**उत्तर** : शिक्षकका रूपमा मेरो नियुक्ति सिङताम जुनियर हाइ स्कुलमा १९६७ भयो । १९७२ मा रम्फू जुनियर हाई स्कुल गएँ र १९७८ मा मैले ११ वर्षको सरकारी सेवाबाट त्यागपत्र दिएँ । यस अवधिमा एक शिक्षकका रूपमा बटुलेका अनुभवका आधारमा "अरण्य रोदन" लेखेँ । यो उपन्यास देशको शिक्षा प्रणालीका विसङ्गतिमाथि व्यङ्ग्यात्मक प्रहार हो ।

**प्रश्न : एउटा उमेर भएपछि मानिसहरू थाक्छन्, अब भयो भनेर बिसाउने कारण खोज्छन् तर तपाईं यतिका उमेरसम्म पनि आफ्नो साहित्यिक कार्यमा लागिरहनु भएको छ । यस्तो ऊर्जा, शक्ति, प्रेरणा तपाईंलाई कहाँबाट पाउनुहुन्छ ?**

**उत्तर** : ऊर्जा, शक्ति, प्रेरणा आदि कहाँबाट प्राप्त हुन्छन् ? भन्ने प्रश्नको उत्तर दिँदा मलाई कुनै सरल-सोझो उत्तर दिन गाह्रो परिरहेछ । यति मात्र भन्छु १९ वर्षका उमेरमा लेख्न सुरु गरेँ र आज ७४ वर्षका उमेरमा पनि निरन्तर अध्ययन र लेखन जारी छ । मलाई लाग्छ यो विधाताकै आशीर्वाद होला ! डा. राजेन्द्र भण्डारीले मेरो अन्तर्वार्ता लिनुहुँदा यस्तै प्रश्नको उत्तरमा भनेको थिएँ - म संस्कारले भावुक र अति संवेदनशील भए तापनि विकट परिस्थितिहरूमा पनि मानसिक सन्तुलन बनाइराख्ने मभित्र एउटा गजबको क्षमता छ । प्रख्यात नाटककार स्यामुएल बेकेटले एक ठाउँमा भनेका छन्, मानसिक सन्तुलन कायम राख्नसक्ने यो 'A game of staying saneÚ tyf …A grim business of survival amidst uncertainties' हो । परिस्थिति मेरा लागि कहिल्यै पनि अनुकूल रहेन (आज पनि छैन) । सानै उमेरदेखि म आफ्नो जन्मेको परिवेश र परिवारदेखि निर्वासन भोगिरहेको छु । कतै पनि कुनै पनि यस्तो सूत्र छैन जसले मलाई मेरो मूल थलो, मेरो पुर्ख्यौलीसित जोड्न सकोस् । म कहिले काहीँ दिशाहीनताको बोध पनि गर्छु तर यसका साथसाथै दुई समानान्तर सांस्कृतिक भावभूमिमाझमै आफूलाई पाए तापनि कहिल्यै पनि विषादको अनुभव भने हुँदैन । गम्भीरतम सङ्कटमा पनि मभित्र आस्था र आशाको दियो बलिरहेको हुन्छ । आफन्त, प्रियजनको मृत्युदेखि लिएर अन्यान्य प्रत्यक्ष र परोक्ष विकट दबाव र

परिस्थितिमा पनि मैले आफूलाई मानसिक रूपमा सन्तुलित राखेको छु ।

मैले बितेका वर्षहरूमा आफ्ना सङ्घर्ष र सफलताहरूबाट निरन्तर ऊर्जा प्राप्त गरिरहें । नकारात्मक पक्ष, जो ममाथि हावी हुन चाहन्थे ती सबैलाई सकेसम्म पन्छाएर सदैव सकारात्मक सोच लिएर तमाम पारिवारिक, शारीरिक, आर्थिक, र अन्य प्रत्यक्ष र परोक्ष चुनौतीहरूसित जुध्दै"जीवनको सङ्ग्राममा किंकर्तव्यविमूढ सामान्य अर्जुनका जीवनमा कुनै कृष्ण हुँदैन, त्यो स्वयम् पार्थ हुन्छ, स्वयम् पार्थसारथि" भन्ने सूत्र-वाक्यलाई लिएर अघि बढिरहें । मेरो विगत मसित मानसिक रूपमा बिम्बहरूमा उपस्थित छ । भौतिक रूपमा होइन । भौतिक रूपमा त्यतातिर फर्किनु असम्भव कुरो भइसकेको छ मेरा लागि । कोही पनि पछि फर्किन सक्दैन । समय बाँच्दैन पछि फर्किन, एक क्षणका लागि पनि पछि फर्कँदैन । सधैं अघि बढ्नु नै जीवनको सत्य हो । आफ्नो चेतना परेका परिस्थितिका प्रत्यक्ष र परोक्ष प्रभाव परिभाषित गर्न म असफल छु । सम्भवतः कसैले गर्न सक्दैनन् । लुडविग विट्गिन्स्टीनले भनेका छन् "That which cannot be said must not be said. That which cannot be said, one must be silent thereof."

**प्रश्न : सुवास दीपकले सुवास दीपकलाई कसरी चिनाउँछ, हामीलाई सुन्ने मन छ सर !**

**उत्तर :** यो प्रश्न पनि जटिल छ । यो चिनारी पनि काल-सापेक्ष हुन्छ । खास गरेर ती व्यक्तिहरू जसले आफ्ना जीवनमा एकाधिक वृत्ति अपनाउँछन् । अहिले म पत्रकारिता गर्दिनँ । यसकारण मलाई 'भूतपूर्व पत्रकार' भन्दा पनि हुन्छ तर म पत्रकारितालाई पनि रचनात्मक लेखनकै श्रेणीमा राख्छु । मैले गरेको पत्रकारितामा लगभग सबै विषयमाथि निरन्तर नयाँ र समसामयिक विषयहरूमा सम्पादकीय लेखें नेपाली र हिन्दीमा । यस कारण म पत्रकारिता अवधिमा आफ्नो लेखनलाई मौलिक लेखनकै श्रेणीमा राख्न मन पराउँछु । वर्तमानमा कसैले मलाई सोधिहाले "लेखक र अनुवादक" भनिदिन्छु ।

**प्रश्न : आजका युवा भोलिका आधारहरूलाई के भन्न चाहनुहुन्छ सर !**

**उत्तर :** वर्तमानका शिक्षित पिँढीमा कसैको सुझाउ सुन्ने संस्कार, समय र चासो छ ? आज तिनीहरू आआफ्ना रोजाइमा सक्षम छन् । म त तिनीहरूप्रति हार्दिक मङ्गलमय शुभकामना व्यक्त गर्दछु ।

**सिक्किम**

# राजनीतिले तोड्छ, तर साहित्यले जोड्छ



मुक्ति उपाध्याय बराल

*(असमको राजधानी गुवाहाटीमा वि.सं. २००८ फागुन २७ गते सोमबार जन्मिएका मुक्तिप्रसाद उपाध्यायको शिक्षा असमिया भाषाको माध्यमबाट शुरू भयो । उनले गणित विषयमा स्नातकलगायत नेपाली विषय लिएर स्नातक, स्नातकोत्तर र बी.एड गरेका हुन् । अभिनय र सङ्गीतमा सानैदेखि रुचि भएकाले उनले गीत लेखे अनि आफैँ सङ्गीत गरे, नानीहरूलाई सिकाए, आफैँ नाटक लेखे, मञ्चन गराए । यसरी उनी गीतकार, सङ्गीतकार, नाटककार बने अनि केटाकेटीसित रमाए । उनको पहिलो प्रकाशित कृति हो अनन्त यात्रा नाटक-सङ्ग्रह ।*

*मञ्च अभिनयदेखि उनी चलचित्रसम्म पुगेका छन् । गुवाहाटीदेखि सिलगढीसम्म आइपुग्दा उनले नेपाली, असमिया आदि गरेर १९/२० वटा जति नाटकमा अभिनय गरिसकेका छन् । सोहीअनुरूप भूल, पिया कर गावँ, माफी दाइ, म कसरी भनूँ, जीवन काँडा कि फूल आदि गरी नेपाली, साद्री, राजवंशी, बङ्गला, हिन्दी विभिन्न भाषाका ३० वटा जति चलचित्रमा उनले अभिनयलगायत पटकथा-सम्वाद लेखकका रूपमा काम गरिसकेका छन् ।*

*अथक परिश्रमी साहित्यकार श्रीपूर्णकुमार शर्माले बहुआयामिक, बहुप्रतिभाशाली, भारतीय साहित्य अकादमीद्वारा पुरस्कृत व्यक्तित्व मुक्तिप्रसाद उपाध्याय बरालसित लिएको लिखित अन्तरवार्ता यहाँ प्रस्तुत गरिन्छ । -सम्पादक)*

**पूकुश- नमस्कार सर, हजुरको बाल्यकाल र शिक्षार्थी जीवनका सम्झनाहरू त्यहाँको सेरोफेरो बताइदिनुहुन अनुरोध गर्दछु ।**

**मुउब-** नमस्कार तथा धन्यवाद । मेरो बाल्यकाल असमको गुवाहाटीमा बितेको हो । असमिया माध्यमको सरकारी स्कुल पढेर साधारण विद्यार्थीका रूपमा विज्ञानमा स्नातक गरेको हुँ । बाउआमाको कान्छो छोरो प्यारो भएकाले बा-आमासितै म धेरै हिँड्ने गर्थें । बिहेबटुलो पूजा आजामा बाको पछि लाग्थें म । गुवाहाटी शहर अनि

गाउँमा पनि छ घर । गाउँमा धान काट्ने माड्ने आदिमा पनि सहयोग गरियो । गाउँमा आफ्नै नाउँ लिएर साथीहरूसित ब्रह्मपुत्रमा माछा मार्न जाइन्थ्यो । बलौटे बगरमा खेलिन्थ्यो । बालुवामा माछा पोलेर खाइन्थ्यो । पढाइमा ठिकैको मात्रै थिएँ । संस्कृत पढाउने विचार थियो बाको । माध्यमिकमा आसामका एकजना नामी पण्डित टीकाराम उपाध्यायको कान्छो छोरो । बाउ-आमाको (एसएलसी) संस्कृतमा भन्दा गणितमा राम्रो नम्बर आएकाले विज्ञान पढ्ने सबैको सल्लाह भएकोले विज्ञानमा स्नातक गरियो ।

**पूकुश – असम गुवाहाटीमा हजुरको साहित्यिक र सांस्कृतिक जीवनको प्रारम्भिक कुरा, पहिलो प्रकाशित रचना, पहिलो अभिनय गरिएको नाटक के थियो होला, उसबेलाको नाट्याभिनयका साथीसङ्गीहरूको परिपाटी सम्झिँदा आज कस्तो अनुभूति हुन्छ बताइदिनुहुन्छ कि ?**

**मुउब –** म स्कुल पढ्दादेखि नै गुवाहाटीमा साहित्यिक वातावरण थियो । हुन त मलाई सानैदेखि अभिनय मन पर्ने हो । गाउँघरमा हुने पूजाआजामा पनि नाटक हुने गर्थे । आमा, मामा, दाजु सबै सङ्गीत नाटक प्रेमी थिए । असमका विभिन्न ठाउँबाट पढ्नका लागि गुवाहाटी आउने केही विद्यार्थीहरू हाम्रो घरमा कोठा भाडा लिएर बस्थे । उनीहरू गुवाहाटीमा हुने नेपाली साहित्यका विभिन्न गतिविधिहरूमा सामेल हुन्थे । रेडियोमा लीलबहादुर क्षत्रीज्यूले नाटकहरू पनि गराउने गर्नुहुन्थ्यो । क्षत्रीज्यू मेरो छिमेकी नै हुनुहुन्छ । घरयासी साइनो छ, त्यसैले म उहाँलाई दाइ भन्ने गर्छु । त्यसबाहेक हाम्रै घरमा बस्ने साहित्यिक लोकनाथ उपाध्याय चापागाईं, गोपाल नेवार, नरबहादुर शाही, दुर्गा मिश्र आदिले रेडियोमा नाटक र अन्य कार्यक्रमहरू पनि गर्ने गर्थे । म उनीहरूको पछि लागेर प्रायः सानैदेखि रेडियो स्टेशन जान्थेँ । रेकर्डिङ रूममा बसेर स्टुडियो रूममा हुँदै गरेको रेडियो नाटक हेर्थेँ । रमाइलो पनि लाग्थ्यो अनि हाँसो पनि उठ्थ्यो । हाँसो उठ्ने कारण के थियो भने, खै खै कत्तिको ज्वरो आएछ भनी कलाकारहरू सम्वादसँगै पात्रको निधार नै छाम्न पुग्थे । रेडियो नाटक त देखिने कुरो होइन । त्यसर्थ निधार छाम्न किन गएको होला जस्तो लागेर हाँसो उठ्थ्यो मलाई ।

अभिनय मन पर्ने हुनाले गुवाहाटीमा विभिन्न समयमा हुने हिन्दी, असमिया, अङ्ग्रेजी नाटकलगायत चलचित्र निकै हेरिन्थ्यो । मैले स्कुले जीवनमा नै असमका विभिन्न थिएटरकै नाटकहरूलगायत अन्तर्राष्ट्रिय नाटक फ्रेङ्केस्टाइन, टाइटेनिक आदि पनि हेरिसकेको थिएँ । कतै नाटक मञ्चन भएको थाहा पाए कुदिहाल्थेँ म ।

अल गुवाहाटी स्टुडेन्ट युनियनको मिटिङहरूतिर म प्रायः गइरहन्थेँ । यूनियनका मिटिङहरूमा डा. भीमकान्त उपाध्याय, धनपति उपाध्याय, हरि शर्मा, दुर्गा मिश्र, गोपाल नेवार, लोकनाथ छेत्री, मनोहर शर्मा (धेरैको नाम बिर्सिएँ) आदिसित मेरो भेट त्यतिबेलै भएको हो । कलेज पढ्ने हुँदा अविनाश श्रेष्ठ, बादल सुवेदी, गोपाल बहादुर नेपाली, शिव छेत्री, किशोर गिरी, देवी उपाध्याय, लक्ष्मी उपाध्याय, चम्पा गुरुङ, पार्वती शर्मा आदि सबै छात्र सङ्घका सक्रिय सदस्य बनिएका थिए। कलेज पढ्ने हुँदा अविनाश श्रेष्ठ, बादल सुवेदी, गोपालबहादुर नेपाली, शिव छेत्री, किशोर गिरी, देवी उपाध्याय, लक्ष्मी उपाध्याय, चम्पा गुरुङ, पार्वती गुरुङ आदि सबै छात्र सङ्घका सक्रिय सदस्य बनिएका थिए । चलचित्र च्यारिटी गरेर हामीले गोर्खा स्कुललाई आर्थिक सहयोग पनि गरेका थियौँ । हामीमा त्यतिबेला युवा जोश थियो । अविनाश र गोपाल साहित्य लेखनमा प्रवेश गरिसकेका थिए । हाम्रो त्यो समूह प्रेमसिंह सुवेदी र गोपाल नेवारको सम्पर्कमा आयो । प्रेमसिंह सुवेदी भनेका धुरन्धर नाटककार हुन् । उनले सन् १९४८ देखि नै विजय यात्रा नाटक लिएर गुवाहाटीमा नेपाली नाटकमा एउटा क्रान्ति नै ल्याएका थिए । प्रेमसिंहले हाम्रो युवासमूहलाई नाटक गर्न अभिप्रेरित गरेर गोपाल नेवारको सक्रियतामा नेपाली कला परिषद् भन्ने एउटा संस्थाको पनि नामकरण गरियो । सन् १९७१ मा प्रेमसिंह सुवेदीद्वारा लिखित नाटक भ्रातृ रेखा गुवाहाटीको जिल्ला पुस्तकालय भवनमा भव्यताका साथ तिहारको दिन मञ्चन भएको थियो । त्यो टिकट काटेर हेर्नुपर्ने नाटक थियो । गुवाहाटी, गान्धी बस्तीका कहिल्यै नाटक नगरेका अनुभवहीन नयाँ पुस्तालाई एक महिनासम्म गोपाल नेवार र नाटककार प्रेमसिंह सुवेदीले अभिनय सिकाउने भगीरथ प्रयास गरेका थिए । हाम्रो आत्मबल बढेको थियो । मनबहादुर शाही, दुर्गा छेत्री, उमा शर्मा, मुक्ति उपाध्याय, लालीसिंह, अशोक नेवार, नरबहादुर छेत्री, रतन शर्मा, मोहन शर्मा, राम बराल आदि कलाकारहरूले त्यस नाटकमा अभिनय गरेका थिए भने अभिनय नगरे तापनि सहयोगी मित्रका रूपमा अविनाश श्रेष्ठ पनि हाम्रो साथमा थिए । सङ्गीत किशोर गिरीको थियो । हामी कलाकारहरूले दिनभरि टिकट बेचेर साँझ रिहर्सल गर्ने गर्थ्यौँ । त्यस नाटकमा म नारदको भूमिकामा थिएँ । यसरी गुवाहाटीमा नेपाली, असमिया, हिन्दी नाटक गरियो । नेपाल बैधुन्धुरा र चन्द्रगढीमा शिक्षकता गर्दा पनि विद्यार्थीहरूलाई नाटक गराएँ । सिलगढीमा गराएँ । विद्यार्थीबाट विभिन्न ठाउँमा नाटक प्रतियोगिता हुँदा नाटक चाहिने भयो र नाटक लेख्न थालेँ ।

**पूकुश – कस्तो परिवेश र परिस्थितिले हजुर असमदेखि पश्चिम बङ्गालसम्म**

**जानुपर्ने भयो, उता जीवन जीविका रहे पनि असममा पनि उत्तिकै सक्रिय रहँदै आउनुभएको हजुरले, उहाँको र यहांको परिवेशलाई तुलना गर्दा हजुरलाई बढी कताको सम्झना हुन्छ र किन ?**

**मुउब –** घर्‌यासी परिवेश नै भन्नुपर्ला । सिलगढीमा मेरी ठुलीआमाका छोराहरू थिए । अहिले पनि छन् नाति नातिना र ज्वाईंहरू । सिलगढीको पुरानो नेपाली स्कुल कृष्णमायामा दरबन्दी खाली हुँदा दाइहरूले मलाई सम्झे । म आएँ अन्तर्वार्ता दिएँ अनि मैले नै सो जागिर पाएँ । यसरी म गुवाहाटीदेखि सिलगढी आएको हुँ । यसको सम्पूर्ण विवरण मैले मेरो संस्मरण बुच्के छपडीमा लेखेको छु । गुवाहाटी र असम र सिलगढीको परिवेश परिस्थिति फरक त छ । समाज परिवेश त आफू गुणा पनि हुन्छ । राम्रो लाग्छ । सिलगढीमा केहीले मेरो आरिष गरे तापनि धेरैले मलाई स्वागत गरे, मन पराए । हुन त जन्मिएको हुर्किएको ठाउँ सबैभन्दा प्यारो र रहरलाग्दो हुन्छ ।

**पुकुश – हामीलाई लाग्छ, साहित्य सिर्जनाको प्राय: सबैजसो पाटा सबै विधामा यहाँ पुगिसक्नुभएको देखिन्छ, कथा, कविता, निबन्ध, नाटक, बाल साहित्य उपन्यास, चित्रनाट्य, नियात्रा, व्यङ्ग्य साहित्य आदि विविध विधामा कलम चलाएर पनि उत्तिकै नाटक र सिनेमामा अभिनयमा पनि उपस्थित हुनुभएको देखिन्छ, एउटै जीवनमा यत्रो औधी प्रतिभाको चमत्कार देखेका हामीले यस्को जागतिक रहस्य के हो भन्ठान्नुहोला ?**

**मुउब –** खै मैले के भन्ने ? म कसरी आख्यानकार बनिन पुगेँ सोचेर ल्याउँदा मलाई अचम्मै लाग्छ । लेख्न र पढ्न भनेपछि जाँगर नचल्ने मानिस म । त्यसबेला हिन्दी, नेपाली, असमिया गीत सुन्न गुनगुनाउन अनि गुवाहाटीमा हुने विशेष गरी असमिया नाटक म धेरै हेर्थें । कहिले काहीँ हुने हिन्दी र नेपाली नाटक पनि मबाट छुट्‌दैनथे । सिनेमाको त कुरै नगरौँ, कति हेर्थें कति । सङ्गीत र अभिनय मलाई सानैदेखि मन पर्‍यो । रहरले गाउने पनि गर्थें । गाउने क्रममा गुवाहाटीको रेडियोको नेपाली कार्यक्रमका लागि गायनमा छनौट भएर केही गीत गाएको पनि छु । रेडियोमा मौलिक नयाँ गीत गाउनु पर्ने । तर गीतकारले गीत लेखेर त्यसलाई सङ्गीतकारले सङ्गीत गरेका नेपाली गीत मेरा लागि उपलब्ध गराउने व्यक्ति त्यतिबेला पाउन दुर्लभ थियो । त्यसैले जसै तसै आफैं गीत लेखेर जाजी नजानी सङ्गीत गरेर गुवाहाटी रेडियोमा गीत गाउने काम टार्ने गर्थें । विभिन्न सांस्कृतिक कार्यक्रम र पिकनिक जस्ता सामूहिक भेलाहरूमा गीत गाउन पछि सर्दैनथेँ । त्यति नै । घरको परिवेश र त्यतिबेलाका कतिपय सामाजिक परिपाटीले

गर्दा गायन कलाको शिक्षा लिन पाइएन, न त अभिनय कलाको । स्कुले जीवनदेखि नै नाटक अभिनयमा अघि सरेँ । मेरो संस्मरण सङ्ग्रह बुच्के छपडी नामक पुस्तकमा मेरो नाट्य यात्राबारे उल्लेख गरिसकेकाले त्यसबारे यहाँ बेलिविस्तार गर्नेतिर लागिनँ ।

स्कुले जागिरमा पसेर विद्यार्थीहरूलाई गीत-नाटक सिकाउने क्रम नै मेरो नाटक लेखनको आधार बनिन पुग्यो । विज्ञानको छात्र भएकाले मलाई सानैदेखि विज्ञान कथा मन पर्थे र भेटेजति पढ्थेँ पनि । त्यसैले विज्ञानमा आधारित नाटक पनि लेखेको छु। मेरो पहिलो नाटकसङ्ग्रह अनन्त यात्रामा तीनवटा विज्ञान नाटक परेका छन् । मैले लेखेका तीनवटा विज्ञान उपन्यास प्रकाशित भइसकेका छन् । ती हुन हिमाली (२००६), मालती (२०११) र कान्छी (२०१९) । खै कसरी हो कुन्नि मालती उपन्यासले सन् २०१५ को साहित्य अकादेमी बाल साहित्य पुरस्कार पनि पाउन सक्यो । त्यसबाहेक केही निबन्ध र समीक्षाका पुस्तकहरू पनि प्रकाशित हुन सके । अनुवाद कर्ममा पनि लाग्ने मौका पाएर केही पुस्तक प्रकाशित भएका छन् साथै सम्पादनका केही कार्यहरू गर्ने पनि सौभाग्य पाएँ । यसरी थोरै भए तापनि मेरो बुद्धि पलाउँदै गयो र यसो अलि अलि पढन थालेँ । मलाई लेख्नका लागि जाँगर चलाउने साहित्यकार हुनुहुन्छ पद्मश्री सानु लामा र डा. गोविन्दराज भट्टराई । लेखनमा उहाँहरूले मेरो पुच्छर बटार्नुहुन्छ अनि म कुद्छु । त्यति नै ।

**पूकुश - हजुरले धेरै वर्षसम्म"साउती" अन्तर्राष्ट्रिय हाँस्यव्यंग्य पत्रिका चलाउनुभयो, नेपाल र भारतका विभिन्न सहरमा कविहरू भेला पारेर यस्को कार्यक्रम सफलताका साथ सम्पन्न गराउनुभयो, व्यङ्ग्य साहित्यको उत्थानमा साउतीको देन स्वर्णाक्षरले लेखिनुपर्ने हो, यस विषयमा हजुरको भनाइ के कस्तो छ ?**

**मुउब-** हास्यव्यङ्ग्यलाई तल्लो स्तरको अश्लील साहित्य भनेर हाम्रो समाजमा अवहेलना गरेको पाएँ । तर हिन्दी साहित्यमा यसको कदर धेरै उच्च देखेँ । टीभीमा हिन्दी हास्यव्यङ्ग्य कविताले उच्च स्थान पाएको देखेँ । सिलगढीमा पनि भारतका विभिन्न ठाउँबाट कविहरू निम्त्याएर हिन्दी हास्यव्यङ्ग्य कविगोष्ठी गर्ने गरिन्छ । तर नेपालीमा त्यस प्रकारको कविगोष्ठी भएको पाइनँ । अवहेलित देखेँ । यस विधालाई सम्मान प्रदान गराउने विचारले साउती हास्यव्यङ्ग्य कविगोष्ठी वर्ष डेढ वर्षमा एक पल्ट विभिन्न ठाउँमा गर्ने आँट केही साथीभाइको सहयोगले बटुलेँ । तीन चार महिना अघिदेखि नेपाल भारतका हास्यव्यङ्ग्य कविहरूबाट कविता आह्वान गर्थेँ । कविता आएपछि साथीभाइहरूको सहयोगले छनौट गर्थेँ । धेरैमा १५ वटा कविता छनौट

गरिन्थ्यो । कहिले १० वटा मात्रै पनि भए । विशिष्ट साहित्यकारबाट कविताहरूको समालोचना लेखाएर कविगोष्ठीको दिन, बार, गतेसमेत तोकेर सम्पादकीयका साथ पुस्तक प्रकाश गर्थें । कविहरूलाई कविगोष्ठी हुने दिन, बार र स्थान तोकेर निम्तो गरिएको हुन्थ्यो । आउन नसक्ने कविहरूको कविता पुस्तकमा समावेश हुँदैनथ्यो । सो कविगोष्ठी सिलगढीबाट शुरू गरेर नेपालको झापा, काठमाण्डू, सिक्किम, असमका विभिन्न ठाउँलगायत दिल्लीमा पनि भयो । साउतीको विशेषता के थियो भने, त्यसै दिन साउती अङ्कको विमोचन उपस्थित सम्पूर्ण दर्शकका हातमा साउतीको अङ्क दिएर दर्शकका हातबाट विमोचन गराइन्थ्यो । अनि त साउतीका सभापतिका बाहुलीबाट चिट्ठा तानेर त्यस अनुसार कविहरूलाई पुस्तकमै भएको कविता पाठ गर्न लगाइन्थ्यो । नयाँ कुनै कविता होइन अनि त्यसै दिन आएका कविहरूलाई पनि कविता पाठ गर्नदिने चलन थिएन । साउती पुस्तक दिँदा त्यसका साथमा सादा कागजको पन्ना एउटा पनि दर्शकहरूलाई दिइएको हुन्थ्यो । दर्शकले सम्पूर्ण कविता पाठ सुनिसकेपछि आफूलाई मन परेको कविता, कवि र आफ्नो नाम लेखेर आयोजकलाई बुझाउनु पर्थ्यो । दर्शकले सबैभन्दा धेर मन पराएका तीनजना कविहरूलाई छनौट गरेर प्रमाण पत्रसहित थोरै पुरस्कार राशि प्रदान गर्ने गरिन्थ्यो । साथै सबैभन्दा धेर मन पराएर पठाएको चिट्ठाबाट तीनवटा चिट्ठा तानेर त्यसमा परेका तीनजना दर्शकलाई पनि दर्शक प्रमाणपत्र र थोरै पुरस्कार राशि प्रदान गर्ने चलन बसेको थियो । यसमा दर्शकको सभागिता ठुला हुन्थ्यो । यो सोच सबै मेरै थियो । साउती कविगोष्ठी व्यापक चर्चामा आएको थियो । तेह्र वर्षसम्म गरिएछ । वर्षैभरि कविता आउने गर्थे । कविता छनौट गर्न गाह्रो पर्थ्यो । कोरोनाको त्राहिले सबै भताभुङ्ग पार्‌यो । तीन चार वर्ष त्यसबारे सोच्न पनि पाइएन । कोरोनापछि समय मिलाएर गरौँला भन्ने पनि थियो । नोकरीबाट अवकाश पाएपछि वार्धक्यले छोएर मेरो शरीर पनि अस्वस्थ हुन थाल्यो र जोश जाँगर मरेर गयो । खर्चले पनि पुर्‌याउन नसकिने भयो । हुन त सहयोगका हातहरू त धेरै अघि सरेका हुन् । गरौँला भन्ने विचार नभएको होइन । हेरौँ भविष्यले के भन्छ ? बडो जोश र जाँगरका साथ सिलगढी काठमाण्डू, सिक्किम र दिल्लीसम्म साउतीका लागि धाएर सहभागी बन्नुहुन्थ्यो तपाईँ शर्माज्यू । साउती प्रसङ्ग निकाल्नु भएकामा धन्यवाद छ ।

**पूकुश – जागिरे र शैक्षिक जीवनका केही झलकहरू पाठक समक्ष पेश गरौँ होला ?**

**मुउब** – बडो गजब प्रश्न सोध्नुभयो हजुरले । शैक्षिक जीवनमा आफू साहित्य लेख्न नजाने पनि भाषा, साहित्यका लागि धेरै कुदियो । गीत नाटक त मलाई मन

पर्ने विषय नै थिए। गीत गाइयो, नाटक गरियो। गुवाहाटी रेडियोमा पनि मैले गीत गाएँ। सबै कुरा भन्न जाँदा धेरै लम्बिन्छ हजुर। प्राइमरी स्कुल पढ्दादेखि नाटक गर्थें। मेरो संस्मरणसङ्ग्रह बुच्के छपडी, संस्मरण गुच्छ आदि पुस्तकहरूमा मैले आफूबारे धेरै कुरा लेखेको छु। एउटा कुरा चाहिँ म के अनुभव गर्छु भने मलाई भगवान्‌ले "तँ मास्टर नै हुनू" भनेर छाप लगाएर पठाएका थिए होला। त्यसैले बिएस्सीको परीक्षा सकेर मलाई गुवाहाटीको गोर्खा एम.इ. स्कुलमा मास्टर भएर पसें। सँगसँगै गुवाहाटीको नाइट हाइस्कुलमा पनि पढाएँ। म पनि गीत, नाटक मन पराउने मान्छे। स्कूलमा हुने भानजयन्ती वा त्यस्तै हरएक सांस्कृतिक कार्यक्रमहरूमा मैले नै केटाकेटीरूलाई गीत नाटक नृत्य सिकाएर तयार पार्थें। मरो मन केटाकेटीको जस्तै थियो। हुन त अहिले त्यस्तै छु। यसरी म केटीकेटीसित धेरै रमाइलो गर्थें। अनि बडो यत्नका साथ पढाउँथे पनि। यो गणित विषय भनेपछि विद्यार्थीले भूतै बराबर देख्थे। त्यो भूत उनीहरूको मनबाट हटाउने अनेकौं तरिका अपनाउँथे। अचम्म लाग्छ होला पूर्णजी तपाईंलाई गणितलाई पनि सङ्गीतमय पारेर पढाउँने प्रयास गर्थें। घुमन्ते जातिको विशेषता बोकेको मानिस भएकाले म गुवाहाटीबाट मास्टर नै भएर नेपाल पसें। नेपालको स्कुलमा चार वर्ष पढाएपछि सिलगढी आएर मास्टर नै भएँ अनि चौंतीस वर्ष सिलगढीमा बिताएँ। केटीलाई विभिन्न कार्यक्रम र प्रतियोगिताहरूमा सहभागी गराउनका लागि गीत सिकाएँ, आफैं नाचेर नृत्य सिकाएँ, नाटक गराएँ, नाटक खेलें, नाटक लेखें। साहित्य लेख्नै नजान्ने र लेख्न भनेपछि अल्छी गर्ने मान्छे म नाटक गराउने जोशमा नाटककार बनिएँ। गजब लाग्छ सोचेर ल्याउँदा। सिनेमा पनि खेलियो। पटकथा सम्वाद पनि लेखियो। पछिल्लो चलचित्र जीवन काडाँ कि फूल मैले नै पटकथा र सम्वादले सजाएको हुँ। कति के भनौं पूर्णजी। तपाईंका प्रश्नले गर्दा अब त संस्मरण लेख्नु पर्ला भन्ने सोचाइ आयो। धन्यवाद!

**पूकुश – आजको साहित्य र समाज, आजको युवा वर्ग र साहित्य के कस्तो हुँदै छ होला ? सही र उचित मार्गको, विकल्पको केही दिशा निर्देश दिनुहुन अनुरोध गर्दछु।**

**मुउब –** मलाई लाग्छ अहिलेका हाम्रा युवावर्ग उच्चशिक्षित छन्, संसारलाई पढेका छन्, चिनेका छन्, बुझेका छन् अनि सचेत छन्। आफ्नो भाषा साहित्यलाई माया गर्नुपर्छ र त्यसको विकासमा काम गर्नुपर्छ भन्ने भावना पलाएको छ। अहिलेको साहित्य पुराना बाटालाई छोडेर नयाँ नयाँ गोरेटाहरूमा विचरण गर्ने गरेको देखिन्छ। साहित्यका पुराना महलहरूको ठाउँमा नयाँ र नौला महल खडा गर्ने जमर्को रहेको देखिन्छ। म भनेको

पुरानै खेतको मैदानमा आफ्नै पाराको बीउ छरेर अन्न फलाउने मान्छे हुँ । आफ्नो भाषा साहित्यलाई माया गर्दै विश्व साहित्य अध्ययन गर्ने युवावर्गले साहित्यमा गर्दै गरेको कार्य देख्दा मलाई त गर्वबोध हुन्छ ।

**पूकुश – साहित्य साहित्यको निम्ति कि साहित्य मानिसको निम्ति, आज नेपाली साहित्यको स्तरीयताभन्दा हामीले के बुझ्नुपर्छ होला ?**

**मुउब** – साहित्य त्यो हो जसले समाजको यथार्थको चित्रण गराउँदै समाजको सत्यसित परिचय प्रदान गर्छ भन्ने कुरा नै सहित्यको सर्वमान्य परिभाषा मानिन्छ । त्यसैले साहित्यलाई समाजको दर्पण पनि भनिन्छ ।

**पूकुश – यत्रो विशाल साहित्य सृजनाभित्र हजुरलाई, झुकाव र आकर्षण कुन विधामा रहेको छ, कवि, नाट्यकार, औपन्यासिक के भनेर चिनाउन चाहनुहुन्छ, अलिकति भनि दिनुहोला ।**

**मुउब** – नाटकप्रति धेर झुकाउ छ भन्ने कुरा हजुरलाई थाहा भइहाल्यो । कविता त साह्रै लेखिनँ । लेखैं केही कविता । तर मैले लेखेका कविता म आफैलाई मन पर्दैनथे । त्यसर्थ कविता लेख्नै छोडेँ । बेला बेला गीत लेख्छु । सङ्गीत पनि पो भर्छु । मेरा आफ्नै सङ्गीतका तीन-चारवटा एलबम छन् । रामकृष्ण ढकाल, थुप्देन भुटिया, सिन्धु मल्ल, पेमा लामा आदि गायक कलाकारले गाएका छन् मेरा गीतहरू । त्यसो त म आफैले पनि गाएको छु । सुन्नुभएको होला तपाईंले ?

**पूकुश – हजुर सुनेको छु । राम्रा छन् हजुरका गीतहरू । पारिवारिक विष( यमा व्यवहारमा साहित्यिक सांस्कृतिक व्यक्तित्व हिसाबले कतिको साह्रो गाह्रो झेल्नुपर्ने भयो कि अथवा सहयोगिता र प्रेरणा पाएको अनुभव गर्नुहुन्छ ?**

**मुउब** – निम्न मध्यवर्गीय परिवारमा जन्मेपछि परिवारको हेरचाह गर्नु, आफ्ना सन्तानलाई उचित शिक्षा दिनसक्नु ठुलो जिम्मेवारी हो । ती जिम्मेवरी पूरा गरेर मात्रै हामीले साहित्य सेवातिर समय उबार्नु पर्दो रहेछ । पारिवारिक संस्कारले साहित्य र समाजको आवश्यकताबारे ज्ञान दिन्छ र सहयोगिता र प्रेरणा स्वतः प्राप्त हुन्छ । मुढे बल जबरजस्तीले साहित्य सेवा हुन्छ जस्तो मलाई लाग्दैन भन्ने मलाई अनुभव हुन्छ ।

**पूकुश – एकजना प्रवुद्ध साहित्यकारका हिसाबले, सरकार र समाजले कतिको आदरभाव देखाएका छन्, आउने पिंढीका निम्ति साहित्य क्षेत्रमा के कस्तो उपदेश परामर्श दिनुहुन्छ ?**

**मुउब–** राजनीतिले तोड्छ तर साहित्यले जोड्छ । सरकारले राजनीतिक स्वार्थ हेरेर अघि बढ्छ जस्तो मलाई लाग्छ । समाज भनेको त आफ्नो जातिको चिनारी हो । समाजले कुनै पनि विधाका हाम्रा प्रतिभाहरूलाई सम्मान गर्नु भनेको आफ्नू जातिलाई सम्मान गरेको बुझिन्छ। समाजले हरएक साहित्यकारलाई आदरभाव गरेकै पाइएको छ ।

मैले अघि नै भनिहालेँ हाम्रा युवावर्ग सचेत छन् । मैले भनिरहनु पर्दैन अक्षर लेख्ने रहरले मात्रै पनि पुग्दो रहेनछ । साहित्य, परिवेश, परिस्थिति, भाषा आदि सबैसित हातेमालो गरेर सम्यक् अध्ययन गर्नसक्नु पर्दोरहेछ अनि मात्रै निःसृत सृजना प्रभावकारी बन्ला भन्ने मेरो विचार छ। अक्षर थुपारेर मात्रै त भएन नि ।

**पूकुश – नेपाली साहित्य भन्दै असमको माटोमा लडिबढी गर्दै हिंड्ने एकजना साहित्य प्रेमीको नाताले हजुरसँग धेरै पुरानो र आत्मीयताको सम्पर्क रही आएकोले, यो पंक्तिकारले देखेको यत्रो विशाल प्रतिभाशाली साहित्यिक व्यक्तित्वप्रति हार्दिक बधाई, अभिनन्दन र सलाम छ ।**

**यत्रो प्रतिभाको धनी, तर अत्यन्त सहज सरल, मिलनसार, निरहंकार, सबैसँग सहकार्य गर्न अरूको पनि उत्तिकै उन्नति प्रगति होस् भनी कामना गर्न सक्ने, यो दुर्लभ व्यक्तित्व आज हाम्रो बीचमा जीवित र सक्रिय रहँदै आउनुभएको छ ।**

**अचम्मको कुरा के छ भने चारकोरी वर्ष धान्नै लागेका बराल सरले दुई सय बीस पृष्ठको उपन्यास 'पदचिन्ह पहिल्याउँदै' 'समीक्षा गुच्छ' 'संस्मरण गुच्छ' र 'सन्थाली लोककथासङ्ग्रह' अनुवाद ग्रन्थ हालैमा प्रकाशित गरिसक्नुभएको छ । नेपाली वाङ्मयको यस्तो हुनहार साहित्य सर्जकको समयोचित स्वीकृति र मूल्याङ्कन भएको सबैको चाहना हो, उहाँको सक्रिय निरोगी र दीर्घजीवनको कामना गर्दछु र उत्तरपिढीले उहाँको रचना समग्र र अभिनन्दन ग्रन्थ प्रकाशनको कार्य गर्न सके यो जातिको निम्ति गौरव गाँथा बनिने छ, उहाँको अन्तर्वार्ता लिन र पाठक समक्ष पुऱ्याउन पाएकोमा म आफैलाई सौभाग्यशाली ठान्दछु, अन्त्यमा बरालको सुस्वास्थ्य एवं दीर्घायुको कामना गर्दछु । नमस्कार ।**

**असम**

# साहित्य जीवनको मार्गदर्शक हुनुपर्छ



✍ लीलबहादुर क्षत्री

*(उपन्यास भन्नासाथ धेरैले 'बसाइँ' नाम लिन्छन् । पाठ्यक्रममै राखिएको उक्त कृति सर्वाधिक लोकप्रियमध्ये पर्छ । नेपाली परिवेश उदिनिएको यस कृतिका स्रष्टा लीलबहादुर क्षेत्री यस्ता सिद्धहस्त साहित्यकार हुन् जसले साहित्यका सबैजसो विधामा उत्तिकै सशक्त कलम चलाएका छन् । उपन्यास, नाटक, कविता, निबन्ध, कथा, समीक्षा - समालोचना हरेकमा उत्तिकै अब्बल छन् उनी । उपन्यासै चारवटा लेखेका छन्, प्रत्येकका विषय- आयाम पृथक् छन्- 'बसाइँ', 'ब्रह्मपुत्रको छेउछाउ', 'अतृप्त' र 'प्रतिध्वनिहरू विस्मृतिका' । उनको उपन्यास 'बसाइँ' को एक पाठ 'बेंसी' लाई माइकल हटले अंग्रेजीमा अनुवाद गरी नामकरण गरेका छन्- 'माउन्टेन्स पेन्टेड विथ टर्मेरिका' अर्थात्, 'व्यथै व्यथाले रँगिएको पर्वत' । उमेर उकालो लाग्दै गए पनि उनी लेखन सक्रियतामै छन् । अझै केही ग्रन्थ निकाल्ने योजनामा छन् । प्रस्तुत छ - ९१ वर्षीय बहुमुखी लेखनजीवी क्षेत्रीसँग असमको गुवाहटीस्थित उनकै निवासमा अखण्ड भण्डारीले हालै गरेको कुराकानीको सम्पादित अंश- यस अंशलाई हामीले २०८० सालको पुस २१ गते शनिवार अन्नपूर्णमा प्रकाशित अन्तर्वार्तालाई साभार जस्ताको तस्तै उद्धृत गरेका छौं । -सम्पादक)*

**भारतमा जन्मिएर बसेर नेपाली भाषामा धेरै गतिला, खँदिला र लोकप्रिय कृति लेख्नुभयो । यसको पृष्ठभूमि के हो ?**

मेरो जन्म गुवाहटीमा भयो । तर, म पहाडी ठाउँ सिलङमा हुर्किएँ । त्यहाँ उनीहरूको भाषा हामीले नबुझ्ने, हाम्रो उनीहरूले नबुझ्ने हुन्थ्यो । पुरानो नेपाली समुदाय रहेको त्यस ठाउँमा नेपाली पढ्ने व्यवस्था थियो । मन्दिर थिए । नेपाली पुस्तकका दोकान थिए । त्यो परिवेशले मलाई नेपाली जातिप्रति मोह जगायो । एमएसम्म नेपाली पढ्ने अवसर पाएँ । केही त घरेलु परिवेशले पनि हुन सक्छ ।

**घरेलु परिवेश चाहिँ कस्तो थियो ?**

पिताजी हुन त पुलिसमा हुनुहुन्थ्यो । डीएसपीमा अवकाश ग्रहण गर्नुभयो । नेपाली

जीवनशैलीभित्रै हुनुहुन्थ्यो । गायत्री जप्नुहुन्थ्यो । रामायण पढ्नुहुन्थ्यो । माताजी पनि सँगै हुनुहुन्थ्यो । जसको प्रभाव परिवारमा पर्‍यो ।

सामाजिक र पारिवारिक परिवेश नै लेखनका पर्याप्त आधार हुन् ? लेख्ने कुरा वास्तवमा 'गड गिफ्टेड' (जन्मजात प्राप्त हुने क्षमता) हो। प्रकृतिले दिएको गुण । जस्तोः कसैले मेहनत गरेर गीतको गेडा त निकाल्ला तर गाउन स्वर चाहिन्छ नै । नत्र सबै तारादेवी हुने थिए।

**प्रश्न : तपाईंको हकमा ?**

म सिलङमै कक्षा ८ मा पढ्दा सन् १९४९ मा 'शिव स्तुति' भन्ने भजन कविताको बुकलेट छापेको थिएँ । त्यसबाट उत्साह र प्रेरणा थपिँदै गयो । लेख्ने क्रम बढ्दै गयो ।

जतिबेला लेख्न थाल्नुभयो, छाप्न कतिको सजिलो थियो ? सिलङमा एउटा प्रेस थियो- वाणी प्रेस । मैले त्यसमै छापें । पुस्तकको मूल्य थियो ६ पैसा । ३ सय छाप्न १५ रूपैयाँ लागेको थियो ।

**त्यो पैसा कहाँबाट आयो ?**

टिफिन खाने पैसा जोगाएर राखेको थिएँ । त्यही खर्च गरें ।

**त्यो कस्तो भजन थियो ?**

हिन्दीमा ओम् जय जगदीश हरे भन्ने भजन सर्वत्र प्रचलनमा थियो। त्यस्तै भजन नेपालीमा किन नहुने ? भनेर मैले लेखेको हुँ। बिक्री पनि राम्रै भयो । उसबेला पत्रपत्रिकामा पनि कृतिहरू छपाउनुभयो होला ?

पत्रिकामा कृति छापिँदा नाम आउँदै पनि प्रोत्साहन हुन्थ्यो त्यस बखत । पत्रिकाहरूमा मेरा पनि निकै कथाहरू छापिए । बनारसबाट निस्कने पत्रिका 'युगवाणी' मा सन् १९५२ मा मेरो कथा 'कर्तव्य' छापियो । १९५५ मा कविता छापियो । कालिङपोङबाट 'गोर्खा' पत्रिका निस्कन्थ्यो । त्यसमा पाँचवटा कथा छापिए । मेरो पहिलो निबन्ध 'आसाममा गोर्खाली' पनि त्यसमै छापियो । ६० वर्षभन्दा अघिदेखिका त्यस्तै निबन्ध समेटेर अहिले संग्रह प्रकाशन गर्ने तर्खरमा छु ।

**पुस्तक प्रकाशन कत्तिको सहज जटिल थियो ?**

त्यसको त कुरै नगरौं । सहज कहाँ हुनु र ? 'कहिले नफुक्ने गाँठो' कथासंग्रहका कतिपय कथाहरू पाठ्यक्रममा समाविष्ट थिए । पहिलो संस्करण सकिएपछि कसैले छाप्न चासो लिएनन् । हामीले नै प्रकाशन गर्न कर लाग्यो । २० वटामा अरू ९ कथा

थपेर नयाँ संस्करण बनायौँ । जे भयो, राम्रै भयो ।

**तपाईंले उपन्यासै चारवटा लेख्नुभयो- 'बसाइँ', 'ब्रह्मपुत्रको छेउछाउ', 'अतृप्त' र 'प्रतिध्वनिहरू विस्मृतिका' । सबैका प्रकृति फरक-फरक छन् । तीमध्ये 'बसाइँ' सर्वाधिक लोकप्रिय हुनुको कारण के लाग्छ ?**

एक नम्बर त 'बसाइँ' मा जनजीवन दुरुस्त उतारिएको छ । त्यस समयमा त्यसको कदर हुनु स्वाभाविक थियो । नेपालमा शासन व्यवस्था पनि त्यस्तै थियो । त्यसमाथि त्रिभुवन विश्वविद्यालयले पाठ्यपुस्तकमा राखिदियो । प्रमाणपत्र तहमा विद्यार्थी धेरै हुने । सानो किताब सबैले किने । 'अतृप्त' पनि यहाँ (असममा) पाठ्यक्रममा छ । तर, स्नातकोत्तर तहमा । विद्यार्थी कम हुन्छन्, कम बिक्छ । दोस्रो कारण - 'बसाइँ' एकै बसाइमा पढिसकिने सानो छ ।

**यसको लेखन पृष्ठभूमि के हो ?**

तत्कालीन युद्धका कारण असम, सिलङबाट म झन्डै १० महिनाका लागि पितृथलो तेह्रथुम गएँ । त्यहाँ बस्दा मैले देखेबुझेको जनजीवन मनमा बुनेर ल्याएको थिएँ । त्यसलाई सर्लक्कै उतारेर नेपालीपन दिएको छु यसमा । तर, यो पूरै परिकल्पित उपन्यास हो ।

**तपाईंलाई आफूले लेखेका कृतिमध्ये लोकप्रिय भएको 'बसाइँ' नै उत्कृष्ट लाग्छ कि अरू कुनै ?**

गुणवत्ताको दृष्टिबाट वा आफ्नै दृष्टिकोणबाट छान्नु पर्दा 'अतृप्त' लाई उत्कृष्ट मान्छु । सबै राम्रा लाग्छन्, सबैभन्दा राम्रो चाहिँ 'अतृप्त' ।

**'अतृप्त' ले तपाईंलाई तृप्त बनाउनुको कारण के हो ?**

उपन्यासमा शैलीको विशेष महत्त्व हुन्छ । शैली गतिलो छैन भने उपन्यास उत्कृष्ट हुन सक्दैन । 'अतृप्त' मा शैली राम्रो बन्न सकेको छ । समीक्षकहरूले यसको प्रशंसा गरेका छन् । ईश्वर बरालले 'रत्न संवादयुक्त शैली' भन्नु भएको छ । गोविन्दराज भट्टराईले पनि सोध्नुभयो, 'यस्तो कसरी आयो तपाईंलाई ?' बाहिरको साहित्यको छाप परेको होला भनें मैले । 'हो, हो, हो, पक्कै' भन्नुभयो उहाँले ।

दोस्रोमा ? 'अतृप्त' पछि उत्कृष्ट बन्न सकेको कृति हो- 'प्रतिध्वनिहरू विस्मृतिका' । यो उपन्यासमा मैले बुबाको जीवनीलाई आधार बनाएको छु । यसको लेखन शिल्पलाई धेरैले प्रशंसा गरेका छन् । 'बसाइँ' नेपालमा चर्चित भयो । म लेखकको मत चाहिँ यसलाई तेस्रोमा मात्र जान्छ । 'प्रतिध्वनिहरू विस्मृतिका' २४० पृष्ठको छ । त्यसलाई गोविन्दराज भट्टराईले संक्षेपीकरण गरेर ६ हजार शब्दको

बनाउनुभएको छ, पाठ्यपुस्तकमा राख्न ।

**साहित्यका सबैजसो विधा उपन्यास, नाटक, कविता, निबन्ध, कथा, समीक्षा : समालोचना आदिमा तपाईंले उत्कृष्ट कृतिहरू लेख्नुभएको छ । यो बहुमुखी क्षमताको रहस्य के हो ?**

सिर्जना गर्ने भावना, क्षमता र तपस्या छ भने जुनसुकै विधामा लेख्न सकिन्छ । अरू भाषाका साहित्यकारले पनि धेरै विधामा लेखेका छन् । मलाई चाहिँ रहरै रहरले यस्तो बनाएको हो । पहिला नाटकले मलाई तान्यो । नाटक लेख्ने, खेल्ने गरियो । घरको परिवेशले कविता, भजन लेख्न प्रेरित गऱ्यो । पत्रपत्रिकामा १-२ वटा कथा छापिएपछि आख्यान साहित्यमा म तानिएँ ।

**नाटक लेख्ने र खेल्ने निकै गर्नुभयो ?**

लेख्ने भएपछि लेखेर मात्र छुट पाइँदो रहेनछ । लेखकको अन्तरभाव अभिनयबाट मात्र प्रकट हुन सक्दो रहेछ । रेडियोमा काम गर्थें । गुवाहटीमा हलमा नाटक देखाइन्थ्यो । सिनेमा थिएन । गाउँमा मनोरञ्जनको स्रोत थियो नाटक । रेडियोमा नाटक वाचन हुन्थ्यो । तिनमा मेरो सक्रिय भूमिका हुन्थ्यो । लेख्ने पनि सँगसँगै भइरह्यो । सन् १९५६ मा यहाँ मञ्चन गरिएका नाटकको संग्रह 'लक्ष्य' प्रकाशित छ । 'दोबाटो' साझाले छापेको छ । अरू पनि छन् ।

**फिल्मको संवाद पनि त लेख्नु भयो नि, होइन ?**

सुवास गजुरेलले 'बसाइँ' उपन्यासमा फिल्म बनाउने निधो भयो, धेरैले तपाईंले संवाद नलेखी हुँदैन भने । अनि, लेखें ।

**कुनै एउटा विधामा लेखिरहेको बेला अर्को परिवर्तन कसरी हुन्थ्यो ? पहिल्यै योजना बनाउनुहुन्थ्यो कि अचानक मोडिनुहुन्थ्यो ?**

के भावना आएको छ, त्यही थाल्थें । गर्दै जाँदा अर्कै हुन पनि सक्थ्यो । 'बसाइँ' लाई पहिल्यै कथा बनाएको थिएँ । उपन्यास भनेर लेखेको होइन । त्यसको शीर्षक थियो- 'बेंसी' । 'बसाइँ' को पाँचौं पाठमा 'बेंसी' भन्ने शीर्षक पाउनुहुन्छ । त्यही 'बेंसी' लाई माइकल हटले अंग्रेजी अनुवादमा पुस्तकको नाम बनाएका छन्- 'माउन्टेन्स पेन्टेड विथ टर्मेरिक' अर्थात्, 'व्यथैव्यथाले रँगिएको पर्वत' ।

**कसरी उपन्यास बनाउनुभयो नि ?**

केही साथीभाइलाई देखाएँ । उपन्यास बनाउन सुझाव दिए । अनि, थपेर उपन्यासको आकारमा ढालें ।

**त्यसअघि कुनै उपन्यास लेख्नुभएको थियो ?**

कक्षा ८ मा पढ्दै एउटा उपन्यास लेखेको थिएँ । त्यसको पाण्डुलिपि थियो । त्यसमा सुनकेशरी रानीको कथा थियो । छाप्नपट्टि गइएन । त्यसले उपन्यास बनाउन प्रेरणा भने दियो ।

**आफूले लेखेका विधामध्ये छान्नुपर्दा आफैंलाई सबैभन्दा सशक्त कुनमा ठान्नुहुन्छ ?**

उपन्यास - उपन्यासले पाएको गरिमा र पृष्ठपोषण अरुले पाएको छैन । पाउँदैन पनि ।

**तपाईंको लेखाइमा अद्वितीय किसिमको भाषिक सरलता, जीवन, जगत्, समाजको सजीव चित्र उतार्नुभएको हुन्छ । कुन वातावरण र मुडमा लेख्ने गर्नुहुन्छ प्रायः ?**

कुनै विषयमा लेख्न मानसिक रूपमा मैले सुरु गरें भने खाँदा, बस्दा, हिंड्दा त्यसको प्लट आइरहन्छ । चिन्तन गरेर लेखेपछि गुणवत्ता पनि बढी हुन्छ । चिठी लेख्नु पर्‍यो भने पनि पहिला मानसिक रूपमा लेख्छु । लेख्ने यही समय भन्ने हुन्न । राम्रो लागेर लेख्नु नै मुड हो ।

**गतिलो साहित्यमा चाहिने गुणहरू के-के हुन् ?**

मुख्य कुरो त पाठकको स्तर हेर्नुपर्‍यो । पाठकलाई ख्यालमा राखेर सिर्जनशील साहित्य बनाउनुपर्‍यो । गुणवत्ता त चाहियो चाहियो । के सन्देश छ, त्यो हेर्नुपर्‍यो । साहित्यका लागि साहित्य होइन, साहित्य जीवनको मार्गदर्शक हुनुपर्छ । जसरी जीवन छरिएको छ, साहित्य पनि उसरी छरिएको र विस्तृत हुनुपर्छ ।

उसबेलाका जस्ता खँदिला कृति र गतिला साहित्यकार (जस्तो : लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भानुभक्त आचार्य, तपाईं स्वयम्‌जस्ता) अहिले नजन्मनुको कारण के होला ?

त्यस किसिमको चिन्तन नै हरायो । जीवनमा जसरी कृत्रिमता बढ्दै गयो, साहित्य, लेखाइ, पढाइ सबै खस्किँदै गए । गुणवत्ता खस्कियो । लेखनमा जीवनको मार्गदर्शन टुट्दै गयो । उदाहरण यही काफी छ- 'मुनामदन' कहिल्यै मर्दैन ।

**तपाईं अर्थशास्त्रको अध्यापक । अर्थविज्ञानको अध्ययनले साहित्यमा अघि बढ्न सहज बनायो कि जटिल ?**

अर्थशास्त्रले मानव जीवनको प्रयोजनार्थ बढी दिन्छ । जति पनि अर्थशास्त्रका

सिद्धान्त छन्, जीवनसँग जोडिएका छन् । जस्तो : मार्क्सको द्वन्द्वात्मक भौतिकवाद । यसमा विकासको विषय छ । यथार्थमा अर्थविज्ञान, दर्शन सबैको समायोजित जीवन - अभिव्यक्ति हो साहित्य । जसबाट लिएर साहित्यको माध्यमबाट जीवनको आशा-आकांक्षा समेटिन्छ ।

**साहित्यमा छिर्ने प्रेरणा कहाँबाट पाउनुभयो ?**

भाषाप्रतिको मोह, पहिलो कारण । प्राकृतिक देन दोस्रो ।

(साभार : अन्नपूर्ण, पुस २१, २०८०)

❁


## हार्दिक अनुरोध !

- गाउँपालिकालाई बुझाउनुपर्ने घर, जग्गा र मालपोत दस्तुर, व्यवसाय करलगायत कर नियमित गरौं ।
- घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
- भवन निर्माण मापदण्ड २०६४ र भवन निर्माण संहिताअनुसार नक्सा पास गरेर मात्र घर निर्माण गरौं ।
- सार्वजनिक सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं । आफ्नो घर-आँगनबाट उत्पन्न हुने फोहरलाई उचित व्यवस्थापन गरी सफा, सुन्दर गाउँपालिका बनाउन सहयोग गरौं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

अनुरोधक

**शुद्धोदन गाउँपालिका**

**मानपकडी, रूपन्देही**

# जीवन नै एउटा बगिरहने नदी हो



बन्ति शेन्चोवा

*(१९६० सन्‌मा असमको शिवसागर जिल्लाको बालिघाट बरदुवारमुखमा जन्मिएकी बन्ति शेन्चोवा एकजना वरिष्ठ असमिया कथाकार हुन्। गुवाहाटीस्थित राधागोविन्द महाविद्यालयमा अंग्रेजी साहित्यकी अध्यापिकाका रूपमा कार्यनिर्वाह गरी अहिले उनले अवकाश लिइसकेकी छन्।*

*सन् २००० मा जलभरि यशोदा शीर्षक कथाद्वारा कथासाहित्यको जगत्‌मा प्रवेश गरेकी शेन्चोवाले अहिलेसम्म असमका अनेक पत्रिकाहरूमा कथा लेख्नुका साथै धेरै कथासङ्ग्रह र उपन्यास पनि प्रकाश गरिसकेकी छन्। उनका कथासङ्ग्रहहरू हुन्- निषाद गान्धार, सरल आरु सुन्दर, दुपरर पार चराइ (दिउँसोका परेवा), मौ सरा (मह झर्ने), बन्ति शेन्चोवा निर्वाचित गल्प (बन्ति शेन्चोवाका निर्वाचित कथा)। आकनबिन्धीर सोनपरुवा शीर्षक एउटा उपन्यास उनले लेखेकी छन् जुन सातसरी नामको पत्रिकामा धारावाहिक रूपमा प्रकाश भएको थियो।*

*उनका कथाहरू अन्य कतिपय भाषामा पनि अनूदित भएका छन्। गौहाटी विश्वविद्यालयमा विद्यावारिधिका लागि उनका रचनालाई विषयवस्तुका रूपमा लिई सामाजिक साहित्यिक मूल्याङ्कन गरिएको छ। विश्वविद्यालयको पाठ्यक्रममा बन्ति शेनचोवाका कथा र बन्ति शेन्चोवाका कथाका प्रवृत्ति शीर्षक विषय अन्तर्भुक्त छन्। बन्ति शेन्चोवा सम्पादन कार्यमा पनि जडित छन्।*

*उनले कथासाहित्यमा दिएको योगदानका लागि निकै राज्यिक, राष्ट्रिय सम्मान प्राप्त गरेकी छन्। उनको स्थायी ठेगाना हो घर नम्बर-२०, कैलाशनगर, बाइलेन-१, बेलतला, गुवाहाटी ७८१०२८, मेइल- bontisenchowa10@gmail.com उनीसित डा. इन्दुप्रभा देवीले लिएको एउटा साक्षात्कार यहाँ प्रस्तुत गरिएको छ। -सम्पादक)*

**प्रश्न : नमस्कार 'बाइदेउ'। तपाईंका बारेमा केही कुरा जान्ने आग्रह लिएर आएकी छु। सर्वप्रथम त तपाईंको बाल्यकाल र कैशोरकालको बारेमा केही जान्न मन छ।**

**उत्तर** : नमस्कार र साथै धन्यवाद। शिवसागरको नाजिराको बालिघाट बरददुवारमुख भन्ने गाउँमा जन्मिएकी म। नदीको पल्लापटिको सहरको चकमक हेर्दै र वल्लापटिको गाउँको हरियालीमा भुल्लिँदै हुर्किएकी। हिलो माटोमा खेतमा काम गरेर स्कुल जाने गर्थे। बाटाघाटा बिग्रिएका बाढी देखेकी थिएँ धेरैपटक। त्यतिखेर सोच्थें- कहिले निस्क्यौं यहाँबाट। अहिले सोच्दछु - जीवन त त्यहीं रहेछ। प्रकृति साथमा थियो, ग्रामीण कलाकृष्टि थिए आफूसितै। नौका खियाउन जान्दथिएँ, धान रोप्न, धान काट्न ताँतमा कपडा बुन्न जान्दथिएँ। नामघरको हरिनाम, मसजिदको आजान, गीर्जाको ध्वनि सुन्दथिएँ। ठुलो कुरा, हाम्रो गाउँमा केही पुस्तकालय थिए। ती पुस्तकहरू पढ्दै ठुली भएँ। त्यो सानो ठाउँको त्यो छोटो शैशव र कैशोर काल मेरो नसा नसामा पसेर बसेको छ।

**प्रश्न : तपाईंको लेखनयात्राको थालनी कसरी भयो ?**

**उत्तर** : सन् २००० मा जलभरि यशोदा कथा लेखेकी थिएँ। मेरो पहिलो प्रकाशित रचना हो त्यो। किन लेखें त्यो कुरा भनौं। जन्मिएको स्थान छोडेर कर्मस्थान गुवाहाटी आएँ। घर-वासस्थान- कर्मको डोरीले घिसारिरह्यो। अकस्मात् सन् २००० ले टेक्दा म झसङ्ग भएँ। सन् १९ सयका लामा लामा वर्षहरू कसरी केही नलेखी बितेछन्, सोचेर डर लाग्यो। चालीसको उमेर पुगिसकेको मनबाट मणि मुक्ता हराएछन्, बालुवा मात्रै रहेछ जस्तो अनुभव भयो। सानामा कथाहरू लेखेर पुरस्कृत हुन्थें। धेरैले - 'तँ लेख, सक्छेस्' भन्थे। तर लेखिनछु। बीस वर्ष केही नगरी मिलेनियमको झट्कामा ब्युँझिएँ। अनि लेखें जलभरि यशोदा। तीन बर्षमा दसबटा कथा लेखेर छपाएँ- निषाद गान्धार। कलेजमै विमोचन भयो। प्रख्यात साहित्यकार अतुलानन्द देवगोस्वामीले मेरा कथाबारे उत्साहवर्धक वक्तव्य दिनुभयो। त्यही नै थियो थालनी।

**प्रश्नः निकैवटा कथासङ्ग्रहले तपाईंले असमिया कथासाहित्यलाई टेवा पुऱ्याइरहनुभएको छ। तपाईंका कथाहरू धेरजसोमा विविध नारी पात्रहरू छन्। नारी चेतनाले भिजेका यी कथाहरुका नारीहरुबारे केही भन्नुहुन्छ ?**

**उत्तर** : जैविक अवस्थानकै लागि हुन्छ होला यस्तो। पहिलो कुरा, हामी कसका बारेमा धेर बोल्छौं ? जसलाई जान्दछौं उसको बारेमा त धेर बोल्छौं। म आफू नारी हुनाले नै होला नारीलाई राम्रोगरी बुझ्दछु र प्रायजसो कथामा नारी पात्रहरू उभ्याएकी छु। दोस्रो कुरा हो, कलमले कसका बारेमा बोल्न खोज्छ ? निश्चय नै बलवान्का बारेमा त त्यति बोल्नुपर्ने हुँदैन। समाज व्यवस्थामा नारी दुर्बल अवस्थामा छन्। कलमले यी अवहेलना सहेका, शोषित, बञ्चितजनकै कण्ठस्वर हुन खोज्नु

स्वाभाविक कुरा हो । नारीको कुरा लेख्दा उनीहरूको सम्भावनातिर पनि मेरो दृष्टि जान्छ । शक्तिशाली नारी पात्रहरू मलाई मन पर्छ । त्यो शक्ति परिस्थितिअनुसार कहिले मुखर त कहिले नीरव हुन्छ । एउटा कुरा के भने, नारीवादी लेखक भन्नु मेरा लागि कुनै भूषण अथवा गालि होइन, ख्याति अख्यातिको कुरा पनि होइन ।

**प्रश्न : नारी र नदीलाई कथामा प्रायः तपाईले एकीकृत गरेको देख्छौं ? किन होला ?**

**उत्तर** : जीवन नै एउटा बगिरहने नदी हो । नदी र नारी, प्रकृति र नारीको बीचको सम्पर्क गहिरो छ । नदीकै छेउमा जन्मिएर हुर्किएँ । दिखौ नदीका छेउमा नजन्मिएकी भए मेरो कथा जलभरि यशोदा लेख्नै सक्ने थिइन । नदी निग्रह र निर्वासन् पनि छातीभित्र नदीलाई नबोकेकी भए असम्भव थियो । नदी एउटा कायिक स्थिति मात्र होइन, नदीका छेउमा जन्मिनेहरूका लागि नदी नीरव र शक्तिशाली सत्ता हो । यस्तो नीरव प्रभावबाट मुक्ति कसैले खोज्दैनन् । प्रकृतिले सहुञ्जेल खप्छ । नदीको, प्रकृतिको कुनै पनि धनात्मक वा ऋणात्मक प्रभावले पहिला नारीलाई छुन्छ । नदीसित, प्रकृतिसित नारीको एकात्म हुन खोज्ने इच्छा अनादिकालदेखिको हो, आमरणको हो ।

**प्रश्न : तपाईका कथाहरूमा ग्रामीण जीवन आउनु तपाईंको व्यक्तिगत रुचि हो कि त्यो जीवनलाई नयाँ गरी खोतलेर हेर्ने इच्छा ?**

**उत्तर** : पछिको । हुन त ग्रामीण जीवनलाई नयाँ गरी हेर्ने इच्छा हो भनेर पनि ठिक भन्न खोज्दिनँ, एउटा पीडा हो, यातना हो । त्यो गाउँ मासिइसकेको छ, त्यो परिवेश हराइसकेको छ । कतै समातेर राख्न मन लाग्छ । परिवेश अध्ययनसित पनि त म जडित छु । त्यही भएर in situ, ex-situ (स्वस्थान, बहिर्स्थान) संरक्षणको बारेमा जान्दछु । केवल प्राकृतिक परिवेश मात्र होइन, आभ्यन्तरीण परिवेश संरक्षण गर्नु पनि आवश्यक छ । म जब चालीस वर्षको उमेरमा लेख्न बसें, लेख्न बस्दा अर्को कुरा एउटाले पीडा दियो । त्यो हो दायित्वबोध । गाउँमा भएका, जीवनबाट हराउन लागेका मणि मुक्ताहरूलाई कसरी साँचेर राख्नु ? मैले मेरा कथाका पात्रहरूद्वारा देखाउन खोजेकी छु- के हराए, कति हराए । कति अमूल्य छन् / थिए ती हराएका वस्तुहरू, सम्पदहरू ।

**प्रश्न : तपाईका कथाहरुको बारेमा बोल्दा प्रख्यात लेखक हीरेन गोहाईंले भन्नुभएको छ- 'उनी हाम्रो परम्पराबाट निर्वासित छैनन्, तर आधुनिक समयको अस्थिरता, आत्मसंशय, उद्वेगले पनि उनको चेतनामा दाग बसाएको छ । ' हो, तपाईले कथाका पात्रहरुद्वारा आधुनिक जीवनको जटिलतालाई व्यक्त गर्नुभएको**

**छ। गाउँका विभिन्न संस्कारका कुरा पनि छन् कथामा। यी संस्कारका कुरा गर्दा केही अप्ठेरो परेको छ ?**

**उत्तर** :- डा. हीरेन गोहाईं, डा. आनन्द बरमुदैजस्ता प्रख्यात लेखकले मेरा कथा पढ्नुभएको छ, मेरो अहोभाग्य हो। सरले भनेझैं मेरा कथामा आधुनिक समयको अस्थिरता छ। उद्वेग त छ नै। आफ्नो भाषालाई लिएर पनि म उद्विग्न हुए। असलमा हामीले जन्मदेखि नै उद्वेग र चिन्ताको भारी बोकेका हुन्छौं। मैले त जन्मदेखि नै युद्ध देखें। जन्मपछि नै शुरु भएको थियो असमको भाषा आन्दोलन। यो भाषा मर्छ भनेर धेरैजना चिन्तित भएको पनि देखें। तर मलाई यस्ता ऋणात्मक चिन्ताका बीचमा पनि लाग्छ हाम्रो असमिया भाषा मर्दैन। चिरकाल बाँच्नेछ हाम्रो भाषा र संस्कृति। उद्वेग छ र नै कलम हातमा लिएकी छु। सुखी व्यक्तिले कहिल्यै कलम चलाउन सक्दैनन्। अब गाउँको प्रसंगतिर आऊँ। असमको सहर र महानगर पनि ग्रामीण सांस्कृतिक परम्पराबाट धेरै टाढा छैनन्। विश्वायनले, विज्ञान प्रयुक्तिले सबैतिरको जीवन यात्रा परिवर्तित गरेको छ। दृष्टिहरूमा परिवर्तन ल्याएको छ। म गडगाउँमा जन्मिएँ, गड अर्थात् माटाको बेराको बीचमा, विवाह भयो माजुलीमा। माजुली अर्थात् नदीदद्वीप अर्थात् पानीको बीचमा र नोकरी गर्न आएँ गुवाहाटीमा अर्थात् जनअरण्यमा। कायिकरूपमा यति नै मेरो विचरणभूमि हो। तर मानसिक रूपमा हाम्रा अग्रज लेखकहरूको चेतनाले मलाई ठूलो विचरणभूमि दिएको छ। पठनले दिएको सहजलभ्य भ्रमणले ती अप्ठेराहरूको समस्याहरूको समाधान गरिदिएको छ।

**प्रश्न : असमिया साहित्यमा सम्परीक्षा' भन्ने शब्द प्रायः नै सुनिन्छ। कथाविधामा केही परीक्षण हुँदै छ कि छैन ? त्यसको आवश्यकता कति छ भन्ने लाग्छ तपाईंलाई ?**

**उत्तर** : यो एउटा जटिल प्रश्न हो। आवश्यक होस् नहोस् लेखकले आफ्नो हिसावले लेख्छन्, परीक्षण पनि भइरहन्छ। उपनदीहरूले जसरी नदीलाई समृद्ध पार्छन्, नयाँ परीक्षणले पनि कथासाहित्यलाई धनी बनाउँछ। परिवर्तन कथाको स्वभाव हो। दन्ते कथाको आधारबाट आधुनिक कथाको प्रारूप बनिएको हो। हामी एक दुईटा अनुभूति लिएर काम गरिरहन्छौं। सबै कथा लेखिइसकिएकै छन्, भनिइसकिएकै छन्। पाठकले सबै जान्दछन्। त्यसैले कथामा के लेख्छौं भन्दा पनि कसरी लेख्छौं भन्ने कुरा ठुलो हुन्छ। कसरीमै परीक्षणको कुरा आउँछ। कथामा पारम्परिक ढाँचा चाहिन्छ नै भन्ने छैन। सधैं एकै किसिमले लेखेर कथाकारलाई पनि वाक्क लाग्न सक्छ। अनि हामीले यसैगरी लेख्नुपर्छ भन्ने कुनै चुक्ति पनि त छैन। HE Bate ले भनेका थिए- The Basic of almost every argument or conclusion I can make is the axiom

that the short story can be anything that the author decides it shall be ।

**प्रश्न : तपाईंले अहिले त कलेजबाट अवकाश लिनुभयो । कर्मरत अवस्थामा अध्यापक र कथाकार– यी दुई रूपका बीचमा कसरी तालमेल राख्नुहुन्थ्यो ? कलेजको कामले साहित्य सृष्टिमा बाधा पुर्‍याएको थियो कि सघाएको थियो ?**

**उत्तर** : कलेजमा अध्यापन गरेको समय मेरा लागि अत्यन्त सुन्दर समय थियो । शिक्षकका रूपमा शिक्षार्थीहरूसित बिताएको समयले मेरो कथाकार अस्तित्वलाई सक्रिय पारेको थियो भन्ने लाग्छ । अवकाशपछि यो कुरा गहिरो गरी अनुभव भयो । शिक्षक र कथाकार यी दुई रूपलाई एउटा अर्काको परिपूरक मान्छु । अंग्रेजीका साथै परिवेश अध्ययनको म संयोगी विषयको दायित्वमा थिएँ । यी दुई प्रकारका व्यवस्थाले र छात्र समाजसितको साँधुले मभित्रको कथाकारलाई दैनिक नयाँ र सजीव जगत्‌को सन्धान दिएको थियो ।

**प्रश्न : असमिया समकालीन कथाकारहरूबारे तपाईं के सोच्नुहुन्छ ? वर्तमानको असमिया कथासाहित्यबारे तपाईंको अनुभव ?**

**उत्तर** : समकालीन कथाकार सबैले असमिया कथासाहित्यको धारालाई समृद्ध बनाएका छन् । समकाल चेतना जति विक्षिप्त, जटिल वर्णाढ्य अथवा अवक्षयी नहोस् किन परम्परागत कथन रीतिको प्रासंगिकता सधैं रहनेछ । अर्कातिर, त्यही चेतनालाई लिएर आफ्नै शैलीमा लेख्ने कतिपय कथाकारले मूल परम्परागत शैलीलाई नयाँ आयतन दिएका छन् । हाम्रो कथासाहित्य समृद्ध छ । म अत्यन्त आशावादी छु- आउँदो लेखक पिढीँलाई लिएर पनि ।

**प्रश्न : डा. शान्ति थापा दिदी तपाईंकी सहकर्मी हुनुहुन्थ्यो । उहाँको मृत्युमा हामी मर्माहत छौं । तपाईंबाट उहाँको बारेमा केही जान्न मन छ ।**

**उत्तर** : शान्ति थापाको जीवनलाई म 'ट्र्याजिक अपव्यय' भन्छु । यति गुणी, परिश्रमी र परोपकारी यी सहकर्मीलाई कर्मजीवनको पहिलो दिनदेखि अन्तिमसम्म पाएँ । उनले मलाई मेरो भित्रसम्म हेर्न सिकाइन् । उनलाई मैले त्यसरी नभेटेकी भए शायद मैले कलमलाई यसरी सिरियसली लिने थिइन होला । मेरा प्रत्येक कथाकी पहिलो पाठक थिइन् उनी । 'जलभरि यशोदा' छापिने अघि नै उनले पढेकी थिइन् र यो कथाको सम्भावनाको बारेमा पहिलोपल्ट उनैले भनेकी थिइन् । परवर्ती समयमा दिग्गज समालोचकहरूले पनि यस कथाको बारेमा सहमति जताएको देखें । मेरो एकमात्र उपन्यास आकनबिन्धीर सोणपरुवाको पाण्डुलिपि शान्ति थापाले पढेकी

थिइन् र छ्याउन सधैँ घचघच्याइरहन्थिन् । मेरा कतिपय अति नै राम्रा (शान्ति थापाको अनुसार) कथा भारतका अग्रपंक्तिका हिन्दी पत्रिकामा प्रकाशका निम्ति अनुवाद गरिदिन्थिन् । हामीले धेरै गफ गर्थ्यौँ, हरेक विषय, हरेक विधाबारे । शान्ति थापाले मन्तव्य दिन नसक्ने कुनै विषय थिएन । उनी नभएको यो समय मेरा निम्ति अनन्त शून्यता हो ।

**प्रश्न : असम विभिन्न जाति जनजातिको मिलनभूमि हो । यहाँका नेपालीभाषीहरूसित तपाईं कहिलेदेखि कसरी सम्पर्कमा आउनुभएको छ ? उनीहरूको बारेमा तपाईं कस्तो के सोच्नुहुन्छ ?**

**उत्तर** : लेखकका रूपमा जान्नु पर्ने कुराहरू शान्ति थापाबाट जानेकी हुँ । उनीहरूको बारेमा मेरो सोचाइ राम्रो छ । मैले स्नातकोत्तर डिग्री शिलाङबाट लिएकी हुँ । त्यहाँ धेरै नेपालीभाषी छन् । त्यहाँ प्राप्त अभिज्ञताले नै मैले आकनबिन्धीर सोणपरुवा लेखेकी हुँ, जसमा यो जनगोष्ठीका कुरा छन् । कथालाई यसको पाकचक्रले जता लग्यो उतैतिर लागेकी छु र सतताले त्यो गतिमा साथ दिएकी छु । उपन्यासलाई लिएर शान्ति थापाको जोशले मलाई गदगद पारेको थियो । हामी एकदमै नजिकका साथी थियौँ । उनले मेरै छेउमा बसेर कसैलाई फोन गरेकी थिइन् 'तिमीहरू जान्दछौ के एकजना असमिया लेखिकाले पूर्वोत्तरका नेपालीभाषी जनगोष्ठीको समाज, जीवन, इतिहासलाई उपन्यासमा समातेर राखेकी छन् ।' मैले सोधेकी थिएँ- 'को लेखिका ?' उनले गाली गरेर भनेकी थिइन् - 'तिमीले आफ्नो शक्ति सामर्थ्यलाई कहिले चिन्नेछौ ? सायद तिमी नै यति निरपेक्ष रूपमा हाम्रो जनगोष्ठीलाई उपन्यासमा राख्ने पहिलो लेखिका हौ । ' म छक्क परेकी थिएँ । शान्तिले चाहेकी थिइन्- नेपाली भाषामा पनि मेरो यो उपन्यासको चर्चा परिचर्चा हवोस् ।

उत्तर पूर्वको नेपालीभाषीहरूको योगदानका बारेमा सिर्जनात्मक कामकै बीचबाट स्वाभाविक रूपमा मैले त्यो उपन्यासमा सविस्तार लेखेकी छु। धन्यवाद बाइदेउ। तपाईंलाई अशेष धन्यवाद । तपाईंको सुस्वास्थ्य र कर्ममय दीर्घ जीवनको कामना छ ।

- धन्यवाद ।

**(बाइदेउ: असमिया भाषामा 'गुरुमा' अथवा 'दिदी' शब्दका ठाउँमा प्रयोग हुने सम्बोधनवाचक शब्द)**

# कविताले जीवन जिउने बाटो देखाउँछ



✍ निलीमा आचार्य

*(असम भारतकी निलीमा आचार्यसँग भाषा, साहित्यका अथक परिश्रमी गुवाहाटी विश्वविद्यालय नेपाली प्राध्यापक, असमका डा. खगेन शर्माले लिएको अन्तर्वार्ता यहाँ प्रस्तुत गरिएको छ। -सम्पादक)*

**प्रश्न : तपाईंको लेखन दृष्टिले पहिलो रचना के हो ?**

**उत्तर** : पहिलो भन्न जाँदा मैले छात्रा अवस्थामै लेखेको "गरम बन्द" शीर्षक असमिया कविता हो, जुन कुनै पत्रिकामा त प्रकाश भएन, तर उक्त कविता मेरो कलमबाट जन्मेको पहिलो कविता हो जुन मैले लेखेर हाम्रा विषय शिक्षक बोधन शर्मा सरलाई देखाएकी थिएँ र उहाँले "ठिकै छ।" भन्नुभएको थियो।

**प्रश्न : प्रकाशनको दृष्टिले हजुरको कुन रचना पहिलो हो ?**

**उत्तर** : २००१ सन्‌को कुरा। अक्टोबर महिनाको कुनै एउटा दिन, नेपाली विषय शिक्षक आदरणीय अरुण भट्टराई सरले एउटा लामो क्लास (पाठ्‌सक्रम सिध्याउन) लिनुभएको थियो, त्यतिबेला मैले "प्रेम" शीर्षक कविता कोरेकी थिएँ। पछि सोही कविता साथीहरूको सहयोगमा "देशवार्ता" खबर कागतमा प्रकाशन भएको थियो भनेर उनीहरूले अवगत गराएका थिए तर मैले त्यतिबेला त्यो खबर कागत हातपार्न सकिनँ। जे भए पनि उक्त "प्रेम" शीर्षक कवितालाई नै म प्रकाशनको दृष्टिले पहिलो कविता भन्न चाहन्छु।

**प्रश्न : हजुरको बाल्यकाल के कस्तो थियो ?**

**उत्तर** : सम्पूर्ण गाउँमा हुर्केको बढेको हुनाले एउटा निर्मल गाउँले वातावरणमा बाल्यकाल बित्यो। आजका दिनजस्ता प्रविधि र इन्टरनेटमा अल्भेका थिएनन् हाम्रा बाल्यकालका दिनहरू! आइतवारलाई अति आग्रहले कुरेर बस्थ्यौं हामी। "ब्लेक एन्ड ह्वाइट" टिभीमा रामायण, महाभारत हेर्नलाई ताँती लाग्थ्यो घरमा। त्यसबेला हाम्रोमा बक्स भएको एउटा "बिनाटन" टिभी थियो। यतिबेला अहिलेको जस्तो घरघरै टिभी थिएनन्। अति नै रमाइला थिए ती दिनहरू। मनोरञ्जन भनेको साथी दौंतरीहरूसँग खेल्ने समयलाई भनिन्थ्यो।

हामी तीन सन्तानमध्ये म ठुली हुँ। भाइ दुइटा हुन्। सानो अहिले तेजपुर मेडिकल कलेजमा सर्जिकल विभागमा कार्यरत छ। ऊ एकजना शैल्यचिकित्सक हो। ठुला भाइ भारतीय नौसेनाबाट (सर्भिसपछि १५ वर्षमा अवकाश लिन पाइन्छ) अवकाश लिएर हाल विश्वनाथ चारालीको "युको" ब्याङ्कमा कार्यरत छ। आमा-बुबाले अति कष्ट गरेर हामीलाई सबल पार्नुभयो।

**प्रश्न : साहित्यमा प्रवेश गरेका दिनहरूलाई कसरी सम्झनुहुन्छ ?**

**उत्तर** : लेखन यात्राको थालनी ठ्याक्क यही लेखबाट भएको हो भने पनि लेखन यात्रामा निरन्तरता आयो जब लेखादि प्रकाश हुन थाले। धेरै खुसी लाग्थ्यो जब कुनै लेख पत्रिकामार्फत प्रकाश हुन्थ्यो। मलाई अझै याद छ, हेमन्त कुमार सइकियालगायत रोहित गौतमको सम्पादनामा प्रकाश भएको असमको विख्यात पत्रिका "सपरिवार" को कुरा। असमिया खबर कागत "आमार असम" र "एदिन" को कुरा। सपरिवारमा मेरा फुटकर रचना प्रकाश हुन्थे जसमा कविता निबन्ध आदि नै प्रमुख थिए। अँ, अर्को एउटा कुरा यहाँ उल्लेख गर्न चाहेँ, सपरिवार पत्रिकाको एउटा पन्ना प्रश्नोत्तरको रहेको हुन्थ्यो। जसलाई "हजुरको प्रश्न, तिलचामे बाजेको उत्तर" भनेर जानिन्थ्यो, त्यसमा म धेरै पटक श्रेष्ठ प्रश्नकर्ताको रूपमा चयनित भएकी थिएँ। यो मेरो निम्ति ठुलो प्राप्ति र उपलब्धि थियो।

२००८ सन्मा असमिया पत्रपत्रिकामा पनि लेख रचना आदि प्रकाश हुन्थे, धेरै खुसी लाग्थ्यो। अनि बिस्तारै मेरा रचनाहरू असमबाहिर सिक्किम, दार्जिलिङ र मणिपुरबाट प्रकाश हुन थाले। आजका दिनजस्ता सजिला थिएनन् ती दिनहरू। हुलाकमार्फत पत्रद्वारा लेख पठाउनुपर्थ्यो, समय धेरै लाग्थ्यो, तर समय लागे पनि जब सिक्किम गान्तोकबाट टीका ढुङ्गेल दाइ र रवि रोदन दाइको फोन आउँथ्यो "बैनी हजुरको रचना तीन थुम्पा, पूर्वधार आदि पत्रिकामा प्रकाशित भएका छन्। हामीले बैनीलाई पत्रिका पठाइसकेका छौँ।" त्यो वाक्य सुन्नेबित्तिकै जुन आनन्द मिल्थ्यो त्यो शब्दमा प्रकाश गर्न गाह्रो हुन्छ। त्यसको मादकता नै छुट्टै हुन्थ्यो। त्यसपछि मणिपुरको "युमशकेश" पत्रिकामा लेख रचना आउन थाले। दुलियाजानको अभिव्यक्ति पत्रिकामार्फत पनि प्रकाशित हुन्थे। जब लेख रचना यसरी प्रकाशन हुन थाले, म अलिअलि चिनिन थालिएँ र मनमा कताकता डर लाग्न थाल्यो ! सीमित ज्ञानले के हुन्छ भन्ने लाग्न थाल्यो। त्यसै कारणले पढ्ने इच्छा पनि तीव्र गतिमा बढ्न थाल्यो। हुरुक्क हुन्थ्यो मन किताबप्रति। यस्तै केही मिठा अनुभव भएर रह्ये सुरुसुरुका दिनहरू।

**प्रश्न : प्रेरणा कहाँबाट मिल्यो ?**

**उत्तर** : सुरुसुरुमा आफ्नो भोगाइ, पीडा अथवा सम्पूर्ण नारी जातिको अस्तित्व सङ्कटमा परेको देखेर, समाजमा पटकपटक अमानवीय घटनाहरू घटेको देखेर

मनमा उम्लिएर निस्केका भावनाहरूलाई पोख्न मन लाग्थ्यो र लेखन आरम्भ गरेकी थिएँ । र प्रेरणाका स्रोत पनि यी नै सामाजिक, अर्थनैतिक, राजनैतिक गतिविधि नै रहेका थिए । अनि बिस्तारै जब लेख प्रकाश हुन थालेपछि आमाबुबाबाट र आफन्तहरूबाट प्रेरणा धेरै पाउन थालेँ । अनि पछि जब साहित्य जगत्मा अलिअलि चिनिन थालेँ, र धेरै अग्रजहरूले प्रेरणा, हौसला दिन थाल्नुभयो । अझैसम्म दिरहनु भएको छ । म उहाँहरूलाई मेरा गुरु, गुरुमा मान्दछु ।

**प्रश्न : हामीलाई ज्ञात भएअनुसार हजुरको उपन्यास "रजत" निकै चर्चामा छ । युवावर्गले यसलाई धेरै रुचाएका छन्, यसको "अडियो बूक" पनि बनिसकेको छ । यस उपन्यासमा हजुरले के के कुरालाई समावेश गर्नुभएको छ ?**

**उत्तर** : हजुर ! यो कुरालाई सम्पूर्ण होइन पनि भन्न मिल्दैन । युवाहरूलाई मनपरेकै हो "रजत" । किनभने यो उपन्यास युवाहरूलाई नै लिएर उनीहरूकै निम्ति लेखिएको हो । उपन्यासको थालनी एउटा कलेजको छात्रबाट भएको छ । कलेजका छात्र-छात्राको जीवन-शैली र समाजमा उनीहरूको दायित्व र कर्तव्य के कस्तो हुनुपर्छ त्यही देखाउने प्रयास गरिएको छ । अँ यसको अर्को पाटो के हो भने, राज्यको तत्कालीन परिस्थिति । त्यो बेला असममा भएको "का" र 'केब' (CAA र CAB) आन्दोलन । एनआरसी-मा निमुखा जनताले भोगेको पीडा आदि चित्रण गर्ने प्रयास गरिएको हुनाले सायद युवावर्गले रुचाएका हुन् ।

**प्रश्न : कवितालाई लेख्दा के कुरालाई ध्यान दिनुहुन्छ ?**

**उत्तर** :सायद संसारको सबैभन्दा सजिलो काम र सबैभन्दा जटिल काम पनि कविता लेख्ने होला । तर यो जति सजिलो छ त्यति नै कठिन पनि छ । कविता सोझै लेखेर हुँदैन, त्यहाँ केही वार्ता लुकेको हुनुपर्छ । बिम्ब, प्रतीकको प्रयोग सही तरिकाले हुनुपर्छ । शब्दको माला बुनेर भाव र शिल्पले सजाएर त्यसमा काव्यिकताको रस छर्किन सकियो भने सुन्दर कविता बन्न सक्छ होला । मलाई अझै लाग्छ मैले यो क्षेत्रमा धेरै अध्ययन गर्नुपर्छ । काव्यिकता ल्याउन अथवा कवितामा माधूर्य ल्याउन अझै सकेकै छैन जस्तो लाग्छ । जब म अग्रजहरूका रचना पढ्छु मलाई लाग्छ मेरो रचना त फिका लाग्छ ।

**प्रश्न : साहित्यकारको दायित्व के कस्तो हुनुपर्छ ?**

**उत्तर** : एउटा भाषा साहित्यलाई डोऱ्याउने काम साहित्यकारको हातमा हुन्छ । त्यसैले साहित्यिक भइसकेपछि आफूमा ठुलो अभिभारा आइपर्छ । त्यसैले केही लेख्नुभन्दा अघि सयपटक पढ्नुपर्छ । विश्व साहित्यलाई अध्ययन गर्नुपर्छ । एउटा भाषा हुर्किने, बढ्नेमा साहित्यकारको ठुलो भूमिका रहेको हुन्छ ।

**प्रश्न : असमेली नेपाली साहित्यमा चुनौती के के छन् ?**

**उत्तर** : अति महत्त्वपूर्ण प्रश्न गर्नुभयो सर ! चुनौती भन्न जाँदा असममा नेपाली साहित्य साधना गर्नु त्यति सजिलो त छैन, किनकि नेपाली असमको राज्यिक भाषा होइन। प्रायः जसो साहित्यकारहरूले आफ्नो जीवनको आदिपाठ असमिया भाषामै प्ररम्भ गरेका हुन्छन् । पछि उनीहरूले आफ्नो भाषाप्रति रहेको अगाध प्रेम र प्रवल इच्छाशक्तिले गर्दा साहित्य सिर्जना गर्ने गर्छन् । र सुरुसुरुमा उनीहरूको निम्ति यो चुनौतीपूर्ण काम हुन्छ। समस्याहरूको बीचमा पनि अहिलेको जमात आफ्नो भाषा साहित्यप्रति ढल्केको छ। यो नेपाली साहित्यको अति शुभ लक्षण हो।

असममा कोरोना कालपछि नेपाली साहित्य निकै मौलाएर आएको देखिन्छ । धेरै सम्भावनापूर्ण कवि तथा साहित्यकारहरू जन्मिए कोभिड महामारी कालमा । अग्रजहरूको नेतृत्वमा असममा नेपाली साहित्य मज्जाले फस्टायो, अब यो फस्टाएको बिरुवाले मलजल पाएन भने त्यो बिरुवालाई सर्भाइभ गर्न मुस्किल पर्छ। अर्थात् साहित्यिकहरू त जन्मिए तर साहित्यकारहरूको कृतिका पाठक अझै जन्मिसकेका छैनन् । अरू पनि त्यस्ता धेरै कुरा छन् । हिज्जेगत समस्या त छँदै छ। नयाँ सिकारुले स्वयंलाई प्राइमरी विद्यालयको छात्र ठानेर सिक्न खोज्यो भने मात्र यो समस्या समाधान हुन्छ। नत्र यो पनि एउटा ठुलो समस्या भएर रहन्छ।

**प्रश्न : तपाईंलाई उत्कृष्ट लागेका सर्जक र सिर्जना कुन हुन् र किन ?**

**उत्तर** : मैले पढेभित्रमा मेरो मनलाई छोएका कृति धेरै छन् । ठ्याक्क यही कृति चाहिँ उत्तम लाग्यो भन्न अलिक गाह्रो पर्छ। अब हेर्नुहोस् साहित्यका सबै विधालाई बिभिन्न दृष्टिकोणबाट हेरिन्छ, त्यसैले कविताको तुलना कथासँग गर्न मिल्दैन अथवा उपन्यासको निबन्धसँग । त्यही पनि एउटाको नाउँ यहाँ भन्नैपर्‍यो, अहिलेसम्मका कृतिभित्रमा मलाई सबैभन्दा राम्रो लागेको कृति कविवर हरिभक्त कटुवालज्यूको कालजयी कृति "यो जिन्दगी खै के जिन्दगी ?" हो । सायदै यो कृति मन नपराउने कोही होलान् !

**प्रश्न : तपाईंले कविता, उपन्यास, निबन्ध, कथा, समालोचना आदि सबै विषयमा कलम चलाउनुभएको छ। यी जम्मै विधामध्ये हजुर कुन चाहिं लेख्न अधिक रुचाउनुहुन्छ ?**

**उत्तर** : मलाई कविता लेख्न अधिक राम्रो लाग्छ। किनकि यहाँ शब्दसँग बात मारेर जुन आनन्द मिल्छ, शब्द र भावलाई सजाएर जुन सुख मिल्छ त्यो आनन्द अरू कतै प्राप्त हुँदैन। कविताले मलाई जीवन जिउने बाटो देखाउँछ। त्यसैले मलाई कवितासँग रम्न मन लाग्छ।

**प्रश्न : अरू केही परिकल्पना छन् भविष्यमा ?**

**उत्तर** :संसारका सबै मानिसझैं मेरा पनि केही सपना छन् केही योजना छन् । समय

र परिवेश अनुकूल रह्यो तथा ईश्वरले ठिकै राख्ये भने निश्चयै सफल हुन्छन् होला।

**प्रश्न** : **हाल के गर्दै हुनुहुन्छ ?**

**उत्तर** : हजुर ! म पढ्ने र पढाउने काम गर्छु। पेशामा शिक्षयित्री हुँ। तर म यो कार्यलाई पेशाभन्दा पनि सेवा भन्न रुचाउँछु। विश्वनाथ जिल्लाअन्तर्गत टकौबारी स्थित गानुगाउँमा एउटा विद्यालय छ "ज्योति विद्यामन्दिर" सोही विद्यालयमा यसो सेवा गर्दैछु।

**प्रश्न** : **हजुरलाई हामीले वक्ताको रूपमा पनि देखिसकेका छौँ। नारीको सामाजिक स्थितिबारे धेरै कुरा गरेको सुनेका छौँ। यसबारे हजुर के भन्न चाहनुहुन्छ ?**

**उत्तर** : मैले चिताएको प्रश्न यही थियो, आज दुनियाँ कहाँबाट कहाँ पुगिसकेको छ। चन्द्रमा गएर भारतले इतिहास रच्यो, यस्तो यो विज्ञान र प्रविधिको युगमा पनि हाम्रो समाज झिना-मसिना सोचमा अल्झेको छ। नारीको सामाजिक स्थितिको कुरा के गर्नु ? यहाँ नारीको सुरक्षा सङ्कटमा छ। जतिसुकै हल्ला गरे नि, जस्तै ऐन बनिए पनि आजको दिनमा पनि नारी सुरक्षित छैनन्। किन छैनन् अहिले विषयलाई अघि बढाउन खोजिनँ। अँ सामाजिक स्थितिबारे म अवश्य भन्न खोज्छु। अस्ति भर्खरको कुरा एकजना सामाजिक हितकारी माताजीलाई दीप प्रज्ज्वलनको लागि महिलाहरूले निम्ताएका थिए। उनी समयमा आइपुगिन् तर भिन्न छल र बुद्धि गरेर उनलाई दीप प्रज्ज्वलनबाट तर्काएर अर्कै अभिभारा दिइन्छ, किनकि यी नारी विधवा थिइन्। पछि उनीहरूलाई होस् आयो र ती माताजीलाई दीप जलाउन दिएनन्। लु हेर्नुहोस् ? विधवाको स्थान ? यो काम गर्ने पुरुष थिएनन् महिला नै थिए। अब कुन संविधानमा लेखिएको छ कि विधवाहरू अपवित्र हुन्छन् भनेर ? उनीहरूले कुनै पनि माङ्गालिक काम गर्नु हुँदैन भनेर ? अझै पनि हाम्रो समाजबाट यस्ता अवैज्ञानिक मनोभावनाले जरा गाडेका छन् त्यस्ले नै गर्दा नारीहरूको विकास पूर्ण रूपमा हुनसकेको छैन। मलाई लाग्छ नारीले स्वयंलाई चिनेर, आत्मनिर्भर बनेर आफ्नो अस्तित्व आफ्नो पहिचान आफै बनाउनेतर्फ लागे भनेमात्र उनीहरू अघि बढ्न सक्छन्। नत्र भने नारी सबलीकरणका सूत्र र मन्त्र किताबमै आवद्ध भएर रहनेछन्।

निलीमाजी तपाईंलाई धेरैधेरै धन्यवाद।

**अन्तर्वार्ताकार- डा खगेन शर्मा, गुवाहाटी, असम।**

# नेपाली भाषा : नेपाल र भारतका बीच सुसम्बन्धनको कडी



डा. तुलसी भट्टराई

**नेपाली भाषा** : मनका भाव या विचार अरू छेउ प्रकट गर्ने सार्थक शब्द वा वाक्यहरूको समूह आशय वा भाव व्यक्त गर्ने सार्थक ध्वनि समूह, वाणी, बोली, व्यक्ति विशेषले बोल्ने, लेख्ने ढंग वा शैली कुनै देशका बासिन्दाले बोलचाल गर्ने साहित्ययुक्त प्रचलित शब्दावली, वाग्देवी, सरस्वती, वाणीका चार रूप परा, पश्यन्ती, मध्यमा र बैखरी, परिभाषा, लक्षण, बोलचाल, कुराकानी, बातचित, नेपाली नेपालमा बसोबास गर्ने नेपालका जाति। बहुसंख्यक नेपालीले बोल्ने भाषा, नेपालको राष्ट्रभाषा। भारतीय संविधानको आठौं अनुसूचीअन्तर्गत मान्यताप्राप्त भाषाहरूमध्ये एउटा प्रमुख भाषा।

"भाषा विचारको पोशाक हो।

भाषाद्वारा परस्पर एक अर्काका तथ्यगत संवादको जानकारीका साथै व्यक्तिगत मनोभाव थाहा पाइन्छ।

प्रत्येक जातिको भाषा उसको आफ्नो प्रतिबिम्ब हो।" विभिन्न विद्वान्का भनाइहरू–

भाषामा वीरता, सत्यता, दया, प्रेम र आत्मियता पोख्नसक्ने क्षमता हुनुपर्छ। यी कुरा प्रकट गर्न नसकिने भाषालाई आफ्नो भाषा भन्नुहुँदैन।

–महात्मा गान्धी

भाषा छ यो कल्पलता समान, साहित्य हो उज्वल पुष्पज्ञान
जो गर्छ त्यसले मतिको विकास, स्वर्गीय त्यै हो फुलको सुवास

–कविशिरोमणि लेखनाथ

"यो भाषा भन्ने वस्तु के हो, जसले सापकोटाजी जस्ता तेजी, मगजदार व्यक्तिलाई यसरी अकेला मोहनी लगाउन सक्छ, जसले देवकोटा जस्ता एक मूर्खलाई हरहमेसा ज्ञानको मन्त्र सुनाएर घुमाई घुमाई सुकाइरहेछ। भानुभक्तलाई ढुंगाको अल्सी तकियाबाट झल्याँस्स बिउँझाएर गीत गाउन लगायो ? बालकृष्ण समजस्ता महान् नाटककार

कविलाई राती तपस्वी झैं जाग्रत गराएर राख्यो । जसले श्री कविशिरोमणिजीको लेखनाथ भन्ने नाम सार्थक बनाउन घोराई घोराई रमायो ? जसले सिद्धिचरणलाई जादू लगाउँछ र अरु अनेक भाषा प्रेमीलाई धन, मान, आनन्द शक्तिहरूलाई तुच्छ सम्झन लगाएर दरिद्रमा समेत कतैतिर लम्कन लगाइरहेछ– त्यस वस्तुको नाम, नेपाली भाषा, हो तर यो वस्तु के चीज हो बताउन बडो मुस्किल छ ।"

–महाकवि देवकोटा

**नेपाल** : विश्व मानचित्रमा एशिया महादेशको एक भागमा रहेको, विश्वको सर्वोच्च हिमशिखर सगरमाथा भएको, उत्तरमा चीनको तिब्बत प्रदेश र दक्षिणमा भारतका बीच, पूर्वमा मेचीदेखि पश्चिममा महाकालीसम्म अवस्थित एक सार्वभौमसत्ता सम्पन्न गणतन्त्रात्मक बहुदलीय प्रजातान्त्रिक व्यवस्था भएको स्वतन्त्र राष्ट्र ।

**भारत** : एशियाको दोस्रो ठूलो राष्ट्र । बहुदलीय प्रजातान्त्रिक व्यवस्था भएको । नेपालको दक्षिणी छिमेकमा रहेको प्रसिद्ध मुलुक । सार्वभौमसत्ता सम्पन्न, गणतन्त्रतात्मक स्वतन्त्र राष्ट्र । हिन्दुस्तान, इन्डिया, भारतवर्ष आदि नामबाट समेत चिनिने विशाल देश ।

**धार्मिक- सांस्कृतिक समानता**– चार वेद, उपनिषदहरू, कर्मकाण्ड, १८ पुराण, तन्त्रमन्त्र आदि दुवै देशमा, समान रूपले मानिन्छन् । रामायण, महाभारत, पंचतन्त्र, स्मृतिग्रन्थहरू, धर्मसिन्धु, निर्णयसिन्धु र माहात्म्य, कल्पहरूको महिमा र चलनचल्ती नेपाल भारत दुवैतिर उत्तिकै छ । गीताको उपदेशमा दुवै राष्ट्रका बासिन्दाहरूको समान मोह र प्रेम छ । नेपाली जनजीवनमा धर्म भन्नाले धैर्य, क्षमा, बुद्धि, इन्द्रिय-निग्रह, आत्मसंयम, अस्तेय, विद्या, शौच, सत्य र अक्रोधको संयुक्त रूप मानिन्छ भने भारतीय जनजीवन पनि यिनै कुरामा विश्वास राख्छ । संस्कृति राष्ट्र र समाजको उत्थान पतनको मेरुदण्ड हो । संस्कृतिले व्यक्तिको परिचय दिन्छ । व्यक्तित्वको परिष्कार गर्ने विषय हो संस्कृति । संस्कृति अभौतिक र अनुभूतिजन्य विषय हो । मनुष्य जीवनको व्यवहारसँग सम्बद्ध सभ्यताका विभिन्न क्रियाकलापसँग जोडिने अमूर्त तत्त्व हो । व्यक्तित्व, कला, चिन्तन, दर्शन, विचार, परोपकार, चरित्र, मूल्य, मान्यतादेखि दैनिक जीवनका प्रत्येक कुराहरू संस्कृतिभित्र पर्दछन् । नेपाली र भारतीय दुवै पक्ष धर्म र संस्कृतिको समन्वय र अन्योन्याश्रित आधार मानेर चल्ने मुलुक हुन् ।

**जीवन दर्शन** : नेपालका बुद्धले भारतका विभिन्न क्षेत्रमा तपस्या गरेर सिद्धि प्राप्त गरेका थिए । भारतका रामले नेपालकी जानकीसँग विवाह गरेका थिए । भारतका पाण्डव नेपालका विराट राजाकहाँ गुप्तवास बसेका थिए । नेपाल र भारतका बीच

वैबाहिक एवं अन्य सांस्कृतिक सम्बन्ध क्रम अनादिकालदेखिको हो । सामाजिक पक्ष दुवैमा समान छ । नेपाली र भारतीय जीवन दर्शन, जीवन दृष्टि, सोचविचार र आत्मचिन्तन एकै प्रकारको छ । मनुष्य र प्रकृतिमा एकरुप, एकाकार मान्ने प्रवृत्ति । सूर्यप्रकृति- बाह्य प्रकाश र मनुष्यको अन्तर्ज्ञान प्रकाश, रात्रि मनुष्यको अज्ञान अन्धकार । मनुष्यत्व र देवत्वको समानभाव । विश्वदृष्टि र विश्वचिन्तन एकै प्रकारको छ । स्वर्गका देवता पनि नेपाल र भारतका विभिन्न क्षेत्रमा जन्म लिन उत्सुक रहन्छन्, भन्ने मान्यता दुवै मुलुकमा प्रचलित छ । परोपकारर सेवा नै धर्म हो भन्ने भाव पनि यी दुई मुलुकमा मात्र विद्यमान छ ।

**प्राचीन राजनीतिक सम्बन्ध** : नेपाल र भारतको सामाजिक, धार्मिक र सांस्कृतिक सम्बन्ध मानव विकासको प्रारम्भिक चरणदेखि नै देखिन्छ जुन सम्बन्ध आज पनि यथावत् छ । राजनीतिक सम्बन्ध पनि आदिकालदेखि नै हुँदैआएका प्रमाणहरू प्रशस्त छन् । भारतका सम्राट् अशोकको नेपाल आगमन र कीर्ति स्तम्भहरूको स्थापना, विक्रमादित्य र उनले चलाएको संवत् नै नेपालमा प्रचलित हुनु र आज पनि सोही चलिरहनु दुई देशको राजनीतिक सम्बन्धको उदाहरण हो । नेपाल एकीकरण पूर्व पृथ्वीनारायणले वि.सं. १७९९ मा काशी भारतको यात्रा गरेका थिए । सम्भवतः नेपालका राजा भारत यात्रा गरेको यो पहिलो राजकीय यात्रा थियो । उनले काशीका राजासँग गंगा साक्षी राखेर मैत्री सम्बन्ध स्थापित गरेको कुरा पनि प्रसिद्ध छ । भारतमा रहेको अंग्रेज साम्राज्यको पृथ्वीनारायणले नेपालभित्र गतिविधि बढ्न दिएनन् । नेपाललाई स्वतन्त्र राष्ट्रका रूपमा स्थापित गर्ने काममा पृथ्वीनारायणको योगदान रह्यो ।

"सर्वोच्च दर्जाको राजनीतिक प्रतिनिधि दुवैतिर रहनाले परस्परको मित्रता र सहयोग झन् झन् बलियो हुँदै जानेछ भन्ने दृढ विश्वास दिई यस्तो राष्ट्रको कल्याणकारी कुराको घोषणा गर्दा नेपाल सरकार अत्यन्त हर्षित छ । भारत सरकार अत्यन्त प्रसन्न छ ।" यस प्रकारको दौत्य सम्बन्धको आदानप्रदानको व्यवस्थित प्रयास सन् १९४७ मइमा भएको थियो । सन् १९५० मा दुवै देशवीच भएको सन्धिलाई असमान सन्धि भनिए पनि आजसम्म यही चलेको छ ।

जंगबहादुर नेपालका श्री ३ प्रधानमन्त्री भएपछि सन् १८६१ (वि.सं. १९१८) देखि आजसम्म नेपालीहरू भारतीय सेनामा गोर्खा रेजिमेन्ट, गोर्खा भर्तीका नामबाट सैनिक सेवामा जाने गरेका छन् । नेपाल र भारतका बीचको सम्बन्ध-सूत्रको एउटा प्रमुख साङ्लो यो पनि हो ।

**भारतीय स्वतन्त्रता आन्दोलन** : भारतीयद्वारा गरिएको सन् १८५७ को आन्दोलन अंग्रेजले दबाए पनि विभिन्न सुधारात्मक आन्दोलनहरू हुन थाले । १८८५ मा राष्ट्रिय काग्रेसको स्थापना भएपछि स्वतन्त्रता आन्दोलन चर्कियो । दर्जनौं नेताहरूसँगै गान्धीको उदय भयो । अंग्रेज विरुद्ध भारतीय जनजीवन एकबद्ध भएपछि सन् १९४२ मा महात्मा गान्धीको नेतृत्वमा निर्णायक आन्दोलन– गर या मर, भारत छोड अंग्रेज" नाराका साथ भयो । यस आन्दोलनमा नेपालका तत्कालीन नेताहरू– बी.पी. कोइराला, डिल्लीरमण, मनमोहन अधिकारी, नारायणप्रसाद भट्टराई, गोपालप्रसाद भट्टराई, सूर्यप्रसाद उपाध्याय अनि थुप्रै जना जेल परेका थिए । यसै गरी भारतीय नेपालीहरूमा शहीद लालबहादुर गिरी दार्जिलिङको योगदान अविस्मरणीय छ । ठाकुर चन्दन सिंहको नेतृत्वमा खड्गबहादुर विष्ट, लालसिंह नेवार, शेरबहादुर गुरुङ आदि देहरादूनबाट उठेका थिए । शहीद दुर्गा मल्ल र दलबहादुर थापाहरूको अभूतपूर्व योगदान थियो । आसामका छविलाल उपाध्याय, भक्तबहादुर प्रधानलगायत अन्य असंख्य भारतीय नेपालीहरूले योगदान दिएका थिए । परिणामतः सन् १९४७ अगस्ट १५ गते भारत स्वतन्त्र भयो ।

**नेपालको प्रजातान्त्रिक आन्दोलन** : भारतको स्वतन्त्रतासँगै नेपालको नाभी गाँसिएको छ । यदि भारत स्वतन्त्र नभएको भए नेपालमा प्रजातान्त्रिक आन्दोलन सफल हुनसक्ने थिएन । भारत स्वतन्त्र हुने निश्चित भएपछि नेपाली राष्ट्रिय कांग्रेसको स्थापना भयो भने भारतले पनि आफ्नै भूभागबाट नेपालको प्रजातान्त्रिक आन्दोलनको क्रममा सशस्त्र संघर्ष गर्न रोक लगाएन । वि.सं. २००७ मा आन्दोलन सफल भयो । भारतको मध्यस्थतामा नेपालमा संवैधानिक राजतन्त्रात्मक बहुदलीय शासन प्रणाली प्रारम्भ भएको थियो । त्यसबेला भारतमा राष्ट्रिय कांग्रेसको नेतृत्व दिने जवाहरलाल नेहरू थिए भने नेपालमा नेपाली कांग्रेसको नेतृत्व बी.पी. कोइरालाले गरेका थिए ।

**परस्पर अन्तर्सम्बन्ध** :– नेपाल र भारत आदिकालदेखि आजसम्म परस्पर अन्तर्सम्बन्धका आधारमा अन्योन्याश्रित रहेका छन् । भारततर्फको सम्पूर्ण सीमाक्षेत्र खुला भएका कारण आउने-जाने प्रक्रिया निर्बाध छ । भिसाको आवश्यकता पर्दैन । भारतको सिक्किम, दार्जिलिङ, आसाम, मणिपुर, नागाल्याण्ड आदि नेपाली क्षेत्र हुन् । अन्यत्र पनि नेपालीहरू काम र मामका लागि जाने, बस्ने गर्दछन् । भारततिरका बासिन्दाहरू पनि नेपाल आएर विभिन्न काम गर्ने गर्दछन् । यसरी जनस्तरमा नै दोहोरो आदानप्रदान छ । नेपालका बराहक्षेत्र, जानकी धाम, देवघाट, पशुपतीनाथ, स्वयम्भु, गुह्येश्वरी, मुक्तिनाथ आदि भारतीयहरूका पनि आराध्यदेव र पवित्र स्थल हुन् भने भारतका विश्वनाथ, गंगा, कामाक्षा, चारधाम र अन्य देवस्थानहरूका साथै सारनाथ,

बोधगया नेपालीहरूका पनि उत्तिकै आराध्य छन् ।

**भाषिक स्वरुप** :– नेपालको राष्ट्रभाषा र सम्पर्क भाषा नेपाली हो । आर्य भाषा परिवारमध्येको एक प्रमुख संस्कृतबाट क्रमशः पाली, प्राकृत, अपभ्रंश हुँदै आजको नेपाली भाषा विकसित भएको छ । नेपालमा विभिन्न राष्ट्रिय भाषाहरू– राई, लिम्बू, मगर, गुरुङ, थारू, मैथिली, भोजपुरी, नेवारी, तामाङ, शेर्पा आदि एक सयभन्दा बढी छन् । भारतको राजभाषा हिन्दी हो । यो भाषा पनि संस्कृत, पाली प्राकृत, अपभ्रंश हुँदै वर्तमान स्वरूपसम्म आइपुगेको हो । भारतका राष्ट्रिय भाषाहरू– बंगाली, उर्दू, नेपाली, द्रबिड, तमिल, तेलगू, पंजाबी, कन्नड आदि सयौं छन् । नेपालको अन्तर्राष्ट्रिय सम्पर्क भाषा अंग्रेजी भएझैं भारतको पनि अन्तर्राष्ट्रिय सम्पर्क भाषा अंग्रेजी नै हो । नेपाली र हिन्दी समानान्तर भाषा हुन् र दुवैको लिपि देवनागरी हो ।

**भाषा र साहित्यको भौगोलिक सीमा हुँदैन** : भाषा र साहित्यको कुनै राजनीतिक बन्धन हुँदैन । भौगोलिक सीमा र घेरा रहँदैन । कुनै बाधा- व्यवधानको परिधि हुँदैन । भाषा- साहित्य सूर्यजस्तै फैलिने विषय हो । कसैले रोक्ता रोकिन्न । भाषा-साहित्य कसरी व्यापक हुन्छ, फैलिन्छ भन्ने कुराको उदाहरण "नेपाली भाषा"बाटै दिन सकिन्छ । आज वास्तवमा नेपाली भाषा अन्तर्राष्ट्रिय भाषाका रूपमा अगाडि बढेको छ । नेपालको सानो भौगोलिक सीमाभित्र नअटाएर विशाल भारतीय उपमहाद्वीपको सेरोफेरो हुँदै बर्मा, हङकङ, मलेशिया आदि बिभिन्न देशहरूमा नेपाली भाषा फैलिनु, झाँगिनु र मातृभाषा एवं साहित्यिक भाषाकै रूपमा विकसित हुनु अब क्रमशः सार्कस्तरीय एउटा प्रमुख भाषाका रूपमा स्थापित हुने शुभलक्षण हो ।

**नेपाली भाषाको विकासमा भारतीय भूभागको योगदान** : २००७ (सन् १९५१) अघिको इतिहास हेर्दा नेपाली भाषाको विकास एवं उन्नतिमा भारतीय नेपाली क्षेत्रको विशेष हात रहेको पाइन्छ । नेपालभित्र तत्कालीन निरंकुशतन्त्रको वक्रदृष्टि र प्रेस प्रकाशनको असुविधासमेतका कारण भारतमा नै अधिकांश पुस्तक, पत्र पत्रिकाहरू छापिने गरेको कुरा सर्वविदितै छ ।

नेपाली भाषा- साहित्यको प्रचारप्रसारमा योगदान पुऱ्याउँदै आएका भारतीय क्षेत्रहरूमध्ये- बनारस, कलकत्ता, देहरादून, भाक्सु, आसामका विभिन्न ठाउँहरू, दार्जिलिङ, डुवर्स र सिक्किम राज्यहरू मुख्य छन् । यी क्षेत्रहरूमध्ये, छापाखाना एवं प्रकाशनसम्बन्धी विशेष व्यवस्थाले गर्दा भारतको बनारस आजसम्म पनि यस क्षेत्रका निम्ति आकर्षक केन्द्र बनिरहेकै छ । दर्जनौं नेपाली प्रकाशकहरूले बनारसमा बसेर प्रकाशन गर्नुका साथै भारतका नेपाली भाषी विभिन्न स्थानहरूमा पुस्तक पत्रिकाहरू

पुऱ्याउने काम समेत गर्दै आएका थिए र आज पनि यो काम गरिरहेका छन् ।

त्यसैगरी भारतका कलकत्ता, पटनाजस्ता सहर नेपालीहरूका व्यापारिक र पठनपाठनका क्षेत्र थिए । सिक्किम, दार्जीलिङ, डुवर्स, आसाम आदि स्थान त नेपालीहरूको आधारभूमिकै रूपमा स्थापित छन् ।

पुरातन कालदेखि नै भारतको वाराणसीसँग नेपालीहरूको सांस्कृतिक, धार्मिक तथा शैक्षिक सम्बन्ध सुदृढ रहेको ऐतिहासिक तथ्य प्रष्ट छ । करीब तीन हजार वर्षअघिदेखि नेपालीहरूको काशी क्षेत्रमा पाइलो पर्न थालेको थियो । भगवान् बुद्धले गयामा बुद्धत्व प्राप्त गरेर सारनाथमा सर्वप्रथम धार्मिक प्रवचन गरेका थिए । सम्भवत : बुद्ध नै काशीयात्रा गर्ने पहिलो नेपाली हुन् । तीर्थयात्राको प्रसंगमा काशीबाट शस्त्रास्त्र सहित शक्ति आर्जन गर्ने श्री ५ बडामहाराज पृथ्वीनारायण शाहले वैवाहिक सम्बन्ध समेत गरेका थिए । त्यसपछि नेपालका राजपरिवार र भारतीय राजपरिवारका बीच दोहोरो वैवाहिक सम्बन्ध स्थापित हुनगयो । आज पनि यो क्रम टुंगिएको छैन । त्यस्तै नेपालको मेची महाकाली दक्षिणी भागका नेपाली र भारतीय बासिन्दाहरूमा यो दोहोरो सम्बन्ध आज पनि पूर्ण रूपमा विद्यमान छ ।

निर्गुण भजन रचेर केही कालसम्म काशीबास गर्ने राजा रणबहादुर शाह, कवि विद्यारण्य, आदिकवि भानुभक्त आचार्य, सुवा कवि मोतीराम भट्ट, सुब्बा होमनाथ खतिवडा, प्रसिद्ध दार्शनिक पण्डित नीलदेव पन्त, पण्डितप्रवर पद्मप्रसाद भट्टराई, विद्धच्छिरोमणि पं. कुलचन्द्र गौतम, पण्डितराज सोमनाथ सिग्देल, पं. देवीदत्त पराजुली, महाकवि लक्ष्मीप्रसाद देवकोटा, नीलहरि ढकाल, नारायणप्रसाद, गोपालप्रसाद भट्टराई आदिले पनि बनारसलाई कर्मथलो बनाएका थिए ।  अर्को मुख्य कुरा नेपाली वाङ्मयका साधक सूर्यविक्रम ज्ञवाली, राजनीतिक संस्कृतिका चिन्तक राजनेता तथा नेपाली उपन्यास र कथा साहित्यका प्रसिद्ध लेखक विश्वेश्वरप्रसाद कोइराला र उदय पत्रिकाका सम्पादक काशीबहादुर श्रेष्ठको जन्मथलो पनि बनारस नै हो ।

सुब्बा होमनाथ खतिवडा, टीकादत्त धिताल, बाबू माधवप्रसाद शर्मा आदिले नेपाली भाषामा विभिन्न धार्मिक ग्रन्थहरू प्रकाशित गरी नेपाली भाषाको ठूलो सेवा गरेका थिए । इतिहासमा सुनिएको गोरखाभारत जीवन बनारसको देन थियो । त्यस्तै राजभक्ति, उपन्यास तरङ्गिणी, सूक्तिसुधा, जन्मभूमि, पुरुषार्थ, दीपक, ज्योति, छात्र, छात्रा पत्रिका, छात्रप्रभा आदि पत्रिकाले पनि इतिहास बनाएका छन् ।

बनारसमा पढ्न बसेका चक्रपाणि चालिसे, सोमनाथ सिग्देल, राममणि, गंगादत्त, सूर्यविक्रम आदिका सहयोगले "सुन्दरी, माधवी, गोर्खाली" माधवप्रसादको

सम्पादनमा प्रकाशित चन्द्र, महाकवि देवकोटा, बालचन्द्र शर्मा, कृष्णप्रसाद उपाध्याय आदिका योगदानमा निस्किएको युगवाणी, काशीबहादुर श्रेष्ठद्वारा सम्पादित उदयले नेपाली वाङ्मयको प्रगतिमा अत्यन्तै ठूलो योगदान पुऱ्याएका हुन् । त्यस्तै– आमा, विश्वसन्देश, नौलो पाइलो, रहर, सन्देश, मुनो, उजेली, कोपिला, सुमन, वाणी साधना, एकता आदिको योगदान छ । आज पनि थुप्रै नेपाली पत्रिकाहरू प्रकाशित भइरहेका छन् ।

पुराना नेपाली प्रकाशकहरूमध्ये बाबू माधवप्रसाद एण्ड सन्स, सुब्बा होमनाथ, केदारनाथका प्रकाशनहरू सक्रिय छन् । गोर्खा वस्तु भण्डार, यशोदा पुस्तकालय, सर्वहितैषी कम्पनी, नवीन प्रकाशन आदिले पनि नेपाली पुस्तकहरूको प्रकाशन र बिक्री वितरण गर्दै आएका छन् । यता दुई दशकदेखि दुर्गा साहित्य भण्डारले सयौं नेपाली पुस्तकहरू प्रकाशन गरेर भारतीय भूभागमा फैलाइरहेको छ ।

नेपाल भारतका विभिन्न प्रान्तहरूबाट आउने नेपालीहरूको आ-आफ्ना स्थानीय विशेषताहरूको सम्मिश्रण हुने हुँदा बनारसमा एउटा छुट्टै प्रकारको महत्व रहेको छ । सामाजिक, धार्मिक, सांस्कृतिक, शैक्षिक, राजनैतिक आदि विभिन्न विचार र अनुभवले भरिएका र खारिएका विभिन्न वर्गका नेपालीहरूले नेपाल र भारत दुवै क्षेत्रको मातृभाषा एवं साहित्यको उत्थान र विकासमा वाराणसीबाट दिएको योगदान सदा अविस्मरणीय रहनेछ ।

दार्जीलिङ र वरपरबाट– गोर्खे खबर कागज, साथी, शान्ति, गोर्खा, पुकार, खोजी, आरती, प्रभात, दियालो, दीयो, जनदूत, उषा, सुमन, मालिंगो, हिमालोक, बैंसालुबाहेक पचासौं अन्य पत्रिकाहरू ।

आसामतिरबाट– गोर्खा सेवक, आसाम गोर्खा, कामरूपा, हिमालय, सुमन, ब्रह्मपुत्र, बिन्दु, मुक्ति आदि ।

कलकत्ताबाट– नेपाल पुकार, नेपाल आह्वान, पश्चिम बङ्गाल, उत्थान, वेष्ट बङ्गाल, सगरमाथा, छोरी, हिमाञ्चल र अन्य पत्रपत्रिकाहरू ।

देहरादूनबाट– गोर्खा संसार, तरुण गोर्खा, स्वतन्त्र नेपाली, जागृत गोर्खा, बिहान आदि ।

सिक्किमबाट– कञ्चनजङ्गा, तीनतारा, हिमालय सन्देश, प्रगति, ध्रुवतारा, लालुपाते, पखेरा, गान्तोक, विचारबाहेक दर्जनौं अन्य पत्रिकाहरू । त्यस्तै– जवान, दिल्ली, नयाँ कदम, पटना, जनमत, दरभङ्गा, उज्यालो भाक्सु, बाग्मती, बम्बई, डुवर्स

आदि समेत र यी विभिन्न क्षेत्रबाट हालसम्म प्रकाशित हुँदै गरेका पुराना र नयाँ सयौं पत्र पत्रिकाहरूको योगदानलाई नेपाली भाषीहरूले कहिल्यै मूल्याङ्कन गर्न बिर्सनुहुँदैन। पत्र पत्रिकाहरू कुनै पनि भाषा विकासका लागि मुख्य जग हुन्।

नेपाली बहुल क्षेत्रहरूमा– सिक्किम राज्य, दार्जीलिङ, डुवर्स इलाका। आसामका– दरङ, डिब्रुगढ, लखीमपुर, कामरुप, नौगाउँ, ग्वालपाडा, शिवसागर, काछाड आदि जिल्लाहरूका साथै मिजोरम, सिलाङ, मेघालय, त्रिपुरा, अरुणाचल, मणिपुर, देहरादून, भाक्सु आदि मुख्य छन्। यसबाहेक भारतका अन्य प्रान्तहरूमा पनि लाखौं नेपालीहरू छरिएर बसेका छन्। नेपालीहरूको सयौं वर्षदेखि भारतीय भूभागमा नेपाली भाषी भारतीय नागरिक भएर बसोबास गर्दैआएका हुन्।

**भाषिक आन्दोलन**– दार्जीलिङमा हिलमेन एसोसिएसन नामक संगठन सन् १९१७ मा बनेपछि नै नेपालीहरूले आफ्नो जातीय र भाषिक अस्तित्व बचाउँदै आएका हुन्। सन् १९२४ मईमा "नेपाली साहित्य सम्मेलन"को स्थापना भएको थियो। यसैबेला दार्जीलिङको चौरस्तामा भानुभक्तको सालिक स्थापित हुनु नेपाली मात्रको गौरवको विषय थियो। आफ्नो जाति र भाषाप्रति मरिमेट्ने सूर्यविक्रम ज्ञवाली, शिक्षाविद् धरणीधर कोइराला, भाषासेवी पारसमणि प्रधान, न्यायविद् रामकृष्ण शर्मा र हरिप्रसाद प्रधान, साहित्यशिल्पी रूपनारायण सिंह, टी. मनेन, गणेशमान सुब्बा आदि व्यक्तिमात्र नभएर स्वयं एक एक संस्थाका रूपमा स्थापित थिए– त्यसताका।

त्यस्तै सन् १९३५ मा दार्जीलिङ क्षेत्रबाट बङ्गाल विधान सभामा पुग्न सफल भएका राजनीतिज्ञ एवं समाजसेवी डम्बरसिंह गुरुङ नेपाली जातीय एवं भाषिक उत्थानका ठूला हस्ती थिए।

नेपाली भाषा साहित्यको सेवामा समर्पित रहेका पारसमणि, धरणीधर र सूर्यविक्रमको प्रयासबाट सन् १९२० पछि कलकत्ता विश्वविद्यालयले म्याट्रिक, आइ.ए. र बी.ए.का परीक्षानिम्ति नेपाली भाषा स्वीकार गऱ्यो। केही समयपछि गौहाटी विश्वविद्यालय र क्रमशः आसामका विभिन्न कलेजहरूमा स्नातक तहसम्म नेपालीको पठनपाठन हुन थाल्यो। दार्जीलिङ र वरपरका शैक्षिक संस्थाहरूमा नेपाली पढाइन थालियो। परिमाणतः सन् १९७० पछि नर्थ बङ्गाल विश्वविद्यालयमा स्नातकोत्तर एवं विद्यावारिधिसम्म नेपाली विषयको व्यवस्था गरियो। सन् १९८२ देखि बनारस हिन्दु युनिवर्सिटीमा पनि नेपाली विषय स्नातकोत्तर एवं विद्यावारिधिसम्म पठनपाठन हुन थालेको हो।

बनारस हिन्दू युनिवर्सिटीमा सन् १९४३ देखि नै स्नातक तहसम्म नेपालीको

पठनपाठन प्रारम्भ भएको थियो । तत्कालीन श्री ३ जुद्ध समसेरले नेपाली भाषा प्रचार निम्ति हिन्दु युनिवर्सिटीमा नेपालबाट एक जना प्राध्यापक पठाउने परम्पराको थालनी गरे । त्यसबेला पहिलो प्राध्यापकका रूपमा रामराज पन्त गएका थिए । आज पनि नेपालबाट एक जना प्राध्यापक हिन्दु विश्वविद्यालय जाने गरेका छन् । यो परम्परा अद्यापि छँदैछ ।

बनारसको संपूर्णानन्द संस्कृत विश्वविद्यालयका स्नातक तहसम्मका परीक्षामा नेपाली विषय लिन पाइने व्यवस्था छ । प्रसिद्ध वाङ्मय साधक राममणिले तत्कालीन उत्तरप्रदेशका गवर्नरसँग भेटी वार्ता गरेपछि उत्तर प्रदेश इलाहावाद बोर्डको म्याट्रिक र इन्टरमिडियट परीक्षामा पनि नेपाली विषय लिन पाइने व्यवस्था भयो । जुन अद्यापि छँदैछ । यसबाहेक भारतका करीव दसवटा विश्वविद्यालयहरूमा स्नातकसम्म नेपाली भाषा साहित्यको अध्ययन अध्यापन हुने गरेको छ ।

सन् १९६० बाट दार्जीलिङ क्षेत्रमा बङ्गाल सरकारले नेपाली भाषालाई सरकारी कामकाजको भाषाका रूपमा स्वीकृति दियो । सन् १९७७ मा भाषा, साहित्य, कला आदि पाँचवटा विषयमा छुट्टाछुट्टै पुरस्कारको व्यवस्था पनि भारत सरकारकै तर्फबाट भयो । भानुजयन्तीका दिन दार्जिलिङ क्षेत्रमा सार्वजनिक बिदा दिने कुरालाई सन् १९८७ देखि बङ्गाल सरकारले स्वीकृति प्रदान गरेको हो । दिल्ली साहित्य अकादमीले पनि नेपाली भाषा साहित्यका निम्ति नेपालीको छुट्टै प्रतिनिधित्व गराएको छ ।

**आसामतर्फ–** नेपाली भाषा समिति तेजपुर, नेपाली भाषा प्रकाशिनी समिति डिगबोई, नेपाली साहित्य संघ सिलाङ, भानुस्मृति संघ- गौहाटी, अखिल भारतीय नेपाली समिति, नेपाली साहित्य परिषद्- दरङ, नेपाली साहित्य सम्मेलन आदि दर्जनौं संघ-संस्थाहरूद्वारा गरिएका भाषिक आन्दोलन र पत्र-पत्रिका बुलेटिन आदिका प्रचार प्रसारका कराण नेपाली भाषा साहित्यको विकासमा महत्त्वपूर्ण योगदान रहेको हो ।

**सिक्किमतर्फ–** नेपालको पहाडी भागसरह भौगोलिकता भएको सिक्किम परापूर्व कालबाटै नेपाली जगतसँग सुपरिचित प्रदेश हो । त्यसैकारण सिक्किमलाई नेपालकाहरू सुखीम भन्ने गर्छन् । सिक्किममा करीव ८० प्रतिशत नेपाली भाषी छन् । अन्य भाषाभाषीहरूको पनि सम्पर्क– माध्यम भाषा नेपाली हो । करीव दुई सय वर्ष अघिदेखि नै यस क्षेत्रमा नेपाली भाषाको विकास र प्रचारप्रसार हुँदै आएका प्रमाण पाइएका छन् । सन् १९७५ मा सिक्किम भारतको बाइसौं राज्य बनेपछि सिक्किममा नेपाली भाषा साहित्यले झन् विकसित हुने अवसर पाएको छ ।

भारतमा नेपाली भाषा साहित्यलाई आजको स्वरूपसम्म तान्न र पुऱ्याउन माथि

उल्लेख भएका संघ-संस्था, व्यक्ति एवं विभिन्न मान्यताहरू, भाषिक संघर्षहरू, खर्साङ रेडियो, गौहाटी रेडियो, दिल्ली रेडियो जस्ता केन्द्रहरूबाट नेपाली कार्यक्रमहरू प्रसारित हुनु आदिको अग्रिम भूमिका रहेको छ ।

यस्तै सु.ध.पा. देखि डा. तुलसी अपतन, शिवकुमार राई, इन्द्रबहादुर, अच्छा राई, अगमसिंह गिरी, ओकियामा, इन्द्र सुन्दास, डा. कमला, हरिप्रसाद गोर्खा राई, जि. छिरिङ, प्रकाश कोविद, भाइचन्द्र, बाबुलाल, जगत क्षेत्री, छविलाल उपाध्याय, विष्णुलाल उपाध्याय, पद्मप्रसाद ढुंगाना, हरिभक्त कटुवाल, गोपीनारायण प्रधान, गीता उपाध्याय, कृष्णप्रसाद ज्ञवाली, पुष्पलाल उपाध्याय, लीलबहादुर आदि सयौं लेखक, कवि, कलाकार एवं अन्य भाषाप्रेमीहरूको सक्रियताले गर्दा नेपाली भाषा समृद्ध हुन सकेको हो ।

यसरी भारतमा नेपाली भाषाको मान्यता र यस निम्ति भएको लामो भाषिक आन्दोलनको इतिहास एवं विकासक्रमलाई हेर्ने हो भने कुनै पनि भाषा र साहित्यको भौगोलिक र राष्ट्रगत सीमा हुँदैन भन्ने कुरा प्रष्ट देखिन्छ । अझ नेपाली साहित्यको प्रसङ्गमा त कुनै मापदण्ड र सीमा छैन । नेपालभित्र र बाहिर एउटै, उस्तै छ । भारतीय विश्वविद्यालय र विद्यालयहरूमा भानुभक्तदेखि देवकोटा र अन्य धेरै नेपाली साहित्यकारका रचनाहरू पढाइन्छन् भने नेपालभित्रका शिक्षालयमा पारसमणि, इन्द्रबहादुर राई, अगमसिंह आदि दर्जनौं लेखकका कृति पढिन्छन् ।

नेपालका प्रज्ञा पुरस्कार र मदन पुरस्कार, जगदम्बा पुरस्कार आदिबाट भारतीय नेपाली साहितयकारहरू पुरस्कृत हुँदै आएका थिए र छन् पनि । यता केही वर्षदेखि यो दोहोरो आदानप्रदानमा शिथिलता आएको गुनासो सुनिएको भए पनि बी.पी. नेपाल भारत प्रतिष्ठानले भाषा साहित्यसम्बन्धी कार्यक्रम दुवै देशमा गर्दैआएको छ । यसखाले प्रयासबाट निश्चय नै दुई देशका नेपाली भाषीबीच समाधानको बाटो खुल्नेछ ।

फरक मात्र यति छ नेपालमा नेपाली भाषा राष्ट्रभाषा र सम्पर्क माध्यम भाषा हो भने भारतमा नेपाली भाषा राष्ट्रिय भाषा र नेपाली जातीय भाषा हो । नेपाली भाषाले भारतका धेरै भाषाहरूमध्ये आठौं अनुसूचीभित्र वैधानिक मान्यता प्राप्त गरेको छ । संक्षेपमा भन्नुपर्दा नेपाली भाषा साहित्यका आधारमा नेपालभित्र र भारतको नेपाली भाषी क्षेत्रमा कुनै भिन्नता छैन । दुवैतिरको दृष्टिकोण एउटै छ– जसरी भए पनि नेपाली वाङ्मयको उत्थान र विकास हुनुपर्छ । नेपाली भाषा साहित्यलाई विश्वका अन्य विकसित भाषा साहित्यको दाँजोमा पुऱ्याउने चाहना र त्यसनिम्ति गरिने प्रयासलाई निरन्तरता दिने काम भइरहेकै छ ।

**नेपाल भारत दुवैतिर समान–** ब्रिटिशकालीन भारतका अंग्रेज विद्वान्हरूले पनि नेपाली भाषाको महत्त्व बुझेर थुप्रै काम गरेका थिए। जे.ए. एटन (१८२०), हजसन् (१८३३), पादरी ए. टर्नबुल (१९९७) ले लेखेका ग्रामरहरू नेपाल र भारत दुवैतिरका नेपालीका निम्ति काम लागेका छन् । सन् १८५३ मा हजसनले लेखेको नेपाली शब्दावली, १८४८ मा रेभ सुल्ज र क्युमलीले तयार पारेको नेपाली कोश नेपाल भारत दुवैतिर मान्य थिए। हर्जले, जर्ज ग्रियर्सन र सुनीतिकुमार चटर्जीका नेपाली भाषा विषयक अनुसन्धानहरू दुवै देशका नेपालीहरूका साझा सम्पत्ति हुन् ।

सन् १९३० को राल्फ लिली टर्नरको नेपाली कोश-नेपाल र नेपाली भाषी सीमा नाघेर विश्वकै सम्पदा बन्न पुग्यो । सन् १९२० मा लेखेका नेपाली पाठ्यपुस्तक र नेपाली व्याकरणहरू नेपाल भूटान र भारतका विभिन्न क्षेत्रमा पढाइन्थे । त्रिभुवन प्रज्ञा- पुरस्कार र मदन पुरस्कारद्वारा सम्मानित पारसमणि प्रधानका व्याकरण कृति र शब्दकोश नेपाल भारत दुवैतिरका साझा उपलब्धि हुन् ।

वि.सं. १९५८ देखि नेपालबाट प्रकाशन प्रारम्भ भएको गोरखापत्र र सोही समय करीव ३ महिनाअघि नै भारतको दार्जीलिङ्बाट प्रकाशन सुरु भएको गोर्खे खबर कागतले पनि समान भाषिक सम्बन्ध देखाइसकेका छन् । करीव ११५ वर्षअघिको यो समान सुघटना भाषिक सुसम्बन्धनको एउटा महत्त्वपूर्ण कडी हो ।

**नेपाली भाषाको स्वरुप–** नेपाली भाषा भारतबाटै पसेको हो । कसगर क्षेत्रमा विकसित भएको खस प्राकृत- काश्मिर, कुमाऊ, गढवाल हुँदै नेपाल पसेको- खस भाषाको विकसित रूप नेपाली हो । नदीहरू चारैतिर फैलिँदै समुद्रमा पस्छन् र फेरि त्यही पानी बाफ बनेर निस्किन्छ। भाषा पनि हजारौं वर्षको यात्राक्रममा पहिलेकै प्राकृत स्थानमा विभिन्न रूप बदल्दै आइपुग्छ। यही नियति क्रममा नेपालमा झाँगिएर नेपाली भाषा भारतीय भूभागमा फैलिएको हो । त्यसकारण नेपाली भाषाका इतिहासको ज्ञान नहुनेले मात्र नेपालीलाई नेपालको भाषा, विदेशी भाषा भन्छ। नेपाली भाषा भारतको पनि हो। नेपालबाट आयातित होइन भन्ने दृढता साथ डुवर्स नेपाली साहित्य विकास समिति- मार्च १९७५ को सम्मेलनमा यसप्रकारको प्रस्ताव पास गरिएको थियो ।

**भारतीय नेपालीको प्रतिबद्धता–** हामी नेपाली हौं, हाम्रो भाषा जातीय बोधक हो । यो अभिव्यक्ति टिष्टा र रंगितको जलधारा जत्तिकै, हिमालको चिसो बतास जत्तिकै सत्य छ। हामी भारतीय हौं । यो राष्ट्रियताबोधी अभिव्यक्ति पनि भारतको सार्वभौमिकता र संविधान जत्तिकै सत्य छ। भारत भूमिमा रहेका लगभग एक करोड नेपालीको जातित्वबोध गराउने नेपाली भाषा हो। यसरी भारतीय नेपाली विद्वान्हरूले

जातित्व र राष्ट्रत्व फरक हुन् भन्ने कुराबारे विभिन्न अवसरमा गर्ने गरेका प्रतिबद्धताले नेपाल र भारतका बीचको सुसम्बन्धलाई अझ प्रष्ट पारेको छ।

मानव समाज विभिन्न जातिमा बाँडिएको मानिन्छ। यस विभाजनको आधार मुख्य गरेर नस्ल, धर्म, संस्कृति, राष्ट्रियता र भाषा हुनेगर्छ। यस विभाजनका आधारमा हेर्दा नस्ल, रक्त सम्बन्धले मात्र जातित्व पहिचान गराउन सक्तैन। रक्त एउटै जातिभित्र भिन्न भिन्न हुने गर्छ भने भिन्न भिन्न जाति समुदायमा एउटै समूहको रक्त पनि हुनसक्छ।

धर्म पनि जातित्वको पहिचान होइन। किनभने एउटा धर्मभित्र धेरै जाति हुने गर्छन् र एउटा जातिभित्र धेरै वटा धर्म पनि हुने गर्छन्। त्यस्तै संस्कृतिले पनि जातित्व मिलाउन सक्तैन। संस्कृति एउटै राष्ट्र वा जातिभित्र धेरै प्रकारको हुनसक्छ। जातित्व निर्धारणको मूल आधार राष्ट्रियता पनि हुन सक्तैन। किनभने एउटै जाति वा धर्म संस्कृतिका र भाषा भाषीहरू धेरै राष्ट्रमा छरिएका हुन्छन्। त्यसकारण मानव समाजलाई एउटा विशिष्ट समुदायमा बाँड्ने र पहिचान गर्ने भरपर्दो र निश्चित मापदण्ड भाषा हो। भाषाका आधारबाट विशेष समुदाय छुट्याउन सकिन्छ। भाषा मात्रै जातित्वको पहिचान हो।

जिउँदो जाग्दो र विकसित भाषाको एउटा निश्चित सीमा हुँदैन। भाषालाई माटोमा कोरिएका भौगोलिक रेखाले बाँध्न सक्तैन। भौगोलिक सीमा बन्धन राजनीतिक मात्र हुने गर्छ। उदाहरणका लागि अंग्रेजी, फ्रेन्च, चिनीया, बंगाली, अरबी, हिन्दी, नेपाली आदिलाई लिन सकिन्छ।

नेपाली भाषाको आज कुनै राष्ट्रसीमा छैन। यो व्यापक भएको छ। विश्वभरि छरिएका नेपाली जातिको पहिचान नेपाली भाषा बनेको छ। नेपाली भाषा त्यसकारण नेपाली जातित्वको पहिचान हो।

नेपाली भाषा मेरो मायाको भाषा हो। मेरो साउतीको भाषा हो। विषाद र रोदनको भाषा/ डराउँदा, आत्तिंदा र झस्किँदा निस्कने चित्कारको भाषा। सुखद् सपना देख्ता हाँस्ने र विभत्स सपना देख्ता झस्किने भाषा हो। त्यसकारण भाषा मेरो आत्मा हो।" डा. कुमार प्रधानको यो भनाइ मननीय र ग्रहणीय छ।

# नेपाली महाजातिका एक उच्च प्रकाशस्तम्भ श्री लीलबहादुर क्षत्रीप्रति



प्रा.डा. गोविन्दराज भट्टराई

दार्जिलिङका इन्द्रबहादुर राई अस्ताएको केही वर्षभित्रै आसामका लीलबहादुर क्षत्रीले भर्खरै (यही फागुन २९, २०८१ का दिन) संसारबाट विदा लिनुभयो। सन् १९३३ मा जन्मेका लीलबहादुर क्षत्रीले ९२ वर्षको आयु पूरा गर्नु भएको थियो। उहाँका चार उपन्यास, चार कथा-सङ्ग्रह, तीन निबन्धसङ्ग्रह र केही निबन्धात्मक पुस्तिका, एक भूमिकासंग्रह, एक अन्तर्वार्तासंग्रह र एक कवितासंग्रह साथै उहाँका अनूदितसमेत गरी कीस कृति प्रकाशित छन्। २०१४ सालमा **बसाई** छापिएपछि त्यसले नेपालबाट हाम्रो जाति बसाई हिँडने कारणहरू खुलायो– त्यो अत्याचारी समाज र सत्ता थियो। पछि सन् १९७८ मा उहाँको **ब्रह्मपुत्रका छेउछाउले** साहित्य ऐकेडेमी सम्मान (पुरस्कार) पायो। उहाँको उपस्थिति र साहित्यिक कर्मले असमेली नेपालीको शिर ठाडो पार्दै लग्यो। **अतृप्ति** एक मनोवैज्ञानिक लघु उपन्यास र **प्रतिध्वनिहरू विस्मृतिका** यो अन्तिम उपन्यास आफ्नै पिताजीको जीवनी र उहाँले भोगेको समाजमा आधारित थियो।

गाईगोठ गर्ने, खेती गर्ने, खानी खन्ने, उतातिर जागीर खाने नेपाली जातिबाट अन्धविश्वास हटाई उनीहरूलाई शिक्षित गराउन अनेक सुधारवादी नाटक गीत, भजनादि, निबन्ध, कविता रच्नुभयो। निरन्तर आफ्नो अध्ययन र सिर्जनामा लाग्नु नै उहाँको विजय थियो। उहाँ नेपाली जातिका अग्ला प्रकाशस्तम्भ हुनुहुन्छ।

मैले लीलबहादुरका कृतिमाथि लेखेका सबै रचना जोड्दा १०० + पृष्ठ पुगेछन्। सर्वप्रथम डा. खगेन शर्मा सम्पादित **साहित्यकार लीलबहादुर क्षत्री व्यक्तित्व र कृतित्व** (सन् २०१६) मा ३७ पृष्ठ लेखें। त्यसपछिका चारवटा कृतिमा म जोडिएँ। ती हुन्– नाटक, भूमिका, कायाकैरन (अन्तर्वार्ता) र निबन्ध। तीनवटामा ता भूमिका नै लेखें चौथोमा अन्तर्वार्ता पऱ्यो। यी सबै कुरा र उहाँसँगको अन्तर्वार्ता थप्ता १०० पृष्ठ नाघ्ला भन्ने ठान्दछु। उहाँका तीन तीन कृतिमा भूमिका लेख्ने अवसर पाउने व्यक्ति म पहिलो र अन्तिम हुँला। म मात्र हुइँन, हाम्रो परिवारबाट जेठा दाजु डा. तुलसीले

**चिठी-पत्र** (२०८०) मा लीलबहादुर क्षत्रीले सन् १९९१ देखि आफूलाई लेखेका चिठी-पत्र र उहाँबारेका लेख रचना गर्दा ५० पृष्ठ पुग्लान् । त्यसैगरी हाम्रा भाइ देवेन्द्रलाई उत्तम शान्ति पुरस्कार प्रदायक कृति **स्रष्टा र समय** (२०६२) मा उहाँबारेको *घर छाडी जानेहरू* शीर्षक लेख छ भने त्यस यताका उहाँमाथिका लेख अन्तर्वार्ता जोडदा ३५ पृष्ठ नाघेका रहेछन् ।

उहाँको देहान्त हुनुभन्दा ११ दिनअघि १ मार्चका दिन उहाँका चार उपन्यासको संयुक्त ठेली लोकार्पित भयो । साथै अन्तिम कृति **अतीतका ऐनाभित्र विविध झाँकीहरू** शीर्षक निबन्धसंग्रह पनि । उहाँ थोरै चेतमा र असमर्थ अवस्थामा हुनुहुन्थ्यो भन्ने सुनेँ । तर मलाई केले छेक्यो । रुघामर्गी बिसञ्चको कारणले भन्न सकिन तर म गुवाहाटी जान सकिन । त्यसको पछुतो मात्र बाँकी छ । उहाँको अन्तिम निबन्धसंग्रहमा मैले लेखेको भूमिका लिएर पुस्तक भरखर छापिएको थियो । अब ता लीलबहादुर सरसित उहाँका तस्वीरहरूमा र कृतिहरूमा मात्रै भेट हुनेछ । हाम्रो परिवारको निम्ति ४२ वर्ष पुरानो तारा अस्तायो । आज यो गुल्मीबाट प्रकाशित **हाम्रो पुरुषार्थको भारतीय नेपाली साहित्य र साहित्यकार** विशेषाङ्कमा यही अन्तिम भूमिका र श्रद्धाञ्जलिका शब्द प्रस्तुत गर्दछु ।

**ऐतिहासिक मूल्यका यी गम्भीर सिर्जना**

सन् २०१६ मा एउटा अति महत्त्वपूर्ण ग्रन्थ प्रकाशित भयो– **साहित्यकार लीलबहादुर क्षत्रीः व्यक्तित्व र कृतित्व** । गुवाहाटी विश्वविद्यालयका डा. खगेन शर्माले यसको सम्पादन र प्रकाशनमा चार वर्षजति समर्पण गरे । झन्डै आधी लेख यताका होलान्, मैले पनि संयोजनमा यथाशक्य सहयोग गरें किनभने यो एक ' लिजेन्ड्री' व्यक्तित्वको जीवन कालमा एक ऐतिहासिक कर्म सम्पन्न हुँदै थियो जसमा ईश्वर बराल, गीता उपाध्याय, प्रा. गोपाल भण्डारी, छविलाल उपाध्याय, ताना शर्मा, तारापति उपाध्याय, दयाराम श्रेष्ठ, नरेन्द्र चापागाईजस्ता स्वनामधन्य स्रष्टाहरू जुट्नुभएको थियो । यसका संयोजक एक दूरद्रष्टा थिए नेपाली जाति प्रेमी विद्वान् डा. खगेन शर्मा ।

म पनि विगत ४५ वर्षदेखि उहाँ (श्री लीलबहादुर क्षत्री) सित जडित एक पात्र हुँ । हामी दाजु भाइ सबै हौं । अन्य अवसरमा मैले यस ग्रन्थको लागि भनी सुदूर अतीतदेखिका हाम्रो स्मृतिमा विराजित लीलबहादुर क्षत्रीका सन्दर्भहरू उठाउँदै लेख्तै गरेँ । जसको शीर्षक रहेको छ ***अथक साधकप्रति शब्द पुष्पाभिनन्दनम्*** । यो ३५ पृष्ठको

ग्रन्थकै सर्वाधिक लामो रचना थियो । यसको शीर्षक राखिदिने र यसलाई आफ्नो साहित्यिक द्वैमासिक (***रचना***) मा प्रकाशित गरिदिने हाम्रा साहित्यिक अभिभावक हुनुहुन्थ्यो श्री रोचक घिमिरे, **रचना** (द्वैमासिक) का प्रधान सम्पादक। (**रचना** प्रकाशन मिति थियो २०५८ मंसिर ९) ।

एउटै ठूलै पुस्तिका सरहको मेरो सो लेखमा लीलबहादुर सरसितका भेट, वार्ता, संस्मरण र अन्तर्वार्ताहरू अन्तर्घुलित छन् ।

त्यसमा मैले उहाँको बारम्बार अतीततिर फर्किने, पूर्वस्मृति दोहोऱ्याउने र आफ्नो साहित्यिक जीवनमा केही अधूरा इच्छा बाँकी रहेका कुरा गर्नुहुन्थ्यो– जहिले पनि आकाङ्क्षा राख्नुहुन्थ्यो । उहाँका तिनै अधूरा इच्छामा चार कर्म बाँकी रहेको धोको सुनाउनुभयो ।

(क) मेरा **भूमिकाहरूको सङ्कलन** प्रकाशनमा ल्याउनु पर्नेछ; त्यहाँ अमूल्य रचना छन् ।

(ख) मेरा **नाटकहरूको सङ्कलन** प्रकाशनमा ल्याउनुपर्ने छ, त्यहाँ दुर्लभ नाटक छन् ।

(ग) मेरा **निबन्धहरूको संग्रह** पुग्ने रचना छन् असङ्कलित र छरिएका, ती प्रकाशनमा ल्याउनु पर्नेछ ।

(घ) मेरा **अन्तर्वार्ताहरूको संग्रह** प्रकाशनमा ल्याउनु पर्ने त्यसमा एक संग्रह पुग्ने अमूल्य अन्तर्वार्ता छन्, ती छाप्नुपर्ने छन् ।

आफ्नो **कृतित्व र व्यक्तित्व** ग्रन्थ प्रकाशित भएदेखि नै उहाँ फेरि लागिपर्नुभयो । हामीले पनि सक्दो गऱ्यौँ र डी आर पोखरेल भाइको सक्रियतामा चितवनले निकाल्यो **लीलबहादुर क्षत्रीका ऐतिहासिक भूमिका** । त्यसपछि मैले नै सक्रिय भई निकाल्यौँ **लीलबहादुर क्षत्रीका चर्चित नाटक** । यी दुवै कृति नेपालबाट आए । त्यसपछि रुद्र बरालको सकृयतामा ***इन्द्रेनी प्रकाशन*** (आसाम) ले निकाल्यो– **लीलबहादुर क्षत्रीका अन्तर्वार्ताहरू** । यसरी उहाँका तीन कर्म पूरा भए चौथो प्रतीक्षामा थियो । चौथो बाँकी आकाङक्षा हो उहाँका **निबन्धहरूको सङ्कलन** । यो पनि आज पूरा हुँदैछ । जसको शीर्षक छ : **अतीतका ऐनामा प्रतिबिम्बित विविध झाँकीहरू** । **लीलबहादुर क्षत्री फाउण्डेशन**द्वारा प्रकाशित हुने यस निबन्ध संग्रहमा २३ वटा निबन्ध तथा लेख रचना समावेश छन् ।

प्रत्येक पल्टको भेटमा आफ्नो घरको तलामाथिको पुस्तक पात्राको भण्डारण

असबाफ भयो, छिचोल्न नसकिने जंगल जस्तो सबै कुरा त्यहीँ छन्, म पुग्न सक्तिन भन्नुहुन्थ्यो । सन् २०२० को यात्रामा जाँदा एकदिन पल्लव भतिजको साथ लागेर तला चढ्यौं । लीलबहादुर क्षत्री पुस्तक भण्डारमा हातले लेखेका, लिथो गरेका, टाइप गरेका अनेक कागज, फाइल किताव र अतीतका प्रकाशनको डंगुर थियो, त्यो धूलकणले ढाकेको ठाउँमा धमिरा, साइला पसेर नाच्तै गरेका पनि भेटिए । यसपालिको (यस कृतिको) लेखकीयमा पनि त्यस भावको सन्देश दिनुभएको छ । त्यस भावलाई यसरी प्रकट गर्नु भएको छ–

*"ओ हो ! विगतको ऐनाभित्र केही झाँकी देखाउँ भनेर कहाँ साध्य हुँदोरहेछ र ? यो त उही तरुण नारीको भर्खर बिहे भएपछि घरिघरि उसले आफ्नो सानो सिन्दुरको डब्बाभित्र रहेको ऐना हेरेजस्तो । मुख देखे ढाड छैन, ढाड देखे कण्ठमा भिरेको पोते छैन, कण्ठमा भिरेको पोते देखा परे ... जस्तो दारिम बिँया दाँत देखा पर्दैनन् । हिजोआज त मलाई असम राज्यको काजिरङ्गाको घना जङ्गलजस्तो मेरो कोठा लाग्न थालेको छन्, पुस्तकै-पुस्तक, ग्रन्थहरूको खातै खातको जङ्गल, छिर्न नसकिने पुस्तकघारी । टाउकै टिकाउन नसकिने स्थिति ।"*

जे होस् तिनैमध्येबाट छानिएका उहाँका ६० वर्षभन्दा पुराना दिनदेखि यता लेखिएका प्रकाशित/अप्रकाशित रचनाहरूको एक अमूल्य संग्रह बनी यो कृति आएको छ। यस अघिको उहाँको निबन्धात्मक कृति हो– "झ्याउरे पाटीमा लाग्दा" । त्यसमा चुनिएका निबन्ध छन् । त्यो यता नेपालतिर पनि राम्ररी पढिएको कृति हो । यसका अतिरिक्त अरु तीन पुस्तिका निबन्ध छन् ।

प्रस्तुत संग्रहमा भने विशुद्ध निबन्धभन्दा विविध प्रकृतिका गद्य लेखनका नमूनासित मिसाएर ***परम्परा र परिबर्तन, महाकबि देवकोटा शताब्दी महोत्सव, भाषा मान्यता आन्दोलनमा पूर्वाञ्चलको मन्थन, हाम्रो संस्कृति*** जस्ता निबन्धहरू छन भने धेरै ता संस्मरणात्मक आलेख पनि छन् जस्तै– ***भोटाङको फेदीमा छ दिने बसाइ, असमको पहिलो गोर्खा उन्नयन परिषद मेरा स्मृतिमा जगदम्मा श्रीको अवसरको उद्‌गार*** आदि ।

केही त उच्चकोटिका समालोचनात्मक लेख पनि समावेश छन्– जस्तै ***पूर्वोत्तर भारतीय नेपाली कथा साहित्य, आरंभ र विकास, गुवाहाटीको बसाइ युग*** आदि । तर यसमा समाविष्ट साहित्यिक व्यक्तित्वसँगको संस्मरणमा लिखित दशवटा रचनाको अत्यन्तै ठूलो महत्त्व छ । ती व्यक्तित्व हुन् दुर्वासा उपाध्याय, शिवकुमार राई, भवानी

घिमिरे, बालकृष्ण पोखरेल, महानन्द सापकोटा, धरणीधर कोइराला, जगन्नाथ गुरागाईं, डा. डिल्लीराम तिम्सिना, इन्द्रबहादुर राईजस्ता विशिष्ट साहित्य साधकका स्मृतिमा लेखिएका संस्मरणात्मक आलेख छन् ।

यो कृति विविध प्रकारका गद्य लेखले भरिएको छ । जसमा केही छन् गोर्खा जातिका संगठनात्मक क्रियाकलाप र सम्मेलनलाई शुभकामना । जस्तै– ***हार्दिक शुभेच्छा सभा पत्रिकालाई, शुभकामना शब्दभित्र केही सम्झना र सुझाव, सरोबरमा सम्मिलित हुँदै***... यसरी सुदूरपूर्वको आसाम क्षेत्र र त्यहाँ हाम्रा जातिको उपस्थिति अनि तिनका क्रियाकलाप, त्यहाँदेखि उत्पन्न भएका साहित्य कर्म, त्यहाँसित जोडिने साहित्य र संस्कृति कर्म अनि तिनीसँग आफ्नो संलग्नता यी आलेखको केन्द्रीय सारतत्व रहेको छ ।

यी कठीन समयका दस्तावेज हुन् । एक सम्पन्न र उच्चस्तरीय स्रष्टाले नेपाली भाषा के कसरी जीवित रहला भन्ने विषयमा प्रकट गरेका चिन्ता र निरन्तरताको पक्षमा गरिएका कर्महरू हुन् । त्यसका लागि गरिएका आन्दोलन छन्, त्यहाँ भेला छन्, सल्लाह र इतिहास हिँडेका पाइलाहरू छन् ।

लीलबहादुर सधैं समाज सचेत, जाति सचेत र यसको रक्षामा चिन्तित व्यक्ति हुनुहुन्छ । वि.सं. २०१४ मा **बसाई** प्रकाशित भएपछि उहाँको नाम एक सरल, स्वच्छ, यथार्थवादी स्रष्टाको रुपमा पूजनीय धूरी हुनुभयो । त्यस कलाले **ब्रह्मपुत्रको छेउ छाउमा** उत्कृष्टता हासिल गर्‍यो, कृति पुरस्कृत भयो, उहाँ सम्मानित हुनुभयो । उहाँका तीन कथासंग्रह र चार उपन्यास कृति नपढ्ने नेपाली कमै होलान् । अझ नाटक लेख्नु, खेल्नु, खेलाउनु, तीमार्फत समाजलाई परिवर्तित सुमार्गतिर लगाउनु साना कुरा थिएनन् । उहाँको **चर्चित नाटकमा** अतीतको पृष्ठभूमिमा रचित तिनै अमूल्य नाटक समावेश छन् । आज होइन, पचास साठी वर्षअधिको दिशाहीन नेपाली समाज जुन अशिक्षा र अन्धकारको गर्तमा थियो । त्यस समयमा स-साना राँका बालेर कला-साहित्यका गोरेटा खन्दै बाटो देखाउने अग्रणी लीलबहादुर नै हुनुहुन्छ ।

कृति उहाँका धेरै होइनन् भएजति प्रत्येक कर्म र सिर्जना कालजयी छन् । उहाँका सबै विधामा हस्तक्षेप छ– नाटक, उपन्यास, कथा, समीक्षा, निबन्ध, कविता र विविध ।

डा. खगेनको सम्पादनमा **साहित्यकार लीलबहादुर क्षत्री : व्यक्तित्व र कृतित्व** भन्ने ग्रन्थ (सन् २०१६) आउनु नै लीलबहादुर सरका जीवनको उत्तरार्धको सर्वाधिक ठूलो महत्त्वको विश्राम बिन्दु हो । त्यसले उहाँको लामो साधना र तपस्यालाई प्रकाशमा

ल्याउँछ ।

उक्त बृहत् ग्रन्थपश्चात् एक दशकमा अर्को पनि त्यत्रै ग्रन्थलाई पुग्ने सामाग्री प्रकाशित भए । ती हुन्–

(क) **लीलबहादुर क्षत्रीका ऐतिहासिक भूमिका** (सन् २०१९) २०७६

(ख) **लीलबहादुर क्षत्रीका चर्चित नाटकहरू** (सन् २०२१) २०७७

(ग) **पद्यात्मक रचनाभित्र लीलबहादुर** (सन् २०२१) २०७८

(घ) **लीलबहादुर क्षत्रीका कायाकैरन** (सन् २०२३) २०८०

(ङ) र आज आउँदैछ **लीलबहादुर क्षत्रीका निबन्ध** ।

यसरी आज हामी संसारभरका नेपाली जातिको निमित्त खुशीको दिन हो । साहित्य अकादमी पुरस्कार प्रापक, पद्मश्री जस्तो उत्युच्च सम्मानले विभूषित उहाँले जनस्तरबाट पनि अत्यन्तै गहिरो श्रद्धा र सम्मान प्राप्त व्यक्ति हाम्रा ऐतिहासिक निधि हुनुहुन्छ । अघि (२०१६ को) जगदम्बाश्री र सन् २०२३ मा अमेरिका निवासी नेपालीको संस्था जीवीएलओद्वारा समर्पित ठूलो रु. छ लाख राशिको पुरस्कारसहितको सम्मान (नाम दिनुहोला...) केवल जनस्तरीय चिन्ता, सोच, त्याग र समर्पणले आर्जन गरेका उपलब्धि हुन् ।

यी उत्तरार्द्धका प्रकाशित उहाँका चारवटै ग्रन्थको मिहीन अध्ययन गरी तिनमा आफ्ना मन्तव्य लेख्न पाएँ; म कति भाग्यमानी रहेछु । म सदा लीलबहादुर सरकै छत्रछायाँमा बसेको एक अनुयायी अनुज हुँ । उहाँको अति सार्थक र सफल जीवनबाट हामीले सिक्ने प्रेरणा र उत्साहबाहेक केही छैन ।

यहाँ समाविष्ट निबन्धमध्ये ***परम्परा र परिवर्तन*** अनि ***हाम्रो संस्कृति***लाई मैले अङ्ग्रेजी अनुवाद गरी प्रकाशित पनि गराएको छु । **हाम्रो संस्कृति** ता हिमाली गुराँसको निबन्ध विशेषाङ्कमा पनि प्रकाशित छ ।

यहाँ भएका निबन्धमध्ये ***कामाख्या मन्दिर*** शीर्षक रचनाले प्रत्येक नेपाली पाठकलाई छुन्छ किनभने शताब्दीयौँदेखिका नेपाली जातिमध्ये भारतवर्षको पूर्वाञ्चलमा अवस्थित कामाख्या माताको दर्शन नगर्ने कमै होलान् । मेरा पितामाताले आफ्ना पितामातासँग कामाख्या पुगी सम्वत् २००९ सालमा माताको दर्शन गर्नुभो अरे त्यसको धेरै पछि मात्र काशी र पशुपतिनाथको । कामाख्या विषयक मिथकीय किम्वदन्ती र अन्य उत्पत्ति कथा पनि जान्नु आवश्यक छ । प्रस्तुत निबन्धले भन्छ– *"असममा खासगरी कामरूपमा आएपछि मानिसहरू कामरूपको प्रभावले 'भेडा'*

*हुन्छन् र त्यो देशबाट फेरि फर्केर आउँदैनन् भन्ने किंवदन्ती धेरै कालदेखि चलिआएको छ। यस किंवदन्तीमा केही तथ्य होस् या नहोस् तर यो कुरो साँचो हो कि कामाख्या देवीको दर्शन गर्न आउने यात्रीहरूलाई यस ठाउँको प्राकृतिक सौन्दर्यले मोहनी लाउँदछ र एकपल्ट यहाँ आइपुगेका यात्रीहरूले आफूलाई बिर्सिन्छन् ।"* हो पनि गुवाहाटीको परिवेश कम्ती आकर्षक छैन।

अर्को निबन्ध ***गुवाहाटीको बसाईं युग केही स्पष्टीकरण*** एउटा समाजशास्त्रीय विश्लेषण बोकेको रचना हो। **बसाईं** प्रकाशित भएको समय (६०-६५ वर्षअघि) आसामको नेपाली समाजको के कस्तो परिस्थिति थियो भन्ने चित्र यसमा पाइन्छ। यसमा लेखकको आफ्नै सिर्जना (आख्यान) ले उत्पन्न गरेका प्रश्नको उत्तर छ।

लेखकका प्रायः सबै रचना समयसित जोडिएका, अतीत स्मृतिका छन्। ***परम्परा र परिवर्तन*** पनि त्यस्तै हो। ***अतिथि नेपालका आतिथ्य आसमको*** भन्ने लेखमा कसरी अन्यत्रका स्रष्टाहरू ठूलो पोखरी खोज्दै नेपाल पुग्छन्। नेपाल र आसामबीच ककसले साहित्यिक पुल स्थापना गरे भन्ने विषयको यो दस्तावेज अति मूल्यवान् छ।

***भाषा मान्यता आन्दोलन पूर्वाञ्चलको मन्थन*** एक महत्त्वपूर्ण ऐतिहासिक आलेख हो। नेपाली भाषाको स्थिति र आन्दोलनबारेको उहाँको एक अलग्गै पुस्तिका पनि प्रकाशित छ। एउटा चिन्तकको मनमा आरंभदेखि नै उठेको संस्कृति र भाषाको चिन्ता सानो छैन त्यसैले उहाँलाई साहित्यितिर लगायो, नाटक लेखायो, कथा निबन्ध लेखायो। आख्यानले भने बृहत्तर परिवेश र पृष्ठभूमि प्रदान गर्दछन्। ***सुदूर पूर्वोत्तर भारतमा लेण्डुका ढिस्काहरू*** शीर्षक निबन्धमा लीलबहादुर सर दुःखसाथ र निर्भीकतापूर्वक भन्नुहुन्छ– *आज यस अञ्चलमा सबैभन्दा बढी असुरक्षित र सङ्कटापन्न स्थितिमा पुगेको छ हाम्रा् गोर्खा जाति। उनीहरूको बसोबास यस अञ्चलमा सबैभन्दा पुरानो हो। यो सम्पूर्ण भेग जङ्गली मुलुक छँदै उनीहरू पसे। उनीहरूमध्ये कोही सैनिक भएर पसे, कोही उद्योगधन्दा, तेल, कोइलाखानीमा ज्यामीको रूपमा पसे। वन फाँडेर उनीहरूले पशुपालन, खेतीपातीको जग बसाले। पहाडी इलाकामा खेत बिराएर धान रोपे। मकै, कोदो, फापर आदि अनेकौं अन्न उब्जाए। उनीहरू जुनजुन क्षेत्रमा पसे, त्यस क्षेत्रका विभिन्न जनजाति, रैथाने जनगोष्ठीको भाषा, संस्कृतिको पनि संरक्षण र संवर्धन गर्न उनीहरूले बिर्सेनन्।*

*यसरी यस क्षेत्रमा गोर्खा जातिले आफ्नै भूमि सम्झिइ बसलाई हरियो भरियो पारे। यहाँका जनगोष्ठीसित मिलेर उनीहरू यहींका बासिन्दा भएर बडो रजगजसित*

*बसेका थिए । कालान्तरमा जब बृहत्तर असमबाट अलग्गिएर स्वायत्त शासित राज्य बन्दै गए, त्यहाँदेखि यता उनीहरू धेरै कुराको अधिकारबाट वञ्चित हुँदै गए । उनीहरू भूमिको अधिकारबाट वञ्चित भए । जीवन सन्त्रस्त र सङ्कटापन्न बन्न गयो । धेरै आफ्नो थरथलो, जायजेथो छोडेर हिँड्न बाध्य भए । कति युगौंदेखि बसेको ठाउँबाट लेखेटिए । धेरै ठाउँमा त उच्च शिक्षा प्राप्त गर्न शैक्षिक अनुष्ठानमा प्रवेश पाउने अधिकारबाट पनि वञ्चित हुन पुगे । उपयुक्त जागिर पाउने कुरा त परै राखौं । आज केवल उनीहरू ज्यामी वा श्रमिक वा चौथो दर्जाको कर्मचारीको रुपमा जीवन निर्वाह गर्न बाध्य भएका छन् । यो भेकका विभिन्न क्षेत्रमा हाम्रो गोर्खा जातिका बास उखेलिँदै जनसंख्या घट्तै गएको छ ।*

लीलबहादुर क्षत्रीको अन्तर्हृदयले रचेका यी ऐतिहासिक महत्त्वका अति मूल्यवान दस्तावेज हुन् । वास्तवमा उहाँ नेपालका भारतका मात्र होइन, विश्वभरिकै नेपाली जातिका अति सम्मानित एक ढुकढुकी हुनुहुन्छ । त्यसमा पनि मैले अघि भनेँ आसामका नेपाली जाति, भाषा तिनको जनजीवन र स्थिति बुझ्न लीलबहादुर नपढी हुन्न । डा. खगेन सम्पादित **साहित्यकार लीलबहादुर क्षत्री : व्यक्तित्व र कृतित्व** बाहेक यताका पाँच कृति– अन्तर्वार्ता, भूमिका, नाटक, कविता र निबन्धले मात्र उहाँको पूर्णाङ्गी चित्र प्रस्तुत गर्नेछन् । उहाँका अधुनातन निबन्धात्मक कृतिउपर यति लेख्ने अवसर पाउँदा म आफूलाई धन्य ठान्छु । आदरणीय लीलबहादुर सर, डा. खगेन भाइ र प्रकाशन परिवारमा हार्दिक धन्यवाद ।

(यसरी अन्त्यकालमा लेखेको यो भूमिकासँगै ती अमर आत्माप्रति श्रद्धा-सुमन अर्पण गर्दै यहीं रोकिन्छु ।)

सुकर्मटोल, कीर्तिपुर, काठमाडौं

# ऐतिहासिक र आधुनिक उपन्यास पदचिह्न पहिल्याउँदै



प्रा.डा. यमबहादुर क्षेत्री

ऐतिहासिकतामा आधारित एक अत्याधुनिक उपन्यास ही "पदचिह्न पहिल्याउँदै"। यसको शीर्षकलाई गढेर हेर्दा के बुझिन्छ भने "पदचिह्न" भनेको आफ्नै पाउ या पयर हुन्, आफ्नै पैतला हुन् जसका आधारमा हामी प्रतिदिन हिंडिरहन्छौं। आफ्नै पाउले टेकेर हिंड्दाहिंड्दै हामी कर्ममा तल्लीन हुन्छौं। हामीलाई कर्मले वा कामले डोऱ्याइरहन्छ, हामी हिंड्दै हिंड्दै अगाडि बढ्दै आवश्यक ठाउँमा विश्राम गर्दछौं। हाम्रा आफ्ना पाउको गतिलाई हामी आफै पनि हेरिराखेका हुन्छौं, तर हाम्रा पूर्वजहरूका पाउहरूलाई हामीले सजिलै पत्ता लगाउन सक्दैनौं। तसर्थ, हामीसँग पूर्वजहरूका पाउ पत्ता लगाउने साधन चाहिन्छ, अनुसन्धान गर्नुपर्छ। हामीले आफ्नै दिमागलाई अनुसन्धानको ऐना बनाउन सकिन्छ। पदचिह्न पहिल्याउँदै जाँदा उपन्यासले हामीलाई त्यसै खालको ऐना प्रदान गर्दछ।

कुनै पनि आमाले दूरदराजमा (कुनाकाप्चामा) पुगेर बालबच्चा जन्माउँछिन्, हुर्काउँछिन् भने पनि ती सन्ततिहरूले अन्ततः कुनै दिन मामा घरको खोजी गर्दछन्। आफ्नै आमाका पाइला पच्छ्याउँदै मामा घरमा आइपुग्छन्। यसर्थ, पिता-पूर्खाका पाइला हुन् वा कुटुम्ब मावलीका पाइला नै किन नहुन्, हरकोही व्यक्तिको मन या मस्तिष्कले दृश्य वा अदृश्य ती पाइलाहरू पच्छ्याइरहेको हुन्छ।

"पदचिह्न पहिल्याउँदै" उपन्यासका सर्जक हुन् मुक्तिप्रसाद उपाध्याय। शुरुमा झट्ट हेर्दा ऐतिहासिक उपन्यास हो कि झैं लागे पनि यो एउटा अत्याधुनिक उपन्यास हो। यस उपन्यासलाई ऐतिहासिक यसकारणले मान्न सकिन्छ कि प्रत्येक व्यक्तिको पाउमा इतिहासका पदचिह्नहरू झुण्डिएकै हुन्छन्। हाम्रा हरेक क्षेत्रका संस्था र संस्कृतिहरू पनि इतिहास कै उपजहरू हुन् जसलाई हामी निरन्तर पच्छ्याइरहेका हुन्छौं। हामीले हामीलाई जसरी हेर्ने गर्दछौं, त्यसैका आधारमा हाम्रा आफ्ना पदचिह्नहरू पनि पत्ता लगाउन सक्दछौं। त्यसैगरी हामीले अरूका पदचिह्नहरू पनि पत्ता लगाउन सक्दछौं। यही यथार्थका आधारमा उपन्यासकार उपाध्यायले जम्माजम्मी १८ अध्यायमा पदचिह्न

पहिल्याउँदै उपन्यास तयार गरेका छन् र जुलाई महिना २०२३ इस्वी सम्वतमा यसलाई प्रकाशित गरिसकेका पनि छन् । उपन्यासकार आफ्नै पदचिह्न पहिल्याउने भावनामा डुब्दै जाँदा आफ्नै समुदाय र विविध जातीय पूर्वजहरूका समेत ऐतिहासिक पदचिह्नहरू खोज्ने र अनुसन्धान गर्ने क्रममा लागेको देखिन्छ । वास्तवमा उनले आदिकाल, मध्यकाल र आधुनिककाल गरी तिनवटै कालखण्डलाई यहाँ समेट्ने प्रयास गरेका छन् । अन्ततः समग्र मानव जगत्का पदचिह्नहरूको सङ्केत पहिल्याउँदै उनी अगाडि बढेका छन् । प्रस्तुत उपन्यासको ऐतिहासिक उठान रहे तापनि यसको विषयवस्तु र प्रस्तुति नितान्त आधुनिक रहेको छ । त्यसैले पनि यसको समसामयिक महत्त्व सदाकाल रहिरहने छ ।

यस उपन्यासलाई ४ वटा मुख्य मुख्य खण्डमा विभाजन गर्न योग्य देखिन्छ ।

१. प्राचीन एवं पौराणिक अवस्थाको गतिशीलता,

२. आधुनिकताको उषाकालीन अवस्था,

३. आधुनिककालको यात्रानुभाव,

४ लेखकको अनुभव र निष्कर्ष ।

यही विभाजनबाट उपन्यासको क्रमिकतालाई उजागर गराउन सकिन्छ । उपन्यासको शुरुवात नै "मानवको घुमन्ते प्रवृत्ति" बाट भएको छ । यसमा विश्व-जगत्को मानिसलगायत नेपाली र गोर्खालीहरूको घुमन्ते प्रवृत्तिलाई उजागर गरिएको छ । उपन्यासकारले यस ग्रन्थको सारलाई शुरुमै एक खँदिलो वाक्यांशमा उतारेका छन् । "पुरुष वीर्यको सहयोगले र नारीको उर्वरागर्भको अलौकिक क्षमताले सृष्टि भएको हो मानिस" । यही मानिस बेजोड कल्पना शक्ति र ज्ञानार्जनको तृष्णाले विश्व जगत् चहारिरहेको छ। स्थल जगत्मा पदयात्री भएर मानिसहरू लाखौंलाख वर्षसम्म हिँडिरहे, हिँड्दै जाँदा कोलम्बस र भास्कोडिगामा जस्ता जलमार्गका युरोपियन यात्रीहरूले अमेरिका र भारतजस्ता धनी देशहरू पत्ता लगाए । यसैगरी यिनीहरूको जलमार्गले वा पदचिह्नले विश्वभरिका मानिसलाई झन् झन् गतिवान् बनाए । प्रवासी र आप्रवासी बन्दै नयाँ नयाँ मुलुकहरूमा प्रवेश गर्न थाले ।

नेपाल भूपरिवेष्टित (landlocked) देश हुनाले नेपालीहरू वा गोर्खालीहरू जन्मजात नै स्थलमार्गी हुन् । उनीहरू ठूलाठूला नदीमा वा समुद्रमा शयर गर्न सकेनन्, हावामा उड्न सकेनन् तैपनि स्थलमार्गमा हिँडिरहे । पैदल हिँडाइकै भरमा बृटिश भारतसँग कालापानीको युद्धमा बहादुरी देखाए, देश विस्तारित गर्दै गए । यसै बीचमा

सुगौली सन्धि भइदिँदा जमिन भने खुम्च्याइदिए। परन्तु बहादुर नेपालीहरूले बृटिश गोर्खा फौजमा भर्ती हुने अवसर प्राप्त गरे। त्यसपछि ती बृटिश राज्यका जुनसुकै उपनिवेशहरूमा जलमार्ग वा वायुमार्ग हुँदै गतिशील हुने मौका पाए।

विभिन्न महादेशहरूमा मानिसको गतिशीलताको पारख गर्दै जाने सिलसिलामा उपन्यासकारले इशापूर्व २०७देखि चीनले सञ्चालनमा ल्याएको सिल्क रोड (silkrood) को प्रसङ्ग ल्याएका छन्। यो सडक पूरै मैदान मार्ग हो, जसले एसिया, अफ्रिका र यूरोपसँग सम्बन्ध राख्दछ। यी महादेशहरूसँग व्यापारिक साँस्कृतिक सम्बन्ध कायम राख्ने सवालमा यसले ज्यादै महत्त्वपूर्ण भूमिका निर्वाह गरेको थियो। यसको माध्यमबाट बौद्धधर्म प्रचार-प्रसारमा पनि योगदान पुऱ्यायो। एउटा महादेशका जनतालाई अर्को महादेशमा पुग्न मार्ग प्रशस्त गरायो।

बृटिश-गोर्खा फौजबाट सेवानिवृत्त सिपाहीहरू स्वाभाविक रूपमा भारतका विभिन्न ठाउँमा बसोबास गर्न थाले। यस क्रियाकलापलाई हेर्दै जाँदा नेपालको पहाडी क्षेत्रका बासिन्दाहरू पनि त्यतैतिर बसाइ सर्न सहज ठान्दै गए। परिणामस्वरूप गोर्खालीहरू देहरादून, आसाम, बर्मा, थाइलैण्डलगायत एसिया महादेशका विभिन्न देशमा छरिदै गए। यस उपन्यासका पात्रहरू र अत्यधिक गोर्खालीहरू खास गरी असम र नेपालको स्मृतिमा परिक्रमा गरिरहन्छन्।

भौतिक, पौराणिक, प्राकृतिक आदि सबै दृष्टिकोणबाट असम र ब्रह्मपुत्र नदी अद्भुत रमणीय र आकर्षक देखिन्छन्। यस उपन्यासको गर्भस्थलमा ब्रहमपुत्र नदी बडो गहनरूपमा अवस्थित छ। गहनरूपमा रहनु स्वाभाविक पनि छ, किनकी प्रकृतिले यिनलाई तिब्बत चीनदेखि हिन्द महासागरसम्म बग्दै जाने अनुमति दिएकी छन्। नदी किनार वरपर अत्यन्त मलिला समथर फाँटहरू छन्, जहाँ हर प्रकारका खेती र पशुपालन गर्न सकिन्छ। ब्रह्मपुत्र नदी अनवरतरूपमा बगिरहन्छ, कृषक, कामदार सबैले हेरिरहन्छन्। शायद यसको पानीले उनीहरूलाई भन्दो होला "म अहिले जाँदैछु, अर्कै बाटो फर्किआउने छु"।

"महामिलनको तीर्थ, महाबाहु ब्रह्मपुत्र" दोस्रो अध्याय हो, जसमा उपन्यासकारले गोर्खाली नेपालीहरूको गतिशीलतालाई असमको ब्रह्मपुत्र क्षेत्रमा सीमित गराएका छन्। अनि यसको प्राचीनकालीन अवस्था कस्तो थियो र आज सोही स्थान कस्तो अवस्थामा देखिन्छ, त्यस सम्बन्धमा संक्षेपमा जानकारी गराएका छन्। ब्रह्मपुत्र नदीको ऐतिहासिक, साँस्कृतिक र आधुनिक महत्त्वलाई उपन्यासको पृष्ठभूमिमा राखेर स्पष्ट पारिएको छ।

उक्त शीर्षकअन्तर्गत रहेका "महामिलन, तीर्थ, महाबाहु, ब्रहमपुत्र" यी चारै शब्दहरू अर्थपूर्ण छन् । यी चारै शब्दले ब्रहमपुत्र नदी र असम राज्यको प्राचीनकालदेखिका विशेषताहरू जनाउँछन् । मिलन भनेको संयोग हो र यसको अर्थ मिश्रण पनि हो । विभिन्न प्रकारका धर्म संस्कृतिअन्तर्गतका मानिसहरूको साझा बासस्थल बनेको छ, विभिन्न सभ्यताहरूको आगमन भएको छ । एक जाति वा एक सभ्यताले अन्य जाति र सभ्यतालाई प्रभाव पनि पारिरहेका छन् । यस्तो खालको संयोग पर्न गएको हुँदा सबैका लागि यो साझा तीर्थस्थल बन्न गएको छ । तीर्थस्थल भनेको पनि भावनात्मक रूपमा ग्रहण गरिएको पवित्रस्थल हो । त्यो पवित्र तीर्थस्थल पनि ब्रह्मपुत्र नदी नै हो । अनि महाबाहुको अर्थ विशाल भुजा भएको अति नै शक्तिशाली भन्ने हुन्छ । यस्ता विशेषणयुक्त नदीको नाम हो ब्रहमपुत्र । अनि यो नामकरण पनि यहाँकै संस्कृतिमा आधारित छ । यावत जीवात्मा र मनुष्य आत्माहरूको सृष्टिकर्तालाई 'ब्रह्मा' भनिन्छ, तसर्थ यसले प्रकृतिलाई पनि जनाउँछ । सनातन संस्कृतिमा गंगा नदीलाई मातृशक्तिका रूपमा मानिएझैं ब्रह्मपुत्र नदीलाई पितृशक्तिका रूपमा मानिन्छ । जे होस्, ब्रह्मपुत्र नदीलाई ईश्वरीय संरचना वा कृतिकै उपहार भन्ने ठानिन्छ । अन्ततः ब्रह्मपुत्र नदी र गङ्गा नदी दुवै बङ्गालको खाडीमा पुगेर हिन्द महासागरमा विलीन हुन्छन् । यस प्रकार प्राकृतिक र सांस्कृतिक दुवै दृष्टिकोणमा यी नदीहरूले भारतको सम्पन्नतामा गरिमामय योगदान पुर्‍याएका छन् भन्ने सङ्केत पाइन्छ ।

उपन्यासको तेस्रो अध्यायको शीर्षक छ 'कामाक्षा शक्तिपीठ" जुन असमको गुवाहाटी नजिकै कामरूप जिल्लाको नीलाचल पहाडमा अवस्थित छ। यो शीर्षक अत्यन्त अर्थपूर्ण छ, यसकारणले कि यसले पौराणिककाल र आधुनिककाल दुवैको हालसम्मको सुसम्बन्धलाई कायम राख्दछ । स्त्री पुरुषबीचको प्रेम सम्बन्धी पुराणकालीन सोच र ज्ञान दुवै नै आधुनिककालमा कला र भावनामा रूपान्तरित भएका छन् । शक्तिपीठ भनेको तीर्थस्थलस्वरूप स्थापना गरिएको शक्ति हो, यो कुनै देवी वा देवताको नाममा स्थापना गरिएको सिंहासन शक्ति हो ।

आसाम राज्यको गुवाहाटी नजिकै नीलाचल पहाडमाथि स्थापित कामाक्ष मन्दिर भगवान् शिवजी र उनकी जीवनसङ्गिनी सतीदेवीको पौराणिक कथासित सम्बन्धित छ । छोटकरीमा कथा यस्तो छ- सतीदेवीका पिता दक्ष प्रजापतिले विशाल यज्ञको आयोजना गरे । सबै इष्टमित्रहरूलाई निमन्त्रणा गरे, तर सतीदेवीका पति शिवलाई निमन्त्रणा गरेनन् । लोग्नेलाई अपहेलना गरेको सहन नसकी सतीदेवीले अग्नि होममा हाम फालेर प्राण त्याग गरिन् । शिवजीले सो कुरा थाहा पाउनासाथ प्रेमपीडाबाट विह्वल भए । अनि सतीदेवीको मृत शरीरलाई काँधमा बोकेर विभिन्न स्थलमा घुम्न

थाले । ठाउँठाउँमा सतीदेवीका विभिन्न अङ्गहरू खस्न थाले । उनको गर्भ र योनी पतन भएको क्षेत्र रहेछ कामरूप । यही स्थानमा कामाक्ष मन्दिर निर्माण गरिएको छ । यिनै सतीदेवीले पार्वतीका रूपमा अर्को जन्म लिएर उनै शिवजीको सेवा पुर्‍याएको कहानी पनि पुराणहरूमा पाइन्छ । वास्तवमा यो प्रेमको पुनर्जन्म हो । आजसम्म पनि संस्कारित रूपमा इच्छानुसारको प्रेम पुनर्जन्म भइ नै रहेको विश्वास गरिन्छ ।

युग-युगसम्म वा कालान्तरसम्म आत्मीय प्रेमको जन्म पुनर्जन्म भइरहन्छ भन्ने आध्यात्मिक यथार्थलाई विज्ञानसम्मत कुनै पनि प्रयोगशालामा प्रमाणित गर्न सकिदैन । परन्तु संस्कारका सूक्ष्मातिसूक्ष्म लक्षणहरूबाट ठहर गर्न सकिन्छ, भाव र ध्यानको गहिर्‍याइबाट हेर्न वा महसुस गर्न सकिन्छ । यस्तो प्रकारको शिक्षा प्रवाह गराउने उद्देश्य पनि उपन्यासकारले राखेका रहेछन् भन्ने देखिन्छ ।

उपन्यासको दोस्रो खण्ड र चौथो अध्याय "नयाँ क्षितिजको खोजीमा" बाट आधुनिक औपन्यासिक पात्रहरू देखा पर्दै जान्छन् । घाम उदाएको क्षितिजतिर अझै पनि अन्य ठाउँहरू होलान् कि भन्दै अनेक ठाउँका मान्छेहरू गतिशील भए होलान् । नेपालको तेह्रथुम जिल्लाका १० वर्षे बालक श्रीकृष्ण विद्या आर्जनको बाटोमा पाइला सार्दछन् । महत्त्वकांक्षी बालक रहेछन् श्रीकृष्ण । उनी विद्यार्थीहरूकै पछि लागेर भारतको काशी पुग्छन् र संस्कृत अध्ययन गर्दछन् । अध्ययनपश्चात् उनी साधुहरूको संगतमा काशीबाट आसामको कामाक्ष मन्दिरमा आइपुग्छन् । त्यहाँ बालब्रह्मचारी टीकारामसँग भेट हुन्छ । त्यो समय प्रथम विश्वयुद्धको समाप्तिको बेला रहेछ । शान्तिको वातावरण भए पनि प्राकृतिक प्रकोप पर्न सक्छ, त्यसबाट बच्न "कोटिहोम महायज्ञ" गर्नुपर्छ भन्ने धार्मिक सांस्कृतिक माहोल तयार भएछ शोणितपुर आसाममा । यसै प्रसङ्गमा त्यहाँ पौराणिक जमानाको एउटा प्रेमकथा पनि जोडिएको छ ।

यो प्रेमकथा अनिरुद्ध र उषाको प्रेमविवाहसित सम्वन्धित छ । श्रीकृष्ण भगवानका नाति रहेछन् अनिरुद्ध, जसले शत्रु पक्षका बाँणासुर राजाकी छोरी उषासँग प्रेम सुत्रमा गाँसिएछन् । अत्यन्त सुन्दरी ती उषा शिव पार्वतीको परम भक्त रहिछन् । त्यसैले उनले रातको सपनामा महादेव जत्तिकै एउटा सुन्दर युवक देखिछन् । ती युवक रहेछन् अनिरुद्ध । तसर्थ, उनले तुरुन्तै अनिरुद्धसँग गन्धर्व विवाह गरिछन् । परन्तु पिता बाँणासुरले त्यो विवाहबारे थाहा पाउनासाथ आफ्नै जुवाइ अनिरुद्धलाई बन्दी बनाएछन् । त्यसपछि त्यहाँ भगवान् श्रीकृष्णको उपस्थिति भएछ र उनले बाँणासुरको शक्तिलाई क्षिण गराएछन् । शक्तिहिन भएका बाँणासुरले पनि उक्त विवाहलाई सफल ठानी स्वाभाविक प्रेमविवाहलाई सहज स्वीकृति दिलाएछन् । यसरी अनिरुद्ध र उषाको

प्रेमविवाहले सम्पूर्ण मानव जातिलाई एउटा अनुकरणीय उदाहरण प्रस्तुत गरेको छ।

यस उपन्यासमा पनि यस्तै खालको विवाहको संयोग पर्न गएको छ- रुक्मिणी र युवा पंडित श्रीकृष्णको बीचमा । उपन्यासको अर्को अध्यायमा यही प्रसङ्ग दोहोरिने छ । रुक्मिणी अत्यन्त सुन्दर थिइन्, शोणितपुरको कोटिहोम महायज्ञमा सह्रानीय सहयोग पुऱ्याएकी थिइन् । रूपवती र गुणवती कन्याको वंशकुल पनि उत्तिकै राम्रो हुनुपर्छ भन्ने मान्यताबाट उपन्यासकारले पनि उनको वंशकुलको खोजी गर्दै जाने योजना तय गरेका छन् । रुक्मिणी रहिछन् शोणितपुरकै भक्तलाल खनालकी नातिनी र रविलाल खनालकी छोरी । भक्तलाल नेपालको धनकुटामा जन्मिएका रहेछन् तर युवा अवस्थामा बर्मा पुगेका रहेछन् । बर्मामा रहिरहदा सम्पत्ति र परिवारजनहरू पनि गुमाएछन् । यस्तो विपत्तिजनक अवस्थामा परेपछि पाटकाइ पर्वतको बाटो हुँदै एक मात्र छोरा रविलाललाई साथमा लिई शोणितपुर आइपुगेका रहेछन् ।

छैठौं अध्यायमा यिनै भक्तलालको विगतको सारा अनुभव व्यक्त गरिएको छ । यसको शीर्षक छ "पाटकाइ पर्वतको मार्ग-अतीतको सम्झना" । यो अतीतको सम्झना उनै भक्तलालको हो, जो बर्माबाट कठिनाइ भोग्दै आसाम भित्रिने नेपालीहरूको अभिभावक नै थिए । बर्मामा रहदा यिनले अङ्ग्रेजहरूको शासनकालमा उनीहरूसँग मिली जङ्गलको ठेक्कापट्टाको काम गर्दथे । यिनले जङ्गल क्षेत्रको व्यापक निरीक्षण गरेका थिए । पाटकाइ पर्वतको पाङ्सु घाँटीबाट भारत पस्न सकिन्छ भन्ने पूरा अनुभव सँगालेका थिए । यसैले उनले बर्मामा बस्न चाहनेहरू र भारत फर्कन चाहनेहरू सबै नेपाली बन्धुबान्धवहरूलाई त्यहाँको जग्गा बाँडफाँड गरेर जिम्मा लगाए भने भारत आउन चाहनेहरूलाई ५०/६० जनाको सिङ्गो समूह बनाएर आफ्नै साथमा भारत प्रवेश गराए ।

यसभन्दा बढी अझै दुईवटा ऐतिहासिक कालखण्डका सम्झनाहरूको पनि उल्लेख गरिएको छ । पहिलो हो स्टीलवेल रोड, जसको निर्माण जोसेफ वारेन स्टीलवेलले गरेका थिए । उनी दोस्रो विश्वयुद्धताका चीन, बर्मा, भारतलगायत देशमा तैनाथ गरिएका सम्पूर्ण अमेरिकी सैन्यशक्तिका कमाण्डर थिए । यसरी तीन देशका बीचको यातायातको गतिशीलतामा उनले अन्तर्राष्ट्रिय स्तरको योगदान पुर्‍याएका थिए । दोस्रो हो "द असम रेल्वे एण्ड ट्रेडिङ कम्पनी" स्थापनामा योगदान पुर्‍याएका व्यक्ति डा. जनवेरी ह्वाइटसँगको भेटघाट । उनको माध्यमबाट बर्मामा जस्तै भारतमा पनि भक्तलालले जङ्गलको ठेक्का लिए, रेललाई आवश्यक स्लीपरहरू निर्माण गरे, काष्ठ उद्योग सञ्चालन गरे । जनवेरी ह्वाइटले डिब्रूगढमा मेडिकल कलेज

स्थापनामा पुर्‍याएको ऐतिहासिक योगदानको पनि भक्तलालले उदात्त भावबाट स्मरण गरेका छन् ।

सातौँ अध्यायको शीर्षक छ 'गुवाहाटी डिब्रुगढ जहाज" जसले गतिशीलता र विकासको भरपुर सूचना प्रवाह गर्दछ । यो पानी जहाज हो । अघिल्लो अध्यायका मूल पात्र भक्तलालले नै निर्माण गर्न लगाएका दुईवटा जहाजहरू छन्, जुन ब्रह्मपुत्र नदीमा गुवाहाटीदेखि डिब्रुगढ र डिब्रुगढबाट गुवाहाटी ओहोर दोहोर गरिरहन्छन् । अङ्ग्रेजहरूले यन्त्रको विकास गरे, त्यस यान्त्रिक विकासलाई भक्तलाल जस्ता व्यक्तिले उद्योग र यातायात क्षेत्रमा लगानी गरे । डुङ्गा वा नाउमा मात्र सञ्चालन गर्दा पटक-पटक दुर्घटना व्यहोरिरहनु पर्ने मानव समाजलाई यन्त्र सञ्चालित जहाज निर्माणले अपूर्व सेवा पुर्‍यायो । यस अध्यायले भाग्य र कर्मका बारेमा गहिरो शिक्षा प्रदान गर्दछ। भाग्य भनेको पूर्व गति होइन, बरु कर्म नै पूर्व गति हो भन्ने मान्नुपर्दछ । कर्मले बरु भाग्यलाई डोर्‍याउन सक्दछ ।

दुवै जहाजका कर्मचारीसमेतको रेखदेख पुऱ्याउने, यात्रीहरूसमेतको सुविधालाई ख्याल राख्नुपर्ने जिम्मा र दायित्व बुद्धिमान् बुबा भक्तलालले आफ्नै छोरा रविलाललाई सुम्पिदिए । यसरी उनले छोरालाई कर्मगतिमा उभ्याए । यही कर्मगतिले उनका छोरालाई भाग्यरेखामा उभ्याइरहन्छ । आफ्नै जहाजमा ओहोर दोहोर गरिरहदा एकदिन एक सुन्दर आकर्षक कन्याले उनलाई प्रेमपूर्ण नजरले हेरिरहिछन् । ती कन्याको नाम रहेछ चन्द्रकला पोखेल । संयोगवश दुवै जना परस्परमा आकर्षित भएछन् । दुवैका आमाबुबाका स्वीकृत्तिले विवाह गरेछन् । विवाहपश्चात् एक कन्याको जन्म भयो, जसको नाम रुक्मिणी रहन गएको थियो ।

यिनै रुक्मिणी यौवन अवस्थामा आमाबुबाका साथ शोणितपुरको कोटिहोम महायज्ञमा पुगिछन् । सोही कोटिहोम महायज्ञमा वाचन गरिरहेका युवा पडित श्रीकृष्ण आकर्षित भएछन् । सोही अवस्थामा रुक्मिणीका मातापिता र पितातुल्य बाल ब्रह्मचारी टीकारामसमेतको सहमतिमा दुवै जनाको विवाह भयो । विवाह भएको केही समयपछि श्रीकृष्ण र रुक्मिणी गुवाहाटी आए, कामाक्ष मन्दिरमा गए र कामाक्ष माताको दर्शन गरे । दर्शन गरेर फर्कदा एक जना १२/१३ वर्षको युवकलाई बीच बाटोमा पल्टिरहेको देखे । उसलाई उठाए, खानपान गराए, औषधि उपचार पनि गराए, अनि आफ्नै जहाजमा ल्याइ पुर्‍याए । होसमा आइसकेपछि ती युवकले आफ्नो परिचय बताए । ती रहेछन् आसाम आइपुगेपछि अलपत्र परेका पश्चिम नेपाल पाल्पा जिल्लाका बलबहादुर थापा ।

श्रीकृष्ण र रुक्मिणी जस्ता सहृदयी भावनाका पात्रलाई सेवा कर्ममा जुटाउनु पर्ने थियो । त्यसैकारण उपन्यासकारले वा ईश्वरीय तत्त्वले बलबहादुर जस्ता असहाय पात्रको पनि सिर्जना गरेका हुन् कि भन्ने आभास त पाइन्छ नै, तैपनि पाठकहरूले भने यथार्थ पात्रका रूपमा बुझ्दै जानुपर्ने हुन्छ ।

जे होस्, श्रीकृष्ण र रुक्मिणीले बलबहादुरलाई आफ्नै घरमा लगे । उनीहरूको सरक्षणमा बलबहादुरले बाबा आमासरहको माया ममता पाइ नै रहे । बले उनीहरूको घरमा बसेको करीब ४ वर्षपछि श्रीकृष्ण र रुक्मिणीले एउटा छोरो जन्माए, उसको नाम गोपाल राखे । भक्तलालको पुस्ताबाट तल हेर्दा गोपाल तेस्रो पुस्तामा पर्दछन् । गोपाल र बले दाजुभाइ झैं एउटै घरमा हुर्कन्छन् । गोपाल स्कुल जान्छन्, बलबहादुर भने नेपाल सम्झन्छन्, पहाडको उकालो ओरालो सम्झन्छन् । घर जाने इच्छा गर्छन् । श्रीकृष्ण र रुक्मिणीले उनलाई नेपाल घर जाने अनुमति दिन्छन् । एक महिना जति घर गाउँमा बस्छन्, उनले उस अवधिमा तारा नाम गरेकी एक युवतीसँग विवाह पनि गर्छन् । अनि दुलहीसमेत साथमा लिई आसाम फर्किन्छन् । श्रीकृष्णकै घरमा बस्छन् । दुई वर्षपछि बलेले जुम्ल्याहा दुई छोरी जन्माउँछन् । सारा परिवार खुशीले रमाउँछन् । केही वर्षपछि गोपाल र बलबहादुर दुवै पूर्वजको पाइला पहिल्याउन नेपालका पहाडी भूभागतिर उक्लन्छन् ।

आसाममा जन्मिएका गोपाल, जो वंशजका हिसाबले तेस्रो वा चौथो पुस्तामा पर्दछन्, उनले आफ्ना बाबु बाजेको जन्म थलो हेर्न खोज्नु, अनि उनले पाइला पछ्याएको वा पहिल्याउन खोजेको भए न त ? उपन्यासका कथा, उपकथा, बोली, प्रसङ्ग, व्यवहार आदि जुनसुकै कोणबाट हेर्न खोजे पनि उपन्यासको उद्देश्य र शीर्षकलाई प्रष्ट पार्ने तथ्य/तथ्यांशहरू देखा परिरहन्छन् ।

आठौं अध्यायमा आइपुग्दा "पहाडको रमाइलो यात्रा" मा पाठकहरू पनि सहभागी हुन पाउँछन् । यहाँनेर गोपाल र बलबहादुरको यात्रा प्रारम्भ हुन्छ । यात्रा अवश्यमेव रमाइलो छ, किनकि यात्रा समयअन्तर्गत कुनै पनि दुर्घटनाहरू बेहोर्नु परेको छैन । परन्तु, यसको उठान र परिवेश पनि रमाइलो देखिदैन । यहाँ दोस्रो विश्वयुद्ध भरखरै शुरु भएको छ । यस युद्धको मध्य अवधिमा बेलायती शासकहरू विरुद्ध "भारत छाडौं" जस्तो राजनीतिक आन्दोलनको घोषणा भइसकेको छ । राजनीतिमा सक्रिय उपन्यासका केही पात्रहरूले जेल सजाय पनि भोग्नुपरेको छ । सन् १९४५ मा जब विश्वयुद्ध साम्य भयो नेपालको पहाडतिर यात्रा प्रारम्भ हुन्छ । पहाड पुगेपछि मात्र शान्तिको वातावरण र पात्रहरूको यात्रा रमाइलोमा परिणत हुन्छ ।

यात्रामा सहभागी पात्रहरू हुन् बलबहादुर थापा, जसलाई श्रीकृष्ण र रुक्मिणीले मरणासन्न अवस्थाबाट बचाइएका, एक जुनीमा दुई जिन्दगी भोग्न पाएका व्यक्ति हुन् । र अर्का गोपाल, जो रविलालका नाति र रुक्मिणीका छोरा हुन् । यी दुबैले आसाम ब्रह्मपुत्र नदीतटबाट गोखरपुरसम्म पुग्ने टिकेट लिए । नौतनवा, सुनौली हुँदै भैरहवा र बुटवल आइपुगे । पाल्पा क्षेत्रको पहाडी उकालो लाग्दै गर्दा बीच बाटामा तीनवटी तरुनी दिदीबहिनीहरू भेट भए । उनीहरूले एकदमै सजीव, घरगाउँले स्वरमा आनन्ददायी गफ गर्दै लाहुरेलाई हेर्दै उकालो लाग्दै थिए । पुरुषहरूले यस्ता गफ विरलै मात्रामा सुन्न पाउँछन् । उनीहरूको शैली र संस्कारसित बलबहादुर परिचित थिए । परन्तु गोपाल भने अनभिज्ञ नै थिए भन्नुपर्दछ । हिँडाइका क्रममा लाहुरे ठानिएका बले र गोपाललाई उनीहरूले आ-आफ्नो परिचय पनि सुनाइहाले सुन्तली, बाटुली र मैना । यी तीनै जनाले सहयोगार्थ ती दुई लाहुरेका हाते झोला आदि बोकेर आएका थिए । विश्रामस्थलमा बिसाएर उनीहरू बिदा भए ।

त्यसपछि समयमै दुवै जना बलवहादुरका घरमा पुगे । पारिवारिक माहोलमा गोपालको परिचय दिलाए । भात-भान्छा गरिसकेपछि गोपाललाई साथमा राखी आनन्दपूर्वक जन्म घरमा रात बिताए ।

नवौं अध्यायको शीर्षक छ "उन्मुक्त प्रकृति" जसको अर्थ हुन्छ खुला प्राकृतिक वातावरण जसअन्तर्गत सबै मानिसहरू र जीवजन्तुहरू स्वतन्त्र हुन्छन्, आनन्ददायी रूपमा बाँच्न पाउँछन् । कुनै जातीय संस्कारप्रति भेदभाव नजनाउने खुला वातावरणमा हुर्किएको पहाडी जनजीवनको अध्ययनार्थ पूर्वपरिचित र अपरिचित दुई जना पात्र आसामबाट यहाँ आइपुग्छन् । ती पात्रहरू हुन् करीब चालीस वर्षीय बलबहादुर र अठार वर्षीय गोपाल ।

आफ्नो घर गाउँको वातावरण र संस्कारप्रति पूर्व परिचित बलबहादुरले गोपाललाई खुला प्रकृतिमा शौचालय जानुहोस् भन्ने जानकारी दिलाउँछन् । सामान्य लवाइखुवाइका कपडाहरू धुवाँ, धूलो आदिबाट जोगाउने र खहरे खोलामा पुगेर नवाइधुवाइ आदि गर्नुपर्ने क्रियाकलापहरूप्रति परिचित गराउँछन् । सबै घरपरिवार, छरछिमेकी र नातेदारहरूमा नव आगन्तुक गोपाललाई परिचित गराउँछन् । रत्ना र गीता नाम गरेका दुई जना युवतीहरू र गोपाल तीनै जनाबीच परिचय हुन्छ । आपसी ठट्टा गफ पनि हुने गर्दछ । नुवाइधुवाइकै क्रममा तीनै जना खोलामा पुग्छन् । मनग्य दूरीमा रहेर, वस्त्रविहीन रूपमा नुहाउँछन् पनि । परस्परमा युवा युवतीहरू बीचको आकर्षण पनि बढेर गएको पाइन्छ ।

दशौं अध्याय "पहाडी जीवन" का मूल पात्र पहाडी यात्रामा गाउँ पुगेका उनै बलबहादुर र गोपाल हुन् । बलबहादुर यही ठाउँका गाउँले हुन् भने गोपाल नितान्त नवआगन्तुक हुन् । यस बखत भने यी दुवै जनाले त्यहाँको जनजीवन र प्राकृतिक वातावरणको गम्भीररूपमा अवलोकन गर्दछन् । त्यहाँका उकाली ओरालीहरू भोग्दछन् । परस्पर सहयोगका आधारमा खेतीपाती लगाउँछन्, पाखातिर कोदो, फापर र खोलातिरको धान खेतलाई जीउनेबाँच्ने आधार ठान्दछन् । संयोगवस रत्ना युवतीका घरमा पुग्छन्, रत्ना र उनकी आमाले उनीहरूलाई खाजाभुजा खुवाएर सम्मान गर्दछिन् ।

एघारौं अध्यायको शीर्षक छ - "प्रकृतिमा स्वच्छन्द विचरणको आनन्द" । प्रस्तुत शीर्षकले नै यसभित्रको विषयवस्तुलाई प्रष्ट पारेको छ । उपन्यासभित्रका स्वच्छन्द रूपले विचरण गर्ने पात्रहरू हुन् गोपाल, रत्ना र गीता । शुरुमा रत्नाकी आमाले बलबहादुर र गोपाललाई भात भान्छाका लागि आमन्त्रणा गर्ने रत्नालाई नै पठाउँछिन् । रत्ना र गीता दुवै निमन्त्रणाका लागि बाटो लाग्दछन् । उकालो बाटाको रुखको छहारी छेउमा गोपाल निर्वस्त्र अवस्थामा शौच गरिरहेको देख्दछन् । रुखको छेल पारेर गोप्य रूपमा उसलाई हेरिरहन इच्छा गर्दछन् । हुर्कंदै, बढ्दै र बुझ्दै जाँदा के रहेछ त यो ससार भन्ने सोचाइ राख्दै गोपाल, रत्ना र गीता लहसिदै गएका छन् । अनि आफूआफू बीच अनुकूल वातावरणको परीक्षण पनि गरिरहन्छन् ।

प्रत्येक व्यक्तिको शरीर प्रकृति माताकै उपहार हो । यसैले यसको पनि आफ्नो शारीरिक वातावरण बनिरहेको हुन्छ । शारीरिक र प्राकृतिक यी दुवै खालका वातावरणहरू देख्न, हेर्न खोज्नु सबैका लागि स्वाभाविक ठान्नुपर्दछ । अघिल्लो पटक नुहाउने अवस्थामा रत्ना र गीता दुवैका सम्पूर्णाङ्गहरू देखेर गोपाल जसरी आनन्दविभोर भएका थिए, त्यसैगरी जङ्गलका बीचमा गोपाललाई निवस्त्ररूपमा यताउता हिंडिरहेको अवस्थामा देख्न पाउँदा उनै दुइटी युवतीहरू उत्तिकै हर्षविभोर भएका थिए । यसरी पुरुष र महिला पात्र दुवै थरीलाई परस्परको शारीरिक दृश्यावलोकनको वातावरण र प्राकृतिक वातावरणबाट आनन्दानुभूति प्राप्त भएको छ ।

घरायसी वातावरणमा आइपुग्दा थाहा हुन्छ कि बलबहादुर थापा मगरले अत्यन्त आकर्षक भएका कारण तामाङकी छोरी तारासँग विवाह गरेका रहेछन् । यस खालको अन्तर संस्कारित र अन्तरजातीय विवाह पनि उपन्यासमा पूर्ण सफल देखिन्छ । यस अध्यायमा सबै पात्रहरू पहाडको उन्मुक्त वातावरणमा आनन्द अनुभव गरिरहेका छन् ।

प्राकृतिक वातावरणलाई नैसर्गिक प्रेमको उद्‌गम स्थल ठान्न सकिन्छ । प्रेमातुर गीता र गोपाल प्राकृत्तिक वातावरणमा अगाडि पछाडि हिंडिरहेका छन्, दुवैजना

परस्परमा आकर्षित छन् । प्रेमकै प्रभावबाट दुवै जना आकाशमा उड्छन् र ओर्लिन्छन् पनि । दुवै जना सपनामा आ-आफ्नै विस्तरामा ब्युझिन्छन् । के रहेछ त्यो सपना । वास्तविकताको प्रतिविम्ब हो कि कृति स्वयम्को प्रतिविम्ब पनि ?

गोपाल र गीता यी दुई पात्रहरू सपनाबाट ब्युँझिएर विपनामा हिँड्न थालेपछि तिनीहरू प्रकृतिको आँगनमा भेट हुन्छन्, जङ्गलको एक छेउमा ती भेट हुन्छन् । दुवै जना प्रेमपूर्वक झुम्मिन्छन्, आलिङ्गनमा लहसिन्छन् । आलिङ्गन कुनै एकको माग थिएन, केवल स्वाभाविकतामा नजिकिएका थिए, प्रेमको सागरमा डुबेका थिए र प्रेमकै बादलले ढाकिएका थिए ।

"अनुपम उपहार नैसर्गिक प्रेम" वास्तवमा एउटा कथा हो, यसमा प्रदर्शित प्रेम स्वाभाविक प्रेम हो र यो परस्परको अतुलनीय उपहार पनि हो। तुलसीको विरुवा पनि हो, जसलाई उप्काएर जहाँनेर पनि उभ्याउन र उमार्न सकिन्छ ।

तेहौं अध्यायको "आफ्नै घर" आसाम आमिनगाउँ स्थित गोपाल, श्रीकृष्ण र रविलाल बाजेको घर हो । यही घरबाट पहाडको यात्रा शुरु गरे र यही घरमा आइपुगे गोपाल र बलबहादुर । गोपालका मातापिता श्रीकृष्ण र रुक्मिणीले दुवैलाई बधाइ र आर्शिवाद दिए । पूर्वजहरूको थलोमा पुगेर आएकोमा पूर्वजहरूको समेत आर्शिवाद फलदायी हओस् भन्ने शुभकामना व्यक्त गरे । गोपालले आइ ए पास गरेको सुखद खबर पनि सुनाए । उसलाई बी ए अध्ययनार्थ विश्वविद्यालयमा भर्ना गराए । उसले पढ्दै गर्दा पारिवारिक सल्लाहअनुसार लक्ष्मी नाम गरेकी सुकन्यासँग उसको विवाह पनि गराइदिए ।

उता बलबहादुरका छोरीहरूलाई पनि उच्च शिक्षा दिलाउनुपर्छ भन्ने सल्लाह दिए । थापा दाइ र गोपाल दुवै खुशी र प्रफुल्ल भइरहेकै अवस्थामा थापाका भाइले पहाडबाट पठाएको पत्र प्राप्त भयो । तीन वर्षपछि थापाले फेरि पनि पहाड घरतिर जाने निधो गरे । गोपालले पनि युवा अवस्थामा रत्ना र गीतासँगको प्रेम गाँठो सम्झिए र ऊ पनि बलबहादुर थापा दाइसँग दोस्रोपटक पहाड जाने निधो गरे ।

चौधौं अध्यायमा उपन्यासका पात्रहरू भारत र नेपाल आउने/जाने गरिरहेकै अवस्थामा दुवै देशमा राजनीतिक अवस्था सङ्लो थिएन, धमिलिएको थियो । त्यसैले "राजनीतिको धमिलो परिवेश" शीर्षक राखिएको छ । भारत र नेपाल दुवै देशका शासकहरू अत्याचारी थिए । भारतमा बेलायती शासकहरूले सयौं वर्षदेखि शासन चलाउँदै आए । भारतीयहरूमाथि कठोर शासन चलाइरहेका थिए । नेपालमा स्वदेशी राणाहरूको शासन थियो, तथापि यो शासन जनआस्थालाई पूर्णरूपेण पर्गेलिएको

एकलौटी र अत्याचारी थियो। १५ अगस्त, १९४७ मा भारत स्वतन्त्र भयो भने करिब ४ वर्षपछि फ्रेब्रअरी १८, १९५१ (२००७ फागुन ७ मा नेपाल पनि स्वतन्त्र भयो।

नेपालमा राणाशासन कायम रहँदा यस उपन्यासका पात्र गीता र रत्नाले कस्तो खालको अन्याय र अत्याचार बेहोर्नुपरेको थियो त्यसलाई व्यक्त गरिएको छ। गीताको विवाहको अवसर थियो तीनलाई डोलीमा बोकेर लगिदै थियो, परन्तु बीच बाटोमा राणाका लठैत सिपाहीहरूले रोके । पोखरेलकी छोरी गीता अपराधी हुन्, तिनले दुईवटा सिपाहीको पहिल्यै हत्या गरेकी थिइन् भन्दै डोलीबाट बाहिर निकाले। बेहुलो र जन्ती निरास हुँदै आफ्नो बाटो लागे, गीता सिपाहीहरूको हिरासतमा परिन्। अन्ततः यो अध्याय नैराश्यमा टुङ्गिएको छ।

पन्ध्रौं अध्यायमा आइपुग्दा क्रान्तिकारी र राजनीतिक परिवेशले आवेशपूर्ण स्थिति पैदा गरेको देखिन्छ। बेहुली गीता राणा शासनका प्रहरीहरूको घेरामा पर्न गइछन् । प्रहरीहरू नै मारेको दोषारोपणका कारण ती दुलहीलाई पक्राउ गरिएको रहेछ। यहाँनेर विचित्रको घटना घटेको देखिन्छ।

गोपाल र थापा दाइ दोस्रो पटक आसामबाट पहाडघर भरखर आइपुगेका थिए। गीता र रत्नाको माया प्रेमका खातिर पनि गोपाल आइपुगेका थिए। भाइलाई जग्गा जमिन उपलब्ध गराइदिने थापा दाइको उद्देश्य थियो। भोलिपल्टै दुवै जनाले थाहा पाए कि गीतालाई प्रहरीहरूले पकडिसकेका थिए। रत्ना र भाउजूहरू रुँदै बसिरहेका थिए । गीताको साथी रत्नाले गिरफ्तारीको यथार्थ बताइन् । गोपाल आवेशमा आए, प्रहरीहरूसँग जाइलाग्ने वचन दिए। तर रत्नाले उनलाई शान्त रहिदिन सम्झाइन्। नेपालमा राणा शासन हटाउन क्रान्तिकारीहरू नै अगाडि बढिरहेका छन् भन्ने सुनाएर गोपालको आवेशलाई शान्त पारिन्।

अध्याय सोह्रौंमा "बलिदान" नामक गम्भीर प्रकारको शीर्षक रहेको छ। यो बलिदान प्राकृतिक प्रेममा लहसिएकी र सांस्कृतिक रूपमा विवाहको डोलीमा पुऱ्याएकी गीताको बलिदान हो। एउटै बेहुली कन्याको बध गरिएको वा मारिएको अवस्था हो। राष्ट्रका निम्ति वा लोकहितका निम्ति उनको स्वेच्छाले गरिएको आत्मत्याग पनि होइन यो। अन्यायीको हातबाट पशुसरह मारिएको अवस्था हो। जे होस्, जीवनसङ्घर्षका विरुद्ध गरिएको बलिदान हो र अझ गरिऱ्याइमा जाँदा यो आत्मिक प्रेम सजावट र संरक्षणार्थ परित्यागपूर्ण बलिदान हो।

प्रहरीद्वारा आपराधिक फन्दामा पारिएकी बेहुली गीता जङ्गलका बीचमा पुऱ्याएर रक्ताम्य पारिएकी छन्। गोपाल र रत्नाले भेट्टाउँछन् र रत्नाकै घरमा ल्याउँछन्। बले दाइ

र भाइ कान्छा घडेरी पास गर्न तानसेनस्थित अड्डाखानामा पुग्दछन् । घरायसी उपचारले गीतालाई सन्चो हुँदै जान्छ । गीताले राम्रोसँग बाँच्न पाए साधु बनेर काशी जाने इच्छा गर्छिन् । गोपालले भने गीतालाई आसामतिर लैजाने इच्छा जाहेर गर्दछन् । रत्नाले पनि यस प्रस्तावप्रति खुशी हुन्छिन् र गोपाललाई अंकमाल गर्दछिन् । गोपालले रत्नालाई पनि साथसाथै लैजाने वचन दिएका हुन्छन् ।

आसामतिर साइत गर्नु अगावै प्रहरी यातनाबाट बँचेकी गीताले यावत् कष्ट बेहोरेको कुरा बताउँछिन् -

जङ्गलका बीचमा एउटा तीनकोठे अँध्यारो घर रहेछ, त्यसैभित्र गीतालाई धकेलेछन् । त्यहाँ उनीबाहेक अरू दुईवटी गीता नाम गरेका मोटीमोटी केटीहरू पनि रहेछन् । एकपछि अर्को गरी ती प्रहरीले तिनीहरूलाई अभद्र व्यवहार गर्दा रहेछन् । ती मोटी दिदीहरूले ती सानी गीतालाई कुनै प्रकारले हात हालेमा हामीहरू जाइ लाग्ने छौं भनी चेतावनी दिएछन् । तथापि ती प्रहरीहरूले गीतालाई अत्यन्त कष्टदायक शारीरिक चोट पुऱ्याएछन् । यातना भोग्दै आएका सबै दिदीबहिनीहरूले खाना खाने बेलामा जब ढोका खुल्यो त्यति नै बेला बाहिर निस्केछन् । ढोका खोल्ने प्रहरीलाई पनि भित्रै पारेछन् । त्यसपछि घरबाहिरबाट मट्टितेल छर्केर आगो लगाएछन्, यसरी रक्सी खाएर मस्त निदाइरहेका प्रहरीहरूलाई खरानी पारेछन् । यस अग्निकाण्डका गोप्य अभियुक्त ती दिदीबहिनीहरू अँध्यारोमै आ-आफ्ना घरतर्फ लागे । घायल गीता एक्लै घर जाँदै गर्दा अशक्त अवस्थामा जङ्गलमा पल्टिएकी थिइन् ।

अग्नि दहनमा परेका प्रहरी र डढेलोमा परेका घरको अन्य प्रहरीबाट निरीक्षण हुन थाल्यो । निरीक्षणमा चारवटा लासका अवशेष मात्र भेटिए । क्रान्तिकारीहरूको सहयोगमा तीनवटी महिलाहरूले घटाएको काण्ड हुनुपर्छ भन्ने ठहर गरे । भोलिपल्ट मध्यरातमा थापा दाइ, गोपाल र गीता आसाम जाने साइत गरे । रत्ना पनि उनीहरूकै पछि लागिन् । यसरी चार जना हिँडिरहेकै बेलामा उनीहरू प्रहरीहरूको निरीक्षणमा परे । घर ठेगाना सोध्दै जाँदा गीतालाई नै अभियुक्त ठहर गरे, अनि पक्राउ पनि गरिहाले । निर्दोषीलाई दोषी ठहर गर्ने भन्दै गोपालले प्रतिवाद गरे । अनि प्रहरीले गोली नै चलायो र गीताको ज्यान लिइछाड्यो । आसाम पुग्ने साइतमा हिँडेका गोपाल, बलबहादुर र रत्नाले बीच बाटोमै गीताको दाहसंस्कार गरे ।

राजनीतिक परिवेशकै कारण ती प्रहरी जवानहरू र गीतालगायतका दोषी/निर्दोषी सबैको देहनाश भएको थियो । यतिको नोक्सान हुँदै जाँदा पनि यस अध्यायको अन्तमा उपन्यासकारले झिनो आशासहित आगामी भागलाई यसरी टुङ्ग्याउँछन् -

"यात्रै यात्राको जीवनयात्रामा गीताको उत्सर्गले गोपाल र रत्नाको एउटा अर्को जीवन यात्रा शुरु हुन्छ" ।

सत्रौं अध्यायको शीर्षक छ "समयको उडान" । यसलाई पुस्तौं पुस्ताको उडानका रूपमा लिइनुपर्दछ । उडानले विश्राम पनि खोज्दछ । पछिल्ला पुस्ताहरू विश्रामी पुस्ताहरू हुन्, जसलाई पाप र पुण्यका हिसाबले पनि हेर्ने/बुझ्ने गरिन्थ्यो ।

गोपाल विवाहित व्यक्ति थिए, तथापि नेपाल पहाडमा पहिलोपटक आइपुग्दा उनीप्रति गीता र रत्नाको स्वाभाविक प्रेम रहिरहेको थियो । गीता बेहुली भैसक्दा पनि उनले जीवनको यात्रामा पुनर्विवाह गर्न सक्दथिन् । परन्तु, उनले बलिदानीपूर्ण मृत्युको काखमा पुग्नुपर्‍यो । परिस्थितिवस रत्नाले गोपालसँग विवाह गर्छिन् । यसरी लक्ष्मी र रत्ना सौता हुन पुग्दछन् । पहिलो विवाह लक्ष्मीसँग र दोस्रो विवाह रत्नासँग गरेका गोपालले, बहुविवाहलाई परिवारको आदर्शका रूपमा स्थापित गर्दछन् ।

जेठी दुलही लक्ष्मी बाहुनी हुन् भने कान्छी दुलही रत्ना भने तामाङकी छोरी हुन् । जेठीबाट एक छोरा र कान्छीबाट दुई छोरी र पाँच छोराहरू जन्मिए । दोस्रो विवाह अन्तरजातीय हो तापनि उनीबाट धेरै सन्तानको जायजन्म भएको छ । यस प्रकारको विवाह एक नमुनाका रूपमा देखिएको छ । अन्तरजातीय विवाहले स्त्री पुरुष दुवै आयुष्मान् पनि देखिएका छन् । रत्ना ९९ वर्ष पुगीसकेकी छन् भने गोपाल एकसय एक वर्ष पुगेका छन् । श्रीकृष्ण र रुक्मिणी सासु ससुरा हुन् । ती पनि आयुष्मान् पूर्वजका आयुष्मान् सन्ततिहरू देश विदेशमा छरिएका छन् । कर्मशील एवं आनन्ददायी जिन्दगी व्यतीत गरिरहेका छन् । आधुनिक दुनियाले उनीहरूबाट एउटा अनुपम सन्देश प्राप्त गर्न सक्दछन् ।

अठारौं अध्याय यस उपन्यासको अन्तिम विश्राम हो । यसको शीर्षक रहेको छ -"मीठो सम्झना" । यो हो जीवनयात्रामा बाँच्नेहरूको सम्झना ! यसका पात्रहरूको पाठकहरूमा सम्झना । यस उपन्यासमा सम्झनारूपी पारिवारिक प्रेमका नमूनाहरू छन् । गोपाल र लक्ष्मीको पारिवारिक प्रेम भिन्न-भिन्न संस्कृतिका गोपाल र रत्नाको प्रेम र सौता दिदी बहिनीसमेतको पारिवारिक संरचना आदि विशेष नमूनाका रूपमा प्रस्तुत भएका छन् । गोपालका बुबा आमा श्रीकृष्ण र रुक्मिणीको दाम्पत्य जीवन पनि नमुना योग्य छ । यीभन्दा माथिका पुस्ताहरूमा पनि दाम्पत्य जीवन अत्यन्त गाढा प्रेमका रूपमा व्यतीत भएका उदाहरणहरू छन् । यस्तै-यस्तै प्रेमका नमुनाहरू नयाँ नयाँ पुस्ताहरूमा पनि संस्कारका रूपमा सदाकाल देखिनेछन् भन्ने कुरा पनि स्मरणमा राख्न सकिन्छ ।

प्रेमको मात्र होइन यसले विपत्तिजनक अवस्थाको पनि स्मरण गराउँछ । जसरी मानिसले अपूर्व गतिमा पाइला चालेर भौतिक सुविधाको भोग गरिरहेछ, सभ्यताका गुणहरूलाई अङ्गीकार गरिरहन्छ र विकासको गतिमा अगाडि बढिरहन्छ, त्यसैगरी जीवन यात्राका क्रममा अचानक विपत्ति भोग गर्न पनि युगौंदेखि मानिस अभिशाप्त छ।

यस उपन्यासका पात्रहरूमध्ये थापा दाइ (बलबहादुर) र तारा भाउजू जहाज दुर्घटनामा परेर परलोक हुन्छन् । तापनि उनका छोरीहरू विदेशमा नाति पनातिहरूको युगमा आनन्दपूर्वक बाँचिरहेका छन् । उनीहरूको नयाँ युग, नयाँ-नयाँ परिवेशमा अगाडि बढिरहेको छ ।

यस उपन्यासले सनातन संस्कृतिको पनि स्मरण गराउँछ। सनातन संस्कृतिअन्तर्गत ब्रह्मलाई सृष्टि रचनाकार मानिन्छ। विष्णुलाई सृष्टिपालक र महेश्वरलाई पुनर्जीवन दिइरहने शक्तिका रूपमा मानिएको छ । यसकारण जगत् वा पृथ्वी माताका काखमा जन्म लिने मानवलगायत यावत् जीव-जीवात्माहरूको पुनर्जीवन भइ नै रहन्छ भन्ने यथार्थलाई पनि यस उपन्यासले स्मरण गराउँछ। मानिसहरू स्वयम्ले पालन गर्दै आएका संस्कार/संस्कृतिहरू पनि अन्ततः एउटै सनातन संस्कृतिका मिश्रित उपहारहरू हुन् । मानव कल्याणमा आधारित ती विविध संस्कृतिका गुणहरू अवलम्बन गर्न लायक हुन्छन् भन्ने यथार्थलाई समेत यस उपन्यासले स्मरण गराउँछ ।

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका हाम्रो पुरुषार्थका आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल

फोन नं. : ०७१५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानु हुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ** (त्रैमासिक)

# भारतमा नेपाली भाषा आन्दोलन : एक परिचर्चा



✍ डा. सृजना शर्मा

भाषा हो सभ्यता हाम्रो सारा उदय उन्नति
जीत, वैभव भाषामै बाँच्तछन् पछिसम्म यी ।।

**नाट्यशिरोमणि बालकृष्ण सम**

नाट्यशिरोमणि तथा चिन्तक बालकृष्ण समले जातिको गौरव, उन्नति, सभ्यता, जीत - वैभव आदि सबै कुरा भाषामै निर्भर रहने कुरा यी हरफबाटै प्रष्ट पार्नुभएको छ । भारतमा प्रत्येक वर्ष २० अगस्तका दिन नेपाली भाषाले भारतीय संविधानको आठौँ अनुसूचीमा १९९२ -मा अन्तर्भुक्त भएर राष्ट्रिय भाषाका रूपमा मान्यता पाएको सम्झना तथा सम्मानस्वरूप भव्यरूपमा भाषा स्मृति दिवस परिपालना गरिन्छ। नेपाली भाषालाई खस कुरा पनि भनिन्थ्यो, गोर्खा भाषा पनि भनियो । यो भाषा भारोपेली परिवारको सतम वर्गमा पर्ने भारत इरानेली परिवारको पूर्वी पहाडी भाषामध्ये एउटा मानिन्छ। विश्वभाषाका प्रमुख भाषा परिवारलाई दशवटा परिवारमा वर्गीकरण गरिएको छ । यी भाषा परिवारमध्ये भारोपीय परिवारको भारतेली शाखाबाट सतम र केन्तुम परिवारको उदय भयो । सतम वर्गको संस्कृतको लौकिकबाट कालान्तरमा प्राकृत हुँदै आधुनिक आर्यभाषाहरूको उदय भएको मानिन्छ । यसरी प्राचीन संस्कृत ? वैदिक संस्कृत ? लौकिक संस्कृत ? प्राकृत ? सौरसेनीको पहाडी अप्रभंश (कतिपय स्थानमा खस अप्रभ्रंश पनि भनिएको पाइन्छ) भएर नेपालको सिञ्जा उपत्यकामा उत्पत्ति भएको भाषा नै नेपाली भाषा हो भनेर भाषावैज्ञानिकहरूले नेपाली भाषाको उत्पत्तिसम्बन्धी धारणा व्यक्त गरेको पाइन्छ। आधुनिक आर्यभाषामध्ये नेपाली पनि एउटा हो । यसर्थ नेपाली भाषाको मातृभाषा अथवा मदर ल्याङ्वेज संस्कृत हो भने भगिनी भाषाका रूपमा बङ्ला, गुजराती, मराठी आदि आधुनिक आर्यभाषा हुन् भन्न सकिन्छ। भारत, नेपालका हिमाली भूभागमा बसोबास गर्नेहरूले मुख्य रूपमा नेपाली भाषालाई सम्पर्कको भाषा (लिङ्वा फ्रान्का) -का रूपमा प्रयोग गर्दै यसको संरक्षण तथा संवर्धनमा विशेष भूमिका निर्वाह गरेको पाइन्छ।

भारतको काशी प्रान्तमा विशेष गरी नेपाली साहित्यको माध्यमिक कालमा

मोतीराम भट्टद्वारा यस भाषालाई मुद्रणको युगमा प्रविष्ट गराएपछि यो भाषाले एउटा विशिष्ट परिचयसहित आधुनिकतातर्फ अग्रसरित भएको पाइन्छ । मुद्रणको युगमा प्रवेश गरेपछि भारत तथा नेपालबाट नेपाली भाषामा गोर्खे खबर कागत् (१९०१) तथा गोरखा पत्र (१९०२)-को प्रकाशन आरम्भ भयो । यसरी अब नेपालबाट नेपाली भाषा आफ्नै गति र छन्दमा समृद्ध हुन थाल्यो भने भारतमा पारसमणि प्रधान, सूर्यविक्रम ज्ञवाली तथा धरणीधर कोइरालाको प्रयासमा एउटा विशिष्ट ऐतिहासिक युगमा प्रविष्ट भएको पाइन्छ ।

भारतको दार्जिलिङमा सूधपाले जातीय जागरणका निम्ति अथक प्रयास र योगदान गरेका छन् । उनीहरूले दार्जिलिङसितै भारतका नेपालीभाषी बसोबास गर्ने अन्य क्षेत्र- असम, सिक्किम, देहरादून, काशी, भाक्सू आदिसम्म भानुभक्तका कृति र कीर्ति पुऱ्याउने कार्य गरे । यसरी भानुभक्तका कृतिका माध्यमबाट नेपालीभाषी भारतीयलाई एकताको सूत्रमा बाँध्ने कार्यमा यी अग्रजले महत् भूमिका निर्वाह गरेका छन् ।

मोतीराम भट्टले भानुभक्तको रामायण प्रभृति कृति गोर्खा भाषामा लेखेका थिए भनिएको पाइन्छ । यसर्थ गोर्खा जातिको भाषा भएकै कारण नेपाली भनेर वर्तमानमा चिनिएको र भारतीय संविधानमा नेपाली भनेरै अन्तर्भुक्त यो भाषालाई गोर्खा भाषा भनिने प्राचीन परम्परा परिपुष्ट हुन्छ ।

नेपाली भाषामा छापिएको पहिलो समाचार पत्र वि.सं १९४१ (कसैले १९४५, कसैले १९५० पनि भनेको पाइन्छ) -मा प्रकाशित 'गोर्खा भारत जीवन' हो । तर यसको प्रति आज प्राप्य छैन । काशीबाट प्रकाशित यो पत्रिकाको नाममा 'गोर्खा' शब्द निहित छ । त्यससमय भाषिक व्यवस्थामा गोर्खा नाम नै प्रचलित र सर्वस्वीकृत भएकै कारण यसो भएको हो भन्न सकिन्छ । अझ 'गोर्खापत्र' (१९०१) श्री गङ्गाप्रसाद प्रधानको सम्पादकत्वमा दार्जिलिङबाट प्रकाशित भएको 'गोर्खे खबर कागत्' (१९००), देहरादूनबाट प्रकाशित 'गोर्खा खबर' (१९१३), 'गोर्खा संसार' (१९१६), 'तरुण गोर्खा' (१९२८) आदिसित पनि 'गोर्खा' नाम नै जोडिएको पाइन्छ । पत्रपत्रिकामा नेपाल र नेपाली शब्दले स्थान पाएको त १९३१ -को पुसमा काशीबाट प्रकाशित 'नेपाली साहित्य सम्मेलन पत्रिका' (वार्षिक) र नेपालबाट प्रकाशित 'नेपाल शिक्षा' (१९४८) -बाट हो । अझ वर्तमानमा साझा प्रकाशन भनेर चिनिने नेपालको एउटा स्थापित प्रकाशन संस्थाको नाम पनि प्रकाशन स्थापना काल (१९१४)-मा 'गोर्खा भाषा प्रकाशिनी समिति' भनेर नै थियो । कालान्तरमा 'नेपाली भाषा प्रकाशिनी समिति' हुँदै वर्तमानमा यो 'साझा प्रकाशन' भनिएको पाइन्छ । नेपालमा राणा शासनविरुद्धको क्रान्तिका लागि नेपालका नागरिकलाई एउटै छातामा ल्याउन मात्रै 'नेपाली भाषा'

भनेर नामकरण गर्ने बाध्यता परेको इतिहास छ। नेपालमा १९३२ -मा मात्रै राजा महेन्द्रले संविधानमा 'नेपाली भाषा' नेपालको राष्ट्र भाषा हो भनेर मोहोर लाएको इतिहासले पनि नेपाली भाषा भनेर गोर्खा भाषालाई रूपान्तरण गरेको इतिहासले देखाउँछ। भारतमा १८२०मा कलकत्ताबाट प्रकाशित गराएर जे.ए. एटनले 'अ ग्रामर अब् नेपलिज ल्याङ्ग्वेज' पुस्तकको शीर्षकमा नेपाली भाषा वा नेपलिज ल्याङ्ग्वेज शब्द प्रयोग गरेको देखिन्छ। इन्द्रबहादुर राईले नेपाली भाषाबारे यस्तो मन्तव्य व्यक्त गरेका छन् -"सब राष्ट्र (देश)-ले मानेको, भारतको संविधानले मानेको, केन्द्र सरकारले, राज्य सरकारहरूले, विश्वविद्यालयहरूले, साहित्य अकादमीले, देश र विदेशका अन्य साहित्यिक, भाषिक संस्थाहरूले मानेको हाम्रो भाषाको नाम हो नेपाली। दुई-चार जनालाई छाडी समग्र नेपालीभाषीलाई यही नाम प्रिय छ।"

जातीयता र नागरिकता दुई भिन्न कुरा हुन्। चेलेन्जेस अब् मेसरिङ एन एथनिक वर्ल्ड : साइन्स, पोलिटिक्स एन्ड रियलिटी शीर्षकको स्टैटिक्स क्यानाडा र द युनाइटेड स्टेट्स सेन्सस ब्युरोको आयोजनमा (१-३ अप्रेल १९९२) आयोजित सम्मेलनका अनुसार - जातीयता मानव जीवनको आधारभूत उपादान हो, यसमा मानव अनुभवको एउटा अन्तर्निहित तथ्य हुन्छ भनिएको पाइन्छ। एउटा कुनै जातीय समूह वा जातीयता ती व्यक्तिहरूको श्रेणी हो जसका समान वंश, भाषा, इतिहास, समाज, संस्कृति वा राष्ट्र जस्ता समानताका आधारमा एकाकारमा परिचय स्थापित गर्दछन्। एउटा जातीय समूहको सदस्यतामा एउटा साझा सांस्कृतिक परम्परा, वंश, मूल मिथक, इतिहास, मातृभूमि, भाषा वा बोली, धर्म, पौराणिक कथाहरू अनि अनुष्ठान, व्यञ्जन, परिधान शैली, कला, अनि शारीरिक उपस्थिति जस्ता प्रतीकात्मक प्रणालीहरूका माध्यमबाट परिभाषित गरिने गरिन्छ। एउटै ऐतिहासिक संस्थापक जनसंख्यामा व्युत्पन्न जातीय समूहले मूलतः सम्बन्धित भाषालाई नै प्रयोग गरिरहेका हुन्छन् र भाषिक स्तरमै उनीहरू एकाकारमा अभिन्न भइरहेका हुन्छन्।

विद्वान् समालोचक डा. दिवाकर प्रधान राष्ट्र निर्माणका लागि आवश्यक घटकका रूपमा धर्म, संस्कृति र भाषालाई मान्यता दिइने कुरा अग्रसरण गर्दछन्। उनका मतमा जनसमुदायको बोधक जाति हो भने धर्मले यी सबैलाई धारण गर्दछ अनि संस्कृति त्यस राष्ट्रका जनसमुदायको आत्मा हुन्छ भन्दै धर्मको व्यापकतासितै संस्कृतिको महिमागान गर्दछन्। संस्कृति यदि उच्च चिन्तनको मूर्त रूप हो भने भाषा त्यसको माध्यम हो। राष्ट्रियताका लागि बाहिर देखिने भिन्नता हुँदा हुँदै पनि भित्री समभावना र सङ्गठन आवश्यक हुन्छ भन्ने अडान प्रधानले प्रस्तुत गरेको पाइन्छ।

नागरिकता भनेर एउटा विशेष सामाजिक, राजनैतिक, राष्ट्रिय वा मानव संसाधन

समुदायको एउटा नागरिक हुने अवस्थालाई बुझिन्छ। वर्जिनिया लिएरीले नागरिकतालाई अधिकारहरूको एउटा समुच्चयका रूपमा परिभाषित गरेका छन् । उनले नागरिकताको अवस्थामा प्राथमिक रूपमा सामुदायिक जीवनमा राजनैतिक सहभागिता, मतदानको आधिकार, समुदायको विशेष संरक्षण प्राप्त गर्ने अधिकार र दायित्वलाई यसअन्तर्गत हेरेका छन् ।

नागरिकताले कुनै व्यक्ति विशेषलाई देशका भित्री जीवनमा भाग लिन र बस्ने अधिकार दिन्छ। राष्ट्रियता भने योभन्दा भिन्नै हुन्छ। यसले केवल अन्तर्राष्ट्रिय स्तरमा कुनै व्यक्ति विशेषलाई रक्षा र आउन-जान सुविधा र चिनारी दिने कार्य गर्दछ। यसरी राष्ट्रियता र नागरिकतामा तत्त्वगत भिन्नता देखिन्छ ।

भारतमा ऐतिहासिक भूभागसहित भित्रेको गोर्खा जातिको जातिनाम गोरखा रहेको तथ्य त्यस समय प्रचलित यी नामहरूले परिपुष्ट गर्दछन् - जस्तै - १. संघ संस्थाको नाम- गोरखा दुःख निवारक सम्मेलन, गोर्खा जनपुस्तकालय, गोर्खा सम्मेलन, गोर्खा सभा, गोर्खा जाति सुधार समिति आदि ।

२. पुस्तक पत्रिका आदिको नाम, जस्तै - गोर्खे खबर कागत्, गोर्खाली, गोर्खा भारत जीवन, गोर्खा भाषा व्याकरण 'चन्द्रिका', गोर्खा व्याकरण बोध, गोर्खा भाषाको म्यानुअल, गोर्खा, गोर्खा संसार, गोर्खादूत आदि ।

माथि उल्लिखित यी नामहरूले गोर्खा नाम केवल जातिसूचक नभएर भाषासूचक पनि रहेको थियो । कालान्तरमा १९३२ मा बालकृष्ण समको अगुवाइमा 'गोर्खा' भाषालाई 'नेपाली' भनी नामाकरण गराउने कार्य भएको इतिहास छ । वास्तवमा नेपाल राष्ट्रले राजाको स्वीकृतिमा आफ्नो देशको 'गोर्खा' भाषालाई पुनः नामकरण गरी 'नेपाली' भाषाको रूपमा स्वीकार गरेको हो। त्यसैको अनुकरण गर्दै कालान्तरमा भारतीय गोर्खाले पनि आफ्नो भाषालाई 'नेपाली' भाषा भन्न थालेको बुझिन्छ। केही उदाहरण स्वरूप विद्वान् सवाइकार उत्तर बङ्ग विश्वविद्यालयका नेपाली विभागका संस्थापक सदस्य तथा पूर्व प्राध्यापक पं. लक्ष्मीकान्त शर्मा 'कमलेश'को गोर्खा सवाईका दृष्टान्तहरू हेर्न सकिन्छ। सरस्वती साहित्य सदन, सिलगढीबाट २३ अगस्त, १९९० मा प्रकाशित यस पुस्तकका केही हरफ यहाँ अग्रसरण गरिन्छ -

पहाडदेखि मधेशसम्म गोर्खाको रजाईं
रहेछ अघि, त्यै हुन्छ अब, नसर बसाईं ।
भारतका गोर्खा हुन् भारतीय, नेपालका नेपाली,
नबुझी हुन्न यो सत्य कुरा, अज्ञान अफाली ।।

प्रस्तुत हरफमा सवाईकारले गोर्खा जातिले पहाडदेखि तराईका भूभागसम्म रजगज गरेर बसेको अनि नेपालका सन्दर्भमा नेपाली शब्दले राष्ट्रियता बोकेको र जातीयताका लागि भारतमा गोर्खा नाम प्रचलित रहेको तथ्य अग्रसरण गरेका छन् । गोर्खा नेपालको एउटा जिल्लाको नाम भए पनि भारतमा भने विश्वप्रसिद्ध सामरिक जाति-'गोर्खा' नामपदलाई नै आत्मसात् गरेको पाइन्छ ।

ईस्वी सन् उन्नाइसौं, बत्तीसमा भएको
गोर्खा भाषा नाम बद्‌ली नेपाली गरेको
इतिहास साक्षी बसी, आज पनि भन्छ,
देख्ने सुन्ने मान्छे अब, आँखा कान थुन्छ ॥

गोर्खा भाषाले बालकृष्ण समको अगुवाइमा १९३२ -मा मात्रै 'नेपाली' नामकरण गरीमागेको ऐतिहासिक साक्ष्यलाई कवितात्मक स्वरूप दिएर यहाँ सवाईकार 'गोर्खा' नाम कसरी नेपालका राजा श्री ५ महेन्द्रको लालमोहर पाएर 'नेपाली'मा रूपान्तरण भयो भन्ने तथ्य प्रस्तुत गर्दछन् ।

बद्‌लिएको भाषा नाम नेपाली हुनाले
नबुझेर गोर्खाले, नेपाली भन्न थाले ।
नेपाली हो नेपालको नागरिकता चोखो
यति पनि नबुझ्ने हो, अज्ञानको पोको ।।

नेपालमा राजाको छत्रछायामा बस्नेहरूले गोर्खा भाषालाई पुनःनामकरण गरी मागेर नेपाली नामलाई स्वीकारे । भारतमा नेपालका राजाबाट प्रत्यक्ष शासित नभएका गोर्खा जाति, जो तत्कालीन ब्रिटिस भारतका प्रत्यक्ष शासनबाट शासित थिए, -ले पनि नेपालको सांस्कृतिक परिचयलाई स्वतः स्वीकारेकै कारण राजाबाट उर्दी जारी भएर रूपान्तरण भएकै नामलाई थपक्क स्वीकारेको कुरा यी हरफबाट जान्न सकिन्छ । यसरी युगौंदेखि भारतका रैथानेका रूपमा बसेका गोर्खा जातिले पनि नेपालकै सिको गर्दै नेपाली भनी आफ्नो गोर्खा भाषालाई नेपाली स्वीकारेको पाइन्छ । नेपालमा भने राष्ट्रियताका सन्दर्भमा यो पदावली प्रयुक्त पाइन्छ भने भारतमा भाषिक परिप्रेक्ष्यमा यसको उपयोगिता बढी टड्कारो देखिन्छ । 'गोर्खा सवाई'मा गोर्खा जातिको उच्चताको वर्णन गरिएको पाइन्छ । पछिल्लो चरणमा गोर्खाल्याण्ड आन्दोलन र नेपाली भाषालाई भारतीय संविधानमा गाभ्न गरिएका सबै आन्दोलनको परिणतिस्वरूप 'नेपाली' पदावली नै भारतीय संविधानमा राखिएपछि गोर्खा भाषाको आधिकारिक नाम 'नेपाली भाषा' भनेरै भारतीय संविधानमा स्पष्ट लेखिएको पाइन्छ ।

पं. लक्ष्मीकान्त शर्माको अर्को कृति 'परिचय'ले पनि गोर्खा जातिको परिचयको

सङ्कटलाई सम्बोधन गरेको छ। यस्तै गोर्खा वाङ्मय, गोर्खा भाषा एक चिन्तन, गोर्खा अस्मिता र गोर्खा भाषानाम एक दृष्टि आदि लेखहरू पनि पठनीय देखिन्छन् ।

यस पुस्तकले हाम्रो भाषाको नाम गोर्खा भाषा हो, नेपाली होइन भन्ने सुवास घिसिङको उद्घोषलाई परिपुष्ट गरेको देखिन्छ । हामी गोर्खा हौं हाम्रो भाषाको नाम गोर्खा हो र राष्ट्रिय परिचय भारती भन्दै पं. लक्ष्मीकान्त शर्माज्यूले आफ्नो कृतिमा ऐतिहासिक साक्ष्य अघि सारेको देखिन्छ ।

भाषाको नाम 'नेपाली होइन गोर्खा हुनुपर्छ' भन्ने तर्क सुवास घिसिङले सर्वप्रथम सन् १९८७ मा अघि सारेको पाइन्छ । यसबेलासम्म नेपाली भाषाले भारतीय संविधानको आठौं अनुसूचीमा मान्यता पाउनुपर्छ भन्ने आधिकारिक माग गरेको ३१ वर्ष भइसकेको थियो भने दार्जिलिङका निम्ति सरकारी भाषा नेपाली हुनुपर्छ भन्ने माग उठेको (मोर्ले-मिन्टो सुधार १९०९ देखि) लगभग ७८ वर्ष भइसकेको थियो । यतिमात्र होइन, 'पश्चिम बङ्गाल सरकारी भाषा विधेयक-१९६१' अनुसार नेपाली भाषा दार्जिलिङ पहाडी तीन महकुमाको निम्ति सरकारी भाषा भएको पनि यसबेलासम्म २६ वर्ष बितिसकेको थियो । भारतमा नेपाली भाषाको माग र सङ्घर्षको यति लामो अवधिपछि २२ जुलाई १९८७ का दिन मात्रै गोरामुमो अध्यक्ष सुवास घिसिङले 'गोर्खा भाषा'- को आवाज उठाउँदै तत्कालीन प्रधानमन्त्री श्री राजीव गान्धीलाई पत्राचार गरेको थाहा पाइन्छ भनेर सुवास सोताङ आफ्ना लेखमा सुवास घिसिङको अडान स्पष्ट पार्छन् ।

हालै प्रकाशित 'इतिहासको बाङुली' मा कवि-समालोचक डा. राजेन्द्र भण्डारीले ऐतिहासिक कालमा पर्वते, पहाडी कुरा, खस कुरा, भाषा, गोर्खा भाषा भनिएको भाषालाई नेपाली भाषा नाउँ दिने र विश्वव्यापी स्वीकृति दिलाउने प्रथम श्रेय २५ मई १९२४ मा दार्जिलिङमा स्थापित नेपाली साहित्य सम्मेलनलाई दिएका छन् ।

सन् १९१२ मा पहिलो विश्वयुद्ध चरममा थियो । गोर्खाहरू पनि यो विश्वयुद्धमा समर्पित थिए । त्यसताका दार्जिलिङ सरकारी हाइ स्कुलमा पारितोषिक वितरण समारोहमा पारसमणि प्रधानले नेपाली भाषामा पनि एउटा कार्यक्रम प्रस्तुत गर्ने अनुमति मागे । उक्त कार्यक्रममा प्रधान अध्यापकको अनुमतिमा अङ्ग्रेजी, हिन्दी, बङ्ला, उर्दू अनि तिब्बती भाषाका साथै नेपाली कार्यक्रम पनि आयोजना भयो । त्यहाँ पारसमणिले वीर पत्नीको साहस आवृत्ति गरेर नेपाली भाषा अभियानको प्रथम नीव राखे ।

१९१६ -मा दार्जिलिङ सरकारी हाई स्कुलमा कलकत्ता विश्वविद्यालयका तत्कालीन उपकुलपति प्रो.सर्वाधिकारी समक्ष अन्य भाषा जस्तै नेपाली मातृभाषा

एउटा विषय पढ्न पाउनुपर्ने माग राख्दै दश कक्षामा पढिरहेका अन्य साथीसहित पारसमणि प्रधानले आवेदन चढाए ।

उपकुलपति यी विद्यार्थीहरूको भाषा प्रेम देखेर प्रभावित भई नेपाली मातृभाषा शिक्षाका लागि तीनवटा मानदण्ड पूरा गर्नुपर्ने सुझाउ दिए मानक व्याकरण, मानक शब्दकोश र मानक पत्रिका । तर त्यस समय यी सबै नेपाली भाषामा उपलब्ध थिएनन् । तर पारसमणि प्रधानले आफ्नो म्याट्रिक सकेपछि पनि यस कार्यका निम्ति लागि परेर चन्द्रिका पत्रिका १९१८ देखि प्रकाशित गराएर छवटा अङ्क कलकत्ता विश्वविद्यालयमा पुगेर उपकुलपतिकहाँ पुऱ्याए । यसपछि २४ जुलाई १९१८, मा नेपाली भर्नाकुलर म्याट्रिक, आइ.ए र बी.ए. मा लागु गरिने अधिसूचना जारी भयो ।

कलकत्ता विश्वविद्यालयको उक्त विद्वत्परिषद्मा बङ्गाली भाषी विद्वान् डा. सुनीतिकुमार चट्टोपाध्याय र डा. श्यामप्रसाद मुखोपाध्यायहरू सदस्य रहनुभएको थियो । खरसाङमा अवस्थित हरिप्रसाद थापा बर्माको प्रिन्टिङ प्रेस, खरसाङले पारसमणि प्रधानलाई चन्द्रिका निकाल्न सक्षम तुल्यायो ।

९ फरवरी १९१९ -मा भारतका पहिलो नेपाली शिक्षकका रूपमा पारसमणि प्रधान नियुक्त भए । कलकत्ता विश्वविद्यालयको अधिसूचनाको आधारमा कालेबुङको एसयुएमआई (स्कटिस युनिभर्सिटी मिसन इन्सच्टिट्युट)-बाट नेपाली विषयको शिक्षा पाठशालामा लागु गर्ने प्रक्रम थालियो । त्यहाँका शिक्षक पारसमणि प्रधानले अब छात्रोपयोगी नेपाली व्याकरण लेख्न थाले ।

पछि बङ्गालको डाइरेक्टर अब् पब्लिक इन्स्ट्रक्सन्सको अनुमोदनसहित म्याकमिलियन एन्ड को. -बाट उक्त पुस्तक १९२१ मा प्रकाशित भयो । पारसमणि प्रधानकै नेतृत्वमा र अथक प्रयासस्वरूप नेपाली भाषालाई पठन-पाठनको माध्यम भाषाका रूपमा मान्यता प्राप्त भएको थाहा पाइन्छ । १९३५ मा चौथो श्रेणीसम्म नेपाली माध्यमलाई सरकारी अनुमति प्राप्त भयो भने १९३७ मा मिडल क्लास अर्थात् छैठौं श्रेणीसम्म नेपाली माध्यम हुनसक्ने अनुमतिको अधिसूचना जारी भयो । बाध्यतावस सबै कक्षा र विषयका पाठ्यपुस्तक लेख्ने जिम्मेवारी पारसमणिले नै उठाउनुभयो । म्याकमिलन कम्पनीले नै छाप्ने जिम्मा लिए । पारसमणि प्रधानले बङ्ला भाषा माध्यमका असल पुस्तकहरूको नेपाली भाषामा रूपान्तरण गरे । ती पुस्तक हुन् - अनाथनाथ बसुको भूगोल पाठ, रायचौधरीको पृथ्वीको इतिहास, हेमेन्द्र कुमार सेनको प्रकृति परिचय, जे.सी. चक्रवर्तीको अङ्कगणित, मार्सडेनको भारतीय इतिहास आदि । यीबाहेक मौलिक कृतिका रूपमा नेपाली साहित्य भाग १-४, नेपाली सरल गणित १-४, प्राथमिक भूगोल र विज्ञान आदि पनि तयार गरे । पारसमणि

प्रधानले 'हिन्दी साहित्य समाज'को सिको गरी 'गोर्खा साहित्य समाज'को स्थापना गर्दै पुस्तकालय पनि स्थापना गरेर नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन्। त्यससमय प्रचलित नाम गोर्खालाई नै उनले आफ्नो संस्थाका नामका रूपमा स्वीकारेको देखिन्छ।

साहित्य साधनामा सक्रिय रहने पारसमणिले आफ्ना छोरा नगेन्द्रमणि प्रधानलाई द स्टुडेन्ट्स स्टान्डर्ड डिक्सनेरी (इङ्लिस-नेपाली) १९४८ -मा तयार पार्न लगाए। आफूले भने सातौं र आठौं श्रेणीका पाठ्यपुस्तक लेखनमा व्यस्त रहे। त्यस समय उनले हेमेन्द्र कुमार सेनको प्रकृति परिचय, बासु र लाहिरीको भूगोल पाठ, राय चौधरीको पृथ्वीको इतिहास, जे.सी. चक्रवर्तीको बीज गणित, हल एन्ड स्टेवेनको रेखा गणित, जे. फिनामोरको अङ्ग्रेज जातिको इतिहासको नेपाली रूपान्तरण गरेको थाहा लाग्दछ।

१ डिसम्बर १९४७, मा दार्जिलिङमा मणि प्रिन्टिङ प्रेसको स्थापना गरेर भारतीको प्रकाशन १९४९ देखि आरम्भ गरे। बाह्र वर्षसम्ममा यस पत्रिकाका १०८ वटा अङ्क प्रकाशित भएको थाहा पाइन्छ। यसैको आधारमा कलकत्ता विश्वविद्यालयले भारत स्वतन्त्र भइसकेको बेला १९५३ मा बङ्गालको शिक्षा विभागले म्याट्रिकसम्म नेपाली माध्यम स्वीकृत गर्दै अधिसूचना जारी गरेपछि नेपाली भाषामा भारतमा पठन-पाठन कक्षा दशसम्म स्वीकृति प्राप्त भयो।

नेपाली साहित्यलाई उत्तर बङ्ग विश्वविद्यालयअन्तर्गत १९७४ देखि नेपाली सम्मान र १९७७ देखि नेपाली एम.ए. आरम्भ भयो। १९८७ देखि विश्वविद्यालय अनुदान आयोगले नेपालीमा पनि नेट परिक्षा राख्नथाल्यो। मेरा गुरु प्रो. दिवाकर प्रधान, वर्तमानमा काशी हिन्दु विश्वविद्यालयका विभागाध्यक्ष पहिलो नेट शोधार्थी बन्नुभयो। यसरी पारसमणि प्रधानले आजीवन नेपाली भाषालाई शिशु श्रेणीदेखि विद्यावारिधि स्तरलगायत भारतीय संविधानसम्म पुऱ्याउन एकान्त साधना गरिरहनुभयो।

स्व. आनन्दसिंह थापा, देहरादूनबाट प्रकाशित हुने जाग्रत गोर्खा नामक पत्रिकाका सम्पादक हुन्। उनले आफ्ना साथीहरू वीरसिंह भण्डारी र नरेन्द्रसिंह राणासित मिलेर भारतीय गोर्खाहरूको हक अधिकार सुनिश्चित गराउन भारतीय संविधानको आठौं अनुसूचीमा गोर्खा भाषालाई अन्तर्भुक्त गर्न १८ जनवरी १९५६ मा स्वतन्त्र भारतका पहिलो राष्ट्रपति डा. राजेन्द्रप्रसाद शर्मा समक्ष ज्ञापनपत्र बुझाएर भाषा आन्दोलनको श्रीगणेश गरे। यसरी उनले भारतीय गोर्खा भाषा आन्दोलनमा पहिलो शान्तिपूर्ण गणतान्त्रिक सङ्घर्षको उद्घोष गरे। यो विस्तारै देहरादूनबाट सल्केर सिक्किम,

दार्जिलिङ, असम हुँदै सम्पूर्ण भारतमा सल्कियो ।

गणेशलाल सुब्बा र उनको नेतृत्वमा ३१ मार्च १९६१ मा दार्जिलिङ डिस्ट्रिक हिल पिपल लेङ्वेज इम्प्लिमेन्टेसन कमीटिको गठनको उद्देश्य नै कलकत्ता विश्वविद्यालयमा तीन वर्षे डिग्री कोर्सका रूपमा नेपाली भाषालाई अन्तर्भुक्त गर्न लगाउनु, नेपाली भाषालाई सरकारी भाषाको रूपमा मान्यता दिलाउनु अनि बी.सी. रोयले दार्जिलिङ जिल्लामा २० प्रतिशत मात्रै नेपाली भाषीहरू छन् भनिएको रिपोर्टको विरोध जनाउनु आदि रहेको देखिन्छ ।

१९६३ मा नेपाली साहित्य परिषद् स्थापना भएपछि इन्द्रबहादुर राई यसका अध्यक्ष भए । उनी भाषा आन्दोलनका अग्रपङ्क्तिका नेता हुन् । अखिल भारतीय नेपाली भाषा समितिको गठन १९७२ मा भएपछि इन्द्रबहादुर राई, कुमार प्रधान जस्ता थुप्रै बौद्धिक जमातले यसलाई महत्त्वपूर्ण सहयोग गरेर अघि बढायो । राई त पछि १९७८ दोस्रो अधिवेशनद्वारा यस समितिको राष्ट्रिय अध्यक्षका रूपमा निर्वाचित भएर कार्य गरे । उनले संवैधानिक मान्यता आकाङ्क्षी भारतीय भाषा समितिका पनि संयोजकका रूपमा कार्य गरेको थाहा लाग्दछ । मोरारजी देसाईले 'नेपाली भाषा विदेशी हो' भन्ने मन्तव्यको प्रतिकारस्वरूप राईले ताम्रपत्र प्रतीक र पाँच हजार रूपियाँको साहित्य अकादमी पुरस्कार अकादमीका अध्ययक्षलाई १ जुन १९७८ मा फर्काएको घटना स्मरणीय र ऐतिहासिक छ ।

साहित्य सम्मेलन नेपाली साहित्यको एउटा प्रमुख संस्था थियो । यसले साहित्य अकादमीमा आफ्नो भाषामा लेखिएका पुस्तकहरू बुझाएर नेपाली भाषालाई भारतीय प्रमुख भाषामध्ये चिनारी दिलाउने कार्य गर्‍यो । यसै क्रममा विभिन्न प्रान्तबाट भाषा सङ्ग्रामीहरू निरन्तर सङ्घर्षशील भए । त्यस समयका एकमात्र गोर्खा मुख्य मन्त्री सिक्किमका नरबहादुर भण्डारी र उनकी श्रीमती तथा तत्कालीन सांसद श्रीमती दिलकुमारी भण्डारीको नेतृत्वले एउटा सृजनशील भूमिका निर्वाह गरेको पाइन्छ । यसरी लोकसभाको टेबलमा भाषाको बील पुर्‍याएर ३०० जति सांसदहरूको सहयोगमा दिलकुमारी भण्डारीको नेतृत्वमा २० अगस्त १९९२ का दिन नेपाली भाषाले भारतीय संविधानमा मान्यता प्राप्त गरेको थियो । यसरी २०० वर्षभन्दा लामो सक्रिय इतिहास बोकेर भारत आमाको रक्षार्थ खटिने सहिदहरूको बलिदानलाई राष्ट्रले सम्मान गरेको दिन यो हो । भारतीय सपूतहरू -अडी बहादुर गुरुङ, ब्यारिस्टर हुन् र भारतीय संविधान निर्माण कमिटीका एकजना सदस्य थिए । भारतीय संविधानको ड्राफ्टिङ कमिटीका तीनसय सदस्यको नामावलीमा उनको पनि हस्ताक्षर छ ।

भाषा आन्दोलनताका महत्त्वपूर्ण योगदान दिने व्यक्तित्वहरूको नाम यहाँ

उल्लेखनीय ठानिन्छ - आनन्दसिंह थापा, रतनलाल ब्राह्मण (माइला बाजे), पारसमणि प्रधान, इन्द्रबहादुर राई, प्रेमकुमार आले, नरबहादुर भण्डारी, दिलकुमारी भण्डारी, आर.बी. राई, मायादेवी छेत्री, आनन्द पाठक, कुमार प्रधान, सी.के श्रेष्ठ, सानु लामा आदिका नाम अग्र पङ्क्तिमा लिन सकिन्छ । यीबाहेक हजारौँ बौद्धिक वर्गले नेपाली भाषालाई संवैधानिक मान्यता दिइनुपर्छ भनेर निरन्तर आफ्ना आफ्ना क्षेत्रबाट प्रयास गरेकै परिणतिस्वरूप अन्तमा भारतको संविधानले नेपाली भाषालाई मान्यता दिएको सत्य सर्वविदितै छ ।

कप्तान रामसिंह ठकुरीले राष्ट्रगानको सङ्गीत बनाएका हुन् । मेजर दुर्गा मल्ल आइएनए-का पहिलो गोर्खा सहिद हुन्, यिनलाई ब्रिटिस राज्यले झुण्ड्याएर मारे पनि वर्तमानमा यिनको सालिग भारतको संसद्‌भवन अघि उभिएर गोर्खाको वीरगाथा विश्वसामु प्रस्तुत गरिरहेकै छ । यस्तै हेलेन लेप्चा, सावित्री देवीप्रभृति गोर्खाली चेलीको वीरताको कथा भारतभूमीले कहिल्यै भुल्ने छैन ।

वर्तमान परिप्रेक्ष्यमा हेर्दा नेपाली भाषाले भारतका विभिन्न प्रान्तमा पठन-पाठनको अवस्थामा प्रवेश गरेको छ । यसमा महाविद्यावारिधिसम्मको शिक्षा प्राप्त गर्न सकिने स्थिति रहेको छ । यो भाषा सम्पर्कको भाषा हुनका साथै भारतीय गोर्खाको मान र गर्वको विषय बनेको छ ।

**सन्दर्भ-सूची**


एलेन सी. कैरन्स र अन्य, २०००, सिटिजनसिप डाइभरसिटी एन्ड प्लुरलिजम, क्यानाडा : म्याक गिल क्विन्स प्रेस ।

दिवाकर प्रधान, २०१३, कविताका कुरा, गान्तोक : जनपक्ष प्रकाशन ।

राजेन्द्र भण्डारी, अप्रेल २०१९, इतिहासको बाङुली, कालेबुङ : उपमा प्रकाशन ।

लक्ष्मीकान्त शर्मा, २३ अगस्त, १९९०, गोर्खाको सवाई, सिलगढीः सरस्वती साहित्य सदन ।

शिव प्रधान (प्र. सम्पा.) १९८४, डा. पारसमणि अभिनन्दन ग्रन्थ परिशिष्टाङ्क, सिक्किम : गान्तोक प्रकाशन ।

सुवास सोताङ, २०१६, भाषा आन्दोलन : इतिहास र उपलब्धि, दक्षिण सिक्किम : केवलप्रसाद शर्मा ।



**कटन विश्वविद्यालय**

# नेपालबाहिर नेपाली भाषा र साहित्यका गतिविधि



डा. लक्ष्मीकान्त पन्थी

## १. बोलचाल र प्रचार-प्रसार कहाँ कहाँ कसरी भयो ?

नेपाली भाषा भन्नेबित्तिकै यो नेपालमा बोलिने भाषा हो भन्ने सबैले अनुमान गरिहाल्छन् । नेपालीलाई लामो समयसम्म संविधानले नै नेपालको राष्ट्रभाषा भनेर तोकेको छ । नेपालभरि शिक्षा-दीक्षा, सञ्चार तथा सरकारी कार्यालयमा प्रयोग हुने र बोलिने भाषा नेपाली नै हो । त्यतिमात्र नभएर फरक फरक भाषा बोल्ने नेपालीहरू भेट भएभने उनीहरूले आपसमा नेपाली भाषामै सुखदुःखका कुरा गर्छन्, तर नेपाली भाषाको प्रयोग नेपालको सीमाभित्र मात्रै सीमित छैन । यो भाषा भारत, भूटान र बर्माका पनि लाखौं नेपालीहरूको मातृभाषा हो । अहिले त यो भाषा बिभिन्न अन्तर्राष्ट्रिय भाषामध्ये एक भएर निस्केको छ । संख्याको हिसाबले हेर्ने हो भने नेपालपछि सबैभन्दा बढी नेपाली भाषा बोल्ने मानिसको बसोबास भएको मुलुक भारत हो । अब हामी पनि भारततिर लागौं है त ।

भारतमा नेपाली भाषा बोल्न कहिलेदेखि थालियो यसको स्पष्ट अभिलेख छैन । अङ्ग्रेजसँगको युद्धमा पराजयपछि सुगौली सन्धिमार्फत नेपालको एक तिहाइभन्दा बढी भूभाग भारतमा गाभियो । ती भूभागमा बस्ने नेपालीहरू सीमा राजनीतिका कारण भारतीय बने तर तिनले नेपाली भाषालाई बिर्सेनन् । सिक्किम, दार्जिलिङ अहिले पनि यसको साक्षी बनेर रहेका छन् । उत्तराखण्ड, आसाम, हिमाचलप्रदेश मणिपुर, मेघालयजस्ता भारतीय राज्यमा पनि नेपालीको बाक्लो आबादी छ । यीबाहेक भारतका सबै प्रमुख शहरहरूमा पनि प्रशस्तै नेपालीभाषी छरिएर रहेका छन् । हुन त नेपालीभाषी भारतीयले आफ्नो पहिचान स्थापित गराउन लामो लडाइँ लड्नुपरेको थियो । अझ पनि त्यो लडाइँ टुँगिएको छैन । गोर्खाल्याण्ड आन्दोलन यसको एउटा उदाहरण हो ।

सबैभन्दा पहिले सन् १९५६ को जनवरी १८मा देहरादूनबाट प्रकाशित जाग्रत गोर्खा नामक पत्रिकाका सम्पादक आनन्दसिंह थापाले नेपाली भाषाले पनि संवैधानिक मान्यता पाउनुपर्ने माग उठाएका थिए । उनले भारतका राष्ट्रपतिलाई पत्र लेखेर

यो माग अघि सारेका थिए । त्यसपछि भारतीय गोर्खाहरूले भाषा आन्दोलनको दुन्दुभि मच्चाएका थिए । सन् १९७० मा दार्जिलिङमा अखिल भारतीय नेपाली भाषा समिति गठन भएपछि नेपाली आन्दोलन झनै चर्कियो । यो आन्दोलन झण्डै चार दशकसम्म चलिरह्यो । यस आन्दोलनमा सिक्किमका मुख्यमन्त्री नरबहादुर भण्डारी, सांसद रतनलाल ब्राह्मण, सांसद दिलकुमारी भण्डारी, गणेशलाल सुब्बा, भाषा अधिकारकर्मी तथा भारतीय बुद्धिजीवी महेन्द्र पी. लामालगायतको नेतृत्व रह्यो । रतनलाल ब्राह्मण तिनै व्यक्ति हुन् जसले भारतको संसदमा पहिलो पटक नेपाली भाषामा भाषण गरेका थिए । त्यो दिन थियो २८ जुन सन् १९७१ । उनले सांसद पदको शपथ नै नेपाली भाषामा लिन खोजेका थिए, तर दिइएन । यो अवसर पाउन नेपाली भाषा बोल्ने भारतीयले अरु २५ वर्ष कुर्नुपर्‍यो । एउटा समय यस्तो थियो भारतीय शासकहरू नेपाली भाषालाई विदेशी भाषा भन्थे । नेपाली भाषा बोल्ने भारतीयलाई विदेशी ठान्थे । उनीहरू नेपाली भाषालाई मान्यता दिने कुरा सोच्न पनि इन्कार गर्थे । नेपाली भाषा बोल्ने भारतीयलाई विदेशी ठान्थे । भारतका नेपाली भाषा अधिकारकर्मी महेन्द्र पी. लामाले उल्लेख गरेको एउटा सन्दर्भले नेपाली भाषाप्रति भारतीय शासकहरूको कस्तो रवैया थियो भन्ने प्रष्ट पार्छ । लामाले लेखेका छन् । सन् १९७०को दशकको अन्तिम तीन वर्षमा भारतमा जनता पार्टीको राजनीतिक शासनमा भारतीय गोर्खाहरू प्रधानमन्त्री मोरारजी देसाईलाई भेट्न जाँदा उनले तिमीहरूको भाषा विदेशी हो र भारतमा मान्यता पाउँदैन भनेपछि नेपाली भाषाका लागि अर्को महासंकट तेर्सियो । प्रधानमन्त्री देसाईको यस्तो अभद्र र अराजनीतिक आरोपले एउटा ठूलो तरङ्ग ल्यायो । भारतीय गोर्खाहरू भावनात्मक ढङ्गमा एक हुनपुगे । चारैतिर विरोध प्रदर्शन भयो । दार्जीलिङमा मोरारजी आउँदा कालो झण्डा र जुत्ता देखाई प्रदर्शन गरियो । भाषा आन्दोलन अझै चर्कियो । गोर्खाल्याण्ड राज्यको माग पनि अझै अघि बढ्यो । दार्जिलिङले नै दुबै विषयमा नेतृत्व लिए पनि आसाम, शिलाङ, नागाल्याण्ड, देहरादून, भाक्सु र सिक्किमका संघ-संस्था नागरिक समाजका सदस्य नेता, साहित्यिक समाज सबैले अति नै घतलाग्दो गरी दुबै आन्दोलनलाई सघाए र अघि बढाए । अन्ततः नेपालीभाषीको लामो संघर्षपछि भारतीय शासकले घुँडा टेक्नै पर्‍यो । उनीहरू लाचार भए । नेपाली भाषालाई भारतमा बोलिने भाषाको रूपमा संवैधानिक मान्यता दिन करै लाग्यो र सन् १९९२ को अगस्ट २० मा नेपाली भाषा भारतीय संविधानको आठौं अनुसूचीमा समावेश गरियो । त्यो नेपालीभाषी भारतीयहरूका लागि ऐतिहासिक दिन थियो । नेपाली भाषाले संवैधानिक मान्यता पाउनुअघि नै विभिन्न विश्वविद्यालयले नेपाली भाषामा एम्.ए सम्मको पढाइ सुरु गरिसकेका थिए । पछिल्लो समय भारतका

बिभिन्न राज्यमा नेपाली भाषा साहित्यको प्रारम्भिक कक्षादेखि पिएच्.डी. तहसम्ममा पठनपाठन हुन्छ। सिक्किम, पश्चिम बंगाललगायतका प्रान्तमा नेपाली भाषा सरकारी कामकाजको भाषासमेत बनेको छ। भारतको केन्द्रीय बैंक भारतीय रिजर्व बैंकले छाप्ने नोटहरूमा समेत नेपाली भाषालाई समावेश गरिएको छ। छनोटमा पन्ध्रवटा भाषामा यति रुपियाँको नोट भनेर उल्लेख गरिएको छ। तीमध्ये एउटा भाषा नेपाली भाषा पनि हो। भारतमा पछिल्लो पटक सन् २०११मा जनगणना भएको थियो। उक्त जनगणनाअनुसार भारतभर २८, ७१, ७४९जनाले नेपाली भाषालाई मातृभाषाको रूपमा प्रयोग गर्छन् किन्तु यथार्थमा भने पूर्व आसामतिर मात्रै नेपाली भाषाभाषीहरूको संख्या ३० लाख पुगिसकेको छ भन्ने थाहा भएको छ। यो कुल जनसंख्याको ०.२८ प्रतिशत हो। सन् १९९१को जनगणनामा नेपाली भाषा बोल्ने भारतीय ०.२५ प्रतिशत थिए। पछिल्ला अध्ययनहरूले ४१ लाखभन्दा बढी भारतीयले नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने गरेको देखाएका छन्।

यो भारतको कुल जनसंख्याको ०.४ प्रतिशत हुन आउँछ। नेपाली भाषा बोल्ने भारतीयको संख्या १ करोड पुगेको तथ्याङ्क पनि सार्वजनिक हुनेगरेको छ तर यसको पुष्टि भइसकेको छैन। जे होस् यी तथ्याङ्कले भारतमा नेपाली भाषा लोकप्रिय बन्दै गएको देखाउँछन्। भारतमा बोलिने तीन सयभन्दा बढी भाषामध्ये नेपाली भाषा सत्रौं स्थानमा आउँछ। भारतमा २९ प्रान्त तथा ६ केन्द्र शासित संघीय राज्य छन्। ती सबैमा नेपाली भाषा बोल्ने भारतीय रहेको त्यहाँको सन् २०११को जनगणनाले नै देखाएको छ। तीमध्ये पनि सबैभन्दा बढी नेपाली भाषा पश्चिम बंगालमा बोलिन्छ। त्यहाँका २६, १०, ००० भन्दा बढी जनसंख्याले नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्छन्। दोस्रो स्थानमा आउँछ आसाम। हामीले आसाम भनेर चिनिने यस प्रान्तमा ५, ७३, ००० भन्दा बढीले नेपाली भाषा बोल्छन्। तेस्रो स्थानमा रहेको सिक्किममा नेपाली भाषा बोल्ने भारतीयको संख्या ३४०७०० छ। उत्तर प्रदेशमा २, ६५, ००० र अरुणाचलमा नेपाली भाषा बोल्ने भारतीयको संख्या १ लाखभन्दा बढी छ। उत्तराखण्ड, दिल्ली, मेघालय, मणिपुर राज्य र हिमाचल प्रदेशमा पनि नेपाली भाषा बोल्नेको संख्या ५०, ००० भन्दा बढी छ। सबैभन्दा कम लक्षद्वीपमा ६ जना नेपालीभाषी रहेको भारत सरकारको तथ्याङ्क छ। यो त भयो भारतमा नेपाली भाषाभाषी जनसंख्याको मोटामोटी स्वरूप।

अब हामी भारतमा नेपाली भाषा र साहित्यको प्रकाशन एवम् प्रचार प्रसारको पनि खोजी गरौं है त ?

## २.नेपाली भाषा र साहित्यका प्रकाशन संस्थाहरू

नेपाली साहित्यको इतिहासमा नेपाली पुस्तकहरू र पत्रपत्रिकाको प्रकाशन नेपाल बाहिरबाटै सर्वप्रथम श्रीगणेश भएको थाहा पाइन्छ । भारतमा नेपालीहरू चारैतिर फैलिएर बसोबास गर्दै आएको इतिहास पनि २०० वर्षभन्दा बढी नै छ । गोर्खा राइफल्सको इतिहास पनि त्यसरी नै २०० वर्षभन्दा बढी नै भएको देखिन्छ । धेरैजसो नेपालीहरूका शिक्षा-दीक्षा र साहित्यिक क्रियाकलापहरू प्रायजसो काशीमा नै भएका हुनाले भारतमा नेपाली भाषा र साहित्य प्रकाशनको प्रमुख केन्द्र नै काशी रहेको छ जसलाई वर्तमानमा बनारस भनिन्छ । यसरी नै आफ्ना बाजे श्रीकृष्ण आचार्य वृद्धावस्थामा काशीवास गर्न आउँदा हाम्रा जातीय एवं आदिकवि भानुभक्त आचार्यले पनि १६ वर्षको उमेरमा काशीमा आएर विद्या आर्जन गरेका थिए । झन् मोतीराम भट्ट त पाँच वर्षकै उमेरमा आफ्नै आमाबाबुसँग काशी आएर फारसी स्कूलमा भर्ना भएर उनले उर्दू, संस्कृत तथा फारसी भाषाको अध्ययन गरेका थिए । उनी नेपाली साहित्यका प्रथम गद्यकारको रूपमा मात्र परिचित नभएर नेपाली भाषा साहित्य, पत्रकारिता र कविता प्रकाशनको सूत्रपात गराउने प्रथम व्यक्ति नै उनी थिए । यहीं बसेर उनले रामकृष्ण वर्माको सहयोगमा भारत जीवन प्रेस स्थापना गरे । अनि गोर्खा भारत जीवन पत्रिकाको प्रकाशन गरे । अनि सन् १८८४ मा उनले भानुभक्त आचार्यको बालकाण्ड रामायणलाई र सन् १८८७मा सम्पूर्ण रामायण प्रकाशित गरेका थिए ।

यसरी प्रथमकालीन नेपाली साहित्यको उठानमा काशीको ठूलो र महत्त्वपूर्ण योगदान रहेको देखिन्छ । यता गोर्खा फौजको स्थापना र प्रथम नेपाली व्याकरणको कथा इस्ट इन्डिया कम्पनी र नेपाल माझको युद्धमा गोर्खाहरूको अतुलनीय बहादुरी अनुशासन नूनको सोझोपन आदि देखेर उनीहरूलाई अङ्ग्रेजहरूले आफ्नो पल्टनमा सामेल गर्ने विचार गरे । सुगौली सन्धिपछि अङ्ग्रेजहरूले पहिलोपल्ट गोर्खा बटालियन खडा गरी यसमा गोर्खा जवानहरूलाई भर्ना गर्न थाले । भाषाको समस्या अङ्ग्रेजहरू र गोर्खाहरूमाझ उत्पन्न भयो र अब उपरान्त अङ्ग्रेज सैनिक र अफिसरहरूले नेपाली भाषा सिक्नु नै पर्ने भयो । भाषाको तात्कालिक समस्यालाई केही मात्रामा भए पनि सुल्झाउन कलकत्ता फोर्ट विलियम कलेजका अरबी र फारसी भाषाका सहप्राध्यापक लेफ्टिनेन्ट जे.ए. एटनले सन् १८२० सम्ममा एउटा व्याकरणको पुस्तक (अ ग्रामर अफ दि नेपलीज ल्याङ्वेज) प्रकाशनमा ल्याए । सन् १८२१मा बाइबलको नेपालीमा अनुवाद प्रकाशित भयो । १९०१ देखि पादरी गंगाप्रसाद प्रधानले गोर्खे खबर कागत मासिक रूपमा प्रकाशन गरे । यो पत्रिका नेपालको गोरखापत्रभन्दा केही महिनाले

जेठो थियो । यसको प्रकाशन १९३२ सम्म चल्यो । पादरी गंगाप्रसाद प्रधानको यस गोर्खे खबर कागतले सम्पूर्ण नेपाली पत्रकारिताको इतिहासमा मोतीराम भट्टको गोर्खा भारतजीवनपछि दोस्रो स्थान ओगटेको छ। सन् १९०१ मा गंगाप्रसाद प्रधानले स्कटिस मिसन अर्फनेज प्रेस किन्नेबित्तिकै यसको नाम पनि गोर्खेप्रेस भन्ने राखे । अनि यसै वर्षदेखि आफ्नो पत्रिकाको नाम पनि गोर्खे खबरकागत राखे र यसै प्रेसबाट यसका मुद्रण र प्रकाशन सुरु गरे । उनका अन्य सबै पुस्तकहरू पनि उनले यसै प्रेसबाट छापेर निकालेका हुन् । यसैगरी सन् १९१८को जनवरी महिनादेखि सुरु भएर पारसमणि प्रधानको सम्पादनमा खर्साङको हरिसिंह प्रेसबाट मासिक पत्रिकाको प्रकाशन सुरु भयो ।

यसभन्दा अघि उपन्यासतरङ्गिणी मासिक सन् १९०२ बनारस, सुन्दरी मासिक सन् १९०६ बनारस, माधवी मासिक सन् १९०८ बनारस, गोर्खा सन् १९१२ कलकत्ता, चन्द्र मासिक सन् १९१४ बनारस, गोर्खाली साप्ताहिक सन् १९१५ बनारसको ठूलो योगदान छ। यसैगरी देहरादूनबाट प्रकाशित गोर्खा संसार मासिक नोभेम्बर १९२६ देखि १९२९ सम्म ठाकुरचन्दन सिंहको सम्पादन र प्रकाशनमा नरेन्द्रविक्रम आदि पनि संलग्न थिए । तरुण गोर्खा सन् १९२८ देखि ठाकुरचन्दन सिंहकै सम्पादनमा देहरादूनबाट प्रकाशित भएको थियो । १९३७को फरवरीदेखि काशीबाट काशीबहादुर श्रेष्ठको सम्पादनमा उदय मासिक पत्रिका १९६८ सम्म ३१ वर्षसम्म चलेको थियो । त्यसबेला हिन्दी र नेपाली साहित्यका समानरूपले कलम चलाइराखेका गोपालसिंह नेपालीले पनि केही समयको लागि उदयको सम्पादन भार सम्हालेका थिए। पछि काशीबहादुर श्रेष्ठकै सुपुत्र दुर्गाप्रसाद श्रेष्ठले उदय पत्रिका आजपर्यन्त प्रकाशित गरिराखेका छन् ।

युगवाणीको प्रकाशन राजनीतिक कारणले बनारस बसेका बेलामा महाकवि लक्ष्मीप्रसाद देवकोटाले सम्पादन गरेको यो पत्रिका सन् १९४७ देखि प्रकाशित भयो। भारती सन् १९४२ मा दार्जीलिङबाट प्रकाशित पत्रिकाको सम्पादक पारसमणि प्रधान थिए। गोर्खा सन् १९४७ देखि कालिम्पोङबाट कवि रामकृष्ण शर्माको सम्पादनमा प्रकाशित यो साप्ताहिक पत्रिका गोर्खाली नामक राजनीतिक दलको मुखपत्र भए तापनि दार्जीलिङ भेगबाट नेपाली साहित्य भाषा र सांस्कृतिक चेतनाको विकासमा यसको योगदान ठूलो र महत्त्वपूर्ण रहेको छ । यसअघि सन् १९२४मा दार्जीलिङमा स्थापित नेपाली साहित्य सम्मेलनको मुखपत्रको रूपमा १९३१ देखि १९३७ सम्म प्रकाशित यस पत्रिकाका सम्पादक पद्मप्रसाद प्रधान थिए। पछि यो पत्रिका दियालो नामले प्रकाशित भइरहेको छ । सन् १९७८ देखि स्रष्टाको भूमिका उल्लेखनीय रहेको छ । केदार

गुरुङ, र उपमान बस्नेतले स्रष्टालाई नियमितता र उत्तरोत्तर विकासशील स्तरीयता प्रदान गरेका छन् । अर्कोतिर साहित्यका विविध विधामा लेख्नेहरूलाई प्रोत्साहन दिने उद्देश्यले स्रष्टा पुरस्कारको पनि स्थापना गरे । अर्को महत्त्वपूर्ण पत्रिका प्रकृया पनि कवि वीरभद्र कार्कीको एक्लो परिश्रमको परिणामस्वरूप आजसम्म प्रकाशित भइरहेको छ । जोरबङ्गला दार्जीलिङबाट वैंशालु पत्रिका १९७२ बाट जम्मा ९९ अङ्कसम्म प्रकाशित भयो । जसमा केही विशेषाङ्कहरू जस्तै नारीअङ्क, बालअङ्क, सिक्किम अङ्क, विकलाङ्ग अङ्क, जी छिरीङजस्ता विशेषाङ्क, प्रकाश कोविद विशेषाङ्क लगायत हाँस्य व्यंग्य पत्रिकाको २०७ अङ्कसम्म प्रकाशित लगायत शरद् क्षेत्रीका साहित्य एकेडेमी पुरस्कृत कृति चक्रव्यूह र अन्य कृतिहरूको प्रकाशन गरेर लेखकहरूलाई आवश्यक मञ्च प्रदान गरिरहेको वैंशालु प्रकाशन र वैंशालु पत्रिकाको भूमिका र योगदान उल्लेखनीय छ ।

विशेष गरी १९४७मा भारत स्वतन्त्र भएपछि प्रकाशनका इतिहासमा नौलो जोश र उमङ्ग देखा पर्‍यो । सन् १९५० देखि नै दार्जीलिङमा साहित्यप्रेमी राई बन्धुहरू जुर्मुराएर उठे । कविर पुस्तकालयका तर्फबाट शमशेर राईजस्ता कर्मठ साहित्यप्रेमीले नेपाली कथासङ्ग्रह निकाले । हाइमनदास राई, डा. भूपद्दास राई, पि.बि दास राई, पि.एन् राईजस्ता भाषाप्रेमी र साहित्यप्रेमीहरूको सक्रिय नेतृत्वमा नवयुग नेपाली पुस्तक मन्दिरको स्थापना गरी भारतीय नेपालीहरूले प्रकाशनको क्षेत्रमा देखाएको नौलो प्रयास एक अविस्मरणीय घटना थियो । डाक्टर इन्द्रबहादुर राई, असीत राई, अच्छा राई रसिक, किराँत भोगदास राई, बि.बि रानाजस्ता साहित्यकारहरूलाई नेपाली साहित्यकाशमा चिनाउने प्रयास यसै संस्थाले गर्‍यो ।

यसपछि प्रकाशनको क्षेत्रमा सप्तकोशी प्रकाशन, डि.पि.एण्ड एस.पी उपासक साइकिल स्टोरको नामले प्रचलित उक्त उपासकको उक्त दोकान पछि कालिम्पोङको उपन्यास प्रकाशन संस्थानको रूपमा देखा पर्‍यो । १९८० पछि सागर प्रकाशन, उपासक प्रकाशनले प्रशस्त उपन्यासको प्रकाशन गरेर नेपाली उपन्यासलाई साहित्यमा नवोदित उपन्यासकारहरूलाई उकास्ने प्रयास उपासक परिवारले गरेको थियो । यसैबीच पारसमणि प्रधानले पी.एम् प्रधान एण्ड सन्स पुस्तक प्रकाशन तथा बिक्रेता नाउँमा पनि परिवारका अनेकौं पुस्तकहरू छापिँदै आएको कुरा पनि कालिम्पोङको साहित्यले बिर्सने छैन । भाग्यलक्ष्मी प्रकाशनको नाउँबाट पनि प्रधानका अनेकौं पुस्तकहरू छापिए । मणि प्रिन्टिङ प्रेसको स्थापनाले कालिम्पोङको साहित्यिक जागरणमा नौलो अध्याय थपेको थियो । कालिम्पोङ साहित्य प्रकाशनको क्षेत्रमा नेपाली साहित्य

अध्ययन समितिको नाउँ बडो महत्त्वपूर्ण र उल्लेखनीय छ। १९८२ सम्म देखापरेका कालिम्पोङका उल्लेखनीय प्रकाशन संस्थाहरू यसप्रकार छन्:

नवयुग नेपाली पुस्तक मन्दिर, नेपाली साहित्य प्रसार परिषद्, डी.पी उपासक एण्ड सन्स, पी.एम् प्रधान एण्ड सन्स, काशीनाथ एण्ड सन्स, उपासक प्रकाशन, सुनील ब्रदर्श, भाग्यलक्ष्मी प्रकाशन, सप्तकोशी प्रकाशन, नेपाली साहित्य अध्ययन समिति, नेपाली साहित्य संसार, सागर प्रकाशन, लक्ष्मी प्रकाशन, पद्मकला प्रकाशन । हिजोआज उपमा प्रकाशनले पनि धेरै पुस्तकहरू प्रकाशन गरेका छन् ।

सिक्किम एकेडेमीले नेपाली भुटिया लेप्चा, लिम्बू, राई, मगर, तामाङ, गुरुङ, नेवार, मुखिया, शेर्पा भाषा आदिको संरक्षणलगायत विभिन्न साहित्यिक, सांस्कृतिक कला एवम् परम्पराको रक्षालगायत कृतिहरूको प्रकाशन गर्ने गरेको छ। आकाशदीप प्रकाशनले १ दर्जन कृतिहरूको प्रकाशक अद्यतन साहित्य सिक्किमको पहिलो साहित्यिक संस्थान एवम् कृतिहरूको प्रकाशक, दार्जीलिङका ख्यातिप्राप्त प्रकाशन संस्थानहरू परमानन्द प्रकाशनले नेपाली क्यालेन्डर, धार्मिक ग्रन्थहरूको प्रकाशन सिधै ३ दर्जन जति सुवास घिसिङ, प्रकाश कोविद, गोविन्द शर्माजस्ता साहित्यकारहरूको कृतिको पहिलो प्रकाशक अनि ८० वर्षभन्दा अघिदेखि प्रत्येक वर्ष लगातार भानुभक्त क्यालेण्डरको प्रकाशन गर्दै आएको छ। श्रीराज प्रकाशन अहिलेसम्मकै उत्कृष्ट र आधुनिक व्याकरणका पुस्तकहरूलगायत पाठ्यपुस्तक र साहित्यिक कृतिहरूको लागि ३०० भन्दा बढी प्रकाशित गरेका छन् ।

गोर्खा पुस्तक सदन, राज्य गोर्खाल्याण्ड दर्पण, गोर्खा वाङ्मय रेडियो गोर्खाल्याण्डजस्ता ऐतिहासिक ग्रन्थहरूको सम्पादन र प्रकाशन र वितरण गरेर गोर्खा अस्मिता र गोर्खाल्याण्ड आन्दोलनलाई दरिलो टेवा पुऱ्याउने संस्था हो । श्याम प्रकाशनले २००० भन्दा बढी पाठ्यपुस्तकहरू र साहित्यिक कृतिहरू प्रकाशन गरेको छ। नेपाली साहित्य सञ्चालक भारतीय नेपाली साहित्य जगत्‌मा गृह पुस्तकालय परियोजनाको थालनी गरेर नेपाल भूटानसम्मै साहित्यिक पुस्तकहरू उपलब्ध गराउने पहिलो प्रकाशक एवम् संस्था रमेश बन्धु प्रकाशनसङ्ग्रह १ दर्जनभन्दा धेरै पाठ्यपुस्तक र साहित्यक कृतिहरूको प्रकाशक नेपाली साहित्य प्रचार समिति सिलगुडी दुई दर्जनभन्दा बढी साहित्यिक कृतिलगायत साहित्यिक पत्रिकाहरूको सम्पादन एवम् प्रकाशन, यो प्रकाशन सिलगुडी सन् १९७३/७४ तिरै सिलगुडीबाटै साहित्यिक कृतिहरूको प्रकाशन सुरु गरेर इतिहास कायम गर्ने प्रकाशन संस्थान त्यसरी नै साझा पुस्तक प्रकाशनले पाठ्यपुस्तकलाई प्राथमिकता दिएर साहित्यिक कृतिहरू

पनि प्रकाशन गर्ने संस्थान नेपाली एकेडेमी राज्य सरकारको प्रकाशन गृह र साहित्यिक संस्था, नेपाली प्रकाशनको इतिहासमा द मिरिक प्रेसको पनि महत्त्वपूर्ण भूमिका रहिआएको छ। पछि यही प्रेस दार्जीलिङमा सरुवा भएर आएपछि जीवनज्योति प्रेस नामले प्रसिद्ध भयो जसले कृष्ण साहित्यलगायत धेरै महत्त्वपूर्ण नेपाली साहित्यका किताबहरू प्रकाशित गरेका छन्। दिल्लीबाट प्रकाशित प्रथम नेपाली भाषिक समाचार संवाद सञ्जाल सन् १९९३ ललिता क्षेत्रीको सम्पादनमा देखियो । युएसएसआर दूतावासअन्तर्गत सोभियत भूमि पनि अरविन्द रिमाल र शिवप्रसाद उपाध्यायको प्रयासले पाँच वर्षसम्म दिल्लीबाट नै छापिएको थियो। पछि यो काठमाडौँमा सरुवा भयो। त्यसरी नै मर्मज्ञ आरती थापाको सम्पादन र विष्णुबहादुर गुरुङको सहयोगमा केही अङ्क छापियो। त्यसअघि बिजुवा डाइजेष्ट सुमनराज तिम्सिना र एस डी. ढकालले संयुक्त सम्पादनमा केही अङ्क प्रकाशित गरे।

साहित्य एकेडेमी र राष्ट्रिय पुस्तक वैज्ञानिक शब्दावली आयोगबाट पनि नेपाली पुस्तकहरू र कोषहरू प्रकाशित भइरहेका छन्। यसरी नै अखिल भारतीय नेपाली भाषा समितिले प्रकाशित गरेका ठाकुर चन्दन सिंह र उनको योगदान भारतीय नेपाली कथासङ्ग्रह र कवितासङ्ग्रह अस्तित्वको खोजी र हाम्रो भाषा समसामायिक। देहरादूनबाट भूपेन्द्र अधिकारीद्वारा सम्पादित सिक्किमका अन्य प्रकाशन संस्थानहरू गान्तोक प्रकाशन, आँकुरा प्रकाशन, भाई बन्धु प्रकाशन, आजको विचार, सिक्किम प्रकाशन, १९७३ देखि निर्माण प्रकाशन, नेपाली साहित्य परिषद् जनपक्ष प्रकाशन १९८५ देखि साप्ताहिक, समाचारपत्र, विभिन्न समसामयिक विशेषाङ्कहरूलगायत २५०० भन्दा ज्यादा प्रकाशन। यसरी प्रायजसो भारतको विभिन्न स्थानहरूबाट जहानेर वर्षौंदेखि नेपालीहरू बसोबास गर्दै आएका छन् त्यहाँनेर नेपाली प्रकाशन कुनै न कुनै रूपमा भई आइरहेको छ।

पूर्वाञ्चलको सबैभन्दा पुरानो नेपाली प्रकाशक लामुलिङबाट के.बी.नेपालीको बिन्दु प्रकाशन, बिन्दु प्रिन्टिङ प्रेस नामक आफ्नै छापाखानाबाट धेरै पुस्तकहरूलगायत बिन्दु पत्रिका नियमित रूपले प्रकाशित भइरहेको छ। बोधकुमारी स्मृति प्रकाशन, गोहाटीको अनुराग प्रकाशन पहिले हाम्रोध्वनि प्रत्रिकाका सम्पादक श्री अनुराग प्रधानकै स्मृतिमा खोले र त्यसरी नै मणिपुर, मेघालय, मिजोरम, नागाल्याण्डमा नेपाली प्रकाशनको छुट्टै इतिहास छ। यो त भयो सिक्किम दार्जीलिङतिर चलेका नेपाली भाषासाहित्यसम्बन्धी प्रकाशन संस्थाहरूको संक्षिप्त विवरण।

अब नेपाली साहित्यको विकासमा बनारसको योगदानलाई छुट्टै हेर्नुपर्ने स्थिति

पनि हाम्रा अगाडि टड्कारोसँग देखिन्छ।

## ३. नेपाली साहित्यको विकासमा बनारसको योगदान

### सारांश

प्रस्तुत शीर्षकमा नेपाली साहित्य के हो ? त्यसको विकास कसरी भयो ? भन्ने कुराका साथै बनारस के हो ? नेपाली साहित्यका विकासमा बनारसको भूमिका र योगदान के कति रहेको छ भन्ने विषयमा विस्तृत चर्चा गरिएको छ। उक्त चर्चामा माध्यमिक कालका अग्रणी कवि मोतीराम भट्टको समयदेखि बनारसमा खुलेका र चलेका विभिन्न छापाखाना एवं त्यहाँबाट प्रकाशित पुस्तक, पत्र, पत्रिका आदि गतिविधिहरूको जानकारी दिइएको छ।

### उपक्रम

'नेपाली साहित्य' भन्नाले नेपाल देशमा रहे बसेका नेपाली भाषाभाषी जन समाजले बोलचाल गर्ने गरेको भाषामा समृद्ध साहित्य भन्ने बुझिन आउँछ। साथै नेपाल देशबाहिर बस्ने गरेका प्रवासी नेपाली अथवा नेपाली भाषाभाषी भारतीय वा अन्य देशमा रहे बसेका नेपालीहरूले बोलचाल गर्ने गरेको नेपाली भाषा-साहित्य पनि बुझ्नु पर्ने हुनआउँछ। साहित्य के हो त ? भन्ने मनमा सोच्दा (यो लेख्दा लेख्दै) मेरो मनमा आएको भावलाई संस्कृतमा एउटा कवितामा यसरी उल्लेख गरेको छु।

**किमेतत् साहित्यं सहितवचनं भावभरितम्**
**गुणालङ्कराढ्यं सरससरलं दोषरहितम्।**
**सरीतिं सद्वृत्तिं प्रियवचनसाम्यं सुमधुरम्**
**परिष्कारो वाचां श्रुतिसुखकरं सूक्तिभिरलम्।।**

हालसम्म नेपाली साहित्यको १००० वर्षभन्दा लामो इतिहास र परम्परा रहेको पाइन्छ। यो इतिहासभित्र नेपाली साहित्यको विकास यात्राका अनेक मोडहरू रहेका देखिन्छन्। तीमध्ये नेपाली साहित्यको विकासमा बनारसको भूमिका र योगदान विषयमा चर्चा गर्नु यस लेखको अभीष्ट हो।

### पृष्ठभूमि

'बनारस' भन्नाले पहिले स्वतन्त्र 'काशी' राज्य भनेर चिनिएको बनारस अथवा वाराणसी जो प्राचीन विद्याको केन्द्रका रूपमा चिनिँदै आएको प्रसिद्ध छ। अहिले काशी आधुनिक शिक्षाका दृष्टिले पनि महत्त्वपूर्ण मानिएको छ। विश्वनाथको मन्दिर

भएको र भागीरथी गङ्गाको किनारमा रहेको काशीनगरी, धार्मिक ऐतिहासिक एवं मुक्तिप्रदायक क्षेत्रका रूपमा महत्त्वपूर्ण छ। आनन्दवन, महाश्मसान, त्रिकण्टकविराजित एवं अविमुक्तिक्षेत्रजस्ता नामहरूले प्रसिद्ध यस क्षेत्रको धार्मिक एवं सांस्कृतिक दृष्टिले भारतवर्षका अन्य क्षेत्रहरूको तुलनामा पृथक् महत्त्व रहेको छ । जसरी इस्लाम धर्मावलम्बी मुसलमानहरूका लागि मक्का मदिनाको महत्त्व छ त्यसैगरी हिन्दुधर्मावलम्बी सनातनीहरूको लागी बनारस वा काशी पापनाशक अविमुक्तिक्षेत्रका रूपमा प्रसिद्ध छ। 'वाराणस्यां तनुं त्यजेत्' भन्ने शास्त्रीय वचन अनुसार मुमुक्षुजनहरू आफ्नो अन्तिम अवस्थामा देहत्याग गर्नका लागि पनि काशीवासलाई महत्त्व दिएर यहाँ बस्ने गर्दछन् ।

'बनारस' क्षेत्रका उत्तर र दक्षिणमा बग्ने गरेका साना नदी वरुणा र असीका बीचको भागमा पर्ने पञ्चकोशी अर्थात् पाँचकोशको भूभाग नै वास्तविक रूपमा बनारस हो । यसको पनि वरणासी, वाराणसी अथवा बनारस नामहरू छन् । दिवंगत पितृहरूलाई पिण्डपानी (अर्थात् श्राद्ध तर्पण) गर्नुपर्ने स्थानका रूपमा पनि बनारस प्रसिद्ध तीर्थस्थल मानिन्छ।

यस्तो प्रसिद्ध तीर्थस्थलमा नेपालबाट आएर बस्ने र पढेर विद्या आर्जन गर्ने, साहित्यिक, राजनीतिक गतिविधिहरू अगाडि बढाउने वा साहित्य साधना गर्ने, तीर्थाटन अर्थात् स्नान दान आदि धर्म कर्म एवं विश्वनाथको दर्शनका लागि बस्ने गरेको नेपालीहरूको परम्परा निकै पुरानो छ। २५०० वर्ष अगाडिका सिद्धार्थ गौतमले पनि बोध गयामा बुद्धत्व प्राप्त गरेपछि बनारसको सारनाथ क्षेत्रमा आएर सर्वप्रथम चार जना शिष्यहरूलाई ज्ञानोपदेश गरेका थिए। बुद्धबाट ज्ञान प्राप्त गरेका ती शिष्यहरूले बनारसबाटै बुद्धधर्म एवं दर्शनको उपदेश भनौं वा प्रचार गरेका थिए। यस दृष्टिले पनि बनारसको महत्त्व बढाएको छ। सारनाथ क्षेत्रमा अहिले पनि बुद्ध धर्म एवं दर्शनका अध्येता वा जिज्ञासु नेपाली लामाहरू आउने, बस्ने र पढ्ने गरिरहेका छन् । यसैगरी बनारसमा अवस्थित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, काशी हिन्दुविश्वविद्यालय जस्ता शैक्षिक संस्थानहरूमा आएर प्राचीन संस्कृतविद्या एवं आधुनिक वैज्ञानिक टेक्निकल विद्या आर्जन गरेर जाने नेपाली विद्यार्थीहरूको परम्परा अद्यावधि कायमै छ।

**विषय प्रवेश**

यसरी बनारसमा शिक्षा लिने र नेपाल फर्कने विद्यार्थीहरूको परम्परालाई हेर्दा नेपाली साहित्यको माध्यमिक काल भनौं अथवा शृङ्गारिक धाराका अग्रणी पुरुष कवि मोतीराम भट्ट (१९२३-१९५३) पनि आफ्नो विद्यार्थी अवस्थामा विद्याआर्जन

गर्नका लागि बनारसमा आएका थिए । त्यसै अवधिमा यहाँ भारतेन्दु हरिश्चन्द्रद्वारा आधुनिक हिन्दी भाषाको प्रचारप्रसार आन्दोलन चलिरहेको स्थितिमा मोतीराम जस्ता सचेत व्यक्ति प्रभावित हुनु स्वाभाविक देखिन्छ । यस क्रममा मोतीराम भट्टको भारतेन्दु हरिश्चन्द्रसँग चिनजान हुनु, बसउठ हुनु र एकले अर्काको भाषिक एवं साहित्यिक नव जागरणको काममा सहयोग पुऱ्याउने गरेका हुँदा मोतीराम भट्टको पनि आफ्नो मनमा लागेको नेपाली भाषा साहित्यको उन्नति गर्ने इच्छामा मलजल पुगेको देखिन्छ ।

यस कार्यलाई अघि बढाउनका लागि सर्वप्रथम वि.सं. १९३६/३७ तिर मोतीराम भट्टले बनारसका रामकृष्ण वर्मा भन्ने व्यक्तिसँग मिलेर उनले खोलेको भारतजीवन प्रेसबाट नेपाली भाषा साहित्यसम्बन्धी पाठ्यसामाग्री लेख्ने र छपाउनेसमेत गरेका थिए । रामकृष्ण बर्माले पनि मोतीराम भट्टलाई उक्त प्रेसको म्यानेजर बनाएका थिए ।

## विवरण

### १. गोर्खा भारत जीवन

'गोर्खा भारत जीवन' नामको नेपाली पत्रिका वि.सं. १९३७ देखि प्रकाशित हुन लागेको हो । यस पत्रिकाको प्रकाशनमा मोतीराम भट्टको पूर्ण संलग्नता रहेको भए पनि भारत जीवन प्रेसका व्यवस्थापक रामकृष्ण बर्माको सहयोग र सद्भाव प्राप्त भएको हुनाले नेपाली साहित्यको विकासमा बनारसको भूमिका र योगदानको प्रारम्भ विन्दु पनि यसैलाई मान्नुपर्दछ ।

कवि मोतीराम भट्टले बनारसमा बसेको बेला यहाँ पढ्न आएका अन्य नेपाली विद्यार्थीहरूलाई पनि जम्मा गरेर नेपाली साहित्यको उन्नति र विकाससम्बन्धी चेतना जगाउने, कविता लेख्न सिकाउने, समस्या पूर्ति गराउने जस्ता काम पनि गरेका थिए । यसै समयमा नेपालमा गएको बेला काठमाडौंभन्दा पश्चिम पहाडभित्र पसेर तनहूँसम्म पुगी भानुभक्त आचार्यको रामायणको खोजी पनि मोतीराम भट्टले गरेको कुरा नेपाली साहित्यको इतिहासमा अंकित छ ।

'गोर्खा भारत जीवन' पत्रिका अहिले फेला पार्न नसकिए पनि शोधार्थी डा. दामोदर ढकालको विद्यावारिधि शोधप्रबन्धको परिशिष्टमा प्रस्तुत गरिएको यस पत्रिकाको फोटोकपीसम्म देख्न सकिन्छ । यो पत्रिका वि.सं १९३८ देखि लगातार प्रकाशित भएको थियो । उक्त पत्रिकाबाहेक अन्य गोर्खा समाचारपत्र, गोर्खा तथा श्रीमद्भगवदगीतासमेत यसै प्रेसबाट छापिएका थिए । तर ती सामाग्रीहरू अहिले अप्राप्त हुनाले विवरण दिन सकिएन । वि.सं. १९६० तिर मेदिनीप्रसाद रेग्मीद्वारा

लिखित ज्ञानभङ्गतरङ्गिणी नामको नाटक पनि यही भारत जीवन प्रेसबाट छापिएको थियो ।

## २. गोर्खा पुस्तकालय

यो वि.सं १९३७ तिर पुस्तक विक्री-वितरण गर्नका लागि देवराज लामिछाने र डमरुवल्लभ पोखेल मिलेर चलाइएको थियो । यस पुस्तकालयबाट स्वस्थानी व्रतकथा, चौरपञ्चाशिका, पार्वण श्राद्धविधि आदि पुस्तकहरू छपाउने र प्रचारप्रसार गर्ने गरिएको थियो । यस पुस्तकालयले नेपाली भाषाको प्रचार प्रसार एवं नेपालीहरूलाई साहित्य अध्ययन गराउनमा प्रेरित गरेको देखिन्छ ।

## ३. गोर्खा यन्त्रालय

यो वि.सं १९४४ तिर गोर्खा पुस्तकालय छोडेर डमरुवल्लभद्वारा खोलिएको छापाखाना हो । यस छापाखानाले रघुनाथ पोखेलको सुन्दरकाण्ड रामायणजस्तो ग्रन्थ छापेर नेपाली साहित्यको विकास र प्रचारमा महत्त्वपूर्ण कार्य गरेको थियो

## ४.विश्वराज हरिहरशर्मा

यो वि.सं. १९४४ तिरै उक्त नामका व्यक्तिहरूद्वारा खोलिएको प्रकाशन संस्था हो । यी दुबैले गोर्खा पुस्तकालयलाई लिएर यो संस्था खोलेका हुन् । यसैबाट भानुभक्तको रामायण छापिएको र प्रचार प्रसार एवं विक्री वितरण गरिएको थियो । सर्वप्रथम आधुनिक नाटकीय भाषा र शैलीमा लप्टन पहलमानसिंह स्वाँरद्वारा लिखित 'अटलबहादुर' नाटक वि.सं. १९६२ माघमा यसैसंस्थाबाट छापिएर प्रकाशमा आएको हो ।

## ५. सर्वहितैषी कम्पनी

यो वि.सं. १९४८ पछि विश्वराज हरिहरशर्मालाई नै सर्वहितैषी कम्पनीका रूपमा परिणत गराएर राधोराम नामधारी व्यक्तिले खोलेको प्रकाशन संस्था हो । पछि वि.सं. १९७९मा सर्वप्रथम महिला प्रकाशिका मोतीदेवीका नामबाट सर्वहितैषी नामको पत्रिका यसै कम्पनीबाट छापिएको थियो ।

## ६. पुण्यप्रसादको फर्म

यो वि.सं. १९५५ तिर पद्मप्रसाद उपाध्यायले खोलेको नेपाली र संस्कृत पुस्तकहरूको प्रकाशन र विक्री वितरण गर्ने उद्देश्य भएको संस्था भए पनि यसका संस्थापक एवं मुख्य व्यक्ति पुण्यप्रसादको असामयिक निधन भएकोले लामो समयसम्म

रहेर उद्देश्य अनुरूप कार्य गर्न नसकेको बुझिन्छ।

### ७. रामप्रसाद बर्मा महाकाली औषधालय

यो रामप्रसाद बर्माले वि.सं. १९५५ तिर वा त्योभन्दा पछि आफ्नै नामबाट महाकाली औषधालयसँग जोडेर खोलेको पुस्तक प्रकाशन र औषधिको व्यापार गर्ने उद्देश्य लिएको संस्था हो। तर यसले पनि दीर्घकालीन रूपमा सेवा पुऱ्याउन सकेन।

### ८. सुब्बा होमनाथ केदारनाथ हितैषी कम्पनी

यो वि.सं. १९५७ तिर खतिवडा थर भएका सुब्बा होमनाथ र केदारनाथ नामका दुई भाइ मिलेर खोलेको प्रकाशन संस्था हो। यसबाट रामायण (आठैकाण्ड), महाभारत (दशाश्वमेघपर्वसहित) एवं देवीभागवतजस्ता बृहद् ग्रन्थहरू नेपालीमा अनुवाद गरी छपाएर प्रकाशमा ल्याइएको थियो। यसबाट धेरै पछिसम्म धेरै कृतिहरू छपाउने र प्रचार-प्रसार एवं बिक्री वितरण गर्ने काम चलिरहेको थियो।

### ९. प्रभाकरी छापाखाना

यो सदाशिव शर्मा र हरिहर आदि मिलेर वि.सं. १९५८/५९ तिर स्थापना गरेको संस्था हो। यसैबाट पछि १९६५ तिर माधवी पत्रिका छापिएको थियो।

### १० उपन्यास तरङ्गिणी

यो एस.एल शर्माको सम्पादनमा वि.सं. १९५९ श्रावण महिनामा उपन्यास विधालाई धारावाहिक रूपमा प्रकाशन गर्ने उद्देश्य लिएर छापिएको पत्रिका हो। कुन प्रेसबाट छापिएको थियो भन्ने जानकारी पाउन नसकिए पनि पछि अर्थाभावले गर्दा यो पत्रिकाको प्रकाशन धेरै लामो समयसम्म रहेन।

### ११. सूक्तिसुधा

यो वि.सं. १९६१/६२ तिर भवानीप्रसाद शर्माको प्रकाशकत्वमा साहित्यिक कविताहरू प्रकाशन गर्ने उद्देश्यले संचालन गरिएको पत्रिका हो। यसमा नेपालबाट पढ्न आएका संस्कृत पढ्ने विद्यार्थीहरूका संस्कृत एवं नेपाली कविताहरू प्रकाशित छन्। संस्कृत भाषामा लेखिएका गद्य एवं पद्य रचनाहरूलाई महत्त्व दिएर प्रकाशन गर्ने यस पत्रिकाको आफ्नै महत्त्व छ तापनि आर्थिक समस्याले गर्दा हुनसक्छ यो पत्रिका ३ अङ्क मात्र निस्केर पछि बन्द भएको बुझिन्छ।

### १२. सुन्दरी

वि.सं. १९६३ सालको असार महिनादेखि गङ्गाधर शर्माको प्रबन्धकत्व एवं

रसिक समाजको सक्रियतामा यो पत्रिका निस्कन लागेको थियो । यो मासिक पत्रिका हो । यसले व्याकरणलाई सबैभन्दा पहिलो पटक महत्त्व दिएको छ । त्यस्तै, यसले विशेष गरेर नेपालीमा कविता एवं समस्यापूर्ति छापेर नेपाली विद्यार्थीहरूलाई प्रोत्साहित गरेको देखिन्छ । पछि विशेष कारणले गर्दा १ वर्ष ३ महिनापछि यो पत्रिकाको प्रकाशन बन्द हुनगयो तापनि नेपाली भाषा साहित्यको विकासमा यसको महत्त्वपूर्ण स्थान रहेको छ । पं. वीरेन्द्रकेसरी अर्ज्यालको केसरी नामको नेपाली व्याकरण पनि सुन्दरी पत्रिकामा प्रकाशित भएको थियो भन्ने बुझिएको छ ।

### १३. माधवी

राममणि आ.दी.को मातृप्रसाद अधिकारी भन्ने छद्मनामद्वारा सम्पादित माधवी पत्रिका वि.सं. १९६५ कार्तिक पूर्णिमाका दिन प्रकाशित भएको हो । यस पत्रिकाले हलन्त बहिष्कारको आन्दोलन चलाएर नेपाली भाषको विशेष गरी लेखन प्रक्रियामा सुधार ल्याउन ठूलो प्रयास गरेको हो । यसले नेपाली कविताबाहेक गद्य साहित्यको प्रकाशनलाई महत्त्व दिएकोले यसबाट धेरैलाई नेपालीमा लेख्ने प्रेरणासमेत मिलेको थियो । यस पत्रिकाका जम्मा ८ अङ्कहरू प्रकाशित भएपछि यो बन्द भयो ।

### १४. चन्द्र

यो मासिक पत्रिकाको रूपमा माधोप्रसादको सम्पादनमा वि.सं. १९७१ देखि निस्केको हो । यसका १२ अङ्कसम्म प्रकाशित भए । यस पत्रिकाले महिला कवयित्री सुकेशी र श्रीमती अनसूयाका कविताहरू छापेर नारी साहित्य कविहरूलाई प्रोत्साहित गरेको छ । नारी कवयित्रीका प्रथम रचना प्रकाशित गर्ने पत्रिकामा यसको ऐतिहासिक महत्त्व रहेको छ । यस पत्रिकाले नेपाली भाषा साहित्यको उन्नतिमा यथेष्ट टेवा पुऱ्याएको देखिन्छ ।

### १५. गोर्खाली

यो माधवप्रसाद रेग्मीद्वारा मुद्रित वि.सं. १९७२ आश्विन ११ गतेदेखि प्रकाशित बनारसको पहिलो साप्ताहिक पत्रिका हो । यो निरङ्कुश राणाशासनका विरोधमा राजनीतिक, सामाजिक र जातिगत जागरण र सुधारको भावना अंगालेर निस्केको पत्रिका हो । ५९ अङ्कसम्म प्रकाशित यस पत्रिकालाई आर्थिक राहुले डसेको हुँदा प्रकाशन बन्द भयो । नेपाली समाजमा जागरण ल्याउनमा यस पत्रिकाको महत्त्वपूर्ण योगदान रहेको छ । यस पत्रिकामा शम्भुप्रसाद ढुंगेलद्वारा अनूदित शाकुन्तल नाटक पनि धारावाहिक रूपमा छापिएको थियो ।

## १६. काशीनाथ नरेन्द्रनाथ

वि.सं. १९७२ तिर नरेन्द्रनाथ रिमालले यो प्रकाशन संस्था खोलेका हुन् । यसबाट नरेन्द्रनाथ रिमालको महाभारत अठारै पर्व र युरोपीय महाभारत भन्ने पुस्तक छापिएको थियो ।

## १७. माधवप्रसाद शर्माको प्रकाशन

यो माधवप्रसाद शर्मा रेग्मीले वि.सं. १९७६ तिर खोलेको संस्था हो । यसबाट पनि नेपाली भाषा साहित्यका र धर्मकर्मका पुस्तकहरू छापिएका छन् ।

## १८. हिमालयन प्रेस

मणिसिंह गुरुङ (पछि सिलाङ् निवासी) ले खोलेको यो प्रेसबाट वि.सं. १९७६ को रामनवमीमा दार्जीलिङका पारसमणि प्रधानद्वारा लिखित 'सुन्दरकुमार' नाटक प्रकाशित भएको हो । दार्जीलिङका प्रकाशित नेपाली नाटकमा पहिलो यही नाटक हो ।

## १९. जन्मभूमि

यो पत्रिका सूर्यविक्रम ज्ञवालीको सम्पादकत्व एवं रामचन्द्र अधिकारीको प्रकाशकत्वमा वि.सं. १९७९ ज्येष्ठ १ गतेबाट प्रकाशित भएको हो । वर्ष १ संख्या ३ सम्म प्रकाशित यस पत्रिकाले जातीय जागरण र समाजसुधारको अपेक्षा राखेको देखिन्छ । यस पत्रिकामा प्रकाशित धरणीधर कोइरालाको नैवेद्य कविताको समालोचनासम्बन्धी लेख विशेष महत्त्वको छ ।

## २०. राजभक्ति

शम्भुप्रसाद ढुङ्गेलको सम्पादकत्व र राधेश्याम शीतलाप्रसादका व्यवस्थापकत्वमा यो साप्ताहिक पत्रिकाका रूपमा प्रकाशित भएको हो । गद्य, पद्य र समाचारसमेत प्रकाशन गर्ने यस पत्रिकामा आशुकवि शम्भुप्रसाद ढुङ्गेलको चमत्कारिक लेखन, सौन्दर्यपूर्ण कविताको प्रस्तुति महत्त्वपूर्ण र आकर्षकरूपमा प्रकाशित भएको देखिन्छ । यसको प्रकाशन वि.सं. १९८५ चैत्र १८ गतेदेखि भएको हो ।

## २१. उदय

यो वि, सं, १९९३ साल माघदेखि काशीबहादुर श्रेष्ठको सम्पादकत्वमा प्रकाशित हुँदै आएको मासिक पत्रिका हो । यो पत्रिका बीचमा केही समय बन्द भए तापनि

पछि काशीबहादुरकै छोरा दुर्गाप्रसाद श्रेष्ठको सम्पादकत्व र प्रकाशतत्वमा हाल ८८ वर्षसम्म २६० अङ्कसम्म प्रकाशित भैरहेको छ। यो निरन्तर अघि बढेको छ। यस पत्रिकामा भारत र नेपालका समेत नेपाली भाषा साहित्यका लेखकहरूलाई समेट्ने प्रयास भैरहेको छ। यसले पनि नेपाली भाषासाहित्यको विकासमा योगदान पुऱ्याइरहेको देखिन्छ।

## २२. धर्मदूत

यो वि.सं. १९९३ देखि भिक्षु धर्मरत्नको सम्पादनमा हिन्दी भाषामा निस्कने गरेको मासिक पत्रिका हो। यसले नेपाली र नेवारी भाषाका लेखहरू छापेर नेपाली भाषा-साहित्यको विकासमा टेवा पुऱ्याएको देखिन्छ। हिन्दी पत्रिका भएर पनि नेपाली र नेवारी भाषालाई यथोचित स्थान दिएर प्रकाशन गर्ने पत्रिकामा यसको ठूलो स्थान रहेको देखिन्छ।

## २३. यशोदा पुस्तकालय

खोटाङबाट आएका बालकृष्ण आचार्यले १९९३ सालतिर खोलेको यो प्रकाशनसंस्थाबाट सर्वप्रथम पञ्चाङ्गलगायत धार्मिक आचार विचार, नैतिक उपदेश र कर्मकाण्डका धेरै पुस्तकहरू प्रकाशित भएका छन् र प्रचार-प्रसार पनि गरिएका छन्। बालकृष्ण आचार्यले विद्विच्छिरोमणि कुलचन्द्र गौतमद्वारा नेपाली भाषामा लिखित टीकासहितको अमरकोष पनि छपाएर प्रकाशनमा ल्याएका थिए।

## २४. नेपाली सौभाग्य पुस्तकालय

यो वि.सं. १९९७ सालतिर टीकादत्त धिताल भन्ने व्यक्तिले खोलेको प्रकाशन संस्था हो। यसले पनि धेरै नेपाली पुस्तक प्रकाशित गरेको छ। टीकादत्तले बनारसमा आएको बेला लक्ष्मीप्रसाद देवकोटालाई कविता लेख्न लगाएर आफूले छपाउने गरेका थिए भन्ने पनि बुझिन आएको छ।

## २५. सर्वहितैषी

यो बनारसबाट निस्किएका पत्रिकाहरूमा महिला प्रकाशिका भएको प्रथम पत्रिका हो। यसका सम्पादक छविकान्त आचार्य र प्रकाशिका मोतीदेवी हुन्। तेजबहादुर गुभाजूको प्रबन्धकत्वमा सर्वहितैषी कम्पनीबाट प्रकाशित यस पत्रिकाको ऐतिहासिक महत्त्व छ। किनकि यिनै मोतीदेवीले पहिले वि.सं. १९७९मा सर्वप्रथम यो पत्रिकाको प्रकाशन प्रारम्भ गरेकी थिइन्। पहिले यसका संचालक विश्वराज हरिहर शर्मा थिए भने अहिले सम्पादकमा छविकान्त आचार्य रहेका छन्।

## २६. युगवाणी

यो पत्रिका वि.सं. २००४ सालको माघ महिनादेखि प्रकाशित हुन लागेको हो । यसका प्रकाशकमा भट्टराई बन्धु रहेका छन् । यो लक्ष्मीप्रसाद देवकोटा, नारायणप्रसाद उपाध्याय, बालचन्द्र शर्मा र कृष्णप्रसाद उपाध्याय (भट्टराई)का सम्पादकत्वमा चलेको साप्ताहिक रूपमा प्रकाशित पत्रिका हो । गान्धी अङ्कसमेत निकालेको यस पत्रिकामा ईश्वर बराल, विश्वेश्वरप्रसाद कोइराला, उदयराज शास्त्री, देवेन्द्रप्रसाद उपाध्याय, धरणीधर कोइराला आदि प्रबुद्ध व्यक्तिहरूका सामाजिक, राजनीतिक र साहित्यिक रचनाहरू समय समयमा प्रकाशित भए । यस पत्रिकाको निरन्तर प्रकाशनमा लक्ष्मीप्रसाद देवकोटाको सृजनात्मक भूमिका रहेको छ । युगवाणी पत्रिका २००४ साल माघदेखि क्रमशः २००९ साल मंसिर महिनासम्म वर्ष ६ अङ्क १० सम्म प्रकाशित भयो र बन्द भयो । १० वर्षपछि फेरि २०१९ सालको फागुनदेखि बटुकप्रसाद उपाध्यायका सम्पादनमा युगवाणी प्रकाशित हुन थाल्यो र ५ अङ्कसम्म छापिएर बन्द भयो । राजनीतिक चेतना जगाउने काममा युगवाणी सबैभन्दा अग्रगण्य छ ।

## २७. नेपाली छात्र संघ ⁄ छात्र

काशी हिन्दु विश्वविद्यालयमा अध्ययन गर्ने नेपाली विद्यार्थीहरूको सक्रियतामा दाङ्का भरतमणि शर्मा र झापाका तेजबहादुर प्रसाईको सम्पादनमा वि.सं. २००७ सालदेखि यो 'छात्र' नामको पत्रिकाको प्रकाशन हुन लागेको हो । यो पत्रिकाको पहिलो अङ्कमा काशी हिन्दु विश्वविद्यालय 'नेपाली छात्रसंघ' भन्ने नाम छ भने दोस्रो अङ्कदेखि 'छात्र' नामबाटै प्रकाशित छ । यस पत्रिकाका अन्य सम्पादकहरूमा तोत्रराज पाण्डे, (नेपाल चेयरका प्राध्यापक) रोहिणीराज शर्मा, दुर्गाबहादुर बर्मा, कृष्णप्रसाद आदि छन् । यो पत्रिका क्रमशः वर्ष ११ संख्या ५ सम्म प्रकाशित छ । यस पत्रिकाले पनि साहित्यका अतिरिक्त राजनीति, दर्शन, ज्ञानविज्ञान आदि क्षेत्रमा योगदान पुऱ्याएको देखिन्छ ।

## २८.जनयुग

यो वि.सं. २००९ साल वैशाख १ गतेदेखि चिन्तामणि ज्ञवालीको सम्पादन र भवानी घिमिरेको प्रकाशनमा प्रकाशित पत्रिका हो । विशेष गरी प्रगतिवादी साहित्यलाई अघि सार्ने उद्देश्यले प्रगतिशील विद्यार्थीहरूको समूहले यसलाई प्रकाशन गर्न लागेको हो । यो पत्रिका जनवादी साहित्यका हिसाबले बनारसबाट निस्कने पत्रिकाहरूमा पहिलो प्रयास हो । वर्ष १ संख्या ११ सम्म यसको प्रकाशन भएको थियो । त्यसपछि यो बन्द भयो ।

२९. **गोर्खा वस्तुभण्डार**

यो वि.सं. २०१२ सालमा ललितजङ्ग सिजापतिले खोलेको संस्था हो । यसबाट 'आमा' भन्ने मासिक पत्रिका २०१४ सालदेखि २०२१ सालसम्म प्रकाशित भयो । यस संस्थाबाट अरू पनि प्रशस्त नेपाली पुस्तकहरू प्रकाशित भएका छन् ।

३०. **छात्रवाणी**

यो अखिल बनारस नेपाली छात्रसंघको वार्षिक मुखपत्र हो । यो पत्रिका २०१२ सालदेखि २०१६ सालसम्ममा जम्मा ५ अङ्क छापिएर बन्द भयो । यस पत्रिकाका विभिन्न अङ्कका सम्पादकहरूमा कोषराज शर्मा, देवमणि ढकाल, शान्तनु पन्त, बालकृष्ण रूपावासी, वीरेन्द्र खुजेली, माधव भण्डारी, दुर्गाप्रसाद श्रेष्ठ, हरिनाथ बाँस्तोला, पद्मराज, सरोज र पासाङ गोपर्मा आदि थिए । यस पत्रिकाले सामाजिक चेतना र जागृतिका स्वरहरूलाई अघि सारेको थियो । नेपाली भाषा र साहित्यको विकासमा यस पत्रिकाको स्थान महत्त्वपूर्ण रहेको देखिन्छ ।

३१. **छात्रदूत**

यो नेपाली संस्कृत छात्रपरिषद् वाराणसीको वार्षिक मुखपत्रका रूपमा २०१२ सालदेखि प्रकाशित हुन लागेको हो । यस पत्रिकाले नेपाली भाषाप्रति विशेष चासो देखाएको बुझिन्छ । यसमा पुराना नेपाली शब्द र नेपालको विभिन्न क्षेत्रका स्थानीय शब्द भण्डारलाई अगाडि सार्ने र प्रकाशनमा ल्याउने भावना रहेको देखिन्छ । यस्तो भावनालाई भाषिक विकासका अभियानमा गहकिलो पाइला मान्नुपर्दछ। खासगरी यस पत्रिकाले झर्रोवादी आन्दोलन प्रारम्भ गरेको र विशेष महत्त्व दिएको बुझिन्छ। नेपाली भाषालाई प्रबल, समृद्ध एवं व्यापक र सर्वजनसंवेद्य बनाउने उद्देश्यले यस पत्रिकाले गरेको काम भाषिक सुधारका सन्दर्भमा विशेष महत्त्वपूर्ण मान्न सकिन्छ ।

३२. **नौलो पाइलो**

यो पत्रिका पनि २०१३ सालदेखि जन-सांस्कृतिक समाजका प्रमुख कोषराज रेग्मीको प्रकाशकत्वमा ४ अङ्कसम्म प्रकाशित भयो । यो वस्तुवादी दृष्टि राख्ने, सामाजिक असमानता र अन्योलको अन्त्य गरी स्वस्थ, सबल, एवं न्यायपूर्ण र गतिशील जनसमाजको जग बसाल्ने अभिप्राय बोकेको भाषिक आन्दोलन मूल उद्देश्य भएको महत्त्वपूर्ण पत्रिका हो । छात्रदूत पत्रिकाले अघि सारेको झर्रोवादी आन्दोलनलाई

यसले थप गतिशील बनाउने काम गऱ्यो । नेपाली भाषामाथि अङ्ग्रेजी र संस्कृतका पण्डितहरूले गरेको आक्रमण र थिचोमिचोबाट जोगाउँदै नेपाली चोखा, झर्रा, ठेट शब्दलाई प्रयोगमा ल्याई नेपाली भाषालाई समृद्ध बनाउन नौलो पाइलो पत्रिका र यसका सम्पादक, प्रकाशक एवं लेखकहरूले राम्रो कदम चालेका थिए । नौलो पाइलोका नौला कदमहरू नेपाली भाषाका मौलिक गुण, प्रकृति र विशेषताहरूलाई थप परिमार्जन परिष्कारसहित प्रस्फुटन गर्न र समृद्ध बनाउने काममा महत्त्वपूर्ण रहेका थिए ।

### ३३. सन्देश

यो दाङ छात्रमण्डल वाराणसीको वार्षिक मुखपत्रका रूपमा वि.सं. २०१३ सालदेखि २०२८ सालसम्ममा जम्मा १३ अङ्क प्रकाशित भएको पत्रिका हो । यस पत्रिकाका सम्पादकहरू अङ्कै पिच्छे फेरिएका छन् र ती यिनै हुन् - शिवराज गौतम, कृष्ण रेग्मी, एकराज शर्मा, दिनमणि भण्डारी, कविराज शर्मा, लोकमणि आचार्य, खगराज न्यौपाने आदि । यस पत्रिकाले प्रगतिशील विचार भएका साहित्यिक रचनाहरूलाई प्रश्रय दिने, राष्ट्रिय जागरण फैलाउने काम गरेको देखिन्छ ।

### ३४. दीपक

यो नारायणप्रसाद उपाध्यायको सम्पादकत्वमा वि.सं. २०१३ वैशाखदेखि प्रकाशित भएको मासिक पत्रिका हो । यो जम्मा चार वर्षसम्म चलेको देखिन्छ । यसमा धर्म-संस्कृति प्रधान रचनाहरूका साथै सामाजिक चेतना जगाउने खालका लेखरचनाहरू पनि प्रकाशित छन् ।

### ३५. ज्योति

यो विद्या धर्मप्रचारिणी समिति बनारसबाट कुलचन्द्र गौतम र धरणीधर कोइरालाको सम्पादनमा वि.सं. २०१४ सालदेखि प्रकाशित भएको हो । यसमा धर्म, संस्कृति, भाषा र सामाजिक कुराहरूलाई प्रकाशन गरिएको देखिन्छ ।

### ३६. अखिल नेपाली शिवपुस्तकालय

यो चन्द्रप्रसाद घिमिरेले २०१५ सालमा खोलेको प्रकाशन संस्था हो । यसले धार्मिक स्तुतिहरू एवं गाउँघरका कथा सङ्ग्रहजस्ता नेपाली पुस्तकहरू छपाउने र प्रचार गर्ने गरेको भए पनि धेरै समयसम्म टिक्न सकेन ।

### ३७. मुनो

यो बनारसमा बस्ने गरेका पाल्पाली विद्यार्थीहरूले ईश्वरीप्रसाद आचार्यको

सम्पादकत्वमा वि.सं. २०१५ सालमा निकालेको पाल्पाली कविहरूका कविताको सङ्ग्रह हो । यसले कविता लेख्न चाहने तत्कालीन पाल्पाली विद्यार्थी कविहरूलाई उत्साहित बनाएको देखिन्छ ।

### ३८. उजेली

यो पनि पाल्पाली विद्यार्थीहरूले मुनोको नाम फेरेर त्यसको सट्टामा निकालेको कविताप्रधान पत्रिका हो । पद्मनाथ शर्मा र शिवप्रसाद भट्टराईको सम्पादनमा वि.सं. २०१६ सालदेखि निस्केको उजेलीका १३ अङ्कसम्म प्रकाशित भए । यसले पाल्पाली कविहरूलाई कविता लेख्नमा प्रोत्साहन दिएको थियो । यसमा पद्मनाथ शर्मा, शोभाकान्त नेपाल, विष्णु कोपिला, रामप्रसाद भट्टराई, प्रेमचन्द्र पौडेल र विश्वनाथ वासिष्ठहरूका कवितात्मक रचना प्रकाशित छन् ।

### ३९. विश्व नेपाली संघको बुलेटिन

यो रामजी उपाध्याय खतिवडाको सभापतित्वमा बनारसमा खडा भएको 'विश्व नेपाली संघको बुलेटिन' भन्ने नामको पत्रिका हो । २०१५ सालमा निस्केको यस बुलेटिनले विश्वभरि छरिएर बसेका नेपालीहरूलाई एउटै सांस्कृतिक एकताको सूत्रमा गाँस्ने सन्देश दिएको छ । तर फेरि यसको अर्को अङ्क देखिएन ।

### ४०. कोपिला

यो काशी हिन्दु विश्वविद्यालय, वसन्तकन्या महाविद्यालय बनारसमा नेपालका विभिन्न गाउँ ठाउँबाट आएर अध्ययन गर्ने छात्राहरूको प्रयासबाट सरिता ढकालको सम्पादनमा वि.सं. २०१७ सालको वसन्त ऋतुमा प्रकाशित भएको पत्रिका हो । छात्राहरूको सक्रियता र सम्पादनमा प्रकाशित भएको हुनाले यस पत्रिकाको ऐतिहासिक महत्त्व देखिन्छ । यो पत्रिका २०१८ सालसम्म निस्केर त्यसपछि बन्द भयो ।

### ४१. शारदा सदन

यो वि.सं. २०१७ सालमा बलराम धितालले खोलेको प्रकाशनसंस्था नेपाली भाषा साहित्य र कर्मकाण्डका पुस्तकहरू छापेर २ वर्षसम्म प्रचार गरेपछि यो संस्था त्यत्तिकै सेलायो ।

### ४२. प्रवासीबन्धु कम्पनी

यो पुरुषोत्तम सिग्देलले वि.सं. २०१८ सालमा खोलेको प्रकाशनसंस्था नेपाली

भाषा साहित्य र कर्मकाण्डका पुस्तकहरू छापेर २ वर्ष सम्म प्रचार गरेपछि यो संस्था त्यत्तिकै सेलायो ।

### ४३. प्रदीप

यो कपिलवस्तु जिल्लाबाट आएर बनारसमा पढ्न बसेका उत्साही युवक विष्णुराज आत्रेय (लाटो साथी) को सक्रियता र सम्पादनमा वि.सं. २०१७ सालमा निस्केको पत्रिका हो । बनारसबाट निस्केका नेपाली पत्रिकाहरूको लहरमा यसले आफ्नो इतिहास कायम राखे पनि अर्को वर्ष निस्कन सकेन ।

### ४४. गौतम

अघिल्लो वर्ष 'प्रदीप' पत्रिकाको सम्पादन गरेका लाटो साथी विष्णुराज आत्रेयलाई कपिलवस्तुका अन्य बुद्धिजीवीहरूले नाम फेर्न लगाएका हुनाले फेरि २०१८ सालमा प्रदीपको सट्टामा 'गौतम' भन्ने पत्रिका छापियो । किन्तु अर्थाभावका कारणले गर्दा यो पनि अर्को वर्षदेखि हरायो । यसका सम्पादक विष्णुराज आत्रेय नै (लाटोसाथी) हुन् ।

### ४५. छात्रप्रभा

यो नेपाली छात्रपरिषद् वाराणसीको मुखपत्रका रूपमा प्रकाशित पत्रिका हो । यो वि.सं. २०१८ सालदेखि २०२२ सालसम्म चलेको थियो । यसका प्रधानसम्पादक तेजप्रसाद शर्मा र अन्य सम्पादकहरूमा जगत्बन्धु शर्मा, माधवबहादुर, धनेश्वर, विष्णुप्रसाद, विश्वनाथ भट्टराई, खेमराज पण्डित, भीष्मराज शर्मा आदि हुन् । यस पत्रिकाले साहित्यिक एवं सांस्कृतिक चेतना जगाउने खालका रचनाहरूको प्रकाशनलाई विशेष महत्त्व दिएको देखिन्छ । महाकवि देवकोटाको रचनालाई समेत प्रकाशनमा ल्याएर यस पत्रिकाले साहित्यिक गतिविधिलाई अघि बढाउने काम गरेको थियो ।

### ४६. छात्रपथ

यो नेपाली छात्रपरिषद् बनारसबाट २०१७-१८ तिर संयुक्ताङ्कका रूपमा एकपटक देखापरेको हो । यसका सम्पादकहरूमा भेषराज शर्मा, विष्णुप्रसाद शर्मा आदि छन् ।

### ४७. आमा

यो कुमारी अम्बिका सिजापति एम्.ए.को सम्पादन र प्रकाशनमा वि.सं. २०१८

सालको असोजबाट वर्ष ५ अङ्क ९ सम्म प्रकाशित भएको साहित्यिक पत्रिका हो । यस पत्रिकामा नारीजागरणको स्वर, नेपाली संस्कृतिको महत्त्व र साहित्यिक एवं सामाजिक जागरणलाई विशेष स्थान दिइएको पाइन्छ । उच्च कक्षा पढेकी नारीको सक्रियता र सम्पादनमा प्रकाशित भएको यस पत्रिकाको ऐतिहासिक महत्त्व विशेष देखिन्छ ।

## ४८. कल्याणी

यो पश्चिम ४ नं. छात्रामण्डल वाराणसीद्वारा वि.सं. २०१९ सालदेखि वार्षिक मुखपत्रका रूपमा प्रकाशित कविता प्रधान पत्रिका हो । २०३५ सालसम्म चलेको यस पत्रिकाका १२ अङ्कसम्म प्रकाशित भएको थाहा हुन्छ । यसमा सम्पादक मण्डल, प्रकाशन मण्डल र व्यवस्थापक मण्डलसमेत रहेका छन् । यस पत्रिकामा कविशिरोमणि लेखनाथ पौडेलको शुभकामना सन्देश कवितात्मक रूपमा प्रकाशित छ । यसको सबैभन्दा पछिल्लो बाह्रौँ अङ्कका सम्पादक ज्ञानप्रसाद उपाध्याय छन् ।

## ४९. सुमन

यो प्युठान जिल्लाबाट आएर बनारसमा बसेका जागरूक छात्रहरूको सक्रियतामा 'जनसाहित्य सभा प्युठानका सदस्यहरूद्वारा २०१९ सालमा प्रकाशित साहित्यिक पत्रिका हो । यसमा विशेष गरी कविताहरू छापिएका छन् । साथै साहित्यिक निबन्ध आदि रचना पनि छन् । यसका सम्पादकहरूमा भोजराज शर्मा, खेमराज शर्मा, मेघराज शर्मा, नन्दराज शर्मा र खेमराज पण्डितसमेत छन् । जन साहित्यलाई विशेष महत्त्व दिएर प्रकाशन गर्न लागिएको यो पत्रिका ४ अङ्कसम्म प्रकाशित भएको देखिन्छ ।

## ५०. विश्व शाखा

यो सगरमाथा अञ्चलबाट बनारसमा पढ्न आएका विद्यार्थीहरूको सक्रियतामा वि.सं. २०१९ सालदेखि प्रकाशित भएको साहित्यिक पत्रिका हो । यसका प्रधानसम्पादक गौरीप्रसाद सुवेदी छन् ।

## ५१. नेपाली साहित्य सम्पर्क समिति

यो संस्था भनौँ या समिति नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका संयोजक भवानी भिक्षुका सक्रियतामा वि.सं. २०२० सालमा खुलेको हो । यसले बनारसमा साहित्यिक गोष्ठीहरू गर्ने, साहित्यिक प्रतियोगिता गराउने, पुरस्कार दिने आदि कामहरूका

साथै 'संगालो' नामको साहित्यिक पत्रिका ७ अङ्कसम्म प्रकाशन गऱ्यो । यो बनारसमा खुलेर नेपाली साहित्यसम्बन्धी विशेष चर्चा-परिचर्चा गर्ने र साहित्यिक गतिविधिहरूलाई अघि बढाउने काममा लागिरहेको समिति हो । यस सन्दर्भमा यो समिति विशेष महत्त्वपूर्ण मानिन्छ ।

### ५२. नेपाली साहित्य प्रकाशन

यो वि.सं. २०२० सालको चैत्र महिनामा बद्रीप्रसादले खोलेको संस्था हो । पहिले यिनका पिताले खोलेको गोर्खा पुस्तक एजेन्सी भन्ने संस्थालाई रूपान्तर गरिएको यो प्रकाशनबाट पनि नेपाली साहित्यसम्बन्धी धेरै पुस्तक छापिएका छन् ।

### ५३. बिहानीपख

यो गुल्मी-अर्घाखाँचीबाट बनारसमा आएर बसेका विद्यार्थीहरूको सक्रियतामा गठित 'गुल्मी अर्घाखाँची साहित्यिक उत्साहवर्धिनी समिति'को मुखपत्रका रूपमा वि.सं. २०२० सालमा छापिन थालेको पत्रिका हो । यसमा विशेष गरी यथार्थवादी मान्यता र प्रगतिशील चिन्तन भएका साहित्यकारहरूका रचनाहरूलाई विशेष महत्त्व र प्राथमिकता दिएर छाप्ने गरिएको भए पनि यसले राम्रोसंग साहित्यसेवा गर्नुका साथै प्रचार-प्रसार पनि गरेको थियो । २०२५-२६ सालसम्म यसका लगातार ६ अङ्कहरू प्रकाशित छन् ।

### ५४. भानु उदय

यो पश्चिम ३ नम्बर अध्ययनमण्डल वाराणसीको मुखपत्रका रूपमा २०२० सालदेखि छापिन लागेको हो । विविध साहित्यिक रचनाहरू छापिने गरेको यसका ९ अङ्क प्रकाशित भए ।

### ५५. नयाँ पाइलो

यो पश्चिम १ नम्बर नेपाली छात्रसमिति, वाराणसीबाट वि.सं. २०२० सालदेखि प्रकाशित हुन थालेको साहित्यिक पत्रिका हो । २०३१ सालसम्म चलेको यसका १२ अङ्कहरू लगातार निस्केका छन् । यसले साहित्यिक पत्रिका भएर पनि सांस्कृतिक, सामाजिक एवं राष्ट्रियतासम्बन्धी विषयमा विशेष जोड दिएको पाइन्छ । यसका विभिन्न अङ्कका सम्पादकहरू शारदारमण शर्मा, नारायणप्रसाद शर्मा, मेघराज नेपाल, शेषनाथ अधिकारी आदि छन् ।

### ५६. संगालो

यो 'नेपाली साहित्य सम्पर्क समिति' वाराणसीबाट २०२१ सालदेखि प्रकाशन

हुन लागेको स्तरीय साहित्यिक पत्रिका हो । २०२४ सालसम्म यसका ७ अङ्क मात्रै छापिएका छन् । यस पत्रिकाले साहित्यिक गतिविधिलाई अगाडि बढाउनमा निकै ठूलो जागरण ल्याएको हो तर विशेष कारणले बन्द भयो ।

### ५७. मानव जीवन

यो वि.सं. २०२१ सालदेखि हिन्दी र नेपाली दुबै भाषामा प्रकाशन हुँदै आएको साप्ताहिक पत्रिका हो । यसका सम्पादक शेखरसिंह गौतम हुन् । १२ वर्षसम्म यसका ३५६ संख्या प्रकाशित भएको बुझिएको छ ।

### ५८. विश्वसन्देश

यो वि.सं. २०२२ सालदेखि श्रवणकुमार नवेन्दुका सम्पादनमा प्रकाशित भएको पत्रिका हो । यसमा नेपाली, संस्कृत र हिन्दी भाषाका रचनाहरू समावेश गरिएको छ । यसलाई त्रैमासिक भन्न सकिन्छ । तर यो पत्रिका धेरै वर्ष चलेको देखिन्न ।

### ५९. रमाकान्त एण्ड कम्पनी

यो वि.सं. २०२२ सालतिर रमाकान्त शर्माले खोलेको प्रकाशन संस्था हो । यसबाट पनि धेरै नेपाली पुस्तक छापिएका थिए । यस कम्पनीले बृहस्पति कथाको पुस्तक पनि छापेको थियो ।

### ६०. सिर्जना

यो धौलागिरि छात्रमण्डल बनारसको मुखपत्रका रूपमा वि.सं. २०२३ सालमा प्रकाशनमा आएको साहित्यिक पत्रिका हो । यसका सम्पादक लक्ष्मीकान्त पौडेल हुन् । जम्मा २ अङ्क मात्र प्रकाशित भएको यस पत्रिकामा दामोदर चालिसे न्यायाचार्य, युद्धप्रसाद मिश्र, गोविन्द कविराज, पुरुषोत्तम सापकोटा, मोदनाथ प्रश्रित, नगेश निरौला, शिवदत्त ढकाल, दीनानाथ शर्मा, मोहन श्रेष्ठहरूका रचना छन् ।

### ६१. कोशीको लहर

यो काशी छात्रकेन्द्र वाराणसीद्वारा वि.सं. २०२३ सालदेखि प्रकाशित पत्रिका हो । यसका २०२८ सालसम्म ३ अङ्क प्रकाशित भएका छन् । यसका प्रधान सम्पादक राजेन्द्र कोइराला हुन् । अन्य सम्पादकहरूमा विष्णुहरि शर्मा र गोपाल पहाडी छन् । यसमा साहित्यिक एवं राजनीतिक लेखहरू छापिएका छन् ।

### ६२. रहर

यो बनारसमा बसेका नेपाली युवकहरूको रहर भनौं जोश र जाँगरबाट छापिएको

त्रैमासिक पत्रिका हो । यसमा साहित्यिक लेखहरूका अतिरिक्त राजनीतिक एवं वैचारिक लेखहरू पनि प्रकाशित छन् । यसका सम्पादक प्रदीप गिरी, चक्र बाँस्तोला, विश्वप्रेम अधिकारी र भागवत ज्ञवाली छन् । २०२४ सालमा पनि यसको अर्को अङ्क छापिएको छ । यसमा रचना छपाउने लेखकहरूमा शङ्कर कोइराला, कुमार नेपाल, विश्वप्रेम अधिकारी, पारिजात, मोहन कोइराला, तारणीप्रसाद कोइराला र डा. ईश्वर बराल आदि प्रसिद्ध साहित्यकारहरू छन् ।

**६३. नेपाल पत्र**

यो पत्र २०२४ सालदेखि पुष्पलाल श्रेष्ठको सम्पादन र प्रकाशनमा निस्केको साप्ताहिक पत्र हो । यसका ११ अङ्कसम्म निस्केका छन् । यो राजनीतिक पार्टीसँग सम्बद्ध भएर निस्केको हुनाले नेपालको तत्कालीन पञ्चायती सरकारका गल्तीहरूलाई औंल्याउने र सुधारका सन्देश दिने गरेको पत्रिका हो । यसमा खास गरी कम्युनिष्ट पार्टीका संस्थापक पुष्पलालको राजनीतिक मान्यतालाई विशेष स्थान र महत्व दिइएको पाइन्छ ।

**६४. रवि**

यो पत्रिका वि.सं. २०२४ सालमा पश्चिम २ नं. अध्ययन मण्डलको मुखपत्रका रूपमा ५ औं किरणसम्म छापिएको थियो । यसका विभिन्न किरणका सम्पादकहरूमा गणेशमान श्रेष्ठ, सोमनाथ खनाल, पद्मप्रसाद न्यौपाने, केदार कुशल, ठाकुरप्रसाद लामिछाने छन् । यसले साहित्यिक एवं सामाजिक चेतना र जागरण फैलाउने खालका किरणहरू छरेको थियो ।

**६५. कोशीको सुषमा**

यो कोशी छात्रपरिवार वाराणसीका विद्यार्थी रामचन्द्र गौतम, प्रेम बस्नेत, गोविन्द नेपाल र वेणु तिम्सिनाहरू मिलेर २०२४ सालमा निकालेको पत्रिका हो । यो पत्रिकाको अर्को अङ्क निस्केको थियो वा थिएन भन्ने थाहा भएन ।

**६६. मञ्जरी**

यो नेपाली छात्रमण्डल वारणसेय संस्कृत विश्वविद्यालय (अहिले सम्पूर्णानन्द) बाट वि.सं. २०२५ सालमा निस्केको साहित्यिक पत्रिका हो । यस पत्रिकाको प्रकाशनमा सक्रियतापूर्वक लाग्ने र सम्पादन गर्नेहरूमा राजेन्द्रप्रसाद सुवेदी, दामोदर निरौला र जीवनप्रसाद शर्मा हुन् ।

**६७. समर्पण**

यो मेची अञ्चल छात्र समुदाय वाराणसीबाट वि.सं. २०२६ सालमा प्रकाशन

हुन लागेको पत्रिका हो । यसका ४ अङ्कसम्म प्रकाशित भएका छन् । यस पत्रिकाका अङ्कका सम्पादकहरूमा निर्मलकुमार शर्मा, बुद्धिप्रसाद घिमिरे, तुलसीप्रसाद भट्टराई, खेमप्रसाद भण्डारी र रामप्रसाद उपाध्याय छन् ।

### ६८. तरूण

यो वि.सं. २०२७ सालदेखि नेपाली काँग्रेसका नेताहरूले बनारसमा रहँदाको प्रवासकालमा निकालेको पत्रिका हो । यस पत्रिकाकी सम्पादिका सुश्री शैलजा आचार्य हुन् । पछि अरुहरूले पनि सम्पादनको काम गरे । मूलरूपमा यो राजनीतिक पत्रिका भएकोले यसमा प्रकाशित रचनाहरूले नेपालमा प्रजातन्त्रको पुनस्थापनाका लागि सम्पूर्ण नेपाली तरूणहरूलाई सक्रिय बनाउने, सचेत बनाउने र जागरुक बनाउने उद्देश्य राखेको र त्यसैअनुसार हौसला प्रदान गरेका छन् । साथै तत्कालीन पञ्चायती व्यवस्थाका गल्तीहरूलाई देखाउने र त्यस्ता गल्ती सच्याउन सुझाव पनि दिने गरेको हो । यस पत्रिकाको प्रकाशन, प्रचार प्रसारबाट नेपाली तरूणहरूमा ठूलो प्रभाव परेको र उत्साह बढेको थियो । यसका १८ अङ्कहरू क्रमशः २०३६ सालसम्म प्रकाशित भए । पञ्चायतकालभरमा यो पत्रिका नेपालभित्र लैजान प्रतिबन्धित थियो तापनि नेपाली काँग्रेसका कार्यकर्ता एवं प्रजातन्त्रप्रेमी तरूणहरूले लुकीछिपी भए पनि यस पत्रिकालाई खुब अध्ययन गर्दथे । संक्षेपमा नेपालमा प्रजातन्त्र पुनः स्थापना गर्नमा यसको भूमिका धेरै रहेको छ ।

### ६९. जुनकिरी

यो भेरी छात्रपरिवार, वाराणसीको वार्षिक मुखपत्रका रूपमा वि.सं. २०२७ सालदेखि प्रकाशित हुन लागेको हो । यस पत्रिकाका सम्पादक एवं सञ्चालक जनकराज रेग्मी हुन् । यो पत्रिका साहित्यिक भए तापनि यसले राजनीतिक चेतना जगाउने कामसमेत गरेको थियो ।

### ७०. अक्षर

यो वि.सं. २०२८ सालदेखि प्रदीप गिरीको सम्पादनमा निस्केको थियो । लगातार ३ अङ्क सम्म निस्केको यस पत्रिकामा साहित्यिक एवं राजनीतिक गहकिला लेखहरू छापिएका छन् ।

### ७१. प्रतिज्ञा

यो वि.सं. २०२८-२९ सालतिर लुम्बिनी छात्रमण्डल वाराणसीको सक्रियतामा, सम्पादन र प्रकाशनमा निस्केको हो । यस पत्रिकामा प्रगतिवादी विचारधाराका

साहित्यिक लेखहरू छन् ।

**७२. छात्र आवाज**

यो अखिल भारत नेपाली छात्र फेडेरेशनको मुखपत्रका रूपमा वि.सं. २०२९ देखि प्रकाशित हुन लागेको हो ।

**७३. नभसङ्ग प्रकाशन**

यो वि.सं. २०३० सालमा प्रा. डिल्लीराम तिम्सिनाको सक्रियतामा खुलेको प्रकाशन हो । यसबाट काशी हिन्दुविश्वविद्यालयको कलासंकायअन्तर्गत नेपाली विभागका प्राध्यापक डिल्लीराम तिम्सिनाज्यूका वाणी साधना, ज्ञानविज्ञानको दिशा र बसीवियाँलो आदि नेपाली पुस्तकहरू प्रकाशित भएका छन् ।

**७४. श्री हितैषी कम्पनी**

यो वि.सं. २०३१ सालमा सुरेशकुमार पुरीले स्थापना गरेको कम्पनी हो । यो पनि नेपाली पुस्तकहरूको प्रकाशन र नेपालतिर आपूर्ति गर्ने काममा केही समयसम्म सक्रिय रहेको पाइन्छ ।

**७५. तरूण पत्र**

यो पत्रिका वि.सं. २०३१ साल वैशाख १ देखि प्रदीप गिरीको सम्पादनमा प्रकाशन भएको देखिन्छ । यो पत्रिकामा राजनीतिक लेख, टिप्पणी, अन्तर्वार्ता प्रकाशित भएको देखिन्छ ।

**७६. भट्टराई बन्धु प्रकाशन**

यो भट्टराईहरूको प्रयासले २०३३ सालमा खुलेको संस्था हो । यसले पनि केही समयसम्म मौलिक नेपाली पुस्तकहरू प्रकाशन एवं प्रचार-प्रसार गरेको बुझिन्छ ।

**७७. उत्साह**

यो वि.सं. २०३१ सालको वसन्त पञ्चमीमा मोहनप्रसाद भण्डारीको प्रधान सम्पादकत्वमा नेपाली संस्कृत महाविद्यालय वराणसीद्वारा प्रकाशित साहित्यिक पत्रिका हो । यस पत्रिकाले पनि नेपाली सामाजिक, साहित्यिक र सांस्कृतिक जागरणमा ठूलो उत्साह थपेको थियो ।

**७८. मिर्मिरे**

यो वि.सं. २०३३ देखि २०३७ सालसम्म नेपाली प्रगतिशील अध्ययन मण्डल वाराणसीको वार्षिक मुखपत्रका रूपमा प्रकाशित पत्रिका हो । यसको सम्पादन कार्यमा

जगन्नाथ आचार्य, विजय खरेल, सुभाष के.सी.र बीरबहादुर जुटेका छन् । यस पत्रिकाले पनि नेपाली सामाजिक, राजनीतिक र साहित्यिक अभियान भनौं गतिविधिमा प्रभाव थप्दै सामाजिक कुरीति, अशिक्षा र शोषणका विरूद्धमा आफ्नो आवाज घन्कायो ।

## ७९. कोशीको लहर

यसको उल्लेख अगाडि (६१ नम्बरमा) भइसकेको छ । यो कोशी छात्र केन्द्र वाराणसीद्वारा २०२३ सालमा नै प्रकाशनमा आएको थियो । केही समय सुषुप्त भएको वा गति रोकिएको यस लहरलाई पुनः वि.सं. २०३४/३५ सालमा शरच्चन्द्र बस्ती र विश्वनाथ भण्डारीका प्रयासमा अगाडि बढाइयो तापनि यसको गति धेरै अगाडि भने बढ्न सकेन ।

## ८०. नेपाल प्रभा

यो वि.सं. २०३५ सालदेखि शिवप्रसाद कङ्गाल सम्पादक र प्रकाशक बनेर निकालेको साहित्यिक एवं राजनीतिक पत्रिका हो । यसका प्रकाशित ७ अङ्कहरूले यथोचित चेतना र जागरण नेपालीहरूमा थप्ने काम गरेका छन् । यसका सम्पादक व्यक्ति हुँदाहुँदै पनि आर्थिक स्थिति भरपर्दो नभएको हुनाले यसको प्रकाशन बन्द भएको देखिन्छ ।

## ८१. उन्नतिमार्ग

यो वि.सं. २०२६ सालमा गोपालप्रसाद पौडेलको प्रधान सम्पादकत्वमा निस्केको पत्रिका हो । यसको पहिलो घुम्ती नेपाली छात्र समिति मीरघाट वाराणसीबाट प्रकाशित भएको हो । यसले नेपाली साहित्यको उन्नतिको बाटो पछ्याएको हो तर अरु अरु घुम्तीहरू हेर्न समयले दिएन ।

## ८२. मुर्चुङ्गा

यो वि.सं. २०३७ सालमा नेपाली विद्यार्थी सांस्कृतिक संघ, काशी हिन्दुविश्वविद्यालय वाराणसीको वार्षिक मुखपत्रका रूपमा नेपाली साहित्यको विविध फाँटलाई उर्वर बनाउने उद्देश्य लिएर निस्केको पत्रिका हो । यसका सम्पादक सूर्य जोशी र किशोर लामा हुन् । यसले पनि आफ्नो उद्देश्य अनुरूप कार्य गर्न सकेन । विभिन्न कारणले गर्दा प्रकाशन रोकियो ।

## ८३. छात्रलहर

यो वि.सं. २०३७ सालमा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन

शाखा वाराणसीबाट प्रकाशित साहित्यिक पत्रिका हो । यस पत्रिकाले राजनीतिक हिसाबले नेपालीहरूमा चेतना जगाउनका लागि नेपाल कम्युनिष्ट पार्टीका मूल्य र मान्यताहरूलाई पनि महत्त्व दिएर प्रकाशित गरेको छ। परन्तु खटेर काम गर्ने मानिसको अभावमा तीन वर्षमा जम्मा २ अङ्क निस्केर बन्द भयो ।

**८४. वाणीसाधना**

यो काशी हिन्दुविश्वविद्यालय नेपाली विभागका तत्कालीन प्राध्यापक श्रीडिल्लीराम तिम्सिनाको सम्पादनमा सामयिक संकलनका रूपमा वि.सं. २०३८ सालमा प्रकाशित साहित्यिक एवं चिन्तनप्रधान पत्रिका हो । यसका जम्मा ५ अङ्कसम्म छापिएर बन्द भए।

**८५. अरनिको सन्देश**

यो वि.सं. २०३८ सालमा नेपाली विद्यार्थीहरूको संगठन वाराणसीको पहिलो उपहारको रूपमा प्रकाशित साहित्यिक पत्रिका हो। यसमा संस्कृत, नेपाली र अङ्ग्रेजी समेत गरी ३ भाषाका रचनाहरू प्रकाशित भए। यसको एक अङ्क मात्र प्रकाशित भए पनि त्यसको प्रभाव सबै क्षेत्रमा महत्त्वपूर्ण रहेको थियो ।

**८६. प्रवासी नेपाली आवाज**

यो वि.सं. २०३८ सालदेखि अखिल भारत प्रवासी संघ केन्द्रीय तयारी समिति बनारसद्वारा प्रकाशन हुन लागेको हो। यसमा राजनीतिक तथा साहित्यिक रचनाहरू प्रकाशित छन् । ५२ अङ्कसम्म प्रकाशित भएको यस पत्रिकाले प्रवासी नेपाली आवाजलाई मुखरित गरेको थियो। त्यसपछि यो बन्द भयो।

**८७. एकता**

यो नेपाल विद्यार्थी संघ विदेश क्षेत्र वाराणसीको वार्षिक मुखपत्रका रूपमा निस्कन लागेको पत्रिका हो । वि.सं. २०३९ सालमा तुलसी भट्टराईको प्रधान सम्पादनमा प्रकाशित यस पत्रिकामा नेपाल विद्यार्थी संघका गतिविधि र प्रजातान्त्रिक चेतना जगाउने उद्देश्य अनुसारका साहित्यिक रचनाहरू छापिएका छन्। यस पत्रिकाले बी.पी विशेषाङ्क र मेलमिलाप विशेषाङ्क जस्ता अङ्कहरू प्रकाशित गरेको थियो। यो पत्रिका स्तरीय रूपमा निस्केको भए पनि धेरै समय टिकन सकेन

**८८. विद्यार्थी ज्योति**

यो २०३९ सालमा नेपाल विद्यार्थी संघ उपशाखा मीरघाट वाराणसीबाट सुदर्शन

भट्टको सम्पादनमा प्रकाशित साहित्यिक पत्रिका हो। यसको पनि अर्को अङ्क निस्केन।

### ८९. नयाँ आवाज

यो वि.सं. २०२९ सालमा तत्काल बनारस निवासी मोहन चापागाईंको सम्पादन र प्रकाशनमा राजनीतिक विचारलाई बढी महत्त्व दिने उद्देश्यले निस्केको पत्रिका हो। त्यसपछि यो पत्रिका कतिसम्म चल्यो भन्ने थाहा हुन सकेन।

### ९०. दुर्गा साहित्य भण्डार

यो तुलसीराम आचार्यले वि.सं. २०४१ सालदेखि नेपाली उपन्यास र धार्मिक पुस्तकहरू छपाउने उद्देश्यले खोलेको संस्था हो। अहिलेसम्म पनि यो संस्था आफ्नो उद्देश्यमा लागि परेको छ। यसबाट धेरै पुस्तकहरू प्रकाशित भएका छन्।

### ९१. जयनेपाल प्रकाशन

यो वि.सं. २०४२ सालमा सोमनाथ खन्ना नाम गरेका मानिसले स्थापना गरेको प्रकाशन गृह हो। यस गृहबाट बिक्रीका लागि योग्य नेपाली भाषा साहित्यका पुस्तकहरू छपाएर बेच्ने गरिएको थियो।

### ९२. सागर मुद्रणालय

यो बाबू माधवप्रसाद शर्माको निधन भएपछि उनका छोरा सागरले आफ्नो नामबाट वि.सं. २०४५ सालदेखि चलाएको प्रकाशन संस्था हो। अहिलेसम्म पनि सागर शर्माले यो मुद्रणालय चलाउँदै आएका छन्। यो संस्था पनि पुस्तक प्रकाशन कार्यमा सक्रिय रहेको देखिन्छ।

### ९३. विद्यार्थीको कलम

यो साहित्यप्रेमी बन्धु, मुमुक्षु भवन असी वाराणसीबाट वि.सं. २०४५ सालमा छायादत्त न्यौपाने र आत्माराम तिम्सिनाका सम्पादनमा निस्केको साहित्यिक पत्रिका हो।

### ९४. भूटानी नव सन्देश

यो भूटान राष्ट्रिय छात्र संगठन केन्द्रीय कार्यालय वाराणसीको वार्षिक मुखपत्रका रूपमा वि.सं २०४८ सालदेखि छापिँदै आएको पत्रिका हो। यसमा अङ्ग्रेजी र नेपाली दुवै भाषामा लेख रचनाहरू छापिएका छन्। यस पत्रिकामा भूटान निवासी नेपाली समाजले भोगेका समस्यालाई बेजोड रूपमा प्रस्तुत गर्नुका साथै भूटानी राजाको

बिरोध पनि गरिएको छ।

## ९५. संक्रमण

यो वि.सं २०५० सालदेखि काशी हिन्दु विश्वविद्यालयको भारतीय भाषा विभागअन्तर्गत नेपाली उपविभागका एम्.ए र विद्यावारिधि अनुसन्धानकर्ता विद्यार्थीहरूको प्रयासबाट निस्केको पत्रिका हो। यस पत्रिकाका ५ अङ्कसम्म प्रकाशित भएको बुझिएको छ।

## ९६. अयन

यो पनि वि.सं. २०५० सालदेखि भारतीय नेपाली अध्ययन समिति वाराणसीबाट प्रकाशित साहित्यिक पत्रिका हो। वार्षिक मुखपत्रका रूपमा प्रकाशित यस पत्रिकाको प्रकाशन केही समयसम्म हुँदै आएको बुझिएको छ तापनि अहिले देखा पर्न छोडेको छ। यस पत्रिकाका प्रथम अङ्कका सम्पादक सञ्जय वान्तवा र अन्य रूपनारायण तिम्सिना, गङ्गाप्रसाद भट्टराई आदि छन्। यसको संरक्षण र संस्थापन डा. घनश्याम नेपालबाट भएको देखिन्छ। यसको मुख्य उद्देश्य भारतीय नेपाली विद्यार्थीहरूलाई सिर्जनशील बनाउनु र तिनीहरूको प्रतिभालाई रचना प्रकाशनका माध्यमले प्रोत्साहित गर्नु रहेको बुझिन्छ। केही वर्ष पहिले डा. घनश्याम नेपाल बनारस छोडेर अन्यत्र जानुभएकोले हुनसक्छ पत्रिकाको प्रकाशन पनि सेलाएको जस्तो भएको छ।

## ९७. सनातन सन्देश

यो वि.सं. २०५४मा भूटान वैदेशिक सेवा समिति शाखा वाराणसीबाट डा. हरिप्रसाद अधिकारीका सम्पादनमा निस्केको धर्म, संस्कृति र दर्शन प्रधान पत्रिका हो।

## ९८. प्रवास गुञ्जन

यो वि.सं. २०५६ सालमा नेपाल विद्यार्थी संघ विदेशक्षेत्र केन्द्रीय समिति वाराणसीको मुखपत्रिकाका रूपमा तीर्थराज भट्टराईको प्रधान सम्पादकत्वमा प्रकाशित पत्रिका हो। यसमा साहित्य, राजनीति र विशेष गरी नेपाल विद्यार्थी संघका गतिविधिहरूलाई प्रकाशित गरिएको छ। यस पत्रिकाको पनि अर्को अङ्क प्रकाशित भएको छैन।

## ९९. यात्री

यो वि.सं. २०५६ सालदेखि पारसप्रकाश नेपालको सम्पादनमा नालापानी

वाराणसीबाट निस्केको त्रैमासिक साहित्यिक पत्रिका हो । यस पत्रिकाले वि.सं. २०५७ सम्म ३ जंघार र तीन घुम्तीहरू पार गरेको हो । यसका तीन घुम्तीहरूमा दुर्गाप्रसाद अर्याल, भानुभक्त पोखरेल, जस योञ्जन प्यासीका लेख रचनाहरू छापिएका छन् । चिन्तनको चौतारीसमेत राखेर यस पत्रिकाले राम्रो प्रभाव परेको थियो । किन यो पनि अरू वर्षका जङ्घार र घुम्तीहरू पार गर्न नसकेर कतै बीचैमा अड्किरहेको आभास हुँदै छ ।

**उपसंहार**

माथि प्रस्तुत गरिएको संक्षिप्त विवरणअनुसार केही प्रकाशक वा मुद्रण गर्ने संस्था भनौं या व्यापारिक गतिविधिका लागि स्थापित संस्था छन् भने केही विद्यार्थीहरूद्वारा प्रकाशित पत्रिकाहरू ७२ छन् । नेपाली साहित्यको विकासमा बनारसको भूमिका र योगदान उक्त पत्र-पत्रिकाहरूबाट भएको देखिन्छ। यीबाहेक अन्य लेखक, साहित्यकार विद्वान् एवं राजनीतिकर्मी नेताहरूको पनि ठूलो भूमिका र योगदान रहेको छ। जस्तो मोतीराम भट्ट बनारस रहेको बेला पत्रिका छपाउने काममात्र गरेनन् । उनले भानुभक्तको रामायणको खोजी गरेर ल्याए र त्यसलाई प्रकाशित गरे । साथै आफैले केही रचनाहरू पिकदूत तथा अन्य शृङ्गारिक कविताहरू लेखे र अरुलाई पनि लेख्न लगाए । अरू पनि तीर्थराज पाण्डे, पहलमानसिंह स्वाँर, शम्भुप्रसाद ढुंगेल आदिबाट शृङ्गारिक भनौं माध्यमिक कालमा धेरै साहित्यिक रचनाहरू बनारसमा लेखिए र प्रकाशित पनि भए । साथै कुलचन्द्र गौतम, लक्ष्मीप्रसाद देवकोटा, विश्वेश्वरप्रसाद कोइराला आदिले पनि बनारस बसेको बेला आफ्ना सृजना गरेका थिए । यीबाहेक नेपालभित्रै चाँजोपाँजो मिलाएर बनारस आएर पुस्तक, पत्रिकाहरू, पञ्चाङ्ग (पात्रो) छपाउने काम त अहिलेसम्म पनि भइरहेका छन् ।

अर्को कुरा माथि उल्लिखित पत्रिकाहरू प्रकाशनसम्बन्धी काम नगरेका समालोचक एवं कवि बनेकाहरूमा कुलचन्द्र गौतम, लेखनाथ पौडेल, सोमनाथ सिग्देल, मोदनाथ प्रश्रित, टीकाराम पन्थी आदि धेरै पहिलेदेखि संस्कृत पढ्न बनारस आएका र यहाँबाट नेपाल फर्केर अध्यापन कार्यमा लागेका विद्वान्हरूबाट शिक्षित विद्यार्थीहरू पनि नेपाली साहित्यका वरिष्ठ लेखक, समालोचक बनेका छन् र संस्कृत साहित्यको विकासमा समेत बनारसको प्रशस्त भूमिका र योगदान रहेको छ भन्ने कुरालाई हामी सबैले नतमस्तक भएर स्वीकार्नु पर्दछ ।

माथि उल्लेख भएअनुसार नेपाली साहित्यको विकासमा बनारसबाहेक दार्जीलिङ्ग, खरसाङ, सिक्किम, आसाम, सिलाङ, मणिपुर, पटना, मुम्बई, मथुरा,

वृन्दावन, हरिद्वार एवं देहरादून आदि स्थानहरूको पनि यथोचित योगदान रहेकै छ, तीमध्ये बनारसको अझ विशेष भूमिका र योगदान छ भन्ने कुरालाई यहाँ प्रस्तुत गर्न खोजिएको हो ।

### ४. पठन-पाठन

अब अलिकति पठनपाठनसम्बन्धी कुरातिर लागौँ । नेपाली भाषाभाषी जनसंख्या भएका ठाउँमा उनीहरूका नयाँ पिढीका बालक बालिका भनौँ छात्र-छात्रालाई पढाउने सिकाउने उद्देश्यले नेपाली भाषाको पठन-पाठन कहिलेदेखि शुरु भयो भन्न नसकिए पनि पठन-पाठनको क्रम चलिराखेको थियो । प्राथमिक कक्षा, उच्च प्राथमिक कक्षा, माध्यमिक कक्षा र उच्च माध्यमिक कक्षा हुँदै अहिलेसम्म महाविद्यालय एवं विश्वविद्यालयहरूमा पनि नेपाली भाषा साहित्यको पढाइ भारतका बिभिन्न ठाउँमा चल्दै आएका छन् । यस्ता ठाउँहरू उत्तरबङ्ग विश्वविद्यालय दार्जीलिङ, गुवाहाटी विश्वविद्यालय आसाम, सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय वाराणसी र काशी हिन्दुविश्वविद्यालय वाराणसी हुन् । इलाहबाद शिक्षा बोर्डमा नेपाली विषयको प्रश्नपत्र बनाउन लागेदेखि नै नेपाली विषयमा पढ्ने र परीक्षा दिने क्रम चल्दै आएको हो । त्यसको मिति भने अहिले यकिन गर्न सकिएन । काशी हिन्दु विश्वविद्यालयमा भने सन् १९४३ अर्थात् वि.सं. २००० सालदेखि नेपाली भाषा साहित्यको पठनपाठन चल्दै आएको हो । संक्षेपमा भन्दा काशी हिन्दु विश्वविद्यालयका संस्थापक पं.मदनमोहन मालवीयजीको अनुरोधलाई स्वीकार गर्दै नेपाल सरकार शिक्षा मन्त्रालयका तत्कालीन शिक्षा डाइरेक्टर विजय शमशेर राणाले काशी हिन्दु विश्वविद्यालयको सहयोगार्थ एकमुष्ट दस लाख रूपैँया दिनुका साथै अझै योभन्दा धेरै सहयोग गर्ने इच्छा भएको र हाल मन्त्रालयमा बजेटको अभावका कारण नेपाल सरकारबाट तलब खुवाउने गरी एक जना नेपाली विषयका भिजिटिङ्ग प्रोफेसर पठाउने विचार भएको छ । त्यसका लागि सो विश्वविद्यालयमा एउटा नेपाल चेयर राख्ने व्यवस्था गरियोस् भन्ने अनुरोधलाई काशी हिन्दु विश्वविद्यालयबाट स्वीकृति प्राप्त भएकोले त्यसैबेलादेखि हालसम्म नेपाल सरकार शिक्षा मन्त्रालयबाट एक जना नेपाली विषयका भिजिटिङ्ग प्रोफेसर पठाउने प्रचलन छ । यसअनुसार नेपालबाट काशी हिन्दु विश्वविद्यालयको नेपाल चेयरमा पठाइएका प्राध्यापकहरूमध्ये सन् १९८० तिर नेपाल चेयरमा रहनुभएका प्रा. डा. विष्णुराज आत्रेयले आफ्नो विशेष सक्रियतामा काशी हिन्दु विश्वविद्यालयमा पनि भारतीय भाषा विभागअन्तर्गत नेपाली एम्.एका कक्षाहरू संचालन प्रारम्भ गर्नुभएको थियो । त्यसपछि भने हालसम्म नै काशी हिन्दु विश्वविद्यालयमा पनि नेपाली भाषा

साहित्यका विषयमा एम्.ए तथा पिएच्.डी. सम्मको पठनपाठन चल्दै आएको छ।

उक्त आलेख नेपालबाहिर भन्नाले खास गरी बर्मा र भारत देशका विभिन्न ठाउँहरूमा जहाँ धेरै सङ्ख्यामा नेपाली भाषाभाषी जनको बसोबास हुँदै आएको छ ती ठाउँहरूलाई विशेष ध्यानमा राखेर लेखिएको हो। यद्यपि अहिले सुदूरका पाश्चात्य देशहरू अमेरिका र क्यानडामा पनि नेपाली भाषाप्रेमी जनहरूले अ.ने.सा.स. (अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज) अन्तर्गत नेपाली साहित्य लेख्ने, प्रकाशन एवं प्रचार गर्ने काम गरिरहेका छन्। यसमा संलग्न हुनेहरू होमनाथ सुवेदी, डा. हरिराज भट्टराई आदि छन्।

अस्तु शिवम्।

बौद्ध, रामहिटी, काठमाडौँ

**स्रोत-सन्दर्भ**


१. श्री करुण ढकालको उक्त विषयमा प्रकाशित लेख रचना।

२. श्री डी.आर. थापाको उक्त विषयमा प्रकाशित लेख रचना।

३. नेपाली साहित्यका विकासमा गोरखापत्रको योगदान (नेपाली विषयमा स्नातकोत्तर शोध प्रबन्ध, २०३४) डा. लक्ष्मीकान्त पन्थी।

४. नेपाली भाषा र साहित्यको विकासमा बनारसको योगदान (नेपाली विषयमा विद्यावारिधि उपाधिका निमित्त प्रस्तुत शोधप्रबन्ध, सन् १९९१, काशी हिन्दु विश्वविद्यालय) शोधकर्ता डा. दामोदर ढकाल।

५. नेपाली साहित्यको विकासमा बनारसको योगदान (मालवीय सन्देश, वार्षिक मुखपत्र, वि.सं २०७६, महामना मालवीय मिसन, काठमाडौँ) डा.लक्ष्मीकान्त पन्थी।

६. हाम्रो पुरुषार्थ, सम्पूर्णाङ्क ५०, (पत्रकारिता विशेषाङ्क, २०६२), प्रकाशक किरण पुस्तकालय, गुल्मी।

# भारतेली नेपाली नाटकको पौराणिक सन्दर्भ



मुक्तिप्रसाद उपाध्याय, सिलगढी

## विषय प्रवेश

श्रव्य, पाठ्य र दृश्य साहित्यका तीनवटा रूप हुन्छन् । काव्य, कथा, उपन्यास, निबन्ध आदि विशेषरूपले पाठ्य साहित्यका प्रकार हुन् । नाटक र नृत्य दृश्य साहित्यका रूप हुन् जसलाई हेरेर साहित्यको आनन्द लिने गरिन्छ ।

जीवनको असाध्यै कलात्मक चित्रण हो नाटक अनि यसले मानव मनलाई सोभै असर गर्छ । त्यसैले यसलाई साहित्यको बहुआयामिक र सशक्त विधा मानिन्छ । अभिनयको प्रवाह जीवन भएकाले मानव सभ्यताको शुभारम्भदेखि नै मानवीय प्रवृत्ति नाटकीय रूपमा अघि बढेको देखिन्छ । यसले इतिहासप्रति रुचि जगाउँछ, सामाजिकताप्रति चाख उमार्छ र सिद्धान्तप्रति सतर्क गराउँछ । त्यसैले साहित्यको यो विधा केवल मनोरञ्जनको साधन मात्र नभएर समाजका निमित्त हितकर र पथप्रदर्शक पनि हो । सामाजिक स्थितिलाई निरूपण गर्न साहित्यका अन्य विधाभन्दा दृश्य नाटक नै धेरै समर्थवान् हुन्छ ।

मनुका पालामा इन्द्रादि देवतहरूले मनोरञ्जनको एउटा नौलो उपाय बताइदिने अनुरोध ब्रह्माका अघि राखेका थिए । देवताहरूको अनुरोधबाट प्रेरित भएर ब्रह्माले ऋगवेदबाट पाठ्य (कथावस्तु) सामवेदबाट गीत, यजुर्वेदबाट अभिनय (नृत्यसहित) अनि अथर्ववेदबाट रस लिएर नाटक तयार पारे । त्यसैले यस विधालाई 'नाट्यवेद' वा 'पञ्चम वेद' पनि भनिने गरिन्छ । शङ्कर भगवान्‌ले ताण्डव र पार्वतीदेवीले लास्य नृत्य दिएपछि विश्वकर्माले नाट्यशाला निर्माण गरिदिए । दुःख र क्लेशले भरिएको मानव समाजमा नाटकको प्रचार गरेर मनोरञ्जन प्रदान गराउनका लागि ब्रह्माले भरत मुनिलाई आदेश दिए । भरत मुनिले आफ्ना शिष्यहरूको सहयोगले यस पञ्चम वेदलाई पृथिवीका मानिसहरूका अघि प्रदर्शन गराए । यसरी यस संसारमा नाटकको प्रचलन शुरू भएको भन्ने हाम्रो पूर्वीय मान्यता रहेको छ । धार्मिक, आध्यात्मिक र पौराणिक प्रसङ्गबाट नै नाटकको जन्म भएको भनिन्छ । ग्रीसमा 'डायोनिसस' देवीको आराधनामा नृत्य उत्सवको आयोजना हुन्थ्यो । यही नृत्य उत्सवबाट पश्चिममा

नाटकको उत्पत्ति भएको मान्यता रहिआएको छ । हुन त नाटक उत्पत्तिमा पूर्व-पश्चिम सबैतिर यस्ता धेरै मान्यताहरू रहेका पाइन्छन् ।

सामाजिक परिवेशबाट सृजना भएका मानव मनका उकुस मुकुसहरूलाई व्यक्त गर्ने नाटकहरू मानिसले बोल्ने सहज सरल भाषामा सृजना हुन थालेपछि रुढीवादी परम्परा र कुसंस्कृतिलाई परिवर्तन गराउने हतियारका रूपमा नाटक विधाले साहित्यमा एउटा अलग चिनारी बनाएको छ । साहित्यका अन्य कुनै अङ्गले जीवनको प्रतिविम्ब नाटकले जति वास्तव रूपमा खिच्न सक्दैन । साहित्यको एउटा अत्यन्त शक्तिशाली रूप हो नाटक । शिक्षण प्रणालीमा श्रव्य-दृश्यको भूमिका महत्त्वपूर्ण रहेको हुन्छ । सुनेर वा पढेर गरेको ज्ञान आर्जनभन्दा देखेर पाएको ज्ञानको गहिराइ र स्थायित्व बढी हुन्छ । मानव जीवनका विभिन्न समस्या, घटना, अनुभूति आदि नाटक रूपमा रङ्गमञ्चमा जीवन्त देख्न पाउँदा मनोरञ्जन सँगसँगै मानव समाजका उत्थानका लागि नाटक एउटा गतिलो पथप्रदर्शक मानिन्छ । मानव समाजका अविकसित र अपरिस्कृत भावहरूलाई विकसित र परिस्कृत पारेर सुसंस्कृत बनाउनमा मञ्चन गरिएका नाटकले ठुलो सहयोग पुर्‍याउँछ । यही कारणले नाटकलाई 'चाक्षुष यज्ञ' पनि भनिन्छ । नौ रस र चौरासी कलाहरू समावेश भएको मूर्तरूपमा समाजलाई प्रभाव पार्ने एउटा परिपूर्ण विधा हो नाटक ।

प्राक्कथन - प्रस्तुत अध्ययनमा संस्कृतको मूलस्रोतको चर्चा गर्दै त्यसबाट नेपाली नाटक जन्मिएका कुराको एक झल्को राख्ने प्रयास गरिएको छ । यस विषयमा गम्भीर अनुसन्धातालाई यी सूत्रहरू पक्रेर पूर्ण अध्ययनतिर जाने अनुरोध पनि यसै साथ गर्न चाहन्छु ।

पूर्व र पश्चिम दुबैतिर साहित्यमा नाटक विधा धेरै पुरानो र सशक्त मानिन्छ । पश्चिमका प्राचीन नाटकहरू ग्रीसेलीमा रचिए भने पूर्वमा प्राचीन नाटकहरू संस्कृतमा । विभिन्न भारतेली भाषामा लेखिएका साहित्यहरू धेरैजसो नै संस्कृत साहित्यलाई पछ्याएर अनुवादको क्रमबाट अघि बढेका हुन् । सोही अनुरूप नेपाली साहित्यको नाटक विधाको परम्परा पनि अनुवादबाटै भएको हो । संस्कृतमा धरोहरस्वरूप रहेका वेद, पुराण, रामायण, महाभारत जस्ता आद्य ग्रन्थ सोझै अनुवाद गरिन्थे कि त त्यहाँका कथाहरूबाट नाटकका कथावस्तु छानिन्थे । पहिलो चरणका नाटकहरूलाई हेर्दा संस्कृतबाहेक बाङ्ला, हिन्दी, उर्दू, अङ्ग्रेजी आदिबाट पनि उल्था गरी संस्कृत नाट्यरीतिलाई अपनाएर लेखिन्थे र मञ्चनसमेत गरिन्थे ।

सम्पूर्ण नेपाली साहित्यमा नाटक विधालाई नियाल्दा पृष्ठभूमिमा हास्यकदम्ब र मुद्राराक्षस देखिए तापनि नेपाली नाटकको श्रीगणेश गर्ने आरम्भकर्ताका रूपमा मोतीराम भट्ट (सन् १८६६–९६) आफ्नो नाटक शाकुन्तलबाट देखा पर्छन् । यसको रचना सन् १८८७–९१ भित्र गरिएको हो ।

## दार्जिलिङमा पौराणिक नेपाली नाटक

भारतवर्षमा दुई सय वर्षसम्म अङ्ग्रेजीको शासन थियो अनि दार्जीलिङ पनि त्यसबाट अछुतो थिएन । सन् १९०२ मा युरिपाइडिसको अलकेस्टिस नाटक मूल ग्रीक भाषामा नै दार्जीलिङमा पहिलो मञ्चित नाटक भन्ने थाहा लाग्छ साथै गोर्खा लाइब्रेरीमा उर्दू नाटक पनि हुन्थे । (प्रधान, सन् १९८२: पृष्ठ - ९८-९९) ।

यसरी प्रत्यक्ष रूपले नाटक मञ्चनको प्रेरणा पाएर धनबीर मुखियाले गोर्खा नेशनल थिएट्रिकल पार्टी खोली सन् १९०९ मा नाटक अटलबहादुर मञ्चन गराए । भारतेली नेपाली नाटकको इतिहास यही मञ्चित नाटकबाट शुरू हुन्छ । यसरी दार्जिलिङमा नेपाली नाटकको मेहेरो शुरू भएर धेरै नाटकहरू लेखन र मञ्चन गरिन्छन् ।

दार्जिलिङबाट नेपाली नाटकको इतिहास खडा गर्ने व्यक्तित्व धनवीर मुखियाले नै सन् १९१३ मा रुक्मणी हरणबाट भारतेली नेपालीमा पहिलो पौराणिक नाटक मञ्चन गराए । त्यसपछि सन् १९१६ मा राजा हरिश्चन्द्र पनि उनैले मञ्चन गराएका हुन् । यसरी धनवीर मुखियाले नै सन् १९२८ तिर प्रद्युम्न विजय र सन् १९४५ मा फेरि सत्यवादी हरिश्चन्द्र पौराणिक नाटक मञ्चन गराउँछन् । त्यसभन्दा अघि सन् १९११ मा जेम्स डनले लेखेको नाटक इन्द्रसभा चिल्ड्रेन्स एम्युजम्यान्ट एसोसिएसनले मञ्चन गराएको थियो । त्यसरी नै जेम्स डनले लेखेको नाटक शकुन्तला सन् १९२० मा मञ्चन हुन्छ । धनवीर मुखियाले गोर्खा नेशनल थिएट्रिकल पार्टी खोलेको समयमा नुर महम्मदको नेतृत्वमा खोलिएको मुस्लिम युनियन थिएट्रिकल पार्टीले सन् १९१८-१९ तिर नेपाली पौराणिक नाटक कृष्ण जन्म मञ्चन गराउँछ । सन् १९१६ मा नै शम्भुप्रसाद ढुङ्गेलको शाकुन्तल पनि दार्जिलिङमा अभिनीत हुन्छ । त्यसपछि पौराणिक अनुवाद नाटक सन् १९१८ मा हरिश्चन्द्रको मञ्चनबाट पारसमणि प्रधान देखा परे । उनका पौराणिक नाटकहरू क्रमशः सुन्दर कुमार (सन् १९१९-२०), सीता वनवास, सती सावित्री, रत्नावली (सन् १९२२) अनि १९२३ मा पारसमणिको अर्को पौराणिक नाटक महाभारत हिमालयान एण्ड चिल्ड्रेन एम्युजमेन्ट एसोसिएसनद्वारा मञ्चन हुन्छ ।

पौराणिक नाटक लिएर सन् १९२४ मा नल दमयन्तीबाट भैयासिंह अघि आउँछन् र सन् १९२५ मा पर्शुराम, १९२६ मा कर्णार्जुन युद्ध, १९२८ मा उषा हरण, १९२९ मा सावित्री सत्यवान्, अनि सन् १९४२ मा राजा हरिश्चन्द्र मञ्चन गराएको जानकारी पाइन्छ । त्यसरी नै पौराणिक नाटक मञ्चनको क्रममा एल.टी. लामाका नाटक मधुमालती सन् १९२८ मा र जयद्रथ वध सन् १९२९ मा मञ्चन भएका हुन् । गायकका रूपमा परिचित मित्रसेन थापाले सन् १९३६ तिर केही पौराणिक गीति नाटकहरू राजा हरिश्चन्द्र, कृष्ण सुदामा, द्रौपदी चीरहरण, स्वस्थानी व्रतकथा, सत्यवान् सावित्री

आदि बनारसमा रेकर्ड गरेर प्रसारण गराएको जानकारी पाइन्छ। हर्कबहादुर शाहीले अत्याचारी कंश १९३३ मा र सीता १९५१ मा मञ्चन गराएका थिए।

शिवप्रसाद शर्माको सैरन्ध्री किचक वध सन् १९३६ मा, महानन्द गिरीको देव सभा सन् १९३७ मा, रणसिंह गजमेरको कृष्ण सुदामा सन् १९४१ मा, के.बी.शङ्कर सिंहको कलिदमन (कल्की अवतार) सन् १९४३ मा अनि शकुन्तला सन् १९४४ मा गो.दु.नि.स. का रङ्गशालामा मञ्चन भएका थिए। लेखक र मञ्चनको समय थाहा पाउन नसकिए तापनि चालीस र पचासको दशकमा केही पौराणिक नाटक परशुराम, ध्रुवचरित्र, विश्वामित्र, भीष्म प्रतिज्ञा, प्रह्लाद भक्ति, वीर बब्रुबाहन आदि मञ्चन भएको जानकारी पाइन्छ।

साठी र सत्तरीको दशकमा आएर मोहन थापा र अम्बर गहतराजको पौराणिक नाटक सावित्री सत्यवान् (सन् १९५५), डाकु रत्नाकर (सन् १९५९) मञ्चन भएका थिए भने सन् १९५५ मा राधिका रायाको प्रकाशित नाटक प्रह्लाद देखा पर्छ। साठीको दशकको शुरूमा हर्कबहादुर शाहीको शकुन्तला, जी. छिरिङको वीर बालक अभिमन्यु र सन् १९६३ मा श्रीकृष्ण धर्मयुद्ध प्रारम्भ मञ्चन हुन्छन्। चण्डालिका (सन्१९६२), जटायु वध (सन् १९६३), सीताहरण, सती देहत्याग (सन् १९६५) आदि पौराणिक नाटकहरू साथै मेनका-विश्वामित्र र रामायण (सन् १९६७) मा, जयद्रथ वध (सन् १९६८) आदि पौराणिक गीति-नाटकहरू हिमालय कला मन्दिरले मञ्चन गराएको जानकारी पाइन्छ। मनबहादुर गुरूङका पनि केही पौराणिक नाटक बाली सुग्रीब (सन् १९५३), सीताहरण (सन् १९६५) र सन् १९७८ मा शकुन्तला देखा पर्छन्। सन् १९५३ मा ठाकुरसिंह राईको शिव-सती मारगारेट होप चिया कमानमा मञ्चन भएको थियो। सिद्धिचरण श्रेष्ठको खण्डकाव्य उर्वशीमा आधारित पौराणिक नाटक दार्जिलिङमा सन् १९५९ मा मञ्चन भएको थियो।

बिस्तारै पौराणिक नाटकको क्रम घट्दै गएर यथार्थवादी सामाजिक नाटक मञ्चनको क्रम शुरू हुन्छ तापनि सन् १९६३ मा श्याम आँशुको कृष्ण जन्म मञ्चन हुन्छ अनि इन्द्रमणि दर्नालको ययाती सन् २००२ मा पुस्तक रूपमा प्रकाशित हुन्छ। सत्तरी र असीका दशकतिरबाट दार्जिलिङमा पौराणिक नाटक पातलिँदै जान्छन् र हालसम्म आइपुग्दा जानकारी पाउन पनि गाह्रो देखिन थाल्यो।

शुरूमा दार्जिलिङमा पौराणिक नाटक मञ्चनमा धनवीर मुखिया र भैयासिंहको भूमिका महत्त्वपूर्ण देखिन्छ। सरसर्ती हेर्दा सन् १९०८ बाट नेपाली नाटकको बलियो आधार स्थापित भएर सन् २००२ सम्म आइपुग्दा पौराणिक नेपाली नाटक मञ्चनको पृष्ठभूमि बलियो भएको देखिन्छ। यस अवधिमा साठीवटा जति नेपालीकरण गरिएका

पौराणिक नाटक लेखन र मञ्चन भएका थिए। अनुसन्धाताले गहिरो गरी खोजी गर्न सके यसमा केही तलमाथि पनि हुनसक्ला।

यति नाटक मञ्चन भए भन्नुको तात्पर्य यी सृजना भए, अनुकरण, अनुसृजना भए अनि पछि क्रमिकरूपले विकसित हुने जरा पनि यिनैमा रहेको पाइन्छ।

**खर्साङमा पौराणिक नेपाली नाटक लेखन र मञ्चन –**

खर्साङमा सन् १९१३ मा गोर्खा लाइब्रेरी खोलिएपछि सन् १९२२ पछि मात्रै नाटकको चहलपहल देखिन्छ। खर्साङको हिमालयान एमेच्योर ड्रामाटिक एसोसिएसनूले पारसमणि प्रधानको नाटक सुन्दर कुमारको मञ्चन नै पहिलो नाटक मानिन्छ। त्यसपछि नल दमयन्ती, सावित्री सत्यवान्, सीताहरण, द्रौपदी चीरहरण, कृष्ण सुदामा, शकुन्तला, कर्णार्जुन आदि मञ्चन भएको मात्रै जानकारी पाइन्छ। तर लेखक, मञ्चनको समय आदिको जानकारी भने उपलब्ध हुन सकेन। (गुरूङ 'निरूपम', २००९: पृष्ठ - १९) त्यसरी नै बब्रुवाहन पौराणिक नाटक पनि मञ्चन भएको थाहा लाग्छ।

सन् १९३६-३७ तिर नर्बु लामाको अध्यक्षतामा भारतीय एमेच्योर ड्रामाटिक एसोसिएसन् खोलिन्छ र त्यस संस्थाले पौराणिक नाटक नल दमयन्ती मञ्चन गरेको थाहा लाग्छ। त्यसपछि खर्साङमा आधुनिक यथार्थवादी नाटक मञ्चनको क्रम शुरू हुन्छ र धेरै नै सामाजिक नाटकहरू मञ्चित हुन्छन्। तर सन् २००० सम्म आइपुग्दा पौराणिक नाटकहरूको जानकारी यतिमा नै सीमित रह्यो।

**कालेबुङमा पौराणिक नेपाली नाटक लेखन र मञ्चन –**

सन् १९२१ मा पारसमणि प्रधानद्वारा लिखित सुन्दर कुमार नाटक मञ्चनदेखि नै कालेबुङमा नाटक मञ्चनको मेहेरो शुरू भयो। पछि गएर सन् १९३३ तिर गोर्खा दुःख निवारण सम्मेलन दार्जीलिङमा स्थापित भएपछि गङ्गाप्रसाद प्रधान, मनि पावल आदिको अगुवाइमा पहिलो नाटक नै राजा हरिश्चन्द्र कालेबुङमा मञ्चन भएको थियो। सन् १९४४ मा सङ्गीतकार मास्टर पूर्णमानले पौराणिक गीति नाटक बालकृष्ण मञ्चन गराएका थिए। अन्य नाटकहरू पनि धेरै भए तर पौराणिक नाटक भने एकैचोटि गएर सन् १९४६ मा कृष्ण सुदामा, अनि यसरी नै सन् १९५२-५८ मा नाटक ध्रुव, हरिश्चन्द्र, कृष्ण सुदामा, सावित्री सत्यवान् आदि नाटक मञ्चन भएको जानकारी पाइन्छ। कालेबुङ नाटकको इतिहासमा टीकाराम शर्माको महत्त्वपूर्ण योगदान रहेको छ। कुमुदिनी होम्सका प्रधान अध्यापक रहेर उनले सन् १९५६ देखि स्कूलको वार्षिक उत्सव आदिमा पौराणिक नाटक ध्रुव, शकुन्तला, प्रह्लाद, नैनकी राम आदि मञ्चन गराएको जानकारी पाइन्छ। सन् १९६२ मा डिकवीर देवानद्वारा लिखित सावित्री

सत्यवान् र अरूण राईको निर्देशनमा वीर अभिमन्यु, सुभद्रा हरण नाटकहरू मञ्चन भएका थिए। अलगडामा पनि के.बी. लोप्चन र ज्ञान लोप्चनद्वारा धेरै नाटक गरे तर पौराणिक नाटक राम वनवास मात्रै मञ्चन गराएको जानकारी पाइन्छ। दुष्यन्त लामाले विश्वामित्रको कलङ्क साथै गोरूबथानमा हायमान दास आदि विशिष्ट व्यक्तिहरूको प्रयासमा १९५० तिर भक्त सुदामा मञ्चन भयो। त्यसपछि यथार्थवादी नाटकको क्रम शुरू हुन्छ र हालसम्म आइपुग्दा पौराणिक नाटक भएको जानकारी कमै पाइन्छ। १९७७-७८ तिर फिलोमिना उच्च कन्या पाठशालाद्वारा बद्री-दुर्गा खरेलको सङ्गीत र देवदत्त ठटालको निर्देशनमा फेरि रामायणकै कथा गीति नाटक मञ्चन भएको थियो।

**सिक्किममा पौराणिक नेपाली नाटक लेखन र मञ्चन –**

सिक्किममा सन् १९१६-१७ देखि नै नाटक मञ्चन हुने गर्थे भन्ने जानकारी पाइन्छ। त्यसबाहेक रामलीला, कृष्णलीला, रासलीला र लाखेनाच जस्ता लोक नाटकहरू सिक्किममा बाह्रौं शताब्दीदेखि नै हुँदै आएका थिए। (घिमिरे, २००९: पृष्ठ - ६९.) रश्मिप्रसाद आलेको नेतृत्वमा सन् १९२४-२५ तिर 'म्युजिकल क्लब' नामक एउटा संस्था खोलेर अटलबहादुरलगायत पिञ्जराको सुगा आदि मञ्चन भएका थिए। लामो अन्तरालपछि सन् १९४२ मा म्युचुएल ड्रामाटिक क्लब स्थापित गरेर हरिश्चन्द्र, ध्रुव, भक्त प्रह्लाद आदि नाटकहरू मञ्चन भएका थिए। यसको चार वर्ष पछि सन् १९४६ मा गो.दु.नि.स. को स्थापना भएर ह्वाइट हलमा पौराणिक नाटक हरिश्चन्द्र र तारामती मञ्चन भएका थिए।

सन् १९५२ मा महाकवि लक्ष्मीप्रसाद देवकोटा र नाट्यसम्राट् बालकृष्ण समको आगमनमा अपतन साहित्य परिषद्ले मुकुन्द इन्दिरालगायत पौराणिक नाटक हरिश्चन्द्र र तारामती मञ्चन गराएको थियो। त्यसपछि एकैचोटि सन् १९६० मा पश्चिम सिक्किमको लिङ्चोकमा सावित्री सत्यवान् मञ्चन भएको थियो। बी.बी.मुखियाको अगुवाइमा सन् १९७१ मा जोरथाङमा हिरण्य कशिपु मञ्चन भएको थियो। यसरी सिक्किममा पनि नाटकको क्रममा आधुनिक यथार्थवादी सामाजिक मौलिक नाटकहरूको आगमनले पौराणिक नाटकप्रतिको मोह घट्दै जान्छ।

**असम तथा पूर्वाञ्चलमा पौराणिक नेपाली नाटक लेखन र मञ्चन –**

पूर्वाञ्चल भन्नाले पहिले असमभित्र मेघालय, नागाल्याण्ड, मणिपुर, अरूणाचल पर्थे। पछि ती अलग राज्य भए। ती राज्यहरूमा असम एउटा ठूलो राज्य हो। यस राज्यका प्राय सबै जिल्लाहरूमा नेपाली भाषी मानिसहरूको बसोबास रहेको छ। असम राज्यभरि नै छरिएर बसेका नेपालीहरूले स्कूलमा आफ्नो मातृभाषा माध्यममा पढ्ने

त परै जावस् एउटा विषयका रूपमा पनि पढ्ने मौका पाएका हुँदैनन् तापनि उनीहरू आफ्नो भाषा, साहित्य र संस्कृतिको मोहबाट अलग्गिन सकेनन् र आफ्नो चिह्नारी यथावत् राखेर नै अघि बढेको पाइनु महत्त्वपूर्ण कुरो मान्नुपर्छ। असममा पनि नेपाली नाटकको शुरूवात पौराणिक अनूदित नाटकबाटै भएको हो। अहिलेसम्मको जानकारी अनुसार असम राज्यको तेजपुर शहरबाट १०० कि.मी. पूर्वमा रहेको बटियामारी गाउँमा सन् १९१९ मा हरिनारायण विद्याभूषणले आफ्नो नेतृत्वमा एउटा नाटक मण्डली गठन गरेर पौराणिक अनूदित नाटक प्रबोध चन्द्रोदय मञ्चन गरेको प्रमाण पाइन्छ। त्यसपछि क्रमशः अभिज्ञान शाकुन्तल, मुद्राराक्षस, वेणी संहार, चारूदत्त, मृच्छाकारका, सत्य हरिश्चन्द्र, भक्त प्रह्लाद, नल दमयन्ती, आदिकवि वाल्मीकि, शकुनिको प्रतिशोध, द्रौपदी चीरहरण, एकलव्यको गुरुभक्ति, रावण वध, सत्यवान् सावित्री, कुरूक्षेत्र, शुम्भ निशुम्भ वध, सीता हरण, दुशासनको रक्तपान, अभिमन्यु वध, महिषासुर मर्दिनी आदि नाटक हरिनारायण विद्याभूषणले लेखेर १०-१२ वर्षको समय अवधिमा मञ्चन गराएका थिए। सन् २०१३ को दिसम्बरमा भएको असम नेपाली नाट्य सम्मेलनको दोस्रो महाधिवेशनमा साहित्यकार डा.द्रोणकुमार पौडेलले हरिनारायणले लेखेका सत्रवटा नाटकका पाण्डुलिपिको प्रदर्शन गरेका थिए। ती नाटकका पाण्डुलिपिको संरक्षणको चाँजो असम नेपाली नाट्य सम्मेलनले गर्ने कुरा थाहा लागेको छ। हरिनारायणका नाटकहरू बटियामारी छेउछाउका गाउँ गमिरी, काउरीपथार आदितिर पनि मञ्चन भएका थिए।

बिहाली माझगाउँमा माझगाउँ थिएटर पार्टी खोलेर रामप्रसाद उपाध्यायको सक्रियतामा सन् १९२६ तिरबाट पौराणिक नाटक देवलादेवी, वेणी संहार, एकलव्य, राम वनबास आदि नाटक मञ्चन भए। माझगाउँ थिएटर पार्टीले लखिमपुर, मङ्गलदै, कौपाटी आदि विभिन्न ठाउँमा गएर नाटक मञ्चन गर्ने गर्थ्यो। त्यस नाट्यटोलीले भ्राम्यमान थिएटरको झैं काम गरेको थियो। गमिरीपालमा सन् १९२७-२८ मा सरस्वती नाट्यदलद्वारा महिषासुर वध, पर्शुराम मातृहत्या आदि पौराणिक नाटक मञ्चन गराएको थियो। माझगाउँ थिएटर पार्टीका अर्का एकजना प्रतिभा थिए गङ्गाधर खतिवडा। असमका धेरै ठाउँमा उनलाई हारमनि मास्टर भनेर चिन्ने गर्थे। खतिवडाले निकै पौराणिक नाटक अनुवाद गरेर मञ्चन गराएका थिए। कर्णार्जुन युद्ध, सत्यवान् सावित्री, नरकासुर, विद्यावती आदि उनले लेखेर मञ्चन गराएका पौराणिक नाटकहरू हुन्। त्यसबाहेक हरिनारायण विद्याभूषणका प्रायः सबै नाटकहरू माझगाउँ थिएटर पार्टीले मञ्चन गराएको पाइन्छ। (पोखरेल, सन् २०१२: पृष्ठ - १८४.)

सन् १९३८ मा गुवाहाटी पल्टन बजारको नेपाली मन्दिर प्राङ्गणमा पञ्जुलाल

गुरुङको सत्यवान् सावित्री मञ्चन भएको थियो । यही नाटक पछि फेरि उजान बजारमा पनि मञ्चन भयो । सन् १९४५ मा उजान बजारको खुल्ला मञ्चमा ध्रुव, सन् १९४८ मा हरिश्चन्द्र मञ्चन भएका थिए । सन् १९६६ मा गोपीनाथ उपाध्यायद्वारा लिखित हरिश्चन्द्र गुवाहाटी छेउको डुमपाडा भन्ने ठाउँमा मञ्चन भएको थियो । गुवाहाटीको नाटक मञ्चनमा एउटा क्रान्ति नै ल्याएका प्रतिभावान् नाटककार प्रेमसिंह सुवेदीको गीति नाटक धनुष यज्ञ सन् १९५६ को भानु जयन्तीमा मञ्चन भएको थियो । यही नाटक १९६४ मा पनि काठमाडौंबाट आएका तारादेवी, नाति काजी, शिवशङ्कर, रामसरण दर्नाल, जनार्दन सम आदि अतिथिअघि मञ्चन भएको थियो । सन् १९७६ मा शकुन्तला गीति नाटक मालीगाउँ रेलवे इन्स्टिट्यूटमा रत्नादेवी र मुन्नी सापकोटाको निर्देशनमा मञ्चन भएको थियो । (बराल, सन् २०१४: पृष्ठ - ३-७.)

पूर्वाञ्चलको मणिपुरमा नेपालीहरूले आफ्नो चाड-पर्व बडो धुमधामसँगले मनाउने चलन धेरै अघिदेखि नै रहिआएको पाइन्छ। सन् १९३५ मा सरस्वती पूजाका दिन असम राइफल्सले नाटक खेलेको कुरा थाहा लाग्छ। मेजर हेमबहादुर लिम्बूको अगुवाइमा सन् १९४२ मा चौथो असम राइफल्सको आयोजनामा पौराणिक नाटक राजा हरिश्चन्द्र मञ्चन भएको थियो। त्यसपछि कृष्ण जन्म, सीता हरण आदि नाटक खेलिए। त्यसरी नै प्रतापचन्द्र राईद्वारा जयद्रथ बध, ठी.बी. मास्टरको कलिया दमन आदि पौराणिक नाटक मञ्चन भएको थाहा पाइन्छ। सन् १९५२ तिर काङ्लातोम्बिमा गोपाल लिम्बूको राजा हरिश्चन्द्र मञ्चन भएको थियो। मन्त्रीपोखरी भन्ने ठाउँमा सन् १९६६-६९ मा देवी, सत्य हरिश्चन्द्र आदि नाटक मञ्चन भए। माराम भन्ने ठाउँमा सन् १९७६ मा महिषासुरको अन्तिम घडी, चारहजारेमा सन् १९७८ मा हिन्दीबाट अनुवाद गरिएको पौराणिक नाटक श्रवणकुमार अनि सन् १९८३ मा उमा गौतमको निर्देशनमा बाल नाटक श्रीकृष्ण सुदामा मञ्चन भएको जानकारी पाइन्छ। (अधिकारी, सन् २०१७ : पृष्ठ- ५८- ६४.)

मेघालय राज्यको राजधानी शिलाङमा उन्नाइसौं शताब्दीको अन्त्यदेखि नै सामूहिकरूपले दुर्गा पूजा गरेको जानकारी पाइन्छ। विभिन्न सांस्कृतिक कार्यक्रमहरू सहित नाटक पनि भएका थिए । तर सन् १९५० मा हर्षबहादुर शाहीको नाटक शकुन्तलाबारे मात्रै जानकारी पाइन्छ। सन् १९२९-३० तिर पूर्वाञ्चलको नागाल्याण्डको राजधानी कोहिमाका धनबहादुर सुनारको सावित्री सत्यवान् आदि पौराणिक नाटकको उल्लेख पाइन्छ । शिलाङमा उन्नाइसौं शताब्दीको अन्त्यदेखि नै सामूहिकरूपले दुर्गा पूजा गरेको जानकारी पाइन्छ । विभिन्न सांस्कृतिक कार्यक्रमहरूसहित नाटक पनि भएका थिए। (उपाध्याय, सन् १९८३: पृष्ठ - ९८.)

मेघालय राज्यकै तुरामा ड्रामाटिक क्लबले सन् १९२९ तिरबाट दुर्गा पूजाको छेका पारेर नाटक मञ्चन गर्न थालेको जानकारी पाइन्छ। श्रीकृष्ण कुरूक्षेत्र पहिलो पौराणिक नाटक थियो । त्यसपछि मञ्चन गरियो हरिश्चन्द्र । चालीसको दशकमा यज्ञनिधि भट्टराईको हरधनु भङ्ग, जगत्बहादुर लुङ्गेलीको अभिमन्यु वध, र परशुराम मातृहत्या आदि मञ्चन भएको जानकारी पाइन्छ। पचासको दशकपछि पनि तुरामा नाटकहरू भए तर पौराणिक नाटक मञ्चन भएको जानकारी पाइँदैन। (छेत्री, २००८: पृष्ठ - १४३-१४४, १५५-१५६.)

**डुवर्स तथा सिलगढीमा पौराणिक नेपाली नाटक लेखन र मञ्चन –**

डुवर्समा नेपाली साहित्यको इतिहास सन् १९४२ देखि शुरू हुन्छ। (घिमिरे, वि.सं. २०४१: पृष्ठ - ७८.) डुवर्समा चाडपर्व, भानु जयन्ती आदिमा हाम्रा लोकनृत्य आदि धेरै प्रस्तुत भए तापनि नाटक लेखन र मञ्चन नभएकै हो कि त्यसतर्फ खोजी नभएको हो बुझ्न गाह्रो पऱ्यो। डुवर्समा कृष्णभक्त खड्काले उनका १५ वटा नाटकहरू आकाशवाणी खर्सानबाट प्रसारण भएको कुरा गर्छन्। रेडियो नाटक वा पत्र-पत्रिकामा छापिएका उनका नाटकहरूमा एउटै पनि पौराणिक नाटक पाइएन। सन् २००२ मा कीर्तिमान प्रधानका वीर अभिमन्यु, द्रौपदी चिरहरण आदि पौराणिक नाटकहरू मालबजार, मटेली आदि ठाउँमा मञ्चन भएको जानकारी पाइन्छ। (खड्का, सन् २००९: पृष्ठ - ६२-६३.) त्यसपछि केही नाटक लेखन र मञ्चन भए तापनि पौराणिक नाटकको जानकारी पाइँदैन।

सन् १९४९ तिर परशुराम छेत्रीद्वारा लिखित पौराणिक नाटक हरिश्चन्द्र सेभोक मोड, सिलगढीमा मञ्चन भएको जानकारी पाइन्छ। त्यसपछि फट्याक फुटुक नाटकहरू मञ्चन भए तापनि पौराणिक नाटक भने मञ्चन भएको जानकारी पाइँदैन।

**निष्कर्ष**

भारतेली नेपाली नाटकको पौराणिक सन्दर्भको एउटा सामान्य अनुसन्धानबाट केही तथ्यहरू यहाँ राख्ने प्रयास गरियो। यसलाई आधार मानेर गहिरिँदै जाँदा धेर-थोर अझै जानकारी पाउन सकिने सम्भावना प्रशस्तै पाइएला। तर पनि यसले जिज्ञासु रङ्गकर्मीहरूलाई धेरै सहयोग गर्नेछ भन्ने मलाई लाग्छ। सन् २०११ देखि लिखित तथा मञ्चित पौराणिक नाटकहरू के कति लिखित रूपमा संरक्षण गरिएका छन् वा कुनै प्रकाशनमा पनि आएका छन् भन्ने कुरा एउटा ठुलै शोधको कार्य गरिन बाँकी नै छ। इन्द्रबहादुर राईले दार्जीलिङका त्यतिबेलाका नाटकहरूबारे यसरी मन्तव्य पोख्नुभएको थियो - "बुद्धचरित्र एउटैबाहेक ती नाटकहरू पुस्तकरूपमा छापिएनन्, धेरै

हराएर गएको अपूरणीय क्षति भएको छ। १९२८ को उषाहरण सम्ममा क्रमसङ्ख्या लेखिएका ३१ पाण्डुलिपि हि.चि.पुस्तकालयमा यत्नसाथ राखिएको देखिन्छ। ३१ मा सङ्ख्याङ्कित १२ खाता प्राप्त छन् गोदुनिस.-मा।" (राई, सन् १९८४: पृष्ठ -६७।) सन् २०१३ को दिसम्बरमा भएको असम नेपाली नाट्य सम्मेलनको दोस्रो महाधिवेशनमा साहित्यकार डा.द्रोणकुमार पौडेलले हरिनारायणले लेखेका सत्रवटा नाटकका पाण्डुलिपिको प्रदर्शन गरेका थिए। ती नाटकहरूको पाण्डुलिपि संरक्षण गर्नु पर्ने कुरा मैले त्यतिबेलै अनुभव गरेको थिएँ। सो के भयो, अहलेसम्म जानकारीमा आएको छैन।

**सन्दर्भ-सूची :**


१) अधिकारी, भवानी, आँखीझ्यालभित्र मणिपुर, मणिपुरमा नेपाली नाटक (लेख), सन् २०१७।

२) उपाध्याय, डा.भीमकान्त, सरसर्ती पढ्दा, नयाँ घुम्ती प्रकाशन, गुवाहाटी, सन् १९८३।

३) घिमिरे, भवानी- सम्पादक, डुवर्समा नेपाली भाषा, साहित्य र संस्कृति, भानु, डुवर्स विशेषाङ्क, वर्ष - २२, किरण - ३३, वैशाख वि.सं. २०४१।

४) घिमिरे, चुनीलाल, सिक्किमेली नाट्य गतिविधिः एक अवलोकन, खोजी, तेस्रो प्रवाह, अङ्क - ७, दिसम्बर २००९.

५) छेत्री, पदम, तुरामा नेपाली बसोबासको थालनी, बिन्दु, वर्ष ४७, सन् २००८, अङ्क १११- ११३ पृष्ठ - १४३-१४४, १५५-१५६।

६) नेपाली, के.बी, - सम्पादक, बिन्दु, तुरामा नेपाली बसोबासको थालनी- पदम छेत्री, वर्ष- ४७, जनवरी - सितम्बर, २००८। अङ्क - १११-११३।

७) पोखेल, उमा - सम्पादक, शैलपुत्री, स्मारिका, माझगाउँ दर्शन, सन् २०१२।

८) प्रधान, कुमार- पहिलो प्रहर, श्याम प्रकाशन, दार्जिलिङ, सन् १९८२।

९) बराल, मुक्ति उपाध्याय, झ्याउरे पार्टीले गर्नुगऱ्यो, नइ (इण्डिया) पब्लिकेशन, सिलगढी, सन् २०१४।

१०) भराली, खगेन - सम्पादक, स्मृति ग्रन्थ, असम नेपाली नाट्य सम्मेलन, दोस्रो महाअधिवेशन, सन् २०१३।

११) राई, इन्द्रबहादुर, दार्जिलिङमा नेपाली नाटकको अर्धशताब्दी, सन् १९८४।

१२) सुब्बा, ले.क.मङ्गलसिंह- सम्पादक, खोजी, तेस्रो प्रवाह, अङ्क - ७, दिसम्बर २००९.।

# मणिपुरमा नेपाली भाषा



भवानी अधिकारी

मणिपुरमा नेपाली भाषाको कुरा आउँदा सन् १८९३ को तुलाचन आलेको नाम मानसपटमा आउँछ। उसबेला सन् १८९१ मा भएको मणिपुर र बृटिश माझको युद्धको वर्णनको यो "मणिपुरको सवाई" पुस्तक भारतीय आधुनिक नेपाली साहित्यको प्रथम मानिएको छ। नेपाली जाति यस समयदेखि यस प्रदेशमा छ। अझ अघि १८२५/२६ महाराज गम्भीर सिंहले ब्रीटिश फौज यहाँ मगाउँदा त्यहाँ नेपाली सिपाही थिए। यही समयदेखि यहाँ यो भाषा बोल्ने मानिस बसी आएका छन्। प्राकृतिक सौन्दर्यले भरिएको यो भूमि कला-संस्कृति र खेलकुदका माध्यमले विश्व प्रसिद्ध छ।

विभिन्न जाति जनजाति बसोबासो गर्ने यस राज्यको मूल निवासी मणिपुरी भाषी मीतै/मैतै हो। भौगोलिक दृष्टिले मणिपुर पहाड र मैदान दुई भागमा विभाजित छ। इम्फाल भेली मैदान क्षेत्र केवल मणिपुरका क्षेत्रफलको १०% भाग मात्र छ। मणिपुरी भाषी मीतै मैदानमा मात्र बस्दछन्। पहाडमा ३४/३५ जनजातिहरू बस्दछन्। मैदानमा मणिपुरी मुसलमान जसलाई पाङ्गल भनिन्छ ती मैदानमै बस्छन्। पहाडी जनजाति मैदानमा बस्न सक्छन्। मैदानमा बिहारी, मारवाडी, बंगाली, पंजाबी आदि जातिहरू पनि बस्दछन्।

२०२१ मा जनगणना नहुनाले राज्यको जनसंख्या स्पष्ट हुन नसके तापनि ३२ लाख जतिको अनुमान गरिन्छ। २०११ मा हाम्रो जनसंख्या ६३ हजार थियो। यस पछि हाम्रो पलायन धेरै भएको हुनाले र यो क्रम चलिरहेकाले हाल हामीले हाम्रो जनसंख्या ६५ पुग्ला भन्दा पनि अधिकै हुन जाला। यस अवस्थामा भाषा-साहित्यको कुरा गर्दा शायद नकारात्मक हुन जाला। तर भाषा-साहित्यले भने आफ्नो गति लिन बिसाएको छैन।

तुलाचन आलेपछि यहाँ साहित्यिक कार्य अनेक वर्षसम्म देखिएन। १८९१ मा अंग्रेजले मणिपुरलाई आफ्नो अधीन गरे पश्चात् मणिपुरको राजधानी कङलामा अंग्रेजी किल्ला बन्यो। यहाँ १९१७ बाट असम राइफलसको कैम्प बस्यो। यहाँ असम

राइफल्समा धेरै नेपालीहरू थिए । मणिपुरमा नेपाली भाषाको अर्को अध्याय असम राइफल्सबाट शुरू भयो । यहाँ दशैंमा पूजाहरू नेपाली पण्डितहरूबाट हुन्थ्यो । दशैंमा पछि-पछि नाटकहरू खेलिन्थ्यो । १९३५ मा सरस्वती पूजा, दशैंमा नाचगान नेपाली मै हुन्थे, नाटक खेल्थे । १९३९ बाट दोस्रो विश्व युद्ध शुरू भयो । यसमा मणिपुर धेरै प्रभावित भयो । १९४२ मा इम्फालमा बम हानियो । मानिसहरू भागाभाग भए । बर्माबाट पनि हाम्रा अनेक मानिस भागेर कति मणिपुर हुँदै र कति असमको लेखापानी हुँदै भागे । मणिपुरबाट हाम्रा मानिसहरू दार्जीलिङ नेपाल कता-कता शरण लिन पुगे । विश्व युद्धपछि प्रायः सबै मानिस मणिपुर फर्के । १९४७ मा देश स्वतन्त्र भयो । भारतको एकीकरणअन्तर्गत मणिपुर पनि स्वतन्त्र देशबाट १९४९ मा भारतको असम राज्यभित्र एउटा जिल्ला भएर रह्यो । १९७२मा यसले पूर्ण राज्यको दर्जा पाएर बल्ल राज्यको नाम पायो । यसरी मणिपुर प्रदेशको इतिहासको अनेक गतिविधिमा उतार चढाव माझ यहाँको जनसाधारण रह्यो । यसमा नेपाली भाषी पनि आफ्नो कार्यकलापसँग अघि बढिरह्यो ।

सन् १९५३ मा आशारानी राईका प्रयासमा मन्त्रीपुखीमा साहित्यिक बैठक बसेको अस्पष्ट कुरा छ । यसलाई सही मान्न सकिन्छ । यता मणिपुर गोर्खा सुधारक संघ स्थापना १९५१ मा गरियो । यस संस्थाका लेखा-पढी सूचना आदि नेपाली भाषामै चल्थे । यसअघि नै १९३६/३७ बाट हाम्रा गाउँबुढाहरूले आफ्ना जनहरूसँग चिठी पत्र सबै नेपाली नै गरी ल्याएको इतिहास हामीसँग छ । सन् १९६३मा अखिल मणिपुर गोर्खा विद्यार्थी संगठन स्थापित भयो । संगठनको मुखपत्र "सन्देश" पत्रिका सम्पादन भएपश्चात् मणिपुरमा साहित्यको नयाँ पिँढीको उदय भयो । यसबाट कमल थापा 'प्रकाश', आलोक गौतमको सम्पादनमा तथा अन्य साहित्यकारहरूको उदय भयो । भानुजयन्ती, सरस्वती पूजा आदि विद्यार्थी संगठनका कार्य थिए । यहाँ कविता पाठ, तात्कालिक भाषण, सांस्कृतिक नृत्य आदि कार्यले जातीय चिन्हारी तथा भाषा साहित्य विकासमा ठुलो योगदान दियो । सन्देशमा प्रकाशित रचना अति उच्च स्तरका थिए । यसै विकास क्रममा सन् १९८३ मा 'नेपाली साहित्य परिषद्, मणिपुर' स्थापना भयो । नेती प्रकाशन कङ्लातोंबी एक वर्ष पहिले स्थापना गरिएको थियो । पछि साहित्य परिषद् गठनपछि 'नेती' परिषद्को मुखपत्र भयो ।

परिषद् गठनले भाषा साहित्य विकास कार्यमा ठुलो भूमिका रहेको छ । सबै साहित्य प्रेमीहरूको एउटा मञ्च साहित्य परिषद् हुन गयो । मणिपुरमा साहित्यिक गतिविधि सुचारू रूपले हुनलागे । मणिपुर नेपाली भाषा कार्यमा अग्रसर भएर हिँडिरह्यो । उसबेलाका हामीले उल्लेख गर्नुपर्ने अनेक साहित्यकारहरूले यस

भाषाको सेवा गरी नेपाली भाषालाई उन्नतिका मार्गतर्फ सदा लिएर हिँड्ने धेरै नाम छन् । आरम्भकालमा तुलाचन आलेपछि १९६० का दशकबाट चन्द्रेश्वर दुवे यस भाषाका सेवामा अग्रसर रही काम गरे । आलोक गौतम, अनिरूद्ध गौतम स्तरीय कवितासँग यस भाषाका सेवामा देखा पर्नु मणिपुरको एउटा सुखद क्षण आएको हो । आलोक गौतम सम्पादन प्रकाशनमा पनि अग्रसर रही पछिसम्म संस्थामा कार्यरत्त एउटा दर्बिलो खाँबो भएर काम गर्ने एउटा नाम हो । कमल थापा 'प्रकाश' कविता, गीत र विशेष नाटकमा ठुलो योगदान दिने लेखक मणिपुरले अल्पायुमै गुमायो । मरणोपरान्त परिवार द्वारा प्रकाशन कार्य सम्पन्न गर्‍यो । आशारानी राई नेपाली भाषा आन्दोलनमा नेतृत्व दिई यस भाषकी कर्मठ भाषा संग्रामीको मणिपुरलगायत भारतको नेपाली भाषा आन्दोलनमा ठुलो स्थान पाएको नाम हो । पदमबहादुर राई आफ्नो अवकाश प्राप्त जीवनपछि छोटो समयमा कविता, कथा, गीत आदि विविध विधाले यस भाषाका विकासमा ठुलो योगदान पुर्‍याउने व्यक्ति हुन् । भवानी अधिकारीको आगमनले पनि मणिपुरमा नेपाली भाषा विस्तारको ठुलो कार्य गर्न सकियो । निबन्ध, अनुवाद कविता आदिसहित जनसम्पर्कमा अधिक रहनाले नेपाली र मणिपुरी भाषीमा राम्ररी प्रवेश गर्न सक्यो । मुक्ति गौतम पहिले लेख निबन्धमा अग्रसर रही 'मणिपुरमा नेपाली जनजीवन' पुस्तक लेखी सर्वमान्य लेखक हाल कथातिर पनि लम्केको र सफलता पाएको घडी छ । देवी थापा 'मामा', कविता र कथामा अग्रसर नाम हो । मणिपुरका नेपाली कथामा सर्वाधिक कथा लेख्ने कथाकार भनी चिनिन्छ । कीर्तिमणि खतिवड़ा - कविता, कृष्णप्रसाद काफ्ले - छन्द कविताले यस भाषाका सेवक हुन् । पण्डित बद्रीशरण खतिवडा लेख र निबन्धमा प्रवीण एक लेखक जसका नेत्र बेलैमा बन्द भए । खतिवड़ाको धार्मिक, सामाजिक लेख निबन्धमा ठुलो भूमिका छ । राहुल राई विभिन्न विधामा देखिएको नाम हो । डा. सीताराम अधिकारी कविता लेख आदिले यस भाषामा सदा कार्यरत लेखक हुन् । घनश्याम कोइराला खारिएका कवि अनिरूद्ध र आलोक गौतमपछि मणिपुरले ठुलो आशा राखेका कवि हुन् । डा. गोमा अधिकारी विविध पक्षमा लेख्ने लेखिका हुन् । हाल उनको आफ्नो कार्यक्षेत्र असम रहेको छ । मणिपुरका नारी स्रष्टामा आशारानी राईपछि आशा राखेको नाम हो ।

सृष्टि पौड्याल पन्थ, सीतादेवी छेत्री, वसन्ती पौडेल नारी स्रष्टामा गन्नु पर्ने नाम हुन् । सृष्टि घर गृहस्थीले बाँधिएर एक सिर्जना बाहेक अन्य दिन सकेको छैन । सीतादेवी छेत्री बराबर कथा र कविता लेखिका परिपक्व स्रष्टा हुन् । वसन्ती पौडेल विविध प्रतिभासँग उभिएको अर्को उज्ज्वल नाम हो ।

अन्य लेखकहरूलाई यहाँ उल्लेख नगरे यो लेख पूर्ण हुन सक्दैन । १९७५ मै

सीताराम लम्सालको छन्दोबद्ध कविता छापिएको हो । दीपक पन्थ, नेत्र अधिकारी, होमप्रसाद शिवाकोटी, चूडामणि खरेल आदि नाम यहाँ रहनै पर्दछ ।

यो भयो पुरानो पुस्ता । यता नयाँ पुस्ता पनि साहित्यप्रति अग्रसर छ । यसमा साहित्य अकादमी युवा पुरस्कार प्रापक सूरज चापागाईंको नाम अग्रपंक्तिमा आउँछ । दिल्ली कार्यक्षेत्र बनाएका हर्कबहादुर लामगादे कथा, कविता, लेख आदिमा अघि बढिरहेको बेला छ । सैनिक जीवनमा रहेका रोशन दियाली कथा र कविता दुवैमा कुशल स्रष्टा हुन् । अन्य छुटफुट कविता, लेख लेख्ने युवाहरू यसबेला चटाटुन्न भएको घडी छ । यहाँ समीक्षा, जीवनी अनेक विधाका पुस्तकहरू प्रकाशन हुन सकेका छैनन् ।

मणिपुरमा कोरोनाकालमा ओनलाइन धेरै युवाहरू निस्केका हुन् । कोरोना पछि सन् २०२२मा मणिपुरका महाराज लैशेम्बा सनाजाउबा राज्य सभा माननीय सांसदलाई मुख्य अतिथिका आशन ग्रहणमा भानुजयन्ती भव्यतासँग मन्त्रीपुखीमा सम्पन्न गरियो । यसै वर्ष कालापहाडको भाषा दिवसले सबैमा ठुलो उत्साह ल्याएको थियो । यहाँ त्रिपुरा विश्वविद्यालयका कुलपति डा. गंगा परसाईं मुख्य अतिथि र डा. टंकनाथ खतिवडा विशिष्ट अतिथिमा आशारानी पुरस्कार असमबाट श्रीमान् दुर्गा खतिवडाले प्राप्त गर्नुभएको कार्यक्रम अगाडि बढ्ने अर्को खुट्किलो बनेर आयो । नम्बर महिनामा सर्वप्रिय लेखक विश्वमा नेपाली भाषा साहित्य, संस्कृतिका विकास विस्तारमा लागिपर्नु हुने श्रद्धेय गोविन्दराज भट्टराईका आगमनले मणिपुरको नेपाली साहित्य जगत् हर्षमा डुबेको थियो । ९ नवम्बर २०२२ कडल्लातोंबीमा भट्टराई सरका मुख्य आतिथ्यमा मणिपुरले कार्यक्रम सम्पन्न गरी एउटा ऐतिहासिक दिन बनाउन सक्यो । यसरी यस सभामा असमबाट ज्ञानबहादुर छेत्री, सिलगढीबाट मुक्ति उपाध्याय बराल, डा. अञ्जना वस्ती भट्टराई (काठमाण्डू), प्रा. कुमार कोइराला (काठमाण्डू) आदि । अनेक विद्वान्हरूका वक्तव्यमा मणिपुरको साहित्य जगत् जुरुक्कै उठेको थियो । पछि अर्को वर्ष मई ७ का दिन तारिख हाम्रा कवि रोशन दियालीको कोरोनामा अनलाइन लोकार्पण गरिएका पुस्तक विषयको विशेष चर्चासहित कार्यक्रम राखिएको थियो ।

दुर्भाग्य ३ मई २०२३ बाट मणिपुरमा भयावह स्थितिको सृष्टि भयो । कति हो कति मानिसहरूका घर आगो लगाइए । पहाडी खण्डमा रहेका मणिपुरी भाषी आफ्नो ज्यान जोगाएर इम्फालतर्फ भाग्न बाध्य भए । इम्फाल क्षेत्रका 'कुकी जो' नामक जातिहरू पहाडतर्फ भागे । आफ्नै प्रदेशमा आफू मूल जाति शरणार्थी शिविरमा बस्न लागे । एक भाषी मानिस अर्कातर्फ झुक्किएर पुगे त्यो जीवित फर्केन । न त उसको

दिशो पत्तो नै थाहा भो । रातदिन गोली चले । आफ्ना-आफ्ना क्षेत्रमा युवाहरू सुरक्षा कार्यमा हतियारसँग पहरेदार भएर बसे । गोर्खाली जाति पहाड, मैदान दुवैतिर बसोबास गरेका छन् । कर्फ्यू, बन्द, हडताल, जुलुस, गोली बारूद सबैको हल्ला । राज्य पूरै प्रभावित भयो । साहित्यिक कार्यक्रम त अवरूद्ध भयो भयो । दुईटा तिहार बिनादेउसी भैली बिते । सबैमा निराशा छायो । व्यापार व्यवसाय ठप्प भयो । हाम्रो चलिआएको पलायनको प्रवाह तीव्र भयो । सबै सिलगढ़ीतिर ताक्ने धेरै भए । युवाहरू निराश भए । मणिपुरबाट पनि विदेश जाने सिलसिला तीव्र भयो । यसबेला भव्य कार्यक्रम रोकिएकै छन् । मूल जाति नै अन्योलमा हुनाले हाम्रा गतिविधिहरू अघि बढ्न सकिरहेका छैनन् ।

माथिका दुई पेराग्राफलाई यहाँ उजागर गर्नु पर्ने कारण आजको अवस्था जनाउनु हो । सानो संख्यामा रहेको समाज कार्यक्रम, भेला, छलफल, विचारका आदन-प्रदानले आफू प्रेरित हुन्छ । राजधानी इम्फालमा मणिपुरी साहित्यिक कार्यक्रम आठ/दस महिना रोकिएर चल्न लागे । हाम्रो क्षेत्र मैदान-पहाडको सीमा हुनाले जमघट बल्ल अब अलि अलि हुन लागेको छ । यसले हाम्रो साहित्यिक गतिविधि ठप्प भएको यो घडी दर्शाउँछ । उत्साहित युवाहरूका उत्साह सेलाएका छन् । तुलाचन आलेको मणिपुरले अब फेरि अनेक आलेहरू जन्माउनेछ । आज यही आशाका साथ ।

**मन्त्रीपुखी, इम्फाल, मणिपुर**

## पुराना पुस्तकहरू



# अजिङ्गर

मनप्रसाद सुब्बा



सधैंझैं आज पनि बाटो छेउको ठूलो चप्लेटी ढुङ्गामा बसेको छु प्राणायाम गर्न। चुङथुङ चियाकमानको यो शान्त र एकान्त ठाउँ। तीन महिनाअघि दार्जिलिङ सहरको मूल कार्यालयबाट यहाँ बिजनबारीमा ट्रान्सफर भएर आएको एक हप्तादेखि यसो नै म प्रायः बिहानैपिच्छे यस ठाउँमा आउने गरेको छु।

रोमान्टिक स्वभावकाहरूलाई झनै मनपर्छ होला यो ठाउँ। तर म परें टाउकोभरि हिसाबकिताब बोकेर हिंड्नुपर्ने ब्याङ्कको एक ब्रान्च म्यानेजर। कहिले त त्यै हिसाबसित सुल्झुपर्ने हुन्छ। रोमान्टिक भावसित रम्ने फुर्सदै कहाँ र! त्यसो त त्यति निरस पनि होइन म। ब्रान्च म्यानेजरको बोझ बोकिराख्नु पर्ने भए तापनि अलिक सहज किसिमको छोटा कथाहरू पढ्ने गर्छु अझै। कविता चैं पढ्न अल्सी लाग्छ। तर कहिले काहीं विशेष कार्यक्रमतिर मुक्तक र गजल सुन्न (पढ्न होइन), मजा लाग्छ। त्यसो त म भौतिक विज्ञानको विद्यार्थी। तर कलेज सकेपछि एक वर्ष जति केही आध्यात्मिक पुस्तक पढ्ने चाख पनि नभएको होइन।

राति साँढे दश, कहिले एघार बजेतिर ओछ्यान पसे तापनि बिहान पाँच बजे नै ओछ्यान छोड्ने बानी बसाएको छु। हिउँदमा तर साँढे पाँच, कहिले छः मात्र होइन साँढे छ नै पनि बजिहाल्छ। बिहान उठेर दुई गिलास मनतातो पानी खाई नित्यकर्म सिध्याएपछि निस्कन्छु वकमा। वकमा हम्मेसी मलाई साथ दिन्छ टमीले। मैले पालेको होइन, तर टोलको कुकुर यो। बढो सुबानी छ। हल्का फुस्रो रङ्गको यो हेर्दैमा पनि मनपर्दो किसिमको छ। मेरी बिस्किट, कहिले बनरोटी किनेर दिन्छु वकबाट फर्केपछि।

झन्नै पच्चीस-तीस मिनेटसम्मको 'ब्रिस्क वकिङ' पछि अडिन्छु सधैंकै त्यो विशेष ठाउँमा। त्यो बाटुलो चप्लेटी ढुङ्गामा बस्न मात्र होइन, खुट्टा पसारेर पल्टिन पनि मिल्छ। त्यहाँ उभेर व्यायामका छ- सातवटा सामान्य अध्याय गरिसकेपछि बस्छु प्राणायाम गर्न - भस्त्रिका, कपालभाती, अनुलोम-विलोम, भ्रामरी अनि उद्गित। यीमध्ये मलाई सबभन्दा धेरै मन पर्ने चैं हो अनुलोम-विलोम, भ्रामरी र

उद्‌गत। प्राणायामका यी आसनहरूबाट मलाई शारीरिक मात्र होइन तर मानसिक र आत्मिक सम्बल नै पनि पाइरहेको जस्तो लाग्छ। तर चियाबारीको खुल्ला परिवेशमा बसेर यी आसनमा लीन भई बस्नु मलाई निकै जोखिम पनि लाग्छ। हो, अब यहीँबाट शुरू हुन्छ मैले यहाँ भन्न खोजेको मेरो खास कथा।

अनुलोम-विलोम कम्तीमा दश मिनट अनि बढीमा पन्ध्र मिनट गर्ने गर्छु। यो प्राणायाम क्रियामा म आफ्नो मनलाई एक विशेष बिम्ब-शृंखलाको खुड्किलोमा टेकाउँदै उकाल्दै एक विशेष आत्मिक शिखरमा उक्लेर, मानव मथिङ्गलले बुझेको दिक्-कालको अवधारणादेखि पारिको असीम-अनन्तमा समाहित हुन खोजिरहेको हुन्छु क्षणभर। स्वभावतः आँखा चिम्म हुन्छ। तर मेरो अत्यन्त सामान्य कमजोरी के हो भने कहिले कहीं आफ्नो बन्द आँखाहरूबाट नै म ती डरलाग्दा कुराहरू देख्छु जुन आँखा खुल्ला रहँदा देख्दिनँ। र ती कुराहरूले प्राणायाम क्रियामा मेरो मनलाई निकै नै खल्बल्याउने पनि गर्छन्। जस्तो कि चियाबारीबीच यसरी प्राणायाममा लीन भइराखेको बेला आहारको खोजीमा हठात् अजिङ्गर त आउँदैन ? टमी र म - हामी दुईमध्ये एकजना त्यसको शिकार हुनैसक्छ! टमीलाई अजिङ्गरले लपेटेछ भने के म त्यसको उद्धार गर्न सकुँला ? सायद त्यसको असहाय क्याउँ क्याउँ विदीर्ण पुकार मेरो कानमा तीखो बज्दाबज्दै पनि म होश उडेको भएर हाम फाल्दै भागिसकेको हुन्छु! तर.. अजिङ्गरले मलाई नै लपेट्यो भने नि त ? टमीले के गर्ला त्यस बेला ? डराउँदै भए पनि भुक्ला जोडजोडले, अजिङ्गरलाई टोक्न नै पनि झम्टेला। के त्यसबेला म अजिङ्गरको कस्सिदै जाने लपेटाइबाट फुत्किन सक्छु होला र ? यो एकसट्ठी केजीको ज्यानमा त्यत्रो बल कहाँ र ? भएभरको बल निकालेर सायद पाँच-सात मिनेटसम्म त्योसँग लड्न सकुँला। तर झन्‌झन् कस्सिदै गएको त्यसको लपेटाइले म फतक्क गलिसकेको हुँला अनि मेरो शरीरका सारा हड्डीहरू कन्याककुरुक फुटाएर त्यसले मलाई निल्न थाल्नेछ टाउकोबाट। मलाई थाहा छ अजिङ्गरले जुनै जनावर पनि टाउकोबाटै निल्छ। खुट्टापट्टिबाट निल्न सायद निकै असजिलो हुन्छ।

मेरो टाउको त्यसको मुखभित्र परिसकेपछि त बस् अन्तरिक्षको एउटा कुनै ग्रह ब्ल्याक होलभित्र परेर हराए जस्तै हुन्छ। अनि म हराएको हुनेछु निश्चिन्ह। जुत्ता खोलेर एक छेउमा राखी प्राणायाम गरिरहेको अवस्थामा अजिङ्गरको आहार भई यस लोकबाट हराएको मलाई खोज्नेहरूले मेरो जुत्ताबाहेक केही पनि भेट्‌ने छैनन्। जुत्ता फुकाल्नअघि नै त्यसको शिकार भइयो भने त केही पनि भेट्‌ने छैनन्। अनि त मलाई फोनमा सम्पर्क गर्न खोज्नेहरूले पनि 'सम्पर्क क्षेत्रदेखि बाहिर' भन्ने मात्र सुन्नेछन् किनकि ट्राउजरको गोजीमा रहेको फोनसहित म अजिङ्गरको भुँडीभित्र पसिसकेको

हुन्छु.... त्यसरी म मरेको कुनै चिन्ह, कुनै प्रमाण या कुनै प्रत्यक्षदर्शी नरहेपछि मेरो लाइफ इन्स्युरेन्स पनि मेरा परिवारकाहरूले कसरी खोज्ने ? मिसिङ पर्सन अर्थात् लापत्ता मान्छेको डेथ सर्टिफिकेट कुन डक्टरले देला र ! त्यो एक जोर जुत्ता मेरो मृत्युको प्रमाण कसरी पो हुन सक्ला र ! मृत्युको प्रमाणपत्र नपाएपछि मेरो आफ्नै विभागले पनि मेरो हकको रकमहरू मेरो परिवारलाई भुक्तान गर्न सक्ला कि नसक्ला ! अनि ..त्यसरी म हठात् यो धरातलबाट कसैले थाहै नपाई हराएपछि मैले दुई वर्षअघिदेखि मात्र स्पोन्सर गर्दै आएको मेरा ती तीनजना स्थानीय गरीब विद्यार्थी नानीहरूको पनि के हाल होला ? अर्को कुरा यो पनि छ कि त्यसरी बिनाप्रमाण संसारबाट सुटुक्कै हराएको मान्छेको अन्त्येष्टि पनि कुन आधारमा गर्ने ? अनि त मेरो, अर्थात् त्यस्तो मृतकको आत्माले बाटो नपाएर त्यसै भटकिरहला !...

आँखा चिम्म गरेर अनुलोम-विलोम गर्न थाल्दाथाल्दै यस्तो भयावह कुराले मेरो आङ र टाउको फुल्लिन्छ। मेरा आँखाहरू स्वतः दाहिने-देब्रे र पछिल्तिर फर्किन्छन्। धत्! आबुको छोरालाई वाबुले के गर्छ र ! बुढाहरूले भनेको यो उक्ति सम्झिन्छु । फेरि - अजिङ्गरको आहार दैवले जुराउँछ पनि भन्छन् । अजिङ्गरको लागि दैवले जुराएको त्यो आहार मै त होइन ? फेरि आङ फुल्लिन्छ । हैट ! जे हुनु छ हुन्छ नि ! हुनेहुनामी कसले टार्न सक्छ ? प्रारब्धवादीको यस्तो कुराले पनि मलाई आत्मसमर्पणको भावतर्फ निहुराउँछ । मलाई निलेपछि त्यो अजिङ्गरले कति दिनसम्म आहार खोज्नु पर्दैन होला ? तीन दिन ? चार दिन ? कि एक हप्ता ?

बाह्र-पन्ध्र सेकेन्डभित्रै यति थुप्रो कुरा आएर मेरो प्राणायाम क्रियालाई खल्बलाइसकेको हुन्छ। म फेरि आफ्नो ध्यानलाई एकत्रित गर्छु। सम्झिन्छु - बुद्धले जस्तो आँखा आधा बन्द, आधा खुल्ला राख्नु उचित होला। यस क्षण म सम्झिरहेको छु मलाई कसैले वाट्सएपमा पठाएको त्यो एक छोटो कविता जुन यस्तो छ -

ओ बुद्ध !
तिम्रो त्यो यौटा कला
मलाई पनि सिकाऊ है
कि तिमीले जस्तो सधैं
आँखा कसरी आधा खुल्ला राख्नु
अनि आधा बन्द राख्नु !
म त बुद्धु
कि आँखा पूरै ह्वाङ्ङ पार्छु
कि पूरै ड्याम्म बन्द !

तर ओ तथागत !
मेरो यो संसारी आँखामा कहिले पो आउला
तिम्रो त्यो अर्धनिमीलित आँखाको कला !

यो कविता पाएदेखि साह्रै घतमा गएकोले बारम्बार पढिरहन्छु र यसको एकएक लाइन याद भइसकेको छ । तर कवि को हुन् थाहा छैन । कविको नामबिनै फरवर्ड गरिएको थियो मलाई ।

बुद्धको अर्द्धनिमीलित आँखाको अरू नै गहिरो दार्शनिक अर्थ भए तापनि मैले चाहिं आँखाको यस्तो अर्द्धचिम्म अवस्थालाई व्यावहारिक अर्थमा सोचिरहेछु । र मेरो यो व्यावहारिक अर्थ चाहिँ वास्तवमा मभित्र लुकेर बसेको डरबाट उप्जेको मात्र हो । यतिका वर्षदेखि म नियमित रूपले प्राणायाम गरिरहेको छु तर मैले आज आफूभित्र नकरात्मक कल्पनाबाट उठेको डरलाई जित्न सकिराखेको छुइनँ । प्राणायामको व्यावहारिक (शारीरिक) फाइदादेखि माथि उठ्न सकेको छुइनँ रहेछु अझै ।

यसरी मन अस्थिर भइरहे तापनि प्राणायाम क्रिया जसोतसो गरेर उठें ।

बाटोमा हिँड्दा पनि अजिङ्गर सम्भिँदै हिँडें । म सानो ठिटो छँदा हाम्रो घरमा तोङ्बा खाँदै गफिने एकजना मान्छेले भनेको कथा मेरो कानमा ताजा भई दोहोरियोः दुईजना मान्छेहरू एउटा ठूलो जङ्गलबीचको गोरेटो हिँडेर कतै टाढा गइरहेका... थकाइ मार्ने मनाशयले छेवैमा एउटा तेर्सो लडिराखेको गत्तिलो लामो रुखमाथि बस्छन् ... रुखको जीउमा केही झ्याउ उम्रेको, पातपतिङ्गर पनि टाँसिएको ... केही क्षणपछि भूईँचालो आए जस्तो हल्लिएको थाहा गर्छन् ... तर रुखपातहरू हल्लिएका छैनन् । आफूहरू बसिराखेको रुख मात्रै हल्लिएको बुझ्छन् तिनीहरू । अनि रुखको एक छेउदेखि अर्को छेउ नियालेर हेरेपछि थाह पाउँछन् - त्यो रूखको मुढा ठानेर बसेको त एउटा बुढो अजिङ्गर पो रहेछ ! अनि त दुवैजना तर्सेर उफ्रिँदै भाग्छन् ..! सुरक्षित ठाउँमा पुगेपछि एक साथी, आँखा फारेर, फ्याँ फ्याँ हुँदै बोल्छ - 'धत् ! कसो बाँचियो है ! अजिङ्गर धेरै बुढो भएपछि एकै ठाउँ रुखको मुढा जस्तो बसिरहन्छ अरे । त्यसको मुखको अगाडि आएका जीवजन्तु सासैले तानेर निल्छ अरे । त्यसै र त्यसको मुखअगाडिको ठाउँ चिल्लो हुन्छ रे नि !...'

'गुड मर्निङ सर ।' विपरीत दिशाबाट आइरहेको एकजना भाइको आवाजले म हठात् वर्तमानमा फर्किन्छु । 'मर्निङ भाइ । ' हलुका मुस्कानसित यति भन्छु । तर हामी आआफ्नो दिशातर्फ हिँडिरहेकै हुन्छौं । लडिरहेको सुक्खा रुख 'यथार्थ'मा 'अजिङ्गर' रहेको त्यो कुरा सम्झेर मनमनै भन्छु - उत्तरसत्य भन्ने कुरा उहिल्यैदेखि थिएछ । तर

त्यो आजको भन्दा निकै रमाइलो किसिमको थिएछ कि ! त्यस्तै रमाइलो उत्तरसत्य कथा अर्को पनि भनिहालूँ, यद्यपि त्यो अर्कै विषयमा छ जुन यस्तो छ - बिहे भइराखेको थियो । तर बेहुला-बेहुलीलाई चाहिँ सानो आँखीझ्याल भएको ठूलो काठको बाकसमा बन्द राखिएको थियो । बेहुलीले बेहुलालाई सोध्छे - 'आज बिहाकै दिन हामीलाई किन यसरी बाकसमा बन्द राखिएको ?' बेहुलाले कारण बताउँछ - 'म सानै छँदा ज्योतिषीले बालाई भनेका रहेछन् कि बिहाकै दिन कतैबाट बाघ आएर मलाई खानेछ । बाघबाट बचाउनलाई बाले यो उपाय गरेका हुन् ।'

बालिका बेहुली भन्छे - 'बाघ कस्तो हुन्छ मैले देखेकी छैन । नक्शा बनाएर देखाउनुहोस् त !'

बेहुलाले बाकसको एक कुनामा भएको धुपौरोबाट सानो कोइलाको टुक्रा टिपेर भित्तामा बाघको चित्र कोर्छ । अनि त, बाघको चित्र बनिसक्नासाथ त्यै चित्र नै साँच्चैको बाघ बनेर बेहुलालाई खान्छ !

जन्मेको छैठौं दिनमा भावीले आएर लेखेको जसरी पनि पूरा भइछोड्छ - भन्थे यो कथा भन्ने बुढा मानिस ।

के ठेगान कि मेरो मनको जङ्गलबाट निस्केको अजिङ्गरले मलाई पनि साँच्चै नै निल्ला ! तर त्यतिबेला उत्तरसत्यभन्दा पनि भयङ्कर यो सत्य कसैले पत्याउलान् ?

कुनै कुनै सत्य त उत्तरसत्यले दन्त्यकथाकै रूप लिएको पनि सुनिन्छ, पढिन्छ । दशौँ कक्षाको विद्यार्थी छँदा मैले पढेको महानन्द पौड्यालको पाँडे काजी सम्झिराखेको छु अहिले । हामीलाई नेपाली पढाउनुहुने पूर्ण साँबा सरले साह्रै चाखलाग्दो ढङ्गमा पढाउनुहुन्थ्यो । सुनिरहूँ लाग्ने । पश्चिम सिक्किमको थर्पूमा पछि भेटिएका नौनी जस्तो च्वाट च्वाट काटिएका ढुङ्गाहरू 'वास्तवमा' पाँडे काजीले एउटा डरलाग्दो अजिङ्गरलाई तरबारले ढुन्क्याएर तरबारकै टुप्पोले फित्कौलीलेझैँ उछिट्याएपछि 'अब नकुही, नगन्हाई शिला-पत्थर भई बस्नू' भन्ने आदेश दिएकाले ती टुक्राहरू त्यसरी रहेका हुन् भन्ने कथा निर्मित भयो ।

अर्को दिन । सधैंको समयमा उही दिशातर्फ आधा घण्टा हिँडेर तर बाटो छेउको टौवामा छु । फलामका एङ्गलहरू चार सुरमा खडा गरी टिनको छाना ओढाइएको टौवा, सिमेन्टले चिल्लो लिपेको भुइँ । मेरा साबिक व्यायाम सकेपछि जुत्ता फुकालेर त्यै ओछ्याएर बस्छु प्राणायाम गर्न । अजिङ्गर-चिन्ता धेरै कम भएको अनुभूत हुन्छ यहाँ । छेउछाउमा तीन-चारवटा घर पनि छन् । तर तीन दिनअघि पाएको एउटा वाट्सेप पोस्टले निकै डिस्टर्ब गर्न खोजिराखेको छ । फोटोसहित दिइएको पोस्टमा लेखिएको

थियो - गुजरातको ... गाउँमा (गाउँको नाम बिर्सें), आफ्नै घरको सिकुवामा खेलिरहेकी बाह्र-तेह्र वर्षे ठिटी त्यहीं सिकुवामै अजिङ्गरको शिकार भएकी अनि टाउकोदेखि कम्मरसम्म निलिसक्दा मात्र गाउँलेहरूले देखेर बालिकालाई अजिङ्गरबाट छुटाउन सफल भएको, तर उसको प्राण गइसकेको.. । वाट्सएपको त्यो सचित्र पोस्ट मेरा आँखाअघि घरिघरि आइरहेको छ । अजिङ्गर त जङ्गल र झोडीबाट मान्छे बस्ने घरसम्म पनि आउँदो रहेछ आहारको खोजीमा । भनेपछि यो टौवा पनि कहाँ सुरक्षित छ र ! अनि त कतिसम्म ढुक्कले म प्राणायाम गर्न सकुँला र ? स्थिर र अस्थिर हुँदै, बीचबीचमा आँखा खोलेर चिहाउँदै पनि, प्राणायामका केही अध्यायहरू प्रत्येकको समयावधि घटाएरै भए पनि पूरा गरें ।

फेरि सम्झन्छु कि उहिले ऋषि-मुनिहरूले वानप्रस्थ आश्रममा वर्षौं तपस्या गर्थे अरे । कतिलाई त खाए होलान् अजिङ्गरले ! तर यस्तो कुरो लेखिएन । या त उनीहरूको तपस्याको तागतले उनीहरूमाथि यस्तो जोखिम आइलाग्दैन थिए ।

मेरो लागि प्राणायामको सबभन्दा जोखिम अध्याय चैं हो भ्रामरी । आँखा मात्र होइन तर दुवै कान पनि दुई बुढी औंलाले बन्द गरी दृश्य र ध्वनि दुवैबाट अलग रहनुपर्ने यो प्राणायाम निकै जोखिमपूर्ण लाग्छ यस्तो एकान्त ठाउँमा । केही घस्रेर आएको खस्याकखुसुक आवाज मात्र होइन, तर ठूलै आवाजबाट पनि आफू अलग्ग भइने यो प्राणायाम गरिरहेको बेला केही पनि हुनसक्छ ! अजिङ्गर मात्र किन र ! निगाले, चितुवा, बौलाहा स्याल जस्ता जनावरहरूकै आक्रमण पनि त हुन सक्छ ! बाटोमा हिंड्ने कुनै अपराधी प्रवृत्तिको मान्छेले नै पनि खतरा केही गर्न सक्छ यस्तो अवस्थामा ।

यी सब कुरा मैले यसरी भनिरहँदा मलाई धेरैले डरछेरुवा पनि भन्लान् । तर आफू वरिपरिका खतराप्रति सचेत रहनुलाई डरछेरुवा हुनुको संज्ञा वा विशेषण दिइन्छ भने त्यो म स्वीकार्छु । किनकि क्यै गर्नलाई पहिले आफू जीवित त रहनै पर्‍यो नि । जीवित रहेर नै त केही गर्न सकिन्छ । ठूलै क्यै गरेर मर्नु अर्कै कुरो हो । तर म चाहिँ यस्तो मान्छे भएँ कि मैले समाजको लागि, जातिको लागि क्यै गर्ने कुराको परिकल्पना गर्नै सक्दिनँ । समाजलाई, चाहेरै पनि, समय दिन सकिराखेको छुइनँ । न त कला-साहित्यप्रति नै मेरो क्यै छ, न त खेलकुदमै । म त बस्, गणितको जोडघट, गुणा, भाग, प्रतिशतमै अल्झेर बसेको बसेकै ! अनि कहिले काहीँ त यस्तो पनि लाग्छ कि म बरू अजिङ्गरकै आहार भइदिएँ भने त्यो मेरो जीवनको एउटा ठूलै सार्थकता हुन्छ होला ! कमसेकम एउटा जीवको लागि केही दिनसम्म भोक टार्ने वस्तु त बन्न सकें !

तर यो त बस्तुगत उपयोगिता मात्रै पो भयो नि ! त्यो पनि एकपल्टलाई मात्र । धत् ! अलिक माथि उक्लेर सोच् न हौ ! जीवन बाँच्नुको केही उच्च र फराकिलो सोच हुनुपर्छ । प्रत्यक्ष-परोक्ष, तेरो जीवन मानव समाजलाई उपयोगी नै भैराखेको छ । आफू स्वाभाविक रूपले बाँचिदिनु मात्रले पनि समाजलाई लाभ नै भैराखेको हुन्छ । 'दे अल्सो सर्व हु ओन्ली स्ट्यान्ड एण्ड वेट' - मिल्टनको 'अन हिज् ब्लाइन्डनेस'-बाट यो लाइन मेरो ओँठमै आयो । ईश्वरको सच्चा सेवक कसरी बन्न सकिन्छबारे मिल्टनले यसो भनेका भए तापनि तर ईश्वरलाई सम्झेर मैले केही गर्नु छैन । मलाई त परिवारको लागि बाँच्नु छ, परिवारहरूले बनेको समाजको लागि बाँच्नु छ । हैट ! तर यो पनि हो र ? एक दिन हठात् भुईँचालो आउँदा 'भुईँचालो आयो' भन्दै अत्तालिएर आफू मात्र फुत्त बाहिर निस्केको घटना सम्झिन्छु । धेरै वर्षअघि मेरै गाउँको एउटा घरमा आधारातमा आगो लाग्दा दुई बाजेबोजु हतार हतार सुरक्षित ठाउँमा निस्केर बाँचेको तर सुतिरहेका दुई नाति-नातिनी जलेर कोइला भएको घटना मैले आफ्नै आँखाले देखेको । मान्छे अरूको लागि बाँचेको हो र ? मान्छेको मूल प्रवृत्ति प्रथमतः आफ्नै लागि बाँच्नु हो ।

भोलिपल्टदेखि टमीलाई मात्र साथमा लिएर होइन तर मेरो अफिसको एक सहकर्मी साथीलाई पनि आफूसँग हिँडाएर निस्कन थालेँ । एक्लै आउन पर्दा वक् अनि व्यायाम मात्र गरेर प्राणायाम चाहिँ आफ्नो अपार्टमेन्टभित्रै भुईँमा म्याट ओछ्याएर निश्चिन्त भई गर्न थालेँ । तर खुला आकाशमुनि खुला परिवेशमा बसेर प्राणायाम गर्नुको आनन्द घरभित्र पटक्क नपाइँदो रहेछ । म आफ्नो घरमा हुँदा माथि छतमा निस्केर गर्थें । यहाँ त्यो सुविधा छैन ।

खासमा मभित्र त्यो ठाउँमा अजिङ्गरको यति बिघ्न डर उब्जिएको चाहिँ त्यो दिनदेखि हो जुन दिन मेरै अफिसको स्थानीय गार्डले छोटा रञ्जीतको बगरमा एउटा अजिङ्गरले मृगलाई अँठ्याइराखेको भेटिएको कुरा गरेको थियो । फेरि कतिजना स्थानीयहरू भन्छन् - त्यो सब हाउडे कुरा हो । छोटा रञ्जीत इलाकामा चैं आजसम्म अजिङ्गर भेटिएको छैन । अनि म यै हो र होइन-को बीचको बाटोमा हिँडिराखेको छु । मनमा यी कुरा खेलिरहेको बेला मेरो प्यान्टको देब्रे पकेटमा साइलेन्ट मोडमा राखेको फोन भुर्भुर गरेको थाह पाउँछु । मेरो भाइ भवेशको कल रहेछ । मेरो 'भन् भवेश ! -लाई उसको उत्तर -'मैले तिमीलाई पठाएको वाट्सएप पोस्ट हेरेको छैनौ ? क्या डरलाग्दो अजिङ्गर निस्केको थ्यो यहाँ बाँसघारीमा ! फोटो पठाइदेको छु ।'

मार्ग्रेट्स चियाकमानको तल्तिर बाँसघारी भन्ने गाउँ उसको ससुराली । अस्तिको

दिन गएको बुहारी अनि पाँच बर्षे छोरीसहित । उसले पठाएको फोटो नहेरी नै तुरुन्तै भन्छु उसलाई - 'नानीलाई बाहिर खुल्ला खेल्न नदिनू है ! तिमीहरू पनि अलिक जोगिएर हिँड्नू ! अनि कहिले फर्किने ?'

'भोलि !' छोटो उत्तर उसको ।

'भोलि बिहानै निस्किनू त्यहाँबाट । ' भनेर फोन राख्छु ।

जे सुकै होस्, भोलिदेखि त फेरि म बाहिरै निस्कन्छु, । बिहानै त्यहाँको चोखो, शान्त र मिठ्ठो परिवेश, विशेष यो अक्टोबर-नोभेम्बर महिना साह्रै रमाइलो, बसिरहूँलाग्दो हुन्छ त्यो खोलापारिको चियाबारी परिवेश...

आज छुट्टीको दिन बिहान छिट्टै खाजा खाएर लेख्न थालेको मेरो यो लेखौट जुन 'चियाबारी परिवेश डट डट डट' लेखेर टुङ्ग्याइदिएको छु, भरे साँझपख हिमालय दर्पण-लाई विशेष अनुरोधसहित इमेल गरिदिन्छु । भोलि बिहान म बकदेखि फर्किन रहेछु भने आउने कुनै दिन हिमालय दर्पण-मा मेरो यो लेखौट पढेर मेरो लापत्ताबारे निश्चय केही सङ्केत पाउनेछन् मेरा घरकाहरूले, साथीहरूले ...


## कर परिपालना सम्बन्धमा सबै करदातामा सूचना

१. रोजगारी गर्ने सबैले व्यक्तिगत प्यान नम्बर लिउँ । व्यवसाय/कारोबार गर्ने सबैले व्यावसायिक प्यान नम्बर (स्थायी लेखा नम्बर) लिएर मात्र कारोबार गरौं ।
२. वस्तुको कारोबार गर्ने व्यक्तिले आफ्नो वार्षिक कारोबार ५० लाखभन्दा बढी हुन्छ भने अनिवार्य रूपमा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएर मात्र कारोबार गरौं । सेवामूलक व्यवसाय गर्ने व्यक्तिले २० लाखभन्दा बढी वार्षिक कारोबार हुन्छ भने अनिवार्य रूपमा भ्याटमा दर्ता भएर मात्र कारोबार गरौं । वस्तु तथा सेवा दुवैको कारोबार गर्नेले वार्षिक रूपमा २० लाखभन्दा बढी कारोबार हुने भएमा भ्याटमा दर्ता गरेर मात्र कारोबार गर्नुहुन ।
३. मदिरा तथा सुर्तीजन्य वस्तुको कारोबार गर्नेले अनिवार्य रूपमा अन्तःशुल्क इजाजतपत्र लिएर मात्र कारोबार गरौं । इजाजतपत्र सबैले देख्ने गरी कारोबारस्थलमा राख्नुपर्नेछ । प्रत्येक वर्षको श्रावण मसान्तभित्र अन्तःशुल्क इजाजतपत्र नवीकरण गरेर मात्र कारोबार गर्ने गरौं ।
४. व्यवसाय गर्ने स्थलमा अनिवार्य रूपमा सबैले देख्ने गरी स्थायी लेखा दर्ता प्रमाणपत्र र करपाटी राख्ने गरौं । बील बिजक लिने/दिने कार्यलाई अनिवार्य गरौं ।
५. जुनसुकै वस्तु तथा सेवाको कारोबार भए तापनि कारोबारको खरिद बिक्री खाता दैनिक रूपमा स्वयं प्रमाणित गरी अद्यावधिक राख्ने गरौं । तिर्न बाँकी कर बक्यौता समयमै दाखिला गरी थप ब्याज र जरिवानाबाट बचौं ।
६. व्यवसाय सञ्चालन नगर्नेमा व्यवसाय वा कारोबार बन्द गरे तापनी कर कार्यालयमा आई स्थायी लेखा नम्बर स्थगन नगर्दा पछि थप कर र जरिवानामा परिन्छ । त्यसैले कारोबार नगरेमा प्यान बन्द गरौं ।
७. कारोबारको आय विवरण प्रकित गरी असोज मसान्तभित्र अनिवार्य रूपमा पेस गरौं ।

[illegible]

**करदाता सेवा कार्यालय**

तम्घास, गुल्मी

फोन : ०७९-५२००९९/०७९-५२००२०

# पूर्वोत्तर भारतमा नेपाली समालोचनाको विकासको रूपरेखा



ज्ञानबहादुर छेत्री

## प्राक्कथन

साहित्यका सबै विधाहरू मध्ये कान्छो विधा हो समालोचना। समीक्षा, आलोचना, पर्यवेक्षण, अवलोकन, सिंहावलोकन, विहङ्गावलोकन, पर्यवेक्षण, दृष्टि, विवेचना, निरीक्षण, निरुपण, परीक्षा, टिप्पणी, प्रतिक्रिया आदि समालोचनाका पर्यायवाची शब्दका रूपमा प्रयोग भएको पाइन्छ। समालोचनामा साहित्यका सिद्धान्तका साथै सबै विधाका कृतिहरूमाथि विचार विमर्श गरेर शैली तथा अन्य विभिन्न पक्षहरूलाई चिरफार गरी मूल्याङ्कन गरिन्छ। समालोचनाले कुनै कृतिलाई धेरै माथि उठाउन सक्छ भने कहिलेकाहीँ त्यसको उल्टो पनि हुन सक्छ। वास्तवमा, कृतिमा जे छ त्यही देखाउनु समालोचनाको धर्म हो। समालोचकमा कृतिमा भएका कमी कमजोरीहरू देख्ने दृष्टि र अभिव्यक्त गर्न सक्ने आँट हुनुपर्दछ। त्यसैले समालोचनालाई कठिन जोखिमपूर्ण विधा मानिन्छ।

## व्युत्पत्ति र परिभाषा

'लोच' धातुमा 'आ' उपसर्ग र 'ल्युट' (अन) प्रत्यय लागेपछि स्त्रीलिङ्गमा 'टाप' प्रत्यय जोडिँदा आलोचना हुन्छ, त्यसमा फेरि 'सम' उपसर्ग लाग्दा समालोचना शब्द बनिन्छ। शाब्दिक व्युत्पत्ति अनुसार समालोचनाको अर्थ सन्तुलित रूपमा कृतिलाई हेर्नु अर्थात् जाँच्नु भन्ने हुन्छ। आसमन्तात् सम्यक् अवलोकयति इति समालोचना अर्थात् समग्र कोणबाट गुण दोष निरूपण गर्नु। नेपाली बृहत् शब्दकोशमा समालोचनाको अर्थ- १. कुनै विषयवस्तु वा कुराका राम्रा-नराम्रा पक्षको मूल्याङ्कन निष्पक्षताका साथ गर्ने काम। २. कुनै साहित्यकारका विशेषता वा साहित्यिक कृतिका गुण-दोषको वस्तुगत विवेचना। ३. कुनै ग्रन्थ, लेख, व्यक्ति आदिका गुण-दोषको सम्यक् विवेचना गरिएको लेख वा प्रबन्ध, आलोचना, समीक्षा भन्ने दिइएको छ।

कृतिको मूल्याङ्कन व्याख्यापरक हुन्छ। मूल्याङ्कन र व्याख्या भिन्न कुरा भए

पनि यी परस्पर विरोधी नभएर एउटै सिक्काका दुई पाटा जस्तै हुन् । व्याख्यामा बढी बल दिने हुँदा मूल्याङ्कनलाई उपेक्षा गरियो भने त्यसलाई असल समालोचना भन्नु मिल्दैन । समालोचनामा प्रयोजनीय व्याख्या र मूल्याङ्कन अनिवार्य हुन्छ ।

पूर्वेली तथा पाश्चात्य समालोचनाका सैद्धान्तिक र प्रायोगिक गरी दुई मुख्य भागमा विभाजित गरिएको छ अनि तिनका पनि अनेक भेद-उपभेदहरू छन् ।

यस आलेखमा पूर्वोत्तर भारतको नेपाली समालोचनालाई तीनवटा चरणमा राखेर अध्ययन गर्ने प्रयास गरिएको छ ।

पहिलो चरण आरम्भदेखि १९८० सम्म - (प्राथमिक काल)

द्वितीय चरण (१९८० देखि १९९९ सम्म)- विकास काल

तृतीय चरण (२००० देखि यता)- समकालीन युग

**पहिलो चरण (१९४७ देखि १९८० सम्म)--प्राथमिक काल ।**

इस्वी १९२२ मा जन्मभूमि पत्रिकामा कवि धरणीधर शर्माको काव्यग्रन्थ नैवेद्यमाथि प्रसिद्ध साहित्यकार सूर्यविक्रम ज्ञवालीको समालोचना प्रकाशित भएको थियो । अहिलेसम्मको खोज अनुसार ज्ञवालीको त्यस लेखलाई पहिलो भारतीय नेपाली समालोचना अनि तदनुसार सन् १९२२ लाई भारतीय नेपाली समालोचनाको प्रस्थान बिन्दु मानिन्छ । मणिसिंह गुरुङले सम्पादन गरेको गोर्खा सेवक (१९३६-१९३९) मा गुरुङका स्तरीय साहित्य समालोचना प्रकाशित हुन्थे भन्ने कुरा गवेषक खेमराज नेपालको पूर्वोत्तर भारतको नेपाली साहित्यको इतिहासमा पाइन्छ तर स्पष्ट रूपमा लेखको उल्लेख गरिएको छैन । नेपाली समालोचनाको कुरा गर्नु पर्दा साहित्य अकादेमी पुरस्कार विजेता तेजपुरे साहित्यकार पुष्पलाल उपाध्यायलाई पूर्वोत्तरका पहिलो समालोचक मान्नुपर्दछ । उपाध्यायको प्रभात (हस्तलिखित) पत्रिकामा १९४७ को जुन महिनामा प्रकाशित कविवर भानुभक्त शीर्षकको लेख प्रकाशित भएको थियो । त्यस लेखमा लेखक पुष्पलाल उपाध्यायका नामका अघि 'समालोचक' विशेषण थपिएकोले पत्रिकाका विद्वान् सम्पादकले समालोचना विधालाई निकै महत्त्व दिँदै लेखकको समालोचक व्यक्तित्वलाई बुझेर समालोचकका रूपमा उनलाई स्वीकृति दिएको स्पष्ट हुन्छ ।

पहिलो चरणमा र त्यसअघि पनि दार्जीलिङ, बनारस, देहरादून र छिमेकी राष्ट्र नेपालका पत्र-पत्रिकामा पूर्वोत्तरका लेखकका लेख प्रकाशित भएको जानकारी पाइन्छ । तिनमा अन्वेषक खेमराज नेपालले पूर्वोत्तर भेकका मणिसिंह गुरुङ, रामप्रसाद

ज्ञवाली, गङ्गाधर उपाध्याय, हरिप्रसाद उपाध्याय आदि लेखकका समालोचनात्मक लेख प्रकाशित भएको कुरा उनको पूर्वोत्तर भारतको नेपाली साहित्यको इतिहासमा उल्लेख गरेका छन् । त्यसैले यस आलेखमा पहिलो चरणका प्रतिनिधि समालोचकका रूपमा मणिसिंह गुरुङ र पुष्पलाल उपाध्यायलाई राखिएको छ ।

**मणिसिंह गुरुङ (१८९८-१९६८)**

कलकत्ता विश्वविद्यालयबाट बीए परीक्षा पास गरेका मणिसिंह गुरुङ नेपाली भाषा-साहित्यका लागि मरिमेटने प्रातःस्मरणीय सेवक हुन् । उनी ठुलै ओहदाको पदमा रहेर शानको जिन्दगी जिउन सक्थे, तर उनले भाषा र जातिको सेवा गर्ने कन्टकपूर्ण जीवन रोजे । १९३६ को जनवरीदेखि उनले नेपाली भाषामा गोर्खा सेवक नामको साप्ताहिक पत्रिकाको प्रकाशन शुरु गरे । गुरुङका समालोचनात्मक लेखहरू देहरादूनबाट प्रकाशित गोर्खा संसार, तरुण गोर्खा अनि दार्जीलिङ, बनारसका पत्रिकामा पनि प्रकाशित हुन्थे भन्ने कुरा अन्वेषक खेमराज नेपालले उल्लेख गरेका छन् ।

**पुष्पलाल उपाध्याय (१९०६-१९९०)**

पुष्पलाल उपाध्याय मूलतः कवि हुन् । पुष्पाञ्जली (१९६८) र उषा-मञ्जरी (१९८७) उनका दुईटा काव्यकृति हुन् जसमा पछिल्लो कृतिका लागि उनले साहित्य अकादेमी पुरस्कार हासिल गरेका हुन् । पूर्वोत्तर भारतको नेपाली समालोचनाको कुरा गर्नु पर्दा पुष्पलाल उपाध्यायलाई पूर्वोत्तरका पहिलो समालोचक मान्नुपर्दछ । उपाध्यायको प्रभात (हस्तलिखित) पत्रिकामा १९४७ को जुन महिनामा प्रकाशित कविवर भानुभक्त शीर्षकको लेख प्रकाशित भएको थियो । उपाध्यायको उल्लिखित लेखमा भानुभक्तको समयलाई नेपाली भाषा-साहित्यको प्रतिकूल दर्शाउँदै भानुभक्तले नेपाली भाषालाई कसरी माया गरेका थिए त्यसको चर्चा गरिएको छ । भानुभक्तको भाषा सरस र लालित्यपूर्ण हुनाले हली-कोदाले, गोठाला तथा शिक्षित-अशिक्षित सबै नेपालीमा जनप्रिय बन्न पुगेको हो भन्ने तर्क दिइएको छ । उनको अनुवाद नभएर मौलिकजस्तै छ भन्ने कुरा पनि उपाध्यायले देखाएका छन् । भानुभक्तलाई आदिकविका रूपमा स्वीकार गर्दै छोटो लेखमा कविको उच्च मूल्याङ्कन गरिएको छ । कवि भानुभक्तको प्रतिभालाई चिनेर कदर गर्न नसक्नु - यो हाम्रो आफ्नै दूर्बल पक्ष हो भनेर उनले आत्मसमालोचना पनि गरेका छन् । यसरी पुष्पलाल उपाध्यायको कविवर भानुभक्त भन्ने लेखमा समालोचनाका तत्त्वहरू फेला पर्छन् । यो लेख नै पूर्वोत्तर भारतको पहिलो नेपाली समालोचनात्मक लेख हो । पुष्पलाल उपाध्यायको उक्त लेख ज्ञानबहादुर छेत्रीद्वारा सम्पादित पूर्वाञ्चल भारतको नेपाली समालोचना यात्रा (२०१२)मा

पुनर्प्रकाशित भएको छ।

**द्वितीय चरण** (१९८०-१९९९-**विकास काल**)

**चन्द्रेश्वर दुबे**(१९३८-१९९८)

पूर्वोत्तर भारतको दोस्रो चरण समालोचना विधाको क्षेत्रमा महत्त्वपूर्ण देखिन्छ। यसै चरणमा मणिपुरका चन्द्रेश्वर दुबे (१९३८-१९९८) जस्ता प्रखर समालोचकको आविर्भाव हुन्छ। प्रकृतार्थमा, दुबेले नै भारतको पूर्वोत्तर क्षेत्रमा समालोचना विधाको बलियो घडेरी निर्माण गरेका हुन् । चन्द्रेश्वर दुबेले उनको लेखनमा रामकृष्ण शर्माको पदानुसरण गर्दै तुलनात्मक र प्रभाववादी समालोचना पद्धति अपनाएको देखिन्छ । मूल्याङ्कन (१९८१), तेस्रो आयामको शव परीक्षा (१९८१), उर्वशीः महाभारतको पृष्ठभूमिमा (१९८२), नेपाली साहित्य एक सर्वेक्षण (१९८२), देवकोटै देवकोटा (१९९१), एस्किलस, श्येली र देवकोटा (१९९२), कालिदास र देवकोटा (१९९२) दुबेका प्रकाशित समालोचनाका ग्रन्थ हुन् । उनले अंग्रेजी, हिन्दी, संस्कृत भाषाका कृतिहरूसँग नेपाली कृतिको तुलना गरेका छन् । उनी पूर्वोत्तर भारतका अब्बल दर्जाका समालोचक हुन् ।

**लीलबहादुर क्षत्री** (१९३३-)

आख्यानकारका रूपमा ख्याति पाएका लीलबहादुर क्षत्री साहित्य अकादेमी सहित देश विदेशबाट धेरै पुरस्कार अनि भारत सरकारको पद्मश्री पुरस्कारले सम्मानित लेखक र समालोचक हुन् । असममा नेपाली भाषाको साह्रो गाह्रो (१९६१), पूर्वाञ्चल भारतीय नेपाली कथा साहित्य र पत्रकारिताको इतिवृत्त (१९९७), पूर्वोत्तर भारतीय नेपाली साहित्य र समाजको ऐतिहासिक दिग्दर्शन (२०००) क्षत्रीका खोजपरक समीक्षात्मक ग्रन्थहरू पूर्वोत्तर भारतको नेपाली साहित्यमा केन्द्रित छन् ।

**महानन्द पौडेल** (१९३१-)

नेपाली भाषा-साहित्यका निष्ठाबान् सेवक, पाठ्यपुस्तकका प्रणेता महानन्द पौडेलका खोज अनुसन्धानपरक समालोचना विभिन्न पत्रपत्रिकाहरूमा भएका पाइन्छन् । उनका समालोचनात्मक कृति हुन्–भाषा-मान्यताको पृष्ठभूमि : सन्दर्भ नेपाली भाषा (१९९०), विचरण आफ्नै क्षितिजभित्र (१९९७), भाषा-साहित्य बाह्र उखान (२००३) । यीबाहेक उनले सिक्किमका केही सर्जकहरूको व्यक्तित्व र कृतित्वको मूल्याङ्कन पनि गरेका छन् । सिक्किमका प्रथम कवि सन्तवीर लिम्बू (२००१) र कवि नरेन्द्रप्रसाद कुमाईः कृतित्व एवं मूल्याङ्कन (२००४) पौडेलका

उल्लेखनीय समालोचना ग्रन्थ हुन् ।

**शिव प्रधान** (१९४५-२००५)

शिव प्रधान दोस्रो चरणमा सिक्किममा भुल्किएका पहिलो समालोचक हुन् । भारतीय नेपाली समालोचनामा शिव प्रधानको महत्त्वपूर्ण देन रहेको छ । गिरीको भावभूमिमा युद्ध र योद्धा र कृतिका बिम्बहरू (१९७५), केही नेपाली नाटक र नाटककार (१९७७), नेपाली भाषा र साहित्य केही गोरेटा र गल्छेँडा (१९८३), नरबहादुर भण्डारीका केही कृतिहरू (१९८९), व्यक्ति अभिव्यक्ति (२००५) र बृहत् समालोचना (सम्पादित १९८९) आदि उनका प्रकाशित समालोचनाका ग्रन्थ हुन् ।

**घनश्याम नेपाल** (१९५९-)

शैली विज्ञानको आधारमा कृतिको विश्लेषण र मूल्याङ्कनमा जोड दिने समालोचक घनश्याम नेपालले नेपाली समालोचनामा छुट्टै स्थान बनाएका छन् । आख्यानका कुरा (१९८७), नेपाली साहित्यको परिचयात्मक इतिहास (१९९१), शैली विज्ञान (१९९२) र रूप र रेखाहरू (१९९६) नेपालका शोधपरक समालोचना ग्रन्थ हुन् ।

**दुर्गा घिमिरे** (१९३७-)

कवि, गीतकार र निबन्धकारका रूपमा सुपरिचित दुर्गा घिमिरे असममा नेपाली साहित्यको पठनपाठन तथा साहित्यको विकास गराउन अहो पुरुषार्थ गर्ने स्थापित समालोचक हुन् । उनले असम सरकारबाट साहित्यिक पेन्सन पाएका छन् । समिधा (१९८६), पुष्पलाल उपाध्याय व्यक्तित्व र कृतित्व (२००१), साधना (२००३), शारदा (२०१२) र पूर्णपात्र (२०१९) घिमिरेद्वारा रचित समालोचना विधाका कृति हुन् ।

**भीमकान्त उपाध्याय** (१९४७-)

पूर्वीय समालोचना पद्धति अनुसार कृतिको विश्लेषण गर्ने समालोचक भीमकान्त उपाध्याय हुन् । सरसर्ती पढ्दा (१९८३), आँखीझ्यालबाट हेर्दा (१९९४), बदनाम मेरा आँखाहरू (सम्पादित १९९६) र केही समीक्षात्मक निबन्धहरू (२००६) उनका समीक्षात्मक कृति हुन् । उनले पूर्वोत्तर भारतमा विकसित नेपाली साहित्यका साथै यस भेकका सर्जकहरू- कवि पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, युद्धीर राणा प्रभृति साहित्यकारहरूका कृतिहरूको मूल्याङ्कन गरेका छन् ।

**प्रतापचन्द्र प्रधान** (१९५३-)

प्रतापचन्द्र प्रधानका तीनवटा शोधपरक ग्रन्थहरू- नेपाली कवितामा शृङ्गार

(१९८०), नेपाली कथावलोकन (१९८३), नेपाली उपन्यास परम्परा र पृष्ठभूमि (१९८३) नेपाली साहित्यलाई समग्रतामा विवेचना गरिएको पाइन्छ।

**लक्ष्मी पराजुली** (१९४६-२०२०)

उत्तर-पूर्वी भारतको कथा साहित्यमा विद्यावारिधि हासिल गर्ने लक्ष्मी पराजुली असमका अग्रणी अन्वेषक र समालोचक हुन्। दृष्टिपात (१९९३), उत्तर पूर्वीय भारतीय नेपाली समाज र साहित्य (१९९५) र नेपाली कथा-साहित्यमा उत्तर-पूर्वीय भारतको योगदान (२००२) पराजुलीका शोधपरक समालोचनात्मक कृति हुन्।

**छविलाल उपाध्याय** (१९३६-)

देवकोटा महाकाव्य र उषा अनिरुद्ध जस्ता महाकाव्यका रचयिता छविलाल उपाध्यायको साहित्य यात्रा भने समालोचना विधाबाट भएको हो। लीलबहादुर क्षत्री तथा उनको ब्रह्मपुत्रको छेउछाउ (१९९०), शाकुन्तल महाकाव्य एक दृष्टि (२००२), देवकोटाको व्यक्तित्व तथा उनको मुनामदन (२००५), समीक्षात्मक निबन्धहरू (२०१२) र भूमिकै भूमिका (२०१८) समालोचनासहित उनका दुई दर्जनभन्दा बढी कृति प्रकाशित भएका छन्।

**विद्यापति दाहाल** (१९३९-)

नेपालीमा उषाहरण र संस्कृतमा महापुरुष शङ्करदेव महाकाव्य रचना गरेर ख्याति पाएका विद्यापति दाहालका समालोचना विधामा प्रकाशित पुस्तक हुन्– साहित्य विमर्श (१९९८), पाश्चात्य समालोचना सिद्धान्त (२००४) र पाश्चात्य समालोचना र प्रमुखवाद (२००४)।

तेस्रो चरणमा पनि उत्तिकै सक्रिय रहेर समालोचनाका कृति प्रकाशित गराएका छविलाल उपाध्याय, विद्यापति दाहाल आदि लेखकलाई दोस्रो चरणमा राख्नु उचित ठानियो।

**तृतीय चरण** (२००० यता) – **समकालीन युग**

सहस्राब्दको आरम्भदेखि यता आजसम्मको कालावधिलाई तेस्रो चरण र समकालीन युग भन्नु समीचीन हुनेछ।

यस चरणका पूर्वोत्तर भारतका चर्चित समालोचकहरू हुन्-

**कविता लामा** (१९६५-)

समकालीन भारतीय नेपाली समालोचनामा चम्किएका थोरै समालोचकमध्ये

कविता लामा अन्यतम हुन् । उनले केही उत्तरआधुनिक कृतिको नवीन दृष्टिले समीक्षा गर्नुका साथै नेपाली डायास्पोरा साहित्य विषयमा पनि समीक्षात्मक लेख प्रकाशित गराएकी छिन् । उनीद्वारा रचित भानुभक्तको काव्यकृतिको भाषिक अध्ययन (२००३), दिदृक्षा (२००५), अनुशीलन (२०१०) कविता डिस्कोर्स (२०१७) जस्ता समालोचना ग्रन्थले नेपाली समालोचनामा नयाँ आयाम थपेका छन् । यी बाहेक लामाले चन्द्रिका शतवार्षिकी विशेषाङ्क (२०२०) जस्तो ऐतिहासिक महत्त्वका पत्रिकाको प्रधान सम्पादकका रूपमा काम गरेकी छन् । जगदम्बा नेपाली साहित्यको बृहत् इतिहासको पूर्वाञ्चल खण्डको उनी सम्पादक हुन् ।

**पुष्प शर्मा** (१९५८)

नेपाली भाषा र साहित्यको उन्नयनमा सिक्किमले पुऱ्याएको योगदानमाथि प्रकाश पार्दै आउने गवेषक पुष्प शर्मा स्थापित नारी समालोचक हुन् । भाषा साहित्य परिचय (२००६), भाषा साहित्य विचरण (२००८), आजका कविता (सम्पादन २००९) र सिक्किमका नेपाली कविता- विश्लेषण र मूल्याङ्कन (२०१२) शोधपरक समालोचना ग्रन्थकी लेखक पुष्प शर्मा हुन् ।

**ज्ञानबहादुर छेत्री** (१९५७)

ज्ञानबहादुर छेत्री साहित्य समालोचनाका नवीन दृष्टि जस्तै, उत्तरऔपनिवेशिकतावाद, अभिघात सिद्धान्त, मायिक यथार्थतावाद, सन्दिग्ध सिद्धान्त, परिवृत्तीय सिद्धान्त आदि पाश्चात्य सिद्धान्तका आधारमा कृतिको समालोचना गरेर उत्तरआधुनिक समालोचनाको घडेरी निर्माणमा लागिपरेका समालोचक हुन् । अवलोकन (२०००), भारतीय साहित्यका निर्माता पुष्पलाल उपाध्याय (२००६), सर्जक र सिर्जना (२०१०)), पूर्वाञ्चल भारतको समालोचना यात्रा (सम्पादित २०१२), दुर्गासार (२०१३), आधाटपरा ठेट्ना (२०१४) र उत्तरआधुनिक सिर्जना र समालोचनाका आधारहरू (२०२०), निपठनमा सुकरातको डायरी (२०२२) छेत्रीका प्रकाशित समालोचनात्मक ग्रन्थ हुन् ।

**खेमराज नेपाल** (१९५८)

सृष्टि महाकाव्यका स्रष्टा खेमराज नेपाल लोकसाहित्यका अन्वेषक र साहित्यका इतिहासकार हुन् । नेपाली लोकसाहित्यको रूपरेखा (२००३), भाषा र साहित्यका केही पक्ष (२००६) र साहित्य अकादेमीद्वारा प्रकाशित पूर्वोत्तर भारतको नेपाली साहित्यको इतिहास (२०२१) नेपालका महत्त्वपूर्ण ग्रन्थ हुन् ।

**टी बी चन्द्र सुब्बा** (१९६०-)

युवाकवि तथा गीतकार बलि सुब्बा (२०००), व्यक्ति र कृतिका आधारमा स्रष्टा केदार गुरुङ (२०००), इन्द्रबहादुर राई- व्यक्ति, कृति र कार्य (२००४), साहित्यका आठ शिखर पुरुष (२००४) आदि ग्रन्थका स्रष्टा टी बी चन्द्र सुब्बाले जीवनीपरक समालोचना लेखनमा परिचय बनाएका छन् ।

**खगेन शर्मा** (१९७१-)

खगेन शर्मा असममा नेपाली भाषाको पठनपाठन र शैक्षिक समस्याहरूको विषयमा कलम चलाउने समालोचक हुन् । उनका समसामयिक शैक्षिक सन्दर्भका समीक्षात्मक लेखहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् भने उनको शोधपरक ग्रन्थ नेपाली सङ्गीतका भानुभक्त मास्टर मित्रसेन थापा (२००९) र बटुलबाटुल (२०१२) उनका प्रकाशित कृति हुन । उनी कमलमणि प्रकाशनबाट प्रकाशित नेपाली साहित्यको बृहत् इतिहास (असम खण्ड)का सम्पादक हुन् ।

**टीका ढुङ्गेल** (१९६८-)

संख्यात्मक दृष्टिमा सिक्किमका टीका ढुङ्गेलका निकैवटा समीक्षात्मक पुस्तक प्रकाशित भएका छन् । समीक्षा साधना, समीक्षाका तरेलीहरू समीक्षाका रहरहरू, समीक्षा कुञ्ज, टीका टिप्पणीहरू, कलमहरूको मूल्याङ्कन आदि उनका प्रकाशित कृति हुन् ।

**डिल्लीप्रसाद अधिकारी** (१९७२-)

डिल्लीप्रसाद अधिकारी सिक्किमका एक अध्येता र समालोचक हुन् । उनका चिन्तनको चौतारी (२००५), नेपाली साहित्यको संक्षिप्त रूपरेखा (२०१२) समालोचनाका चर्चित कृति हुन् । दीपक तिवारीको सिक्किमेली नेपाली साहित्यको इतिहास (२०१३) र नेपाली साहित्यमा नारी लेखन (२०१४) शोधपरक समालोचनाका कृति हुन् ।

**उदय छेत्री** (१९७२-)

उदय छेत्रीले उनका समालोचना कृतिमा सिक्किममा विकसित हुँदै गरेको नेपाली साहित्यको महत्त्वपूर्ण जानकारी दिएका छन् । सन्दर्भ आन्दोलन- विजय इतिहास, नेपाली साहित्यको विकासमा सिक्किमका सङ्घ-संस्थाहरूको योगदान ग्रन्थका स्रष्टा छेत्रीका समालोचनात्मक कृतिहरूमा -समाजशास्त्रीय दृष्टिमा इन्द्रबहादुर राईका

आख्यान (२०१७) र भारतीय साहित्यका निर्माता शोभाकान्ति थेगिम (२०१९ महत्त्वपूर्ण कृति हुन् ।

**लक्ष्मण अधिकारी** (१९७२-)

लक्ष्मण अधिकारी असमका चर्चित युवा समालोचक हुन् । दृष्टिमा सृष्टिहरू (२०१६) र सिर्जना विमर्श (२०२०) अधिकारीका समालोचनात्मक कृति हुन् ।

यस चरणमा पूर्वोत्तर भेकबाट सिक्किमकी वीणा हाङ्खिमले समालोचना विधाको कृति विमर्श (२०१५) ग्रन्थका लागि साहित्य अकादेमी पुरस्कार प्राप्त गरेकी हुन् ।

यस चरणका प्रकाशित उल्लेखनीय समालोचना कृति र कृतिकारहरू यस प्रकार छन्-

- कमल सैंडाईको पवन चामलिङ व्यक्तित्व र कृतित्व (२०००)
- गोपीनारायण प्रधानको विवर्तन (२०००)
- एकदेव अधिकारीको दिलबहादुर नेवार–व्यक्ति र कृति (२००३)
- कृष्णविक्रम राणाको कृतिको ओडारदेखि निस्किएको सप्तरङ्गी किरण (२००४)
- मोहन सुवेदीको समीक्षा र साहित्य (२००६)
- घनश्याम तिमसिनाको विविध सृष्टि एक दृष्टि (२०१२)
- कुलप्रसाद शर्माको बटुलेका थुँगाहरू (२०१३)
- ममता लामाको नेपाली समालोचनाको आधार (२०१४)
- गोमा अधिकारीको भारतीय नेपाली साहित्यको विश्लेषणात्मक अध्ययन (२०१७)
- मुक्ति उपाध्याय बरालको भारतीय नेपाली बाल साहित्य (२०१८)

यीबाहेक भारतीय साहित्य अकादेमीले भारतीय साहित्यका निर्माता सिरिजमा मोनोग्राफ प्रकाश गर्दछ । ती पनि जीवनीपरक समालोचना नै हुन् । साहित्य अकादेमी, नयाँ दिल्लीबाट भारतीय साहित्यका निर्माता श्रृङ्खलामा प्रकाशित विनिबन्धमा टीकाराम उपाध्याय निर्भीककृत गोपालसिंह नेपाली, ज्ञानबहादुर छेत्रीकृत पुष्पलाल उपाध्याय, उदय छेत्रीकृत शोभाकान्ति थेगिम, नरबहादुर राईकृत कृष्णप्रसाद ज्ञवाली, मित्रदेव शर्माकृत नित्यानन्द तिम्सिना, गायत्री नेवारकृत विष्णुलाल उपाध्याय आदि उल्लेखनीय छन् ।

नेपाली साहित्य परिषद्, असमले पाँचवटा मानक ग्रन्थ प्रकाशन गर्ने क्रममा

समालोचना विधाको ग्रन्थका लागि ज्ञानबहादुर छेत्रीलाई सम्पादकको दायित्व सुम्पेको थियो । त्यसको फलस्वरूप सन् २०१२ मा पूर्वाञ्चल भारतको समालोचना यात्रा प्रकाशित भएको हो । यो नै संस्थागत रूपमा पूर्वोत्तर भारतबाट प्रकाशित भएको पहिलो समालोचनासङ्ग्रह हो । यस ग्रन्थको सम्पादकीय लेखमा समालोचनाको सैद्धान्तिक परिचय दिँदै नेपाली समालोचनामा भर्खरै देखा परेका उत्तरआधुनिक समालोचनाका विशेषताहरूको समेत चर्चा गरेका छन् । यस ग्रन्थमा पूर्वोत्तरका जम्मा बाईसजना लेखकका एक एकवटा समालोचना समेटिएका छन् । त्यसका दस वर्षपछि, २०२२ मा फेरि असमको इन्द्रेणी प्रकाशनबाट दुई ठेली समालोचना ग्रन्थ प्रकाशित भए जसमा सम्पादकका रूपमा रुद्र बराल र कृष्णनील कार्की रहेका छन् । यी दुई समालोचना सङ्ग्रहमा धेरै नवीन समालोचकहरूले आत्मप्रकाश गरेका छन्, यो सराहनीय र स्वागतयोग्य कुरा छ ।

समालोचना विधामा पुस्तक प्रकाशित नभए पनि पत्र-पत्रिकाहरूमा महत्त्वपूर्ण समालोचनात्मक लेख प्रकाशित गराएका समालोचकहरूमा वत्सगोपाल, राजेन्द्र भण्डारी, प्रवीण राई जुमेली, रुद्र पौड्याल, कुमार छेत्री, रुद्रराज मास्के, उदय वशिष्ठ, बलराम पाण्डे, धनकुमार देवान, नरबहादुर राई, टेकबहादुर छेत्री, जमदग्नि उपाध्याय, पुष्कर पराजुली, योगेश खाती, बीरु बाङदेल, शान्ति थापा, नवसापकोटा, डम्बर दाहाल, खेमानन्द मिश्र, ओमप्रकाश बस्नेत, देवीचरण सैँडाई, पूर्णकुमार शर्मा, कृष्णनील कार्की, दैवकी देवी तिमसिना, अञ्जन बाँसकोटा, उषा शर्मा, गीता निरौला, अनिता निरौला, पद्मादेवी, रिजुदेवी आदि केही अन्य विधामा स्थापित प्रवीण छन् भने केही आशलाग्दा नवीन प्रतिभा देखा परेका छन् ।

## उपसंहार

निचोडमा भन्नुपर्दा पूर्वोत्तरमा नेपाली समालोचनाले लगभग सात दशकको इतिहास बोकेको छ । प्रवृत्तिगत रूपमा पूर्वीय भन्दा पाश्चात्य समालोचना पद्धतिको अनुसरण गरेको देखिन्छ। अघिल्लो चरणमा स्थापित भएका विचार, शैली र मान्यताहरू समकालीन समालोचनामा पनि रहेको पाइन्छ। सैद्धान्तिक आधारमा गहिराइसम्म पुगेर कृतिको विश्लेषण गर्नुभन्दा सतही चर्चाको आधिक्यता देखिन्छ । गुण र दोषलाई पर्गेलेर सिर्जनाको मूल्याङ्कन गर्नुभन्दा प्रशंसापरक कुरा नै धेर देखिन्छ । प्रभाववादी समालोचनाकै बाहुल्य रहेको छ । सबैभन्दा बढी कविताको समालोचना भएको देखिन्छ । अरु विधाहरूको समालोचना विशेष गरी नाटकको समालोचना कमै पाइन्छ । समालोचनाको समालोचना नगण्य देखिन्छ । समकालीन समालोचनामा

उत्तरआधुनिक विमर्शका विभिन्न सैद्धान्तिक मान्यतामा आधारित मायिक यथार्थवाद, अभिघात सिद्धान्त, सन्दिग्ध सिद्धान्त र परिवृत्तीय सिद्धान्तका आधारमा फुटकर समालोचना देखिएका छन् । नयाँ सिद्धान्त, दर्शन र मान्यताका आधारमा समालोचना भएको खासै देखिँदैन, बरु प्रभाववादी समालोचना नै बढी देख्न पाइन्छ । पूर्वोत्तरको समालोचना भर्खर मात्र फस्टाउन थालेको हुनाले यसलाई विकासशील अवस्थामा रहेको भन्न सकिन्छ ।

**सन्दर्भ-सूची**


१. नेपाल, खेमराज (२०२१); पूर्वोत्तर भारतको नेपाली साहित्यको इतिहास; नयाँ दिल्ली: साहित्य अकादेमी ।

२. छेत्री, ज्ञानबहादुर (२०२०); उत्तरआधुनिक सिर्जना र समालोचनाका आधारहरू गुवाहाटी; असम नेपाली साहित्य सभा ।

३. कँडेल, घनश्याम (सम्पादक-२०५५) नेपाली समालोचना, साझा प्रकाशन, काठमाडौँ ।

४. नामदुंग, जीवन (सम्पादक २०१९); हिस्ट्री अफ मडर्न इन्डियन नेपाली लिट्रेचर; नयाँ दिल्ली: साहित्य अकादेमी ।

५. छेत्री, ज्ञानबादुर (सम्पादक २०१२); पूर्वाञ्चल भारतको नेपाली समालोचना यात्रा; गुवाहाटी: नेपाली साहित्य परिषद्, असम ।

६. पोखरेल, माधवप्रसाद (प्रधान सम्पादक) जगदम्बा नेपाली साहित्यको बृहत् इतिहास (तेस्रो ठेली), कमलमणि प्रकाशन, काठमाडौँ ।

७. बराल, रुद्र (सम्पादक; २०१९) समकालीन भारतेली नेपाली साहित्य गति र प्रवृत्ति; गुवाहाटी, असम नेपाली साहित्य सभा ।



**हाम्रो पुरुषार्थका ५० बर्षका १०० अङ्कका सेटका केही प्रति बिक्रीमा छन् । तपाईंलाई चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।**

**किरण पुस्तकालय**

**तम्घास, गुल्मी**

**फोन : ०७९-५२०२८७**

# भाषा दिवससम्बन्धी केही कुरा



टीका ढुङ्गेल

नेपाली भाषाले मान्यता पाएपछिका सुविधा र साधनहरू प्रशस्त मात्रमा पाइन्छ। नेपाली भाषीलाई अहिले आफ्नो मातृ भाषामा काम गर्न सजिलो भएको छ। यस्तो अवसर ल्याइदिनुहुने त्यसताकका मुख्यमन्त्री हाम्रो गौरव हाम्रो पहिचान बनाइदिनु हुने श्री नरबहादुर भण्डारी तथा त्यसताकका सांसद समाजसेवी दिलकुमारी भण्डारीको अथक प्रयासले गर्दा आज सारा भारतमा नेपाली भाषाको महत्त्व बढेर गएको छ। आज स्व. नरबहादुर भण्डारीका योगदानलाई इतिहासको महासागरमा हेर्न सकिन्छ। उहाँ अमर हुनुहुन्छ नेपाली भाषा मान्यता दिलाउने युगपुरुष भनेर भन्न सकिन्छ। हो उहाँले मुख्यमन्त्री पदमा रहेर सर्वाङ्गीण विकास गर्नुभयो तर भाषा साहित्यप्रति पनि त्यतिकै योगदान दिनुभएकाले आज हामी गर्व गर्छौं। हाम्रो भाषा हाम्रो प्राण भन्ने मन्त्र सबैले जप्नु पर्छ। अहिले कतिपय साहित्यकारहरूले हाम्रो भाषा यति धनी हुँदा हुँदै पनि सकी नसकी अंग्रेजी भाषा नै चलाएको देख्दा दुःख पनि लाग्छ। भाषा बाँचे मात्र जाति बाँच्छ भन्ने सबैलाई अवगत भएकै हो। नेपाली साहित्य परिषद् सिक्किमले पनि भाषा मान्यता दिवस समारोह मनाउँदै आएको धेरै वर्ष भयो। भाषा मान्यता दिवस मनाउनुको मूल उद्देश्य पनि नेपाली भाषाको संरक्षण र संवर्धन गर्नु नै हो।

सदा झैं यस वर्ष पनि ३२औं नेपाली भाषा मान्यता दिवस समारोह २०२३ भव्य तथा सभ्य कार्यक्रम चिन्तन भवनमा भएको थियो। मुख्य अतिथि सम्माननीय मुख्यमन्त्री श्री प्रेमसिङ तामाङ हुनुहुन्थ्यो। यसरी सिक्किम सरकारको उदारवादी विचारप्रति आभार व्यक्त गर्दछु। कार्यक्रमको स्वागत सम्बोधन नेपाली साहित्य परिषद्का अध्यक्ष श्री हरि ढुङ्गेलले गर्नुभएको थियो। भाषा आन्दोलन इतिहास र उपलब्धिमाथि वार्ताकार श्री सुवास सोताङले सही जानकारी राख्नुभयो। उहाँले भाषा आन्दोलन इतिहास र उपलब्धिमाथि नै तीनवटा संस्करण प्रकाशित गरेर ऊर्जा भर्ने काम गर्ने एक कर्मठ व्यक्तित्वको मीठो वार्ताले धेरै भाषा प्रेमीहरूको मन जित्न सफल

भएको थियो । यस कार्यक्रममा सुश्री सविना राई र अभीर भण्डारीका मीठा मीठा कविताहरूले आनन्द दिलायो । अर्को रोचक कार्यक्रम नेपाली साहित्य परिषद्का पूर्व अध्यक्षहरूलाई अभिनन्दन / कृतज्ञता-पत्र प्रदान गर्ने । श्री राज के. श्रेष्ठ, सानु लामा, स्व. सानुभाइ शर्मा, प्रद्युम्न श्रेष्ठ, कुवेरचन्द्र दाहाल, बी. के. रोका, चूडामणि खतिवडा, पारसमणि दङ्गाल, श्री रूद्र पौड्याल यहाँहरूले नेपाली साहित्य परिषद्मा पुऱ्याएको योगदानको सही कदर भएको धेरैले अनुभव गरेका छन् ।

नेपाली भाषा परामर्श समितिको संयोजक मनोनीत हुनु भएकोमा वरिष्ठ साहित्यकार अकादेमी पुरस्कारद्वारा विभूषित सम्माननीय मुख्य मन्त्रीका सचिव श्री शंकरदेव ढकाल यस कार्यक्रममा अभिनन्दित हुनुभयो । सिक्किमले पाएको ठूलो उपलब्धि मान्नुपर्छ । साहित्य अकादेमीका रोचक योजनाहरू अब सिक्किमको माटोमा फल्नेछन् भन्ने आशा राख्न सकिन्छ । भाषा साहित्यकै कुरा गरिरहँदा अर्को तथ्यपरक इतिहास अघि आउँछ । गान्तोकमा स्थापित आदिकवि भानुभक्त आचार्यको पूर्णाङ्ग सालिक स्थापनाका निम्ति उल्लेखनीय योगदान पुऱ्याउने प्रमुख व्यक्तिहरूलाई अभिनन्दनपत्र प्रदान गरेर उहाँहरूलाई इतिहासका तीन महारथी भन्दा दुई मत नहुने कुरा बुझियो- डा. एच.पी. छेत्री, राज के. श्रेष्ठ, भूपेन्द्र अधिकारी ।

मल्ली डाँडा पयोङ्ग ग्राम पञ्चायत एकाइलाई नेपाली भाषामा कामकाज शुरू गरेवापत अभिनन्दन गरेको थियो । यो पञ्चायत इकाइमा मात्र होइन अन्य इकाइहरूमा पनि आफ्नै भाषामा कामकाज गर्न सकिने ऊर्जा प्राप्त भएको छ । सिक्किम विश्वविद्यालयको वर्ष २०२२को अन्तिम सत्रान्त परीक्षामा नेपाली विषयमा सर्वाधिक अङ्क प्रापक विद्यार्थी श्री रतन राईलाई प्रेमलाल स्मृति शैक्षिक पुरस्कार दिएको थियो । अति सराहनीय काम प्रेमलाल परिवारले पनि गर्दै ल्याएको छ ।

कार्यक्रमको मुख्य भागमा वर्ष २०२३को कञ्चनजङ्घा अगम स्मृति पुरस्कारद्वारा पुरस्कृत वरिष्ठ साहित्यकार सशक्त कवि, विशिष्ट कथाकार, चर्चित उपन्यासकार, कुशल चित्रकार, दक्ष लेखक श्री प्रवीण राई जुमेलीलाई अलङ्करण गर्न पाउनु राष्ट्रस्तरीय पुरस्कार सिक्किमभित्र दिनु गर्वको कुरा हो । पुस्तक लोकार्पण पनि गरियो मुख्यमन्त्री महोदयको बाहुलीबाट ।

- प्रतिनिधि कविता राष्ट्रिय कविता प्रतियोगिता २०२३ मा प्राप्त रचनाहरूलाई संकलन गरेर नेपाली साहित्य परिषद् सिक्किम प्रकाशित
- Languages of Sikkim with Special Referance to Kirat Rai language and Script Dr. Shiva Kumar Rai (Sampang)

- जीवन र दिनचर्या भारतीय शैलीमा अनुवादक नारी हस्ताक्षर रत्न लक्सम सुब्बा
- मायाका पत्रहरू पत्र साहित्यकार टीका ढुङ्गेल 'रटन'

कञ्चनजङ्घा अगम स्मृति पुरस्कारद्वारा अलङ्कृत साहित्यकारको मन्तव्य अति नै रोचक थियो। उहाँको मन्तव्यले धेरै साहित्यकारहरू लाभान्वित भएका थिए भन्दा दुई मत नहोला।

कार्यक्रमको विशेष भागमा मुख्य अतिथि सम्माननीय मुख्यमन्त्री महोदयको सम्बोधनले भाषा साहित्यको संरक्षण संवर्धनमाथि साहित्यलाई नै लक्ष्य गरेर उदाहरणीय सम्भाषणले आनन्द आएको थियो। आजसम्मको उहाँले गर्नु भएका ती समाजउपयोगी कामहरूलाई हेर्दा तथा उदार हृदय देख्दा खुशी लाग्छ। हामीले भाषा साहित्यलाई बुझ्ने मुख्यमन्त्री पाएका छौं, गौरव लाग्छ। मञ्च सञ्चालन समाचार वाचिका वरिष्ठ साहित्यकार उषा शर्माले गर्नुभएको थियो। धन्यवाद ज्ञापन पत्रकार नेपाली साहित्य परिषद्का प्रचार सचिव श्री जोसेफ लेप्चाले गर्नुभएको थियो। भाषा मान्यता पाएपछि यस्ता राम्रा कार्यक्रमहरू प्रायः सबै विद्यालयमा गाउँ बस्तीमा भटाभट भइरहेको देख्दा खुशी लाग्छ।

अझ खुशीको वातावरण बनाइदिन सम्माननीय मुख्यमन्त्री श्री पी. एस. गोलेले २० अगस्तलाई छुट्टी घोषित गरिदिनु भएर सबै भाषा तथा साहित्यप्रेमीहरू एक जुट भएर कार्यक्रम गर्ने माहोल नै बनाइदिनु भएको छ।

हाम्रो नेपाली भाषा यति धनी छ। थचक्क बस्न सक्छौं, जुरुक्क उठ्न सक्छौं, खुरुक्क कुद्न सक्छौं। आफ्नै भाषामा रमाउन सक्छौं। हाम्रो भाषालाई हृदयमा राखौं भन्ने कामना गर्दछु।

**साङ-छलमथाङ, पूर्व जिल्ला**

## थाहा पाउनुहोस् !

**भारतको सिक्किममा नेपाली भाषा मान्यता दिवस मनाउन २० अगस्तका दिन सार्वजनिक बिदा दिने घोषणा गरिएको छ।**

# डा. गोकुल सिन्हाको बाह्र बटुलो र रामगीता



✍ छत्रमान सुब्बा

## भूमिका

भारतेली नेपाली साहित्य जगत्मा श्रद्धाले लिनु पर्ने धेरै नामहरूमा एउटा नाम हो डा. गोकुल सिन्हा। उनको नाम नलिए त्यो लेख अधुरो र अपुरो हुनेछ। अनि एकजना वाङमयका साधक सिन्हा आजको नेपाली साहित्य जगत्मा अपरिचित नाम भने पटक्कै होइन। त्यसकारण पनि उनको नाम साहित्यिक जमातमा छोडिनु हुँदैन। उनी धुरीमा उभेर पनि सबैलाई जमिनको अनुभव गराउने, आत्मगौरव र अहङ्कारले छुन नसक्ने दूरत्वमा आफूलाई सुरक्षित राख्न सक्षम व्यक्तित्वका धनी हुन्। त्यसकारण सिन्हाको विषयमा जति लेखे पनि कमै होला सायद। अनि म यहाँ उनका सबै कुरा समेट्न सक्ने कुरै भएन। तर पनि उनको नवीतम कृति बाह्र बटुलो र रामगीता (विविध पाठहरूमा) माथि केही चर्चा गर्ने प्रयास गरेको छु।

अवश्य पनि मैले सिन्हाका वसुधैव कुटुम्वकम् (कथा-सङ्ग्रह) २०१८ भाषा भास्कर (भाषिक लेखसङ्ग्रह) २०२२ ज्ञ-देखि अ सम्म (समीक्षा -सङ्ग्रह) २०२२ अनि बाह्र-बटुलो (समीक्षाहरू) २०२३ आदि कृति अवलोकन गर्ने सुयोग पाएको छु। तर यहाँ भने हालै विमोचित बाह्र बटुलो र रामगीताले मलाई खिचेको छ। अनि म त्यस विषयमा विशेष रूपले केही लेख्ने सोचेर अघि बढेको छु।

भर्खरै जुलाई २ तारिख२०२३मा पश्चिम सिक्किम गेजिङको कार्यक्रममा हामी भेट हुने सौभाग्य जुरो। अनि त्यही उनको दुई कृति बाह्र बटुलो (समीक्षाहरू) र रामगीता (विविध पाठहरूमा) लोकार्पण भएको थियो। त्यहीँ ती दुई अमूल्य कृति मेरो हातलागि भएका थिए। ती दुई कृति बाह्र बटुलो र रामगीतामाथि यस लेखमा केही प्रकाश पार्ने प्रयास गर्दै छु।

## बाह्र बटुलोभित्र

गोकुल सिन्हाको कथा-सङ्ग्रह वसुधैव कुटुम्बकम्पछि मैले पढेको दोस्रो किताब

बाङ्ग बटुलो हो ।

पछिको दोस्रो कृति बाङ्ग बटुलो भने समीक्षा र निबन्ध सङ्गालो भन्न सकिन्छ। यस सङ्गालोभित्र जम्मा बारवटा लेख पाइन्छ। जस्तैः (१) नेपाली कविताःएक सिंहावलोकन । (२)कविता -दार्जीलिङःएक खाकाचित्र । (३)भारतमा नेपाली कविता परम्पराको प्राथमिक पर्व । (४) नेपाली कथाको परम्परा र मौलिकता । (५) नेपालीका केही साहित्यिक त्रयीहरू । (६) आधुनिक नेपाली साहित्यमा सामाजिक -राजनीतिक, परिदृश्य । (७) नेपाली जाति, भाषा र साहित्य । (८) अनुवाद साहित्यको पक्षमा । (९) नियात्राको पदयात्रा । (१०)साहित्यमा समकालीनताको प्रश्न र सानू लामको हिमालचूली मन्तिर । (११) कोकिला'को कथा-विशेषाङ्क :केही कथन प्रसङ्ग । (१२) बृहत् समालोचना, एक महत् संयोजना एक संक्षिप्त विवेचना आदि । पुस्तकको नाम- बाङ्ग बटुलो, पाइन्स प्रकाशन, रङबुल, दार्जिलिङले प्रकाशन गरेको, प्रथम संस्करण मार्च २०२३ । सर्वाधिकार लेखकमा छ भने टङ्कण-बेमिसाल कम्प्यूटर सेण्टार काजलपुरी, चाँदमारीमा भएको छ। मुद्रण ग्राफिक्स प्रिन्टस, दुर्गागढी, सिलगढीमा भएको छ भने आवरण सुधा सिन्हा र मूल्य-३००/ रुपियाँ रहेको छ।

यस किताबको पहिलो लेख होः नेपाली कविताः एक सिंहावलोकन । यसमा कविता के हो ? यो एउटा शाश्वत र जटिल प्रश्न हो भन्दै भारतमा नेपाली साहित्यको विशेष रूपमा कविताको मूल दार्जिलिङमा भानुभक्तकालमै फुटेको भन्ने दृष्टान्त सन्त ज्ञानदिलदासले 'उदय लहरी' बाट शुरु भएको हो भन्ने उल्लेख गरेका पाइन्छ। अनि भारतमा नेपाली साहित्यको भक्तिकाल यही जोसमणि सन्त साहित्यमा शुरू र अन्त्य पनि ।

यसरी दार्जिलिङमा विभिन्न धारा उच्छिन्दै आज कविताको बाहुल्य छन्। परन्तु महान् काव्य-कृतिहरू तिनै मात्र भएका छन् जुन पुरस्कृत भएका छन्। जति कविताहरू जन्मेका छन् उति कविहरू जन्मेका छैनन् ।

यसपछिको दोस्रो लेख छ- कविता दार्जिलिङ : एक खाकाभित्र । यो लेख विषयमा अघिकै लेख भिन्न शीर्षकमा छापिएको र विषय एउटै देखियो ।

भारतमा नेपाली कविता परम्पराको प्राथमिक पर्व यो शीर्षकमा भारतमा दार्जिलिङ कसरी प्रवेश र नेपाली बाहुल्य बन्यो भन्ने कुराको उल्लेख गर्दै भारतमा सन्त ज्ञानदिलदासले आफ्नो धर्म प्रचार सँगसँगै नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा पाइन्छ। यहाँ ज्ञानदिलदासले प्रचार गर्दा मिशनेरीहरूसँगको रोचक र साहसिक प्रसङ्ग रहेछ, जो मैले पाठकहरूका निम्ति उध्दृत गरेको छु ।

"दार्जिलिङमा प्रचारको काम चलिरहेको समयमा अङ्ग्रेज शासकको आडमा मिशनेरीहरूले ज्ञानदिलको विरोध गरे। तर ज्ञानदिल आफ्नो कार्यबाट हटेनन्। त्यस ताक यस भेकका खिस्तानी धार्मिक नायक पादरी ए.टर्नबुल थिए। उनले ज्ञानदिललाई दार्जिलिङ छोड्ने आदेश दिए। ज्ञानदिलले पाद्रीसित शास्त्रार्थ गर्ने चुनौती दिए। टर्नबुल र ज्ञानदिलको शास्त्रार्थ पर्‍यो अनि ज्ञानदिल विजय बनी रङ्गबुलधाम र त्यस वरिपरिका भूमि अङ्ग्रेज सरकारबाट विर्ता पाएको कुरा अद्यावधि प्रमाणस्वरूप विद्यमान छँदै छ। रङगबुलमा बसेर ज्ञानदिल दासले धर्म प्रचार मात्र गरेनन् साहित्य सिर्जना पनि गरे। त्यसपछि भारतभरिका स्रष्टाहरूको अगमसिंह गिरी, नरेन्द्रप्रसाद कुमाई र असमका हरिभक्त कटुवालमा आएर यसको बिट मारिएको छ। अब उल्लेख गरिने रचनाको शीर्षक नेपाली कथाको परम्परा र मौलिकता हो। ०३/०१/१९९८ मितिमा साहित्य अकादेमीद्वारा आयोजित कालचिनीको गोष्ठीमा पठित यस लेखमा कथ्य वा कथेका कुरा मात्रै कथा होइन अरू धेरै कुरा रहेको तथ्यसहित नेपाली कथा कत्तिको मौलिकता अथवा परम्परामा आधारित छ भन्ने कुराको उल्लेख पाइन्छ।

नेपालीका केही साहित्यिक त्रयीहरू नामक रचना यसरी थालिएको छ- नेपाली साहित्यको इतिहासलाई सरसर्ती हेर्दा एउटा काकताली के परेको देखिन्छ भने यसको प्रत्येक युगको माथमा एकेकवटा त्रिपसण्डूको छाप परेकोछ। यो कुनैमा मधुरो छ, र कुनैमा टडकारो। यहाँभने लेखकले नेपाली साहित्यकाशमा आरम्भिक कालदेखि नै तीनजना गरेर लेखकले कसरी कसरी आफ्नो छाप छोडेर जान सक्षम बनेका कुरा उल्लेख गरेका छन्।

जस्तैः आरम्भिक कालमा गुमानी पन्त, इन्दिरस र विद्यारण्य केशरी। ठिक उसैगरी मुक्तक कविता र काव्य, महाकाव्यको युगमा वसन्त, रघुनाथ र भानु उदाए। त्यसपछि आएर मोतीराम भट्ट, शम्भुप्रसाद ढुङ्गेल अनि पहलमानसिंह स्वाँर आए। प्राथमिक काल भानुभक्तमा आएर चुलिएपछि त्यसपछिका त्रिरत्न थिए लेखनाथ, बालकृष्ण सम र लक्ष्मीप्रसाद देवकोटा। अब वारिपारिको सिमाना तारेर ज्ञानदिल दास, गङ्गाप्रसाद प्रधान र दिलुसिंह राई आए, सूर्यविक्रम ज्ञवाली, धरणीधर शर्मा कोइराला र पारसमणि प्रधानको आगमनको उल्लेख पाइन्छ। अनि रूपफरसिक र गिरी हुँदै ग्वाइन, वीरेन्द्र र खालिङ नवलेखनमा नयाँ बिरुवा रोप्नेमा परेको यहाँ पाइन्छ। अहिले आएर तेस्रो आयाममा इन्द्रबहादुर राई, वैरागी काइँला र ईश्वर बल्लभ पनि त्रिमूर्ति नै रहेका छन्। इबराले कथामा अरु दुइटा कवितामा साहित्यलाई एउटा नयाँ घुम्ती घुमाए। यसरी नेपाली साहित्य दुवैतिर फस्टाउदो मौलाउँदो छ।

आधुनिक नेपाली साहित्यमा सामाजिक -राजनीतिक परिदृश्यमा पनि हाम्रो समाजलाई, राजनीतिलाई, किसानलाई छोएर लेखिएका कुराको चर्चा पाइन्छ । नेपाली जाति, भाषा र साहित्यमा भने हाम्रो जातिको विभिन्न ठाउँमा बसाइँ सराइको उद्देश्य, भाषा र साहित्यमा केन्द्रित रहेको देखिन्छ । यसपछिको लेख हो अनुवाद साहित्यको पक्षमा । यो लेख भने अनुवाद साहित्यमा रुचि राख्ने अथवा अनुवाद कसरी गर्नुपर्ने नपर्ने आदि विषयमा जान्न चाहने पाठकको लागि उपयोगी ज्ञानपरक साबित हुनेछ । यहाँबाट धेरैको जानकारी पाउनुको साथै अनुवाद साहित्यको थालनी यसको व्यावहारिकतामा समेत आफूले ज्ञान पाउन सकिन्छ ।

यहाँ पछिको निबन्ध छ नियात्राको पदयात्रा । यहाँ उल्लेख्य कुरा के छ भने यात्रालाई नै नियात्रा भनिन्छ कि नियात्रा भनेको अर्कै हो भन्ने विषयमा छलफल पाइन्छ । मैले यात्रा नै संस्मरण गरेर लेखे नियात्रा हुन्छ भन्ने पढेको थिएँ भने यहाँ त्यही कुराको चर्चा भएको छ । चम्पूभन्दा के बुझिन्छ त्यसको पनि भेद खोलेको हुँदा यो पढ्नै पर्ने लेख साबित भएको छ । अब चर्चा गरिएको रचनाको शीर्षक छ -साहित्यमा समकालीनताको प्रश्न र सानू लामाको हिमालचुली मन्तिर । अनि सानू लामाको हिमालचुली मन्तिर समकालीनताको कसीमा पर्ने नपर्ने विषयमा यो लेखबाटै केही हरफ उल्लेख गर्दै छु ।" अतः यो अत्याधुनिक कि उत्तर आधुनिक कि समकालीन कि वर्तमानकालीन साहित्यका नमूनाहरूमा एउटा इन्द्रबहादुर राईको 'पाहाड र खोला, तथा अर्को सानू लामाको हिमालचुली मन्तिर'-लाई निश्चित रूपमा लिन सकिन्छ । यी दुवै सद्य प्रकाशित कृतिहरू हुन् र दुवै भाव र भाषा, स्वर र शिल्पले आजको साहित्य मान्न सकिन्छ । अवश्य यो कृति भने कथा-सङ्ग्रह हो कि उपन्यास हो बारे पनि निकै बहस चलेको छ । हिमालचुली मन्तिरमा लेखक सिन्हाले अर्को एउटा महत्त्वपूर्ण कुराको उठान गरेको पाइन्छ । त्यो यसरी छ-पृथ्वी पश्चिमदेखि पूर्वतिर घुम्नाले हो कि परिवर्तनको हावा पनि पश्चिमदेखि पूर्वतिरै चलेको चाल पाइन्छ । तर यो हिमालचुली मन्तिर-मा आफ्नै सेरो-फेरो पाइन्छ । 'कोकिल'को कथा विशेषाङ्क केही कथन प्रसङ्ग-मा भने कोकिल-को वर्ष-७ र अङ्क-२ को कथाहरूको विश्लेषण पाइन्छ ।

अब बाह्र बटुलो-को पुछारको लेख हो -'बृहत् समालोचना' एक महत् संयोजना:एक संक्षिप्त विवेचना । यस समालोचना ग्रन्थको विवेचना यसरी गरिएको देखिन्छ- यो 'बृहत्'-को विशेषण ग्रन्थको आकृतिलाई मात्र होइन सामग्रीको प्रकृतिलाई पनि उत्तिकै सुहाउँदो छ । कैयन विशिष्ट आलोचनाहरूका स्तरीय आलोचना र विज्ञ अध्येताहरूका गहन अध्ययनहरूले ग्रन्थको गुण र गरिमा बढ्न गएको छ कति कार्य तथा शोध- पत्रांशहरूको अन्तर्भूक्तिले पनि सङ्कलन स्वस्थ

बन्न सकेको छ।"समालोचनामा देखा परेका विभिन्न वर्गमा एउटालाई प्रायोगिक र अर्कोलाई सैद्धान्तिक भन्दै कुन लेख कुन कसीमा परेका छन् तिनलाई खुट्याउनेसमेत कार्य यहाँ भएको छ। हाम्रा कमी-कमजोरीहरू पनि छन् र यसको कहिले निराकरण हुने भन्ने पनि उल्लेखसहित यहाँ व्यक्त गर्ने जमर्को देखिन्छ। हवस्, करोड-कडा नेपालीको मुरीमुरी सद्भावना र भुरिभुरि सहानुभूति सदा शिवलाई छ- तथास्तु भन्दै वृहत् समालोचनाका सम्पादक शिव प्रधानलाई धन्यवाद दिएका छन्। अनि मैले पनि छिपछिपे विचारले सकी-नसकी बाह्र-बटुलोको बिट मारेको छु।

## रामगीतामा विहङ्गम दृष्टि

रामगीता कसको ? गोकुल सिन्हाको । अ. गोकुल सिन्हाको । उनले राम गीता लेखेछन् त । लेखे त । यसरी लेखे । पुस्तक-रामगीता (विविध पाठ्यहरूमा) प्रकाशक -पाइन्स प्रकाशन, रङबुल, दार्जिलिङ । संस्करण-प्रथम, मार्च २०२३, सर्वाधिकार-लेखकमा । टङ्कण -बेमिशाल कम्प्यूटर सेन्टर, काजलपुरी, चौँदमारी, दार्जिलिङ । मो. ७९०८७२०१०४ मुद्रण- ग्राफिक्स प्रिन्टस, दुर्गागढी, सिलगढी, दार्जिलिङ। आवरण-कमल खवास। मूल्य-रू.१५०/

विषयसूची यसरी छ (१) अध्यात्म रामायणमा रामगीता (२) अदभुत रामायणमा रामगीता (३) स्कन्द पुराणमा रामगीता (४) रामचरितमानसमा रामगीता (५) विश्रामसागरमा रामगीता (६) भानुभक्तीय रामायणमा रामगीता (७) ज्ञानदिलदासको उतारमा रामगीता आदि। भूमिका- गोकुल सिन्हा।

यस ग्रन्थमा रामगीता विभिन्न पुस्तकहरूबाट संकलन गरिएको छ । रामगीता के हो र कसरी रामगीता लेखियो भन्ने जिज्ञासा राख्नेहरूका लागि अनुसन्धाता र विद्यार्थीहरूलाई समेत अति उपयोगी गोकुल सिन्हाको रामगीता एउटा अमूल्य सम्पदा नेपाली भाषामा थपियो । भागवतगीता जस्तो रामगीता पहिले वाल्मीकि रामायणमा लेखिएको थियो कि थिएन । थिएन भने कहिले र कसरी अथवा कसले यो लेख्ने काम गरे भन्ने कुराको तथ्य पाइन्छ । आध्यात्मकारले रामायणमा रामगीता सामेल गरेपछि हिन्दी अथवा नेपालीमा रामायण लेखिदा त्यहाँ रामगीता लेखिएको हुनेछ भन्ने पाइन्छ। अवश्य कम्बनले तामिलमा लेखे कि लेखेनन्, कृतिवासले बङ्लामा र माधव कन्दलीले असमियामा लेखे कि लेखेनन् होला अझ पनि अनुसन्धानको बाटो खुला नै छ।

यहाँ भने सातवटा रामगीताको सङ्ग्रह पाइन्छ । यसका अतिरिक्त अरू कहीं होलान् कि भन्ने जिज्ञासु मनले नयाँ ठाउँ पाउने नै भए। सबै कुराको बिट मारिएको छैन।

अवश्य रामगीतामा के विषयको उल्लेख छ, यो ज्ञान पनि अर्जुनलाई कृष्णले सुनाएका हुन् कि अरु नै ज्ञानका कुरा छन् भन्ने कुराले पनि स्थान पाएको हुँदा पाठकको रुचि बढ्नु स्वाभाविक हुन्छ। रामायण त महाभारतभन्दा अघि लेखिएको हो भने रामगीता अब भागवतगीताभन्दा अघि कि पछि त भन्ने सोच हुन पनि सक्ला। रामगीतामा राम-लक्ष्मण संवाद अथवा राम -हनुमान संवाद भनेर दिएको उल्लेख छ। सन्त दिलदासले त यमगीतासम्म लेखेका थिएछन्। अनि रामगीता पनि। परन्तु यमगीता कृति मान्ने र रामगीता भने स्मृति वा प्रतिलिपि। यहाँ उल्लेख गरे अनुसार रामगीताको आरम्भ अध्यात्म रामायणबाटै भएको पाइन्छ। श्रीरामगीता अध्यात्म रामायणको अनुसार अयोध्यामा श्रीरामचन्द्रको राज्यभिषेक भएपछि लक्ष्मणले भगवान् रामलाई प्रश्न गरे अनि रामचन्द्रले उत्तरमा उनलाई रामगीताको उपदेश दिए।

त्यो नै हो अध्यात्म रामायणको रामगीता।

यहाँ अद्भुत रामायणको रामगीताको पनि उल्लेख छ। यो भयो राम-लक्ष्मण सीतालाई खोज्दै जादा सुग्रीवले देखेर उनीहरू को हुन् भनी जान्ने मनसायले र बालिले पठाएका पो हुन् कि भन्ने शङ्काले हनुमानलाई बुझ्न भनी पठाउँदा हनुमानअघि रामले आफ्नो विराट् रूप देखाउँदै दिएको परिचय रामगीता भनी अभिहित छ। स्कन्द पुराणमा भने राम र शिव बीचको संवाद छ :

रामचरितमानसमा राम र लक्ष्मणको संवाद रामगीता भएको छ। विश्रामसागरमा पनि रामले लक्ष्मणलाई दिएका उत्तर संवाद रामगीता मानिन्छ। भानुभक्तीय रामायणमा रामगीता उत्तरकाण्डमा वर्णित भएको छ। श्लोक १२० देखि १४९ सम्मका सङ्कथनलाई रामगीता मानिएको छ। भानुभक्तको रामगीताको अन्तिम श्लोक यहाँ उद्धरण गरिएको छ :

"श्रद्धाभक्ति रहोस् गुरु चरणमा मेरो वचनमा पनि।
यस्लाई श्रुतिसार् बुझीकन पढोस् मुल तत्त्व यै हो भनी।।
यस्ता रित् शीत यो पढ्यो पनि भन्या अज्ञानको नाश् गरी।
मेरै रूप् बनी जान्छ सहजै संसार सागर् तरी।।

अनि सन्त ज्ञानदिल दासद्वारा लिखित रामगीताको पनि अन्तिम श्लोक पढौं।

"येस्ता रीतसीता पढे पनि भने अगज्यन् नष्ट गरि।।
मेरो रूप बनी जान्छ सहजै सन्सार सागर् तरी।।
अती राम् गीता भाका समर्पुन सुभम्।। हरीराम् राम।।

**उपसंहार**

मैले सिन्हा सरका केही कृतिमाथि मात्रै विहङ्गम दृष्टिले हेर्ने प्रयास गरेको छु। त्यो पनि जम्मै होइन। उनका बाह्र बटुलो अनि रामगीता। यहाँ रामको विषयमा चर्चा गर्दा अङ्ग्रेजी प्रथम शताब्दीदेखि रामलाई विष्णुको अवतार मान्न थालेको भन्ने मैले पढेको थिएँ। वाल्मीकिका राम अवतार थिएनन्। मानव थिए। राम मानव भए पनि भारतवासीको हृदयका देवता। मानिसको हृदयमा रामप्रति श्रद्धा र भक्तिभाव थियो नै। रामगीताको महत्त्व पनि त्यसकारण उत्तिकै भएको हुनुपर्छ। अनि गोकुल सिन्हाको रामगीताले खोजकर्तालाई त अझ नयाँ हेर्ने, बुझ्ने र अनुसन्धान गर्ने ढोका खोलिदिएको छ। मात्र लगनशीलता र मेहनत् गरेर अघि बढे भैगो। निचोडमा भन्नु पर्दा सिन्हाको उर्वर मस्तिष्क, दीर्घ लगनशील अनुभव र अभिज्ञताबाट अझ नेपाली बौद्धिक जमातलाई नयाँ सिर्जना उपहार दिनुहुनेछ भन्नेमा म विश्वस्त छु।

**बालिपरा, तेजपुर, असम**


**जानिराख्नुहोस्!**

**भारतको दार्जिलिङमा सन्त ज्ञानदिल दासले आफ्नो धर्मप्रचार सँगसँगै नेपाली साहित्यमा पुऱ्याएको योगादन विशेष चर्चायोग्य छ।**

**पादरी ए. टर्नबुलसँग सन्त ज्ञानदिल दासले शास्त्रार्थ गर्न चुनौती दिएर उनलाई पराजित गरी अङ्ग्रेज सरकारबाट रङ्गबुलधाम र त्यस वरिपरिको भूमि बिर्ता पाएका थिए।**

# शरद् ऋतु, शारदीय पीडा र शरद्पुत्री



डा. वीणा हाङ्गखिम

साधारणतः शरद् ऋतु भन्नेबित्तिकै एउटा रमाइलो यामको सम्झना र छवि आँखाअघि र मनमस्तिष्कभरि उदाउँछन् । शायद माथवरसिंह छेत्री र प्रभावती छेत्रीले पनि शरद् ऋतुको रम्यतासित रिझिएर नै आफ्नो प्रथम सन्तानको नाम शरद् जुराएका होलान् । यस ऋतुको आफ्नै वैशिष्ट्य छ, वर्षाको उद्दाम सङ्गीतको न्यूनता, शिशिरको उजाडता, ग्रीष्मको उखरमाउलोपन, प्रकृतिमा देखापर्ने नियाङ्गोपन, खडेरी, आँधी, हुरी, बतास, यी सबैको आभासदेखि अलग्ग - एउटा मीठो आकर्षण बोकेको शरद् ऋतु - हो, ठीक यस्तै शान्त र सौम्य व्यक्तित्वका धनी थिए शरद् छेत्री । उनी मेरा शोधनायक, मेरा पथप्रदर्शक र अभिभावक । आस्थाको शिखर महाकाल बाबाको पवित्र दार्जीलिङदेखि सयौँ भञ्ज्याङ र देउराली छिचोल्दै उनको नाम, छवि, व्यक्तित्व र कृतित्वसँगै उनलाई सगरमाथाको देश, नेपाल र त्यहाँको सर्वोच्च शैक्षिक संस्था त्रिभुवन विश्वविद्यालयको परिवेशमा पुर्‍याउन पाउँदा तथा उनको नाम र कर्मले आफैले पनि चिन्हारी पाएको क्षण सम्झेर आजपर्यन्त नतमस्तक छु, अनुगृहीत छु । उनैकी एकमात्र सुपुत्री शैलीका, नामसुहाउँदो सुन्दर शैलीकी धनी, साहित्यक्षेत्रमा अकस्मात् देखा परिन् एक हरफ बाटो लिएर । देख्नमा र जान्नमा सन् २०१९ मा प्रकाशित यो उनको प्रथम कृति तर आद्योपान्त पढेपछि पाठकवर्गलाई थाहा हुन्छ - अङ्ग्रेजी भाषा-साहित्यकी विशिष्ट अध्येता पहिल्यैबाट सक्षम लेखिका बनिसकेकी थिइन् ।

त... सर्जकको जन्म कसरी र कुनबेला हुन्छ ? त्यो भन्न गाह्रो छ... अनिश्चित छ । एक हरफ बाटो जन्मनुभन्दा शायद धेरै अघिबाटै सर्जक शैलीका जन्मिसकेकी थिइन् । पृथ्वीमा आमाको गर्भबाट अवतरण हुनुको प्रसङ्गबाट बेग्लिएर सिर्जनाको मीठो चेतले उनले अक्षरको गर्भाशयबाट सेतो कागज र संवेदनाको उर्वरा भूमिमा पदार्पण गरिसकेकी थिइन् मीठो र मोहक शैलीकी धनी शैलीकाको काँचुली फेरेर । इडिपस ग्रन्थिको अथाह मोह र युगौँदेखिको सञ्चित श्रद्धा आनुवंशिक चैतन्यको पराकम्पनले, गुरुत्वाकर्षणले शायद उनले त्यतैतिर अक्षरको सूर्योदय फेला पारेकी थिइन् । उनको

अन्तरचेतनाले त्यतै अक्षर, शब्द, भाव, भाषा, अभिव्यक्ति, जीवनका अन्तरङ्ग कुराहरू, तथ्यहरूको खजाना आविष्कार गर्‍यो र हामी पाठकवर्ग भाग्यशाली बन्यौं उनको कलमबाट निःसृत अमर भावगङ्गाका अक्षर कोसेलीहरू पाएर। साहित्यका साउँ अक्षर छिचोलेपछि उनले मानव जीवनको मर्म बुझिन्, पारस्परिक साइनोको महत्त्व केलाइन्, जीवनजगत्को गरिमा नियालिन् र लेख्नुको आनन्द र सन्तुष्टि थाहा पाइन्। अस्पतालमा मृत्युशैय्यामा परेका पिता शरद् छेत्रीले प्रत्येक क्षण हेर्न चाहेको प्रिय व्यक्ति शैलीका नै थिइन् अर्थात् शरद्पुत्री शैलीका।

अक्षरका फूलहरूमा एउटा नजानिँदो आकर्षण हुन्छ जुन इन्द्रेणीमय हुन्छ र मनको घामपानीले विस्तारविस्तार थाहै नदिई मनको भित्री तहसम्म उज्यालो किरण छर्नुका साथै एउटा अज्ञात मोहनीले लट्याइदिन्छ र मनको तलाउमा तरङ्गहरू स्वतः तरङ्गित बन्दै साहित्यका पाखापखेराहरूसमेत पराकम्पित बन्छन् र त्यहाँ सृजनाका बत्तीहरू आनन्दका लहर फैलाउँदै झलमल्ल बल्न थाल्छन्... ठीक यस्तै बत्तीको मोहनीले सर्जक शैलीकाका मनका पाखाहरू बलेको हुनुपर्छ। एउटी साधारण पाठकबाट सर्जक बन्दासम्मका अक्षरयात्राहरूमा उनले के के भोगिन्, के के अनुभूत गरिन् ? सिर्जनाको यात्रा भनेको त्यति सरल र सहज यात्रा कहाँ हो र हामीले सोचेजस्तो ? यो दुर्गम यात्रामा फूलहरूसँगसँगै तीखातीखा काँडाहरू पनि हुन्छन्, हात समातेर डोर्‍याउने बलिया शुभचिन्तकहरू पनि हुन्छन् र उचालेका कदम खस्क्याउने नकारात्मक छलीहरू पनि हुन्छन् तर आफू उभेको धरतीमा बलियोसँग उभिनसक्ने, दह्रिनसक्ने शरद्पुत्रीका निम्ति आफ्ना पिताका आड-भरोसा, उनका महान् वाणीहरू र मौनतामै धेरै कुरा सिकाउन सक्ने उनका अमर वाणीहरू र परोक्ष ढङ्गमा पस्केका मौन निर्देशनहरू - शायद यिनै कुराहरूबाट सर्जक शैलीकाले आफ्ना निम्ति एउटा मूल राजपथ तयार पारिन्। त्यसपछि यति भने निर्धक्कसँग भन्न सकिन्छ- 'हुने बिरूवाको चिल्लो पात' - शरद्पुत्री शैलीकाले सबल लेखिकाहरूका हाँचमा आफ्नो नाम दर्ता गरिसकिन्!

एक हरफ बाटो साधारण पुस्तकमात्र नभई शरद्पुत्रीको जीवनको एउटा महत्त्वपूर्ण पाटो हो। यसमा तीन खण्ड छन्- पहिलो खण्ड चिन्तन भुइँमा जम्मा सातवटा लेख छन्- (१) प्रेम : स्वीकृति र निषेधबीचको फूलकाँडा, (२) बोधिसत्वका आयाम, (३) स्वतन्त्रता सौन्दर्य, (४) ह्याव अ ह्याप्पी पिरियड, (५) दार्जीलिङ र आइडेन्टिटी, (६) स्त्री र प्रश्न र (७) कस्तो छौ ?। दोस्रो खण्ड सम्बन्धको डोरीअन्तर्गत जम्मा पाँचवटा लेख छन्- (१) शारदीय पीडा, (२) म साधु बन्न सक्दिनँ, सरी बाबा! (३) पातको फ्रेम र बाबाको चिट्ठी, (४) पहिल्यै पढेजस्ता : कहिल्यै नपढेजस्ता र (५) इट्स भेरी हार्ड टु से गुडबाई। तेस्रो खण्ड हरफको बाटोअन्तर्गत चारवटा लेख छन्-

(१) बटरफ्लाई डिस्कोर्स र फरक जुनीको जोखिम, (२) हस्तक्षेप : परीक्षणको बाटो, (३) आफ्नै बाटो खोज्ने गीत र (४) 'शब्द-यात्रा'-को रोमाञ्च र जोखिम ।

जम्मा सोह्रवटा लेखहरू समेटिएको एक हरफ बाटोमा जीवनजगत्का महत्त्वपूर्ण पक्षहरूको परिचय पाइन्छ । प्रेमिल संसारका इन्द्रधनुषी पाटाहरू, बोधिसत्त्वसँग सम्बन्धित वैज्ञानिक प्रामाणिकताहरू, बोधि यात्रा, क्वान्टम सिद्धान्त, थ्री-डाइमेन्शनल सौन्दर्यबोध, 'स्तूप' र हिन्दु रहस्यवादी कनेक्शन, बौद्ध रहस्यवादको विचलन, बौद्ध-विवेक, स्वतन्त्रता सौन्दर्यअन्तर्गत पर्ने प्राचीन सौन्दर्य, सार्त्र, ओशोका स्वतन्त्रता सूत्र, नारी स्वातन्त्त्र्यका डार्बिनको सिद्धान्त, नारीका शारीरिक प्रकृति, शरीर विज्ञान, रजोधर्म, रजस्वलासम्बन्धी विभिन्न समस्याहरू र समाधानबारे पनि लेखिकाले खुलस्त रूपमा चर्चा गरेकी छिन् । आफ्नो प्रिय जन्मथलो दार्जीलिङ, यसको पूर्व इतिहास, शिक्षा प्रचार, धर्म प्रचार, दार्जीलिङे भाषा, राजनैतिक विचलन, अविस्मरणीय तथा ऐतिहासिक १९८६ को आन्दोलन, २०१७ को १०५ दिने जातीय अस्मिताको मागलाई लिएर गरिएको आन्दोलन, दार्जीलिङवासीलाई आफू नेपाली हुनुको परिचय खुलाउन सक्नुपर्ने समस्याबारे समेत उनले प्रकाश पारेकी छिन् ।

चिन्तनभुइँ खण्डअन्तर्गतका अन्तिम दुई अध्याय 'स्त्री र प्रश्न' र 'कस्तो छौ ?' झट्ट हेर्दा र सुन्दा अत्यन्त साधारण लाग्न सक्छन् तर यी दुवै अध्याय सर्जक शैलीकाका विस्तृत अध्ययन र गहन चिन्तनले टम्म भरिएका छन् । एउटी बालिकाको नारी देहयष्टिसम्मको अद्‌भुत यात्रा, सामाजिक तहमा उसको स्थान र मान्यता, पुरुष संसर्गबाट प्राप्त सन्तुष्टि/असन्तुष्टि, सफलता/असफलता, प्रेम, दमन, प्रताडना, वितृष्णा, उत्पीडन, स्वअस्तित्वको जगेरा, आत्मरक्षा, अस्मिताको खोजी, किनारीकरण आदिलाई बडो सुचारू ढङ्गले केलाएर प्रस्तुत गरिएका छन् । अति साधारण भलाकुसारीको भाषा 'कस्तो छौ ?'-ले व्यक्ति मनमा निम्त्याउनसक्ने अनेक प्रकारका सकारात्मक/नकारात्मक विचारहरूका सम्भावनाहरूबारेका गहन कुराहरू यसमा राखिएका छन् । बहुचर्चित कवि जीम मोरिसनलाई एउटा साक्षात्कारमा 'जीम, हाउ आर यू ?' भन्ने प्रश्न गर्दा उनले यस प्रश्नलाई युवा पुस्ताको अति प्रिय सम्बोधन प्रश्नका रूपमा स्वीकार गर्दै व्यक्तिको सामाजिक जीवनाई उजागर गर्ने निरर्थक तथा निरुद्देश्य तर तानाशाही प्रश्नको वर्गमा यस प्रश्नलाई राखिएका कुरालाई सर्जक शैलीकाले प्रकाश पारेकी छिन् । सुन्दा सामान्य लाग्ने यस प्रश्नले सोधिएका व्यक्तिप्रति कस्तो किसिमको प्रभाव पार्नसक्छ सोबारेमा उनको विचार यस किसिमको छ- ...त्यसैले व्यक्तिले जोय अफ इग्जिस्टेन्स, सेल्फ डिस्कबरी अनि फ्रीडम पाउने आत्मगत ज्ञानलाई हातेमालो गरेपछि मात्र प्रश्न- 'हाउ आर यू ?' भनेर कसैलाई सोध्ने

अधिकार छ । र त्यसपछि मात्रै प्रश्न 'हाउ आर यू ?'-ले नैतिक आधारमा मानव चिन्तनको विकासक्रमलाई नयाँ मोड दिन सफल बन्छ । यो प्रश्नले मानव चिन्तनको यान्त्रिक अनि वस्तुगत व्यवस्थाबाट मानव मनलाई जबरजस्ती कुल्चिए तापनि वा यो प्रश्नले मानव विचारलाई उत्सुक नयाँ मोड दिए तापनि कुनै पनि मुहूर्तमा हठात् सोधिने यो प्रश्न- 'कस्तो छौ ?'-को सहज उत्तर दिनुअघि हजारपल्ट सोच्नु अनिवार्य छ। (पृ. ८८)

दोस्रो खण्ड सम्बन्धको डोरीअन्तर्गतका पाँचवटा अध्यायमध्ये प्रथम 'शारदीय पीडा'-मा सर्जक शैलीकाको पितृप्रेम, पिताको माहात्म्य, सपनाको मूल्य आदिलाई अत्यन्त सुदक्षतापूर्वक चर्चा गरिएको छ । छोरी लेखिका बन्छे भन्ने कुरामा सर्जक शैलीका स्वयम् अनभिज्ञ रहे तापनि उनका बाबा विश्वस्त थिए आफ्नी छोरीको प्रतिभाप्रति । सर्जक छोरीले सर्जक पितालाई आद्योपान्त रूपमा पढेकी थिइन्, उनको हरेक गतिविधिलाई नियालेर हेरेकी थिइन् र उनको मृत्युशैय्यासम्मको यात्रामा मानसपुत्रीका रूपमा रहेर सबै कुरा अन्तर्मनमै केलाएकी थिइन् र त्यही यात्राबाट उठेर उनी सिर्जनाको फाँटिलो राजपथमा निर्धक्कसँग हिँड्ने भइसकेकी थिइन् । दोस्रो परिच्छेद 'म साधु बन्न सक्दिनँ, सरी बाबा !'-मा पिता शरद् छेत्रीको इमानदारी र सोझोपनको फायदा उठाएर ठग्ने कलकत्ताका प्रोफेसनल ठगबाट ठगिएको पाइएको अमूल्य शिक्षाबारेको सुन्दर घटना छ । त्यसरी ठगिँदा पनि त्यस ठगप्रति नकारात्मक भावना नराखेर उल्टा परिस्थितिले त्यसरी ठग्नु बाध्य बनाएको होला भन्ने सोच राखेर क्षमाशील बनेका आफ्ना पितालाई उनले साधु प्रवृत्तिको क्याटेगोरीमा राखेर हेरेकी छिन् । एउटा इन्टरव्यूको सन्दर्भमा सिलगढी जाने क्रममा खचाखच मानिसको भीडभित्र कसैले आफ्नो घाँटीबाट नेकलेस तानेको अनुभव हुँदा उनले कसेर एक थप्पड हानेकी थिइन् । त्यस ठिटोले काम्दै 'सरी' भने तापनि बसका मानिसहरूले कुद्दै गरेको बसबाट त्यसलाई सडक किनारमा फ्याँकिदिए । उनले तत्कालै आफ्ना पितालाई सम्झिइन् जो अत्यन्त दयावान् र क्षमाशील थिए । त्यही प्रसङ्गमा उनलाई लाग्यो कि उनी आफ्ना पिताजस्ता क्षमाशील बन्न नसक्ने रहिछन् ।

तेस्रो लेख 'पातको फ्रेम र बाबाको चिट्ठी' पनि ज्यादै रोचक र संवेदनशील छ । किशोर वयमा पुगेपछि प्रायशः किशोरकिशोरीहरू विभिन्न आदत र सनकसँग हुर्कँदै जान्छन् । उमेरको वृद्धिसँगै कति त्यस्ता आदतबाट मुक्त हुन्छन् भने कति विभिन्न आदतका शिकार बन्न पुग्छन् । सर्जक शैलीका छेत्रीमा ट्राइफोलिया रिपेन्सको चारपाँच पाते झार बटुल्ने सनक सवार भएको थियो । वनस्पति विज्ञानका एक शिक्षकले तीनपाते झारविषय पढाएको समयमा त्यस्ता चारपाँच पाते खोजेर राखे

परीक्षातिर मात्र नभई अन्य कुरोमा पनि सफलता हासिल गर्न सकिन्छ भन्नेजस्तो वाक्यले उनको मनमा गहिरो जरा गाडेको फलस्वरूप स्कूल जाँदा पनि मूल बाटो छोडेर अर्कै जङ्गली झारयुक्त गोरेटो भएर हिँड्ने गरेकी थिइन् । एक दिन चारपाते झार फेला पारेपछि चारपातेसँगै पाँचपाते झार बटुल्न सफल भएकी थिइन् । यसरी चारपाते झार खोज्ने क्रममा थुप्रै पाँचपाते झारहरू बटुलेर थुप्रो भएपछि घर पुगेर ती पातहरूलाई खूबै जोगाएर एउटा खाताका पृष्ठहरूमा सजाएर राखेको निकै दिनपछि शुष्क र पहेँला बनेका ती पातहरूलाई एउटा कागजमा क्रमैले सजाएर राखी एउटा सुन्दर फ्रेममा हाली उनले आफ्नो कोठाको भित्तामा देखिने गरी टाँगेर राखिन् । यसरी सजाएर राखिएको फ्रेमलाई प्रत्येक बिहान एकचोटि हेरिसकेपछि मात्र पढाइ गर्ने क्रम जारी रह्यो । यसरी नै उनले क्रमशः माध्यमिक, उच्च-माध्यमिक तथा स्नातक तहका परीक्षाहरू सहजै उत्तीर्ण गरिसकेपश्चात् स्नातकोत्तर स्तरको परीक्षाका निम्ति उनी कलकत्तातर्फ लागिन् तर त्यहाँबाट फर्केर आउँदा घरमा त्यो पातको फ्रेम नदेख्दा उनी पानीबिनाको माछाझैं भइन् । त्यस फ्रेमको अनुपस्थितिमा उनी एकोहोरिएर झ्यालबाट बाहिर बगैँचातर्फ हेरिरहने भएकी थिइन् । उनको यस्तो स्थिति देखेर पिता शरद् छेत्रीले एक दिन वनस्पति विज्ञानका शिक्षकलाई घरमा ल्याएर आए जसले सर्जक शैलीकालाई तीनपाते झारको आनुवांशिक बनोटमा कुनै सानो त्रुटिवश त्यसमा चारपाते वा पाँचपाते झारको उत्पत्ति हुने सम्भावना रहने कुरा बताए अनि यस्तै आनुवांशिक विकारवश प्राणी जगत्‌मा पनि शारीरिक तथा आङ्गिक विकार आउनु स्वाभाविक कुरो हो भन्ने जानकारी दिएपश्चात् उनको भ्रम टुटेको कुरो उनले जनाएकी छिन् । साधारण कुरोबाट पनि उनी दर्शनका झिल्काहरू बटुल्छिन् ।

आफ्ना पिताको देहावसानपश्चात् एक दिन उनले आफ्ना पिताको पुस्तकालयमा खचाखच भरिएको किताबको थाकबाट एउटा प्याकेट फेला पारिन् जसमा त्यही ट्राइफोलियाका पातको पुरानो फ्रेमसँगै पिता शरद् छेत्रीले लेखेका एउटा सानो पत्र पनि हात पारिन् जुन पत्र उनलाई नै सम्बोधन गरिएर लेखिएको थियो जसमा जीवनलाई नाटकसँग तुलना गरेर उनलाई जीवनको परिभाषाबारे सम्झाइएको थियो र त्यो पातको फ्रेमलाई लिएर पनि धेरै कुरा खुलस्त पारिएको थियो । एउटा साधारण तर जीवनोपयोगी कुराहरूलाई सललल बग्ने शैलीमा बडो आकर्षक ढङ्गमा व्यक्त गर्नसक्ने कला शैलीकासँग छ जुन साँच्चै प्रशंसनीय छ भन्न सकिन्छ ।

यस द्वितीय खण्डको चौथो अध्यायमा विशेषतः भारतीय नेपाली साहित्यका शिखरपुरुष इबराका रचनाहरूबारे सर्जक शैलीकाले चर्चा उठाएकी छिन् । इबराका किताबहरू पढ्ने क्रममा उनले यी लेखकका दर्शन, विचार अथवा सिद्धान्तका

कुराहरूका प्रसङ्गमा उनका विचारहरू अघिबाटै सुनेजस्ता लागेका अनुभूतिहरू साझा गरेकी छिन् भने उनका मौलिक कृतिहरू पढ्दा अघि कहिल्यै नसुनिएकाजस्ता लागेका कुरा गरेकी छिन् । वास्तवमा अगमसिंह गिरी र इबरा दुवैले नै उत्तिकै महत्त्वपूर्ण साहित्यिक कर्म गरेका हुन् भन्ने विचार शैलीकाले प्रस्तुत गरेकी छिन् । 'पहिल्यै पढेजस्ताः कहिल्यै नपढेजस्ता' शीर्षकअन्तर्गत राखिएका उनका विचारहरू मननीय छन् ।

'इट्स भेरी हार्ड टु से गुडबाई' युवा प्रेमप्रसङ्गलाई लिएर लिखित रचना हो जुन अति संवेदनशील छ । प्रेमी देवेन्द्रको एकपक्षीय प्रेम विह्वलता, ब्लड क्यान्सरबाट ग्रस्त भएपश्चात् मृत्युसम्मुखीन हुँदासम्म मपात्र अर्थात् सर्जकप्रतिको एकोहोरो प्रेम र दार्शनिकताले संवेदनशीलताको चरमसीमा छोएको छ । सर्जकको प्रेमप्रतिको आफ्नै दृष्टिकोण र तटस्थता देखिन्छ ।

तेस्रो खण्ड हरफको बाटोअन्तर्गत चारवटा विभिन्न विषय छन्- (१) बटरफ्लाई डिस्कोर्स र फरक जुनीको जोखिम, (२) हस्तक्षेपः परीक्षणको बाटो, (३) आफ्नै बाटो खोज्ने गीत र (४) 'शब्द-यात्रा'-को रोमाञ्चच र जोखिम । प्रखर प्रतिभाशाली कवि, आख्यानकार मनोज बोगटीकृत लाइफः अ बटरफ्लाईको पठनपश्चात् आफ्नो मनमा उब्जेका भावनाहरू तथा उनको दृष्टिकोणबारेका बडो रोचक कुराहरू समेटिएका छन् । उनका मतानुसार ''लाइफः अ बटरफ्लाई आख्यानकार मनोज बोगटीको भाषाखेल, कलाखेल र कथाखेल गर्ने मलिलो ठाउँ हो । '' जीवनका विभिन्न रङ्गहरूबारेमा शुरू गरिएका कथाहरूको जीवनका रङ्गहरूमै अन्त्य भएका छन् द्रष्टा शैलीकाको नजरमा । उनका कथाहरू त्यति सहज छैनन् । बालकृष्ण समको फुकेको बन्धनजस्तै उनका कथाहरू पनि विभिन्न सम्भावना र प्रकर्षका खजाना हुन् । मनोज समाजद्वारा निर्मित सहज बाटो र लयमा नहिँडेर स्वयम्द्वारा निर्मित नौलो र जोखिमपूर्ण बाटो हिँड्न रुचाउने फरक धारका व्यक्ति हुन् यसैले उनको यो फरकपन व्यक्तित्वका साथै कृतित्वमा समेत पाइनु स्वाभाविक नै हो । उनी स्वयम् यसरी व्यक्त हुन रुचाउँछन्- म छु नै फरक । खासमा फरक बाँच्नु जोखिमको काम हो । अनफिट काम । मलाई यस्तै जोखिमको काम मन पर्‍यो ।

**फरक**

यस खण्डअन्तर्गत पर्ने दोस्रो लेख हो- 'हस्तक्षेप : परीक्षणको बाटो' । साहित्यिक धरातलमा उभिएर हस्तक्षेपको प्रसङ्गमा द्रष्टा शैलीका भन्छिन्- समाजबिना साहित्यिक चेतना अपूर्ण रहन्छ र यो त्यसबेला मात्रै सम्भव हुन पुग्छ, जब समाज

अनि साहित्यबीच सम्पूर्णताको विचार, आत्म-नियमनको विचार तथा रूपान्तरण विचारको समाजसित डाइरेक्ट संरचना हुन जान्छ । हस्तक्षेप लेखनभित्र पर्ने केही युवाकविहरूमा राजा पुनियानी, मनोज बोगटी, भूपेन्द्र सुब्बा, निमा शेर्पा, लेखनाथ छेत्री तथा महेश पौड्यालले साहित्यलाई उत्तरआधुनिकतावादको नौलो बाटोमा हिँडाउने चेष्टा गरिरहेका छन् भन्ने उनको मत छ । राजा पुनियानी (अर्को लश्कर), मनोज बोगटी (काफरे अमेरिका), निमा शेर्पा (कुरूप फूलको गन्ध), भूपेन्द्र सुब्बा (बजिया आँखा), लेखनाथ छेत्री (जिहादी प्रेम) तथा कतिपय प्रेमिल कविताहरूमा नयाँपन पाइन्छ ।

साहित्यमा जब बिम्ब, प्रतीक आदिको समावेश हुन्छ तब सुनमा सुगन्ध थपिन्छ । द्रष्टा शैलीकाका मतमा कवि बोगटीका कविताहरूमा बिम्बलाई भावगर्भित शब्दचित्रका रूपमा प्रयोग गरिएको पाइन्छ जसले गर्दा उनको सिर्जनात्मक अभिव्यक्तिमा फरक सुगन्ध पाइन्छ । उनका अनुसार हस्तक्षेप पनि पूर्वलेखन कतिपय आन्दोलनहरूको गोहो भएरै आइरहेको आजको रूप हो । मार्क्सवाद, विखण्डनवाद, बिम्बवाद, नेचरलिज्म, मनोविश्लेषणवाद, मिथ तथा प्रेमका जटिल पक्षलाई साधारण काव्यभाषाको माध्यमबाट पाठकसमक्ष ल्याउने एउटा निर्दोष कोशिश गरिरहेको देखिन्छ भन्ने धारणा द्रष्टा शैलीकाको रहेको देखिन्छ । सम्प्रति परिवर्तनको स्वप्नद्रष्टाहरूबाटै साहित्यले नयाँ काँचुली फेरिरहनु स्वाभाविक कुरो हो । उनीहरूको पाइला परीक्षणको बाटोमा नै छ भन्ने द्रष्टाको विचार छ ।

तेस्रो अध्यायको शीर्षक छ- 'आफ्नै बाटो खोज्ने गीत' । गीतको प्रसङ्गमा द्रष्टा शैलीकाद्वारा मनोज बोगटीको रचना र गायक पुष्पन प्रधानको स्वरमा गुञ्जित सुफी आलापमा आधारित 'ए ! बूढाबा, यो त मेरो समय हो । '-लाई माध्यम बनाएर गीत-सङ्गीत, नृत्यमा निहित नौलोपन र शिल्पबारे विशद् चर्चा गरिएको छ । गीत विधालाई नाट्यकलासँग सम्बन्ध रहेको देखाउँदै संस्कृत साहित्यका आद्य नाट्यशास्त्रकार भरतले गीतलाई नाट्यकलाको शोध प्रबन्ध ठानेका कुरालाई द्रष्टाले पनि सकारेकी छिन् । भारतीय गतिशास्त्रमा गीतको सारभूत स्वरमाधुर्यमा आधारित रहेको ठानिन्छ । यसैले कण्ठसङ्गीत र वाद्यसङ्गीत दुवैलाई भावात्मक एवम् सौन्दर्य पिपासाका दृष्टिले आत्मसन्तुष्टिका कारकतत्त्वका रूपमा ग्राह्य ठानिन्छ । नागाजातिको The Songs Of Corn Grinding बाट उद्भूत जुन एकोहोरो ध्वनि सृष्टि हुन्छ त्यसमा समेत सङ्गीतको लय पाइन्छ तथा वैदिक स्तोत्रको लयात्मक उच्चारणलाई पनि सङ्गीतको क्षेत्रमा जटिल राग मानिन्छ भन्ने धारणा द्रष्टाको रहेको छ । उनका अनुसार सडकतिर प्रदर्शन गरिने सपेराको बीनबाट उत्पन्न ध्वनिलाई पनि सङ्गीतशास्त्रमा राग Punnagavarali

(पुन्नागाभराली)-मा गाभेर हेर्ने गरिन्छ।

भारतीय नेपाली गीत विधामा कविता विधामा झैँ रहस्यवाद, अस्तित्ववादको गोरेटो हुँदै पाश्चात्य अमेरिकन हिपहप R.A.P. (र्‍याप) सङ्गीतको स्वरूपसम्म आइपुगेको तथ्यलाई स्विकार्दै द्रष्टा शैलीकाले यस किसिमको परिवर्तन ताल-विधानमा आउँदै गएको परिवर्तन नै प्रमुख कारण हुनसक्ने सम्भावनाका रूपमा मानिलिएकी छिन् । मनोज-पुष्पणको 'ए ! बूढाबा...'-लाई नवजागरणको दिशातर्फ प्रवाहित गर्दै सेल्फरियलाइजेशन गराउने क्रान्तिकारी गीतका रूपमा लिनसकिने सम्भावना उनले जाहेर गरेकी छिन् । धार्मिक, राजनैतिक, सांस्कृतिक, सामाजिक स्तरका अन्तरविरोधहरूमाथि प्रहार गर्ने यस गीतले आफ्नो समयको दाबी गर्ने पुस्तालाई प्रतिनिधित्व गर्दै परिचय सङ्कट झेलिरहेका भारतीय नेपालीहरूको सपनालाई प्रस्तुत गरेको छ भन्ने लेखिकाको मत रहेको देखिन्छ। यस गीतले खोजेको नयाँ बाटोलाई आत्मसात् गर्ने नयाँ पुस्ताबाट अब स्वीकृतिको अपेक्षा साँच्न सकिने कुरोमा उनी आशावादी छिन्।

तेस्रो खण्डको अन्तिम लेख हो- 'शब्द-यात्रा'-को रोमाञ्च र जोखिम'। प्रखर कवि जय क्याक्टसरचित शब्द-यात्रामा जीवनको पक्ष छ, जीवन-सङ्घर्षको नितान्त नौलो चित्रण छ। द्रष्टा शैलीकाका मतानुसार कवि सुधीर छेत्रीपछि विचलन-लेखनका गुणात्मक सर्जकको सक्षमता तथा सजगता कवि जय क्याक्टसका कवितामा नै बढी मात्रामा पाइन्छ। अस्थिर समाजमा घरीघरी देखापर्ने परिवर्तनसँगै कुनै पनि कविका कवितामा समाजगत परम्पराका विभिन्न रङ्गहरू आफ्नो स्थान ओगट्न आउँछन् र तिनैका छाया र छवि कविताका हरफहरूमा देखा पर्छन्। कवि क्याक्टसका कवितामा पनि परिवर्तनशील समाजकै विभिन्न बिम्बहरू समाजको प्रतिनिधित्व गर्दै सुन्दर हरफहरूमार्फत प्रकाशमान् भएका देखिन्छन् । सामाजिक विकृति, विचलन, सभ्य समाजको नग्नता, शोषण, नकारात्मकता, कतै उज्यालो भविष्यको अवश्यम्भाविता, सकारात्मक पक्षको सौन्दर्यपूर्ण पक्ष सबै-सबै समेटिएका उनका कविताको शृङ्खला अद्भुत मार्ग भएर यात्रारत रहेको देखिन्छ। वर्तमान टेक्निकल युगमाथि समसामयिक दृष्टिकोण राख्दै कतै साइबर संस्कृति तथा भर्चुअल रियालिटीको प्रसङ्ग छेडिएको छ भने मृत्युको अकाट्य सत्यलाई मिथकीय रूपमा प्रस्तुत गरिएको पाइन्छ। काव्यिक सौन्दर्यले ओतप्रोत उनको 'शब्द-यात्रा' ओजपूर्ण छ।

सङ्क्रमण लेखनकै हाराहारीमा अनुहारिन आएको विचलन लेखनको धरातलमा उभिएर सशक्त कविता लेख्ने कविहरूमध्ये जय क्याक्टस एक उज्ज्वल नक्षत्र

हुन् । हार्दिक तथा बौद्धिक पक्ष दुवै समेटिएका उनका कवितामा क्रान्ति, दर्शन, राजनीति, समाज तथा वर्तमान विश्वको स्थितिबारेको सोच र संलग्नताको प्रत्यक्ष अनुभूति निहित रहेको देखिन्छ।

समाजमा एक प्रतिष्ठाप्राप्त, सशक्त लेखकमा दह्रिएका आफ्ना पिता स्वनामधन्य शरद् छेत्री वास्तवमा एक असल पिता, पति र इमानदार व्यक्ति थिए। शरद्पुत्री शैलीका आफ्ना लेखक पिताकी अनुगामिनी बनेर साहित्यक्षेत्रमा पदार्पण गरिन् । साधारण कुरामा पनि गहन सोच राख्ने उनमा जीवनजगत्का विभिन्न विषयहरूलाई हेर्ने फरक दृष्टिकोण छ। जीवनका विभिन्न आयामहरूलाई केलाउने अनुपम कलाकी स्वामिनी उनमा गहन चिन्तन प्रस्तुत गर्ने अद्‌भुत सीप छ । भाषिक प्रयोगमा दक्षता वहन गर्ने यी शरद्पुत्रीको साहित्य-भूमि उर्वरा छ । अभिव्यक्ति-कौशल, वर्णन चातुर्य, वाक्य विन्यास, शिल्प सौष्ठव, कलात्मकता, गहन अध्ययन, अध्यात्म, मिथकीय प्रयोग, विषयमाथिको पकड, गाम्भीर्य, पूर्वीय/पाश्चात्य दर्शनका ज्ञान आदि सम्पूर्ण कुराहरूमा उनी तिखारिएकी छिन्। वस्तुतः यसरी प्रथम कृतिअन्तर्गत नै यति माझिएको शैलीसँग प्रस्तुत हुने यी सर्जकबाट भावी दिनहरूमा अझ उत्कृष्ट कृतिहरूको अपेक्षा साँच्न सकिन्छ । शारदीय पीडा झेलेर साहित्यजगत्‌लाई जीवनजगत्को खानीबाट यति उत्कृष्ट हीरा अर्पण गर्न जान्ने विदुषी शैलीकाप्रति यो पाठक कृतकृत्य रहनेछ।


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**फोन:०१-४२४१४८५/९८४१२०२६९६/९८६१०५०८७०**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# खाने मुखलाई जुँगाले छेक्दैन



डा. व्यन्जना शर्मा

सिक्कीमको एउटा साहित्यिक कार्यक्रममा भाग लिएर आउने हाम्रा परिवारका सदस्यहरूबाट मैले त्यहाँका वरिष्ठ साहित्यकार पद्मश्री सानु लामाको बारेमा धेरै सुनेकी थिएँ। '८४ वर्षको उमेरमा पनि कति सकृय!' 'सबै पाहुनाको ख्याल राख्ने', 'कति व्यवस्थित पारामा काम गर्न सक्ने' यस्तै यस्तै। आफूले नदेखेको मान्छे। त्यसैले मैले खासै ध्यान दिइन। सौभाग्यवश तिनै सानु लामा दमक आउने खबर सुनें। गत पौष ३० गते हाम्रै विद्यालय विद्याशिल्प एकेडेमीको प्राङ्गणमा उनको सम्मान कार्यक्रमको आयोजना गरिएको थियो।

उनलाई देख्नेबित्तिकै म तीन छक्क परें। सुटेड बुटेड– कुनै दृष्टिकोणबाट उनी ८४ वर्षका जस्ता देखिएका थिएनन्। अनुहारमा एक किसिमको तेज। अझै केही गर्ने जोश र आँट भएजस्ता देखिन्थे उनी। तोकिएको समयमा जब म कार्यक्रम स्थलमा पुगें; एकजना सेतो सुट लगाएका नौला व्यक्ति देखिए। मेरो छेउमै हुनुभएको आफ्नी दिदीलाई कुइनाले ठेल्दै मैले आश्चर्यचकित स्वरमा भनें, 'ए दिदी! अघि सानु लामाहरूको टीममा त ती व्यक्ति थिएनन् नि। उनी को हुन्, हजुर चिन्नुहुन्छ?' दिदीले पनि अलि आँखा गाडेर हेर्नुभयो र हाँस्दै भन्नुभयो, 'ती सानु लामा नै हुन्, हेर् त।' एकैछिनमा कसरी लुगा फेर्न भ्याएका! कति सचेत। लामाको यस्तो सजगता देखेर म प्रभावित भएँ।

यसैगरी, जब उनी बोल्न थाले, उनको विनम्रता स्पष्ट रूपमा झल्कन्थ्यो। उनी भारत सरकारले आफ्ना नागरिकलाई दिने साहित्यिक विधामा प्रतिष्ठित पद्मश्री सम्मान पाउने पहिलो भारतीय नेपाली रहेछन्। उनले यो सम्मान उनको कथा सङ्ग्रह 'मृगतृष्णा' का लागि, सन् २००५ मा पाएका रहेछन्। उनीपछि लिलबहादुर क्षेत्रीले सन् २०२० मा यो प्रतिष्ठित सम्मान पाए। यस्ता विशिष्ट व्यक्ति भैकन पनि उनमा कुनै दम्भ, कुनै अहंकार झल्किएको थिएन। उनको लवज, अनि चालढाल तपाईं हामीजस्तै साधारण व्यक्तिको जस्तो थियो। सानु लामासँगको यो भेटले मलाई उनको बारेमा जान्न अझ उत्सुक बनायो र उनको बारेमा त्यही सम्मान कार्यक्रममा

सुनेका र मैले आफैं पनि पढेका कुराले मलाई सानु लामाका बारेमा धेरै जानकारी प्राप्त भयो ।

खासमा सानु लामा इन्जिनियर हुन् । उनी नितान्त आफ्नो रुचिले साहित्यमा लागेका हुन् । आफ्नो साहित्य सिर्जनालाई उनी माता सरस्वतीको वरदान भन्छन् । उनले साहित्यका विविध विधामा कलम चलाए पनि उनको प्रिय विधाचाहिँ कथा नै हो । उनले पद्मश्री पनि कथा विधाकै लागि पाएका हुन् । एउटा पेशामा लागेका र त्यही पेशामा आइपर्ने विभिन्न कामले गर्दा सिर्जनात्मक काममा लाग्न नसकेको गुनासो गर्नेहरूलाई लामा गलत साबित गरिदिन्छन् । उनका पेशा र साहित्य सिर्जना सन्तुलित रूपमा सँगसँगै अघि बढेका छन् । आफ्नै कामको सिलसिलामा सिक्किमका विभिन्न ठाउँमा डुलेका लामा तिनै ठाउँलाई आफ्नो लेखनको परिवेश बनाउँछन् र आफ्नो यात्राक्रममा भेटिएका मानिसहरू उनका कथाका पात्रहरू बन्छन् । त्यसैले त उनका कथा सजीव र यथार्थ लाग्छन् । यतिमात्र होइन, सानु लामा मैले कामको धपेडीले गर्दा साहित्यमा जति समय दिनुपर्थ्यो त्यति दिइनँ अथवा साहित्यमा धेरै डुबेर आफ्नो पेशाप्रति वफादार भइनँ पनि भन्दैनन् । एउटा अन्तरवार्तामा उनी भन्छन्, '... केहीले पनि मलाई साहित्यपथमा हिँड्न बाधा पुऱ्याएन । साहित्य गरिरहेँ, कसैले बाधा उत्पन्न गरेनन् । अर्कोतिर इन्जिनियरिङ्गको डिप्लोमा लिएर आएँ, सरकारी जागिर खान पाएँ । आमाबाबुको खुशीको सीमा थिएन । मैले ठूलो आँट र आशीर्वाद पाएँ । वास्तवमा त्यही जागिरले मेरो घरसंसार चल्यो, सेवाबाट अवकाश लिएँ । यो उमेरमा आइपुग्दा मलाई कुनै प्रकारको गुनासो गर्नु छैन । मैले जानेजति र सकेजति साहित्यको सेवा गरेँ– त्योभन्दा बेसी गर्न सकिनँ भनेर पश्चात्ताप पनि छैन ।'

उनको यो भनाइबाट के स्पष्ट हुन्छ भने उनी एक सत्कर्ममा लागेका व्यक्ति हुन् । उनी सांसारिकताको व्यर्थको चक्रमा फँसेर हाँप र झाँप गर्दै यो पुगेन र त्यो पुगेन भन्दै रोइकराई गर्दै हिँड्ने खालका पनि होइनन् । उनको यस्तो सन्तोषी प्रवृत्तिलाई केलाउँदा उनले आध्यात्मिक जीवन जिउने अभ्यास गरिरहे झैं लाग्छ । यसको पुष्टि अन्तरवार्ताकारहरूले उनलाई सधैँ खुशी देखिने र कहिल्यै नरिसाउने भनेबाट पनि हुन्छ ।

सानु लामा एक प्रसिद्ध गीतकार पनि रहेछन् । हामीलाई कति गीत मन पर्छन् । ती गीत हामी गुनगुनाउँछौँ । हामीलाई ती गीत गाउने गायक गायिकाको नाम थाहा हुन्छ तर ती गीत कसले लेखे भन्ने कुरा थाहा नहुन सक्छ । आफूलाई असाध्य मन पर्ने

र गुनगुनाउने स्व. अरुणा लामाले गाएको गीत 'बालपनको आँगन त्यागेर...' सानु लामाले लेखेको कुरा थाहा पाउँदा म तीन छक्क परेकी थिएँ। यसैगरी हामी साना हुँदा रेडियो नेपालमा प्रायः घन्कने गीत, 'मितेरी साइनो लाएँ हजुर बैरागी हुन नसक्दा...' पनि उनैले लेखेका रहेछन् ।

सानु लामालाई पढ्ने क्रममा उनका कृतिमा भेटेको अर्को विशेष पक्ष भनेको यिनको नारीप्रतिको धारणा हो । उनका कथाका कुनै पनि नारी पात्रलाई पुरुषको तुलनामा कमजोर देखाइएको छैन। यस सम्बन्धमा एउटा अन्तरर्वार्तामा उनी आफैंले भनेका छन्, 'नारीलाई म जहिले पनि पुरुषको हाराहारीमा राखेर हेर्ने गर्छु। कुनै कुरोमा पनि म नारीलाई हेय ठान्दिनँ । नारीले आफ्नो चोखो उच्छृङ्खलता व्यक्त गर्नु उसको स्वाभाविक अधिकार अथवा स्वतन्त्रता हो।'

हेर्दै सन्तजस्ता देखिने लामा धेरैका लागि प्रेरणाका स्रोत बन्न सक्छन् । जीवनमा कति मान्छे भेटिन्छन्, कतिलाई बिर्सिइन्छ, तर कति भने मीठो सम्झना बनेर मस्तिष्कमा टाँसिइरहन्छन् । मेरा लागि सानु लामा यस्तै भैदिए । उनीबाट मैले सिक्ने कुरा धेरै रहेछन् । जीवनको उत्तरार्धमा आइपुगेका उनी अब त पक्कै पनि सुस्ताउलान् भन्ने मेरो सोचाइ उनले गलत साबित गरिदिए। युवककै जोशमा उनी अझै धेरै कृति प्रकाशनमा ल्याउने तयारीमा रहेछन् । उनको सम्मान कार्यक्रममा भारतको सिलगढीबाट आएका अर्का विद्वान् तुलसी भट्टराईले भनेअनुसार सबै भारतीय नेपाली सानु लामालाई 'भारतरत्न' सम्मान दिलाउन लागिपरेका छन् रे । भारतरत्न भारतीय सरकारले भारतीय नागरिकलाई दिने सबभन्दा माथिल्लो दर्जाको पुरस्कार हो। भारतरत्नपछि पद्मविभूषण, त्यसपछि पद्मभूषण र अन्तमा पद्मश्री गरी यी चार पुरस्कार सबभन्दा उच्चकोटिका पुरस्कार मानिन्छन् भारतमा । मनमा अठोट लिएर शुद्ध मनले जुन कर्म गरे पनि त्यसमा सफल हुन सकिन्छ भन्ने कुराको जीवन्त उदाहरण पेश गरेका सानु लामालाई भारतरत्न प्राप्तिका लागि मेरो पनि हार्दिक शुभकामना।

# बीसौँ शताब्दीमा जन्मिएकी नेपाली मोनालिसालाई पढ्दा



अनिता पन्थी

बेला बेला म अनौठो अनुभव गर्दै हुन्छु । हिजोको आफू सम्झेर ल्याउँदा आज एकदमै कच्चा लाग्छ । अहिले परिपक्व भएँ भन्छु भोलि झनै काँचो लाग्छ । अठोट गर्छु अबको हरेक क्षण र हरेक काम बोधपूर्ण तरिकाले गर्नेछु । तथापि त्यो बोधपूर्ण क्षण, बोधपूर्ण कर्म अझै आउँदैन । आज बुझेका कुरामा भोलि कति धेरै रिक्तताहरू भेटिन्छन् । कति धेरै बुझ्नु पर्ने कुरा थपिन्छन् । कति बुझाइहरू विस्थापित हुन्छन् । यसरी बुझाइहरू भोलि अधुरा हुँदै जाँदा रहेछन् । मधुरा हुँदै जाँदा रहेछन्, अस्पष्ट भएको लाग्दो रहेछ । त्यही कुरा अहिले हुँदो हो त कति स्पष्टसँग बुझ्ने थिएँ हुन्छ । तर त्यसो नहुँदो रहेछ । आगामी दिन फेरि त्यस्तै अनुभूति हुन्छ ।

अहिले मलाई त्यस्तै भएको छ । केही समयअघि अध्ययन गरेका कति पुस्तकहरू फेरि दोहोऱ्याएर पढूँ लाग्छ । तर समय कहाँ पुगिसकेको हुन्छ पछ्याउनै नसक्ने गरी । पुनः फिर्ता नहुने गरी । म पनि फर्किन नसक्ने गरी उतै पुग्छु अर्थात् मेरो समय त्यसरी टाढिन्छ । केही बर्ष पहिले भारतीय नेपाली स्रष्टा विक्रमवीर थापाकृत **बीसौँ शताब्दीकी मोनालिसा** (कथासङ्ग्रह) पढ्ने मौका मिलेको थियो । प्रा.डा. गोविन्दराज भट्टराईले भारतीय नेपाली स्रष्टा साहित्यकारबारे केही जानकारी होस् भनेर त्यो कृति अध्ययनको लागि दिनुभएको थियो ।

लाग्थ्यो त्यतिखेर मैले गहिराइमा पुगेर कृति अध्ययन गरेँ । अहिले आएर त्यस्तो लाग्दैन । उतिखेर **बीसौँ शताब्दीकी मोनालिसा** पढेपश्चात् त्यस सम्बन्धमा केही लेखी छोडेको रहेछु । त्यस बखत निश्चय मलाई लागेको हुनुपर्छ मैले राम्रै लेखेँ, मेहेनतले लेखेँ । तर अहिले चित्तबुझ्दो लेखेछु लाग्दैन । पुनः पठन गरी लेखौँ मसँग पुस्तक छैन, फिर्ता गरिसकेँ डा. भट्टराईलाई । अब त्यो पुस्तक पढ्दो हुँ कति धेरै अर्थले अध्ययन गर्ने थिएँ । प्रखर स्रष्टा तथा चित्रकार, विविध सम्मान तथा पुरस्कारले विभूषित– अकादेमी पुरस्कार प्रापक विक्रमवीर थापा र उनकी **बीसौँ शताब्दीकी मोनालिसा**को भावलाई त्यस बखत जसरी बुझेँ यहाँ त्यही बुझाइ रहेको छ–

**बीसौं शताब्दीकी मोनालिसा** पुस्तक हातमा पर्नु के थियो, म त जिज्ञासाले भरिएँ । फेरि कुन मोनालिसा ? विश्वविख्यात इटालियन चित्रकार लियोनार्डो-दा -भिन्चीको तुलिका र रङ्गको अज्ञात गर्भबाट जन्मिएकी नायिका ? अहँ यो हुन सक्दैन। उनी त सोह्रौं शताब्दीकी चर्चित युवती हुन् । म कुरा गर्दैछु त्यसपश्चात्‌की । फेरि एक पटक विस्मित भएँ । समयले अर्को मोनालिसा जन्माएछ क्यार ! लियोनार्डो-दाकै समकक्षी फेरि कुन भिन्ची जन्मिएछन् नै ?कृति नियाल्दै थिएँ, अहो ! ती चित्रकार त नेपाली नै रहेछन् । स्निग्ध, स्मित तर रहस्मय मुस्कान अनि दीप्तिमय अनुहार जो हाम्रै नेपाली मोनालिसा थिइन् । जसलाई रङ्ग र कूची अनि शब्द र शैलीको क्यानभासमा जन्माएका छन् विक्रमवीर थापाले ।

नेपाली साहित्यका परिष्कृत, स्थापित र सुपरिचित कति धेरै लेखकहरू भौगोलिक दृष्टिले भारतीय भूमिमा रहेर पनि, हरकाल नेपालीभाषा साहित्य–साधनामा ती अक्षुण्ण छन् । त्यसैमध्येका एक हुन् विक्रमवीर थापा । नेपाली भाषा, संस्कृतिको बचावट गर्दै, उत्थान तथा प्रवर्द्धनका निम्ति साहित्यमै समर्पित, कलामै समर्पित व्यक्ति, जो एकै क्षेत्रमा मात्र सीमित छैनन् । विशेषतः आख्यानकार त्यसपश्चात् चित्रकार, संस्मरणकार, सम्पादक र जीवनीकार ।

असल कर्मले नै मान्छेलाई पुरस्कृत गर्ने र अनन्तसम्म बचाइ राख्ने रहेछ। थापालाई पनि उनकै कर्मले पुनः पुनः सम्मानित गराइरहेछ– 'रत्नश्री' सुवर्ण पदक नेपालबाट सन् १९८५, 'स्रष्टा पुरस्कार' सिक्किमबाट सन् १९९२, 'हरिभक्त कटुवाल स्मृति पुरस्कार' असमबाट सन् १९९५, 'डा.अम्बेडर फेलोशिप सम्मान २००७' नयाँ दिल्लीबाट, 'स्पन्दन कविता पुरस्कारका लागि अभि-जमान स्मृति ट्रस्ट पुरस्कार' कुवेतबाट सन् २०१३, ... ।

खिरिलो, परिष्कृत लेखन शिल्पीले नै भारतीय नेपाली साहित्यमा थापा सम्मानित छन् । साहित्यिक महक पर-पर पुगेको छ। 'साहित्य अकादेमी सन् १९९९' ले पुरस्कृत उनको **बीसौं शताब्दीकी मोनालासि**मा सोह्रवटा कथाहरू सङ्गृहीत छन् । ती प्रत्येक कथा आ-आफ्नै भावभूमि र दृष्टिले सार्थक छन् । कुनै दिन एक भारतीय सिपाही जीवन व्यतीत गर्दाका लेखकका अमूल्य अनुभव र अनुभूति, समयका पदचाप र तिनै परिवेश कथाको पृष्ठभूमिमा आएका छन्– सिक्किम, सिलाङ, मेघालय, सिलगढी, आसाम, तेलिया, तेजपुर । शीर्ष कथा बीसौं शताब्दीकी मोनालिसमा भने नेपाल र भारत दुवै परिवेश चित्राङ्कित छ ।

साहित्यकार थापाको लेखन प्रवाहले म विशेष सम्मोहित हुन्छु । प्रभाविलो

शैलीले उत्सुकता र आनन्द दुवै उत्पन्न गर्न सकेका–कथामा यसपछि के होला ? अनि के होलाको कुतुहलतामा नै कथाको अन्त्य हुन्छ । त्यसपश्चात् फेरि अर्को प्रभाव । मस्तिष्कमा तिनै विषयवस्तुहरू घुमिरहन्छन् । पाठकलाई यस्तो अनुभूतिहुन्छ कि कथामा घटित घटनाको ऊ प्रत्यक्षदर्शी हो ।

कथाको विषयवस्तु र त्यसले दिने सन्देशमा भाषा, साहित्य, कला, संस्कृतिको चिन्तन अनि प्रेम छ, कुण्ठित परिस्थितिले नाटकीय जीवन व्यतीत गर्न विवश नारीहरूको आवाज छ, पारम्परिक चेतनाले भुइग्रिएको समाज छ, त्यसको विद्रोह छ, मानवताको कुरा छ, नारी सम्मान र उद्धार आदिआदि ।

सङ्ग्रहको आरम्भमै रहेको '*मेड*'- *को प्रभाव* यस कथाको विषयवस्तु साहित्य कलासँग सन्दर्भित भए पनि, मुख्य आशय भने हाम्रो समाजको सङ्कीर्ण चेतनाको व्याख्या, विश्लेषण र व्यङ्ग्यमा केन्द्रित रहेको छ । एउटा नवोदित परन्तु स्थापित भइनसकेको पात्रको कथा उत्कृष्ट भएर पनि साहित्यिक पत्रिकाले स्थान नदिँदा– साहित्यिक हृदय त्यसै मुर्झाउन पुगेको छ । त्यही यथार्थलाई यहाँ अभिव्यञ्जित गरिएको छ । कुनै स्थान नपाएका लेखकहरू अनुत्कृष्ट र स्थान पाएका सबै उत्कृष्ट हुन्छन् भन्ने जुन अवधारणा छ त्यो केवल स्थापित नामको प्रभाव हो, एउटा भ्रम हो । यही कुरा समाजलाई बुझाउन स्रष्टाले कथा रच्नु परेको छ ।

साहित्यकार थापाको लेखन ढाँचा मलाई बेग्लै लाग्यो । नौलो/नवीन शैली । आरम्भ आख्यानबाट र अन्त्य मञ्चनीय शैलीमा प्रस्तुत गरिएको–*एउटी नारीको अन्तर्द्वन्द्व* कथामा यौनकर्मी बन्न विवश महिलाको मनोविश्लेषण कति जीवन्त छ । ती महिलालाई एउटा पुरुष पात्रले श्रीमतीको रूपमा वरण गरी परम्परित समाजको विद्रोह (विचारको विद्रोह) तथा क्रान्तिको माध्यमबाट अबला नारीको उद्धार गरिएको छ । यौनकर्मी बन्नु ती नारीको कुनै इच्छा नभएर एउटा बिवशता थियो । उसलाई वेश्या बनाउने समाज तिनै हुन् जो दिनमा देवताको रूपधारण गर्छन् र रातमा राक्षसी कर्ममा लिप्त हुन्छन् ।

समाजमा संस्कारको रूप लिएका सङ्कुचित धारणाको विद्रोह गर्नु लेखक थापाको प्रबल ध्येय रहेको छ । चाकरी, चाप्लुसी तथा नातावादमा अझ भनौं भ्रष्टताले सञ्चालित राज्यव्यवस्थामा–सक्षमताले कुनै ठाउँ पाउने छैन भन्ने कुरा देखाउन खोज्नु नै *आत्म-सन्तुष्टि* कथाको भावभूमि रहेको छ । कथावस्तु जुन रूपले अगाडि बढे पनि, बी.कम. पास गरेको स्वर्ण मेडलिस्ट पात्रको मनोद्वन्द्वलाई सजीवता दिन सक्नुमा कुशल कथाकारको खुबी प्रस्टिएको छ । स्वर्ण मेडलले पात्रको अहंलाई

बढवा दिँदै गर्दा तल्लो दर्जाको काम ऊ अस्वीकार गर्छ । उसको अभिमानले त्यो स्वीकार्दैन । आफूले चाहे जस्तो, आफ्नो योग्यता अनुसारको काम पनि उसले पाइरहेको हुँदैन । अभाव र समस्याले ग्रस्त पात्र आफ्नो क्षमता अनुसारको काम नपाउँदा कुण्ठित भएको छ । निष्कर्षमा स्वर्ण मेडल र विकृत राज्यव्यवस्थाले उसलाई कर्मवीर बन्न दिएको छैन ।

मनको भावलाई बाह्य जगत्को दृश्य जस्तै छर्लङ्ग देखाउन सक्ने थापा मनोविज्ञानी स्रष्टाका निकट लाग्छन् । उनको मनोविश्लेषण गर्ने–वस्तुकरण गर्ने कला सार्थक छ । *तुवाँलोभित्र अल्भिएको यात्रा* कथामा गैर-बर्मेलीहरूलाई अराष्ट्रिय भनेर जुन अमानवीय व्यवहार गरियो त्यसले बर्मेली नेपालीहरूलाई ठूलो चोट लागेको छ, हान्ती भएको छ । कति बर्माबाट भाग्न बाध्य भएका छन्, जति भागेनन् तिनीहरूले नेपाली भएर बाँच्न पाएका छैनन् । अर्थात् नेपालीत्वलाई त्यागेर बर्मेलीहरूको भाषा संस्कृतिलाई अपनाउन बाध्य भएको तथ्यलाई कथा बनाइएको छ ।

नेपाली भाषा, साहित्य र संस्कृतिको चिन्तन अनि स्रष्टा साहित्यकारको दर्दनाक-आर्थिक स्थिति, कला साहित्यको शक्ति र त्यसको प्रभावबारे थापाले उच्च स्वर अभिव्यञ्जित गरेका छन् आफ्नो साहित्यमा । कलाको कदर गर्न असमर्थ हाम्रो समाजबारे पनि उनले बोलेका छन् । कला साहित्यको महत्त्व बोध नभएको समाज फजुल खर्च जति पनि गर्न सक्छ तर साहित्यका निम्ति उसलाई थोरै रूपैयाँ खर्च गर्न पनि अधिक मूल्यवान् लाग्छ–पात्रको मनोभावना प्रस्ट्याउँदै लेखकले यस्तो थिम अभिव्यक्त गरेका छन् । कला चेत नभएको परिवेशमा भाषा साहित्य कसरी समृद्धितर्फ जान सक्छ भन्न खोज्नु नै *दिशान्तर* कथाको ध्येयरहेको छ ।

त्यस्तै *उत्तर-प्रत्युत्तर* कथामा मानसिक हिंसामा परेकी एउटी महिलाको उद्धार तथा नेपाली स्वाभिमान बचाउनका खातिर एक अविवाहित पुरुषले अर्काकी परित्यक्ता श्रीमतीलाई सहजै स्वीकारेको छ । नारीका प्रति आदर भाव र सम्मान दिने, उनीहरूका भावना बुझ्ने थापालाई नारीवादी स्रष्टाका दृष्टिले पनि मूल्याङ्कन गर्न सकिन्छ ।

समाजको यथार्थलाई मूर्तता दिने कथाकार थापा यथार्थवादी स्रष्टा त उसै पनि हुन् । प्रतिदिन विस्तारित हुँदै गएको पठित परिवेश जहाँ आफ्नो पहिचान, भाषा संस्कृति हराउँदैछ, मेटिँदैछ । यस्तो विमूढ हृदयहीन, प्राणहीन, शून्य जनमानसप्रति लेखक चिन्तित छन् । कथामा पश्चिमी भाषा, संस्कृति, परिधानलाई स्वीकार्न अनिच्छित भनौं या असमर्थ भएकै कारण एक पुरुष आफ्नी श्रीमतीसँग प्रश्न गर्न पुग्छ इज्जतको, प्रतिष्ठाको ।

उच्च संवेदना भएका थापाका कथाले पर्याप्त करुणा पैदा गर्न सकेका छन् । कारुणिक छन् कति घटनाहरू । करुणाले बडो मार्मिक बनाएको छ विषयवस्तुलाई । *आमा* कथामा देश, जाति, धर्म र सीमानाको नाउँमा मान्छेले मान्छेमाथि गरेको अमानवीय व्यवहारप्रति व्यङ्ग्य गर्दै, द्वन्द्व तथा वीभत्स आतङ्कमा एउटी आमाको निस्सीम वात्सल्य-प्रेमको चित्रण गरिएको छ । जुन बडो कारुणिक र सन्तप्त भावले प्लावित छ । प्राणको आहुति दिँदै युद्धमय परिवेशबाट भर्खर जन्मिएको शिशुलाई बचाउन गरिएको सङ्घर्ष, जहाँ आमा र बच्चा दुवैको अस्तित्व सकिँदै छ । अभिघात साहित्यको एउटा दृष्टान्त बनेको छ आमा कथा ।

जन्मसँगै मृत्यु अवश्यम्भावी छ । मर्नु त दुवैको नियति हो, मर्नैं पर्छ "तर धनी मर्छन् अघाएर, गरीब मर्छन् भोकाएर (पृ-८२) ।" मान्छेले धनी-गरीब, ठूलो-सानो विभेद ल्याए झैं मृत्युले पनि धनी र गरीबबीच मृत्युको स्थितिलाई छुट्याउँदो रहेछ भन्नु नै *मृत्युको भिन्नता* कथाको सार रहेको छ ।

जातीय पहिचान तथा चिनारीको पक्षमा पनि लेखक सचेत छन् । भाषा नै मानिसको बोली हो, जब भाषा हराउँछ त बोली पनि हराउँछ उनको मान्यता रहेको छ । नेपालीको भेषभूषा तथा संस्कृतिको महत्त्व देखाउँदै *उपहार* कथामा उनले ने

पाली परिधानको मनोवैज्ञानिक विश्लेषण गरेका छन्, "... पश्चिमेली संसारले दिएको पहिरन र साडीबीच पनि कस्तो मनोवैज्ञानिक प्रतिक्रिया । साँच्चै हिजोकी चञ्चल बिन्दु आज 'बिन्दु' बनिदिएकी छ– एकै ठाउँमा स्थिर, निश्चिन्त अनि शान्त ... (पृ-९३) ।" कथाको पात्रले उपहारस्वरूप दिएको साडी लगाएपश्चात् एउटी युवतीमा आएको परिवर्तनलाई देखेर प्रथम पुरुषले आफैँसँग गरेको संवाद हो यो ।

समाजले बेवास्ता गरेको, अझ देखेर पनि नदेखे जस्तो गरेको, कति निकृष्ट ठहऱ्याएको विषय चयन गर्नु कथाकार थापाको विशेषता रहेको छ । समाजले अपहेलना गरेका नारी चरित्रलाई उनले पात्रत्व दिएका छन् । समय र परिस्थितिसँग लाचार भएका महिला जो यौनकर्मी बन्न बाध्य छन् तर वास्तवमा तिनीहरूको इच्छा यौनकर्मी हुनु थिएन । प्रकारान्तरमा समाजले नै उनीहरूलाई त्यस स्थितिमा पुऱ्याएका हुन् लेखकको मत रहेको छ । एउटा ज्यूँदो लाश जसको मासुको मूल्य निर्धारण गरिन्छ । खरिद गर्नेहरू तिनै हुन् जो बम्बईको बदनाम गल्ली जहाँ दिउसोको उज्यालोमा आफ्नो प्रतिष्ठामा कलङ्क लाग्छ भनेर हिँड्न पनि डराउँछन् । *मासु : जीवित अनि मृत* कथामा जे देखिन्छ त्यो सत्य हुन सक्दैन र जे देखिँदैन त्यहीभित्र सत्य अल्झिएको हुन्छ भन्ने निष्कर्ष निकालिएको छ ।

साहित्य, सङ्गीत, कलाको कदर नहुने देशमा कवि कलाकार जहिल्यै उपेक्षित हुने छन् । अभिशप्त जीवन बाँच्ने छन् । शीर्ष कथा *बीसौँ शताब्दीकी मोनालिसा*मा यस्तै भाव रहेको छ । अनि सौह्रौँ शताब्दीका इटालियन चित्रकार लियोनार्डो-दा-भिन्चीकी मोनालिसा–समकक्षी भएर बीसौँ शताब्दीकी नेपाली मोनालिसा तथा चित्रकार पनि टक्करमा आउन सक्छन् भन्ने अप्रस्तुत भाव यसमा छ । फेरि अर्को कुरा विपन्न मुलुकमा कला तथा चित्रकारिताको कुनै भविष्य छैन भन्ने यथार्थता दर्शाउन खोज्नु पनि यसको आशय रहेको छ । चित्रकारको आर्थिक विपन्नतासँगै प्रेमी प्रेमिकाको दुःखद अन्त्यले पाठक मन शोकाकुल हुन्छ ।

अन्तर्मनलाई दृश्याङ्कन गर्ने कला थापामा सबल छ । तृप्तिकर छन् कथा । *प्रतीति* मनोविज्ञानको निकट रहेको त्यस्तै अर्को कथा हो । सुन्दरी प्रतियोगितामा प्रतिस्पर्धा गर्न तत्पर एक षोडशी एकाएक कपाल कोर्दा काइँयोमा देखिएको सेतो रौँले सशंकित हुन्छे, त्यतिकैमा दुर्बल र शिथिल हुन्छे । सुकुमारी मनले अनायास बूढौलीको आभास गर्नु कुनै वास्तविकता नभई एउटा सन्देह थियो । उसलाई उसैको मनभित्रको बाघले लघारेको छ ।

लेखनको विषयवस्तु जस्तो भए पनि आखिर स्रष्टाले समाज र समयलाई नै लेखेको हुन्छ । त्यसभन्दा बाहिर ऊ जान सक्दैन । लेखकले *राजु* कथाको पात्र राजुलाई आमाको मृत्युपश्चात् चोरको भूमिका निर्वाह गर्न लगाएका छन् । वात्सल्य प्रेमको अभावमा केटाकेटीहरू कसरी दुर्जन हुँदै जान्छन् भन्ने मार्मिक सन्देश दिन खोज्नु नै मुख्य अभिप्राय रहेको छ । बालमनोविज्ञानलाई ख्याल गरेर लेखिएको छ कथा ।

लेखक बडो निर्भीक छन् । निर्भीकताको प्रभाव छ उनका कथामा । नेपाली नारीलाई यौनकर्मी बनाउने हाम्रै दाजुभाइहरू हुन्, उनी भन्छन् बम्बईको कोठीमा लगेर बेच्ने परचक्री होइनन् आफ्नै हुन् । अर्थात् स्वदेशी नै हुन् । यौनकर्मीको पनि मन हुन्छ, आत्माभिमान हुन्छ । रहरले होइन विवशताले उनीहरू यौनकर्मी बन्नुपरेको हो । तर कसैले बुझ्ने प्रयास गर्दैन यस्तो कुरा ।

**बीसौँ शताब्दीकी मोनालिसा**ले समाजका यस्तै अनेक बेथिति उल्लेख गरेको छ अन्त्यसम्म । मान्छे स्वयं कमजोर हुन सक्दैन । विवशता र परिस्थितिले दुर्बल जस्तो देखिएको मात्र हो । अवसर पाउँदा ऊ अर्कै मान्छे बन्नेछ । *कल गर्ल* कथाले यही कुरालाई पुष्टि गर्छ ।

विविध विषयमा रचिएका कथा विविध थिममा अभिव्यक्त छन् । कथाकारले एकरसको अनुभूति हुनबाट जोगाएका छन् । *म, परम्परा अनि सन्ध्या* कथाले

विकलाङ्गहरू शारीरिक रूपमा अशक्त भए पनि मानसिक रूपमा सबल हुन्छन् भन्ने प्रस्ट्याएको छ। त्यस्तै विकलाङ्गहरूको अस्तित्वको खोजी एउटा पक्ष रहेको छ भने अर्कोतिर हाम्रो परम्परित समाजले अझै पनि सङ्कीर्णतालाई नाघ्न सकेको छैन- " ... बहिनी विकलाङ्ग होइन, एक जना आइमाई मान्छे हो, जो यो समाजलाई उपभोगको लागि मात्र जन्मन्छे। जबसम्म यो समाजले नारी जातिलाई उपभोगको वस्तु मात्र नठानेर अरू केही सम्झँदैन, तबसम्म यो समाजको लागि नारी जाति ओछ्यान र भान्सा घरको शोभा मात्र नै हो, तर हाम्रो परम्पराले यो कहाँ बुझ्छ ? (पृ-१५०)।"

अन्त्यमा रहेको *मूल्यबोध* कथा जसमा समय र परिवेशले फिलस्याएका नारी भावना रहेका छन्। नारीको विकट मनस्थितिलाई बुझ्ने चेष्टा गरिएको छ। लेखकले कथाभित्र अर्को साहित्यकार जन्माएर नारी शोषण, अन्याय, अत्याचारको विरुद्धमा साहित्य रच्न लगाएका छन्। जसलाई रूढ समाजले कत्ति पनि रुचाउँदैन।

परम्परित समाजको विरोधस्वरूप **बीसौं शताब्दीकी मोनालिसा** रचिएको भन्दा अत्युक्ति नहोला। जेहोस् थापाको कृतिले परिवर्तन खोजेको छ। त्यस्तै विरोध समर्थन केही नगरी समाजको यथार्थलाई देखाइएको छ। कथाका केही पात्रहरू समाजलाई चुनौती दिन तत्पर छन्। केही पात्रहरू पुरातन समाजका प्रतिनिधि भएर आएका छन्। कति पात्रहरू अन्तर्द्वन्द्वमा विलय भएका छन्। यस कृतिलाई समग्रमा नारीवादी कथाका दृष्टिले हेर्न सकिन्छ। बाध्यात्मक स्थितिमा परेका नारीहरूको अन्तरङ्ग आवाज सुन्ने जमर्को सार्थक भएको छ, अर्थात् लेखक सार्थक भएका छन्। थापाले मनोविज्ञानको मद्दत पनि लिएका छन् लेखन अभिप्रायलाई मूर्तता दिन।

कथा पढ्दै जाँदा कति घटनाहरू लेखकले आफ्नै अनुभूतिलाई अभिव्यक्त गर्न पात्रता दिए झैं लाग्छ। लेखन शैलीको कलात्मकतामा त्यो कुरा पाठकले झट्टै ठम्याउन सक्दैन। कथावस्तुको लोभलाग्दो संयोजन उस्तै तृप्तिकर छ। आयामगत हिसाबले लामा र छोटा दुवै रूपका कथाहरू रहेका छन्।

चुनौतीको सामना गर्न तत्पर पात्रहरू समाजको लाञ्छनादेखि डराउँदैनन्। ती सकारात्मक चेतका छन्। विद्रोही छन्, सङ्घर्षशील छन्। विचारको क्रान्तिमा होमिएका छन्। जो नूतन समाजनिर्माणका निम्ति अपरिहार्य छन्।

थापाका कथामा मध्यम, निम्नमध्यम हैसियतका चरित्रले समाज परिवर्तनको आवाज सुसेलेका छन्। त्यस्तै रूढ समाजको पक्षलाई लिएर बोल्ने चरित्रहरू पनि छन्। युद्ध तथा आतङ्कको रापले डामिएका छन् कति चरित्रहरू। उता बम्बईको वेश्यालय पनि पाठकको दृष्टिमा आइरहन्छ। लेखक, विद्यार्थी, सिपाही, सामान्य

गृहिणी, यौनकर्मी, चोर, चित्रकार, माग्ने, कर्मचारी जस्ता पात्रहरूले विषयवस्तुलाई गतिशील बनाएका छन्। कथामा पत्रात्मक र मञ्चनीय शैलीको प्रयोग सबल देखिन्छ।

परिष्कृत शिष्ट भाषा शैली, विचार सबै दृष्टिबाट कृति अध्ययनीय रहेको छ। अझ बढी कथाकारको सामयिक र विकीर्ण दृष्टिले सङ्ग्रहलाई ओजपूर्ण बनाएको छ।

राइनास नगरपालिका–२, लमजुङ

कविता

# उदाउँदैनन् कि ! नयाँ बिहानी



कुसुम गौतम

अशान्त छन् मानव आज सारा
टुटे सबै स्वप्न भई निराशा
हुँदै छ के हाल भविष्यमाथि
उदाउँदैनन् कि ! नयाँ बिहानी ?

छ कष्टमा ग्रस्त अनेक प्राणी
छ अन्त मृत्यु र धुवाँ, खरानी
फिका फुले फूल सुवास त्यागी
उदाउँदैनन् कि ! नयाँ बिहानी ?

उराठ लाग्दो छवि जिन्दगीको
हरेक देख्ने चिज नै विरानो
बिलाउँदैछन् असिना जवानी
उदाउँदैनन् कि ! नयाँ बिहानी ?

वियोगका खेल यहाँ रचिन्छन्
उमङ्गका डोर सबै चुँडिन्छन्
अशक्त भो मानिस हार मानी
उदाउँदैनन् कि ! नयाँ बिहानी ?

खुसी हराए रचना हराए
न भावनामा अब क्यै रसाए
गरौं म के प्रश्न अबोध भाँति
उदाउँदैनन् कि ! नयाँ बिहानी ।।

**टमू- म्यान्मा**

# आदिकवि भानुभक्त आचार्य



टेकनारायण रिमाल "कौशिक"

श्री भानुभक्त आचार्य भाषा र जातिका कवि
तनहूँ गाउँ रम्घामा उदाए चम्किला रवि
अठार सय सम्वत्मा एकहत्तर जो थपे
भएथ्यो भानुको जन्म असार बीस-नौ गते ।

धनञ्जय पिता, माता देवी धर्मावती थिइन्
ममताको सुधा सारा पुत्रभित्र भरीदिइन्
बाजे श्रीकृष्ण आचार्य विद्वान् थिए धुरन्धर
नातिलाई दिए शिक्षा लेखाईकन अक्षर ।

दिए संस्कृतको शिक्षा काशीसम्म लगीकन
लाग्यो बालक भानुको रामको भक्तिमा मन
कुनै दिन कुनै घाँसी भेटिएछ र भेटमा
कुरा गर्दा अनायास दिए छ उच्च प्रेरणा ।

धनभन्दा ठूलो नाम भन्ने तथ्य बुझेपछि
कविताको फुट्यो मूल अध्यात्ममा रुझेपछि
लेखे प्रारम्भमा दुई कविता श्लोक सुन्दर
निखार शिल्पमा आई, फुर्दै गयो निरन्तर ।

नेपालीमा मिठो पारी, उल्था रामायणी गरे
यसरी ज्ञानको ज्योति मानौं विश्व-भरि छरे
पूर्व-पश्चिमका सारा नेपाली मनमा पसे
एकताको दिई मन्त्र भावना-सूत्रले कसे ।

अरू पनि ठूला साना कविता रचना गरी
दिए अमृतका धारा नेपाली मनमा भरी
संसारभरि नेपाली छरिएर बसे पनि
सबका दिलमा भानु बस्तछन् धुकधुकी बनी ।

भनी आदिकवि भानु चिनिन्छन् यस कारण
जयन्ती उनको मान्छौं उनलाई नबिर्सन
नेपालीका धरैपिच्छे अनिवार्य गरीकन
श्रीरामायणको पाठ होओस् रोज दिई मन ।

तब जोगिन्छ अस्तित्व हामी जहाँ पुगे पनि
जब बोलिन्छ मायाले नेपाली जननी भनी
असोज छ गते, सम्वत् त्यो उन्नाईस-पच्चीस,
धर्ती छाडी गए भानु, रहे कृतिहरूबीच ।

याङ्गौ भ्यान्म्या (बर्मा)

# नेपाली साहित्यमा बनारसको देन



दुर्गाप्रसाद श्रेष्ठ

जुनबेला नेपाल शिक्षाको अभावमा अन्धकारयुगमा रूमलिइरहेको थियो त्यस बेला बनारसमा नेपाली साहित्यले प्रकाश फैलाइरहेको थियो। त्यस समयमा नेपालीहरू विद्याध्ययनका लागि बनारस जसको पर्यायवाची नाउँ 'काशी' थियो, शिक्षा प्राप्त गर्न धाउँथे। आदिकवि भानुभक्तले पनि संस्कृतको शिक्षा काशीमै प्राप्त गरेको जनश्रुति छ।

मोतीराम भट्ट नेपाली साहित्यका एक जाज्वल्यमान नक्षत्र भएको कुरा यहाँ स्मरण गराइरहनु पर्दैन होला। यिनैले बनारसबाटै 'भानुभक्तको जीवनी' लेखेर गद्य साहित्यको जग हालेका थिए। यिनी बनारसमा बस्दा भारत जीवन प्रेसका मालिक बाबु रामकृष्ण वर्माको संगतमा आए। वर्माजी 'भारत जीवन पत्रिका' नामक हिन्दी भाषाको पत्रिका निकाल्थे। पछि मोतीराम भट्टले यसै प्रेसबाट "गोर्खा भारत जीवन" नामक नेपाली भाषाको पत्रिका निकालेका थिए भन्ने कुरा इतिहास प्रसिद्ध छ, तर यसको कुनै प्रति पनि अझसम्म प्राप्त हुन सकेको छैन।

तर सन् १८९५ मा प्रकाशित "गोर्खा हास्य मञ्जरी" नामक पुस्तकको आवरण पृष्ठमा नेपाली भाषामा बाबू रामकृष्ण वर्मा सम्पादक भएको "गोरखा भारत जीवन" मा अनेक तरहका हाँसी दिल्लगी औ चतुऱ्याइँका कुरा सङ्ग्रह गरी निज यन्त्रालयमा छापी प्रकाश गरे" भन्ने विज्ञापन गरिएको छ।

यस पत्रिकाको विषयमा कमल दीक्षितले "कालो अक्षर" नामक पुस्तकमा "साबिक रोग" शीर्षक दिएर "गोरखा भारत जीवन" निस्क्यो (१९५० को आसपासमा त्यो पत्रिका नेपालमा कतै देखिएको छैन, बनारसका काशी विद्यापीठमा त्यो छ रे भनी लेखिएको छ।

यस अनुसार नेपालमा पत्रपत्रिकाको प्रकाशन १९५५ साल श्रावणदेखि शुरू भएको भन्दा बनारसबाट पाँच वर्ष अगाडिदेखि नै शुरू भैसकेको देखिन्छ।

नेपाली भाषाको सर्वप्रथम प्रचार गर्ने काम मोतीरामलाई नै जान्छ। स्मरणीय के छ भने यिनी बनारसका सुप्रसिद्ध साहित्यकार भारतेन्दु हरिश्चन्द्रका समकालीन थिए र

उनको "मित्र मण्डली" का सक्रिय सदस्य थिए। भारतेन्दुजी भारतमा हिन्दी भाषाको प्रचार-प्रसारमा जुटेका थिए। उनी आजकलको प्रचलित हिन्दीको "खडी बोली" का प्रवर्तक र प्रचारक थिए। यिनले भाषाको उन्नतिले नै सबै उन्नत गराउँछ भने–

"निज भाषा उन्नत अहै

सब उन्नतिको मूल"

मोतीराम भट्टले पनि उनैको प्रेरणाले नेपाली भाषाको उन्नतिका लागि काम गरे, "भानुभक्तको जीवनी" लेखेर, छपाए।

"गोर्खा भारत जीवन" पत्रिकाका जन्मदाता श्री मोतीराम भट्ट नै नेपाली समाजमा पहिलो व्यक्ति हुनुहुन्छ जसको प्रेरणाबाट नै श्री बाबू रामकृष्ण वर्माको सम्पादनमा यो पत्रिका संवत् १९५२ मा निस्कियो।

यस पत्रिकाको प्रकाशनपछि जनवरी सन् १९०१ मा दार्जिलिङबाट पादरी गंगाप्रसाद प्रधानको सम्पादनमा नेपाली भाषाको 'गोर्खे खबर कागत' मासिक प्रकाशित भयो। यद्यपि यो क्रिस्चियन धर्मको प्रचार पत्रिका थियो तैपनि पत्रिकाजगत्मा यसको पनि स्थान छ।

यसपछि बनारसबाटै साउन १९५९ सालमा 'उपन्यास तरंगिणी' मासिक पत्रिका निस्क्यो। यसका सम्पादक थिए एस. एस. शर्मा। यस पत्रिकाबारे 'महेन्द्र प्रभा' नामक पुस्तकको कवर पृष्ठमा लेखिएको छ यो मासिक पत्रिकाको एक सालमा १२ अङ्क हुने छ। अर्थात् यो मासिक पत्रिका थियो। अगाडि लेखिएको छ– "यो डिमाई १२ पेजी ५ फर्मा ८० पृष्ठको हुनेछ। यस पत्रिकामा नाना तरहको उपन्यासहरू प्रकाश हुन्या छन्। यस्तो अमूल्य मासिक पत्रिकाको दाम पनि बहुत कम अर्थात् १ सालको कं. रू. २ मात्र छ।" कम्पनी (भा.रू.) दुई एक सालको त्यति सस्तो पत्रिका पनि चल्न सकेन। त्यसो हुनाले पत्रिकाको दोस्रो अंकमा "त्राहि त्राहि त्राहि" शीर्षक दिएर सम्पादकीय लेखिएको थियो :

"आज हाम्री मातृ (गोर्खा) भाषा जगत्मा आधार नपाई रूदिछंदी घर २ शरण माँग्दै फिर्दछिन् तापनि श्रीमान्हरूबाट यीन्को एक पुछारी तक नागरीलाई नै सर्वगुणसम्पन्न तरूण कामिनीका तुल्य आनन्द दायिनी जानी सेवन गर्न लाग्नु भयाको देखी त्राहि! त्राहि! भगवान् भन्दी आफ्ना दुई हात आकासतिर उठाई तपोवनका बायुमा लीन हुन आँटेकी छँदी कौरवका सभामा द्रुपदराजाले उस परमब्रह्म परमात्माको स्मरण गरे झैं गरी ई पनि प्रभुको स्मरण गरी विलाप गर्दी छँदी प्रभुका चरणमा शरण परेकी छन् प्रभु जो दया" भनी लेख्यो र त्यसपछि निस्कन पनि छोड्यो।"

यसको केही वर्षपछि सन् १९६१ सालमा "सूक्तिसुधा" नामक संस्कृत पत्रिका प्रकाशित भयो। यो पनि चल्न नसकेर केही महिनापछि बन्द भयो।

यसको दुई वर्षपछि १९६३ साल असारमा हितचिन्तक प्रेसमा छापी "सुन्दरी" मासिक पत्रिका. निस्कन थाल्यो। यसका प्रकाशक 'रसिक समाज' तथा सम्पादक तारादत्त शर्मा थिए। बनारसमा पढ्न बसेका सोमनाथ सिग्देल, देवीदत्त पराजुली, चक्रपाणि चालिसेहरूको प्रयास र प्रेरणाबाट निस्केको यो पत्रिका पनि चल्न सकेन। यसलाई दिगो राख्न विश्वराज शर्माको कम्पनीबाट प्रयास गरियो तर दोस्रो वर्ष अंक १ प्रकाशित भएपछि बन्द भयो।

फेरि यसको दुई वर्षपछि बनारसबाटै "माधवी" पत्रिका निस्क्यो। यसका सम्पादक पण्डित मातृप्रसाद शर्मा अधिकारी थिए। यसको पहिलो अङ्कको सम्पादकीयमा "हामरी नेपाली भाषामा न कोई वेश व्याकरण छ, न कोई वेश कोश छ, न कोई विशेष उपयोगी विषयका पुस्तकहरू छापिएका छन्।" यस पत्रिका गद्य र पद्य दुवैले समान रूपले स्थान पाउने गरेको थियो। तर यो पनि एक वर्ष आठ महिना चलेर बन्द भयो। यो किन बन्द भयो भन्ने कुरा 'प्रगति' को अङ्क १२ मा उल्लेख गरिएको छ। मुख्य अभाव पाठक र आर्थिक नै रहेछ।

संवत् १९७१ को सेप्टेम्बर महिनामा बनारसका माधवप्रसादको सम्पादनमा "चन्द्र" नामक पत्रिका निस्कन थाल्यो। यस पत्रिकाको प्रथम सम्पादकीयमा "नेपाली भाषा सबैभन्दा पछि छ। यद्यपि यो भाषा बोल्नेको संख्या लाखौं छ। अङ्ग्रेज, फ्रेन्च, जर्मन इत्यादि जो अन्य देशका वासिन्दा, छन् तिनको उन्नतिको कारण तिनको भाषा हो।" लेखियो।

यस पत्रिकाले पनि आवश्यक ग्राहक पाउन सकेन। चार अङ्कपछि यसले सम्पादकीयमा लेख्नुपऱ्यो– "यसका कविता, उपयोगी लेख तथा छपाई इत्यादि यस पत्रका मूल्यका अनुसार सन्तोषजनक छ, तर यसको सहायता धनद्वारा मनुष्यहरूले बहुतै थोरै गरेको यो बडो दुःख छ। यसबाट जाहेर हुन्छ कि आजसम्म हाम्रा देशी भाइहरू विद्यासित प्रेम राख्दैनन्।" तर यस गुनासो प्रति सम्वेदना गरेर सहायता गर्न कोही अगाडि बढेनन्। नेपालका श्री ३ चन्द्र शम्शेरका अनुयायी भएर पनि यो १ वर्ष चलेर असमयमै अस्त भयो।

एक वर्षपछि १९७२ सालमा श्री माधवप्रसाद शर्माले पंचगंगा घाट मोहल्लामा हिमालय प्रेस खोलेर 'गोर्खाली' नामक पत्रिका निकाल्नुभयो। यसका प्रकाशक सम्पादक सूर्यविक्रम ज्ञवाली थिए। यो साप्ताहिक पत्रिका थियो। बनारसबाट प्रकाशित पत्रिकाहरूमा यो पहिलो साप्ताहिक पत्रिका थियो। यसलाई निकाल्नुको

उद्देश्यबारे पहिलो सम्पादकीयमा लेखेको थियो :–

"सर्व जातिका मनुष्यले आफ्नु भाषाका उन्नतिमा लागेका बखत हाम्रा गोर्खा भाइले मात्र आफ्नु भाषालाई सबैभन्दा पछाडि नै रहन दिनु बडो खेदको कुरा हो। विद्या र बुद्धि बढाउनमा हाम्रा कसैभन्दा कमती छैन। हाम्रा भाषालाई सारै निर्बलियो ठानी कलकत्ता विश्वविद्यालयले पनि स्थान नदियाको र विद्या कलाको तत्त्व नजानी नसुनी भाषाको उन्नति नहुने हुनाले हाम्रा गोर्खाली भाइका सेवा निमित्त हामीले विद्या र पुण्यभूमिका केन्द्र स्थान काशी क्षेत्रमा "हिमालय प्रेस" नामको छापाखाना खोली आफ्नै छापाखानाबाट 'गोर्खाली' भन्ने साप्ताहिक पत्र निकालेका छौं।"

तर यस पत्रिकाले पनि आफ्ना आवश्यकता अनुसारको ग्राहक संख्या पुऱ्याउन सकेन। संख्या ४८ पछि आफ्नो वेदना पोख्दै लेख्यो :

"आफ्नो तुच्छ बलको आधारमा ११ महिनासम्म धिक्रिदै सेवा गऱ्यौं, वार्षिकोत्सव पनि मनाउँला, तर पछिलाई मातृभाषा प्रेमी सज्जनको कृपा दृष्टिको अवलम्बन बिना विचारो 'गोर्खाली' लाई देश-भाषाको सेवा गर्न अर्थ अभावले कठिन पर्ने छ। रूपैयाँको सहायता दिने ग्राहक ३०० पनि भएको छैनन्।" तर यस अरण्य-रोदन को केही असर भएन।

यस पत्रिकाबारे खरसाङ (दार्जिलिङ) बाट निस्किने "चन्द्रिका" मासिकले लेख्यो : "काशीबाट 'गोर्खाली' नामक एक उत्तम साप्ताहिक पत्रले जन्म ग्रहण गरेको आज २ वर्ष हुँदैछ। हाम्रो तुच्छ बुद्धिमा ता यस पत्रले गोर्खा भाषाको उन्नतिको लक्ष्य लि सारा गोर्खालीलाई जतिको साहस दियो उतीको आजसम्म कुनै गोर्खाली पत्रपत्रिकाले दिएको छैन।"

आखिर यो पत्रिका पनि वर्ष र संख्या ३ सम्म निस्केर बन्द भयो। १९७७ सालमा श्री एल. पी. शर्माको प्रकाशनमा फेरि निस्कन थाल्यो तर अंक संख्या ७ निस्केर सदाका लागि बन्द भयो।

१९७६ सालमा "नेपाली ट्रेडिंग एण्ड पब्लिशिंग कम्पनी" का लागि मणिसिंह गुरूङ बी. ए. ले हिमालय प्रेसमा छपाई "गोर्खाली" नामबाटै अर्को साप्ताहिक पत्रिका निकाले। तर, यो पनि वर्ष १ अंक १२ सम्म निस्केर बन्द भयो।

खर्साङ्गः (दार्जिलिङ) बाट सर्वप्रथम १९७२ साल पौष शुक्लपक्षदेखि 'चन्द्रिका' मासिक पत्रिका निस्कन थाल्यो जसका सम्पादक पारसमणि प्रधान थिए। यसको पहिलो सम्पादकीयमा उनले लेखे :

"गोर्खा भाषाको उत्पत्ति खुद संस्कृत (देववाणी) बाट भएको हो औ यस

भाषालाई हामी प्रायः ५२ लाख गोर्खा जातिले बोल्दछौं तापनि यस भाषाको दशा सारै हीन र शोचनीय छ। जबसम्म भाषाको उन्नति हुँदैन तबसम्म कुनै प्रकारको उन्नति हुँदैन।"

यो पत्रिका पनि असमयमै काल-कवलित, भयो र वर्ष र संख्या २ सम्म मात्र बाँचेको थियो।

कलकत्ताबाट संवत् १९८२ सालमा श्री धर्मादिव्य धर्माचार्यको सम्पादनमा नेवारी भाषामा बौद्ध धर्मसम्बन्धी पत्रिका 'बुद्ध-धर्म' निस्क्यो। नेपालबाट र विदेशबाट निस्किने नेवारी पत्रिकाहरूमा यो सबभन्दा जेठो हो।

**बनारसबाहेक अन्यत्रबाट निस्केका नेपाली पत्रिकाहरू**

कलकत्ताबाट निस्केका नेपाली भाषाका पत्रिकाहरूमा सबभन्दा पहिला १ जनवरी १९४५ (वि.सं. २००२) मा रणधीर सुब्बाको सम्पादनमा 'गोर्खा' पत्रिका निस्केको थियो। यो पाक्षिक पत्रिका थियो। तर यो पनि वर्ष १ संख्या २४ पछि निस्कन सकेन।

कालिम्पोङबाट पनि सन् १९४४ मा अखिल भारतीय गोरखा लीगबाट नेपाली भाषाको 'गोरखा' पाक्षिक निकालिएको थियो। गोर्खा लीगको मुखपत्र यो पत्रिका जनवरी १९४८ देखि साप्ताहिकको रूपमा निस्कन थाल्यो र वर्ष ११ संख्या ४० सम्म निस्कन सक्यो।

देहरादूनबाट १९८३ साल कार्तिक १९ गतेदेखि ठाकुर चन्दनसिंहको सम्पादकत्वमा 'गोर्खा संसार' साप्ताहिक निस्क्यो। यो पत्रिका मुख्यतः राजनैतिक विचारधाराको थियो र भारतको गोरखा लीगको मुखपत्र थियो। यसमा एकतन्त्री राणाशासनको आलोचना पनि प्रकाशित भएको थियो। यो पनि वर्ष २ संख्या ४३ पछि बन्द भयो।

यसपछि १९८५ सालमा ठाकुर चन्दनसिंहले देहरादूनबाट 'तरूण गोर्खा' नामको नेपाली पत्रिका निकाले। यसको पहिलो अंकको सम्पादकीयमा "राजनैतिक सुधार नभएसम्म प्रजाको अवस्था सप्रन सक्दैन।" लेखियो। 'तरूण गोरखा' नवीन गोरखा मण्डलको मुखपत्र थियो। उनले अगाडि लेखे :

'गोर्खा संसार' भन्ने साप्ताहिक समाचार-पत्रको संचालन गरेको थियो, जसको लगभग २ वर्षसम्म मैले अनरेरी एडिटर भई सम्पादन गरें। तर लीग (अर्थात् गोर्खा लीग) मा जति मुख उति कुरा भएको देख्दा र नाना प्रकारका मतमतान्तर उठेको देख्दा मैले यो निश्चय गरें कि जो प्रचार स्वतंत्र पत्रद्वारा हुनसक्छ उ गोर्खा समाजको वर्तमान

अवस्थामा लीगद्वारा हुन सक्दैन । समय आउला जब सुशिक्षित गोर्खालीहरूको संख्या बढला र हाम्रा संस्थाहरूमा सामाजिक उत्तरदायित्वको भाव उत्पन्न होला । उस लक्ष्यको पूर्तिका लागि कुछ कालसम्म स्वतंत्र विचारका व्यक्तिहरुले स्वतंत्र रूपले प्रचारको कार्य गर्नु पर्ला । अतः हर्षको बात छ कि एकका जगामा जब हाम्रा २ समाचारपत्र भए ।"

(यस सम्पादकीयबाट के प्रकट हुन्छ भने नेपालीहरू (गोर्खाली ?) कहिल्यै आफ्ना समाजको हितका लागि एक हुन सकेनन् । )

यो पत्रिका पनि वर्ष ४ संख्या ७ पछि बन्द भयो । यस पत्रिकाको बन्द हुनाको मुख्य कारण यसमा नेपालको निरंकुश राणाशासनको आलोचना नै मुख्य थियो भन्ने कुरा सर्वविदित छ । उस बेलाका प्रधानमंत्री चन्द्रशम्शेरले अङ्ग्रेज सरकारसंग अनुरोध गरेर दुबै पत्रिकाहरू (तरूण गोर्खा र गोरखा संसार) लाई बन्द गर्न लगाएका थिए भन्ने किंवदन्ती छ ।

नेपालीहरूको बाक्लो बसोबास हुने अर्को ठाउँ शिलाङ्गबाट १९९२ सालमा मणिसिंह गुरूङ्गको सम्पादनमा पत्रिका निस्कन थाल्यो– 'गोर्खा सेवक' । यो साप्ताहिक पत्रिका थियो । यस पत्रिकाको प्रकाशनको विशेषता के थियो भने यसको प्रकाशनको उद्घाटन शिलाङ्गका मुख्यमन्त्री श्री विष्णुराम मेधीद्वारा भएको थियो । पत्र-पत्रिकाको इतिहास यो पहिलो अवसर थियो जब कुनै पत्रिकाको उद्घाटन कुनै प्रदेशको मुख्य मंत्रीले गरेका थिए ।

तर यो पनि वर्ष १ अंक १९ सम्म निस्केर असमयमै कालकवलित भयो ।

सन् १९६५ मा असमिया र नेपाली भाषाको संयुक्त रूपमा एउटा पत्रिका असमिया भाषाका श्री डमरूदास नेपाली भाषाका श्री पदम ढकालको संयुक्त सम्पादकत्वमा निस्कन लाग्यो । यो पनि धेरै दिन चलेन ।

जनवरी १९३० मा कालिम्पोङबाट श्री शेषमणि प्रधानको सम्पादकत्वमा "आदर्श" मासिक पत्रिका निस्कन थाल्यो । यस पत्रिकाले पनि पाठकहरूको उदासीनताप्रति लेख्नुपर्‍यो, "हुन ता जनताको अभाव छैन तिनमा धनको पनि कमी छैन, तर पनि कुन्नि किन हो नेपाली समाजमा नेपाली भाषाको रुचि नहुँदा पत्रपत्रिका र किताबहरू प्रकाश गरे पनि चल्ती नहुने अनुभव हुँदा लेखक र प्रकाशकहरूको उत्साह घट्दै गएको भान हुन्छ ।"

यो उक्ति आजसम्म कायमै छ भन्दा अत्युक्ति नहोला ।

कालिम्पोङबाटै संवत् १९९२ सालमा श्री के. डी. प्रधानको सम्पादकत्वमा

नेपाली-भोटे लाप्चे तीन भाषा सम्मिलित "नेबुला" पत्रिका प्रकाशित हुनथाल्यो। तीन भाषाका पाठकहरूले यसलाई दिगो बनाउला भन्ने ठूलो आस गरेका थिए प्रकाशक-सम्पादकले तर यो पनि ११ अंकसम्म निस्केर बन्द भयो।

सन् १९५७ मा सिक्किमबाट नहकुल प्रधानको सम्पादनमा नेपाली मासिक पत्रिका "कञ्चनजंघा" निस्क्यो।

दिल्ली स्थित रूसी राजदूतावासबाट 'सोभियत भूमि' पाक्षिक पत्रिका सन् १९५८ देखि निस्कन शुरू गयो।

दिल्लीबाटै सन् १९४४ मा रोमन भाषामा 'गोर्खा समाचार' निस्क्यो जुन मुख्यतः गोर्खाली सैनिकहरूका लागि थियो। यो बन्द भएपछि १९४७ देखि रक्षा विभागद्वारा "फौजी समाचार" साप्ताहिक पत्रिका निस्कन थाल्यो। आर्मी हेडक्वार्टरबाटै निस्कने गरेको 'जवान' पत्रिका बन्द भएपछि यो निस्कन थालेको हो। यी सबै पत्रिकाहरू भारत सरकारद्वारा त्यहाँका गोर्खा सैनिकहरूका लागि निकालिएका हुन्। यिनीहरूमा साहित्यिक उद्देश्य थिएन।

२०१५ सालतिर रूसमा पढ्ने नेपाली विद्यार्थीहरूले 'किरण' त्रैमासिक पत्रिका निकालेका थिए।

यस्तै सिंगापुरबाट पनि गोर्खा हेडक्वाटर सिंगापुर एजुकेशन ब्रान्चले 'पर्वते' नामक रोमन लिपिको पत्रिका गोर्खाली सैनिकहरूका लागि सन् १९४६ मा निकालेका थिए। यसमा धेरै जसो सैनिक समाचार हुन्थे।

समग्रमा के भन्न सकिन्छ भने नेपालबाहिरबाट समय-समयमा नेपाली साहित्यको विकासका लागि प्रयास नभएको होइन, तर ती सबै सामयिक उत्साहको प्रतिफल मात्र साबित भए। नेपाली साहित्यको मूल जरो बनारसबाटै फुरेको हो र यसका शिल्पी मोतीराम भट्ट नै थिए।

उपर्युक्त उल्लेख गरेका पत्रपत्रिकाहरूमध्ये २००४ सालमा बनारसबाट निस्केको 'युगवाणी' साहित्यिक पत्रिका. भए पनि राजनीतिक चेतना जगाउने खालको थियो। यसको प्रमुख उद्देश्य नै राजनीतिक चेतना जगाई देशमा प्रजातंत्र ल्याउने खालको थियो। यसको जन्म 'राष्ट्रिय कांग्रेस' को स्थापनापछि भएको हो। यसका सम्पादकहरू सर्वश्री लक्ष्मीप्रसाद देवकोटा, श्री बालचन्द्र शर्मा, नारायणप्रसाद उपाध्याय तथा कृष्णप्रसाद भट्टराई थिए।

यस्तै गरी नेपालमा प्रजातंत्र ल्याउने उद्देश्यले कलकत्ताबाट बिलाल मोक्तानको सम्पादकत्वमा 'नेपाल पुकार' साप्ताहिक निस्कन लाग्यो। राणाशासनको विरोधमा

यो पत्रिका 'युगवाणी' भन्दा पनि प्रखर थियो। नेपालमा राणातन्त्रको समाप्तिपछि प्रजातन्त्रको स्थापना भए लगत्तै यो पत्रिका नेपालबाटै प्रकाशित हुनथाल्यो तर पंचायत व्यवस्था लागू भएर राजनीतिक पार्टीहरूमाथि प्रतिबन्ध लागेपछि यो पनि बन्द भयो।

नेपाल अथवा भारतबाट निस्किने पत्रिकाहरूमध्ये काशीबहादुर श्रेष्ठको सम्पादकत्वमा 'उदय' पत्रिका वि. सं. १९९३ सालमा निस्कन थाल्यो। यस साहित्यिक पत्रिकाले भारत तथा नेपालका अनेक साहित्यकारहरूलाई जन्मायो। सिक्किमका तुलसी 'अपतन' लाई जन्म दिने तथा कमलमणि दीक्षितबाई साहित्यकार बनाउने श्रेय 'उदय' लाई नै जान्छ। सिक्किममा 'अपतन साहित्य' आन्दोलनका प्रणेता तुलसी अपतन थिए भने नेपालमा 'खोजी साहित्य' का प्रारम्भकर्ता कमलमणि थिए। यिनैले मदन शम्शेरको स्मृतिमा उनकी रानी जगदम्बाको प्रेरणा र सहयोगले 'मदन पुरस्कार' र 'मदन स्मारक पुस्तकालय'को स्थापना गरेर नेपाली साहित्यको श्रीवृद्धिमा अमूल्य योगदान गरे।

बनारसबाट यस अगाडि र पछाडि अनेकौं पत्रपत्रिका निस्के तर ती सबै थोरै दिनमै बिलाए। आफ्नो जन्मकालदेखि नै अनेक प्रकारको दुःख-कष्टको सामना गर्नु परे तापनि यो पत्रिका नेपाल तथा नेपालबाहिरका नेपालीहरूको सेवामा अझै समर्पित छ। प्रारम्भमा मासिक पत्रिकाको रूपमा निस्किए पनि अहिले त्रैमासिक रूपमा निस्किरहेको छ। यस प्रकार यसले नेपाली लेखक पाठकहरूको अनवरत सेवा गरिरहेको छ।

नेपालमा शिक्षाको अभाव हुँदा बनारस नेपाली शिक्षार्थीहरूको प्रमुख केन्द्र थियो। यहाँ अध्ययन गर्न आउने विद्यार्थीहरूले छात्र संगठन बनाएर त्यसमार्फत साहित्यिक पत्रिकाहरू प्रकाशित गर्थे।

मोतीराम भट्टले यहीं आदिकवि भानुभक्तको जीवनी लेखेर नेपालीमा गद्य साहित्यको प्रारम्भ गरेका थिए। मोतीराम भट्ट बनारसका सुप्रसिद्ध हिन्दी साहित्यकार हरिश्चन्द्रको 'मित्रमण्डली' का सदस्य थिए। यिनै भारतेन्दु हरिश्चन्द्रको प्रभावले मोतीरामले पनि गजल लेख्न थाले र काठमाडौंमा 'इन्द्र सभा'को स्थापना गरेका थिए भन्ने कुरा प्रसिद्ध छ।

बनारसको माटो नेपाली साहित्यका लागि उर्वर माटो साबित भएको छ। कविशिरोमणि लेखनाथदेखि लिएर विद्वत् शिरोमणि कुलचन्द्र गौतमले यहीं शिक्षा-दीक्षा प्राप्त गरे र साहित्य सृजनाका प्रेरणास्रोत बने। प्रकाण्ड विद्वान् कुलचन्द्र गौतमले संस्कृतमा साहित्य रचनाका साथै तुलसीकृत 'रामचरितमानस' को नेपाली भाषामा श्लोकबद्ध अनुवाद गरे। भनिन्छ लेखनाथजीले 'पिञ्जराको सुगा' यहीं रचना

गरे। त्यस बखत राणाकालमा त्यस्तो रचना गर्नु अपराध ठानिन्थ्यो। 'हुँ म परेको छु पिंजरामा' नेपाली जनतालाई त्यस बेला लक्षित गरेर लेखेका थिए रे !

नेपाली साहित्यका ताराहरू बालकृष्ण पोखरेल, तारानाथ शर्मा, मोहनराज शर्मा, वल्लभमणि दाहाल, चूडामणि रेग्मी, कोशराज शर्मा रेग्मी, तुलसी भट्टराई आदिले बनारसमै शिक्षा प्राप्त गर्दा विभिन्न 'छात्र-संगठन' स्थापना गरे। अङ्ग्रेजी पढ्नेको बेग्लै र संस्कृत पढ्नेको बेग्लै संगठन हुन्थ्यो। विभिन्न पत्रिकाहरूमध्ये 'छात्रवाणी', 'छात्र-सन्देश', 'छात्रदूत' आदि मुख्य थिए। पछि बालकृष्ण पोखरेल, तारानाथ शर्मा, र कोशराज शर्मा रेग्मीले 'झर्रोवाद'को आन्दोलन चलाए। आफ्नो उद्देश्यपूर्तिका लागि उनीहरूले 'नौलो पाइलो' नामक झर्रोवादी पत्रिका पनि निकाले।

तर यी पत्रिकाहरू पनि समसामयिक नै ठहरिए। छात्र संगठनका पदाधिकारीहरू पढाइ सिध्याएर घर फर्केपछि पत्रिका पनि बन्द भए। 'छात्रवाणी' केही अंकसम्म निस्क्यो। नयाँ निर्वाचित छात्रसंघका पदाधिकारीहरूले त्यसलाई निरन्तरता दिएका थिए। तर धेरै अंक निस्कन सकेन। यसले हरेक वर्ष साहित्य प्रतियोगिता (कथा, कविता, निबन्ध) पनि गराउँथ्यो। एक वर्ष कविता प्रतियोगितामा नगेन्द्रराज शर्मा द्वितीय आएका थिए भने भूपि शेरचनको कविता पनि छापिएको थियो।

प्रज्ञा-प्रतिष्ठानका भूतपूर्व सचिव तथा साहित्यकार तुलसी भट्टराई बनारसमा पढ्दा पढाइका साथसाथै प्रेसहरूमा नेपाली किताबको प्रूफ- संशोधन पनि गर्थे। 'कान्तिपुर' मा कार्यरत पारस नेपाल पनि बनारसमा यही काम गर्थे। यस कामले गर्दा उनीहरूलाई भविष्यमा साहित्य सेवा गर्ने दिशामा सम्पादन क्षेत्रमा अग्रसर तुल्याए।

नेपाली भाषा प्रकाशन समितिको स्थापनाभएपछि काशीबहादुर श्रेष्ठका दुई उपन्यासहरू 'उषा' र 'वचन' यहींबाट छापिएका थिए वा भनौं प्रकाशित भएका थिए।

बनारस नेपाली धार्मिक किताबहरूको प्रकाशनको केन्द्र नै थियो। सुब्बा होमनाथ केदारनाथ एण्ड कम्पनीबाट महाभारत, कृष्णचरित्र, स्वस्थानी आदि पुस्तकहरू प्रकाशित हुन्थे र भारतभरि जहाँ- जहाँ नेपालीहरू छन् त्यहाँ-त्यहाँ बिक्री हुन्थे।

यस्तै विश्वराज हरिहरनाथ धिताल, बाबू माधवप्रसाद शर्मा र श्री हितैषी कम्पनीहरू पनि छन्। धार्मिक किताबहरू बाहेक नेपाली पञ्चाङ्ग (पात्रो) को मुद्रण र वितरणको पनि बनारस केन्द्र थियो। अझै पनि नेपालबाट बनारस आएर पञ्चाङ्ग छपाएर लग्नेहरू छन्। तीमध्ये तोयनाथ पण्डितको पात्रो प्रचलित छ।

नेपाली किताबहरूको व्यापार नेपाली प्रकाशकहरूले मात्र नगरी स्थानीय भारतीयहरूले गर्ने गरेका छन्। तीमध्ये पुराना प्रकाशकहरू हराएर गए पनि बम्बई

पुस्तकालयको नामले नेपाली धार्मिक ग्रन्थहरूको बिक्री वितरण गर्छन् । नेपाली प्रकाशकहरूमध्ये विश्वराजका सन्तानमध्ये तुलसी आचार्यले 'दुर्गा पुस्तकालय' को नामबाट धार्मिक किताबहरू छपाएर भारतभरि नेपाली (गोर्खाली ?) हरूलाई बिक्री गर्छन् ।

यस प्रकार धार्मिक-साहित्य नै भए पनि नेपाली भाषाको प्रचार बनारसबाट सेलाएको छैन ।

पुराना प्रकाशकहरूमध्ये सुब्बा होमनाथ, केदारनाथका शाखा-सन्तान कोही नभएकोले उनीकहाँ काम गर्ने कर्मचारीहरूले अद्यावधि धार्मिक पुस्तकहरू प्रकाशित गरेर बिक्री गर्दैछन् ।

त्यस्तै बाबू माधवप्रसाद शर्माका सुपुत्र सागर शर्माले पुरानै फर्मको नाममा धार्मिक ग्रन्थहरू बिक्री वितरण गर्दै आएका छन् । उनका प्रकाशनहरूमध्ये 'शिखरनाथ भाष्य' धेरै लोकप्रिय छ । उनले प्रकाशित गरेका बालचन्द्र शर्माको 'अङ्ग्रेजी-नेपाली कोष' पनि ज्यादै लोकप्रिय छ यद्यपि दिल्लीका प्रकाशकहरूले नेपालबाटै प्रकाशित अङ्ग्रेजी-नेपाली कोष' र नेपाली-अङ्ग्रेजी कोषको अनाधिकारिक प्रकाशन गर्दै आएका छन् । खास गरी दार्जिलिङका बाबूलाल प्रधानले तयार गरेका शब्दकोषहरू जुन रत्नपुस्तक भण्डारबाट छापिएका थिए, दिल्लीका प्रकाशकहरूमा अत्यधिक लोकप्रिय छन् । यिनै बाबू माधवप्रसाद शर्माको फर्मबाट दुर्गाप्रसाद श्रेष्ठको पहिलो नेपाली कथा-सङ्ग्रह 'सम्झनाको बादल' को दोस्रो संस्करण प्रकाशित भएको थियो ।

बनारस एउटा अरू कारणले पनि नेपाली साहित्यकारहरूको आकर्षणको केन्द्र थियो । शुरूदेखि नै बनारस नेपाली भाषाको साहित्यिक होस् वा शैक्षिक, मुद्रणको केन्द्र थियो । यहाँका प्रेसवालाहरूले नेपाली 'प्रूफ रिडर'हरूको व्यवस्था गरेका हुन्थे । तीमध्ये तुलासी भट्टराई र पारस नेपाल मुख्य थिए । यिनीहरूका गुरु थिए 'उदय' का सम्पादक काशीबहादुर श्रेष्ठ । विनले गरेको प्रूफ-संशोधनबाट मुग्ध भएर इन्द्रबहादुर राईले 'आज रमिता छ' बारे लेख्नुभएको थियो : "तपाईंले नहेरेको भए मेरो किताब यति शुद्ध निस्किँदैनथियो होला..."

काशीबहादुर श्रेष्ठको योगदानमध्ये 'उदय' र दुईवटा उपन्यास 'उषा' र 'वचन' मात्र नभई यो काम गाभ्न सकिन्छ । यसैको फलस्वरूप उनीकहाँ आसाम, दार्जिलिङ, शिलांग (मेघालय) आदि स्थानबाट पत्रिकाहरू, पुस्तकहरू संशोधन गरी मुद्रित गर्न पठाउँथे । यी लेखकहरूमध्ये हरिप्रसाद गोर्खा राई (जगदम्बाश्री-बाट विभूषित) गोपीनारायण प्रधान (साहित्य अकादेमी, भारतबाट सम्मानित) हरूको लगभग प्रत्येक किताब काशीबहादुर श्रेष्ठको प्रबन्धबाट छापिन्थे ।

नेपाली साहित्यमा व्यक्तिगत योगदानबाहेक संस्थागत योगदानको कम महत्व छैन । विभिन्न छात्रसंघहरूले गरेका योगदानबाहेक काशी हिन्दु विश्वविद्यालयको नेपाली विभागले दिएको योगदान कम महत्त्वपूर्ण छैन ।

का.हि.वि.वि. को नेपाली विभागमा एम.ए., पी-एच.डी, स्तरसम्मको पढाइ हुन्छ। यसमा कार्यरत विभागीय प्रमुख र प्रोफेसरहरू नेपाली साहित्यका प्रखर सेवकहरू हुन्छन् । डिल्लीराम तिम्सिना, घनश्याम नेपाल, कुमारबहादुर नेपाली, सञ्जय बान्तवा, दिवाकर प्रधानलगायत यहाँ अध्ययन गर्ने विद्यार्थीहरू सिक्किम, दार्जिलिङ, असम, देहरादूनबाहेक नेपालबाट पनि आउँछन् । विद्यावारिधिसम्म अध्ययनको व्यवस्था भएकोले यो विशेष आकर्षणको केन्द्र भएको छ। हुन त सिक्किम विश्वविद्यालयको तथा उत्तरबंग विश्वविद्यालयहरूमा पनि यस्तो शिक्षाको व्यवस्था छ, तर काशी हिन्दु विद्याविद्यालय केन्द्रीय विश्वविद्यालय भएकोले विशेष आकर्षणको केन्द्र भएको छ।

नेपाली साहित्यमा बनारसको योगदानको उल्लेख गर्दा यसको निरन्तरताको कुरा गर्नु समीचीन देखिन्छ । मोतीराम भट्टदेखि लिएर 'उदय' सम्म आइपुग्दा यति लामो अवधिसम्म नेपाली साहित्यको अविरल धारा बगाउनुमा 'उदय'को योगदान निश्चय नै महत्त्वपूर्ण हुन आउँछ।

सबभन्दा महत्त्वपूर्ण त के छ भने प्रारंभमा उल्लेख गरेका पत्रपत्रिकाहरू असमयमा नै कालकवलित भएको देखिन्छ भने 'उदय' निरन्तर उदाइरहेछ।

काशीबहादुर श्रेष्ठले एउटा सम्पादकीयमा उल्लेख गरेका थिए :

"नेपाली पत्रपत्रिकालाई लाग्ने रोग यसलाई पनि नलागेको होइन, त्यसैले यो थला परेर कैयौं समयसम्म पाठकहरूको सेवामा पुग्न सकेन, तर पाठकहरूकै स्नेह र सहयोगले यो फेरि जुर्मुराएर उठेको छ ..." ।

काशीबहादुर श्रेष्ठको देहावसानपछि यो केही वर्ष बन्द भएको थियो तर काशीबहादुर श्रेष्ठका छोरा दुर्गाप्रसाद श्रेष्ठले यसलाई विगत ३५ वर्षदेखि निरन्तरता दिँदै आएका छन् । अद्यावधि यसले १२७ औं अंकसम्म प्रकाशनमा ल्याइसकेको छ । एउटा कुरा के उल्लेखनीय छ भने साहित्यप्रेमीहरूले मात्र यसको पालनपोषण गरिरहेका छैनन् कि देहरादूनबाट अवकाशप्राप्त गोरखा सैनिकहरूले पनि योगदान दिइरहेका छन् । वास्तवमा एकल प्रयास नभई यो संयुक्त प्रयासको बलले उदाइरहेछ।

सके बनारसको माटो नै साहित्यका लागि अति उर्वर साबित भएको छ।

मोतीराम भट्टदेखि लिएर सोमनाथ सिग्देल, कुलचन्द्र गौतम, लेखनाथ पौडेलसम्म सीमित नरहेर यसको सीमा बी.पी. कोइरालासम्म कोरिएको छ। कमलमणि दीक्षितको

कमल यहीं फक्रेको थियो ।

बी.पी. कोइरालाले यहाँ अध्ययन गर्दा कथा लेख्न थालेको उल्लेख छ । पछि उनी निर्वासनमा छँदा सारनाथमा बास गरेको बेला उपन्यासहरू लेखेका थिए । यसभन्दा पहिले काशीबहादुर श्रेष्ठले 'उषा' र 'वचन' उपन्यासहरू लेखे ।

बालकृष्ण पोखरेलले 'केकेमनुक्ष्यो' पोखरेलको नाउँबाट विद्यार्थीकालमै एउटा उपन्यास लेखेका थिए । धरणीधर कोइराला र सूर्यविक्रम ज्ञवालीले पनि बनारस प्रवासको बेला साहित्य रचना गरेका थिए ।

बनारसकै माटोको उर्वरताले गर्दा तारानाथ शर्मा, चूडामणि रेग्मी, कोशराज रेग्मी, बल्लभमणि दाहाल जस्ता दिग्गजले साहित्यसेवाको अक्षुण्ण सेवा गरे ।

हिन्दी साहित्यकै कुरा गर्ने हो भने महाकवि जयशंकर प्रसाद, उपन्यासकार प्रेमचन्द र 'वाणभट्ट की आत्मकथा' जस्तो कालजयी कृति सृजना गर्ने पण्डित हजारीप्रसाद द्विवेदीले यहीं बसेर अमर कृतिहरूको सृजन गरेका थिए । निश्चय नै काशी विश्वनाथको नगरी धार्मिक मात्र होइन, साहित्यिक स्थल पनि हो ।

संक्षेपमा भन्नु पर्दा बनारस र नेपाली साहित्यको अन्योन्याश्रित सम्बन्ध छ । नत्र कसरी साहित्यकार कमल दीक्षित काशी हिन्दु विश्वविद्यालयमा एउटा समारोहमा पचास वर्षअगाडि गाएको कुलगीत दोहऱ्याउँथे ?

"अतीव सुन्दर, अति मनोहर,
ये सर्वविद्याकी राजधानी ।"
साभार– काशीबहादुर श्रेष्ठ
स्मृतिग्रन्थ (२०४०) ।

'उदय' कार्यालय
के २५/९७, चौखम्बा,
वाराणसी–२२१००१

# पारसमणि प्रधान : नेपाली साहित्यको अमूल्य धरोहर



शरद प्रधान

भानुभक्तपछि भारतीय नेपाली भाषा साहित्यमा कसैले ठूलो योगदान दिएका छन् भने अग्र स्थानमा आउने नाम हो- पारसमणि प्रधान । पारसमणि प्रधान त्यो समयमा प्रादुर्भाव नभएको भए भारतीय नेपाली भाषा र साहित्यले वर्तमान अवस्था कस्तो हुन्थ्यो कल्पना गर्न पनि गाह्रो हुन्छ । जुन बेला पारसमणिको उदय भयो त्यो बखत भारतमा हिन्दी, बंगला र अङ्ग्रेजी साहित्यको निकै ठुलो दबदबा थियो । सन् १९१३ मा त रवीन्द्रनाथ ठाकुरले नोबेल पुस्कार नै पाइसकेका थिए । त्यो बेला बंगाली साहित्यमा शरदचन्द्र चट्टोपाध्याय, बन्किमचन्द्र बन्धोपाध्याय, माइकल मधुसूधन दत्तले आफ्नो स्थान सुरक्षित राखिसकेका थिए साहित्यमा । त्यही समयमा देखा परे पारसमणि प्रधान भारतीय नेपाली साहित्य आकाशमा नँया जोश, जागर र ऊर्जा लिएर । सुधपा (सूर्यविक्रम ज्ञावाली, धरणीधर कोइराला, पारसमणि प्रधान) को 'प' त्यहीँ जन्मेर दीक्षित भएको बेला उनले बोलिने र लेखिने भाषा र साहित्य निकै कमजोर थियो- विषयवस्तुमा, शैलीमा र व्याकरणमा । उनी आफै हिन्दीमा पढेर म्याट्रिक पास गरेका थिए भने अझैसम्म सबै नेपालीलाई मान्य हुने मानक व्याकरण निस्किसकेको थिएन त्यस बखत । यही पृष्ठभूमिमा पारसमणि प्रधानको लेखन साधना शुरु भयो ।

पारसमणि प्रधानको निधन हुनु केही समय अगाडि सन् १९८५ मा शिव प्रधानको सम्पादनमा उनको अभिनन्दन ग्रन्थ सिक्किमबाट प्रकाशित भएको थियो - डा. पारसमणि अभिनन्दन-ग्रन्थ परिशिष्टाङ्क- को नाममा । यो ग्रन्थमा शिव प्रधानले पारसमणिसँग गरेको लामो वार्ता प्रकाशित भएको थियो । नेपाली साहित्यमा कसरी प्रवेश गर्नुभयो भनेर सोधिएको प्रश्नको उत्तर निक्कै लामो दिनुभएको थियो । यो उत्तरले पारसमणि मात्र होइन तत्कालीन समाज बुझ्न सहयोग पुग्छ । पारसमणिको उत्तर यस्तो थियो, "सन् १९१३ को मार्च महीनामा मैले मेरा कान्छा मामा वीरधोजका जेठा छोरा सूर्यनारायणको रखवारे भएर कालिम्पोङबाट दार्जीलिङ जानुपर्‍यो । मेरो उमेर त्यसबेला १५ वर्षको थियो, भाइ सूर्यनारायण मभन्दा कान्छो थियो । उसले एस्. यू.एम्.आइ. स्कूलबाट मिडलको छात्रवृत्ति पायो र पढ्नलाई दार्जीलिङको सरकारी

हाइस्कूलमा जानुपर्‍यो । उ एक्लै दार्जीलिङ नजाने भयो । तर मसँग जानपाए जाने भयो । त्यसबेला म मेरा जेठा मामा हर्कधोजको प्राइभेट स्कूलमा अङ्ग्रेजीको रोयल रीडर पढ्दै थिएँ । कान्छा मामाले मलाई भाइसित दार्जीलिङ जान अनुरोध गरे । म राजी भएँ, गएँ र भाइलाई दार्जीलिङ सरकारी हाइस्कूलमा पुर्‍याएर भर्ती गराएं तर म विना उ क्लासमा नबस्ने भयो । मास्टर साहेब गणेश पाण्डेले भन्नुभयो- 'तुम भी भर्ती हो जाओ जी !' मैले विवश भएर 'हुन्छ' भनें, जाँच दिएँ, पास भएँ अनि चौथो श्रेणी (अचेलको सातौं श्रेणी) मा भर्ती भएँ । म यसरी सरकारी हाइस्कूलमा पढ्न भनी दार्जीलिङ गएको थिइनँ । यस कामका निम्ति मैले मेरा आमा-बाबुसित सरसल्लाह गरेको थिइनँ । म ता मेरा मामाले भाइसित जाइदेऊ भन्दा 'हुन्छ' भनेर गएको मात्र थिएँ । बस्न खानलाई मामाले हामी दुईजनाको खर्च दिने प्रबन्ध गरिदिनु भएको कान्छा मालिकका घरमा । म पनि स्कूलमा भर्ती भएपछि कान्छा मामाले आमासित कुरा मिलाएर खर्च पठाउन थाले । भाग्यले दिए परीपरी आउँछ भनेको साँचो रहेछ। तिनताक दार्जीलिङ हाइस्कूलमा हिन्दी, बंगला, उर्दू वा टिबेटन भाषा र अङ्ग्रेजी पढाउने चलन थियो । नेपाली मातृभाषा हुने छात्रहरूले यिनै चार भाषामध्ये कुनै एउटा पढ्नुपर्थ्यो । मैले हिन्दी भाषा लिएर म्याट्रिक पास गरें । हिन्दी भाषामा मेरो अभिरुचि थियो । बंगाली साथीहरूसित लागेर बंगला भाषा पनि पढिहाल्थें । स्कूलमा छात्रहरूले चलाउने एउटा पुस्तकालय थियो । त्यसको नाउँ थियो 'हिन्दी साहित्य समाज' । म एकाध वर्ष यसको सचिव नियुक्त भएको थिएँ । पुस्तकालयमा प्रशस्त पुस्तक, पत्र-पत्रिका थिए तर ती जम्मै हिन्दी भाषामा थिए । बंगाली छात्रहरूको पुस्तकालयमा उर्दू गरी जम्मै बंगला भाषाका पुस्तक पत्र-पत्रिकाहरू थिए । मुसलमान र भोटे छात्रहरूको संख्या थोरै थिए तापनि उनीहरूका आफ्नै पुस्तकालय थिए । हामी नेपाली भाषाभाषी छात्रहरू संख्यामा अरूभन्दा बढी भएर पनि टुहुरा जस्ता थियौं । मन अमीलो भइरहन्थ्यो । एक दिन मैले हिन्दी साहित्य समाजको सभामा केही नेपाली भाषाका पुस्तक पत्र-पत्रिका पनि किन्ने प्रस्ताव राखें तर सदस्यहरूले मेरो प्रस्ताव अस्वीकार गरिदिए । मैले आवेगमा 'हिन्दी साहित्य समाज' बाट आफ्नो नाउँ कटाएँ र नेपाली छात्रहरूको सहायता लिएर 'गोर्खा साहित्य समाज' नामक संस्था र उस्तै पुस्तकालय प्रारम्भ गरें । यस संस्थाका निम्ति अभिभावकहरूबाट चन्दा उठाएँ । कसैले आलमारी दिए, कसैले नेपाली भाषाका पुस्तकहरू किनिदिए र कसैले पत्र-पत्रिकाहरू ।

नेपाली भाषाका लेखक र प्रकाशकहरूले प्रशस्त मात्रामा पुस्तकहरू पठाइदिए । आत्मबल र आत्मविश्वास हुने मानिसले कुनै पनि काम मनलाएर मसक्क आँट गर्न सकिने रहेछ । यसरी नेपाली छात्रहरूले आफ्नै संस्था वा पुस्तकालय

दार्जीलिङ सरकारी हाइस्कूलमा स्थापित गरेर चलाए । बम्बई, काशी, कलकत्ता, देहरादून, शिलाङ, बर्मा, नेपाल र बेलायतबाट पनि नेपाली भाषाका पुस्तक, पत्र-पत्रिकाहरू आए । नेपाली विद्यार्थीहरूका निम्ति यो एउटा गौरवकै कुरा थियो । यो हो सन् १९१४ को कुरा जुन बेला म तेस्रो श्रेणीको विद्यार्थी थिएँ ।

यसरी हामी नेपाली विद्यार्थीहरूले नेपाली भाषा (उसबेला गोर्खा भाषा भन्ने चलन थियो) मा रुचि लिन थाल्यौं । पत्र-पत्रिकामा जानी नजानी लेखहरू पनि लेख्न थाल्यौं । काशीबाट निस्कने 'चन्द्र' नेपाली गद्य-पद्यमा लेखिएका मासिक पत्रिका र 'गोर्खाली'-मा हाम्रा लेखहरू प्रकाशित हुनथाले । हामीलाई प्रोत्साहन भयो । हामीले कलकत्ता विश्वविद्यालयमा नेपाली भाषा स्वीकृत गराउने आन्दोलन पनि गर्‍यौं । यसको रोचक इतिहास बेग्लै छ । सन् १९१८ मा खरसाङबाट 'चन्द्रिका' मासिक पत्रिका निस्क्यो । यसै साल कलकत्ता विश्वविद्यालयले नेपाली भाषा म्याट्रिक, आइ.ए. र बी. ए. का निम्ति स्वीकार गर्‍यो । कालिम्पोङ र दार्जीलिङका हाइस्कूलहरूमा म्याट्रिकसम्म नेपाली भाषा पढाइने भयो । अनि मिडिल र प्राथमिक श्रेणीमा पनि नेपाली भाषा पढाउनुपर्छ भन्ने आन्दोलन शुरू भयो । यस कामका निम्ति नेपाली भाषाका पुस्तकहरूको प्रयोजन भयो । यस्ता पुस्तक लेखिदिने अरू कोही थिएनन् । आफूले खनेको खालमा आफै जाकिनुपर्‍यो । नेपाली भाषा पढाउने कामको जिम्मा लिने अनि पुस्तकहरू लेख्ने काममा आफैं अघि नसरी भएन । यसरी नेपाली भाषा र साहित्यको विकास गर्ने काममा लाग्न परिस्थितिले वाध्य गरायो । मैले यो काम रहरले थालेको जस्तो लाग्दैन । यो काम गर्न थालेपछि सहयोग दिनेहरूभन्दा पनि बाधा दिनेहरूको संख्या बढ्ता थियो जस्तो लाग्छ । नेपाली भाषा र साहित्यलाई आजको अवस्था र स्तरमा ल्याउन जति संघर्ष गर्नुपर्‍यो त्यसको वर्णन अत्यन्त रोचक र शिक्षाप्रद जस्तो छ । आफ्नो स्मरणमा केही अंश लेखिराखेको छु अनि बाँकी अंश फुर्सदमा लेख्नेछु । तपाईंले के जान्न चाहनु भएको, मैले के उत्तर दिएँ । चाहिने उत्तरभन्दा भूमिका लामो भए जस्तो लाग्छ तर यति नभनी मेरो भनाइ स्पष्ट नहुने हुनाले भूमिका केही लामो बाँध्नु परेको हो ।"

पारसमणि प्रधानको योगदानको बारेमा धेरै पुस्तक, स्मृति ग्रन्थ, लेखहरू निस्किसकेका छन् । उनका छोरा नगेन्द्रमणि प्रधानले लेखेको पारसमणि प्रधानको जीवनयात्राले सन् १९९५ मा भारतीय साहित्य अकादमी पुरस्कारसमेत प्राप्त गरिसकेको छन् । पारसमणि प्रधानको योगदानलाई सरकारी स्तरमा भारत र नेपालबाट मूल्याङ्कन अझै हुन सकेको छैन । भारत र नेपालमा अहिलेसम्म उनको नाममा

हुलाक टिकट निस्कन सकेको छैन । पारसमणि प्रधानको मुख्यरूपमा हामीले सम्झनु पर्ने चार पाँच कुराहरूमा हो जस्तो लाग्छ। अहिलेभन्दा ४० वर्ष अघिसम्म कुनै तहमा उनले लेखेको वा सम्पादन गरेको पाठ्यपुस्तक नपढ्ने मान्छे नै थिएन भारतमा । यो ठुलो गुण लगाए उनले भारतीय नेपालीलाई । यसको साथै नेपाली भाषामा पठन-पाठन गराउने अभियानको उनी अग्रणी अभियन्ता थिए। दोस्रो जनवरी १९१८ देखि चन्द्रिका निकाल्ने जुन साहस गरे उनले त्यस्ले निकै ठुलो प्रभाव परेको थियो नेपाली साहित्यमा। चन्द्रिकाबाटै जोडिएर धरणीधर कोइराला र सूर्यविक्रम ज्ञवाली दार्जिलिङ जागिर खान आएका थिए। तेस्रो नेपालीमा मानक व्याकरण निकाल्ने प्रयास अत्यन्तै सराहनीय काम थियो पारसमणिको। चौथो विभिन्न तह र तप्कामा रहेर उनले शिक्षामा दिएको योगदान। पाँचौ चाहिँ पुस्तक प्रकाशनको व्यवसायीकरण। उनले प्रकाशित गरेको पुस्तकमा कसैलाई कोसेली दिनका निम्ति छुट्टै पानामा - कोसेली अनि सेवामा र मिति लेखेको हुन्थ्यो ।

सायद काशीबाट अनेपाली माधवप्रसादको सम्पादनमा निस्केको 'चन्द्र' पत्रिकको मई १९१५, वर्ष १, अंक ९ मा प्रकाशित 'अध्यवसाय' लेखबाट साहित्यमा होमिएका पारसमणि प्रधानले सोही पत्रिकाको अर्को अंकमा 'विद्या' लेख प्रकाशित गर्छन् । 'विद्या' शीर्षक निबन्धमा प्रधान लेख्छन् "जसद्वारा हामी मनुष्य जातिले कोई कार्य चाहे सानु या ठुलो गर्ने छौं त्यसैलाई 'विद्या' भनिन्छ । विद्वान्हरूले विद्यालाई 'सरस्वती माता' पनी भन्दछन् ।" पारसमणि प्रधान कर्मयोगी थिए, कुनै पनि काम ठुलो वा सानो ठान्दैन थिए। महिलाहरूलाई पनि पढाउनुपर्छ भन्नेमा उनको ठुलो जोड थियो । उनले आफ्नी बुहारी मधुमालती प्रधानलाई बनारसमा मण्टीसरी शिक्षा प्रणालीमा प्रशिक्षित गर्न पठाएका थिए र उनले प्रथम श्रेणीमा पास भएर आएपछि तस्वीरसहित बधाई '**भारती**'मा छापेका थिए। मधुको नियात्रा लेख '**मेरो बनारस 'यात्रा**' भारतीको अप्रेल-मई १९५६ अंकमा प्रकाशित भएको थियो ।

"कवि कविता होस्, कविता कवि होस् तब पो हुन्छ, शब्द थुपारिकन के हुन्छ भाव भए पो हुन्छ" यो भनाई पारसमणि प्रधानको महावाणी जतिकै चर्चित छ। त्यो समयमा धरणीधर कोइराला कविता, सूर्यविक्रम ज्ञवाली इतिहास र समालोचना र पारसमणि प्रधान व्याकरण र पाठ्यपुस्तक लेखनमा व्यस्त रहे। एउटा सिङ्गो शिक्षित र साहित्यिक पुस्ता उनीहरूबाटै दीक्षित भएर आएको थियो नेपाली समाजमा । सूधपाको पहलमा नेपाली साहित्य सम्मेलन सन् १९२४मा स्थापना भयो । नेपाली साहित्य सम्मेलनले सिङ्गो नेपाली साहित्यलाई दिएको योगदान कसैले बिर्सिन सक्दैन ।

मूर्धन्य समालोचक रामकृष्ण शर्मा आफ्नो लेख- '**दार्जिलिङ क्षेत्रमा नेपाली साहित्यको पृष्ठभूमि र जन्म लेखमा पारसमणि प्रधानले दिएको योगदान**' बारेमा लेख्छन्', "पारसमणि प्रधान स्कुलको छात्र हुँदा नै होला बनारसबाट प्रकाशित हुने माधवी, सुन्दरी, गोर्खाली र चन्द्र पढ्न पाएका थिए र त्यँहा छापिएका कविता समस्यापूर्तिद्वारा प्रेरणा पाएर उनले आफ्ना प्रारम्भिक कविता लेखे, छपाए। तदन्तर खरसाङबाट उनले नेपाली पत्रिका 'चन्द्रिका' सन् १९१८ मा आफ्नै सम्पादनमा निकाले। यो पत्रिका यद्यपि एक वर्ष मात्र चल्न सक्यो तापनि यो पत्रिका साहित्योन्मुखी पत्रिका थियो। त्यसर्थ मेरा विचारमा "साहित्यिक ध्येय मनमा लिएर लेखनी चलाउने दार्जिलिङ क्षेत्रमा पारसमणि प्रधान देखिन आउँछन्। तिनताक उनले '**सुन्दर कुमार**' नाटक र त्यस अघि '**हिरण्मयी चरित्र**', (अनुवाद) पनि लेखेको बुझिन्छ। यी नै कार्यकलापको भरमा पारसमणिलाई दार्जिलिङमा साहित्यको घडेरी खन्ने प्रथम व्यक्ति तोकिन सकेला।"

जस योन्जन 'प्यासी' ले सन् २०२० मा 'पारसमणि प्रधान : अध्ययन अनुसन्धान' नामक पुस्तक प्रकाशित गरे। यो पुस्तक उनले विद्यावारिधिको निम्ति गरेको शोधकार्यको संशोधित रूप हो। यो पुस्तकमा पारसमणि प्रधानको योगदानको मूल्याङ्कन मात्र गरेका छैनन् यसभित्र भारतीय नेपाली भाषा र साहित्यको इतिहासको पनि विचरण गरेका छन्। उनको साहित्यिक योगदानको सिंहावलोकन गर्दै प्यासी लेख्छन् "टिपन-टापन (सन् १९६६), क्वाँटी (सन् १९७२) र काठे झाँक्री (सन् १९७४) - मा सङ्कलित निबन्ध-प्रबन्धहरूको अध्ययनबाट के कुरा थाहा पाउन सकिन्छ भने पारसमणि प्रधानले नेपाली भाषा-साहित्य, सामाजिक-आर्थिक एवं जातीय उत्थानका विषयलाई नै आफ्ना निबन्ध-प्रबन्धहरूमा मुख्य विषय बनाएका छन्। तर काठे झाँक्रीमा आइपुग्दा उनका निबन्ध-प्रबन्धहरूको विषय प्रस्तुतीकरण एवं शैलीमा परिवर्तन आएको देख्न पाइन्छ। उदाहरणका लागि "काठे झाँक्री", "पागल- म्यान", "नाम कि बदनाम", "हाम्रो गुन्द्रुक कम्पनी", "प्राइवेट ट्यूशन", "किऊको रमझम' "म बेकार छु म गरीब छु", "जन्तर-मन्तर" र "कस्ता अभिभावक हाम्रा!" आदि निबन्धहरूलाई लिन सकिन्छ। यी निबन्धहरूलाई निबन्ध वर्गीकरणको "आत्मिका" भेदका आधारमा हेर्दा बाह्य संरचनागत रूपमा देखिए तापनि आन्तरिक संरचना एवं कथ्यका दृष्टिले भने सारगर्भित तथा महत्त्वपूर्ण रहेका पाइन्छन्। यी निबन्धहरूले ढाँटिझैं गरी, ख्याल ठट्टा गरेझैं गरी अनि कतै जिस्किएझैं गरी हामीलाई हाम्रा मानवीय कमजोरी र सामाजिक अवनतिका कारणहरूतर्फ सङ्केत गरेका छन्। वस्तुतः पारसमणि प्रधानका टिपन-टापनदेखि क्वाँटी र काठे-झाक्रीसम्मका

निबन्ध प्रबन्धहरूमा जातीय उन्नयनका लागि भाषिक, साहित्यिक र शैक्षिक एवं आर्थिक सुधारको चेत नै मुख्यरूपले अभिव्यक्त भएको पाइन्छ । यसैकारण टिपन-टापनका निबन्ध-प्रबन्धहरू अधिक तथ्यात्मक भएकाले यिनीहरूलाई निबन्धका परात्मक भेदअन्तर्गत राख्नसकिन्छ । टिपन-टापनमा पारसमणि मूलतः भाषा-साहित्यजस्ता विषयमा मात्र केन्द्रित वा सीमित रहेका देखिन्छन् भने क्वाँटीमा आइपुग्दा उनले विविध विषय अँगालेको र विषयवस्तुलाई विविधता र व्यापकता दिएको देखिन्छ ।"क्वाँटी", "दुर्गापूजा", "स्वर्गवासी पाद्री म्याकफर्लेन", "आलूको चाप", "देशबन्धु चित्तरञ्जन दास " र "प्रदर्शनी शेष" आदि निबन्धहरू आकार - आयतनले विस्तृत छन् तापनि क्वाँटीका केही निबन्ध-प्रबन्धहरू विषय चयनमा नवीनता र शैलीमा विवरणात्मक परिपाटीदेखि आख्यानात्मक तथा संवादात्मक ढाँचामा लाग्दा स्वतः सङ्क्षिप्त आयतनका बनेका पनि देखिन्छन् । काठे भ्याँक्रीका निबन्ध-प्रबन्धहरूमा पनि उनका सङ्क्षिप्त प्रस्तुतिको पद्धति कायम रहेको पाइन्छ । विषय प्रस्तुति र लेखन-शैलीलाई हेरेर विद्वान् समालोचकहरूले एकातिर टिपन-टापन, क्वाँटी र काठे भ्याँक्रीका निबन्ध-प्रबन्धहरूमा संस्मरण, विवरण, समीक्षा, आख्यान, यात्रा प्रसङ्ग आदि पारसमणिक बहुमुखी जीवन-अनुभव र अध्ययन क्षेत्रका विविध कुरा परेका र यिनमा छन् शिक्षा, भाषा, व्याकरण, कोश, साहित्य, जाति, इतिहास, व्यक्तिवृत्त र रचन सन्दर्भलगायत अनेक सूचना पाइने जानकारी पाइन्छ भनेका छन् भने अर्कातिर यी नै यस्तै विषयहरूले गर्दा टिपन-टापन, क्वाँटी र काठे भ्याँक्रीका निबन्ध प्रबन्धहरूलाई शुद्ध साहित्यिक कौशल नभएका साहित्येतर रचना पनि ठानेका छन् । उक्त अध्ययन र विश्लेषणबाट के निष्कर्ष निस्कन्छ भने पारसमणि प्रधानका प्रबन्धहरूमा उनका आफ्नै किसिमका विशेषताहरू पाइन्छन् ।"

दार्जीलिङमा जनजागरण विशेष गरी साहित्य र भाषामा सूधपाको ठुलो योगदान छ । नेपालबाट आएका धरणीधर कोइराला, बनारसबाट सूर्यविक्रम ज्ञवाली र दार्जिलिङकै रैथाने पारसमणि प्रधानको पहलमा खोलेको नेपाली साहित्य सम्मेलनले नेपाली साहित्यमा अतुलनीय योगदान गरेको छ । सन् १९२४ मा हरिप्रसाद प्रधानको (पछि गएर नेपालको प्रथम न्यायाधीश) अध्यक्षतामा नेपाली साहित्य सम्मेलन गठन हुँदा पारसमणि प्रधान मन्त्रीमा मनोनीत भएका थिए। उक्त कार्यक्रम पारसमणि प्रधानद्वारा रचित गानबाट शुरु भएको थियो । सोही कार्यक्रममा पारसमणि प्रधानले वक्तव्य दिनु भएको थियो ।"अरुले शिक्षा हासिल गर्छन् मातृभाषाको माध्यमबाट तर नेपालीहरूले यस्तो गर्न पाएका छैनन् । यसर्थ अरुलाई केही सिक्नु जति समय लाग्छ नेपालीहरूलाई दोब्बर समय लाग्छ । विश्वविद्यालयहरूमा नेपाली पढ्ने अनुमति दिएको छ, तर

त्यहाँ अध्ययन गर्ने नेपालीहरूको संख्या औंलामा गन्नु सकिने बराबर छ। त्यसर्थ नेपालीहरूले प्राथमिक पाठशालामै मातृभाषामा पढ्ने सुविधा पाउनुपर्छ। यसरी विद्याको प्रचार हुन्छ र नेपाली भाषाको पनि उन्नति भएर जान्छ। भाषा र साहित्यको उन्नति नभई जातिको उन्नति कदापि हुनसक्तैन।", आफ्नो व्यक्तव्यमा प्रधान भन्छन्।

सूधपाको पहलमा साहित्य र शिक्षाको चेतना फैलाउने कार्यले भारतीय नेपाली साहित्यलाई ठुलो फड्को मार्न सहज भयो। सन् चालीस र पचासको दशकमा देखापरेक दार्जिलिङ, सिक्किम, पूर्वी नेपालका अधिकाश साहित्यकारहरू उनीहरूबाटै शिक्षित र दीक्षित वा प्रभावित भएका पाइन्छ। पारसमणि प्रधानले जीवनमा धेरै कामहरू गरे। हरि प्रिन्टिङ प्रेसको व्यवस्थापनदेखि मणि प्रन्टिङ प्रेससम्म यात्रा तय गरे। विभिन्न स्कुलमा पढाउने कामदेखि शिक्षा निरीक्षकसम्म बने उनी। व्यावसायिक बने, सम्पादक बने, प्रेस चलाएर उद्यमी बने। सायद उनी सफल व्यवसायी नबनेको भए नेपाली साहित्यलाई त्यति धेरै योगदान दिन सक्दैनथे होला। पारसमणि प्रधानको शिक्षक जीवन बारेमा बनारस हिन्दु विश्वविद्यालयका नेपाली विभाग प्रमुख दिवाकार प्रधान लेख्छन्, "२४ जुलाई १९१८-मा कलकत्ता विश्वविद्यालयले म्याट्रिक, आई.ए र बी.ए मा नेपाली भर्नाकुलर पढाइ हुने अध्यादेश प्रकाशित गरेपछि चन्द्रिकाका सम्पादक पारसमणिलाई १ फरवरी १९१९-देखि कालेबुङको स्कटिस युनिभर्सिटी मिशन इन्स्टिट्यूट (SUMI) -मा पहिलो नेपाली शिक्षक बनाइयो भने १ अप्रेल १९१९-देखि दार्जिलिङ सरकारी हाई स्कूलमा दोस्रो नेपाली शिक्षक बनाइयो।"

नेपाली साहित्यिक पत्रकारितामा पारसमणि प्रधानको ठुलो योगदान छ। यस्को प्रमाण सन् १९१८ मा प्रकाशित चन्द्रिका र वि.सं. २००६ मा निस्केको भारतीलाई नै लिन सकिन्छ। चन्द्रिकाले आशुकवि शम्भुप्रसाद ढुङ्गेल, धरणीधर कोइराला, लेखनाथ पौड्याल, सूर्यविक्रम ज्ञवाली आदिको रचनाहरूलाई स्थान दिएको पाउँछौं भने भारतीले असङ्ख्य लेखक र कविहरूलाई जन्म दिए। वि.सं. २०१५ सम्म प्रकाशनमा आएको यो पत्रिकामा रूपनारायण सिंह शुरु शुरुमा प्रधान सम्पादकको रूपमा जोडिएको पाउँछौ। भारती कालसम्म नेपाली पत्रिकाहरूको एक झलक शीर्षक लेखमा अजित बस्नेत लेख्छन्, "'भारती' पत्रिकाले नेपाली भाषा र साहित्यको विकाश तथा सम्वर्धनको लागि खेलेको भूमिका बृहत् र प्रशंसनीय छ। आजभन्दा प्राय: पाँच छ दशकअधिको समयमा दार्जिलिङमा नेपाली भाषा र साहित्यको अति शोभनीय व्यवस्था रहेको बेला नेपालीहरूले मातृभाषाको माध्यमद्वारा शिक्षा ग्रहण गर्न नपाएको हुँदा 'भारती' पत्रिकाको जन्म भएको कुरा 'भारती' मा

प्रकाशित सम्पादकीयहरूबाट प्रमाणित हुन्छ।" भारतीको उपजहरूमा अगमसिंह गिरी, अगमसिंह तामाङ, तारानाथ शर्मा, इन्द्रबहादुर राई, ईश्वर बल्लभ, देवनम देउजा, जी छिरिङ आदिलाई लिन सक्छ । पछिल्ला चरणमा हिमालचुलिको अवैतनिक प्रधान सम्पादकको भूमिका निभाएका थिए ।

भारतबाट पनि निकै राम्रा र स्तरिय लेखक र कविहरू नेपाली साहित्यमा आए पनि केवल पारसमणि प्रधानले मात्र वि.सं. २०२५मा मदन पुरस्कार पाउने सौभाग्य पाए आफ्नो पुस्तक टिपन-टापनमा । अपितु फादर विलियम बर्क हेलिङ्गयाक्सले सहि शब्द नामक पुस्तकमा वि.सं. २०५१ यो पुरस्कार पाए पनि (उनी क्यानाडियन मूलको भारतीय नागरिक हुन्) । अरू लेखक र कविहरू जगदम्बा श्री सम्मानमा नै चित्त बुझाउनुपऱ्यो । उनले त्रिभुवन प्रज्ञा पुरस्कार र त्रिभुवन विश्वविद्यालयबाट सम्मानार्थ महाविद्यावारिधि (डीलिट) उपाधि पाएका थिए ।

पारसमणि प्रधानले आफ्नो ८७ वर्षको (वि.सं. २०४२ मा उनको निधन भएको थियो) दीर्घ जीवनमा ४५ वटा जति पुस्तकहरू लेखन, सह-लेखन र सम्पादन गरे जस्मा भारतवर्षको इतिहास, विलायत यात्रा, सजिलो नेपाली व्याकरण कथा भारती जेठो, माहिलो, साहिलो, काहिंलो भाग, बुद्ध चरित्र नाटक, भानुभक्त ग्रन्थावली, नेपाली भाषाको उत्पत्ति र विकास, कवि र कवित, टिपन टापन, रोचक संस्मरण, नेपाली साहित्यको साउँ अक्षर, नेपाली भाषा साहित्यको विवरण, जयमाला, काठमाडौंमा दश दिन, काठे झाँकी, कविशिरोमणि लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा आदि प्रमुख हुन् ।

पारसमणि प्रधानलाई सन् अस्सीको दशकमा केही बुद्धिजीवीहरूले निकै खैरो खेदे । उनले लेखेको व्याकरणलाई चुनौती पनि दिए अनेक तर्क वितर्क दिएर नेपाली भाषाको एकरूपताको नाममा । तर उनी आफ्नै अडानमा अडिग रहे । उनकै व्याकरण र पाठ्यपुस्तक पढेर कखरा सिकेकाहरूले उनलाई नै चुनौती दिनु उनको निम्ति पीडादायी क्षण थियो । पारसमणिले जुन काल र परिस्थितिमा पाठ्यपुस्तक र व्याकरण लेखे त्यस्को मूल्याङ्कन वर्तमान अवस्थालाई मध्यनजर राखेर गर्न मिल्दैन । गंगाप्रसाद प्रधानले लेखेको लेखबाटै थाहा पाउन सक्छौं कस्तो थियो भाषाको अवस्था र पारसमणि र उनका सहकर्मीहरूले ल्याएको सुधार पारसमणि र उनका समकालीन लेखकहरूको लेखबाट प्रष्ट हुन्छ ।

पारसमणि प्रधानले दिएको योगदानको सही मूल्याङ्कन शरद छेत्रीले आप्नो लेखमा गर्नुभएको छ । उनी लेख्छन्, "विविध चुनौती र आलोचना खेप्दै भानुभक्तको

नेपाली लेखाइलाई विशुद्धताको निम्ति आधार बनाउँदै स्व.परासमणिले कतिपय रचानाहरू लेख्नुभएको छ, तथा त्यही आधारमा व्याकरण र पाठ्य-पुस्तक तयार पारेर नेपाली भाषा एकरूपमा लेखिनुपर्छ भन्ने आग्रहको बीजारोपण गर्नुभएको छ। यही विशुद्ध नेपाली भाषा लेख्नुपर्छ भन्ने आग्रहलाई आफ्नो जीवनको शेषकालमा समेत उहाँले प्रत्यक्ष तौरमा प्रतिध्वनित गरेको पाइन्छ। शैक्षिक, अर्थनैतिक, राजनैतिक, भौगोलिकजस्ता कारणहरूले विभिन्न क्षेत्र र विभिन्न व्यक्तिमा आइरहेको नेपाली लेखनको अनेकरूपतालाई मेटाउने निवेदन गर्दै महाविद्यावारिधि पारसमणि प्रधानज्यूले भन्नुभएको छ- " नेपाली भाषामा कुनै कुरो लेख्ता हामीले मनपरी लेख्नुहुँदैन। नेपाली भाषामा एकरूपता आएन भने, मनपरी लेखन र भाँडभैलो मचाउने कुबानी अब पनि हामीले छोडेनौं भने नेपाली भाषा र साहित्यको प्रगतिमा बाह्र बज्छ। ....... मेरो मत जान्न चाहनुहुन्छ भने म भन्छु, प्रत्येक लेखक-लेखिकाले, शिक्षक-शिक्षिकाले, पत्र-पत्रिकाले, सम्पादक-सम्पादिकाले, प्रकाशक-प्रकाशिकाले, परीक्षक औ मुद्रकले एकरूपतमा विशेष ध्यान दिनु मात्र होइन दिनैपर्छ। नदिनेहरू नेपाली भाषामा वैरी ठहर्छन्।"

पारसमणि प्रधानका अनुसार भाषाको व्याकरणमा समयोचित हेरफेर हुनु जीवित भाषाको लक्षण हो। नेपाली भाषाको व्याकरणका नियममा पनि समय समयमा थेरथोर हेरफेर भइरहनुपर्छ। उनले आफ्नो जीवनकालभरि भाषाको एकरूपताका लागि संघर्ष गरिरहे। नेपाली भाषालाई अघोरै माया गर्ने पारसमणिले जीवनकालभरि नै नेपाली भाषा- साहित्यको सेवामा आफूलाई समर्पित गरे।

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला।**

# साहित्यकार कृष्णप्रसाद ज्ञवाली र उनको 'असकुना' कविताको काव्यात्मक विश्लेषण



राजेन्द्र पन्थी

साहित्यकार कृष्णप्रसाद ज्ञवाली नेपाली साहित्यका बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनको जन्मभूमि नेपालमै भए पनि कर्मभूमि भारतको मेघालय राज्य अन्तर्गत शिलाङ रह्यो । कृष्णप्रसाद ज्ञवालीको जन्म ई.स.१८ नोभेम्बर १९३६ मा गुल्मी जिल्लाको थोर्गामा भएको थियो । उनी पिता पं.त्रिलोचन र माता भीमादेवीका साइला छोरा हुन् । दुई श्रीमती, चार छोरा र तीन छोरीका पिता ज्ञवालीको मृत्यु भने १० मार्च १९९९ मा भारतको शिलाङमा भएको थियो । १२/१३ बर्षको उमेरमा आफ्नो दूलो दाजु नारायणप्रसाद ज्ञवालीसँग भारतको शिलाङमा पढ्न गएका ज्ञवालीले १७ बर्षको उमेरदेखि शिलाङकै बडा बजारमा भारती पुस्तकालय खोली पुस्तक पसल सुरुवात गरेका थिए । औपचारिक रूपमा मेट्रिक उत्तीर्ण गरेका उनी मृदुभाषी, नम्र थिए । प्रायः नेपाली पोशाक दौरा, सुरुवाल, कोट र टोपी पहिरिरहने ज्ञवालीले नेपाली साहित्यमा खास गरी कविता र निबन्धहरू लेखेका छन् । भारतको शिलाङमा बसे पनि उनको मनमुटु नेपालमा नै रहेको उनका रचनाहरूमा देख्न पाइन्छ । उनका पिपलको छहारी निबन्ध (वि.सं.२०३२), कृष्णप्रसाद ज्ञवालीका कविताहरू (ई.स.२०००) र आसामको इतिहास, अब स्कुल पढ्न जाऊँ आदि विद्यालयस्तरीय पाठ्यपुस्तक र विभिन्न पत्रपत्रिकाहरूमा विभिन्न रचनाहरू प्रकाशित भएका छन् । कृष्णप्रसाद ज्ञवाली वि.सं.२०२४ मा तत्कालीन नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा आयोजित कविता महोत्सवमा प्रथम भई स्वर्ण पदक प्राप्त गरेका कवि हुन् । उनको नेपाली साहित्यमा मुख्य योगदान भनेको निबन्ध र कविता नै हो ।

नेपाली साहित्य अहिले नेपाल र भारतबाहेक विश्व साहित्यको रूपमा विस्तार भइरहेको छ । यसरी विश्व साहित्यमा विस्तार हुँदा नेपाली साहित्यले छिमेकी मुलुक भारतमा एउटा छुट्टै इतिहास निर्माण गरेको छ । नेपाल, दार्जिलिङ, सिक्किमपछि नेपाली भाषाको धेरै विकास भएको ठाउँ असम मानिन्छ । वर्तमानमा भएका ६ राज्य कुनै बेला असमकै भएकोले यहाँको साहित्यक विकासको कुरा गर्दा असममा १८९०

को हाराहारीदेखि नेपाली साहित्य लेखिन थालेको पाइन्छ। नेपाली भाषाको पहिलो पत्रिका गोर्खा सेवक तत्कालीन असमको राजधानी शिलाङ् १९३६ मा निस्केको थियो। नेपाली जातिको सबैभन्दा पुरानो शैक्षिक संस्था गोर्खा पाठशाला पनि १८७६ मै शिलाङ्मै स्थापित भएको थियो। असम र शिलाङ्मा नेपाली साहित्यको विकास गर्नेहरूमा तुलाचन आले, धनवीर भँडारी, पद्मप्रसाद उपाध्याय, कृष्णप्रसाद ज्ञवाली, लीलबहादुर क्षेत्री, पुष्पलाल उपाध्याय, हरिभक्त कटुवाल, हरिप्रसाद राई आदिले ठूलो योगदान दिएका थिए। त्यस्तै यसै क्षेत्रबाट सुमन, मादल, बिन्दु, हाम्रो ध्वनि, देश वार्ता, उषा आदि जस्ता उत्कृष्ट साहित्यिक पत्रपत्रिकाले महत्त्वपूर्ण योगदान दिएका देखिन्छन्। भारतीय नेपाली साहित्यकारहरूले कथा, कविता, उपन्यास, नाटक आदि विविध विधामा प्रशस्त कलम चलाएका छन्। वास्तवमा अहिले पनि असम वा आसाम क्षेत्रमा नेपाली भाषा, संस्कृति, रहनसहन चाडपर्वको बाहुल्य छ। जहाँ गोर्खाल्यान्ड राज्यको घोषणा गर्नुपर्छ भनेर आन्दोलन पनि चलिरहेको देखिन्छ। हुन त अहिले नेपाली साहित्य नेपाल र भारतबाहेक अमेरिका, क्यानाडा, युरोपलगायत खाडी देशतिर पनि फैलिरहेको छ। नेपाल र भारत-बाहेक संसारका विभिन्न देशहरूबाट नेपालीमा पुस्तक र पत्रपत्रिकाहरू प्रकाशित भएका छन्। भारतमा २० अगष्ट, १९९२ मा लोकसभाबाट भारतको सम्विधानको आठौं अनुसूचीमा रहने गरी नेपाली भाषाले मान्यता पाएको थियो र ३० अगष्टमा यसलाई राष्ट्रपतिबाट स्वीकृति पनि भएको थियो। भारतको साहित्य अकादमी, बुक ट्रस्ट अफ इन्डिया, भारतीय भाषा संस्थान आदिले पनि नेपाली भाषा साहित्यलाई स्थान दिएको पाइन्छ। नेपाली भाषाको समुचित संवर्धन र विकासका निम्ति भारतको केन्द्रीय सरकार र राज्य सरकारहरूले विभिन्न परियोजनाहरू, सुविधा, सहुलियत प्रदान गरिरहेका छन्। भारतमा नेपाली भाषा र साहित्यको विकास र विस्तार तीव्र रूपमा नै भइरहेको देखिन्छ। खासगरी दार्जिलिङ, सिक्किम र मेघालयमा नेपाली जाति एक ढिक्का भएर भाषासाहित्यको सेवामा संलग्न रहेको देखिन्छ।

भारतीय नेपाली साहित्यको पहिलो पुस्तक तुलाचन आलेको मणिपुरको लडाइँको सवाई(सन् १८९३) मानिन्छ।

अङ्ग्रेजहरूले भारतमा आफ्ना उपनिवेश सुरु गरेपछि असम ब्रिटिस शासनअन्तर्गत चल्न थालेको तथ्यहरू पनि पाइन्छ। सम्पूर्ण भारतको ७.७ प्रतिशत भूमि ओगटेको मानिने असम सन् १९४७ मा एक राज्य बन्यो भने १९६३ मा नागाल्यान्डले पनि छुट्टै राज्यको अस्तित्व प्राप्त गऱ्यो। यसपछि मेघालय, त्रिपुरा, अरुणाचल, मिजोरमजस्ता

राज्यहरू पनि क्रमशः असमबाट अलग भई स्वतन्त्र राज्यका रूपमा स्थापित हुन गएका पाइन्छन् । यसरी अघि एउटै सिङ्गो राज्यका रूपमा रहेको असम राज्य हाल असम, मेघालय, नागाल्यान्ड, मणिपुर, अरुणाचल, त्रिपुरा र मिजोरम गरी सात राज्यमा विभक्त भएको पाइन्छ । अहिले यी सात राज्यको समूहलाई उत्तरपूर्वी भारत पनि भन्ने गरिन्छ । अहिलेको मेघालय राज्य पनि २१ जनवरी १९७२ मा असम राज्यबाट अलग्गिएर स्वतन्त्र राज्य बनेको थियो । मेघालयको राजधानी शिलाङमा पर्दछ । यही शिलाङलाई कर्मभूमि बनाएका कृष्णप्रसाद ज्ञवालीको एक कविता असगुना हो । कृष्ण प्रसाद ज्ञवाली पनि भारतीय नेपाली साहित्यकारमा पहिलो पुस्ताकै साहित्यकारको रूपमै चिनिन्छन् । यो असगुना कविता नेपाली साहित्य कला निकेतन गुवाहाटीले सन् २००० मा प्रकाशित कृष्णप्रसाद ज्ञवालीका कविताहरूमा सङ्गृहीत ६७ कविताहरू मध्येको एउटा कविता हो ।

कृष्णप्रसाद ज्ञवाली खासगरी आत्मपरक, प्रकृतिप्रेमी र मानवतावादी निबन्धकार हुन् । साझा प्रकाशनद्वारा २०३६ मा पीपलको छहारी भन्ने उनका १२ वटा निबन्धहरू सङ्ग्रहीत पुस्तक प्रकाशित भएको थियो । वास्तवमा पुस्तकको नाममा जस्तै निबन्धहरूमा पनि जीवन, दर्शन, कला र सौन्दर्यको छहारी पाइन्छ । पीपलको छहारीमा बस्दा जुन किसिमको आनन्द हुन्छ त्यस्तै आनन्द, मिठास र शीतलता उनका निबन्धहरूमा पाइन्छ । निबन्धहरूलाई शब्द र अलङ्कारहरूले निकै सजाइएका छन् । तत्सम शब्दहरूको प्रयोग धेरै नै गरिएको देखिन्छ । उनका निबन्धहरू अत्यन्तै मिठा र रसिला छन् । उनका निबन्धमा प्रकृतिको सम्पूर्णता नै झल्किन्छ । निबन्धहरूमा कुतूहलता, स्वाभाविकता र जीवन्तता पाइन्छ । प्रकृतिका विविध पक्ष खोला, नाला, वन, पाखा, उकाली, ओराली, भङ्ज्याङ र चौतारीको कलात्मक र चित्रात्मक प्रस्तुति भेटिन्छ । निबन्ध पढ्दा नै पाठक प्रकृतिमा हराएर रमाइरहेको अनुभूत गर्न सकिन्छ । पाठक नै पनि निबन्धको रसास्वादनले कोइलीको कुहुकुहुमा नाच्न सक्छ भने घँसिनीको भाकामा गाउन पनि सक्छ । पाठक नै निबन्धकारसँग एकाकार बनिरहेको अनुभूति हुन्छ ।

कृष्णप्रसाद ज्ञवालीका कविताहरूमा विविधता पाइन्छ । कवि ज्ञवालीले आफ्ना कवितामा कला, जीवन र दर्शनको संयोजन निकै सचेतताका साथ गरेका छन् । कालीगण्डकी तीरमा, त्यो छहरामा पुग्दा, असगुना, उर्वशीप्रति, नव वसन्तको नव आह्वान, जून आदि जस्ता कविताहरूमा प्रकृतिका विभिन्न रूप र दृश्यको कलात्मक वर्णन र चित्रण गरिएको छ । कतिपय ठाउँमा प्रकृतिलाई मानवीकरण

गरिएको छ। भानुभक्त, भानुको सम्झना र स्वदेशी भानु कवितामा आदिकवि भानुभक्त आचार्यको कवित्वको कदर, गुणगान र प्रशंसा गरिएको छ। माग्नेको वेदना, म यात्री हुँ, यो जोशको अन्त यहीं हुँदैन रे, जिन्दगीको गोरेटोमा, बुद्धप्रति, मानवीय, मानवताको पथमा जस्ता कविताहरूमा मानवीय संवेदना, जीवनका विभिन्न आयामको चित्रण गरिएका भावहरू पाइन्छन् । उनका कविताहरू गद्य र पद्य दुवै किसिमका छन्। उनका कविताहरूमा विभिन्न किसिमका छन्द, अलङ्कार, बिम्ब, प्रतीक आदिको समुचित संयोजन र प्रयोग गरेको देखिन्छ। उहाँका कविताहरू छन्द र लयमा सललल बग्ने सलिल झैं छन् । राष्ट्रियता, देशप्रेम, प्रकृतिप्रेम झल्किन्छ। उनका कविताहरूमा मानवतावाद, विश्वप्रेम, प्रकृतिप्रेम, राष्ट्रियता, भ्रातृत्त्व आदि जस्ता थुप्रै विशेषताहरू रहेका छन्। नेपाली साहित्यमा लेखनाथ पौड्याल, माधवप्रसाद घिमिरे अनि धरणीधर शर्माकै परिपाटीका कवि कृष्णप्रसाद ज्ञवाली हुन् भनिन्छ। क्रान्तिपछि शान्ति, रातपछि दिन, शिशिरपछि वसन्त र दुःखपछि सुख अवश्यमेव आउँछ भन्ने आशावादी भाव उनका कवितामा पाइन्छ। कृष्णप्रसाद ज्ञवालीले केही बाल कविताहरू पनि रचना गरेका छन् भने उषा र सुमन जस्ता साहित्यिक पत्रिकाको सम्पादन कार्य पनि गरेका थिए।

कृष्णप्रसाद ज्ञवालीका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न मतहरू राखेको पाइन्छ । प्रा.डा.गोविन्दराज भट्टराईले नेपाल प्लस(२०२१) मा लेख्छन्- कृष्ण प्रसाद ज्ञवाली भारतीय साहित्यमा निर्मातामध्ये पहिलो पुस्ताका नेपाली हुन्। उनको सिर्जनामा मूलभूमि नेपालको स्मृति र संवेदना देख्न पाइन्छ। उनका रचनाहरूमा गृहविरह (नोस्टाल्जिया) ले आतुर पुस्ता दुवै भूमिमा आफ्नो जीवन टाँगेर बसेजस्ता लाग्दछन्। नरबहादुर राईले भारतीय साहित्यका निर्माता कृष्ण प्रसाद ज्ञवाली(साहित्य अकादेमी, २०१३) पुस्तकमा लेख्छन् -ज्ञवालीका कविताहरूमा लयात्मक माधुर्यको प्रचुर रसस्वादन पाठक अथवा श्रोताहरूले गर्न सक्छन् । ज्ञवालीका कविताको वैशिष्ट्य भनेको काव्यकला र काव्यव्यञ्जना नै हो। कविताहरूले कलापक्षलाई बेस्सरी बोकेका छन्। उनी सौन्दर्यका पुजारी थिए। अङ्ग्रेजी कवि विलियम वड्सवर्थ यथेष्ट प्रभाव परेको देखिन्छ।

डा.गोविन्दसिंह रावत लेख्छन् (साहित्य पोष्ट)-पूर्वाञ्चल भारतमा नेपाली साहित्यलाई गोडमेल गरी शब्दको खेती गराएर उहाँको साहित्यलाई उब्जाउ बनाउने व्यक्तिका रूपमा परिचित कृष्णप्रसाद ज्ञवाली एक परिपक्व साहित्यकार मात्र नभएर साहित्यक पत्रकारसँगै शिक्षाविद् पनि थिए। शिक्षाको उज्यालो घरघरमा पुऱ्याउने

ज्ञवालीले तत्कालीन आसाम र वर्तमान मेघालयमा साहित्यिक वातावरण सिर्जना गर्नमा उहाँको भूमिका महत्त्वपूर्ण रहेको थियो ।

त्यस्तै गरिमा पत्रिकामा लेखिएको छ-लक्ष्मीप्रसाद देवकोटाको निबन्धमा पाइने कल्पनाको काव्यात्मक उडान, बालकृष्ण समको निबन्धमा पाइने तर्कपूर्ण अभिव्यक्ति र श्यामप्रसाद शर्माका निबन्धमा पाइने गुलियो र सरलता उनका निबन्धमा पाइन्छ। उनका दुई निबन्धहरू परेवाको कलरव र पिपलको छहारीलाई प्रा.डा.गोविन्दराज भट्टराईले सेलेक्टेड नेपाली एसेज (२००३) भन्ने पुस्तकमा अङ्ग्रेजी भाषामा अनुवाद गरेका छन् । यो अनुवादित कृति जीवा लामिछानेले प्रकाशन गरेका थिए ।

असगुना कुनै स्थान विशेषको कलात्मक र काव्यात्मक वर्णन गरिएको कविता हो । असगुना भनेर कविले प्रयोग गरेको ठाउँलाई अहिले अस्कुना भनेर चिनिन्छ । असगुना वा अस्कुना नामका बारेमा जनश्रुतिमा विभिन्न मतहरू पनि पाइन्छन् । अष्टकोण अनि अष्टकुना हुँदै अस्कुना भएको भन्ने धेरैको मत पाइन्छ। अहिले चलनचल्तीमा अस्कुना नामबाट त्यो ठाउँ प्रख्यात भएको हुनाले यहाँ अस्कुना भनेर नै चर्चा गरिन्छ। अस्कुनालाई दोस्रो स्वर्गद्वारी भनेर पनि चिनिने गरिन्छ। स्वर्गद्वारीका महाप्रभु हंसानन्द गिरी स्नान गर्नको लागि पद्मावती नदीको यही पवित्रस्थल अस्कुना आउनुहुन्थ्यो भन्ने जनश्रुति पनि पाइन्छ । स्वर्गद्वारी प्रभुले नै तीर्थालुलाई स्वर्गद्वारी आउन गाह्रो भए अस्कुना गएर पूजाआजा र स्नान गर्दा स्वर्गद्वारीमा पाएजत्तिकै फल प्राप्त हुन्छ भनेर भन्नुभएको थियो भन्ने जनश्रुति पनि पाइन्छ ।

अस्कुना नेपालको लुम्बिनी प्रदेशअन्तर्गत गुल्मी जिल्लाको धुर्कोट-६ र मदाने-७ को सङ्गममा पर्ने एउटा प्रसिद्ध पौराणिक, धार्मिक र पर्यटकीय तीर्थस्थल हो । गुल्मी जिल्लाको धुर्कोट गा.पा. र मदाने गा.पा.मा पर्ने पनाहा (पौराणिक ग्रन्थमा यस खोलालाई पन्नगा, कतै सुनभद्रा र कतै पद्मावती भनिएको छ) खोलाको तटमा यो तीर्थस्थल पर्दछ । संस्कृतमा पन्नगा भनेको सर्प हो । सर्प जस्तै बगेको हुनाले यसलाई पन्नगा भन्दाभन्दै पनाहा भनिएको हो भनिन्छ । यो खोला शिरदेखि पाउसम्म ४५ किलोमिटर छ । यो नदीको शिर गुल्मीकै प्रसिद्ध लेक मदाने(कविले मघाने भनेका छन्) हो । मदानेलाई शिर बनाएर गुल्मीमा तीन खोलाहरू पनाहा, छल्दी र निस्ती बगेका छन् भने प्युठानमा एक खोला झिमुक खोला बगेको छ । यो पनाहा खोला छल्दी, निस्ती, बडिगाड हुँदै काली गण्डकी नदीमा मिसिन्छ । काली गण्डकी पनि त्रिशूलीमा मिसिएर नारायणी हुँदै भारतको प्रसिद्ध तीर्थस्थल गङ्गा पुगेर हिन्द

महासागरमा मिसिन्छ।

गुल्मीको धुर्कोट र मदानेको पनि आआफनै ऐतिहासिक चिनारी र विशेषताहरू रहेका छन्। पनाहा खोलाको शिर रहेको मदाने लेक गुल्मी जिल्लाको उत्तर पश्चिममा पर्दछ। यो लेक गुल्मी, बाग्लुङ र प्युठानसमेत भूगोलमा फैलिएको पहाड हो। यो लेक समुद्र सतहदेखि ९ सय ७५ मिटरदेखि २ हजार ६९० मिटरसम्म उचाइमा रहेको छ। यो लेक १३ हजार ७ सय ६१ हेक्टरमा फैलिएको छ। यसलाई प्राकृतिक भ्यु टावर पनि भनिन्छ। यो जैविक विविधताको भण्डार पनि हो। यही लेखमा मालिका भगवतीको मन्दिर पनि रहेको छ। त्यस्तै धुर्कोटको पनि नेपालको राजनीतिक इतिहाससँग पृष्ठभूमि जोडिएको छ। धुर्कोट नेपालका चौबीसे राज्यअन्तर्गतको एउटा राज्य थियो। यो राज्यको स्थापना वि.सं. १४६५ मा भएको हो भनिन्छ।

मदाने रसाएर बगेको पनाहा खोलाको अस्कुना भन्ने ठाउँ यो खोलाकै सबैभन्दा साँघुरो क्षेत्र हो। यसको क्षेत्रफल १ मिटर चौडाइ, ११ मिटर लम्बाइ र २५ मिटर उचाइ रहेको छ। अस्कुनामा खास गरी औंसी, संक्रान्ति पूर्णिमामा स्नानको लागि मेला लाग्दछ। यस पुण्यभूमिमा स्नान, ध्यान, पाठ, पूजा गर्नाले मनको इच्छा पूरा हुने र मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने विश्वास रहेको छ। यस पवित्र धाममा स्नान गर्दा काली गण्डकी र गङ्गाजीमा स्नान गरे जत्तिकै फल प्राप्त हुन्छ भन्ने जनविश्वास रहेको छ। अत्यन्त साँघुरो ठाउँबाट खोला बगेको हुनाले जादूगरी घोत्घोत् ध्वनि आउँछ। घोत्घोत् स्वर भएकै कारण नजिक कालिमामय गजधम्म परी खडा भएको ओडार र पहराहरूमा धेरै आकृति रहेका छन्। नदीको वारिपारि भित्तोको ढुङ्गाको पत्थरमा सुनका फाली, नागनागिनीहरूका चित्र, विभिन्न पशुपक्षीका आकृति, देवी देवताका प्रतिमूर्तिहरू प्रतिबिम्बित भएको पाइन्छ। यहाँको प्राकृतिक सौन्दर्यले यस पौराणिक तीर्थस्थललाई सुनमा सुगन्ध थपिएको देखिन्छ।

कृष्णप्रसाद ज्ञवालीले असगुना कविता कुन मितिमा लेखेका हुन् भन्ने कुरा ट्याक्कै भेटिँदैन। कवि २०२४ को कविता महोत्सवमा प्रथम भएपछि काठमाडौंबाट आफ्नो जन्मभूमि गुल्मीको थोर्गा हुँदै मावली घर गैराखर्क गएको बेलामा अस्कुना भन्ने ठाउँमा गएको उनका मावलीहरूबाट थाहा हुन्छ। सायद त्यही २०२४ वा तत्कालै कविता लेखेको अनुमान गर्न सकिन्छ। यो कविता चारचार



पङ्क्तिका सातवटा श्लोकमा संरचित छ। यस कवितामा पद्मावती वा पनाहा खोलामा रहेको प्रसिद्ध तीर्थस्थल अस्कुनाको सचित्र वर्णन गरिएको छ । कविताका हरेक पङ्क्तिमा १४ अक्षरको प्रयोग र अन्त्यानुप्रासको संयोजनले कविता गेयात्मक बनेको छ। कविताको भाषाशैली अत्यन्तै सहज र सरल छ। कवितामा प्रयोग गरिएका हृदय, जल, प्रकृति, लीला, ध्वनि, मानस, शान्त, संगीत, यात्री, तीर्थ, गङ्गा, स्नेह, ममता आदि जस्ता तत्सम शब्दहरूले कवितालाई रसमय, मिठासपूर्ण, सुन्दर र जीवन्त बनाएका छन् ।

कविले कविताको पहिलो श्लोकमा आफू र आफ्नो साथी मुक्तिनाथ (जसलाई अहिले मुरलीधर शर्मा पन्थी भनेर चिनिन्छ) असगुना कस्तो होला भन्दै कौतूहल साँच्दै गएका र त्यहाँको त्यो पानीको घुमाउरो दृश्य देखी अनौठो मानेको अभिव्यक्त गरेका छन् । कवितामा उनले यसरी भन्छन्-

मुक्तिनाथ म भएर असगुना हेर्न
हृदयमा गुम्सिएको गयौँ धोका फेर्न
त्यो खोलाको घुमाउरे तरिका त्यो
मेरो मन्ले भन्न थाल्यो कस्तो अनौठो यो । १ ।

कविताको दोस्रो श्लोकमा तेर्सिएका चिप्ला ढुङ्गामा बल्लबल्ल टेकेर लड्दैपड्दै त्यहाँ पुगेको, माथिबाट फराकिलो हुँदै आएको खोला एक्कासि त्यहाँ आउँदा साँघुरिएर दुईतिरको भित्ताको ओडार परेको ठाउँमा पानीले ठक्कर खाई सेतो फिज उठेर माथिमाथि छरिएको यसरी बताएका छन्-

चिप्ला ढुङ्गा तेर्सिएका त्यहाँको बाटोमा
लड्दैपड्दै भए पनि पुग्यौँ त्यस ठाउँमा
ठूलो खोला मूलो भई सुसाएर बग्छ
ओडारको भित्ता भरी सेतो जल छर्छ । २ ।

कविताको तेस्रो श्लोकमा कविले त्यहाँको दृश्यको अवलोकनबाट प्रकृतिको लीलालाई अचम्म मान्छन् । उनसँगै गएका मुक्तिनाथ टोलाएका छन् । अस्कुना माथिपट्टि पहरो र जङ्गल छ, त्यहाँ बाह्रै महिना विभिन्न प्रकारका चराचुरुङ्गीले आआफ्नै तरिकाले गीत गाउँदै नाचेका कल्पना गर्दै कविले यसरी भन्छन्-

प्रकृतिको लीला कस्तो मैले भनेँ भट्ट
मुक्तिनाथ टोलाएका भई अकमक्क

खोलामाथि शान्त गर्ने तरिका नै सस्तो
बाह्रै महिना पन्छी नाची गाउँदछन् मङ्गल । ३ ।

चौथो श्लोकमा गुल्मी जिल्लाकै प्रसिद्ध मदाने (लेखकले मघाने भनेका छन्) लेकबाट विभिन्न ठाउँलाई सिञ्चित गर्दै आएको जलको ध्वनिले अस्कुनामा आएर छलछल जस्तो सङ्गीत भरेर मानिसलाई शान्ति दिने कविले कल्पना गरेका छन् । उनले यस श्लोकमा यसरी वर्णन गरेका छन्-

यस्को ध्वनि कति मिठो सुनिरहुँ जस्तो
मानसलाई शान्त गर्ने तरिका नै सस्तो
मघानेको फेदीबाट रसाएर जल
यहाँ आई सङ्गीत भर्छ गर्दै छलछल । ४ ।

पाँचौं श्लोकमा तीर्थयात्रीहरू यस पवित्र तीर्थस्थलमा नुहाउन आउने, यहाँको जल गङ्गाजीमा पुग्ने र यहाँ स्नान गरेपछि पापरूपी फोहोर सबै बगाएर लैजाने विश्वास रहेको कविले यसरी बताउँछन् -

यात्रीहरू तीर्थ गर्न आउँछन् होला
नुहाएको पानी बोकी पद्मावती खोला
दगुरेर गङ्गाजीमा मिसाउँछ जल
मैला सब बगाएर लान्छ सलसल । ५ ।

छैठौं श्लोकमा कविले अस्कुनामा बगिरहेको जललाई प्रश्न गर्दै हे, अस्कुना ! एकछिन तिमी यहाँ पर्खेर मेरा कुरा सुन न- तिमी यसरी किन आत्तिएर बगेकी छौ, यो गाउँका सबै मानिसको हृदय बुझेर एकछिन अडिएर अनि शान्त भई अगाडिका चुच्चे ढुङ्गाहरू नाघ्दै जान आग्रह यसरी गरेका छन्-

पखपख असगुना मेरा कुरा सुन
यति छिट्टै आत्तिएर बग्छौ तिमी किन ?
यो गाउँका मानिसको तातो आँसु माग ।
अनि बल्ल अँगाडिका चुच्चे ढुङ्गा नाग । ६ ।

अन्तिम श्लोकमा यहाँका सबै किसिमका रुखिखएका खेतबारीलाई भित्री मनदेखि नै भिजाइदिन आग्रह गर्दै कहिलेकाहीँ मात्तिएर यहाँ कुनै किसिमको क्षति नगर्न आग्रह पनि गरेका छन् । उनले कवितामा यसरी भन्छन्-

रुखिखएको यो खेतमा देऊ तिम्रो नीर
भिजाइदेऊ भित्री आँत स्नेहले पग्लेर
ममताका बूँद झिकी पुऱ्याइदेऊ माला
धतङ्गाई नउर्ले है सातो थिन्को जाला । ७ ।

कृष्णप्रसाद ज्ञवाली नेपाली साहित्यमा लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधवप्रसाद घिमिरे आदि जस्ता स्वच्छन्दतावादी- प्रकृतिवादी कविहरूका प्रभावमा रहेर तिनै प्रवृत्तिहरूलाई आफूले निरन्तरता दिने कविका रूपमा देखिन्छन् । उनका कविताहरूमा संस्कृत कवि कालिदास र अङ्ग्रेजी कवि वर्डस्वर्थका प्रभाव र प्रवृत्तिहरू पनि पाइन्छन् । असकुना प्रकृतिका विविध स्वरूप र पक्षको यथार्थ, काल्पनिक, सौन्दर्यपरक वर्णन गरिएको एक उत्कृष्ट कविता हो ।

यसमा कविले पनाहा खोलाको मानवीकरण गरेर अस्कुनालाई थप सुन्दरता प्रदान गरेका छन् । यस कवितामा प्रयोग गरिएका जल छर्नु, पन्छीहरू नाच्नु र मङ्गल गीत गाउनु, सङ्गीत निकाल्नु, आत्तिएर बग्नु, आँसु माग्नु, ढुङ्गा नाघ्नु, नीर दिनु, आँत भिजाउनु, स्नेह पग्लनु, ममताका बूँद झिक्नु, माला पुऱ्याउनु, धतङ्गाउनु जस्ता मानवीय स्वभाव र क्रियाकलापहरू अस्कुनामा बगेको जललाई मानवीकरण गरिएका उदाहरण हुन् । प्रकृतिका विभिन्न क्रियाकलापलाई मानवीय क्रियाकलाप जस्तो मानेर वर्णन गरिनु मानवीकरण हो । कवितामा कविले प्रकृतिभित्र मान्छे देखेका हुन्छन् । कविको यस्तो किसिमको काल्पनिक र कलात्मक क्षमताले प्रकृति थप सुन्दर बनेको हुन्छ । एउटा सामान्य व्यक्तिले अस्कुनामा दुबैतिर कडा चट्टानसहितको साँघुरो खोलामा सामान्य पानी मात्र बगिरहेको देख्छ तर कविले धेरै विशिष्ट कुराहरू देखेका हुन्छन् । यहाँ पनि मानवीकरणले अस्कुनाको सौन्दर्यलाई थप सौन्दर्य दिएको छ । असगुना कवितामा प्रकृतिप्रेमी कवि कृष्णप्रसाद ज्ञवालीले दोस्रो स्वर्गधारी भनेर चिनिने अस्कुनाको कलात्मक, काव्यात्मक, गेयात्मक वर्णन गरेका छन् । यस कविता मार्फत कविले अस्कुनाको धार्मिक, पौराणिक महत्त्व र सौन्दर्यलाई थप प्रष्ट्याएको पनि देखिन्छ ।

भर्जिनिया, अमेरिका

# रामकृष्ण शर्माको 'टेबल गफ नौ बैठक' एक विवेचना



नवीन पौड्याल, कालिम्पोङ

## १. विषय प्रवेश

नेपाली साहित्यमा रामकृष्ण शर्माको नाम आदरका साथ लिइन्छ। उनी एक प्रखर समालोचक, वक्ता, विद्वान् पुरुष र नेपाली समाजका एक नक्षत्र हुन्। उनका विविध व्यक्तित्वले उनलाई अमर बनाएको छ। उनी आफ्ना सुकर्मले गर्दा चर्चित भएका हुन्। वर्ष २०२२ रामकृष्ण शर्माको जन्म शतावार्षिकी हो। उनी हाम्रा समाजका एक लोभलाग्दा, भरिला व्यक्ति थिए। आफ्नो समयका उनी हाम्रा सहारा थिए, आशा थिए, दरिला नेतृत्व थिए, जात्याभिमानी खाँटी गोर्खा थिए। आफ्नो तार्किक शक्तिलाई टेबल गफका साथै लेखनमा प्रयोग गरे। न्यायालय र सर्जकका निम्ति उनी निर्णायक थिए।

## २. रामकृष्ण शर्मा एक परिचय

रामकृष्ण शर्माको जन्म १९२२ मा म्यान्मारको मेम्यो भन्ने ठाउँमा भएको हो। उनका बाबुआमाको नाम गङ्गालाल शर्मा र देवमाया शर्मा हो। उनका बाबु गंगालाल जैसी १० रेजिमेन्ट गोर्खा राइफल्सका सुबेदार थिए। उनका बाबु जग्गाजमिनले सम्पन्न थिए तर उनका पाँचवटी स्वास्नी हुनाले त्यहाँ घर भगडाका कारण गंगालाल आफ्नी कान्छी स्वास्नी र एक छोरा र एक छोरी लिएर कालिम्पोङ आएर इच्छे बस्तीमा घर जग्गा जमिन जोडेर बसेका थिए। रामकृष्ण शर्माको जन्म बर्मामै भए तापनि उनको हुर्काइ बढाइ र अधिकांश जीवन कालिम्पोङमा नै बितेको थियो। उनी कानुनी विद्या अध्ययन गरेर प्रसिद्ध वकिल भएका थिए भने कोलकाता महानगर न्यायधीशको ओहादासम्म पुगेका थिए। उनको वि. सं. १९९९ मा शारदा पत्रिकामा 'अङ्ग्रेजी साहित्यको प्रभाव' भन्ने समालोचना प्रकाशित भएको थियो। यही समालोचनात्मक लेखबाट नै वास्तविक रूपमा आधुनिक नेपाली समालोचनाको थालनी भएको मानिन्छ। उनका सप्त शारदीय (१९६७) दश गोर्खा (१९६९), टेबल गफ नौ बैठक (१९७१) समालोचनाका पुस्तक हुन्।

## ३.रामकृष्ण शर्माको उदयभन्दा पहिलेको नेपाली समालोचनाको अवस्था

रामकृष्ण शर्माको समालोचनामा उदय हुनुभन्दा पहिले पनि नेपाली समालोचना लेखन शुरु भएको थियो । मोतीराम भट्टको 'भानुभक्तको जीवनचरित्र' पुस्तिकाको प्रकाशनले नेपाली समालोचनाको प्रारम्भ भएको मानिन्छ। यसपछि राममणि आदीले नू पनि कवितारीति भन्ने लेखमा कविता लेख्दाका कुरा उल्लेख गरेका छन्। त्यसपछि सूर्यविक्रम ज्ञवालीको उदय भएपछि भने समालोचनाले स्वरूप पाएको थियो। उनको नैवेद्य समालोचना, नेपाली साहित्यकाशका दुई तारा, भ्रमर उपन्यासको भूमिकारूपी समीक्षा आदि जस्ता लेखहरूले समालोचनालाई अघि बढाएका हुन् । त्यसपछि केही फुटकर लेखका रूपमा समीक्षा आएका हुन् । मणिसिंह गुरुङको गोर्खा सेवकमा सन् १९३७ मा प्रकाशित 'भमर समालोचना' पनि उल्लेखनीय छ । त्यसपछि शारदा पत्रिकाको १९९९ को अङ्कमा रामकृष्ण शर्माको 'अङ्ग्रेजी साहित्यको प्रभाव' भन्ने लेखबाट वास्तविक नेपाली समालोचनाको प्रारम्भ भएको मानिन्छ। त्यस बेलासम्म कृतिको गुण पक्षको मात्र समीक्षण गरिएको पाइन्छ।

## ४. समालोचकका रूपमा रामकृष्ण शर्मा

नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्मा एक अत्यन्त आदरणीय, उल्लेखनीय र अविष्मरणीय नाम हो । उनकै कलमबाट नै नेपालीमा गुणदोष दुवै पक्षको समालोचनाको शुरू भएको मानिन्छ । वि.सं. १९९९ मा शारदा पत्रिकामा प्रकाशित अङ्ग्रेजी साहित्यको प्रभाव भन्ने लेखबाट नै नेपालीमा वास्तविक समालोचना शुरू भएको मानिन्छ। यो आधुनिक नेपाली सामालोचनाका इतिहासमा युगान्तकारी मानिन्छ। त्यस लेखमा कवि धरणीधर कोइराला, नाटककार महाकवि लक्ष्मीप्रसाद देवकोटाका कतिपय रचनामा परेको अङ्ग्रेजी साहित्यको चर्चा गरिएको छ । यसै समालोचनाको सिलसिलामा कविको धन, टाक्सिएको नेपाली कविता आदि पनि उल्लेखनीय लेख हुन् । उनलाई खरो समालोचक पनि भनिन्छ । उनको भनाइअनुसार 'उचित ठहराएको भन्दा मासाभर बेसी प्रशंसा गर्नु मेरो धर्मानुकूल कुरो होइन। लेखको हौसला र उत्साह बढाउने ध्येयले गरिए पनि अनुचित प्रशंसा अनुचित नै हुन्छ भन्ने मलाई लाग्छ'। उनले तत्कालीन जीवित कविहरूका कविताका कमजोरी पक्षहरूलाई निर्भीक रूपमा देखाइदिएका हुन् । त्यस्ता कविहरू चाहे लक्ष्मीप्रसाद देवकोटा हुन् वा बालकृष्ण सम हुन् वा लेखनाथ पौड्याल हुन्। कविहरूका काव्यगत कमजोरी देखाउँदा उनी निकै विवादमा परेका थिए। यदुनाथ खनालसित सूक्तिसिन्धु विषय लिएर सैद्धान्तिक पैंठाजोरी गर्नुपर्‍यो। उनका कतिपय लेखमा त व्यक्तिविशेषलाई

ठुड हानेका हुनाले उनले निकै खप्की पनि खानुपरेको थियो । यद्यपि उनी आफ्नो सिद्धान्त र विचारले अडिग थिए । आफ्नो समालोचना धर्मलाई डगमगाउन दिएनन् ।

उनको 'सप्त शारदीय' मा रहेका सातवटा लेखहरू हुन्- 'अङ्ग्रेजी साहित्यको प्रभाव', कवि भानुभक्तको विषयमा', 'कविको धन', 'नाटकसम्बन्धी छोटो लेख', 'जीवन र साहित्य', 'समालोचना', 'टाक्सिएको नेपाली कविता' । यसै गरी उनका 'गोर्खा' पत्रिकामा प्रकाशित भएका दसवटा लेखहरूको सङ्ग्रह 'दस गोर्खा' का लेखहरू हुन्- 'कवि', 'साहित्यिकरुचिको प्रौढता', 'समाज र साहित्य', 'नेपाली साहित्यको प्रगति', 'साहित्यिक कलाकारको रूपमा', 'तिवारीजीका नाटक', 'गजाधर सोतीकी घरबूढीको पक्षमा', 'नेपाली कविता उहिले र अहिले', 'कदाचित् बिर्सिएला', 'महानन्द र धर्मराजको देशप्रेम' । उनको 'टेबल गफ नौ बैठक' (सन् १९७०) भित्र रहेका लेखहरू हुन्- 'साहित्यका स्पष्ट र अर्घेला टिप्पणी-१', 'साहित्यका स्पष्ट र अर्घेला टिप्पणी -२', 'साहित्यका स्पष्ट र अर्घेला टिप्पणी-३', 'हाम्रा इतिहासशिरोमणि खरदार बाबुराम आचार्य', 'साहित्य गोष्ठीप्रतिको विचार', 'कला कलाको निम्ति उक्तिको छोटो विश्लेषण', 'कला जीवनको निम्ति उक्तिको छोटो विश्लेषण', 'टु टुटी ट्वाँट', 'एउटा स्पष्टीकरण' हुन् ।

नेपाली समालोचनामा पाश्चात्य प्रभावलाई चिनाउने निर्भीक, दोषद्रष्टा र स्पष्टवादी समालोचक हुन् रामकृष्ण शर्मा । उनले कृतिमा देखिएका वा आफूलाई अनुभूत भएका कुरा नहिचकिचाई अभिव्यक्त गर्दथे । भानुभक्त आचार्य, महाकवि लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, धरणीधर शर्मा, महानन्द सापकोटा, भीमनिधि तिवारी आदिका कृतिमा रहेका कमजोर पक्षलाई पनि औंल्याएका छन् । उनले नेपाली साहित्यमा मौलिक मानदण्ड र जातीय गौरव, आफ्ना इतिहास, भूगोल, सामाजिक, सांस्कृतिक अवस्थाको प्रतिनिधित्व हुन नसकेको कुरालाई आफ्नो समालोचनामा व्यक्त गरेका छन् । उनले हाम्रा कविता र उपन्यासहरूले हाम्रा आफ्ना मौलिक कुरालाई अघि ल्याउनुपर्छ भन्ने विचार व्यक्त गरेका छन् । बौद्धिकता, तार्किकता, विश्लेषणात्मकता आदि उनका समालोचकीय वैशिष्ट्य हुन् ।

रामकृष्ण शर्माको समालोचनाका बारेमा विभिन्न अध्येताहरूले आफ्नो अध्ययन प्रस्तुत गरेका छन् । यदुनाथ खनाल, इन्द्रबहादुर राई, डा.बासुदेव त्रिपाठी, फणिन्द्र नेपाल, डा. शान्ति थापा, शोभाकान्ति थेगिम, एकनारायण पौड्याल, महानन्द पौड्याल, कुमार छेत्री, रागिनी थापा, ममता लामा आदिले उनका समालोचना लेखनका विभिन्न पक्षबारे चर्चा गरेका छन् । दियालो, साहित्य सङ्केत, आकाशदीप

आदि जस्ता पत्रिकाले रामकृष्ण शर्मा स्मृति अङ्कका रूपमा पनि प्रकाशित गरेका छन् । उनको समालोचकीय देनबारे सिक्किमकी शान्ति छेत्रीले विद्यावारिधि पनि सम्पन्न गरेकी छन् । उनका निबन्ध र समालोचनाबारे विभिन्न विद्वान्हरूले नेहरूले मन्तव्य टिपोट गरेका छन् । उनी निबन्ध र समालोचना लेखनमा अब्बल रहेको कुरा डा. तारानाथ शर्मा, फणीन्द्र नेपाल, डा. घनश्याम कडेल, डा. घनश्याम नेपाल, डा. वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ, शान्ति छेत्री, शिवराज शर्मा, राजेन्द्र सुवेदी, रामलाल अधिकारी, महानन्द पौड्याल आदिले व्यक्त गरेका छन् ।

## ५. टेबल गफ नौ बैठकको विवेचना

रामकृष्ण शर्माको टेबल गफ नौ बैठक जम्मा नौवटा लेखहरूको एउटा समालोचनाधर्मी पुस्तक हो । विकास प्रकाशन कालिम्पोङबाट प्रकाशित यस पुस्तकलाई उनको समालोचनाधर्मिताबारे स्पष्ट धारणा पाइन्छ। अन्य दुई समालोचना पुस्तकका तुलनामा यो पुस्तकमा रामकृष्ण शर्माले अलिक खरो र तिखो समालोचना लेखेका छन् । यस पुस्तकको अध्ययन गर्दा हामी निम्न कुराहरू परिलक्षित गर्न सक्छौं-

१. रामकृष्ण शर्माले कविहरूको प्रथम र दोस्रो श्रेणी गरी विभाजन गरेका छन् । उनको दृष्टिकोणमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, बालकृष्ण सम, भवानी भिक्षु र प्रेमराजेश्वरी थापा प्रथम दर्जाका कवि हुन् । माधव घिमिरे, केदारमान व्यथित, महानन्द सापकोटा, धर्मराज थापा, धरणीधर कोइराला आदिलाई दोस्रो श्रेणीका कविका रूपमा राखेका छन् ।

२. उनले जति कविहरूको श्रेणी विभाजन गरेका छन्, ती जम्मै तत्कालीन जीवितावस्थाका कविहरूको गरेका छन् ।

३. उनले नेपालका कविहरूको मात्रै विभाजन गरेका छन् । उनले दार्जिलिङका कुनै कविलाई दोस्रो दर्जासम्म पनि मानेका छैनन् ।

४. उनले श्रेणी विभाजन गुरुबाबुले विद्यार्थीलाई अङ्क दिएजस्तो गरी तौली तौली गरेका छन् ।

५. शर्माले कविको श्रेणी विभाजन गर्दा कवित्व शक्ति, भाव सम्प्रेषण, शाब्दिक चमत्कार, शाश्वत मूल्य आदिलाई प्रमुखता दिएका छन् ।

६. उनले जसजसलाई दोस्रो श्रेणीका कवि भनेर ठहऱ्याएका छन्, त्यसमा उनी सचेत रूपमा अडिग छन् र आफूले गरेको यस्तो श्रेणीगत वर्गीकरण गर्दा उनलाई कुनै पछुतो छैन भन्नेसमेत उल्लेख गरेका छन् ।

टेबल गफ नौ बैठक पुस्तकको नामले यो समालोचनाको नभएर टेबलमा गरिने गफ मात्र हो भन्ने उनको आशय देखिन्छ । कालिम्पोङको गम्फुज र दार्जिलिङको दिलखुशा होटेलमा साथीहरूसित बसेर टेबल गर्दा व्यक्त गरिएका विचारलाई अघि सारिएको छ। यसमा नौवटा लेख हुनाले यसलाई नौ बैठकको संज्ञा दिइएको छ। नौ पटक टेबलमा बसेर गफ गरेको कुराको अर्थ लाग्ने यस पुस्तकलाई विवेचना मान्न सकिन्छ । कुनै कृति वा कृतिकारमाथि आफूलाई लागेका धारणालाई व्यक्त गरेका छन् । गफ गर्दा धेरै कुरा निस्कन्छन् र ती गफलाई व्यवस्थित ढङ्गमा लिपिबद्ध गरी यसलाई पुस्तकाकार रूपमा प्रकाशित गरिएको छ ।

रामकृष्ण शर्माले पाश्चात्य समालोचनाका सिद्धान्तलाई आधार बनाएर समालोचना लेखेका हुन् । अङ्ग्रेजी साहित्यको प्रभावदेखि लिएर टाक्सिएको नेपाली कवितासम्म आइपुग्दा उनी नीतिपरक दृष्टिकोणभन्दा अघि बढेर सौन्दर्यपरक दृष्टि कृतिलाई केलाएर हेर्न सशक्त पद्धति नेपाली समालोचनामा भित्र्याएका हुन् । उनी आफ्नो जीवनकालमा नै लेखनीका कारण विवादमा पनि परेका थिए । त्यो उनको स्पष्टता, निर्भीकता, सेतोलाई सेतो र कालोलाई कालो भन्ने प्रवृत्तिले सिर्जना भएको थियो । टेबल गफ नौ बैठकमा पनि केही अर्घेला टिप्पणी भन्ने पदावलीले पनि केही नयाँ दृष्टिकोण, निर्भीकता बुझाएको छ । यसमा कतै व्यङ्ग्य पनि कसिएको पाइन्छ । टेबल गफ गर्दा कुरा जता पनि बग्छन् ।

टेबल गफ नौ बैठकभित्रका लेखहरूको विश्लेषण- जम्मा त्रिसट्ठी पृष्ठ रहेको यस सानो पुस्तकमा जम्मा नौवटा लेखहरू समावेश छन् । यसमा तीनवटा लेखहरू 'साहित्य स्पष्ट र अर्घेला टिप्पणी १/२/३, यहाँ हाम्रा 'इतिहासशिरोमणि खरदार बाबुराम आचार्य', 'साहित्यगोष्ठीप्रतिको विचार प्रतिको विचार', 'कला कलाका निम्ति उक्तिको छोटो विश्लेषण', 'कला जीवनका निम्ति उक्तिको छोटो विश्लेषण', 'टी टुटी ट्वाँट', 'एउटा स्पष्टीकरण' ।

पहिलो लेख साहित्यमा 'स्पष्ट र अर्घेला टिप्पणी १' देखि ३सम्म भिन्नाभिन्नै विषयमा लेखिएका छन् । यद्यपि पहिलो लेखमा नेपाली कविहरूको श्रेणी विभाजन गरिएको छ । उनको तर्क यसमा तत्कालीन जीवित नेपाली कविहरूको कृतिको आन्तरिक गुणका पहिलो र दोस्रो श्रेणीमा विभाजन गरिएको छ । यसमा पहिलो यी यी कविहरू पहिलो वा दोस्रो श्रेणीका हुन् भनेर लोक लाउँदा विद्वान्हरू त सोचमा पर्लान् अनि मूर्खहरू रिसाउलान् तर उनले कृतिको गुणवत्ताका आधारमा श्रेणी विभाजन गर्न धक नमानेको कुरा उल्लेख गरेका छन् । उनका अनुसार पहिलो श्रेणीका उत्कृष्ट

जीवित नेपाली कविहरूमा लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, प्रेमराजेश्वरी थापा र भवानी भिक्षु । यसैगरी दोस्रो श्रेणीका कविहरूमा श्री केदारमान व्यथित, श्री महानन्द सापकोटा, श्री माधवप्रसाद घिमिरे, श्री धरणीधर शर्मा, श्री चक्रपाणि चालिसे, श्री धर्मराज थापा, श्री गोपालप्रसाद रिमाल, श्री कुलचन्द्रगौतम । यीमध्ये पनि प्रथम श्रेणीमा दिन सकिने खालका कविहरूमा केदारमान व्यथित, गोपालप्रसाद रिमाल र धर्मराज थापालाई देखेका थिए ।

शर्माले यी दोस्रो श्रेणीका कविहरूका कवितामा यी यी कमजोरी देखेर दोस्रो श्रेणीमा राखेको उल्लेख गरेका छन्- केदरमान व्यथितका कवितामा दर्शनको गुजुल्टो भएर पाठकलाई बुझ्न कठिन पर्दछ । धर्मराज थापा ज्यादै हतारिएर कविता लेख्छन्, आफ्ना कवितालाई गीत गायनबाट ढाकछोप गर्छन् । उनको कविताको एउटै प्रेमराजेश्वरी थापाको झैं व्यक्तित्व झट्काने खालको हुँदैन । अझै कवितामा बाढ पुगेको छैन भन्ने किटान गरेका छन् । महानन्द सापकोटा, कुलचन्द्र गौतम र चक्रपाणि चालिसेका कवितामा कवित्वशक्तिको बाढ पुगे तापनि अझै केही कुरा अपुग छ, यो उमेरसम्म नपुगेको कवित्व अब अघि बढ्दैन भन्ने कुरा राखेका छन् । झन् धरणीधरशर्मा त दोस्रो श्रेणीमा पनि दर्‍याउन नसक्ने भए तापनि कुँदिएका र खारिएका कवि हुन् । उनी समयको खाँचो टार्ने कवि हुन् । धरणीधरले नेपाली कविता टाक्सिएको समयमा कविता लेखेका थिए । उनले हृदय भावालु र कवितामय भएका बलले कविता लेखेका हुन् । गोपालप्रसाद रिमालको ज्यामिर र सुन्तलाको कलम बाँधी फलाएको वासिङ्टन सुन्तलाको जस्तो हुन्छ भन्ने कुरा उल्लेख गरेका छन् । रिमाल गद्य कविताको प्रवर्तन गरेको कुरालाई अमेरिकाका गद्य कविता पद्धतिलाई ईंगित गरेका हुन् । अहिले (शर्माले लेखका बेला) रिमाल राजनीतिमा लागेर कविता लेख्नै छोडिदिएका छन् । अर्का भीमनिधि तिवारीमा कवित्व शक्ति भए तापनि पनि अझै केरा झैं गाँजिएको र दुबो झैं मौलिएको छैन भन्ने कुरा किटान गरेका छन् । त्यसपछि उनले यीबाहेक अन्य कवि पनि दोस्रो श्रेणीमा आउन सक्छन् । उनका दृष्टिकोणमा दार्जिलिङका कुनै कवि पहिलो त कुरै छाडौं, दोस्रो श्रेणीमा उक्लिन सकेका छैनन् ।

रामकृष्ण शर्माले आफ्ना विचारलाई तार्किक रूपमा पुष्टि गरेका छन् । उनका अनुसार जीवित कविहरूको श्रेणी विभाजन गर्नु कुनै नराम्रो कुरा होइन । यहाँ केही कुरा परिलक्षित हुन्छन्-

१. यहाँ लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, प्रेमराजेश्वरी थापा र भवानी भिक्षुलाई प्रथम श्रेणीमा राखेका छन् । शर्माका

समयमा चारजनाबाहेक प्रेमराजेश्वरी थापा र भवानी भिक्षुका कविता पत्रिकातिर देखिन्थे होलान् । अहिलको समयमा यी दुई कविहरूको खासै स्थान र चर्चा पाइन्न । त्यतिबेला कुन आधारमा यी पछिल्ला दुई कविलाई पहिलो दर्जाका कवि भनेर तोक लाएका हुन् । जो अहिले स्वीकार्य छैन ।

२. रामकृष्ण शर्माले लेख्दाका समयका माधवप्रसाद घिमिरेलाई समेत दोस्रो श्रेणीमा राखेका छन् । माधव घिमिरे आफ्नो उमेरको सयाधिक वर्षसम्म कविता लेखिरहे । उनका गौरी, कालीगण्डकी, राजेश्वरी, पापिनी आमा, यशोधरा, विषकन्या, मालती मङ्गले, हिमालवारि हिमालपारि, इन्द्रकुमारी, राष्ट्रनिर्माता, किन्नर किन्नरी आदिजस्ता महत्त्वपूर्ण काव्य लेख्नेलाई पनि दोस्रो श्रेणीमा राख्नु शर्माको तोक अहिले व्यर्थ र अर्धेलो विचार भएको छ । उनका कविता सुपाठ्य, लोकप्रिय र सर्वग्राह्य छन् । यद्यपि त्यति बेलाको माधवप्रसाद घिमिरेलाई दोस्रो श्रेणीको तोक पनि सही ठहर्छ ।

३. उनको विचारमा दार्जिलिङका कुनै कविलाई दोस्रो श्रेणीसम्म पनि मानेका छैनन् । उनले यो लेख लेख्दाका समयमा दार्जिलिङका कुनै कविलाई प्रथम र दोस्रो श्रेणीका पाएनन् । त्यतिबेला अगमसिंह गिरी पनि निश्चय उदाइसकेका थिए । उनलाई पनि शर्माले प्रथम र दोस्रो श्रेणीका कविका रूपमा दर्‍याउन सकेनन् । हुन पनि त्यति बेला दार्जिलिङबाट त्रिरत्नका जस्ता उत्कृष्ट कविता लेख्ने उनले पाएनन्, देखेनन् औ थिएनन् पनि ।

पुस्तकको दोस्रो लेख साहित्य स्पष्ट र अर्धेला टिप्पणी-२ मा हाम्रा कतिपय कविका कविता उत्कृष्ट र कतिपय निकृष्ट हुन्छन् भन्ने कुराको उदाहरण तोला र मनका भावमा बिक्री हुनुपर्ने भनेर तर्क पेश गरेका छन् । उनका विचारमा साहित्यिक मूल्यवत्ताका आधारमा कृतिको दरभाव हुनुपर्ने हो । अर्थात् छापिएका साहित्यिक पुस्तक जम्मै स्तरीय हुँदैनन् । त्यसमध्ये कुनै तोलाको भाव, कुनै मनका भावमा रहनेसरह बढी र कम गुणवत्ताको परख गर्न सक्नुपर्छ । शारदा पत्रिकाको सम्पादकीय धेरै मूल्यवान् र महत्त्वपूर्ण हुन्छ । यदि सम्पादकीय लेखहरू बटुलेर सङ्कलन गरेर एउटा पुस्तक निकाल्न पाए त्यसको छुट्टै महत्त्व हुने थियो भन्ने आशय पनि व्यक्त गरेका छन् । अझ यसमा तत्कालीन शारदा पत्रिकाको प्रत्येक अङ्कका सम्पादकीय उत्कृष्ट हुन्छन् भनेर मुग्धकण्ठले प्रशंसा गरेका छन् ।

पुस्तकको तेस्रो लेख साहित्यमा स्पष्ट र अर्धेला टिप्पणी- ३ मा भने माधवप्रसाद घिमिरेको शारदा पत्रिकामा शृङ्खलाबद्ध रूपमा प्रकाशित हुँदै आएको गौरी कवितालाई

रामकृष्ण शर्माले बडो रुचिका साथ व्याख्या विश्लेषण गरेका छन् । पछिबाट यिनै कविताहरूको एउटा संकलनका रूपमा गौरी खण्डकाव्यका रूपमा प्रकाशित भएको छ। शर्माले माधव घिमिरेलाई गौरीमा प्रकाशित पाँचवटा शृङ्खला कविताको प्रशस्त गुणगान गरेका छन् । घिमिरेका केही कविताका लहरमा राष्ट्रिय झण्डा कविता मात्र उच्च स्तरीय छ। गौरीका केही शृङ्खलामा कवितामा हुनुपर्ने सम्पूर्ण गुण विद्यमान छन् । भावगत सघनता सबै पक्षमा उत्तम भए पनि माधव घिमिरे भने दोस्रो श्रेणीका कवि हुन् भनेर नै तोकिदिएका छन् । यसमा माधव घिमिरेप्रति रामकृष्ण शर्माले पक्षपातपूर्ण दृष्टिकोण नै राखेका हुन् भन्ने स्वीकार्न सकिन्छ।

'इतिहासशिरोमणि खरदार बाबुराम आचार्य' भन्ने लेखमा इतिहासकार बाबुराम आचार्यको इतिहासको गहन अन्वेषणबारे समीक्षा गरिएको छ। बाबुराम आचार्यका शारदा पत्रिका, भानुभक्त स्मारक ग्रन्थ आदिमा प्रकाशित इतिहासका विभिन्न लेखहरूलाई शर्माले केलाउने काम गरेका छन् । यसमा 'सगरमाथा र झ्यामोलोङ्मा', तनहूँको सेनवंश, 'शिवशर्मा पण्डित भानुभक्त झ्यालखानामा ? नेपालका लिच्छवी राजाहरूको कालगणना', 'तिब्बतको शुद्ध जीव राजा र तिनको समयबारे चर्चा गरेका छन् । 'पुराना कवि र कविता' पुस्तकमा पनि बाबुराम आचार्यको इतिहासचेतना तथ्यान्वेषण, पारखकलाको प्रशंसा गरेका छन् । सूर्यविक्रम ज्ञवालीले 'नेपालका इतिहासमा अद्वितीय ज्ञाता'को तोक लाएकालाई समर्थन गरेका छन् । बाबुराम आचार्यले लिच्छवि राज्यको कालगणनामा परेको गज्याङगुजुङलाई समेटेर एउटा ठोस कालनिर्धारण गर्ने कम्मर कसेको तथ्यलाई ईंगित गरेका छन्। नेपालको इतिहास लेख्न विदेशीहरू भगवान्लाल इन्द्रजी, डा.जे.एफ. फ्लीट. प्रो.' सिलभ्या, डा. के. जयसवालहरूले लिच्छवि राजाहरूको दुई चार शिलापत्रको अध्ययन गर्न नसकेर भिन्नभिन्न किसिमका निर्णय प्रकट गरेका छन्, शिलापत्रमा लेखिएका संवत्हरूको संख्या गन्न भूल गरेका छन् अनि दोस्रो लिच्छवि राजवंशलाई ठाकुर वंश सम्झेर बहकिएका छन् । यसो हुँदा बाबुराम आचार्यले यसको अध्ययन मनन गरी सटीक कालनिर्धारण गरेका छन् । यस्तो काममा विदेशी इतिहासकारभन्दा स्वदेशी र स्वभाषी इतिहासकारहरू अघि सर्नुपर्दछ भन्ने रामकृष्ण शर्माले विचार व्यक्त गरेका छन् । बाबुराम आचार्यको तथ्यान्वेषण, गहन अध्ययन र सटीक निर्णय गर्न सक्ने क्षमता भएका इतिहासकार हुनाले उनलाई 'इतिहासशिरोमणि' को उपाधि दिएका हुन्।

टेबल गफको पाँचौं बैठकको अर्को लेख साहित्य गोष्ठीप्रतिको विचार भन्ने लेखमा साहित्यिक गोष्ठी आयोजना गर्नु कुनै औचित्य छैन भन्ने विचारलाई

तर्कसम्मत व्यक्त गरेका छन् । यसमा खास गरी साहित्य पठन, चिन्तन, मनन गरिने वस्तु हो । साहित्यगोष्ठीले साहित्यको उद्देश्य पूरा गर्दैन, बरु बाह्याडम्बरलाई प्रेरित गर्छ । साहित्य गोष्ठी भनेको कलाकारको सम्मानलोलुपता, करतालीको लालसा र निम्नकांक्षीय कीर्ति क्षुधाको पछि दौडने मानसिक कमजोरीको प्रदर्शन मात्र हुन्छ । साहित्यिक कला अन्य कलाजस्तो प्रदर्शनकारी हुँदैन । नर्तक वा गायक कलाकारले सम्मानित भएको देखेर साहित्यिक कलाकार पनि गोष्ठी आदि जस्ता कार्यक्रम गरेर यसैतर्फ लाग्नु उचित होइन । संगीतकला र नृत्यकलाको निम्ति गोष्ठी उपयुक्त हो तर साहित्यका निम्ति होइन । गोष्ठीमा साहित्यिक वास्तविक मर्म खुल्दैन, हल्का स्फुट खालका कमसल वा सामान्य कोटीका कविता कथा सुनाउन उपयुक्त हुन्छ तर उपन्यास, खण्डकाव्य, महाकाव्य जस्ता गम्भीर कृतिको पठन हुँदैन । अर्थात् गोष्ठीले साहित्यको बाह्य कुरा मात्र प्रदर्शन गर्छ । उनका विचारमा दुई चार साहित्यकार भेला भएर सस्तो खालको भावका कविता पाठ गर्दा एकछिनको मात्रको वाहवाही हुन्छ तर गम्भीर कवितामा त्यस्तो वाहवाही हुँदैन । यसले कवितालाई फ्यातुलो सतही भाव र अर्थका कविताले प्रश्रय पाउने बढी सम्भावना रहन्छ भन्ने धारणा व्यक्त गरेका छन् ।

अर्को लेख 'टी टुटी ट्वाँट' मा रहेको कुरालाई केही समीक्षकहरूले आ-आफ्नो अनुमानित अर्थका आधारमा विवेचना गरेका छन् । जस योञ्जन प्यासीले शर्माको यो लेखमा कवितामा अति प्रयोग गर्ने, जाँड-रक्सी खाएर अनर्थ कविता कोर्ने कविहरूलाई व्यङ्ग्य कसेका हुन् । पुस्तकको प्रकाशकीयमा महानन्द पौड्यालले दार्जिलिङका कतिपय कविहरूलाई व्यङ्ग्य कसेका हुन् भन्ने विचार व्यक्त गरेका छन् । यद्यपि इन्दबहादुर राईका विचारमा यसमा कसैलाई व्यङ्ग्य कसिएको छैन बरू मिकी माउसको डुडल डु कै परिपाटीको नेपाली कविताको प्रयोग गर्न खोजेका हुन् । अरूले दिइएका अर्थहरू केही सत्य होइनन् । रामकृष्ण शर्माको यो लेख प्रकाशित गर्दाको समय विचार्दा यसमा न कुनै आयामेली कविहरूलाई न कुनै जँड्याहा कविलाई व्यङ्ग्य कसेको हो ।

टेबल गफको छैटौं लेख 'कला कलाको निम्ति उक्तिको छोटो विश्लेषण' मा कलाका विभिन्न अर्थ लाग्न सक्छन् तर कलालाई अन्य विषयको भार बोकाउनु उचित होइन भन्ने विचार व्यक्त गरेका छन् । उनको विचारमा कला साध्य हो, साधन होइन । कलालाई अन्य विषयको भारी बोकाएर गरूँङ्गो बनाउनु हुँदैन । कलालाई आफ्नै स्वतन्त्रता दिनुपर्छ ।

'कला जीवनका निम्ति उक्तिको छोटो विश्लेषण निबन्धमा भने रामकृष्ण शर्माको

विचार निकै महत्त्वपूर्ण रहेको छ । उनी कलालाई जीवनको उपयोगका निम्ति मानेका छन् । यसमा कलालाई अरू विषय लादनुभन्दा जीवनोपयोगी बनाउन सकिन्छ । यसको आफ्नै सौन्दर्य, लक्ष्य र उपयोगिता हुन्छ । शर्माका विचारमा कलाले मानव जीवनलाई सहज, सार्थक र सुन्दर बनाउँछ । यसमा शर्माले कला र जीवनबारे आफ्नो वैचारिक मन्थन गरेका छन् । यसमा कला जीवनका लागि भन्ने मतलाई नै अघि सारेका छन् ।

'एउटा स्पष्टीकरण' भन्ने पुस्तकको अन्तिम लेखमा उनले नेपाली कविहरूको श्रेणी विभाजन गर्ने दुस्साहस गरेको कुरा उल्लेख गरेका छन् । उनले धरणीधर कोइरालाइलाई दोस्रो श्रेणीमा राखेको कुरालाई महत्त्व दिएर स्पष्टीकरण दिएका छन् । उनका विचारमा दोस्रो श्रेणीको दर्जा दिनु पनि कम श्रद्धाको कुरा होइन । अङ्ग्रेजी साहित्यका टेनिसन, ब्राउनिङ, ड्राइडेन, पोप, स्कट, वाल्टर डि ला मेर, आर्नोल्ड, कुपर, क्याब, डोन, मेरेडिथ, ब्रिजेस, कलरिज बाइरन किट्स्, शेली जस्ता कवि पनि दोस्रो श्रेणीमा गनिन आइपुग्छन् । त्यस्तै गरी धरणीधरका कवितामा साहित्य सेवा, समाज सुधार, देश प्रेम, हितोपदेश वचन आदिका आधारमा उनका काव्यगुणको विश्लेषण गरी जोख्दा उनलाई दोस्रो श्रेणीमा राखेको कुरा व्यक्त गरेका छन् । उनका विचारमा धरणीधर प्राकृतिक कवि होइनन्, उनका कवितामा प्रकृतिको करुणता र कोमलतासित लहसिएका प्रकृति प्रेमका कविता छैनन्, मानव जातिका हृदय कन्तुरको ताल्चा खोली त्यहाँ भएका विविध भावनालाई केलाई विविध प्रकारका मानसिक व्यथा र विकार, सुख शान्ति, उत्साह र उल्लास उच्छ्वासित गर्ने कवित्वशक्ति पनि धरणीधरमा पाइन्न । उनका कविता छोटा र सीमित छन् । लामा लामा वा काव्यमा बढाउन नसकिने खालका फुटकर कविता मात्र छन् ।

## ६. रामकृष्ण शर्माको समालोचनाको प्राप्ति र सीमा

नेपाली समालोचनाको परम्परामा रामकृष्ण शर्माको उदयपछि नयाँ मोड आएको हो । समालोचना भनेको यस्तो पो हुनुपर्दो रहेछ भन्ने कुरामा लेखक र समालोचकहरू सचेत हुनथालेका हुन् । उनको अङ्ग्रेजी साहित्यको प्रभाव भन्ने लेखमा तत्कालीन लक्ष्मीप्रसाद देवकोटा, लेखनाथ पौड्याल, धरणीधर कोइराला र बालकृष्ण समका कवितामा पाइने अङ्ग्रेजीको प्रभावलाई स्पष्ट्याई इंगित गरेका थिए । त्यतिबेलासम्म कृतिको सामान्य प्रभाववादी समालोचना लेखिन्थे । त्यस लेखदेखि मात्र समालोचना लेख्दा कृतिको कमजोरी पक्षलाई विशेष गरी लक्षित गर्ने चलन बसाए । उनले मनमा लागेको कुरा वा धारणालाई नै सत्य ठानेर त्यसकै भरमा कृतिको मूल्याङ्कन गरेका

पनि छन् । उनले आफ्नो निर्णयलाई नै सर्वोपरि ठानेका छन् । उनको निर्भीकता नै समालोचनाको सबल पक्ष हो भने आफ्नो अडान नै सत्य हो भन्ने कुरा नै उनको दुर्बलता हो । यद्यपि उनी साहित्यालोचनका गम्भीर अध्येता थिए । उनी अङ्ग्रेजीका प्रायः जसो कविता र समालोचना पढ्ने गर्दथे । पढेर त्यसबारे धारणा बनाएर त्यसका आधारमा समीक्षा गर्थे । उनको तर्कशील लेखनीले कृतिको समीक्षा गर्दा कहिले खरो पनि हुन्थ्यो । रामकृष्ण शर्माका कतिपय विचारलाई यदुनाथ खनाल, कुमार छेत्री आदिले खण्डन पनि गरेका छन् । कुमार छेत्रीले त रामकृष्णको कतिपय विचारलाई छुल्याइँसम्म भनेका छन् ।

## ७. मूल्याङ्कन र उपसंहार

रामकृष्ण शर्मा एक प्रखर समालोचक हुन् । उनको 'टेबल गफ नौ बैठक' एउटा उल्लेखनीय समालोचना कृति हो । यसमा नौवटा टेबल गफका नाममा नौवटा लेखहरू समावेश छन् । टेबलमा गफ गर्दा निस्किएका कुरालाई नै लिखित रूपमा उतारिएझैं प्रतीत हुन्छ । यसमा लेखकका मनमा लागेका कुरालाई प्रकट गरिएको छ । उनको समालोचनाको केन्द्र कविता बनेको छ भने कविहरूकै मूल्य निर्णय गरेका छन् । उनी मूलतः म्याथ्यु आर्नोल्डको मूल्य निर्णयका पक्षधर देखिन्छन् । रामकृष्ण शर्मा कवितामा शाश्वत चिन्तन, मूल्यवत्ताको निर्णय गर्ने समालोचक हुन् । उनको प्रसतुत पुस्तक पनि कविताको शाश्वत मूल्य, कलाको सर्वाङ्गीण पक्षको चिन्तनमा लेखिएको हुँदा कतिपय जीवित अवस्थामा रहेका कविहरूलाई पनि पहिलो र दोस्रो श्रेणीको भनेर वर्गीकरण गरेका हुन् ।

## सन्दर्भ-ग्रन्थ


१. महानन्द पौड्याल, विचरण आफ्नै क्षितिजभित्र, गान्तोक आकाशदीप प्रकाशन, १९८८ ।

२. डा. शान्ति छेत्री, नेपाली समालोचना साहित्यमा रामकृष्ण शर्माको योगदान, गान्तोक, त्रिनेत्र इन्टरनेसनल प्रकाशन, १९१२ ।

३. फणीन्द्र नेपाल, रामकृष्ण शर्मा कृति अधीति र अभिवीक्षा, दार्जीलिङ, २०४६ ।

# मलाई चकित तुल्याएको पुस्तक 'पूर्वीय सभ्यता'



आचार्य लक्ष्मण भण्डारी

पूर्वीय दर्शनले हामीलाई गणित नसिकाएको भए वैज्ञानिक आविष्कार सम्भव थिएन- अलबर्ट आइन्स्टाइन

हामी जुन भूमिमा बसेका छौं, त्यो सामान्य भूमि होइन । जुन संस्कार, संस्कृति, मूल्य, परम्परा र पहिचान छन् हामीसँग, ती पनि असामान्य र अति विशिष्ट छन् । हाम्रा ऋषिमनीषि, आचार्य एवम् पूर्वजहरूले जुन साधना, तपस्या र योगबलका आधारमा विशिष्ट ग्रन्थ, पुराण र वैदिक दर्शनको रचना गरेका छन्, वास्तवमा त्यो दर्शन हामी पूर्वीयहरूका लागि मात्रै होइन, सारा दुनियाँका लागि अपरिहार्य र अति आवश्यक रहेछ भन्ने कुरा समयक्रमसँगै स्पष्ट हुँदै आएको छ । जुन पश्चिमी सभ्यताको आज विकास भएको छ, त्यो सभ्यता विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने महान् चिन्तक, साहित्यकार, वैज्ञानिक र दार्शनिकहरूले पूर्वीय मूल्य र वाङ्मय नै पश्चिमी विकासको आधार हो भन्ने कुरा स्पष्टसँग बताएका छन् । उनीहरू पूर्वीय सभ्यताप्रति यति नतमस्तक छन् कि हामी कल्पनासम्म पनि गर्न सक्दैनौं ।

महान् वैज्ञानिक अल्बर्ट आइन्स्टाइनले भनेका छन् :- *' We owe a lot to the Indians who taught us how to count, without which no worthwhile scientific discovery could have been made',* अर्थात्, हामी पूर्वीयहरूप्रति चिर ऋणी छौं, किनकि उनीहरूले हामीलाई गणित सिकाए, त्यसका अभावमा कुनै पनि सार्थक प्रकृतिको वैज्ञानिक आविष्कार गर्न सकिने थिएन । अल्बर्ट आइन्स्टाइन पश्चिमी सभ्यताका अत्यन्त श्रद्धेय व्यक्तित्व मात्र नभएर सारा विश्वका लागि अत्यन्त सुपरिचित प्रेरणास्रोत पनि हुन् । उनको यो भनाइले के बुझाउँछ भने आज विश्वमा विकास भएको गणित र वैज्ञानिक आविष्कारको मूल पूर्वीय सभ्यता नै रहेछ ।

फ्रेडरिक भोन सेलेगल प्रसिद्ध जर्मन लेखक, दार्शनिक एवम् जर्मन स्वच्छन्दतावादका संस्थापकमध्ये एक हुन् । उनी संस्कृत भाषा र पूर्वीय भारतवर्षको

प्रशंसा गर्दै भन्छन् - *There is no Language in the world, even Greek, which has the clarity and the philosophical precision of Sanskrit . Indian civilization is not only at the origin of everything, she is superior in everything, intellectually, religiously or politically and even the Greek heritage seems pale in comparison* – अर्थात् *'यो विश्वमा संस्कृत भाषा जस्तो नियमनिष्ठता र दार्शनिक सुस्पष्टताले युक्त अन्य कुनै भाषा छैन, ग्रीसेली पनि छैन । यसरी, हेर्दा यी महान् भारत वर्ष प्रत्येक कुराको उद्गमस्थल मात्र होइनन्, तिनी हरेक कुरामा श्रेष्ठ छिन् : "बौद्धिक, धार्मिक, राजनैतिक सबै दृष्टिले उच्चतर छिन्, तुलना गरी हेर्ने हो भने महान् ग्रीसेली परम्परा पनि भारतवर्षका लागि निस्तेज लाग्दछ ।"*

हामी सबैले जाने पढेका महान् अमेरिकी लेखक, निबन्धकार, प्राध्यापक एवम् अन्तर्ज्ञानवादी (ट्रान्सेन्डेन्टालिस्ट) आन्दोलनका अगुवा राल्फ वाल्टो इमर्सनले भनेका छन्, *'The Vedas hunt me . In them I have found enternal compensation, unfathomable power, unbroken peace'* अर्थात् *"वेदहरूले मलाई पछ्याइरहन्छन् । तिनमा मैले अनन्त अनुकम्पा, अगम्य शक्ति र अविच्छिन्न शान्ति प्राप्त गरेको छु ।"*

हाम्रा वेदहरू कति शक्तिशाली रहेछन् भन्ने जान्नका लागि इमर्सनको यही भनाइ पर्याप्त छ । वेद मात्रै होइन, गीताका बारेमा पनि विशिष्ट पश्चिमी चिन्तकहरूले यसरी नै प्रशंसामा शब्दहरू खर्च गरेका छन् । हेनरी डेभिड थोरोले त गीताका तुलनामा आधुनिक जगत् तुच्छ लाग्नेसम्मको विचार व्यक्त गर्दछन् । उनी भन्छन् *"In the morning I bathe my intellect in the stupendous and cosmogonal philosophy of the Bhagvat Gita, in comparison with which our modern world and its literature seem puny and trivial"* अर्थात् *"प्रत्येक बिहान म आफ्नो विचारशक्तिले भगवद्गीताको भव्य र विश्वोत्पत्ति विषयक ब्रह्माण्ड दर्शनमा स्नान गर्दछु । त्यतिखेर यसका तुलनामा आधुनिक जगत् र यसको साहित्य अत्यन्तै निरीह र तुच्छ लाग्दछन् ।"*

प्रसिद्ध अङ्ग्रेजी उपन्यासकार एल्डौस हक्स्ले पनि गीताबाट अत्यन्तै प्रभावित छन् । उनले लेखेका छन् - *The Bhagavad Gita is the most systematic statement of spiritual evolution of endowing value to mankind . The Gita is one of the clearest and most comprehensive summaries of*

*spiritual thoughts ever to have been made.'* अर्थात् *"भगवद्गीता आध्यात्मिक साहित्यको अत्यन्तै व्यवस्थित विवरण हो । मानवजातिका लागि यो चिरस्थायी महत्त्वको रत्न हो, अर्थात् यो आजसम्ममा निर्मित आध्यात्मिक सारतत्व बोकेको सर्वाधिक स्पष्ट र व्यापक आध्यात्मिक सारांश हो ।"*




अणुबमका पिता भनेर चिनिने विश्वप्रशिद्ध महान् भौतिकशास्त्री जुलियस रोबर्ट ओपनहाइमरले गीताकै बारेमा भनेका कुरा पनि त्यत्तिकै महत्त्वपूर्ण छ । उनकै शब्दमा : *'The juxtaposition of western civilization's most terrifying scientific achievement with the most dazzling description of the mystical experience, given to us by the Bhagavad Gita, India's greatest literary monument.'* अर्थात् *"भारतवर्षको महान् साहित्यिक निधि भगवद्गीताले हामीलाई प्रदान गरेको रहस्यपूर्ण अनुभूतिको चकित पार्ने वर्णनका सान्निध्यमा राख्दा पाश्चात्य सभ्यताको महान् वैज्ञानिक उपलब्धि पनि अत्यधिक भयप्रद लाग्दछ ।"*

हामी बसेको भूमि जसलाई हामीले खासै महत्त्व दिँदैनौं, हाम्रा पूर्वजले छोडेर गएका सभ्यता, मूल्य र संस्कारलाई भुलेर सम्पूर्णरूपमा पश्चिमी सभ्यता र संस्कृतिलाई अपनाउन मन पराउँछौं, त्यही पश्चिमी जगत्का यी एकसे एक हस्तीले भने आफ्ना मूल्य र सभ्यतालाई हाम्रो पूर्वीय सभ्यताको तुलनामा निस्तेज फिलिङ्गो मान्छन् । माथि नाम उल्लेख गरेका विद्वान् मात्रै होइनन्, त्यस्ता सुप्रसिद्ध दर्जनौं चिन्तकहरूले पूर्वीय सभ्यताको मुक्तकण्ठले प्रशंसा गरेका छन् ।

भोल्टेयर, विलियस वर्डस्वर्थ, सोपेनहावर, मार्क ट्वाइन, जर्ज बर्नाड सा, हर्मन हेस्से, रोमा रोलाँदेखि लिएर बाराक ओबामासम्मले पूर्वीय दर्शन, साहित्य, ग्रन्थ र संस्कारप्रति गहिरो आस्था प्रकट गर्दै उच्च प्रशंसा व्यक्त गरेका छन् ।




यी विशिष्ट हस्तीले हाम्रो सभ्यताप्रति व्यक्त गरेका विचार यदि पढ्ने र स्मरण गर्ने चाहना उत्पन्न भयो भने के गर्ने त ? यसको एउटै जबाफ हो : 'पूर्वीय सभ्यता' नामक पुस्तकको अध्ययन, किनकि यसरी प्रकाशित पुस्तक भारत र नेपालसहित सम्भवतः विश्वमै अर्को छैन। प्रस्तुत पुस्तक नेपाली मूलका प्रसिद्ध भारतीय लेखक, पत्रकार एवम् चिन्तक सलील ज्ञवालीको सम्पादनमा नेपाली भाषामा प्रकाशित भएको छ। त्यसो त प्रस्तुत कृति अङ्ग्रेजीमा 'ग्रेट माइन्डस अन इन्डिया' नामले पहिल्यै प्रकाशित भएर विश्वभरि लाखौं पाठकको हातमा परिसकेको छ। अङ्ग्रेजी र नेपालीमा मात्रै होइन, हिन्दी, तामिल, तेलगू, गुजराती, मराठी, कन्नडजस्ता अन्य भाषामा पनि यो पुस्तक प्रकाशित भएको छ।

नेपाली भाषामा प्रकाशित प्रस्तुत 'पूर्वीय सभ्यता' को नेपालीमा अनुवाद भने अनुवाद अध्ययनमा नै विद्यावारिधि गर्ने प्रथम नेपाली, प्राध्यापक डा.गोविन्दराज भट्टराईले तीन वर्षको समय खर्चिएर गरेका हुन्।



लेखक सलील ज्ञवाली उत्तरपूर्वी भारतको सिलाङमा जन्मेहुर्केका उच्चशिक्षित चिन्तक हुन्। उनका पिता कृष्णप्रसाद ज्ञवाली पनि प्रसिद्ध चिन्तक नै थिए। उनै चिन्तकका सुपुत्र सलीलको पूर्वीय वाङ्मयप्रति अतीव उच्च श्रद्धा र अध्यन रहेको छ। उनी आफ्नो मूल्य, सभ्यता र

जीवनदर्शनको सुरक्षा गर्न सदा अग्रसर रहने लेखक हुन् । प्रस्तुत कृति उनको यस्तै रुचिको परिणति हो ।

प्रसिद्ध फिलिपिनी कवि एवम् लेखिका श्रीमती मेरिया क्रिस्टिना बेजारले पूर्वीय सभ्यतालाई आफ्नै घरमा अपमानित तर टाढाटाढा सम्मानित ज्ञान भनेर भनेकी छिन् । प्रस्तुत कृतिबारे आफ्नो धारणा व्यक्त गर्दै क्रिस्टिना अगाडि लेख्छिन्- सलील ज्ञवालीको प्रस्तुत कृति प्रातःकालको भालेको डाँको सरी एक उद्‌बोधन हो, जसले भविष्यका नवाङ्कुरहरूमा भारतवर्षको वास्तविक सौन्दर्य अर्थात् ज्ञान र अपार आध्यात्मिक अनन्तताको बोध निश्चय गराउनेछ ।

हामी टाढाटाढा नयाँनयाँ सभ्यताको खोजीमा, विकास र मूल्यको खोजीमा भौँतारिन्छौँ, तर आफ्नै आँगनका जनक, राम, वाल्मीकि तथा बुद्धलाई देख्दैनौँ, आफ्नै मूल्य दर्शनको अपमान गर्दै पराइका दर्शन र मूल्यका दास भएर त्यसैअनुसारको दर्शनका अभ्यासी बन्दछौँ । उनै फिलिपिनी लेखिका हाम्रो यो पारा देखेर भन्छिन्, 'जबजब म पूर्वीय सभ्यताका अनुयायीहरूलाई आफ्नै वैभवशाली अतीतबाट प्राप्त भएको, आफ्नै पवित्र भूमिबाट निःसृत ज्ञानभण्डारबारे अनभिज्ञ भएको देख्छु, त्यसबेला म सारै विचलित र व्याकुल हुन्छु । मैले मुस्किलले मात्रै त्यस्ता पूर्वीय मानिसहरू देखेकी छु, जसले आधुनिक शिक्षा हासिल गरेका र भगवद्‌गीताको अध्ययन गर्दै त्यसप्रति श्रद्धा प्रकट गरेका होऊन् । ' क्रिस्टिनाको यो भनाइ साच्चै नै यथार्थ हो ।

हामीलाई मार्क्सवाद थाहा छ, लेनिनवाद र माओवाद पनि थाहा छ, तर हामीदेखि धेरै टाढा बस्ने विदेशीलाई थाहा भएको गीताको दर्शन के हो, त्यो थाहा छैन, वेद र पुराण के भन्छन्, थाहा छैन ।

सलील ज्ञवालीले हामी सबैलाई आफ्नो बारेमा विश्वका एकभन्दा एक अति विशिष्ट महामनीषिहरूले जानेका कुरालाई जान्न भनेर दिव्य 'पूर्वीय सभ्यता' नामक पुस्तक उपहारमा दिएका छन् । यसको अध्ययन गरी अल्बर्ट आइन्स्टाइनदेखि लिएर बाराक ओबामासम्मले हाम्रा बारेमा मुक्तकण्ठले व्यक्त गरेका धारणाहरू थाहा पाई यसको अनुसरण, संरक्षण र सम्वर्धनमा समेत क्रियाशील हुनु हाम्रो कर्तव्य हो ।

हामी को हौँ, हामीलाई मान्छेले कसरी सोचेका छन् र मूल्याङ्कन गरेका छन् भन्ने कुरा 'पूर्वीय सभ्यता' नपढी थाहा हुनै सक्दैन । प्रसिद्ध मनोविद् कार्ल गुस्ताव जुङले 'पाश्चात्य ब्रह्मविद्या भनेको पूर्वकै अप्रवीण अनुकरण मात्रै हो भन्ने तथ्यलाई हामीले अझै बुझ्न सकेका छैनौँ भनेर आफ्ना मान्छेहरूलाई भनिरहेका छन् ।

प्रस्तुत पुस्तकको मूल अङ्ग्रेजी संस्करण भारतको पेन्गुइन बुक्सले प्रकाशित गरेको हो । प्रस्तुत कृतिलाई लेखकले आफ्नो स्वदेशप्रतिको अगाध प्रेमका रूपमा लिएका छन् । कृति हेर्दा सानो छ, तर यसका लागि लेखकले ठुलो श्रम र समयको लगानी गरेका छन् । सन् १९८६ देखि ९८ सम्म उनी यसका लागि डुबेर लागेका थिए।

लेखकले पूर्वीय सभ्यता हामी पाठकका लागि तायार पार्दै अनुरोध गरेका छन् : यो ब्रह्माण्ड विज्ञानविषयक ज्ञानको अनन्त भण्डार, यो अकल्पनीय श्रेष्ठतालाई विश्वविख्यात वैज्ञानिक, लेखक, कवि, चिन्तक, साहित्यकार, राजनीतिज्ञ आदिले प्रकट गरेका धारणाहरूले प्रभावित भएर हामी आफ्नै गौरवशाली अतीतको वेद, गीता, उपनिषद्, पुराण आदिले निर्देशित गरेको एउटा अकल्पनीय विश्वतिर पुनर्भ्रमण गर्न सकौँ र हाम्रा ह्रासोन्मुख सभ्यतालाई पुनः प्रकाशित गर्न सकौँ ।

चिल्ला पृष्ठहरूमा रङ्गीन कलेवरमा प्रकाशित कुल १६३ पृष्ठको पुस्तक 'पूर्वीय सभ्यता'लाई ओरियन्टन पब्लिकेसनले बजारमा ल्याएको छ । सबै पुस्तक पढेर पनि यदि यो पुस्तक विशेष गरी पूर्वीय सभ्यतामा हुर्केबढेका र पढेका कुनै पाठकले पढ्न बाँकी छोडे भने सम्झनुपर्छ उनले आफूलाई चिन्न र जान्न धेरै ढिलो गर्नेछन् वा सधैँका लागि पछि पर्नेछन् ।

पुस्तकमा सङ्कलित महान् मनीषिका विचारले हामीलाई आफ्ना मूल्यप्रति एक पटक गहिरिएर सोच्न अवश्य बाध्य पार्छन् । 'भारतवर्षले हाम्रो चेतनाको द्वार खोलेको मात्र होइन, अपितु यसले आफ्ना धार्मिक कृतिहरूका सहयोगले नैतिक परिकल्पनालाई पनि बिस्तृत गराइदिएको छ ।' भनेर बाराक ओबामाले भनेका कुरा सुन्दा र 'पूर्वीय जीवनपद्धतिले जीवनको प्राकृतिक एवम् वास्तविक दर्शन प्रस्तुत गर्दछ । हामी पश्चिमेलीहरू अस्वाभाविक मुखुन्डाहरू भिर्दछौँ । भारवर्षको मुहारमा त्यस्ता कोमल अभिव्यक्ति छन्, जसले स्वयम् स्रष्टाका हातको चिह्न बोकेका हुन्छन् । ' भनेर जर्ज बर्नाड साले भनेको थाहा पाउँदा पूर्वीय सभ्यताका अनुयायीलाई साँच्चै नै अपार हर्षबोध हुन्छ, पुस्तकमार्फत । पूरै आनन्दका लागि त पुस्तक नै पूरै नपढी हुँदैन । यो शिलाँग निवासी लेखक श्री सलील ज्ञवालीको अथक परिश्रमको फल हो जसले सबै भारतीयहरूको मात्र नभएर विश्वकै आँखा खोल्ने काम गरेको छ । सोरह भाषाहरूमा अनूदित यो पुस्तकको भूमिका लेख्नुहुने नासाकै विश्वविख्यात वैज्ञानिक प्रोफ. कम्लेश लुल्ला हुनुहुन्छ । यसका अमूल्य औ अनुपम कृतिका लागि ज्ञवाली-जीको नाममा कृतज्ञता, धन्यवाद र आभारका लागि जति शब्द प्रयोग गरे पनि थोरै हुन्छन् ।

# वरिष्ठ नारी स्रष्टा मातृका गजमेर श्रेष्ठको छोटो परिचय



गङ्गा अभिलाषी

वर्तमान युग प्रविधिको युग। हातैमा संसार अटाएको छ। जुरुक्क उठ्ने बित्तिकै धेरैले मोवाइल हेरिहाल्छौं। यसै अवस्थामा म पनि रमाएकी छु। म भने केही समयदेखि सात समुद्र टाढा भएकी छु। सङ्गतको फल समयले साथ दिएसम्म लेखपढ गर्न मन पराउँछु। यसै क्रममा आदरणीय भागवत गीताज्ञान गुरु डा.बाबुराम ज्ञवालीज्यूले खोल्नुभएको 'पौरस्त्य समाज' मेसेञ्जर ग्रुपमा 'हाम्रो पुरुषार्थ' पत्रिकाको आगामी अंक भारतीय नेपाली विशेषांक भएकोले सबै साथीहरूलाई रचना दिन आह्वान गर्छु' पढ्दा मन फुरुङ्ग भयो। यस विषयमा स्पष्ट जानकारी यसै संस्थाका सम्पादक आदरणीय शशि पन्थी सरसँग लिएँ। मेरो भारतीय स्रष्टा सर्जक कलाकार बहुविधाका धनी शिलगुडी निवासी आदरणीय स्रष्टा मुक्ति बराल दाजु, नारी स्रष्टा मातृका गजमेर श्रेष्ठ दिज्यू र नेपालका सुपरिचित लेखक विज्ञ डा. यमबहादुर पौडेलसँग परिचय भएकोले उहाँहरूलाई पनि सूचना आदन प्रदान गरिदिएँ। साथै पाल्पा निवासी स्रष्टा कवि गोमविक्रम थापा भाइलाई पनि सूचना दिएँ।



यसै क्रममा मलाई आफ्नै वर्गकी परिचित भारतीय वरिष्ठ नारी स्रष्टा मातृका गजमेर दिज्यूको विषयमा लेख्न मन लाग्यो। उहाँ भैरहवा निवासी मेरो जेठानी दिदी आशा गजमेर गहतराजकी दिदी हुनुहुन्छ। आदरणीय नारी स्रष्टा उहाँको विषयमा स्रष्टा स्व.जगदीश घिमिरेको मदन पुरस्कार 'अन्तरमनको यात्रा' पुस्तकमा उहाँको दिवङ्गत जेठो दाजु कृषि विज्ञ कमलको छोटो आयुमा कसरी देहावसान भयो र बहिनी मातृका काठमाडौं बस्ता के कस्तो समस्या भेल्न पऱ्यो पढेकी थिएँ साथै उहाँले नारी स्रष्टाहरूसँग अन्तर्वार्ता गरेको एउटा पुस्तक ७/८ वर्षअगाडि जेठानी दिदी पढ्न पाएकी थिएँ।

यस कृतिमा मदन पुरस्कार विजेता पारिजातको पनि अन्तरवार्ता थियो । यो पुस्तक पढेपछि पश्चिम बङ्गाल शिलगुडी सुकुना निवासी नारी स्रष्टा दिजूसँग एकदिन अवश्य भेट्नेछु किनभने मेरो सानो दाजु प्रकाश रसाइलीको घर काकरभित्तामा छ। त्यहाँ गएको समय दाजुलाई लिएर भेट्न जान्छु। फेरि उहाँ मेरी कान्छी भाउजू इन्दिरा गजमेरको फूपू पनि हुनुहुन्छ। संयोग 'तँ चिता म पुऱ्याउँछु भैँ' भने २०७४ (सन् २०१८) मा आशा दिदी उहाँको भाइ मुकेश गजमेरको छोरा (भदा) दीपेशको बिहेको निम्तो पाएँ। बिहेको निम्तोमा काठमाडौँ गएँ। त्यहाँ भेट्न मन भएको आदरणीय नारी स्रष्टासँग भेट भयो। यो बिहे पार्टीमा गायक आनन्द कार्की, पञ्चायत युगका जल्दाबल्दा गायक स्रष्टा गणेश रसिक, अनेसास नेपालका अध्यक्ष राधेश्याम लेकालीसँग पनि स्वयम् परिचित भएकी थिएँ। समय आफ्नै गतिमा बगिरह्यो। प्रविधिको युग समयले साथ दियो। अनि गुल्मीबाट प्रकाशित हुन गइरहेको 'हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क १०५ भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्को निमित्त आदरणीय भारतीय नारी स्रष्टा मातृका गजमेर दिज्यूको बायोडाटा मागेँ। सोहीअनुसार परिचय लेख्ने जमर्को गरेँ।

माता स्व. लीलावती पिता स्व. मानवीर गजमेरकी माइली सुपुत्रीको जन्म नेपालको पूर्वी जिल्ला रमणीय स्थल इलाममा सन् १/७/१९४५ वि.सं.२००२ सालमा भएको हो। शिक्षा- बी.ए., बी.एड., एम.ए. नेपाली भाषा साहित्य। जीवन वृत्त- मिठाइडाँडा रेणुका कन्या उच्च विद्यालय तीनधारे खर्साङ पश्चिम बङ्गाल भारत, (अवकाशप्राप्त प्रधान शिक्षिका)

**साहित्य पथ- विद्यार्थीकाल**

**प्रकाशित कृतिहरू-**

१- नारी स्रष्टाहरू: अन्तरवार्ताहरूमा-सन् २०००
२- नारी स्रष्टाहरू: अन्तरवार्ताहरूमा-सन् २०१०
३- अन्तराल कविता-सङ्ग्रह-सन् २०१७
४- स्मृति- आलोकमा विनिता सिंह- सन् २०२०
५- सम्वाद र सन्दर्भ- सन् २०२१
६- नारी स्रष्टाहरू: अन्तर्वार्ताहरूमा-सन् २०२२

**साहित्यिक संलग्नता**

१- 'भानु' साहित्यिक मासिक पत्रिका, काठमाडौँ (प्रतिनिधि सम्पादक दार्जिलिङ, वि.सं. २०४९-२०७३)
२- 'वसुधा' भारतीय नेपाली नारी साहित्य मञ्च, संस्थापक सदस्य
३- शिवकुमार राई स्मृति अकादमी खर्साङ् आजीवन सदस्य

४- 'गार्गी शक्ति' महिला प्रधान पत्रिका (मञ्जुला गिरी सम्पादित, काठमाडौँ नेपाल) प्रतिनिधि दार्जिलिङ, वर्ष दुई।
५- सल्लाहकार सदस्य- 'परिद्रष्टा' खर्साङ, रचना, अनाकार सम्पादित।
६- सुकुना साहित्यिक सांस्कृतिक संस्थान- सदस्य, दीयो, भानु, सौगात, गार्गी गरिमा, सुनचरी, हाम्रो संस्कृति प्रतिष्ठान, स्वर्णभूमि, हिमालय दर्पण आदि धेरै पत्रपत्रिकामा रचना प्रकाशित भएका छन्।

**पुरस्कार तथा सम्मान** : मानव उत्थान सेवा समिति सुकुना, अगमसिंह गिरी सम्मान सुलुवा कलकत्ता, भानुभक्त साहित्य पुरस्कार जी टी ए दार्जिलिङ। अरू स्थानीय क्याफे द टुव्विन्स पुस्तक मेला आदि रहेका छन्। हाल ७९ वर्षीय वरिष्ठ स्रष्टा दुई सन्तानकी आमा, स्वस्थ्य जीवन, तीर्थयात्रा तथा पाएसम्म नयाँ पुस्तकहरू पढेर समय व्यतीत भएको छ। हाल शिवनगर, सुकुना १ दार्जिलिङमा उहाँको बसोबास रहेको छ।



# मुक्तक



सीतादेवी

(१)
माथि छ नीलो आकाश,
धरतीमा उज्यालो प्रकाश।
चारैतिर छ सुगन्धित बतास,
हुनु नपरोस् कोही पनि हतास।।

(२)
जिन्दगी छ हाम्रो दामी,
अगिभन्दा अगि बढ्छौँ हामी।
गर्नेछैनौ कसैको पनि गुलामी,
इतिहास साक्षी छ परिश्रम गरेर नै
खान्छौँ हामी।।

(३)
आँखामा छन् धेरै धेरै आशा,
निरन्तर सूक्ष्म विचारधाराको
अभिलाषा।
सृष्टिको
कठिन बाटोमा
छन् धेरै
धेरै भरोसा,
जिन्दगी बनोस् हाम्रो सत्य र
स्वच्छताको अटुट बन्धन।।

(४)
सपना जब साकार बन्छ,
कल्पना जब वास्तव हुन्छ,
हृदयमा जब विश्वास बढ्छ,
हेर साथी,
संसारमा हाम्रो माया दरिलो हुन्छ।।

लखिमपुर, आसाम।

# दार्जिलिङ र साहित्यकार डा. गीता क्षेत्री



पुष्कर अथक रेग्मी

नेपाल र भारतबिच भौगोलिक, सामाजिक, साँस्कृतिक, वैवाहिक, आर्थिक, राजनैतिक, शैक्षिक एवं साहित्यिक सम्बन्धहरू सदियौँदेखि हुँदै आएका छन्। भारतमा भारतीय नेपाली नागरिकहरूका लागि नेपाली भाषा संवैधानिक रूपमै मान्यता प्राप्त क्षेत्रीय भाषाको रूपमा रहेको छ। नेपाल भारतबीचको खुला सिमाना र मैत्री सम्बन्धले गर्दा नै दार्जिलिङ, डुबर्स, सिलाङ, सिलगढी, मिजोरम, नागाल्याण्ड, सिक्किम, मेघालय मणिपुर, मसुरी, त्रिपुरा, नैनीताल, पञ्जाव, नयाँदिल्ली, देहरादून, गढवाल, हरिद्वार, बनारसलगायतका भारतीय भूमिमा नेपालभाषीहरूको बसोबास रहँदै आएको छ।

वि.सं.१८३६/१८३७ अघिसम्म दार्जिलिङ सिक्किम भूभागमा थियो। पूर्वमा टिष्टा नदीसम्म नेपालको आफ्नो भूभाग भएको बेलामा दार्जिलिङ नेपालको भूगोल एवं ऐतिहासिक मानचित्रभित्रमा समेटिएको थियो। पछि सुगौली सन्धिअनुसार दार्जिलिङ भारतमा पर्न गयो। दार्जिलिङ र मेची खुला सिमाना भएकोले दुबैतर्फ सजिलै आवतजावत हुन्थ्यो। दार्जिलिङमा चिया खेतीको थालनी भएसँगै पूर्वी नेपालका नेपालीहरू पनि सामाजिक, आर्थिक एवं राजनीतिक कारणले बाहिरिँई दार्जिलिङ भूमिमा बस्न थाले। यही क्रममा दार्जिलिङमा नेपालीपन, नेपाली भाषा, कला संगीत र साहित्यको क्षेत्रमा चहलपहल बढ्दै गयो।



ब्रिटिस शासनकालमै सन् १९२४ मे २५ मा दार्जिलिङमा 'नेपाली साहित्य सम्मेलन' नामक साहित्यिक संस्था खुल्यो। जसको उद्देश्य नेपाली भाषा साहित्यको उन्नयन गर्नु थियो। जस्मा नेपाल, भारत, इष्ट इण्डिया कम्पनी र बेलायती नागरिकहरूसमेत आबद्ध थिए। नेपाली साहित्य सम्मेलनले भानुभक्तको 'वधूशिक्षा', मोतीराम भट्टको 'भानुभक्तको जीवन चरित्र' र

धरणीधर कोइरालाको कविता 'नैवेद्य' प्रकाशित गरी दार्जिलिङबाट साहित्य प्रकाशनको शुभारम्भ गरेको थियो । जुन संस्थाले सन् २०२४ मा आफ्नो शतवार्षिकी समारोह भव्य र सभ्य रूपले विशेष कार्यक्रमहरूको आयोजना गरी मनायो ।

नेपाली साहित्य सम्मेलनले वि.सं. २००६ सालमा नेपाली जातीय कवि रामायणका रचयिता भानुभक्त आचार्यको शालिक दार्जिलिङमा प्रतिष्ठापित गरेको छ । जस्ले नेपालीहरूलाई विश्वमै गौरवान्वित बनाएको छ ।

नेपाली भाषा साहित्यको इतिहास खोतल्दा कुनै समय दार्जिलिङ नेपाली भाषा, कला, संगीत र साहित्यको केन्द्रविन्दु नै रहेको थियो । त्यतिबेला दार्जिलिङले दार्जिलिङ मात्र होइन नेपाली र सिङ्गो भारतेली नेपालीहरूलाई डोऱ्याइरहेको थियो । फलतः वर्तमानमा पनि दार्जिलिङ नेपाली भाषा, कला, संगीत र साहित्यको उर्वर भूमिको रूपमा रहदै आएको छ । नेपाली मन र मौलिक पनका धनी दार्जिलिङ निवासी नेपाली भाषीहरू भारतीय भूमिमा रहेर पनि नेपाली भाषा र साहित्यको संरक्षण सम्वर्धन र प्रवर्द्धनमा लागिपरेको छन् ।

दार्जिलिङका नेपाली सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधान नेपाली वाङ्मयको आकाशमा 'सूधपा' को नामले अद्यावधि प्रतिष्ठापित रहेका छन् ।

इन्द्रबहादुर राई, लैनसिंह वाङ्देल, हरिभक्त कटुवाल, गुमानसिंह चाम्लिङ, राजनारायण प्रधान स्थापित साहित्यकार हुन् । 'शिरीषको फूल' जस्तो चर्चित उपन्यासमार्फत साहित्यमा अस्तित्ववाद भित्र्याउने नारी स्रष्टा पारिजात पनि दार्जिलिङबाट नै काठमाडौं आई नेपाली साहित्यमा प्रतिष्ठापित भएकी हुन् ।

वानिरा गिरी पनि दार्जिलिङमा जन्मिएर नेपालमा स्थापित भएकी कवयित्री हुन् । पवित्रादेवी सरसुदेवी, प्रभावती, देवकुमारी, हीरामाया, सानुमती आदि पुराना कवयित्रीहरू हुन् भने सुशीला सुब्बा, शिला लामा, कमला राई आदि सन् १९८०-१९९० दशकका नारी स्रष्टाहरू हुन् । वर्तमान समयमा दार्जिलिङमा मातृका गजमेर श्रेष्ठ, विन्दया सुब्बा, लतिका जोशी, देविका मग्रान्ती, कमला तामाङ, डा. गीता क्षेत्री, डा. वीणा हाङखिम, डा. रेमिका थापा, डा. नीना राई, डा. साइमु लेप्चालगायतका नारी साहित्यकारहरू क्रियाशील रहँदै आउनुभएको छ ।

नेपाली साहित्य सम्मेलन दार्जिलिङकी उपाध्यक्षसमेत रहनु भएकी डा. गीता क्षेत्री दार्जिलिङको स्थापित नेपाली नारी साहित्यकारको रूपमा चिरपरिचित रहँदै

आउनुभएको छ। माता पूर्णमाया क्षेत्री र पिता एन बी क्षेत्रीको सुपुत्री तथा कृष्णबहादुर क्षेत्रीको धर्मपत्नी गीता क्षेत्रीको जन्म सन् १९६२ जून १९ का दिन तारसिङ डाँडा, राङभाङ बस्ती दार्जिलिङमा भएको हो। राङभाङ प्राथमिक पाठशालाबाट विद्यारम्भको शुभारम्भ गर्दै त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौंबाट 'उपन्यासकार कृष्णसिंह मोक्तानको उपन्यासकारिता 'शीर्षकमा विद्यावारिधि गर्नुभएकी डा.गीता क्षेत्री महारानी उच्च कन्या विद्यालय, दार्जिलिङकी सेवा निवृत्त शिक्षक हुनुहुन्छ। उहाँ गोर्खा दुःख निवारक सम्मेलन, नेपाल स्रष्टा समाज, जनमत प्रतिष्ठान नेपाल, देवकोटा संघ सिलगढीलगायतका संस्थाहरूमा आजीवन सदस्य हुनुहुन्छ भने वसुधाको अध्यक्षसमेत रहनुभएको छ।

बाल्यवस्थादेखि नै साहित्यतर्फ झुकाव राख्नुहुने गीताजीको चौध वर्षकै उमेरमा प्रयास पत्रिकामा 'फूलको ३ चाहना' शीर्षकको कविता प्रकाशन भएको थियो। विभिन्न पत्रपत्रिका, स्मारिका सङ्गालोहरूमा कविता तथा लेख रचनाहरू प्रकाशित गर्दागर्दै हालसम्म उहाँका विविध विधामा आधा दर्जनभन्दा बढी कृतिहरू प्रकाशित भइसकेका छन्। कविता-सङ्ग्रहहरू गंगोत्रीका छालहरू (२००८), गंगोत्रीदेखि गंगासम्म (२०१२) र गोधुलीका रङहरू (२०१९), समालोचना, विविध विवेचनाहरू (२०१३), कृष्णसिंह। ई०/मोक्तानको उपन्यासकारिता (२०१५) र कृति विचरण' (२०२१) तथा लेख- सङ्ग्रह दृश्यानुभूति (२०२३) प्रकाशित भइसकेका छन्। कृति प्रकाशनको दृष्टिकोणले हेर्दा उहाँको वैशिष्ट्यता कविता र समालोचना विधामा अब्बल देखिन्छ।

माता पूर्णमाया क्षेत्रीले बाल्यकालामा सुनाउने गरेका कहानी, गीत, गाउँखाने कथा भजनको प्रभाव गीताजीमा पर्दै गयो र आमाको अभिप्रेरणा र आफ्नो मेहनतबाट नै उहाँ शिक्षा र साहित्यको क्षेत्रमा : प्रतिष्ठापित हुनुभयो। विशेषतः नौ बजेपछिको रात्रिकालीन समयमा लेखपढ तथा साहित्य सिर्जना गर्ने गीताजी साहित्यको बारेमा भन्नुहुन्छ, साहित्य समाजबाट समाजकै निम्ति लेखिने हुँदा समाजकेन्द्रित हुनुपर्छ। साहित्य लेखनका निम्ति समाजका साधारण पाठकले बुझ्न सक्ने साथै विद्यार्थीवर्गलाई सहज हुने सरल भाषा शैलीको प्रयोग हुनुपर्दछ। साहित्यमा क्लीष्ट लेखनभन्दा सरल लेखन समयसापेक्ष र सदावहार हुन्छ भन्ने मेरो विचार छ।"

उहाँको विद्यार्थी जीवनकालमा दार्जिलिङमा आजको जस्तो मनोरञ्जनका साधनहरू थिएनन्। पठनीय किताबहरू पनि प्रशस्त थिएनन्। मन परेका र नाम

सुनेका किताबहरू पनि खोजी खोजी पढ्नुपर्दथ्यो । प्रकाश कोविद, शिवकुमार राईका उपन्यासहरूसँगै म्याक्सिम गोर्कीको आमा, डाँक बंगला, लगनजस्ता कृतिहरू सबैभन्दा पहिला पढेको स्मरण गर्दै यी पुस्तकहरूले आफूभित्र पठन संस्कृतिको विकास गराई लेखन शक्तिका लागि ऊर्जा प्रदान गरेको बताउनु हुने गीताजीले भारतीय नेपाली साहित्यमा नारी लेखनको भूमिकाबारे भन्नुहुन्छ, "साहित्यमा नारी लेखन भन्नाले पुरुषदेखि अलग नारी जातिको लेखन बुझिन्छ। भारतीय नेपाली साहित्यको स्थापनाकालदेखि नै नारी लेखकहरूको महत्त्वपूर्ण योगदान रहेको पाइन्छ।

तथापि नारी लिखित साहित्यको इतिहास ढिलो प्रारम्भ भएको देखिन्छ। भारतीय नेपाली साहित्यमा नारी लेखनको भूमिकाअन्तर्गत वर्तमान समय, परिवेश र आवश्यकताअनुरूप नारी लेखनमा परिवर्तन आइरहेको देखिन्छ। बितेका केही वर्षयता नारीवादी चेतना, सिद्धान्त र त्यसको प्रयोजनबारे चर्चा हुन थालेको पाइन्छ। नारी जातिको स्वअस्तित्वबोध र नारीका विविध पक्षहरूको उद्घाटन साहित्यमा थोरबहुत भइरहेको देखिन्छ। तथापि नेपालमा जस्तो छुट्टै धार तथा लेखन विधाका रूपमा योजनाबद्ध प्रयास भने भएको देखिँदैन।

समग्रमा भन्नुपर्दा भारतीय भूमि दार्जीलिङका नेपाली नारी स्रष्टाहरू नेपाली साहित्यको श्रीवृद्धिका लागि शतत प्रयत्नशील रहेका छन्। साहित्यकार डा. गीता क्षेत्री यस्तै नारी साहित्यिक अभियन्ताहरूको अग्रपंक्तिमा हुनुहुन्छ।

उहाँले नेपालको काठमाडौं र भारतको दार्जीलिङको साहित्य र साहित्यकारहरूलाई जोडिरहनुभएको छ। आशा छ यो जोडाइ आगामी दिनमा नेपालका अन्य जिल्लाहरूमा समेत पुग्नेछ। स्रष्टा समाज नेपालबाट स्रष्टा सम्मान (२००८), जनमत वाङ्मय बनेपाबाट कमला सैजू सम्मान (२०१०), मातृभूमि साहित्य समाज मकवानपुर हेटौंडाबाट साहित्यिक सम्मान (२०१०), नेपाल सरकारबाट विद्वत्वृत्ति (वि.२०६८) द्वारा सम्मानित व्यक्तित्व साहित्यकार डा. गीता क्षेत्रीको आगामी दिन अझ साहित्यमय बनिरहोस्। नेपाल भारत साहित्य सम्बन्ध अझ समन्वयात्मक भई प्रगाढ रहोस्। दार्जीलिङमा दिनानुदिन नेपाली साहित्य र साहित्यकारहरूको श्रीवृद्धि हुँदै जावस्। नेपाल दार्जीलिङ साहित्यिक सम्बन्ध अमर रहोस्।

**(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र स्रष्टा/समीक्षक हुनुहुन्छ।)**



# बनारसमा नेपाली साहित्य र 'छात्रदूत'

राजेन्द्र गोपाल सिंह

नेपाल भारतको सम्बन्ध सदिऔंदेखि रहँदै आएको छ । भारतको बनारस, हरिद्वार, देहरादून, दार्जिलिङ, आसामलगायतका ठाउँहरूबाट नेपालीहरूले साहित्यको विकासमा उल्लेखनीय योगदान पुऱ्याउँदै आएका छन् । यद्यपि यस लेखमार्फत बनारसमा नेपाली साहित्य र 'छात्रदूत' को बारेमा केही चर्चा गर्ने प्रयास गरिएको छ ।

नेपाली साहित्यको विकासको लागि बनारसको भूमिका महत्त्वपूर्ण रहेको छ। वि.सं. २००७ साल अघिसम्म नेपालमा लेखपढ गर्न बन्देज थियो । यतिबेला इच्छुक नेपालीहरू भारतका बिभिन्न शहरमा गई अध्ययन गर्थे । यही सिलसिलामा बनारसमा पनि अध्ययन गर्थे । बनारसलाई वाराणसीका साथै काशी पनि भनिन्छ । काशीसंग हाम्रो साँस्कृतिक, सामाजिक, धार्मिक एवं आध्यात्मिक सम्बन्धहरू रहेका छन् ।

तत्कालीन समयमा नेपालका राजनीतिज्ञ, विद्वान्, पण्डित, स्रष्टाहरूको सुरक्षित आश्रयस्थल बनारस थियो । बनारस संस्कृत भाषा, साहित्य र व्याकरण अध्ययनका लागि नेपालीहरूको केन्द्रविन्दु थियो । यही क्रममा नेपाली स्रष्टाहरूले बनारसलाई आधारभूमि बनाई विभिन्न साहित्यिक कर्महरूसमेत गर्दै आएको पाइन्छ । बनारसबाट संस्कृतको रचनालाई भानुभक्तले नेपाली रामायण बनाई जनजिब्रोमा लालायित बनाउनु, मोतीराम भट्टले नेपाली भाषाको प्रकाशनमा सहयोग पुऱ्याउनु, महाकवि देवकोटाले नेपाली साहित्यको भण्डारण नै भरिदिनु जस्ता कार्य भएका थिए ।

बनारसमा बसेका नेपालीहरूले समयसापेक्ष रूपमा सुन्दरी, माधवी, चन्द्र, गोर्खाली, सूक्तिसिन्धु, उदय, छात्रदूतलगायतका पत्रपत्रिका प्रकाशन गर्नुले पनि नेपाली साहित्यको विकास र विस्तारमा महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । वि.सं.२००७ सालको राजनैतिक परिवर्तनपछि पनि नेपाली छात्रहरू बनारस जाने क्रम जारी रह्यो । यसै सिलसिलामा पाल्पाली छात्रहरू पनि बनारस गएर अध्ययन गर्नुका साथै साहित्यिक गतिविधिहरूमा समेत संलग्न रहेको पाइन्छ । पाल्पाबाट बनारस गएका विद्यार्थीहरूले विद्यार्जन गर्नुका साथै विभिन्न पत्रपत्रिका एवं मुखपत्रहरू प्रकाशित

गरी नेपाली साहित्यको विकासका लागि ईँटा थप्ने काम गरेको पाइन्छ । बनारस अध्ययन गर्न बसेका नेपालीहरूसँग मिली पाल्पाली छात्रहरूले पनि आफूलाई साहित्यिक गतिविधिहरूमा संलग्न गराएको पाइन्छ । बनारस र नेपाली साहित्यको समग्र लेखाजोखा हुनु खोजको विषय रहेको छ । बनारसमा बसी योगदान पुऱ्याउने पाल्पाली स्रष्टाहरूको योगदानको पनि खोजीनीति हुनु जरूरी छ । आगामी दिनमा यी सबैको लेखाजोखा पक्कै पनि हुनेछन् ।

पाल्पाबाट बनारस पुगी अध्ययन गरेका जिज्ञासु र क्रियाशील छात्रहरूले विभिन्न पत्रपत्रिकाहरूका साथै सिर्जनाहरूसमेत प्रकाशन गरेको पाइन्छ । यसै परिप्रेक्ष्यमा बनारसमा अध्ययन गर्दै आएका पाल्पालीहरूको सिर्जना पनि बनारसको नेपालीय संस्कृत छात्रपरिषद्को वार्षिक मुखपत्र 'छात्रदूत' मा प्रकाशित भएको पाइन्छ । छात्रदूतहरू कहिलेदेखि कहिलेसम्म प्रकाशित भए खोजीनीति हुनु आवश्यक छ । यहाँ वि.सं. २०१३ देखि २०१५ सम्म प्रकाशित भएका तीनवटा वार्षिक मुखपत्र छात्रदूतभित्र रहेका पाल्पाली स्रष्टा र सिर्जनालाई नामोल्लिखित गर्ने प्रयास गरिएको छ ।

वि.सं.२०१३ सालमा प्रकाशित छात्रदूतमा पाल्पा सिलुवाका टंकनाथ काफ्लेको 'सावधान', तानसेनका कुलमणि देवकोटाको 'आयो चुनाव अब देशमा', बर्तुङका शिवप्रसाद भट्टराईको 'के हेरूँ के हेरूँ', प्रेमप्रसाद नेपालको 'नारीप्रति' र सिलुवाका कृष्णप्रसाद काफ्लेको 'अब यस्तै' शीर्षकमा सिर्जनाहरू प्रकाशित भएका छन् ।

यसैगरी वि.सं.२०१४ सालमा प्रकाशित छात्रदूतमा पाल्पा तानसेन बर्तुङका शिवप्रसाद भट्टराईको 'विधासँग', तानसेनका कुलमणि देवकोटाको 'अनुभव', वीरकोटका देवेन्द्र सैंजूको 'खोरियाघाट', चित्रेडाँडाका शिवनाथ शर्माको 'परोपकार', पोखराथोकका विधानाथ नेपालको 'स्वदेशोन्नति गरौं', पोखराथोकका शिवप्रसाद नेपालको 'माहिर दाज्यू', अगाहाखोलाका तारानाथ शर्माको 'श्रमको महत्त्व', चिदिपानीका मेघराज शर्माको 'उत्साह राखौं' र तानसेनका माधवप्रसाद देवकोटाको 'छात्रता प्रेरणा' शीर्षकमा सिर्जनाहरू प्रकाशित भएका छन् ।

वि.सं. २०१५ सालमा प्रकाशित मुखपत्र छात्रदूतमा पाल्पा तानसेनका अजम्बरध्वज खातीको 'दुई कविता', पोखराथोकका विधानाथ शर्माको 'उही भाव झल्किन्छ', खस्यौलीका लक्ष्मणप्रसाद नेपालको 'म', तानसेनका माधवप्रसाद देवकोटाको 'उद्योग फेरि गर', पोखराथोकका शिवप्रसाद नेपालको 'क्रन्दन', रूप्सेका

पद्मराज सरोजको 'श्रीमती' र माडीका नेत्रनारायण शर्माको 'चकितपथ' शीर्षकमा रचनाहरू प्रकाशित भएका छन् ।

यसरी बनारसमा अध्ययन गर्न बसेका पाल्पाली छात्रहरूले नेपाली भाषा, कला, संस्कृति र साहित्यको विकासका लागि संगठित हुने, कृति तथा लेखरचनाहरू प्रकाशित गर्ने, विभिन्न पत्रपत्रिकाहरूका साथै वार्षिक मुखपत्रहरू निकाल्ने काम गरी भारतीय भूमि बनारसबाट नेपाली साहित्यको विकासमा अमूल्य योगदान पुऱ्याएका थिए । तत्कालिन समयका पाल्पाली स्रष्टाहरूको निरन्तरता र क्रियाशीलताको योगदान के कति कहाँसम्म रह्यो, खोज अध्ययनको विषय रहे तापनि प्रयास भने प्रशंसनीय छ । यद्यपि बनारसको 'छात्रदूत' भित्रका केही पाल्पाली स्रष्टाहरू जस्तैः माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, अजम्बरध्वज खातीलगायतका स्रष्टाहरू नेपाली साहित्यको क्षेत्रमा सदा स्मरणीय पात्रको रूपमा रहेका छन् । अस्तु !

**(लेखक पाल्पा साहित्य समाजका संरक्षक हुनुहुन्छ ।)**


**नेपालका सुप्रसिद्ध चार धाममध्येको एक ऐतिहासिक पवित्र तीर्थस्थल रुरुक्षेत्रको बारेमा विस्तृत जानकारी प्राप्त गर्न किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को**

**रुरुक्षेत्र विशेषाङ्क**

**खोजी खोजी पढ्नुहोस् ।**



# मेघालयको नेपाली साहित्यको विकासमा महिलाहरूको योगदान



डा. टेकनारायण उपाध्याय

## १. विषयप्रवेश

कुनै पनि जातिको विकास र इतिहास बुझ्नका लागि त्यस जातिको साहित्यको विकास हेरिन्छ। साहित्यभित्र जातिको भाव, विचार र संस्कर लुकेको हुन्छ। साहित्यले जातिको समृद्धि, कला-कौशल, खान-पान, व्यवहार, रहन-सहन, चालचलन आदिको प्रतिनिधित्व गर्छ। देशकाल, परिस्थिति, भाषा र वातावरणको ज्ञान साहित्यद्वारा पाउन सकिन्छ। मेघालयको नेपाली साहित्य यहाँका गोर्खालीहरूको देन हो। सन् १८६६ मा गोर्खा पल्टन शिलाङ तथा तुरामा स्थायीरूपले बस्न थालेपछि शिक्षा, साहित्य तथा अन्य गतिविधि यस ठाउँमा गर्न थालिएका हुन्। सन् १८७६ मा गोर्खा पाठशाला स्कुलको स्थापनाले यहाँका गोर्खाहरूका आवश्यकता र समस्याको समाधान हुनथालेको कुरा बुझ्न सकिन्छ। उनीहरूले गरेका शैक्षिक प्रयास तथा सामाजिक संस्थाको स्थापनासँगै अहिलेको मेघालयमा नेपाली साहित्यको सृजना हुनथालेको कुरा स्पष्ट हुन्छ।

मेघालयमा नेपाली साहित्यको लेखनको आरम्भ सन् १८९३ देखि हुन थालेको हो भन्ने कुरा तुलचन आलेले लेखेको मणिपुरको लडाइँको सवाईले स्पष्ट पारेको छ। सन् १८९२/९३ मा ४२/४४ गोर्खा पल्टनमा कार्य गर्ने तुलचन आले मणिपुरको लडाईमा भाग लिएर शिलाङ फर्केपछि त्यहाँको सत्य घटनालाई सवाईको रूपमा वर्णन गरेपछि शिलाङ अर्थात् वर्तमान मेघालयमा नेपाली साहित्यको लेखन आरम्भ भएको हो भन्ने कुरा बुझ्न सकिन्छ।

सन् १८९७ मा अहिलेको मेघालयमा ठूलो भुइँचालो गएको थियो र त्यसले धेरै हानि पुराएको थियो। त्यस भुईंचालाको घटनालाई लिएर ४४औं पल्टनमा काम गर्ने धनवीर भण्डारीले सन् १८९७ मा भैंचालाको सवाईको रचना गरेका थिए। तुलचन आले र धनवीर भण्डारीले आरम्भ गरेको मेघालयको नेपाली साहित्यको लेखन

वर्तमानसम्म पनि अनवरतरूपमा चलिरहेको छ र यसले एक शताब्दीभन्दा धेरै समय पूरा गरिसकेको छ। सन् १८९३ देखि लेख्न थालिएको नेपाली साहित्यले वर्तमानसम्म आइपुग्दा प्रशस्तै विकास गरेको छ भनेर बुझ्न सकिन्छ। मेघालयको नेपाली साहित्यले राष्ट्रिय स्तरका लेखकहरू पनि उत्पन्न गरिसकेको छ । यहाँका साहित्यकारहरूले भारतको सर्वोच्च पुरस्कार साहित्य अकादमी पुरस्कारसम्म प्राप्त गर्न सक्षम भएका छन्।

मेघालयमा नेपाली भाषा-साहित्यको विकासलाई अघि बढाउन गोर्खा सेवक (१९३६), फिलिङ्गो (१९५६), उषा (१९५९), सुमन (१९६४), मादल (१९७१) युगान्तर (१९९२), कोसेली (१९९४) आदि पत्रपत्रिकाहरूको उल्लेखनीय योगदान रहेको छ । नेपाली भाषालाई अघि बढाउन तथा विकास गराउन नेपाली साहित्य परिषद्, नेपाली साहित्य संघ, नेपाली साहित्य सृजन समिति, नेपाली साहित्य प्रकाशन समिति, नेपाली पाठ्यपुस्तक प्रकाशन समिति आदि संघ-संस्थाको पनि विशेष भूमिका रहेको पाइन्छ। यी साहित्यिक संघ-संस्थाहरूले समय समयमा पत्रपत्रिका निकालेर नयाँ-नयाँ साहित्यकारहरूलाई अघि ल्याउन उल्लेखनीय भूमिका खेलेका छन् ।

विगत १२० वर्षमा मेघालयमा नेपाली साहित्यको विकास गराउनमा पुरुष साहित्यकारको जति भूमिका छ त्यति नै भूमिका महिलाहरूको पनि रहेको छ। पुरुषको तुलनामा महिला साहित्यकार त्यति सक्रिय नभए तापनि उनीहरूको सहभागिता निरन्तर रहिरहेको छ भने वर्तमानमा आएर अझै बढेर गएको छ। मेघालयमा नेपाली महिलाहरूको साहित्यिक विकासमा केकस्तो योगदान रहेको छ त्यसको चर्चा यस लेखमा गरिएको छ।

सन् १९५६ सालमा शान्तिदेवी भट्टराईको 'लेख तिमी नवीन कविता' (फिलिङ्गो, वर्ष १ अङ्क १) प्रकाशित भएपछि मेघालयको नेपाली साहित्यमा महिलाहरूले प्रवेश गरेको पाइन्छ । त्यसपछि क्रमशः राधिका बराल 'मानव तारा' (उषा, १/२, सन् १९५६), सविता सापकोटा 'याचना' (फिलिङ्गो, १/१ सन् १९५६) आदि कविताहरू प्रकाशनपछि महिलाहरूको लेखन अझै अघि बढ्दै जान्छ । कविता विधाबाट थालिएको महिला साहित्यमा क्रमशः अन्य विधाका रचनाहरू पनि लेखिँदै जान्छन् । वर्तमानसम्म आइपुग्दा महिलाहरूले साहित्यका सबै विधाहरूमा कलम चलाएका छन् । मेघालयका महिलाहरूले साहित्यमा दिएको योगदानलाई तल विधागत धारामा राखेर विश्लेषण गरिएको छ।

## २. मेघालयको नेपाली साहित्यको विकासमा महिलाहरूको योगदान

### (१) कविता

मेघालयका महिला साहित्यकारहरूले आफ्नो साहित्यिक यात्रा कविता विधाबाट

थालेको पाइन्छ । सन् १९५६ देखि महिलाहरूले कविता लेख्दै आएको भए तापनि काव्यसङ्ग्रह भने केही सीमित मात्रामा प्रकाशित भएका छन् । साठी वर्षभन्दा लामो कविता यात्रामा केवल चारवटा कवितासङ्ग्रह प्रकाशित भएका छन् । सङ्ग्रहका रूपमा प्रकाशित गर्ने कवयित्रीहरूका काव्यकृतिको चर्चा तल गरिएको छ-

(क) **अनामिका-** अनामिकाको जन्म दार्जिलिङमा भएको हो । दार्जिलिङमै बढी उतै पढी आफ्नो जीवन निर्वाह गर्दै गरेकी अनामिका कुनै कारणले नब्बेको दशकमा शिलाङ प्रवेश गरेको पाइन्छ । शिलाङ प्रवेश गरेपछि यतै शिक्षण कार्य गरेर बस्ने क्रममा साहित्य लेखनलाई उनले निरन्तरता दिन थालेको बुझिन्छ । 'भत्केको मान्छे' (सुमन, पल्लव १०, सन् १९९८) कथा लेखेर मेघालयमा आफ्नो साहित्य यात्रा थालेकी अनामिकाका अन्तरद्वन्द्व (सन् २०००), र नीलकण्ठ (सन् २००१) गरी दुई कवितासङ्ग्रह प्रकाशित छन् । अन्तरद्वन्द्व कवितासङ्ग्रहमा विभिन्न शीर्षकका लामाछोटा बत्तीसवटा कविता संकलित छन् ।

अनामिका समसामयिक युगका यथार्थ-आदर्श तथा रहस्यवादी कविताको सृजना गर्ने कवि हुन् । यिनले आफूलाई स्वच्छन्दतावादी-प्रगतिवादी कविको रूपमा स्थापित गराएको पाइन्छ । यिनका कवितामा नारी शोषण, दमन, उत्पीडन, आतङ्कवाद र हिंसाको विरोध, कालाबजारी, माफियातन्त्र, अस्त्रशस्त्रको होडबाजीको विरोध, क्रान्तिकारी चेतनाका साथै वर्गीय भेद, निम्न वर्गले भोग्नुपर्ने आर्थिक संकट, सुधारवादी दृष्टिकोण प्रस्तुत गरिएको छ । यी विषयका अतिरिक्त यिनका कवितामा परम्परा, धर्म, आदर्शलाई पनि स्वीकारिएको छ । यिनका कवितामा हिंसा, क्रान्ति तथा अराजकता उत्पन्न गर्ने वर्गको विरोध गरिएको पनि पाइन्छ ।

अनामिका आदर्श, रहस्य तथा प्रगतिशील विचारको चिन्तन गर्ने कवि हुन् । यिनका कवितामा प्रकृति, सृजनात्मकता, भावुकता आदि विषय पाइए तापनि धेरैजसो कविताले यथार्थ बोकेका छन् । यिनले प्रकृति र मानव जीवनका अनेक पक्षलाई विशिष्ट ढङ्गले प्रस्तुत गरेको पनि पाइन्छ । समाजमा वर्गीय भेद समाप्त हुनुपर्छ, नारी सारा सृष्टिकी आधार हो, उसमाथि गरिने हिंसा रोकिनुपर्छ; तबमात्र देश, राष्ट्र तथा समाज बन्न सक्छ भन्ने सन्देश दिइएको छ । प्रायः गद्य शैलीमा रचिएका यिनका कविताको भाव र वर्णनपक्ष सरल, सहज, सुबोध तथा स्वाभाविक छ । यिनका कविताका केही उदाहरण हेर्न सकिन्छ-

अब छोरीले पनि खुल्ला हावामा सास फेर्न पाउनुपर्छ
एउटी स्वास्नीले पनि आफ्नो परिचय राख्न पाउनुपर्छ

बुहारीले पनि गुनासो पोख्न पाउनुपर्छ
आमाले पनि आफ्नो निम्ति बाँच्न पाउनुपर्छ
(अन्तरद्वन्द्व, पृ०२४)

आजको युगको मान्छेले
जातिवाद, भाषावाद, अस्तित्ववाद र धर्मवादको
खण्डहर र भग्नावशेषभित्र
आफूलाई खोज्नुपरको छ।
(अन्तरद्वन्द्व, पृ०३)

छोरो पाउन नसक्ता धिक्कारिएकी बुहारी
बुढी कन्ये माइती बस्दा नकारिएकी छोरी
फक्रन लाग्दैमा सिउँदो धोएकी भाउज्यू छिमेकी
जीवनका घाम-छायाले धर्सा कोरिएकी
(नीलकण्ठ, पृ०८०)

**(ख) गीता लिम्बू** - २४ अप्रेल सन् १९५८ मा जन्मिएकी गीता लिम्बू बिहे पश्चात् शिलाङ प्रवेश गरेको बुझिन्छ।"बुढाबाको छाता" (सुमन, पल्लव ११, सन् १९९६) कथा लेखेर साहित्यमा प्रवेश गरेकी गीताको बिहानी (सन् २००८) कवितासङ्ग्रह प्रकाशित छ। यस सङ्ग्रहमा यिनका लामछोटा विभिन्न शीर्षकका २४ वटा कविता संकलित गरिएका छन्।

गीता आधुनिक एवं समसामयिक युगको स्वच्छन्दतावादी, आदर्शवादी तथा यथार्थवादी भवधारामा कविता लेख्ने कवि हुन्। यिनी नैतिक तथा आदर्शलाई अनुसरण गर्ने कवि हुन्। धर्म, संस्कार, नैतिकता आदिबाट जीवन सार्थक दिशातिर प्रेरित गर्नसकिन्छ भन्ने मुख्य भाव यिनका कवितामा पाइन्छ। शोषण र अन्यायका विरुद्ध यिनले चर्को स्वर उठाएको बुझिन्छ। यिनका कवितामा विशेष गरी बालश्रम, बाल अत्याचारलाई लक्षित गरेको पाइन्छ। विज्ञानको उन्नति, सत्ताको लोभ र मानवीय अस्तित्वप्रति चर्को स्वर यिनका कविताको मूल विषय रहेको छ। नारी गरिमा, विद्रोह, सुधार आदि यिनका कवितामा पाइने प्रमुख प्रवृत्ति हुन्। विभिन्न प्रकारका प्रतीक- बिम्बले यिनका कवितालाई सुन्दर बनाएका छन्। गद्य लयमा लेखिएका यिनका कविताको भाषा सरल, सहज र आकर्षित छ। उदाहरणका रूपमा केही पङ्क्ति हेर्न सकिन्छ-

कलङ्कित कोखलाई अलङ्कृत पार्न
श्रवण कुमार, भरत, लक्ष्मण जस्ता

अति योग्य सन्तानलाई मात्रै जन्म दिऊँ
ममतामयी माता हो, नारीको गरिमा बढाऊ
(बिहानी, पृ०२०)

हे विज्ञानीहरू हो
तिमीहरू पनि अभिनय उतसवमा
सामेल भई हेर न
तिमीहरूका सेटलाइटले मुखौटामा रहेका
बगुला भगत, ठग, चोर आतंकवादीहरूलाई
कुनाकाप्चाबाट खोजेर निकाल ।
(बिहानी, पृ०२६)

(ग) **दिव्यादेवी सुवेदी-** दिव्यादेवी सुवेदीको जन्म १६ दिसम्बर १९५० का दिन असमको भागनबाडीमा भएको हो । बिवाहपछि उनी शिलाङ आउँछिन् । सन् १९९५ मा अभिलाषा (मादल, अङ्क ९) नामको कविता प्रकाशित भएपछि यिनको साहित्य यात्रा शुरु भएको बुभिन्छ र उनका कविताहरू क्रमशः सुमन, युगान्तर, कोसेली आदि पत्रिकामा प्रकाशित हुँदै जान्छन् । यिनै विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कविताहरू संकलन गरी सन् १९१६ मा अनुभूतिका स्वरहरू शीर्षकको काव्य संकलन प्रकाशित गरिएको छ । प्रस्तुत काव्य संकलनमा विभिन्न भाव र शीर्षकका ५० बटा कविताहरू संकलित गरिएका छन् । स्वच्छन्दता तथा यथार्थवादी भावधारामा आधारित यी कविताहरूमा समसामयिक युगका भोगाइ, नारीभावना, अहिंसा, विज्ञानको नकारात्मकताको प्राभाव, धर्मको महिमा, दर्शनको आवश्यकता, राजनीतिको दुरुपयोग, मनुष्य जीवनमा प्रकृतिको महिमा, हिन्दु संस्कृति र सभ्यताको गुणगान आदि जस्ता विभिन्न विषयहरू रहेका छन् । सरल, सहज तथा बोलचालको भाषामा रचिएका यिनका कविताहरू पठनीय र मननीय छन् । सबै कविता गद्यछन्दमा रचिएका छन् । उदाहरणका लागि केही पङ्क्ति हेर्न सकिन्छ-

संसार भुटो मृत्यु हो साँचो
अब हामी सोचौं यहाँ केको छ खाँचो ?
माया, ममता, दया, करुणा
आश्वासन या संवेदनाको
(अनुभूतिका स्वरहरू पृ०१०)

आफ्नो कुर्सी बचाउने जीविका चलाउने
कलियुगी नेताहरूको खचाखच छ

अश्लील उन्मादले उन्मत्त भएका
दम्भ बचाउन गरीबलाई हात लिएका
भाषा-संस्कृति सबै भुलेका
यस्ता छन् हाम्रो देश बचाउन निस्किएका

(अनुभूतिका स्वरहरू पृ०७०)

उल्लिखित काव्यकृतिबाहेक धेरै महिलाहरूले विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू लेखेर उल्लेखनीय योगदान दिएका छन् । तल विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका कविताहरूको सूची दिइएको छ- माया ठकुरी - दुई कविता (उषा, ४/६, सन् १९६४), बौलाही (आशा, १/१ सन् १९६४), तिम्रो जन्मोत्सवमा (सुमन, १/१, सन् १९६५); सविता थापा- 'स्त्री पुरुष संसार' (भुवन, १/१, सन् १९७१), पुष्पा बस्नेत- मानिस (भुवन, १/१, सन् १९७१), सुषमा लामा- यो पृथ्वी यस्तो रहेछ (भुवन, १/१, सन् १९७१), ज्योति जोशी- को आफ्नो (भुवन, १/१, सन् १९७१), सरिता प्रधान- गुलाव (भुवन, १/१, सन् १९७१), पुनम रावत उषा (भुवन, १/१, सन्, १९७१), तुलसी क्षेत्री- नलाग ओरालो (जनशक्ति, १/१, सन् १९७६), विस्नुमाया सुनार - नारीलाई (जनशक्ति, १/१, सन्१९७६), ममता जोशी-वीर नारी (जनशक्ति, १/१, सन् १९७६), तुलसी सापकोटा - पुकार सुनिदेऊ (नेपाल फर्क, सन् १९७७), माया क्षेत्री- सपलताको शुभकामना (सहकारी समीक्षा, अङ्क ४०, सन् १९८५), स्वाति- मोमबत्ती (युगदृष्टि, १/१, सन् १९८९), सरस्वती सोनार- युगको धारा (देवकोटा स्मारिका, १/१, सन् १९९४), धून (मादल, अङ्क, ५, सन् १९७५), उठ जाग पथिक(गोर्खा पाठशाला प्र०नि० विद्यालय, तुरा स्मारिका, सन् १९९६), कमला लामा - आदर्शवादी (मादल, अङ्क ६, सन् १९७५), राधा उपाध्याय- नमस्कार (मादल, अङ्क ६, सन् १९७५), सुचित्रा राना - खोला (मादल, अङ्क ६, सन् १९७५), यजूसरस्वती शर्मा- मायालु (हाम्रो ध्वनि, २७ ९, सन् १९९६), एवमाया छेत्री- भानुप्रति (हाम्रोध्वनि, २७ ९, सन् १९९६), प्रमिला लम्साल- पुण्य आषाड (सुमन, १२, सन् १९९६), टीना छेत्री - हिम्मत हार्दिन - (युगान्तर, २/६, सन् १९९७), शिक्षित बनौं (सुमन, पल्लव १५, सन् १९९८), सुशीला शर्मा- यो जीवन (सुमन, पल्लव १५, सन् १९९८), अञ्जलि रावत- हाम्रो समाज (सुमन, पल्लव १७, सन् २०००), विमला थापा- लाहुरे दाइ (सुमन, पल्लव १९, सन् २००२), नीमकला शर्मा - स्वार्थी संसार (सुमन, पल्लव १९, सन् २००२), माया बानिया- एउटी प्यारी छोरी (कोसेली, अङ्क ६०, सन् २००४), जानुका प्रधान - नारी (सुमन, पल्लव १९, सन् २००२), बिना अधिकारी-मेरो कोसेली (कोसेली, अङ्क ११६, सन् २००५),

रूपा शर्मा - के हो जीवन यहाँ (कोसेली, अङ्क ११६, सन् २००५), आँसुको वेदना (कोसेली, अङ्क १२४, सन् २००५), हाव के छ (कोसेली, अङ्क १२७, सन् २००५), अञ्जलि रावत स्मृति स्व० हरिकुमार प्रधान (कोसेली, अङ्क १३६, सन् २००५), स्मृति अधिकारी - सिक्किम (कोसेली, अङ्क १३७, सन् २००५), मञ्जु लामा- बूढो रूख (कोसेली, अङ्क १३७, सन् २००५), धोको गरीबको (कोसेली, अङ्क १४८, सन् २००५), सार्थक जन्म (समझौटो, सन् २००६), गरीब (कोसेली, अङ्क ४/४९, सन् २००७), एउटा दियो बाली हेर (कोसेली, अङ्क ६/१३, सन् २००८), आकाश अनि धर्ती (कोसेली, अङ्क ६/२३, सन् २००८), निद्रमा मुस्काएकी ऊ (कोसेली, अङ्क ६/२५, सन् २००८), छोरीलाई (कोसेली, अङ्क ७/१, सन् २००९), विश्वास (कोसेली, अङ्क ७ /११, सन् २००९), आँसु (कोसेली, अङ्क ७/१६, सन् २००९), साइनो मानवताको (कोसेली, अङ्क ७/३८, सन् २००९), आशा (कोसेली, अङ्क ४/४२, सन् २००९), जून (कोसेली, अङ्क ७/४८, सन् २००९), विवशता (मायालु, १/९, सन् २००९) रीता रावत- निःस्वार्थ जीवन (गोर्खा पाठशाला स्मारिका, सन् २००८), रेखा थापा - दुई टुक्रा (कोसेली, अङ्क ६/५२, सन् २००८), राधा राना- भन तिमी को हौं (कोसेली, अङ्क ६/१४, सन् २००८), सृष्टि शर्मा- आमाको मन(कोसेली, अङ्क ७/११, सन् २००९), अरुणाकुमारी उपाध्याय- जीवन सत्य (गोर्खा दुर्गा पूजा स्मारिका, सन् २०१२), रीता रावत- संसारको विडम्बना (मणि, गो०पा० पत्रिका, सन् २०१३) आदि ।

उपर्युक्त पत्रपत्रिकाहरूमा प्रकशित कविताहरू पनि स्वच्छन्दतावादी-यथार्थवादी भावधारामा आधारित छन् । पुरुषद्वारा पीडित नारी वेदना, नारी-पुरुषको महत्त्व, देश महिमा, शोषण र क्रन्दन, प्रकृति प्रेम, भानुभक्त आचार्य, देवकोटा आदि साहित्यकार हरूप्रति श्रद्धाभाव, कुरीति तथा कुसंस्कारको विरोध, मानवता र विश्वबन्धुत्व, पारिवारिक सम्बन्ध, आमाको महिमा, पीडा र वेदना आदि विभिन्न भाव तथा विषय यी फुटकर कविताहरूमा व्यक्त गरिएको छ । विभिन्न भाव र विषयमा रचिएका यी कविताहरूको भाषा सरल तथा सहज छ । धेरैजसो कविता गद्य लयमा रचिएका छन् । एक दुई उदाहरण हेर्न सकिन्छ-

कता जाऊँ अन्धी भएँ बाटो देऊ  
चरण छुन्छु आमा तिम्रो सेवा लेऊ  
बनाऊ आमा मलाई तिम्रो चरण धूलो  
मर्नै पर्ने देख्छ कसले कहाँ कसले भोलि

(पार्वती सुवेदी, सुमन १५, सन् १९९८)

स्त्री-पुरुषमध्ये छैन कसैको उच्च स्थान
दुवैको समागमले यो पृथ्वी अडेको छ
दुई पाङ्ग्रारूपी स्त्री-पुरुषको भरमा
यो रथरूपी संसार अघि बढेको छ

(सविता थापा, भुवन, सन्, १९७१)

(२) **कथा**

मेघालयको कथा-सहित्यको विकासमा पनि महिलाहरूको उल्लेखनीय योगदान रहेको छ । सन् १९५६ मा मनकुमारी थापाको 'दुई थोपा आँसु' (ज्योति, वर्ष १ अङ्क ४) कथा प्रकाशित भएपछि मेघालयको कथा लेखनमा महिलाहरूको आगमन भएको हो । विगत साठी वर्षदेखि महिलाहरूले विभिन्न समयमा कथाहरू लेखेर कथा साहित्यलाई अघि बढाउने काम गरिरहेका छन् । समय- समयमा विभिन्न पत्रपत्रिकाहरूमा कथाहरू प्रकाशित हुँदै आइरहेका भए तापनि सङ्ग्रहका रूपमा भने केही सीमित मात्रमा रहेका छन् । तल कथासङ्ग्रह प्रकाशित गर्ने महिला कथाकार हरूको परिचय तथा उनका कथासङ्ग्रहको चर्चा गरिएको छ।

**(क) माया ठकुरी** - माया ठकुरीको जन्म २ जुलाई सन् १९४८ का दिन लखनऊमा भएको हो तर उनको शिक्षा-दीक्षा शिलाङमा भएकोले शिलाङसित उनको गहिरो सम्बन्ध रहेको बुझिन्छ । शिलाङमा बस्दा उनले नेपाली साहित्यमा निकै काम गरेको पाइन्छ । यिनी सन् १९६० मा 'पेनफ्रेन्ड' शीर्षकको कथा लेखेर कथाक्षेत्रमा प्रवेश गरेको बुझिन्छ। यिनले शिलाङको नेपाली समाजको सेरोफेरोलाई लिएर निकैवटा कथा लेखेको बुझिन्छ । शिलाको परिवेशलाई लिएर लेखिएका यिनका कथा गमलाको फूल (सन् १९७७) कथासङ्ग्रहमा संकलित छन् । साना-साना आकारमा रचिएका बारवटा कथा यस सङ्ग्रहमा संकलित गरिएको छ । अनुताप, गमलाको फूल, पाहुना, अव्यक्त वेदना, आत्मासन्तुष्टि, निभेको सलेदो, बहादुर, जीवन एउटा चलचित्र, फर्कने आशामा, रेशमफूल, एभरग्रिन शान्ति, साने अन्धकारभित्र, के विश्वास, प्रश्न आदि शीर्षकका कथा यस सङ्ग्रहमा छन् ।

यथार्थवादी-स्वच्छन्दतावादी तथा रहस्यवादी कथाकारका रूपमा परिचित माया ठकुरी शहरिया परिवेशका अभाव, निराशा पीडा, यान्त्रिकता, पारिवारिक कलह, तनाव, सामाजिक र पारिवारिक समस्या, रहस्य आदि विविध विषयमा कथा लेख्ने कथाकार हुन् । यिनका कथामा नयाँ तथा पुराना पुस्ताको द्वन्द्व, नारीहरूका पीडा, दैनन्दिनका समस्या आदिको मनोविश्लेषण चित्रण पनि गरिएको पाइन्छ । छोटा

आकारका कथाहरू लेख्ने यिनले रहस्यका माध्यमबाट कौतुहल निर्माण गरेको पाइन्छ। विषयलाई भावुक बनाउने माया ठकुरीको भाषा सरल, सहज हुनुका साथै स्थानीय भाषिकाको प्रभाव पनि पाइन्छ। यिनका कथामा मध्यम र निम्न मध्यम वर्गका सहभागीहरू रहेका छन्। कथाका केही उदाहरण हेर्न सकिन्छ-

"बस कन्डक्टरको चर्को स्वरले म झस्किन्छु र बसबाट ओर्लेर अफिसतिर लाग्छु। अर्को दिन छिटो गर्छु भन्दाभन्दै पनि नौ बजिसक्छ। हतार-हतार गरेर बडाबजार पुग्छु र बसमा चढ्छु। प्रभालाई पनि छेवैको सीटमा बसेकी पाउँछु। हामी यताउतिका कुरा गर्न थाल्छौं। बस सधैं झैं पुलिसबजार पुगेर अडिन्छ"।

(ख) **अनामिका-** अनामिकाले सन् १९९८ मा भत्केको घर (सुमन पल्लव १५) शीर्षकको कथा लेखेर कथाक्षेत्रमा प्रवेश गरेको पाइन्छ। यिनको बादल पारिको आह्वान (सन् २००२) शीर्षकको कथासङ्ग्रह प्रकाशित छ। यस सङ्ग्रहमा आह्वान, तृष्णा पुनर्जन्मको, भत्केको मान्छे, अद्‌भुत बिदा, भ्रम एउटा मराइको, त्रास अग्निवक्ताको, बाँझो सिउँदो, संयोगमा एउटा अन्तिम भेट, विन्टर ब्यूटिफूल विन्टर, एउटा पत्र दुख्दो, कलमले धस्काएको, अनौठो यात्रा, प्रतीक्षाफल, बले दिदी, घात, अर्को बत्ती झलमल्ल बल्यो र एउटा मौन यात्रा शीर्षकका कथा संकलित छन्।

यस सङ्ग्रहका कथाहरूमा अलौकिक जगत्‌लाई विषय बनाइएको छ। विषयलाई अतीतमा घटेका घटनालाई कल्पनाले रङ्गाएर प्रस्तुत गरिएको छ। कतिपय कथाले भूतप्रेत तथा अलौकिक शक्तिप्रति गहिरो आस्था देखाएका छन्। कथामा वास्तविक संसारभन्दा पनि अर्को संसार छ भनेर विश्वास गरिएको छ। कथा काल्पनिक भए तापनि चरित्रहरूले यथार्थ संसारका मानिसजस्तै चहलपहल गर्छन्। पात्रहरू अलौकिकताको बाटोबाट पनि यथार्थमैं ओर्लन्छन्। विभिन्न वर्गका पात्रहरू प्रयोग गरिएको भए तापनि ती सामान्य गुण तथा भाव र सोच हुने खालका छन्। बादलपारिबाट कसैले बोलाएजस्तो लाग्नु, मृत्यु भइसकेका व्यक्तिसँग भेट हुनु, मृत्युको पूर्वाभास दिलाउने संयोग हुनु जस्ता घटना कथामा प्रस्तुत गरिएको छ। नारीले जन्मदेखि मृत्युसम्म भोग्नुपर्ने क्रियाकलापको प्रस्तुति पाइने यिनका कथामा नारीप्रति हुने शोषणका अतिरिक्त नारीको नकारात्मक पाटोलाई पनि प्रस्तुत गरिएको छ। कथा आदि, मध्य तथा अन्त्यको क्रममा आधारित छन् भने भाषा सरल, सहज छ। कथामा दार्जिलिङतिरको भाषाको छाप स्पष्ट देखिन्छ। कथाको एउटा सानो उदाहरण-

"भत्काओस् है। आः अझ केके भत्काउँछ ? युग नै भत्किसक्यो समाज भत्किसक्यो। म त झन् उहिले नै भत्किसकें, अब के भत्किसक्नु ?" उसको स्वर

शून्यतामा बिलाउँदै गयो। केवल कुइरोमात्र हुरुरु उसलाई पछ्याउँदै गए"। (भत्केको मान्छे, पृ०८)

(ग) **गीता लिम्बू**- सन् १९९६ मा बूढाबाको छाता (सुमन पल्लव ११) शीर्षकको कथाद्वारा यिनको कथाक्षेत्रमा प्रवेश भएको हो। यसै शीर्षकमा सन् २००३ मा यिनको कथासङ्ग्रह प्रकाशित भएको छ। यस सङ्ग्रहमा आमालाई चिठी, आज पनि द्रौपदी, अभियान, क्रस कनेक्सन, खुब्लेई, झरिमाया, पावर अफ एटर्नी, पेरुङ्गो, बूढाबाको छाता, बुङ्गा दाजु, बोनसाई युद्धभूमि एक झलक, युद्धभूमिमा प्यारो दुश्मन शीर्षकका कथाहरू संकलित छन्।

गीता लिम्बू सामाजिक-यथार्थवादी-स्वचछन्दतावादी तथा आदर्शवादी कथाकार हुन्। यिनका कथामा स्थानीय विषयले महत्त्व पाएका छन्। विद्यार्थीलाई युग अनुसारको शिक्षा दिनुपर्छ, नारीमा चरित्रको महिमा हुनुपर्छ, शोषण, निराशा, असफलता, विवशता आदि जस्ता विषय यिनका कथामा पाइन्छन्। स्थानीय विषयलाई कथामा सहजताकासाथ प्रस्तुत गर्नु यिनका कथाका मुख्य विशेषता हुन्। मेघालय वरिपरिका परिवेशले स्थान पाएका यिनका कथाहरू स्वाभाविक र आकर्षक बनेका छन् भने गाउँ तथा शहरमा घट्ने विविध विषयलाई कथामा प्रमुखता दिइएको छ। मध्यम वर्ग तथा निम्नवर्गका पात्रहरूलाई महत्त्व दिएका यिनका कथाको भाषा सरल, सहज र आकर्षक छ।

उल्लिखित कथासङ्ग्रहबाहेक धेरै महिलाहरूका कथा विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन्। विभिन्न पत्रपत्रिकामा प्रकाशित कथाहरूको उल्लेख तल गरिएको छ- बसन्ती जोशी - उसको गुनासो (विद्यार्थी, १/१, सन् १९७२), हिम जोशी- अन्याय (विद्यार्थी १/१, सन् १९७२), रामकुमारी लामा - पर्खाल (मादल, घन्काई १ सन् १९७२) र नोकरी (मादल, घन्काई ४, १९७५), गङ्गा जोशी- गरिबी (जनशक्ति १/१ सन् १९७६), कुसुम थापा - दशैं (युगदृष्टि १/१ सन् १९८९), यारी (स्रष्टा १२/३० सन् १९९९), 'शान्ति' (गोर्खा पाठशाला स्मारिका, तुरा, सन् १९९६), टीना छेत्र- 'बुढी आमाको सपना' (गोर्खा पाठशाला स्मारिका तुरा, सन् १९९६), मञ्जु लामा- 'काँचो धागो' (कोसेली ४/३६ सन् २००६), 'विवशता' (कोसेली ४/३६ सन् २००६), 'भक्ते' (कोसेली ५/६ सन् २००७), अमूल्य उपहार (कोसेली ५/१६ सन् २००७), 'अधूरो सपना' (कोसेली ४/४५ सन् २००७), 'सुनको सिक्री' (कोसेली, ४/४६ सन् २००७), 'विवशता' (कोसेली ४/५२ सन् २००७), अनामिका 'बलि' (गोर्खा दुर्गा पूजा स्मारिका सन् २०१२) आदि।

पत्रपत्रिकामा प्रकाशित यी कथाहरू पनि यथार्थवादी र स्वच्छन्तावादी भावधारामा आधारित छन् । यी कथाहरूले समसामयिक युगका समस्या, विवशता, आक्रोश, नारी मनका भावना तथा छटपटी, आमाको सपना आदि जस्ता अनेक विषयलाई कथावस्तु बनाएका छन् । सरल तथा सहज भाषामा लेखिएका यी कथा आकर्षक पनि छन् । उदारहरणका रूपमा केही हरफहरू हेर्न सकिन्छ-

"तेइस वर्ष घस्रिसकेको छ । ऊ सम्झन्छे । यत्तिका वर्षहरूभित्र उसका संघर्षमय दिनहरू कसरी बिते ऊ चालै पाउँदिन । कार्यालयको व्यस्ततामा र परागको पालनपोषन गर्नुमा आफूलाई होमिदिएकी थिई "(कुसुम थापा, सुमन पल्लव, १५ नारी विशेषाङ्क सन् २०००) ।

(३) **नाटक**

नाटक साहित्यको महत्त्वपूर्ण विधा भए तापनि यस विषयलाई अघि बढाउन महिलाहरूको त्यति उल्लेखनीय योगदान भएको पाइँदैन । मेघालयको लामो साहित्यको विकासमा तीनजना महिलाहरू यस विषयमा अघिसरेको पाइन्छ । गङ्गा देवी पाण्डेले हाम्रो अस्तित्व नाटक लेखेको पाइएको छ । पल्टनियाँ जीवनलाई विषय बनाएर लेखिएको यो नाटकले पल्टनमा गोर्खाहरूको अस्तित्व कस्तो छ भनेर देखाइएको छ । चार दृश्यमा लेखिएको यस नाटकले गोर्खाली समाजमा व्याप्त अशिक्षा, कुलत र अन्धकारलाई स्पष्ट पारेको छ । एउटा उदाहरण-

'बाजे - (उतिर हेर्दै) आज के भयो ?"

'वीरे - (खुशी हुँदै) - बाबा ईश्वरको कृपाले म पास भएँ पर्सि बिहानको गाडीमा जाने भएँ'

बाजे- ए तँ भर्ती भइस्, अब लडाईं हुन्छ भन्छन् ईण्डिया र पाकिस्तानको (सुमन पल्लव १५ सन् १९९८)

गीता लिम्बूद्वारा लेखिएको नवजात सैनिक शीर्षकको एकाङ्की नाटकले पनि पल्टनियाँ जीवनको विश्लेषण गरेको छ । अनामिकाद्वारा लेखिएको संवादात्मक नाटकले समसामयिक युगका अनेक विषयमाथि व्यङ्ग्य गरेको छ । उक्त नाटकले गरिबी, महँगी, अभाव, कुसङ्गत, कुलत, नोकरीजीवी, जीवनमा आइपर्ने समस्यामाथि आलोचना तथा व्यङ्ग्य गरेको छ । समाजमा (विशेष गरी नेपाली) व्याप्त अनेक प्रकारका जटिलतालाई सहज तथा आकर्षक भाषामा बुझाएको छ । यसरी थोरै नाटक लेखेर पनि मेघालयका महिलाहरूले समाजका अनेक विषय सरल, सहज र आकर्षक

भाषामा समाज समक्ष प्रस्तुत गर्न सक्षम भएका छन् ।

(४) **निबन्ध, लेख आदि**

मेघालयका नेपाली महिलाहरूले कविता, कथा, तथा नाटकबाहेक निबन्ध, लेख, समालोचना आदि विषयमा पनि प्रशस्त कलम चलाएका छन् । निबन्ध सङ्ग्रहका रूपमा प्रकाशित नभए तापनि थुप्रै निबन्ध पत्रपत्रिकामा लेखेर आफ्नो उपस्थिति जनाएका छन् । निबन्ध, लेख आदिका माध्यमबाट आफ्नो विचार स्वतन्त्रतापूर्वक व्यक्त गर्नसक्ने भएकाले यस विधामा उनीहरूले प्रशस्त मात्रामा कलम चलाएका छन् ।

अन्जु शर्माको 'आजको युग स्त्री र पुरुष' (तरूण, ३/४ सन् १९७१) शीर्षकको लेख मेघालयका महिलाहरूले प्रकाशित गरेको पहिलो लेख हो । उक्त लेखपछि महिलाहरूले विभिन्न विषयमा आफ्नो भाव प्रकट गरेर निबन्धादिको फाँटलाई मलिलो पारेको देखिन्छ । निबन्ध विधामा कलम चलाउने महिलाहरूको उल्लेख तल गरिएको छ- गङ्गा जोशी- 'नारीको मुक्ति कसरी' (पसिना १/१, सन् १९७४), माया ठकुरी 'उज्यालोतिर' (मादल, ४/४ सन् १९७४), सरस्वती सोनार 'ओइलिएको फूल' (सुमन, पल्लव ८ सन् १९७८), सीता हरण, (सुमन, पल्लव ८ सन् १९९८), 'रामभक्त सबरी' (सुमन, पल्लव ८ सन् २०००), 'राम वनवास' (सुमन, पल्लव १३/१४ सन् १९९७), 'राम मिलाप'(सुमन, पल्लव ८ सन् १९९८), सुषमा क्षेत्री 'जननीको आवाज' (तरूण ३/४ सन् १९७१), दिव्यादेवी सुवेदी 'नारी र हाम्रो समाज' (सुमन, पल्लव १५ सन् १९९८), गोमादेवी कँडेल 'शिक्षण पक्षमा अभिभावकको भूमिका' (स्मारिका गोर्खा पाठशाला नयाँ बङ्गला, सन् २००३), शकुन्तला थापा- 'नङ्पो नेपाली स्कुलको संक्षिप्त इतिहास' (स्मारिका गोर्खा पाठशाला, नयाँ बङ्गला, सन् २००३), मिना शर्मा 'ठाउँ बोल्छ' (स्मारिका गोर्खा पाठशाला नयाँ बङ्गला, सन् २००३), उर्मिला सुब्बा- 'नौलो इतिहास लेख' (स्मारिका गोर्खा पाठशाला नयाँ बङ्गला, सन् २००३), जशोदा नेवार 'बहिनीलाई चिठी' (सुमन १६, सन् १९९८), गीता लिम्बू' वधू शिक्षाप्रति सानो स्पर्धा' (सम्झौटो, सन् २००४), मञ्जु लामा 'सेवा नै धर्म हो' (कोसेली, ९/२३ सन् २०१२), केन्सर रोगमाथि विजययात्राभित्र 'रुमालिन पुग्दा' (कोसेली ८/४६, सन् २०११), 'नारी आजको युगमा' (प्रतिभा' पन्थरमुखा नेपाली स्कुल, सन् २०१२), अनामिका राई 'एउटा सहर घुमेर आएपछि' (कोसेली, ९/२६, सन् २०१२) ।

**३. उपसंहार**

मेघालयमा नेपाली महिला साहित्यकारहरूको इतिहासलाई हेर्दा नेपाली

साहित्यको विकासमा उल्लेखनीय योगदान रहेको देखिन्छ। यद्यपि कृति प्रकाशनको दृष्टिले त्यति विकास नभएको भए तापनि सन् पचासको दशकदेखि नै विभिन्न पत्रपत्रिकामा कविता कथा, नाटक, निबन्ध आदि लेखेर योगदान दिने काम गरेको सजिलै बुझ्न सकिन्छ। मेघालयको नेपाली साहित्यको विकासमा महिलाहरूको उपस्थिति परिमाणात्मक र गुणात्मक दुवै दृष्टिले महत्त्वपूर्ण रहेको छ। मेघालयको महिला साहित्यको लेखनको प्रारम्भ केही पछि भएको भए पनि थुप्रै महिला लेखकहरूको प्रवेश भएको पाइन्छ र यिनीहरूले आफ्नो स्थान सुरक्षित गर्न सफल भएका छन् भने आफ्ना विभिन्न लेखनीद्वारा नारीवादी स्वर समाजसम्म पुराउन सक्षम बनेका छन्। माया ठकुरी, अनामिका, गीता लिम्बू, दिव्यादेवी सुवेदीले कृति प्रकाशित गराएर इतिहासमा आफ्नो नाम सुरक्षित पारेका छन् भने अरू महिलाहरूले भिन्न-भिन्न पत्रपत्रिकामा रचना लेखेर साहित्यको विकासलाई निरन्तरता दिने महत्त्वपूर्ण काम गरेका छन्। समाजमा उत्पन्न पारिवारिक समस्या, नारीप्रति हुने सामाजिक र मानसिक पीडा, शोषण देखाउनुका साथै पुरुषबाट हुने गरेका यौन उत्पीडन, यातना आदि विषय मार्मिक रूपमा व्यक्त गर्न सफल भएका छन्। मेघालयका महिला सर्जकहरूले आफ्ना विभिन्न रचनामा आमा, दिदी-बहिनी, प्रेमिका आदिले विभिन्न भूमिका निर्वाह गरी नारीको त्याग, बलिदान, सहनशीलता, कर्तव्यबोधलाई कतै स्वच्छन्दतावादी कतै यथार्थवादी ढङ्गले प्रस्तुत गर्न सफल भएका छन्। यी महिलाहरूले नारी भावनाबाहेक समाजमा रहेका, हुने गरेका विभिन्न विसङ्गतिको विद्रोह पनि गरेका छन्। धेरैजसो महिलाहरूका रचना सहज र बोधगम्य छन् भने भाषा सरल रहेको छ।

मेघालयका महिलाहरूले यहाँको नेपाली साहित्यलाई अघि बढाउन र विकास गराउन महत्त्वपूर्ण स्थान दिएका छन्। नारी समस्याको प्रस्तुति, नारीवादी चिन्तन, जीवनमूल्यको खोजी, आशावादी दृष्टिकोण, युगीन परिवेशको चित्रणलाई कतै मनोविश्लेषण र कतै स्वच्छन्दतावादी-प्रगतिवादी दृष्टिकोणले प्रस्तुत गरी समाजमा विचार राख्न सफल भएका छन्। समग्रमा मेघालयको नेपाली साहित्यको विकासमा महिलाको भूमिका हेर्दा र सिर्जनधर्मितालाई केलाउँदा यिनीहरूको योगदान उल्लेखनीय रहेको देखिन्छ।

**सन्दर्भसामग्री-सूची**

अनामिका, अन्तरद्वन्द्व, तेजपुर सुवेदी प्रकाशन, सन् २०००।

..............., नीलकण्ठ, तेजपुर : सुवेदी प्रकाशन, सन् २००१।

..............., बादलपारिको आह्वान, तेजपुरः सुवेदी प्रकाशन, सन् २००२।

उपाध्याय, भीमकान्त, सरसर्ती पढ्दा, मालीगाउँ : नयाँ घुम्ती प्रकाशन, सन् १९८३ ।
.............., सवाई र लहरी काव्य-सङ्ग्रह, दिल्लीः साहित्य अकादेमी, सन् १९९९ ।
क्षत्री, तारा, नेपाली साहित्यमा सुमन पत्रिकाको योगदान, अप्रकाशित एम्.ए. शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि, कीर्तिपुर, वि.सं. २०५० ।
क्षत्री, लीलबहादुर, पूर्वाञ्चल भारतीय नेपाली कथा सहित्य र पत्रकारिताको इतिवृत्ति, गुवाहाटी ; पङ्कज पल्लव प्रकाशन, सन् १९९७ ।
ठकुरी, माया, नजुरेको जोडी, काठमाडौँ : रत्नपुस्तक भण्डार, २०३० ।
.............., गमलाको फूलः काठमाडौँ : साझा प्रकाशन, २०३९ ।
थापा, शान्ति, असमेली नेपाली कथायात्रा, असम : नेपाली साहित्य परिषद्, सन् २००८ ।
पराजुली, लक्ष्मीप्रसाद, नेपाली कथा - साहित्यमा उत्तर-पूर्वीय भारतको योगदान, असमः गीता पराजुली, शिङरी, सन् २००१ ।
रावत, गोविन्दसिंह, नेपाली साहित्यको विकासमा मेघालयको योगदान, अप्रकाशित एम.ए. शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर वि. सं.२०४० ।
.............., पूर्वाञ्चल भारतको नेपाली कविता; एक सर्वेक्षण, असम नेपाली साहित्य परिषद्, सन् १९८६ ।
लिम्बू, गीता, बिहानी, शिलाङ ; शिवधारा लापालाङ, मेघालय, सन् २००८ ।
.............., बुढाबाको छाता, लापालाङ : अमर लिम्बू, शिलाङ, सन् २००३ ।
लुइटेल, लीला, नेपाली महिला कथाकार, काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०६० ।
.............., नेपाली कथा, असमः गुवाहाटी विश्वविद्यालय, सन् २०१० ।
.............., भारतीय नेपाली महिला कथाकार, गरिमा (३९७, २०६८), पृ ३०५ ।
सापकोटा, नव (सम्पा.), असमेली नेपाली कविता यात्रा, गुवाहाटी नेपाली साहित्य परिषद्, सन् २०१३ ।
सुवेदी, दिव्यादेवी, अनुभूतिका तरेलीहरू, शिलाङ : प्रकाशक स्वयं, सन् २०१६ ।

# देहरादूनमा लाहुरेको रेलिमाई : एक समीक्षा



✍ उदय ठाकुर

उपन्यास आधुनिक सभ्यताको एउटा लोकप्रिय कलाको स्वरूप हो। साहित्यमा कविता, निबन्ध, कथा इत्यादि विधाहरू छन्। तीमध्ये उपन्यास पनि एक हो। उपन्यासमा मनोरञ्जन र कथात्मकता हुने हुनाले यो अरूभन्दा रोचक हुन्छ। मुख्यतः मानवजीवनमा केन्द्रित हुँदै यसले विस्तृत परिवेश समेटेको हुन्छ। जीवनका अनेक पक्षहरू हुन्छन्। एउटा सानो पक्षलाई लिएर लेखिएको उपन्यास अति गहन र सूक्ष्म पनि हुन सक्छ।




उपन्यासको उत्पत्ति तथा विकास झण्डै पच्चीस सय वर्षअघि सुरु भएको देखिन्छ। त्यतिबेला भरतमुनिले नाट्यशास्त्रमा यसको उल्लेख गरेर शाब्दिक परिचय गराएका थिए। देश विदेशका साहित्यिक विधाका विभिन्न पुस्तक पढेर प्रेरणा प्राप्त गरे पनि आफ्नै अनुकूल परिस्थिति सिर्जना नहुँदासम्म लेखनको विकास सम्भव हुँदैन। नेपाली उपन्यास लेखनमा पनि यो लागू हुन्छ। मानिसको सामाजिक जीवनमा अनेक घटना घटिरहेका हुन्छन्। कुनै सामान्य हुन्छन् भने कुनै विशेष हुन सक्छन्। तिनै विशेष घटना लेखनका लागि सहायक सिद्ध हुन सक्छन्। समाजमा जनजागृति ल्याउने कार्य पनि उपन्यास लेखनमा एक रोचक विषयवस्तु बन्न सक्छ।

बहुप्रतिभा सम्पन्न मास्टर मित्रसेनले तत्कालीन नेपाली गोर्खा समाजमा साहित्य र गीतसङ्गीतमार्फत जनजागरण फैलाउने महान् कार्य गरेका थिए। मित्रसेनको यही योगदान विजय हितानलाई उपन्यास लेखनका लागि खुराक बनेछ। अनि त उनले

मित्रसेनको जीवनमा आधारित उपन्यास 'लाहुरेको रेलिमाई' लेखेर त्यसको प्रवर्धनमा देहरादून आइपुगेका थिए। दिनाङ्क ५ नवम्बर २०२३ का दिन बिहान ११ बजे गोर्खाली सुधार सभा गढी कैन्ट देहरादूनमा भारतीय मगर समाज समितिद्वारा संवाद कार्यक्रमको आयोजना गरिएको थियो । त्यस कार्यक्रममा विजय हितानद्वारा लिखित उपन्यास "लाहुरेको रेलिमाई" को समीक्षा गरिएको थियो ।

सन् १९३८ मा स्थापित गोर्खाली सुधार सभाका संस्थापक सदस्य थिए मित्रसेन । यो संस्था स्थापना गर्नमा उनको प्रमुख भूमिका छ। अनि त कस्तो संयोग भने नि तिनै मित्रसेनका बारेमा लेखिएको उपन्यासलाई उनैले स्थापना गरिदिएको संस्थाको सभाहलमा हामीहरू विमर्श गरिरहेका छौं। लेखकसँग अन्तर्संवाद गरिरहेका छौं।

सरल र सहज भाषामा 'लाहुरेको रेलिमाई' अगाडि बगेको छ। उपन्यासभित्र अलौकिता, साहसिकता, अद्‌भुतता अनि नेपाली मन र नेपाली पनको बास्तविक चित्रण गरेको पाइन्छ। प्रथम विश्वयुद्धमा गोर्खाली पल्टनहरूको संलग्नतालाई बडो कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ। युद्धरत मित्रसेन र घर छाडेर गएको परिवारको पीडादायक संवेदनालाई हृदयविदारक तरिकाले अभिव्यक्त गरिएको छ। युद्धसाहित्यको एक उत्कृष्ट लेखनको उदाहरण हो यो । यो एउटा भावुकताजन्य आख्यान हो, जसलाई पाठकहरूले खुब मन पराउने छन् भन्ने मलाई लागेको छ । उपन्यासमा युद्धरत सिपाहीका दिनहरू त्रासदीपूर्ण अवस्थाबाट गुज्रिरहेको हुन्छ । मित्रसेन र अन्य गोर्खाली सिपाहीले व्यतीत गरेको जीवनलाई हेर्दा उपन्यासकारलाई करुणाका छविकार भन्न सकिन्छ। पढ्दै जाँदा मित्रसेन, कप्तान बहादुरसिंह बराल, भीसीद्वय कुलवीर थापामगर र कर्णबहादुर रानामगर साथै मास्टर मित्रसेनसँग गीतसङ्गीत, नाटक र समाजसुधारमा सहकार्य गरेका अनि तात्कालीन भूपू गोर्खा यसोसियशनका व्यक्तित्वहरूसँग साक्षात्कार हुँदै जान्छौं। यो एक नियात्रा धारमा लेखिएको हुनाले पाठकअगाडि चित्रैचित्र कोर्दै जान्छन् । यस उपन्यासको फ्रेम भनेकै वर्णनात्मक शैलीमा मित्रसेन कुनकुन दिन युद्ध लड्दैलड्दै कहाँकहाँ पुगे भनेर लेखिनु हो। यस्तो लेखनशैली नै यस उपन्यासको उत्कृष्टता हो, यसको विशेषता हो। अनि यसभित्रका शब्दहरू एउटा कालजयी गीतजस्तै बनेर पाठकको मनमस्तिष्कमा सधैं रहिहनेछन् ।

'लाहुरेको रेलिमाई'मा मित्रसेनका भावनालाई मनन गर्दा लाग्छ, यो त पूजामा पञ्चामृत बाँडेझैं मात्र हो। हितानको कलमबाट कोरिएका यस्ता उपन्यास भविष्यमा धेरै पढ्ने आशा राखेको छु। आफ्नो जाति विशेषप्रति कस्तो अटुट सम्बन्ध हुन्छ,

कति गहिरो माया हुन्छ, कति ठूलो योगदान दिएका रहेछन् भन्ने कुरा यस उपन्यास पढेर छर्लङ्ग हुन्छ।

'लाहुरेको रेलिमाई' गीत मित्रसेनद्वारा रचित स्वयम्ले गाएको एक प्रसिद्ध कालजयी झ्याउरे गीत हो । यसका बारेमा एक रोचक प्रसङ्ग छ । सन् १९६२ को भारतचीन युद्धपश्चात् कवि प्रदीपले लेखेको 'ऐ मेरे वतन के लोगों जरा आँख मैं भरलो पानी, जो शहिद हुए हैं उनकी जरा याद करो कुर्बानी' गीतलाई स्वर साम्राज्ञी लता मङ्गेशकरले गाउँदा तत्कालीन भारतीय प्रधानमन्त्री पण्डित जवाहरलाल नेहरूको आँखा आँसुले भिजेका थिए । मराठा अनि गोर्खा पल्टनका जवानहरूको एक संयुक्त सांस्कृतिक समारोह हुँदै थियो । फिल्ड मार्शल मानेक्शा त्यस समारोहमा मुख्य अतिथिको रूपमा आएका थिए । मराठा जवानहरूले सर्वप्रथम आफ्नो प्रस्तुतिमा 'ए मेरे वतन के लोगों जरा आँखमे भर लो पानी...' गीत प्रस्तुत गर्दै थिए । बीचमै मानेक्शा आफ्नो स्थानबाट जुरुक्कै उठे र यस गीतको प्रस्तुतिलाई रोक्न भने । अनि जोडले कराए, 'ए माइला, ए साइँला यता आऊ । तिमीहरू सिपाही हो, तिमीहरूले यस्तो रुन्चे गीत गाउन पर्दैन । ' उनले, 'आऊ मसँग गाऊ र नाच भन्दै, '**लाहुरेको रेलिमाई फेसनै राम्रो, रातो रुमाल रेलीमाई खुकरी भिरेको**..' गीत गाउन थाले । सिपाहीको मन दुःखी तुल्याउने होइन कि उनीहरूको मनोबललाई उच्च राख्ने सङ्गीत प्रस्तुत गरिनुपर्छ भन्ने मानेक्शाको मनसाय थियो ।

हामीलाई गर्व लाग्छ कि गोर्खा पल्टनका सैनिकहरूको मनमुटुमा बस्न सफल यस गीतलाई टिपेर विजय हितानले उपन्यास लेखेछन् ।

मित्रसेनसँग जोडिने नाम हो बहादुरसिंङ बराल । बहादुरसिंह बरालको साथ र सहयोगले उनी भारत र नेपालका विभिन्न स्थानहरूमा भ्रमण गर्दै गीतसङ्गीत र नाटक प्रस्तुत गरेर नेपाली संस्कृतिको प्रचारप्रसारमा जुटेका थिए । मित्रसेनको जीवनमा महात्मा नरबहादुर थापाको पनि ठूलो प्रभाव थियो । सन् १९३४-३५ तिर मित्रसेनको उनीसँग भेट भएको थियो । उनले नै मित्रसेनलाई समाजसुधारको कार्यतिर लगाएका थिए । भक्तिभावमा रत महात्मा नरबहादुर थापा एक चमत्कारी व्यक्ति थिए । भगवान्को ध्यानमा बसिरहने उनी लाहोरको मिलिटरी इञ्जिनियर सर्भिस विभागमा क्लर्क थिए । हिमाञ्चलको मकडी गाउँमा उनको प्रतिमा, समाधिस्थल र मन्दिर छ । उनी त्यो गाउँमा कुलदेवताको रूपमा पूजित छन् । प्रत्येक वर्ष मार्च १३-१४ तारिखमा पर्ने सङ्क्रान्तिको दिन उनको स्मृतिमा भव्य मेला लाग्छ । अप्रिल १५ तारिखका दिन मन्दिरमा भण्डार लगाइन्छ र रातभरि जागरण गरिन्छ ।

स्मरण रहोस् कि २० नोभेम्बर १९९९ मा नेपाल सरकार र १ अक्टोबर २००१ मा भारत सरकारले मित्रसेनको नाममा हुलाक टिकट जारी गरेका थिए। मित्रसेन एक राष्ट्रवादी, भाषाप्रेमी, बहुआयामिक प्रतिभाशाली व्यक्तित्व थिए।

मित्रसेनको गायनका बारेमा अझ अर्को रोचक प्रसङ्गको पनि यहाँ चर्चा गरिन जरुरी छ। जसलाई लाहुरेको रेलिमाई भित्रको '**शिलाङतिर बरालिँदै दार्जिलिङ**' शीर्षक दिइएको अनुच्छेदमा आकर्षक ढङ्गले प्रस्तुत गरिएको छ। यो शिलाङको कुरा हो। नरध्वज नामका एक नेपालीको घरमा भजन गाउँदै थिए मित्रसेनले। घरको अर्को कुनामा त्यही बेला मणिपुरे युवतीको नृत्य सुरु भएछ। मानिसहरू ती युवतीको नृत्य हेर्न उतै झुम्मिएछन्। त्यो देखेर मित्रसेनलाई रिस उठेछ। अनि त हार्मोनियमको तालमा उनले हिन्दी, उर्दू मिश्रित गाना यसरी गाए कि नृत्य हेर्न गएकाहरू हुरुरु फर्केर मित्रसेनलाई सुन्न आएछन्। त्यतिबेला मित्रसेन आफ्नो गायन बन्द गरेर उठे र भनेका थिए, '**म नेपाली भाषाको लोकगीत, सङ्गीत प्रवर्धन गर्ने मान्छे हुँ। नेपाली भाषाको अपमान सहन सक्दिनँ।** ' अनि उपस्थित दर्शक र घरबेटीले आफ्नो साङ्गीतिक प्रस्तुतिलाई निरन्तरता दिन निवेदन गर्दागर्दै पनि उनी उठेर हिँडेका थिए।

निष्कर्षमा ऐतिहासिक, गुणात्मक, परिमाणात्मक र प्रकारगत रूपमा केलाउँदा हितानको नेपाली साहित्यको क्षेत्रमा योगदान अत्यन्त महत्वपूर्ण रहेको छ भन्ने कुराको पुष्टि हुन्छ। यसरी नेपाली साङ्गीतिक आकाशका चम्किला तारा मास्टर मित्रसेनको प्रकाशलाई विलीन हुन नदिन 'लाहुरेको रेलिमाई' उपन्यासले आउने दिनहरूमा महत्त्वपूर्ण भूमिका खेल्नेछ भन्दै यसका लेखक हितानलाई हार्दिक बधाई अनि शुभकामना!

**गढी केन्ट, देहरादून**


# किरण पुस्तकालय

**तम्घास, गुल्मीलाई**

**आफ्ना प्रकाशनहरू उपलब्ध गराई सहयोग गर्नुहोस्।**



# भाषा मान्यताको निर्णायक आन्दोलन– एक सिंहावलोकन

चन्द्र दुलाल

दार्जिलिङमा माटोको आन्दोलन चरममा पुगेर सामान्य अवस्थातिर फर्किंदै थियो । यसअघि नै अखिल भारतीय नेपाली भाषा समितिको मूल कार्यालय दार्जिलिङबाट देहरादून पुगेको थियो । यता सिक्किममा सन् १९९० को प्रारम्भदेखि नै राष्ट्रिय स्तरमा नेपाली भाषाको संवैधानिक मान्यताका निम्ति बृहत् महासम्मेलन आयोजन गर्ने कुरा चुलिन थालेको थियो । तर सम्मेलन सरकारी स्तरमा गर्ने वा कुनै संस्थाको तत्त्वावधानमा आयोजन गर्ने भन्ने कुरा भने स्पष्ट भएको थिएन । अन्ततः सिक्किम साहित्य परिषद् (हालको नेपाली साहित्य परिषद्, सिक्किम) को कार्यकारिणी समितिले यस विषयलाई लिएर त्यसताकका मुख्यमन्त्री नरबहादुर भण्डारीसँग शिष्टाचार भेट गऱ्यो । यस भेटघाटको क्रममा मुख्यमन्त्री महोदयले यस महासम्मेलन सिक्किम साहित्य परिषद् (हालको नेपाली साहित्य परिषद्, सिक्किम) को तत्त्वावधानमा एउटा उपसमिति गठन गरी आयोजन गर्न निर्देश दिनुभएपछि परिषद्ले आयोजक समिति गठन गर्दै समितिको अध्यक्षका रूपमा मुख्यमन्त्री महोदयलाई नै निवेदन गर्दै उहाँबाट स्वीकृति लियो ।

सोहीअनुरूप आयोजक समितिको गठनको प्रक्रियालाई परिषद्ले अघि बढाउँदै उपाध्यक्षहरूको मनोनयनसँगै पद्मश्री सानु लामालाई आयोजक समितिको मूलसचिव मनोनीत गऱ्यो भने संयुक्त सचिव, कोषाध्यक्ष, विभागीय सचिव, समन्वयक आदिको मनोनयनसँगै सम्मेलनलाई सफलतापूर्वक सम्पन्न गर्न विभिन्न उपसमितिहरू पनि गठन गऱ्यो, जसमा कोष सङ्ग्रह उपसमिति, प्रकाशन उपसमिति, यातायात उपसमिति, खाद्य आवास उपसमिति, सांस्कृतिक कार्यक्रम उपसमिति, मञ्चसज्जा उपसमिति, स्वागत उपसमिति प्रमुख रहेका थिए । राष्ट्रिय स्तरको यस महासम्मेलनलाई सफलतापूर्वक सम्पन्न गराउनुपर्ने चुनौती आयोजक समितिमाथि आइलागेको हुनाले सन् १९९० को अप्रेल महिनादेखि नै बैठकहरूको 'रिले रेस' शुरु भयो । परिषद्को आफ्नो निजी भवन नभएकोले गर्दा बैठक तथा कार्य सञ्चालनका निम्ति विधायक आवासको एउटा कक्षमा कार्यालय स्थापित गरिएको थियो । यसै बैठकको क्रममा ११ र १२ जून,

१९९० का दिन दुई दिवसीय अखिल भारतीय नेपाली भाषा सम्मेलन गान्तोकस्थित सङ्ग्राम भवनमा आयोजन गर्ने निर्णय आयोजक समितिले लियो । सम्मेलनमा भारतका विभिन्न प्रान्तहरूबाट विभिन्न सङ्घ- संस्थाका प्रतिनिधिहरूसँगै लोकसभा र राज्यसभाका केही सांसद सदस्यहरूलाई पनि निम्त्याउने निर्णय भयो । सोहीअनुरूप आयोजक समितिले सम्पूर्ण प्रबन्ध मिलाउँदै प्रतिनिधि तथा अतिथिहरूलाई पत्राचार गर्ने कार्य बृहत् रूपमा गऱ्यो ।

दिन, हप्ता र महिना गर्दै सम्मेलनको तिथि पनि आइपुग्यो । गान्तोकलाई शहर कुनै चाडउत्सव आउन आँटेको हो कि झैँ सिँगारिएको थियो । १० जूनसम्ममा प्रायः सबै प्रतिनिधि तथा अतिथिहरूको गान्तोक आगमन भइसकेको थियो । सिक्किमलगायत दार्जिलिङ, कालेबुङ, खरसाङ, सिलगढी, डुवर्स, असम, नागाल्याण्ड, मणिपुर, मेघालय, मिजोरम, त्रिपुरा, अरुणाचलसँगै दिल्ली, देहरादून, भाग्सु आदि ठाउँहरूबाट आएका प्रतिनिधि तथा अतिथिहरूले गर्दा प्रायः गान्तोकका सबै होटल र विश्रामगृहहरू टम्म भरिएका थिए । देशका विभिन्न ठाउँबाट आउने प्रतिनिधि तथा अतिथिहरूलाई पाँच अञ्चलमा विभाजन गरिएको थियो, जसलाई सिक्किम अञ्चल, दार्जिलिङ अञ्चल, डुवर्स अञ्चल, पूर्वाञ्चल र पश्चिमाञ्चल भनेर नाम दिइएको थियो । सोहीअनुरूप सम्मेलनका वक्ताहरू चयन गर्ने काम भएको थियो ।

११ जूनको दिन बिहानदेखि नै सङ्ग्राम भवन खचाखच भरिएको थियो । भवनभित्र प्रतिनिधि र अतिथिहरूको भीडले ठाउँ पाएन । यसले गर्दा भवनको बाहिरी भागमा केबल टीभी जडान गर्न आयोजक समिति बाध्य बन्नुपऱ्यो । कार्यसूची अनुरूप सीके श्रेष्ठज्यूको उद्घोषणासँगै सम्मेलन शुभारम्भ भयो । सर्वप्रथम आयोजक समितिका अध्यक्ष नरबहादुर भण्डारीज्यूले आफ्नो स्वागत सम्बोधनको क्रममा नेपाली भाषामाथि आफ्नो विचार राख्दै जाँदा भवन हर्षको नाराले गुञ्जायमान भई उठ्यो । यसपछि सिक्किमबाट भाषा आन्दोलनको एक संक्षिप्त टिपोट राधाकृष्ण शर्माद्वारा सम्मेलनमा प्रस्तुत गरिएपछि वक्तव्यको क्रममा चित्त बसु, सांसद, राजु परमार, सांसद, महेश्वर सिंह, सांसद, डा रामचन्द्र डोम, सांसद, एचबी राई, सांसद, शान्तिलाल पटेल, सांसद साथै सिक्किम अञ्चलबाट सानु लामा, दार्जिलिङ अञ्चलबाट शिवकुमार राई, डुवर्स अञ्चलबाट सुखमन मोक्तान, पूर्वाञ्चलबाट विष्णुलाल उपाध्याय, पश्चिमाञ्चलबाट शिवानन्द उपाध्यायलगायत सम्मेलनको प्रथम सत्रका सभाध्यक्ष डा. कुमार प्रधान र मुख्य अतिथि तेजबहादुर शाही र दोस्रो सत्रका सभाध्यक्ष तारापति उपाध्याय र मुख्य अतिथि डा कमला सांकृत्यान आदि सबै वक्ताहरूले नेपाली भाषाले संविधानको आठौँ अनुसूचीमा अन्तर्भुक्त हुनलाई मापदण्डहरू पूरा गर्ने धेरै आधार र पक्षहरू

सम्मेलनमा राख्दै यसको समाधानका निम्ति राष्ट्रिय स्तरमा एउटा सशक्त मञ्च गठन गरी त्यसै मञ्चमार्फत भाषाको मागलाई अघि बढाएर लानुपर्ने कुरामाथि जोड दिएपछि सैद्धान्तिक रूपमा सम्मेलनले यो कुरा स्वीकार गऱ्यो । भारतका सबै अञ्चलका वक्ताहरूको विचारलाई मध्यनजरमा राख्दै सोही बेलुकी ५८ सदस्यीय मसौदा पुनरावलोकन समितिको बैठक होटल नरखिलमा बस्यो ।

यस बैठकले राष्ट्रिय स्तरको शीर्षस्थ संस्थाको नाम भारतीय नेपाली राष्ट्रिय परिषद् (भानेराप) राख्ने कुरामाथि मोहर लगाउँदै संस्थाको चिह्न (लोगो) शङ्ख रहने र अध्यक्षको रूपमा मुख्यमन्त्री नरबहादुर भण्डारीलाई निवेदन गर्ने निर्णय सभाले लियो । यसरी नै कार्यकारिणी सदस्यको रूपमा भारतभरिबाट ५१ जना विशिष्ट सक्रिय व्यक्तिहरूलाई मनोनयन गरिने, जसलाई अध्यक्षले सम्बन्धित अञ्चलका बुद्धिजीवीहरूसँग परामर्श गरेर मनोनीत गर्नुपर्ने कुरामाथि छलफल गर्दै भोलि तथा १२ जूनको दिन सभाको निर्णय सम्मेलनमा अनुमोदन गर्ने निधो सभाले लियो ।

१२ जून, १९९० को त्यस शुभ मुहूर्तमा मसौदा पुनरावलोकन समितिले निर्णय लिएको प्रस्ताव सम्मेलनमा अनुमोदनका निम्ति राखिएपछि सर्वसम्मतिले हर्षोल्लासका साथ तालीको गडगडाहटमा यस ऐतिहासिक प्रस्तावलाई अनुमोदन गऱ्यो । यसै सन्दर्भमा त्यसताक केन्द्रमा रहेको जनता दलको भीपी सिंह सरकारलाई यथाशीघ्र स्मारक पत्र चढाउने निर्णय सम्मेलनले लिएको हुनाले स्मारक पत्रको मसौदा डा शान्ति छेत्रीले पढेर सुनाएपछि सम्मेलनले यसलाई पनि अनुमोदन गऱ्यो । अन्त्यमा नवनिर्वाचित अध्यक्ष नरबहादुर भण्डारीको समापन सम्बोधनले उपस्थित प्रतिनिधि तथा अतिथिहरूलाई एउटा नयाँ बिहानीको आभास दिलायो भने लगभग तीन घण्टाको यस सम्बोधनले सबैमा ठूलो आशा र भरोसा जगायो । सम्पूर्ण भारतीय नेपालीभाषीहरूले जिम्मा लगाएको यस महत् कार्यलाई यथाशीघ्र अघि बढाउनुपर्ने भएको हुँदा कामको थालनी गर्नलाई वक्तव्यको क्रममा अध्यक्ष महोदयले सचिवको रूपमा सानु लामा र सीके श्रेष्ठ अनि कोषाध्यक्षको रूपमा एसआर सुब्बालाई मनोनीत गर्नुभयो ।

सम्मेलनको अन्त्यमा विधानसभा अध्यक्ष दोर्जी छिरिङ भोटियाको धन्यवाद ज्ञापनपश्चात् दुईदिने यो महासम्मेलन सफलतापूर्वक सम्पन्न भयो ।

महासम्मेलनको समाप्तिसँगै परिषद्को आफ्नो निजी भवन नभएकोले गर्दा कार्यालय सञ्चालनका निम्ति सोनाम गऱ्याछो पथस्थित (तिब्बत पथ) एउटा निजी घरको एउटा युनिट भाडामा लिएर परिषद्ले आफ्नो कार्य अघि बढाउने निर्णय लियो । त्यसताक हालको नेपाली साहित्य परिषद् भवन भर्खर गान्तोकस्थित डेभलपमेन्ट एरियामा निर्माणाधीन अवस्थामा थियो । भाडामा कार्यालय प्राप्त

भएपछि परिषद् एक करोड भारतीय नेपालीभाषीहरूको दीर्घकालीन मागलाई पूरा गर्ने अभियानमा जुट्यो । कार्यालयमा बीएम प्रधान 'बमप' र यो कलमकारलाई कर्मचारीका रूपमा नियुक्त गरियो । भानेराप अध्यक्ष स्वयम्ले १ जून, १९९० को दिन हस्ताक्षर गर्नुभएको नियुक्ति पत्र आजपर्यन्त सुरक्षित छ । कार्यालयमा भानेराप र सिक्किम साहित्य परिषद् (हालको नेसाप) दुवै संस्थाको काम बराबर रूपमा सञ्चालन हुने गर्थ्यो । हामीले पनि इमानदारीपूर्वक आआफ्ना जिम्मेवारीहरू वहन गर्दै गर्‍यौं । भारतभरिबाट जम्मा ५१ सदस्यीय कार्यकारिणी समितिको मनोनयन प्रक्रिया पूरा भएपछि बैठकहरूको दौड शुरु भयो । तर केन्द्रमा स्थिर सरकार नभएकोले १९८९ को अन्त्यदेखि १९९१ को जून महिनासम्ममा देशले दुईजना प्रधानमन्त्री देख्नुपर्‍यो । जनता दलबाट भीपी सिंह र समाजवादी जनता पार्टीबाट चन्द्र शेखर । तर यसबीचमा पनि परिषद्का गतिविधिहरू रोकिएनन् । समग्र भारतीय नेपालीभाषीहरूलाई जगाउने काम परिषद्ले गरिरह्यो । अध्यक्षको नेतृत्वमा शिष्टमण्डलीले प्रधानमन्त्रीलाई भेटेर स्मारक पत्र चढाउने र केन्द्रका सबै पार्टीका सांसदहरूलाई नेपाली भाषाको इतिहासबारे सम्झाउने तथा बुझाउने कार्य तीव्र गतिमा अघि बढाएर लग्यो । यस कार्यसँग संलग्न तत्कालीन लोकसभा सांसद नन्दु थापा, राज्यसभा सांसद कर्मा तोप्देन साथै वर्तमान सिक्किमका मुख्यमन्त्रीका सचिव शङ्करदेव ढकाल र पूर्व उपकुलपति डा महेन्द्र पी लामा दिल्लीमै भएको कारणले गर्दा परिषद्लाई देशको राजधानीमा आफ्ना गतिविधिहरू बढाउन सहज बन्यो ।

यस अतिरिक्त भारतीय नेपाली राष्ट्रिय परिषद्ले आधार नाम दिएर भारतीय नेपालीहरूको राष्ट्रिय पत्रिका तथा आफ्नो मुखपत्रलाई मासिक रूपमा प्रकाशन गरेर परिषद्को गतिविधि आम मानिससमक्ष पुर्‍याउने काम गर्दै समस्त भारतीय नेपालीभाषीहरूलाई जागरूक गराउने र यस महत् आन्दोलनमा सहयोग गरिदिने अपील गर्दै गर्‍यो ।

यसैबीचमा केन्द्रमा राजनैतिक दलहरूको खिचातानीले गर्दा सरकार पाँच वर्ष पूरा चल्न सकेन । सन् १९९१ का मई-जून महिनामा देशमा मध्यावधि चुनाउ हुने भयो । चुनाउमा कंग्रेसको जीतसँगै केन्द्रमा पीभी नरसिम्हा रावको नेतृत्वमा सरकार गठन भयो । यता सिक्किमबाट एकमात्र लोकसभा आसनका निम्ति सिक्किम सङ्ग्राम परिषद्बाट श्रीमती दिलकुमारी भण्डारी विपुल मतले निर्वाचित भई दिल्लीको संसद्भवन पुग्दा फेरि एउटा ठूलो आशा, भरोसा र बल सारा भारतीय नेपालीभाषीहरूको मनमा जागेर आयो ।

अब देशले स्थिर सरकार पायो र यो काममा अझ जोडतोडले लाग्नुपर्ने कुरा

महसुस गर्दै परिषद्ले नवनिर्वाचित प्रधानमन्त्री पीभी नरसिम्हा रावलाई भेट्ने, स्मारक पत्र चढाउने, सम्झाउने, बुझाउने र नेपाली भाषासँग सम्बन्धित पुस्तिकाहरू प्रकाशन गरेर सांसदहरूमा वितरण गर्ने आदिजस्ता कार्यहरू दिल्लीमा भइरहे भने प्रत्येक अञ्चलमा पोस्टर, ब्यानर, नारा-जुलूसलगायत आम मानिसबाट प्रधानमन्त्रीलाई पोस्ट कार्ड, चिट्ठी, टेलिग्राम पठाएर नेपाली भाषाको संवैधानिक मागलाई आलो राख्ने कार्य दैनिक रूपमा जारी रह्यो । यस अतिरिक्त दिल्ली, देहरादून, भाग्सु, कलकत्ता, गुवाहाटी, कालचिनी (डुवर्स) आदि ठाउँहरूमा अध्यक्षको दिशानिर्देशन तथा अध्यक्षतामा परिषद्को आमसभा आयोजन गर्ने कार्य अविरल रूपमा चलिरह्यो ।

परिषद्को गतिविधि निरन्तर रूपमा चलिरहेको थियो । नरसिम्हा राव सरकारको एक वर्षको कार्यकाल समाप्त भएपछि अगस्त, १९९२ मा लोकसभा अधिवेशन शुरु भयो । यो अधिवेशनमा अन्य बीलहरू सरकार पक्षबाट सदनमा प्रस्तुत भएर पारित हुँदै गए तापनि नेपाली भाषाको बील सदनमा पेश नहुँदा यसपल्ट पनि सम्पूर्ण नेपालीभाषीहरूलाई निराशा हात लाग्ने छाँट देखिँदै थियो । सरकारको यस प्रकारको कूटनीति बुझेपछि सांसद श्रीमती दिलकुमारी भण्डारीले नेपाली भाषाको संवैधानिक मान्यताका निम्ति प्राइभेट बील सदनमा प्रस्तुत गर्ने अनुमति माग्नुभयो । तर सदनमा गृहमन्त्रीले हस्तक्षेप गर्दै सरकारी बील ल्याउने आश्वासन दिएपछि उहाँले प्राइभेट बील संसदमा प्रस्तुत गर्न सक्नुभएन ।

लोकसभा अधिवेशनको समाप्ति अवधि पनि सायदै दुई दिनमात्र थियो । यस अन्तिम क्षणमा सदनमा के हुने हो कसैलाई थाहा थिएन तर अचानक २० अगस्त, १९९२ को दिन सांसद श्रीमती दिलकुमारी भण्डारीले नेपाली भाषाको बील आजको सदनमा सरकारले ल्याउनुपर्छ भन्दै जोडदार आफ्नो पक्ष राख्ने क्रममा निकै भावुक बन्नु हुँदा सरकार नेपालीसँगै मणिपुरी र कोङ्कणी भाषाको बील सदनमा ल्याउन बाध्य बन्दै बील सर्वसम्मतिद्वारा पारित पनि गरिएको अपुष्ट खबर भानेराप कार्यालयमा १२ बजेर १० मिनटमा आयो । हाम्रो खुशीको सीमा रहेन । एकक्षणमा भानेरापका पदाधिकारीहरू, भाषा - साहित्य, कला - सङ्गीतका साधक, पत्रकार तथा शुभचिन्तकहरू सबै कार्यालयमा विस्तार-विस्तार भेला हुन थालेपछि कुरा पक्का भएको थाहा लाग्यो । सबैको अनुहारमा खुशीको लहर थियो । भारतीय नेपालीभाषीहरूले एउटा नयाँ इतिहास लेखेको अविस्मरणीय क्षण थियो । यस अपार हर्षको सुखद क्षणमा दीप प्रज्ज्वलित गर्दै नाच्दै गाउँदै अनि खुशी एकार्कामा बाँड्दै हामी निकै रातिसम्म कार्यालयमै बस्यौं । प्रायः त्यस रात सबैका घर-घरमा दीप प्रज्ज्वलन गरी हर्ष र खुशी बाँड्ने काम चलिरह्यो । यो ऐतिहासिक क्षणको साक्षी बन्ने गौरव प्राप्त भएकोमा यो कलमकार आफूलाई सौभाग्यशाली ठान्दछ । लोकसभापछि

राज्यसभाले पनि शत-प्रतिशत मतले ७१औं संविधान संशोधन विधेयक १९९२ बील सङ्ख्या १४२ (१९९२) सर्वसम्मतिले पारित गरेपछि राष्ट्रपतिको अनुमोदनसँगै केन्द्र सरकारले ३१ अगस्त, १९९२ को दिन राजपत्र जारी गर्दै वैधानिक रूपमा नेपाली भाषालाई संविधानको आठौं अनुसूचीको एघारौं स्थानमा प्रतिष्ठापित गरायो ।

सन् १९५६ मा देहरादूनबाट जाग्रत गोर्खाका सम्पादक मण्डली आनन्द सिंह थापा, वीरसिंह भण्डारी र नरेन्द्र सिंह राणाले शुरु गरेको नेपाली भाषाको संवैधानिक मान्यताको माग र यसैका निम्ति खडा भएको अखिल भारतीय नेपाली भाषा समितिलगायत सिक्किम, दार्जीलिङ, खरसाङ, कालेबुङ, सिलगढी, डुवर्स, असम, मेघालय, मणिपुर, नागाल्याण्ड, त्रिपुरा, मिजोरम, अरुणाचल, दिल्ली, देहरादून, भाग्सु आदिसँगै समस्त भारतीय नेपालीभाषीहरूले निरन्तर रूपमा आन्दोलन गर्दै आएको नेपाली भाषाको संवैधानिक मागलाई अघि बढाउँदै भारतीय नेपाली राष्ट्रिय परिषद् देशभरिका १०४ वटा सक्रिय सङ्घ-संस्थालगायत ३२/३३ वटा राष्ट्रिय तथा आञ्चलिक राजनैतिक दलहरूको समर्थन जुटाउँदै अन्ततः गठन भएको दुई वर्ष दुई महिना आठ दिनमा संविधानको आठौं अनुसूचीमा नेपाली भाषालाई अन्तर्भुक्त गर्न सफल बन्यो । यस महत् उपलब्धिले समस्त भारतीय नेपालीभाषीहरूलाई एउटा नयाँ बिहानीको आभास दिलायो । सबैको आङमा न्यानो घाम लाग्यो । समस्त भारतीय नेपालीभाषीहरूबाट देशको इतिहासमा नयाँ अध्याय लेख्ने एउटा ऐतिहासिक काम भयो ।

तर हाम्रा अग्रज तथा बुद्धिजीवीहरूले मान्यताका निम्ति ३६ वर्षसम्म निवेदन पत्र चढाउँदै सम्मेलन, कार्यशालासँगै हडताल र भोक हडताल गर्दै अन्त्यमा प्राप्त गरेको भाषा मान्यताले हामीलाई के कति फाइदा दियो त्यस दिशातर्फ पनि चिन्तन गर्नुपर्ने आवश्यकता देखिन्छ । नेपाली भाषामा पुस्तक तथा पत्र-पत्रिकाहरू प्रकाशन गर्ने; गोष्ठी, सङ्गोष्ठी, कार्यशाला, सेमिनार आदि आयोजन गर्ने कार्यहरू त नेपाली भाषाले मान्यता पाउनुभन्दा धेरै अघिदेखि गर्दै आएको हो । यस कार्यलाई पनि निरन्तरता दिंदै यसदेखि माथि उठेर कार्य गर्नुपर्ने आवश्यकता बोध गरिन्छ । नेपाली भाषाले मान्यता पाउनुभन्दा अघि जुन सङ्गठित विचारधारा विकसित भएर गएको थियो त्यो अवस्था अहिले छैन । विचारधाराहरू भँगालिएकाले गुटबन्दी हावी भएर गएको छ । नेपालीभाषीहरूको यस्तो अवस्थालाई सँगालेर लाने वर्तमानमा एउटा सशक्त नेतृत्वको खाँचो छ । यसो भएको खण्डमा पुनः नेपालीभाषीहरू अर्को इतिहास लेख्न पछि पर्ने छैन भन्ने विचारका साथ मेरो लेखको मूल विषयलाई यहीं समाप्त गर्न चाहन्छु ।

**गान्तोक, सिक्किम**

# पूर्वाञ्चलीय भारतीय नेपाली साहित्यकारका एक प्रतिनिधि : कवि गोपालबहादुर पौडेल



डा. बाबुराम ज्ञवाली

## परिचय

भारतमा नेपाली भाषाको पुनर्जागरणले ल्याएको चेतनाले आज नेपालको नेपाली भाषा, संस्कृति र प्रजातन्त्रलाई ठूलो बल पुगेको छ । यहाँ ध्यान दिनुपर्ने कुरा के हो भने भारतीय नेपाली साहित्य डाइस्पोरिक साहित्य पनि होइन किनभने यो उनीहरूको मातृभाषा हो । उनीहरू प्रवासित भएर गएका होइनन्, आफ्नै स्थानमा उनीहरूले सिमाना परिवर्तन भएको बेहोर्नु परेको हो । आज पनि भारतमा भण्डै एक डेढ करोड नेपाली बसोबास गर्छन् । उत्तराखण्ड, कांगडा, सिक्किम, आसाम, बंगाल इत्यादि क्षेत्र नेपालीहरूको राम्रो बस्ती भएका क्षेत्र हुन् । तर सूर्यविक्रम ज्ञवाली, धरणीधर कोइराला र पारसमणि प्रधानले साहित्यको जुन बिउ रोपे त्यो नै बढी जियालो देखियो । अहिलेसम्म पूर्वाञ्चलीय क्षेत्र नै भाषा साहित्यका लागि निरन्तर योगदान गर्ने क्षेत्र रहेको छ । राम्रो बस्ती भईकन पनि नेपाली साहित्यका दृष्टिले उत्तराखण्ड सबभन्दा अनुर्वर देखिन्छ । यो कुरा किन महत्त्वपूर्ण छ भने नेपाली भाषा आन्दोलनको सुरुआत देहरादूनका व्यक्तिहरूद्वारा गरिएको हो । तर साहित्यिक योगदानमा यो क्षेत्र भारतमा सबभन्दा पछाडि परेको छ । भारतको पूर्वाञ्चलमा भएको भाषा जागरुकताको प्रभाव म्यान्मार्का नेपालीहरूमा परेको छ भन्न सकिन्छ । त्यसैले भारतीय नेपाली साहित्यको प्रभावको वैश्विक प्रभाव हुन्छ भन्न सकिन्छ ।

## कवि गोपालबहादुर पौडेल

यस लेखमा पूर्वाञ्चलका एक कवि गोपालबहादुर पौडेल नेपालीको तेस्रो कविता-सङ्ग्रहको छोटो चर्चा छ । स्वर्गीय कवि पौडेल, गोपालबहादुर नेपाली साहित्यिक उपनामले चिनिनुहुन्छ । शिक्षण पेशामा संलग्न पौडेलका पूर्वाञ्चलीय नेपाली कविता (सम्पादन), असमेली नेपाली कविता (सम्पादन), कविता संगम र विश्व बोध कवितासङ्ग्रह (मौलक लेखन) प्रकाशित छन् । नेपाली साहित्यमा योगदान

गरेबापत उनीलाई वि.सं. २०५० देखि वि.सं. २०५३ सम्म साहित्य अकादमी नयाँ दिल्लीले नेपाली सल्लाहकार परिषद्मा मनोनीत गरेको थियो । वि.सं. २०५० मा उनलाई रत्नश्री पुरस्कारले सम्मानित गरिएको थियो । उनको तेस्रो कृति एक मुठी जीवन खोज्दै पुस्तक वि.सं. २०५३ मा प्रकाशित भएको थियो । यो पुस्तक नेपाली र भारतीय नेपाली साहित्यकारहरूको तुलनात्मक अध्ययन गर्न, भारतीय नेपालीहरूको समस्या र संघर्षको भावना बुझ्न पठनीय कृतिको रूपमा छ ।

यस कृतिको सुरुमा मन्तव्यमा वरिष्ठ साहित्यकार कमल दीक्षितले उनीहरूलाई सम्बोधन गर्दै भनेका छन्- देशका साहित्यकारहरूमा आफ्नोपन र न्यानोपन छ । पूर्वांचलका लगभग एक करोड नेपालीहरू आफ्नो अस्तित्व सम्हाल्दै काम गर्दै लगातार संघर्षरत छन् । यस संघर्षको लागि लक्ष्य भारतीय नेपालीको पहिचान हो । जुन एक पटक झन्नै झन्नै गोर्खालीतिर विचलन भइसकेको थियो ।

दीक्षितको भनाइले भारतीय नेपाली साहित्यको समग्र चित्र प्रस्तुत गरेको छ भन्न सकिन्छ । भारतीय नेपालीहरूमध्ये एक जना कवि गोपाल सिंह नेपालीले हिन्दीमा कविता क्षेत्रमा आफ्नो स्थान बनाएका छन् भने उनले हिन्दी सिनेमाहरूमा गीत पनि लेखेका छन् । उनको निम्नलिखित कविता भारतीय साहित्यमा प्रतिनिधि कवितामा गनिन्छ । प्रस्तुत छ लघु सरिता शीर्षक कविताको एक अंश-

**यह लघु सरिता का बहता जल**
**कितना शीतल कितना निर्मल**
**हिमगिरी के हिम से निकल निकल**
**यह निर्मल दूध सा हिम का जल**
**कर कर निनाद कल कल छल छल**
**तन का चंचल मन का विह्वल**
**यह लघु सरिता का बहता जल**
(गोपालबहादुर पौडेलको कृति, एक मुठी जीवन खोज्दै)

भारतमा जुन बेला भाषा आन्दोलन हुँदै थियो कविले त्यस बेला यी कविताहरू रचना गर्दै थिए । त्यसैले भारतीय नेपालीहरूको मनका उकुस मुकुस, अस्तित्वहीन मनका पीडा, तीव्र संघर्ष र यसका फलस्वरूप थोरै भए पनि उपलब्धि पाएको मिठास यी सबै कुराको मिश्रणको प्रतिफलको रूपमा देखिन्छ यो कविता-सङ्ग्रह ।

यस सङ्ग्रहको पहिलो कविता हो-हाम्री आमा । त्यसमा कविले भनेका छन्-

**आमा अब धेरै सरल नबन**
**नेपाली भए पनि अधिकार खोज्नुपर्दछ**

**वर्तमान अवस्था हुँदै बुझ्दै**

**सम्मान साथ यहां बाँच्न सिक्नुपर्दछ।**

कविले संकेत गरेकी यी हाम्री आमा अरू कोही होइनन् मातृभाषा आमा हुन्।

कविको चाहना शीर्षक कवितामा मानवीय संवेदना टम्म भरिएको देखिन्छ। यसमा दुई दिनको जिन्दगीको चाहना व्यक्त गर्दै कविले भनेका छन् -

**एक दिन पर्खंदै बित्यो**

**एक दिन सोच्दै गऱ्यो**

**हाम्रो मिलन भाग्यमा रहेछ भने**

**फेरि हाम्रो भेट होला**

**त्यहीं तिमीलाई थुप्रै माया गरुँला।**

भाषा आन्दोलनको समय जटिलता, ऊहापोह र असमंजसको समय हुन्छ। आन्दोलनको हावा कुन दिशातिर बहिदिन्छ कसैले भन्न सक्दैन। यस जटिलता र असमंजसलाई व्यक्त गर्दै आफ्नो प्रतिनिधि कविता एक मुठी जीवन खोज्दै कवितामा गोपालबहादुरले भनेका छन्–

**म**

**हिजो आज यस बिशाल दुनियाँका**

**सयकडौं पथहरूमा,**

**मनहरूमा**

**एक मुठी जीवन खोज्दै हिंड्छु (एक मुठी जीवन खोज्दै पृ. ४१)**

भारतीय नेपालीहरूले आफ्नो पहिचान र अस्तित्वका लागि, आफ्नी आमा, मातृभाषाका लागि जति गर्नु पर्ने हो त्यो नगरेको देखेर कवि आक्रोशित मात्र छैनन् दुःखी पनि छन्। उनले भारतीय नेपालीहरूलाई आक्षेप लगाउँदै भनेका छन् -

**आफ्नो अस्तित्व र**

**सम्मानको वास्ता नगर्ने**

**हामी**

**शायद जीवित लाश हौं। (हामी जीवित लाश हौं, पृ. ६०)**

कविलाई वि.सं. २०५०मा उषा शीर्षक कविताका लागि नेपालमा रत्नश्री पुरस्कार दिइएको थियो त्यो कविता पनि यस अंकमा संङ्गृहीत छ -

**मैले के गर्नुपर्ने ?**

**म कहाँ जानुपर्ने ?**

**कुन चाहिँ बाटो मेरो लागि उचित हो ?**
**यी सबदेखि अनभिज्ञ**
**हिँडिरहेछु जहीं तहीं । (उषा, पृ. ७१)**

यस सङ्ग्रहमा नेपालको बारेमा काठमाडौँ शीर्षकको कविताबाहेक उनका अन्य प्रतिनिधि कविताहरूमा हामी यस युगका धृतराष्ट्र हौं, भानु, खै के लेखूँ, कटुवाल दाइ, थ्येन आन मान, सूर्य इत्यादि कविताहरू विशेष गहन छन् । जम्मा जम्मी चौरासी कविताहरू संकलित यो कवितासङ्ग्रह यस अघिका कविता सङ्ग्रहभन्दा हरेक दृष्टिले स्तरीय छ । पुस्तकको आवरण आकर्षक छ । यो पुस्तक लेटर प्रेसमा छापिएको हो । तर त्यो छपाइ स्तरीय छ । पूर्वाञ्चलका भारतीय नेपालीहरूले प्रयोग गर्ने केही शब्दहरू जस्तै माटो (जग्गा), घुर्नु (डुल्नु) इत्यादि शब्द नेपाली साहित्यमा ज्यादै कम प्रचलनमा छन् । त्यसैले यी कविताहरूले क्षेत्रीय नेपाली भाषाको सौन्दर्य पनि दिन्छन् ।

भारतमा भाषा आन्दोलनकर्ताहरूले असममा जुन नेपाली भाषाको विकास गर्दैछन् त्यसले भारतको मौलिक नेपाली स्वरूप ग्रहण गर्दै छ । मरिशसको हिन्दी साहित्यका पाठकहरूले भारतीय हिन्दी र मरिशसको हिन्दीमा जुन सूक्ष्म अन्तर देख्छन्, त्यस्तै अन्तर नेपाली साहित्यका पाठकले नेपाली साहित्य र भारतीय हिन्दी साहित्यमा देख्न सक्छन् । मरिशसको साहित्यले निश्चित रूपमा पनि भारतीय साहित्यसँग प्रतिस्पर्धा गर्न सक्दैन तर भारतीय साहित्यकारहरूले मरिशसका साहित्यकारहरूलाई अत्यधिक सम्मान गर्छन् । त्यो कुरा नेपाली साहित्यिक क्षेत्रले अनुकरण गर्नुयोग्य छ ।

यहाँनिर हामीले बिर्सन नहुने कुरा के हो भने भारतमा नेपाली भाषाको सम्मानका लागि नेपाली भाषी भारतीयहरूले ठूलो त्याग र बलिदान गरेका छन् । यस बलिदानको फलस्वरूप आज भारतको दशौं अनुसूचीमा नेपाली भाषालाई स्थान दिइएको छ । आज हामीले भारतीय करेन्सीमा नेपाली भाषामा पनि लेखेको देख्न सक्छौं । यो सानो त्यागले पाएको स्थान होइन । इन्द्रबहादुर राई, लीलबहादुर क्षेत्री, आर.पी. लामा, बिन्द्या सुब्बा, देवकुमारी थापा, कमला सांकृत्यायन आदिको नाम भारतीय नेपाली साहित्यको कोसे ढुंगा हो तर हामीले बनारसमा हनुमान ज्योतिषदेखि गुलबकावलीका कथा नेपाली भाषामा लेख्नेहरूको नाम पनि बिर्सनु हुँदैन । नेपाली भाषालाई वर्तमानमा सबभन्दा बढी योगदान गरेर साहित्य एकेडमीमा नेपाली साहित्य पुरस्कारको स्थापना गर्ने काममा सिक्किमका तात्कालिक मुख्य मन्त्री नरबहादुर भण्डारीको योगदान सबभन्दा प्रमुख छ । पत्रकार दिलकुमारी राईले नेपाली भाषा परिसंघको अध्यक्ष भएर नरबहादुर भण्डारीको काँधमा काँध मिलाएर उनका साथमा

भाषा आन्दोलनको सफल नेतृत्व गरिन् । गोपालबहादुर पौडेल यस्ता साहित्यकार थिए जो सधैं उनीहरूका साथमा रहे । यस आन्दोलनले गर्दा वि.सं. २०४९ (सन् १९९२) मा भारतीय संविधानमा नेपाली भाषाले स्थान पाएको हो ।

**उपसंहार**

नेपाली भाषा भारतमा केवल साहित्य मात्र रहेन नेपाली पहिचान, अस्तित्व र एकताको परिचायक पनि हो । उनीहरूका लागि भानु एकताका देवता हुन् । नेपाली भाषामा लेखन परम्परा धरणीधर कोइराला, सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधानले सुरु गरेका हुन् । जसको प्रभाव नेपालको प्रजातान्त्रिक आन्दोलनमा परेको थियो । भारतीय साहित्य एकेडमीले प्रतिवर्ष उत्कृष्ट नेपाली साहित्यकारहरूलाई पुरस्कृत गर्न थाले पछि पूर्वाञ्चलका अनेक लेखक, कवि, अनुवादकहरू पुरस्कृत भएका छन् । यस एकेडमीले पाँच दर्जन बढी नेपाली कृतिहरूलाई पुरस्कृत गरिसकेको छ ।

आधुनिक समयमा नेपली साहित्य अनेक उपविधामा भाँगिदै छ । गीत, संगीत, युट्युब, संजाल, वेब लेखन, अनुवादमा पनि नेपाली भाषाको बहुविध उपयोग भइरहेको छ । त्यसैले भारतीय नेपाली साहित्यको कुरा गर्दा सिने क्षेत्रका कथा, संवाद लेखन, गीत, गायनमा गर्नेहरू डेनी डेन्जोङ्पा, रनजीत गजमेर, तुलसी घिमिरेलगायतका अनेकौं योगदानलाई पनि ध्यानमा राख्नुपर्छ भन्ने ठान्दछु ।

**तिलोत्तमा नगरपालिका वडा नं. ८, ज्योतिनगर, रूपन्देही**

❁

**आफ्ना छोराछोरीहरूलाई पुस्तकालयमा लिएर गई पुस्तक, पत्र-पत्रिका पढ्ने बानीको विकास गर्न सहयोग गरौं ।**

# उत्तराखंडमा नेपाली भाषा



महेशचन्द्र बराल

भारतको उत्तराखंडमा नेपाली भाषा साहित्यको व्यापक प्रचार-प्रसारको खांचो छ। राज्यको राजधानी देहरादूनमा बहुसंख्यक गोरखाहरू निवास गर्ने गर्दछन्। तर भाषा साहित्यलाई लिएर आजका दिनसम्म पनि यहाँका गोरखाहरूमा उत्सुकता नहुनु दुर्भाग्यपूर्ण छ। जब कि गोरखा पलटनको जंगी अड्डा नै देहरादूनमा थियो। नेपाली भाषालाई आठौं अनुसूचीमा सामिल गर्ने अभियान पनि देहरादूनबाट प्रारम्भ भएको हो भन्ने कुरा देहरादूनका वरिष्ठ साहित्यकार उदय ठाकुरजीले बताउनुभयो। पछि गएर यो भाषा आन्दोलनले राष्ट्रिय आंदोलनको रूप लिन लाग्यो।

अर्को खास कुरा देहरादूनबाट गोरखा बटालियनको मुख्यालय स्थानान्तरित गरियो र यो मुख्यालय सिलांग, लखनऊ, बनारस गरियो। जसले गर्दा नेपाली भाषा, साहित्य, नेपाली कला, संस्कृतिको आन्दोलन, पहिचान कमजोर हुनगयो। यो त्यसबेलाको राजनीतिक ठुलो निर्णय थियो। जसले गोरखा, नेपालीलाई कमजोर बनायो। नेपालबाट पनि भर्ती भई यहीं तालीम हुने र गोरखा भर्तीको सारा कामकाज यही थियो। आपसमा नेपाली भाषा बोल्ने अभियान नि बृहत् थियो। यो राजनीतिक निर्णय समाजका लागि दुर्भाग्यपूण थियो।

कुमाऊ गढवालमा समय समयमा १६औं शताब्दीमा डोटीका राजा मलले आफ्नो राज्य विस्तार गरेको हुँदा नि यहाँ नेपाली भाषाको प्रभाव हुनु स्वाभाविक हो। कालांतरमा १७९० तिर गोरखा शासनले पुनः गढवाल, कुमाऊ, हिमांचलसम्म राज्य विस्तार गरेपछि झन् घनीभूत रूपमा नेपाली भाषाको विस्तार देखिन्छ। किनकि डोटेली राज्यको बेला डोटेली बोलीलाई प्रमुखता दिएको होला जुन यहाँको कुमाऊनी भाषासँग समकक्ष छ। पछि गोरखा शासन पूर्णतया शैन्य शासन थियो। उनको कामकाजको भाषा नि नेपाली थियो। यो सबै अभियानमा नेपाली भाषा नि विकसित हुने र स्थापित हुने प्रक्रिया नि सँगसँगै चलिरहेको जस्तो मलाई लाग्छ।

उत्तराखंडमा देहरादून पिथौरागढ, अल्मोडामा गोरखा सैनिकको अड्डा भएका कारण आज नि व्यापक संख्यामा गोरखाहरू बसोबास गर्दै आइरहेका छन् र नेपाली

भाषा नै प्रयोग गरिरहेका छन् । देहरादूनबाट नेपाली भाषाको रेडियो घामछाया संचालन भएको छ। जसको संचालन नेपाली भाषामा नै हुने गर्दछ।

उत्तराखंडमा सरकारी आंकडाअनुसार १६.८६% ले नेपाली भाषा बोल्ने गर्दछन् । यसो त यो आंकडा एकदमै कम छ। किनकि यहाँ हल्द्वानी, टनकपुर खटीमा, देहरादून, मसूरी, हरिद्वार, केदारनाथ, पौडी चमोली अल्मोडा, नैनीताल, पिथौरागढमा अधिकांश गोरखाहरू बसोबास गर्दै आएका छन् । हालैमा उत्तराखंडको केही महाविद्यालयमा नेपाली भाषाको कोर्स सञ्चालनमा आएको छ। यो पनि उपलब्धि नै हो।

उत्तराखंडको दांजोमा दार्जीलिङ, सिलीगुडी, सिक्किम, असममा नेपाली भाषाको विकास व्यापक रूपमा भएको छ। जब कि उत्तराखंडका गोरखा मेजर दुर्गा मल प्रथम गोरखा स्वाधीनता सेनानी बन्न गए। उनलाई अङ्ग्रेज सरकारले २५ अगस्त १९४४ का दिन फाँसी दिएको थियो। अरू नजाने कतिले प्रत्यक्ष रूपमा स्वाधीनताको लडाईं लडे । यहाँसम्म कि अङ्ग्रेज सरकारले दिने भिक्टोरिया क्रस पदक पनि गोरखाले प्राप्त गरेको छ । यहाँका महाकाली नदीका सीमाका समीपमा रहने अधिकांशको भाषा नेपाली छ र वर्षौंदखि स्थायी रूपमा भारतीय गोरखाले नेपाली भाषा बोलिरहेका छन्। समय समयमा उत्तराखंडबाट नेपाली साहित्यको प्रकाशन न्यून रूपमा भए तापनि उत्तराखंडमा नेपाली भाषाको सम्मानका लागि केही साथीहरू लागिपर्नुभएको छ। जसको सम्मान गर्नु आवश्यक छ।

हरिद्वारबाट लामो समयपछि साहित्यको क्षेत्रमा लागिरहनु भएका शमशेरबहादुरजीले गोरखा संदेश नामक हिंदी साप्ताहिक प्रकाशित गर्नुहुन्छ। जसमा नेपाली पारंपरा, कला, संस्कृति, साहित्यको बारेमा लगातार लेख प्रकाशित भइरहेका छन् । देहरादूनबाट नै उदय ठाकुरजी लगातार आफ्नो स्रोतले धेरै नेपाली साहित्य प्रकाशित गर्नुभएको छ। उहाँका कृतिहरूमा भीरमा गुरांस, खुकुरीको चिनहारी राखौं, लाला गेट हाम्रो राम, नालापानी, बहादुर, मुनामदन हिंदी अनुवाद, खशीको इंद्रेणी, बाल सुधा सागर, वाकवालीको दर्शनजस्ता धेरै साहित्य गोरखा समाजलाई दिनुभएको छ । देहरादूनबाट नै बर्तमानमा दीपक कार्कीजीले हाम्रो एकता पत्रिका लगातार प्रकाशित गर्नुहुन्छ। पहिला दीपकजीको बुबाले यो हाम्रो एकता प्रकाशित गर्ने गर्दथे। पिथोरागढबाट मैले नि २०१४ तिर लगातार अनियमित अन्तर्राष्ट्रिय नेपाली कथा संदेश नामको बुलेटिन प्रकाशित गरें। जसको प्रकाशनमा प्रेम जोशी संदेशजीको ठुलो भूमिका थियो। जो हामीले २ सालसम्म लगातार प्रकाशित गरिरह्यौं।

उत्तरखंडमा लगातार नेपाली भाषाको संकट नि बढिरहेको छ। नेपाली मात्र हैन कुमाऊनी, गढवाली, जौनसारी, रमाल्टीजस्ता र तराईका थारु भाषा नि बर्तमानमा

संकटबाट अछूत रहेनन् । यी सबै भाषा उत्तरखंडको गौरवमय इतिहासका प्रहरी हुन् । यिनको संवर्धन र संरक्षण जरूरी छ । हैनभने आउने समयमा हाम्रो भाषा मात्र हैन कला संस्कृति, साहित्य पनि बिलाएर जानेछ । सबैले समय हुँदै आफ्नो कला, संस्कृति एवं साहित्यको संरक्षणका निम्ति लागिपर्ने समय नजिक आएको छ ।

**पिथौरागढ, उत्तराखंड**

कविता

# युद्धरत ऐरावती

अमित घिमिरे



बारुदी धुवाँबाट अस्तित्व जोगाउन
स्वच्छ कुमारीत्व बचाउन
आफ्नो पवित्रता सिद्ध गर्न
रक्षात्मक युद्ध लड्दैछिन्
ऐरावती जुर्मुराई उठ्दैछिन्
कोविडग्रस्त मानसिकता विरुद्ध
बसन्तका पल्लवित मुनाहरूका लागि
पूर्ख्यौली युद्ध लड्दैछिन् ऐरावती
नील गगनका मलिला जलथोपा
जूनघामलाई साक्षी राखेर
वर्षिरहेछन् उर्वरा जमिनमा
रगतका टाटाहरू पखाल्दै
मक्केका सृष्टिका चक्रहरू मर्मत गर्दै
ऐरावती निरन्तर अनवरत
युद्ध लडिरहेछिन्

जसले दीर्घ शान्तिका लागि
मानवता मारेर युद्ध रोज्छ
ऊ धर्तीको पहिलो दानव बन्छ
युग सजाउन फूलहरू मुर्झाउनु पर्दैन
क्रान्तिका लागि बन्दुक बोक्नु पर्दैन
नवीन आकाङ्क्षाको सपना लिएका
सुन्दर गन्तव्यतिर लम्किरहेका
ध्रुवताराहरू दोबाटोमा छुट्टिनु हुँदैन
युद्ध जीवनको गतिशीलता हो
युद्ध स्वाभिमान रक्षाको सङ्कल्प हो
युद्ध शान्तिको निःसर्त कामना हो
यसका लागि सेता परेवा उडाउनु पर्दैन
सधैँ ऐरावती युद्धरत रहनु पर्दैन । ।

**टम् – म्यान्मा**

# भारतीय भाषा साहित्यको इतिहासमा कोशेढुंगा



दिल साहनी

भारतमा नेपाली भाषा साहित्यको विस्तृत चर्चा गर्ने हो भने एउटा ठूलै ग्रन्थ बन्न सक्दछ। इतिहासको ठेली बन्न सक्दछ। यसैले यस छोटो लेखमा विस्तृत चर्चा सम्भव छैन। यसैले यस लेखमा भारतका नेपाली भाषा साहित्यसित सम्बन्धित प्रमुख पत्रिका, प्रमुख कृति तथा प्रमुख सर्जकको चर्चा गर्नेछु। यहाँनेर के कुरा स्पष्ट पार्न पनि जरुरी छ भने कति भारतीय सर्जकका रूपमा चर्चा गरिएका सर्जकहरू नेपालका सर्जकका रूपमा पनि चिनिएका छन्। यस लेखलाई म भारतमा भएको नेपाली भाषा साहित्यको जानकारीको लागि एक पाइलो मात्र ठान्दछु।

जब हामी भारतीय नेपाली भाषा साहित्यको विकासको चर्चा गर्न थाल्दछौं हामीले भारतका कुन कुन क्षेत्रबाट भाषा साहित्यको क्षेत्रमा कार्य भइरहेको छ भन्ने कुरा उल्लेख गर्नु आवश्यक हुन्छ। तर सम्पूर्ण भारतमा नेपाली भाषा साहित्यका क्षेत्रमा भारतका विभिन्न क्षेत्र क्रियाशील हुन सक्दछन्। यस लेखमा भारतका प्रमुख तथा बहुचर्चित क्षेत्रको मात्र चर्चा गरिएको छ।

भारतमा नेपाली भाषा साहित्यको क्षेत्रका चर्चा गर्दा असम, बनारस, दार्जीलिङ, देहरादून आदि प्रमुख स्थानहरू हुन्। फेरि असममा नेपाली भाषा साहित्यका सन्दर्भमा सक्रिय रहेका प्रमुख क्षेत्रहरू हुन्– गुवाहाटी, नवगाउँ, तेजपुर, बिहाली, लामडिङ, तिनसुकिया, डिम्बोई, मेघालयमा शिलाङ, नयाँ बंगला, नइपो, तुरा, दार्जीलिङमा दार्जीलिङ, कर्सिङ, कालिम्पोङ, सिलगुडी, बाखोकोट, जलपाईगुडी आदि।

भारतमा सर्वप्रथम बनारसबाट मोतीराम भट्ट र बाबू रामकृष्ण वर्माको सम्पादनमा १८८७ मा गोर्खा खबर कागत् प्रकाशित भएको थियो। दार्जीलिङबाट पादरी गंगाप्रसाद प्रधानको सम्पादनमा १९०२ मा प्रकाशित समाचारपत्र हो गोर्खे खबर कागत्। कलकत्ताबाट हरिसिंह थापाको सम्पादनमा १९१२ मा प्रकाशित भएको पत्रिका हो गोर्खा साथी। खरसाङबाट १९१८ मा पारसमणि प्रधानको सम्पादनमा पत्रिका हो

चन्द्रिका । देहरादूनबाट १९२६ मा ठाकुर चन्दनसिंहको सम्पादनमा प्रकाशित मासिक पत्रिका हो गोर्खा संसार । कलिम्पोङबाट शेषमणि प्रधानको सम्पादनमा १९३० प्रकाशित मासिक पत्रिका हो आदर्श । शिलाङबाट १९३६ मा मणिसिंह गुरुङको सम्पादनमा प्रकाशित पत्रिका हो साप्ताहिक गोर्खा सेवक । गुवाहाटीबाट १९४८ मा नरसिंह थापाको सम्पादनमा प्रकाशित मासिक पत्रिका हो- हिमाद्री । दरंग (हाल शोणितपुर) बाट १९५५ मा सम्पादक मण्डलीको सम्पादनमा प्रकाशित पत्रिको हो- प्रभात । तेजपुरबाट १९५७ मा सम्पादक मण्डलीको सम्पादनमा प्रकाशित भएको थियो ब्रह्मपुत्र द्वैमासिक । डिग्बोईबाट हरिभक्त कटुवालको सम्पादनमा १९५९ मा मुक्ति पत्रिका प्रकाशित भएको थियो । लखिमपुरबाट जे जे रोकाको सम्पादनमा १९६१ मा हिमालय मासिक पत्रिका प्रकाशित भएको थियो । लामडिङबाट के.वी. नेपालीको सम्पादनमा १९६२ मा विन्दु पत्रिका प्रकाशित भएको थियो । शिलाङबाट १९६९ मा दिल साहनीको सम्पादनमा कथा पत्रिका कथामञ्च प्रकाशित भएको थियो । १९७१ मा श्याम लिबाङ तथा धर्म विनय आँशुको सम्पादनमा तीनसुकियाबाट युगरेखा पत्रिका प्रकाशित भएको थियो । डिब्रुगढबाट घनश्याम खाती तथा अजबमान गजमेरको सम्पादनमा १९७२ मा साथी पत्रिका प्रकाशित भएको थियो । १९७२ मा ग्वालपाडाबाट उषा पत्रिका प्रकाशित भएको थियो । १९७२ मा डिमापुरबाट परशु शाही तथा दिलु सुवेदीको सम्पादनमा युवक पत्रिका प्रकाशित भएको थियो । १९७२ मा सिमलगुडीबाट छविलाल दाहाल शास्त्रीको सम्पादनमा सहारा पत्रिका प्रकाशित भएको थियो । १९७३ मा नयाँ बंगलाबाट खेमलाल पोखरेलको सम्पादनमा मेघमाला प्रकाशित भएको थियो । १९७३ मा दुलियाजनमा होमबहादुर क्षेत्रीको सम्पादनमा जुनकीरी गोजिका पत्रिका प्रकाशित भएको थियो । १९७६ मा नौगाउँबाट रणबहादुर क्षेत्रीको सम्पादनमा नौलो सृजना प्रकाशित भएको थियो । १९७६ मा मणिपुरबाट कमल थापाको सम्पादनमा बिरुवा समाचार प्रधान पत्रिका प्रकाशित भएको थियो । १९७८ मा माजबाट इन्द्रकान्त कार्की, नारायण अधिकारी तथा माधव भट्टराईको सम्पादनमा युगसाथी पत्रिका प्रकाशित भएको थियो । डिफूबाट दिल्ली शर्माको सम्पादनमा १९७९ मा हाम्रो स्वर मासिक पत्रिका प्रकाशित भएको थियो । १९८० मा नलबारीबाट सोम पराजुली र हर्कबहादुर क्षेत्रीको सम्पादनमा खुकुरी प्रकाशित भएको थियो । १९८० मा सम्पादन मंडलीको सम्पादनमा बालीजानबाट नयाँ दिगन्त प्रकाशित भएको थियो । १९८० मा छद्वारबाट रोहिणी शर्माको सम्पादनमा शिखा प्रकाशित भएको थियो । १९८० मा मध्य वास्काबाट भगीरथ खड्का र भूषणबाट सम्पादित भानु उदय वार्षिक प्रकाशित भएको थियो । १९८१ मा नौद्वारबाट पद्म ढकालको सम्पादनमा

स्पन्दन अर्धवार्षिक पत्रिका प्रकाशित भएको थियो । १९८२ मा बिहालीबाट लक्ष्मीकान्त शर्माको सम्पादनमा पूर्वोदय अर्धवार्षिक पत्रिका प्रकाशित भएको थियो । कोकाभ्फारबाट १९८२ मा डम्बरमणि प्रधानको सम्पादनमा पूर्वाचल भाषा संवाद प्रकाशित भएको थियो । १९८४ मा तुराबाट पदम क्षेत्रीको सम्पादनमा सिम् साङ प्रकाशित भएको थियो । १९८४ मा कार्वी आङ्लङबाट डम्बर दाहालको सम्पादनमा हाम्रो आँट सामयिक प्रकाशित भएको थियो । बगाइगाउँबाट १९८५ मा बुद्धिमान प्रधानको सम्पादनमा संगत त्रैमासिक पत्रिका प्रकाशित भएको थियो । निकासीबाट १९८६ मा खड्कराज रावतको सम्पादनमा छिमेकी द्वैमासिक पत्रिका प्रकाशित भएको थियो । बडापानीबाट १९८७ मा बी.आर. पौडेलको सम्पादनमा पूर्वी चेतना मासिक पत्रिका प्रकाशित भएको थियो । नगाउँबाट १९८९ मा मोहन सुवेदीको सम्पादनमा प्रहर पत्रिका प्रकाशित भएको थियो । विश्वनाथ चारालीबाट १९९१ मा खेमराज नेपालको सम्पादनमा विश्वनाथ पत्रिका प्रकाशित भएको थियो । शिङरीबाट १९९१ मा लक्ष्मीप्रसाद पराजुलीका सम्पादनमा सयपत्री पत्रिका प्रकाशित भएको थियो । १९९२ मा जयन्तिया पहाडबाट पौरख पत्रिका प्रकाशित भएको थियो । १९९२ मा नागालैण्डबाट हरिप्रसाद गोर्खा राईको सम्पादनमा कल्याणी अर्धवार्षिक पत्रिका प्रकाशित भएको थियो ।

१९९३ मा उदालगुडीबाट बैद्यनाथ उपाध्याय र गायत्री भट्टराईको सम्पादनमा नौलो कोसेली प्रकाशित भएको थियो । १९९३ मा मार्घेरिटाबाट प्रदीप लिम्बूको सम्पादनमा सपना अर्धवार्षिक पत्रिका प्रकाशित भएको थियो । १९९३ मा उदालगुडीबाट रेवतीरमण सापकोटाको सम्पादनमा सृजना पत्रिका प्रकाशित भएको थियो । १९९३ मा जागीरोडबाट पुरुषोत्तम भण्डारी र नारायण प्रधानको सम्पादनमा पृथ्वी पत्रिका प्रकाशित भएको थियो । १९९७ मा सिलचरबाट प्रदीप राई र दीपक कुमार सुब्बाका सम्पादनमा हाम्रो गोरेटो प्रकाशित भएको थियो । १९९९ मा रौताबाट सीतादेवीको सम्पादनमा सम्झना सामयिक पत्रिका प्रकाशित भएको थियो । १९९९ मा अरुणाचल प्रदेशबाट वंशी भट्टराईको सम्पादनमा प्रयास त्रैमासिक पत्रिका प्रकाशित भएको थियो । २००० मा धमाजीबाट चिन्तामणि चम्लागाईको सम्पादनमा नेपाली डाइजेष्ट साप्ताहिक पत्रिका प्रकाशित भएको थियो । २००२ मा समारदलनीबाट पूर्णकुमार शर्माका सम्पादनमा प्रियतमा द्वैमासिक पत्रिका प्रकाशित भएको थियो । २००४मा आइजलबाट लक्ष्मी मिनुको सम्पादनमा गहना पत्रिका प्रकाशित भएको थियो । जागुनबाट २००६ मा खिलानाथ अधिकारीको सम्पादनमा नवयात्रा त्रैमासिक पत्रिका प्रकाशित भएको थियो । माथि उल्लिखित ठाउँबाट माथि

उल्लिखित पत्रिका सर्वप्रथम प्रकाशित भइसकेपछि त्यहाँबाट अन्य पत्रिका प्रकाशित हुँदै जाने सिलसिला बढ्दै गएको देखिन्छ। यस छोटो लेखमा ती सब पत्रिकाको प्रकाशन प्रस्तुत गर्न संभव छैन।

नेपाली साहित्यमा प्रसिद्ध तथा चर्चित साहित्यिक पत्रिकाहरू यस प्रकारका रहेका छन् – बनारसका उदय, आमा, दार्जीलिङको भारती, दियालो, दियो, शिलाङको हाम्रो आशा, मादल, सुमन, लामडिङको विन्दु, गुवाहाटीको हाम्रो ध्वनि आदि।

भारतबाट प्रकाशित कतिपय प्रारम्भिक चरणका कथाकारहरूका कथा-सङ्ग्रह यस प्रकारका छन्– रूपनाराणण सिंहको नवरत्न (१९५०), परशुराम रोकाको पञ्चामृत (१९५०), शिवकुमार राईको फ्रण्टिएर (१९५१), देवकुमारी सिन्हाको एकादशी र झझल्को (१९५४, १९५८), एम.एम. गुरुङको घर संसार (१९५८), नरबहादुर दाहालको वरपीपल (१९५९), इन्द्रबहादुर राईको विपना कतिपय (१९६०), दिल साहनीको युगपुरुष (२०२८), अर्जुन निरौलाको रात बितेपछि (१९९७), साँझ संगसँगै (१९९७), दुर्गाप्रसाद अधिकारी रातोपानी (१९७३), माया ठकुरी साँधु तरेपछि (१९८२), गमलाको फूल, आमा जानुहोस् आदि। साठीका दशकका केही कथाकार यस प्रकार रहेका छन् – बीरबिकम गुरुङ, बिक्रम रूपासा, प्रेम योन्जन, प्रेम थापा, दुर्गाप्रसाद श्रेष्ठ, भाइचन्द्र प्रधान, चन्द कला नेवार, राधिका राई, बी बी राणा, नीमा छिरिङ शेर्पा, असीत राई, समीरण छेत्री, सुरेश राई, प्रकाश कोविद, हरिश बमजन, गनुसिंह गुरुङ, धनबीर पुरी, नारदकुमार छेत्री, गाब्रियल राणा, दिल सुब्बा, हरिमदन गुरुङ, एडन रोंगोंग, गोपाल गुरुङ, जी छिरिङ, जगत् छेत्री, रामलाल अधिकारी, तुलसीराम कश्यप, पूर्ण राई, प्रेम योन्जन, मोहन ठकुरी, हरिप्रसाद गोर्खा राई, शिवकुमार राई, मटिल्दा राई, इन्द्र सुन्दास, सरिता प्रधान, शंकर सुब्बा फागो, भोलानाथ गुरुङ, लीलबहादुर छेत्री, बिक्रमबीर थापा।

भारतमा प्रकाशित आधुनिक उपन्यासको संक्षिप्त विवरण यस प्रकारको छ – रूपनारायाण सिंहको भ्रमर (१९३६), काशीबहादुर श्रेष्ठको उषा (१९३८), वचन (१९४४), शिवकमार राईको डाँक बंगला (१९५६), लैनसिंह बाग्देलको मुलुकबाहिर (१९४८), डायमन शमशेरको बसन्ती (१९४७), सेतो बाघ (१९७३) लीलबहादुर क्षेत्रीको बसाइँ (१९५७), ब्रह्मपुत्रको छेउछाउ (१९८६), इन्द्रबहादुर राईको आज रमिता छ (१९६४), पारिजातको शिरीषको फूल (१९६५), बानिरा गिरीको कारागार (१९७८), ओकियामा ग्वाइनको सुनाखरी (१९७८), अर्जुन निरौलाको शिशिरको बतास (१९७१), के.बी. नेपालीको मेरो घर मेरो संसार (१९६५), बिक्रमबीर थापाको

बिगतको परिवेशभित्र (१९८३), टिस्टादेखि सतलजसम्म (१९८६) आदि।

भारतमा धेरै संख्यामा धार्मिक र पौराणिक तथा विविध भाषाबाट अनुवादित तथा मंचित समेत भएका नाटक र एकाङ्कीहरू देखिन्छन्। भारतमा लेखिएका केही नाटक वा एकांकी नाटक यस प्रकार छन् – पहलमानसिंह स्वाँरको अटलबहादुर (१९०५), हर्षबहादुर शाहीको शकुन्तला (१९५२), लीलबहादुर क्षेत्रीको दोबाटो (१९६७), मोतीसिंह क्षेत्रीको एक अवलाको जीवन (१९७५), प्रेमसिंह सुवेदीको अशान्त स्वर्ग, महिषासुर , हरिभक्त कटुवालको म मरेको छैन, मुक्तिपथ, युगको हाँक, ढुंगाको मान्छे, तुलबहादुर मालेमाको प्रेमको एउटा रिहर्सल, अस्तित्वको खोजीमा, दिल साहनीको जनताको शत्रु, ज्याला, इतिहास यही भन्छ, धर्मलाल भूसालको विद्रोह, मनबहादुर मुखियाको अँधेरामा बाँच्नेहरू आदि।

भारतबाट प्रकाशित केही निवन्धसङ्ग्रह- यस प्रकारका रहेका छन् – रामलाल अधिकारीको भोकाएको कुकुर के भन्छ, रवि सप्तमी, डिल्लीराम तिम्सिनाको प्रबन्धलता, पारसमणि प्रधानको क्वाँटी, काठे झाँकी आदि हुन्। भारतका निवन्धकारको नाम लिंदा हामी राजनारायण प्रधान, लख्खी देवी सुन्दास, जगत् क्षेत्री, इन्द्रबहादुर राई, बीरेन्द्र सुब्बा, दानियल खालिङ, अच्छा राई रसिक, शिवकुमार राई, पासाङ गोपर्मा, अमृतादेवी क्षेत्री, गुमानसिंह लामलिङ, कुमार प्रधान, मनबहादुर मुखिया, कुमार घिसिङ, जस योन्जन प्यासी, अगम सिंह गिरी, सूर्यविक्रम ज्ञवाली, रामकृष्ण शर्मा, मणिसिंह गुरुङ, रामप्रसाद ज्ञवाली, काशीबहादुर श्रेष्ठ, धनबहादुर सुनार, हरिप्रसाद गोर्खा राई, धरणीधर शर्मा, विष्णुलाल उपाध्याय, कृष्णप्रसाद ज्ञवाली, दिलबहादुर नेवार, लीलबहादुर क्षेत्री, पद्म ढकाल, लक्ष्मीप्रसाद पराजुली, दुर्गाप्रसाद घिमिरे, भीमकान्त उपाध्याय, चन्द्रेश्वर दुवे, गोपीनारायण प्रधान, के.वी. नेपाली, अनुराग प्रधान, हरि गजुरेल, जयनारायण लुईटेल, चन्द्रकुमार शर्मा, अग्निबहादुर क्षेत्री, दिल साहनी आदि।

भारतमा प्रकाशित प्रथम काव्य साहित्यिक कृति हो लेन्स नायक तुलाचन आलेको १९९३ मा प्रकाशित मणिपुरको लडाईंसम्बन्धको मणिपुरको सवाई। त्यसको लगत्तै पछि १९९४ मा प्रकाशित दोस्रो कृति हो धनवीर भँडारीको अब्बर पहाडको सवाई। अन्य काव्य कृति हुन् पारसमणि प्रधानको कवि र कविता, पुष्पलाल उपाध्यायका पुष्पांजलि, उषा मंजरी, हरिप्रसाद राईको बाबरी, मनचरीको बोली, शिवकुमार राईका डाँफेचरी, रामकृष्ण शर्माको वलिदान, गोकुलप्रसाद जोशीको बाँच र बाँच्न देऊ, सिमानाको दीप, युद्धप्रसाद मिश्रको बाढी, दिल साहनीको नौलो माटो चाहिएको छ, गोपीनाराण

प्रधानको साइलक आइरहेछ, आकाशले बाटो छेक्न खोज्दछ, तुलबहादुर मालेमाको चेतना खण्डकाव्य, बलिदानको प्रतियोगितामा लम्किरहेका पाइलाहरू, धर्म भूसालको युगको घेराभित्र मलिन अनुहार अदि । भारतका कविहरूको सरसर्ती नाम लिन परेमा यी नाम पर्दछन् – अगमसिंह गिरी, कृष्णप्रसाद ज्ञवाली, हरिभक्त कटुवाल, गुमानसिंह चामलिङ्ग, लख्खीदेवी सुन्दास, जीवन नामदुंग, रणबहादुर क्षेत्री, तिल कार्की, तुलसी अपतन, नन्द हाङकिम, बानिरा गिरी, युद्धवीर राणा, नव सापकोटा, दिलु सुवेदी, मोहन दुखुन, पदम चामलिङ, सुभाष घिसिङ, विकास गोतामे, दिल सुब्बा, भूपेन्द्र अधिकारी, खेमलाल पोखरेल, शान्ति क्षेत्री, भविलाल लामिछाने, जीवन नामदुंग, जय योन्जन प्यासी, हरेन आले, चन्द्रेश्वर दुवे, नारायणप्रसाद अधिकारी, के.वी. नेपाली, मणिसिंह थापा आदि ।

भारतमा समालोचनाको क्षेत्रमा कलम चलाउनेहरू हुन्- रामकृष्ण शर्मा, पारसमणि प्रधान, जगत् क्षेत्री, रामलाल अधिकारी, गुमानसिंह चामलिङ, लख्खीदेवी सुन्दास, राजनारायण प्रधान, कुमार प्रधान, लीलबहादुर क्षत्री, गोपीनारायण प्रधान, भीमकान्त उपाध्याय, दिल साहनी, चन्द्रेश्वर दुवे, दुर्गाप्रसाद घिमिरे, डा. शान्ति थापा, तुलसीबहादुर क्षेत्री, कृष्णप्रसाद ज्ञवाली आदि ।

भारतमा क्रियाशील साहित्यिक संस्था यी हुन् – गोरखा जान पुस्तकालय, खरसाङ (१९१३), नेपाली साहित्य सम्मेलन (१९२४) नेपाली साहित्य अध्ययन समिति, कालेबुङ (१९६२), नेपाली साहित्य प्रचार समिति, सिलिगुडी (१९७४), गोर्खा दुःख निवारक सम्मेलन, दार्जीलिङ (१९३२), अपतन साहित्य परिषद्, सिक्किम (१९४७), डुवर्स नेपाली साहित्य विकास समिति, असम गोर्खा सम्मेलन (१९६६), नेपाली साहित्य परिषद्, शिलाङ (१९६९), नेपाली साहित्य परिषद्, असम (१९७४), गोर्खाली सुधार सभा, देहरादून( १९३८), मिजोराम गोर्खा युवा संगठन (१९२०) आदि ।

भारतमा भारत सरकारको साहित्य एकादमी पुरस्कार प्राप्त गर्ने साहित्यकार निम्नबमोजम रहेका छन् :

१ इन्द्रबहादुर राई, नेपाली उपन्यासका आधारहरू (१९७५)

२ शिवकुमार राई, खहरे कथा सङ्ग्रह (१९७८)

३ गुमानसिंह चामलिङ, मौलो समीक्षा (१९७९)

४ ओकियामा ग्वाइन, सुनाखरी उपन्यास (१९८०)

५ असीत राई, नयाँ क्षितिजको खोज उपन्यास (१९८१)

६ माइकेल मार्टिन गुरुङ, बिर्सिएको संस्कृति (१९८२)

७ इन्द्र सुन्दास, नियति उपन्यास (१९८३)

८ रामचन्द्र गिरी, समाज दर्पण (१९८४)

९ मत्स्येन्द्र प्रधान, नीलकण्ठ उपन्यास (१९८५)

१० शरद क्षेत्री, चक्रव्यूह कथासङ्ग्रह (१९८६)

११ लीलबहादुर क्षेत्री, ब्रह्मपुत्रका छेउछाउ (१९८७)

१२ पुष्पलाल उपाध्याय, उषा मंजरी कविता -सङ्ग्रह (१९८८)

१३ डा. तुलसीराम शर्मा कश्यप, आमा महाकाव्य (१९८९)

१४ गिर्मी शेर्पा, हिप्रोक्रिटचाँप गुराँस र अन्य कविता (१९९१)

१५ आर पी लामा, इन्द्रधनुष लोक साहित्य संस्कृति (१९९२)

१६ सानु लामा, मृगतृष्णा कथा-सङ्ग्रह (१९९३)

१७ जीवन नामदुंग, पर्यवेक्षण समालोचना (१९९४)

१८ नगेन्द्रमणि प्रधान जीवन यात्रा पारसमणि (१९९५)

१९ मोहन ठकुरी, निशब्द कविता-सङ्ग्रह (१९९६)

२० मणिप्रसाद राई, वीर जातिको अमर कहानी, जीवनी (१९९७)

२१ मनप्रसाद सुब्बा, आदिम बस्ती कविता सङ्ग्रह (१९९८)

२२ विक्रमवीर थापा, बीशौं शताब्दीको मोनालिसा कथा-सङ्ग्रह (१९९९)

२३ रामलाल अधिकारी, निसंस्मरण निबन्ध (२०००)

२४ डा. लख्खीदेवी सुन्दास, आहत अनुभूति कथा-सङ्ग्रह (२००१)

२५ प्रेम प्रधान, उदासीन रुखहरू उपन्यास (२००२)

२६ विन्द्या सुब्बा, अथाह उपन्यास (२००३)

भारतका विभिन्न स्थानमा रही नेपाली भाषा साहित्यको क्षेत्रमा योगदान पुराउने व्यक्तिका नाम मोटामोटी रूपमा यस प्रकार छन् – असम लीलबहादुर क्षेत्री, हरिभक्त कटुवाल, अनुराध प्रधान, पुष्पलाल उपाध्याय, युद्धवीर राना, भविलाल लामिछाने, के. वी. नेपाली, तुलबहादुर मालेमा, नव सापकोटा, शान्ति थापा, अविनाश श्रेष्ठ, चोक बहादुर थापा, देवी पन्थी, गोपालबहादुर नेपाली, हरिप्रसाद शर्मा, आदि शिलाङका कृष्णप्रसाद ज्ञवाली, गोपीनारायण प्रधान, दिल साहनी, अर्जुन नेपाली, धर्मलाल भूसाल, रणबहादुर क्षेत्री, विक्रमवीर थापा, गोविन्दसिंह रावत, माया ठकुरी, पदम क्षेत्री, हेम जोशी, नरबहादुर राई आदि नागालैण्डका हरिप्रसाद गोर्खाराई, मणिपुरका

डा चन्द्रेश्वर दुवे, मिजोरमका रामप्रसाद ज्ञवाली, डा.राजासिंह लिम्बू, दार्जीलिङका पारसमणि प्रधान, रूपनारायण सिंह, रामकृष्ण शर्मा, अगमसिंह गिरी, इन्द्रबहादुर राई, लखखीदेवी सुन्दास, जगत् क्षेत्री, लैनसिंह बाङ्देल, बानिरा गिरी, शिवकुमार राई, सुवास घिसिङ, कमला सांकृतायन, मनबहादुर मुखिया, प्रेम प्रधान, रामलाल अधिकारी, नरबहादुर दाहाल, गुमानसिंह चमालिङ, पारिजात, राजनारायण प्रधान, कुमार प्रधान, आदि । बनारसबाट काशीबहादुर श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, डिल्लीराम तिम्सिना, सूर्यबिक्रम ज्ञवाली, देहरादूनका ठाकुर चन्दन सिंह, डा.भूपेन्द्र अधिकारी आदि । सिक्किमका उपमान बस्नेत, तुलसी अपतन, तुलसीराम कश्यप, बिहारको बेतियातका गोपालसिंह नेपाली, भाक्सुका मगन पथिक आदि हुन् ।

**सन्दर्भ–सामग्री :**


पन्थी, देवी, भारतीय नेपाली साहित्य र संस्कृतिको झलक, २०६१

घिमिरे, रोचक, रचना असम नेपाली विशेषाँक, , वर्ष ५१, पूर्णांक ११२, वैशाख जेठ २०६८

उपाध्याय, डा. भीमकान्त, सरसर्ती पढ्दा, १९८४

घिमिरे, दुर्गाप्रसाद, समिधा (१९९३)

साहनी, दिल, असमदेखि मणिपुरसम्म, १९८८

साहनी, दिल, शिलाङको भाषा साहित्यमा योगदान, अनुसन्धनात्मक लेख, गोरेटो, सम्पादकः तुलबहादुर मालेमा, १९७२

साहनी, दिल, पूर्वाञ्चलको साहित्य र साहित्यकार, लेख मादल, चौथो घन्काइ, १९७४

साहनी, दिल, पूर्वाञ्चल भारतको समकालीन नेपाली साहित्य, २०८०

साहनी, दिल, शिलाङको नेपाली भाषा साहित्यको सामान्य खोज तलाश, लेख, मादल, घन्काइ बाह्रौं, २०२४


**बुटवल, रुपन्देही**

# मूकदर्शक

✍ इन्दिरा गौतम

"छिटो गरौँ छिटो छिटो । ए ..केटा हो ?, के हेरेर बसेका ? दाउरा जति चाहिन्छ मेरा घरबाट ल्यायो । मारकिन कपडा सबै ठिक पार ।" प्रकाश बाबूले आत्तिएको स्वरमा भन्दै खल्तीबाट नोट गन्दछन् ।

ढोकानेर बसेको दाइले डोरी समातेरै खैनी माड्यो । कसै कसैको नजर ऊतिर पनि पऱ्यो ।

रत्नाकर, कथाको नायक गहिरो निद्रामा सुतेको थियो । चिर निद्रामा । गाउँ घरका मान्छे रत्नाकरका आँगनमा बराम लागेका थिए । महिला पुरुष बालबालिका सबै । रत्नाकरका आफन्त भनेका आमा उसकी पत्नी र तीन वर्षे छोरो । झुमा, रत्नाकरकी पत्नी, इन्तु न चिन्तु गोबर लोटाए जस्तै भुईँमा लडेकी थी । आमाले टिलपिल आँखा पार्दै विलाप गर्दै भनिन् "झुमा अहिले अचेतन अवस्थामा छे । होस आएपछि एक चोटि पतिको मुख हेर्छु भनी भने, के जवाब दिनू ?" एकछिन पर्खिदिनुहोला । ऊ हात जोड्दै थी । त्यतिकैमा मलामीले लास उठाउँछन् । शंखनाद हुन्छ । आमाको करुण विलापसँग दृश्य ओझेल हुन्छ ।

दर्शकहरूमा करध्वनिको गडगडाहटसँगै आँसुका धारा अविरल वर्षाजस्तै बगिरहन्छन् । एकदमै दुःखद अन्त । निर्देशकले दृश्य समापनको घोषणा गर्दा पनि पर्दा तान्ने व्यक्ति खैनी माडिनै रहन्छ । निर्देशक मन्चको बीचबाटै दौडिँदै आएर गालामा एक लबटो हान्छ । झुमा तर्सिंदै उठ्छे । तेतिबेला चैं दर्शकहरू साँच्चै नै मूकदर्शक बनेरै हेरेका हुन्छन् ।

असम

# बल्ल बुझ्दैछु

ओमबहादुर बगाले थापा



सानैदेखि हाम्रा वीर पुर्खाको
गाथा र कथा सुन्दै आएको
मुलुकभित्र बर्माको गोर्खाली
केटो भएपनि
मुलुकबाहिर एक बर्मेली ठिटोमा
गनिएपनि
आफू बनेर समाज बनाउनु थियो
देश फर्केर आफ्नो सीप खनाउनु थियो ।
यस्ता सपना बोकेर परदेश पुगें
केही समय र मिहिनेतले सफलतामा पुगें
र हातमा डिग्रीलिएर मुलुकतिर हेर्दा
एक्कासि हत्तास्सिदै ठूलो स्वरमा
आमाले भन्नुभो
लौ न यो के भो
एकातिर सेनाले मान्छे मारेर
लास लुकाउँछ
राष्ट्रिय दूरदर्शनबाट महात्माको
भाषा बोल्छ
कतिबेला कस्को शरीर लाश
बन्ने पत्तो हुदैन
बरु दुखसुख त्यहीं बस यहाँ
आउनु हुदैन ।

बल्ल बुझ्दैछु
भगवान् बनी पुजिएका गौतम
बुद्धको उपदेश
यहाँ काम नलाग्दो रहेछ
हजारौं चेती र बौद्धभिक्षुको प्रभाव पनि
यहाँ फिका लाग्ने रहेछ
आकाशैबाट इन्द्रको आदेश पनि
यहाँ भालुको पुराण बन्ने रहेछ
बल्ल बुझ्दैछु
क्रान्तीकारी बन्नु भनेको देशको
माया गर्नु हो
देश लुट्नेलाई ध्वस्त पार्नु हो
वीर पुर्खाको सम्मान गर्नु हो
आफु मिटेर अरूलाई बचाउनु हो ।

**च्याउमे - म्यान्मार, हाल - ताइवान**

# हरितालिका व्रत : एक नयाँ दृष्टिकोण



नैना अधिकारी

## भूमिका

प्रत्येक जाति र धर्मका मानिसहरूले वर्षको बिभिन्न समयमा विभिन्न चाडपर्वहरू मनाउने गर्छन् । यी चाडपर्वहरूका आफ्नै मान्यता र आफ्नै विशेषता हुने गर्छन् । यस्ता चाडहरूका कुनैको धार्मिक महत्त्व ज्यादा हुन्छ भने कुनैको सांस्कृतिक महत्त्व र कुनैको दुवै । तीज वा हरितालिका पनि नेपाली महिलाहरूले मनाउने धार्मिक र सांस्कृतिक महत्त्व भएको चाड हो ।

## हरितालिका तीज र संलग्न मान्यता

भाद्र महिनाको शुक्लपक्षको तृतीयालाई हरितालिका भनिन्छ ।"हरित" र "आलिका" यी दुई शब्द जोडिएर बनिएको "हरितालिका" को "हरित"को अर्थ हरण गरिएको र "आलिका"को अर्थ साथी हुन्छ । पौराणिक कथाअनुसार भाद्र शुक्ल तृतीयाको दिन पर्वतराज हिमालयकी सुपुत्री पार्वतीलाई विष्णुसँग निश्चय गरिएको विवाहबाट जोगाउन उनका सखीहरूले हरण गरेर लुकाएका कारण यस दिनलाई हरितालिका भनिएको हो । हरितालिकाको लोकप्रसिद्ध नाउँ हो "तीज" ।

## तीजको विशेषता

तीज विशेषगरी महिलाहरूले मनाउने एउटा महत्त्वपूर्ण पर्व हो । आधुनिक समाजमा तीजको महत्त्वलाई जुनरूपले व्याख्या गरिए पनि यो पौराणिक कालदेखि चलिआएको एक परम्परा हो । सृष्टि र समाज चल्नका लागि पूर्वीय मान्यताअनुसार महिलाहरू विवाहपश्चात् आफ्नो श्रीमान्को घरमा बसी बाँकी जीवन बिताउनु पर्ने हुन्छ । यसरी आफू जन्मेको घर, मातापिता, भाइबहिनी, इष्टमित्र र समाज चटक्क छोडी पराइघरमा जीवन बिताउँदा आउने माइतीको यादलाई कम गर्ने एउटा महत्त्वपूर्ण अवसरको रूपमा तीजपर्वको गहिरो महत्त्व रहेको छ । तीजमा महिलाहरूलाई मिठा मिठा भोजनका परिकारहरू खुवाइन्छ, नयाँ लुगा कपडा दिइन्छ । महिलाहरूलाई

पराइघरको विभिन्न जिम्मेवारी, तनाव, साथै माइतीको सम्झनाको खाडललाई कम गर्न यो पर्वको ठुलो भूमिका रहेको छ। तीजमा विवाहिता महिलाहरू आफ्नो लोग्नेको दीर्घायुको कामना गर्दै व्रत बसी नाचगान र मनोरञ्जन गर्छन् भने अविवाहिताहरू सुयोग्य वरको आशा राखी व्रत बस्छन् । व्रतको समयमा महिलाहरूले तीजको व्रतकथा सुन्ने र समापनमा पूजा लगाई ब्राह्मण ब्राह्मणीहरूलाई दानदक्षिणा गर्ने चलन रहेको छ।

यो चाडमा माइतीले (बाबु आमा, दाजुभाइ) छोरी/चेलीलाई घरमा गई लिएर आउने वा बोलाएर मिठा-मिठा परिकार खुवाउने तथा मनका भावना एवम् सुखदुःख साटासाट गरी एउटै ठाउँमा खाने-बस्ने चलन छ। यस दिन विशेष महत्त्वका साथ विभिन्न परिकार बनाएर खाने गरिन्छ। यसरी भाद्र महिनाको शुक्लपक्षको द्वितीयाको दिन खाने चलनलाई "दर" खाने भनिन्छ। यही दर खाने दिनबाट नै तीज पर्वको आरम्भ हुन्छ। दरमा ठाउँअनुसार विभिन्न मिठा-मिठा परिकार जस्तै खीर, ढकने, सेलरोटी, फलफूल आदि खाने गरिन्छ भने हिजोआजका महिलाहरूले विभिन्न रेसिपी पनि बनाएको देखिन्छ, जुनचाहिँ हाम्रो परम्परामा नभएका र आधुनिकताले भित्र्याएका विदेशी परिकार हुन्। आधुनिकता सँगसँगै यसमा खाइने परिकारमा परिवर्तन आउँदै गएको छ। सामान्यतया दर मध्यरात १२ बजेअघि खाने चलन छ। भोलिपल्ट दिनभर पानीसम्म पनि नखाई बस्नुपर्ने भएकोले दर खाने दिन राति ढिलोसम्म बसेर पेटभरि खाने चलन चलेको हो।

खास गरी यसमा स्त्रीहरूले पतिको निम्ति निराहार रहेर भगवान् शिव तथा आद्यशक्ति पार्वतीसँग प्रार्थना गर्दछन्। यो दिन महिलाहरू बिहान चाँडै उठी नुहाई धुवाई गरेर दिनभरि जल, अन्न ग्रहण नगरी व्रत बस्ने गर्दछन्। यो दिन व्रत बस्ने महिलाहरू सूर्योदयभन्दा पहिला नै उठेर चोखो भएपछि पूर्ण श्रृंगार गर्छन्। पूजाका लागि केराको पातले मण्डप बनाएर गौरी-शङ्करको मूर्ति स्थापना गरिन्छ। यसका साथै पार्वती मातालाई सौभाग्यका सम्पूर्ण सामाग्रीहरू चढाइन्छ। राति भजन गाउँदै जागरण गरेर तीनपटक आरती गरिन्छ र शिव-पार्वतीको विवाहको कथा सुनिन्छ।

यी व्रत बस्ने महिलाहरूलाई राति सुत्न निषेध गरिएको हुन्छ, त्यसका लागि उनीहरू रातभरि भजन गाउँदै जाग्राम बस्ने गर्छन्। भोलिपल्ट बिहानै नुहाएर श्रद्धा एवम् भक्तिपूर्वक कुनै विवाहित महिलालाई श्रृङ्गारका सामग्री, वस्त्र, खाद्य सामग्री, फल, मिष्टान्न एवम् यथाशक्य गरगहनाहरू दान गर्छन्। बालुवाको शिवलिङ्ग बनाइएको छ भने त्यसलाई जलाशयमा विसर्जन गरेर तथा काँक्रो खाएर व्रतलाई सम्पन्न गर्नुपर्छ

भन्ने मान्यता छ।

यो व्रतलाई निर्जला व्रत अथवा पानीसमेत नखाने व्रत भनिए पनि आजभोलि महिलाहरू मध्यान्हमै पूजा, आराधनापश्चात् फलफूल ग्रहण गर्ने गर्दछन् । कतिपय महिलाहरू नजिक रहेको शिवमन्दिरमा गई शिव आराधनाका साथै नाचगान तथा रमाइलो गर्ने गर्दछन् । त्यो दिन शिव मन्दिरहरूमा महिला वर्तालुहरूको ठुलो भीड हुने गर्दछ।

**हरितालिका व्रतको थालनी**

हरितालिका तीज कसरी मनाउन थालियो भन्ने एउटा रोचक कथा छ।

पार्वतीले भगवान् महादेवलाई श्रीमान् पाउनका लागि सानो उमेरमा अति नै कठोर र घोर तपस्या गरेकी थिइन् रे। उनले केही नखाई हावा र सुकेको पात खाएर यो व्रत बसेकी थिइन् भन्ने विश्वास गरिन्छ। प्रचण्ड गर्मी र काम्ने जाडोले पनि पार्वतीको व्रतलाई भंग गर्न सकेनछ। आकाशबाट बर्सिएको पानी पार्वतीको मुखमा पर्दासमेत त्यसलाई उनले पिइनन् भन्ने कथामा पाइन्छ।

छोरी पार्वतीको यस्तो हालत देखेर उनका पिता हिमालय दुःखी भए। हिमालय दुःखी भएको देखेर नारद उनी भएको ठाउँमा आए र भने - 'भगवान् विष्णुले भनेर म यहाँ आएको हुँ। विष्णु तपाईंको कन्यासँग विवाह गर्न चाहन्छन्। तपाईंको राय बुझ्न म यहाँ आएको हुँ।'

नारदजीका कुरा सुनेपछि हिमालयले भगवान् विष्णु त्यस्तो चाहन्छन् भने आफूलाई केही आपत्ति नभएको बताउँछन्। तर जब पार्वतीलाई यो कुरा थाहा भयो उनी अत्यन्त दुःखी भइन्। पार्वतीलाई उनका साथीले उनको दुःखका कारण सोध्दा उनले आफूले सच्चा मनले भगवान् शिवलाई चाहेको, तर आफ्नो पिताले आफ्नो विवाह विष्णुजीसँग गर्ने निश्चित गरेको कुरा सुनाउँछिन्। पार्वतीले आफू विचित्रको धर्मसङ्कटमा परेको र आफूसित प्राण त्याग्नेबाहेक अन्य कुनै उपाय नरहेको बताउँछिन्।

सखीहरूले उनलाई प्राण त्याग्नुपर्ने कुनै कारण छैन, सङ्कटको समयमा धैर्यले काम लिनुपर्छ भन्ने सान्त्वना दिन्छन्। हिन्दु नारीको जीवनको सार्थकता केमा छ भने जसलाई मनदेखि श्रीमान्को रूपमा एकपटक वरण गरियो, जीवनपर्यन्त उसैसँग निर्वाह गर्नुपर्छ। हामी तिमीलाई घनघोर वनमा लिएर जान्छौँ जुन साधनास्थल पनि हो र जहाँ तिम्रा बुबाले तिमीलाई खोज्न पनि सक्दैनन्। हामीलाई पूर्ण विश्वास छ, ईश्वरले अवश्य तिम्रो सहायता गर्नेछन् भन्ने साथीहरूको सुझाव सुनेपछि पार्वतीले

त्यसै गरिन् । पार्वतीलाई घरमा नभेटेपछि उनका बुबा निकै चिन्तित अनि दुःखी भए । उता उनको खोजी भइरह्यो । यता उनी आफ्ना साथीहरूसँग नदीको किनारको एउटा गुफामा शिवको आराधनामा लीन भइरहिन् । बालुवाको शिवलिङ्ग बनाएर पूजा गरी कठोर तपस्या गर्न थालिन् । तपस्याको प्रभावले शिवको आसन नै हल्लियो र तुरन्त पार्वती भएको ठाउँमा शिव प्रकट भएर पार्वतीलाई वर माग्न भने ।

आफ्नो तपस्याका कारण शिवलाई आफ्नो अधिल्तिर पाएपछि पार्वती खुसीले गदगद हुँदै भन्न लागिन् - 'मैले तपाईंलाई सच्चा मनले श्रीमान्‌को रूपमा वरण गरिसकेकी छु । यदि तपाईं साँच्चै नै मेरो तपस्याबाट प्रसन्न भएर यहाँ आउनु भएको हो भने मलाई आफ्नो अर्धाङ्गिनीको रूपमा स्वीकार गर्नुहोस् । त्यसपछि 'तथास्तु' भनेर शिव कैलाश पर्वत फर्किए ।

त्यही बेला गिरिराज आफ्ना बन्धु-बान्धवसँग पार्वतीलाई खोज्दै त्यहीं पुगे । पार्वतीले सम्पूर्ण वृतान्त बताएर भनिन् - "म घर त्यतिबेला मात्र आउँछु यदि तपाईंले महादेवसँग मेरो विवाह गरिदिनुहुन्छ भने ।" बुबाले उनको कुरा मान्नुभयो र उहाँले पार्वतीलाई शिवजीसँग विवाह गरिदिनुभयो ।

**महत्त्व**

हरितालिका व्रतलाई पूर्ण निष्ठापूर्वक बस्ने प्रत्येक स्त्रीलाई शिवको मनोवाञ्छित फल प्राप्त हुन्छ भन्ने मान्यता छ । हरितालिका अर्थात् तीज व्रतसँग सम्बन्धित अर्को मान्यता के छ भने यो व्रत बस्ने महिलाहरू पार्वतीसमान नै सुखपूर्वक पतिवरण गर्दै शिवलोकमा रहन सफल हुन्छिन् ।

महिला दिदीबहिनीका लागि यो पर्व माइती घरमा मिठोमसिनो खाँदै मन फुकाएर नाचगान गर्ने पर्व पनि हो । विवाहित चेलीहरू माइती घरमा आमाबाबुको काखमा सुखदुःख बिसाउँदै साथीसँगीसँग तीजेभाकामा रमाउने गर्दछन् । लामो समयदेखि माइत जान नपाएका उनीहरूको लागि एकदुई दिन भए पनि माइत जाने मेसो हो तीज । महिला र पुरुषलाई अन्योन्याश्रित सम्बन्ध राख्ने यो पर्वको महत्त्व अन्य चाडपर्वको तुलनामा फरक र विशिष्ट छ । यसको सामाजिक, आर्थिक, सांस्कृतिक, नैतिक यावत् पक्ष विशेष महत्त्वका मानिन्छन् ।

सौभाग्यवती महिलाहरू आफ्ना श्रीमान्‌लाई अखण्ड बनाउनका लागि तथा अविवाहित युवतीहरूले मनले चाहेको श्रीमान् पाउनका लागि हरितालिका तीजको व्रत बस्ने गर्दछन् ।

## व्रतलाई वैज्ञानिक दृष्टिले हेर्दा

वास्तवमा भन्ने हो भने तीज आफैमा एक सुन्दर पर्व हो र यस व्रतमा फलाहार ग्रहण गरेर दिनभरि बस्नमा पनि वैज्ञानिक हिसाबले हेर्दा फलदायक नै देखिन्छ। यसमा कुनै सन्देह छैन कि एकजना निरोगी व्यक्तिले आफ्नो इच्छाअनुसार मनले चाहेर व्रत राख्दा धेरै फाइदा छन्, तर चिकित्सकहरूको भनाइअनुसार व्रत राख्ने बेला केही जरुरी कुराको ध्यान राख्नुपर्छ -

क) यदि तपाईं पहिलेदेखि कुनै रोगले सताएको हुनुहुन्छ भने डाक्टरलाई नसोधी कुनै प्रकारको व्रत राख्न उचित ठहरिँदैन । यदि तपाईं डायबीटीजको रोगी हो भने त अचानक खान छोड्नाले ब्लड सुगरको लेवल बढ्न सक्छ जुन तपाईंको शरीरका लागि खतरनाक साबित हुन सक्छ।

ख) एकैखेपमा २४ घन्टाभन्दा बढी समय व्रत नबस्दा राम्रो ।

ग) व्रत बसेका बेला पानी नखाई बस्नुअघि धेरै कुरा सोच्नु पर्ने हुन्छ । यसले डिहाइड्रेसनको समस्या पनि हुन सक्छ। सकेसम्म उपवासको बीच बीचमा पानी पिउँदा राम्रो ।

घ) एनिमिया, थाइरयड आदि जस्ता रोगीले व्रतको दौरानमा सही पौष्टिक तत्त्वयुक्त खाद्यान्न जुस आदिको सेवन गरेन भने चक्कर आउने, कमजोरी, डिहाइड्रेसन जस्ता स्वास्थ्य समस्या हुन सक्छन्, लो प्रेसरले सताउन सक्छ।

ङ) व्रत सकिनेबित्तिकै तुरुन्तै भारी खाना खानु हुँदैन, यसले पेट सम्बन्धित समस्या ग्यासट्रिक आदि हुन सक्छ। कसैकसैलाई भोकै रहनाले चिढचिढापन या रिस उठ्ने आदि समस्या पनि हुन सक्छ । धेरैबेर भोकै रहनाले टाउको दुख्ने वा शरीरका अन्य समस्या हुन सक्छन् ।

उपवासको फाइदा त्यतिबेला मात्रै पाइन्छ जब जब यसलाई सही तरिकाले अनि आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर गरिन्छ। उपवासको समयमा पर्याप्त मात्रामा पानी, जुस अनि फलफूलको उपयोग गर्‍यो भने उपवासबाट हुने कुनै पनि प्रकारको हानी हुने सम्भावना कम हुन्छ।

## पितृसत्तात्मक समाज र तीज

विहङ्गम दृष्टिले हेर्ने हो भने तीज पितृसत्तात्मक समाजले नारीहरूलाई दिएको एक उत्कृष्ट उपहार हो । कारण यो पर्वमा नारीहरू आफ्नै धुनमा रमाएका हुन्छन् । नारीहरूले रातो टीका, रातो कपडा, रातो चुरा, पोते आदि सबै रातै रङ्गमा

सजिनु तीज पर्वको विशेषता हो । नारीहरू त्यसदिन नाचगान गर्छन्, भान्साकोठाबाट बाहिर निस्कन्छन्, साथीसँगिनीहरू भेला हुन्छन्, माइतीको माया पाउँछन् ।

तीजको दिन घरको कामधन्दालाई चटक्क छोडेर नेपाली महिलाहरू स्वतन्त्र तथा हर्षित भएर घरबाहिर निस्कन्छन् । उनीहरूको गीतमा आफ्ना अधिकार तथा वेदनाका कुराहरू समेटिएका हुन्छन् । यसले महिलाहरूलाई सशक्त बनाउँछ ।

तर, गहिरो गरी हेर्ने हो भने यो पर्वले पुरुषकै हैकम टिकाएर राख्ने काममा मलजल गरेको हुन्छ र पुरुषबिना नारी दुर्बल हुन् भन्ने मान्यतालाई स्वीकारेको देखिन्छ । पुरुषकै भलोका लागि व्रत लिने, राम्रो पति पाउने आशा राख्ने यो व्रतको मुख्य उद्देश्य हो । तर हाम्रो समाज र परम्परामा नारीको भलोका लागि पुरुष भोकैतिर्खै बस्ने चलन छैन । राम्री स्त्री पाउन पुरुषले व्रत लिँदैन, कथा सुन्दैन ।

**आजको नारी समस्या र तीज**

तीजको मौकामा हाम्रो समाजमा पछिल्लो समयमा घटेका घटना हेर्दा यसमा आधुनिकताका नाउँमा व्यभिचार भित्रिएको देखिन्छ । आज देशमा महिला-हत्या, हिंसा, बलात्कार रोकिएको छैन । झन् बढेको छ । दिनहुँ कहीँ न कहीँ यसप्रकारका घटना घटिरहेका छन् । महिलामाथि तेजोवध भइरहेको छ । नारीलाई सजावटी वस्तुको रूपमा प्रयोग गरिएको छ । नारी खेलौना बनिरहेका छन् । उनीहरूलाई अझै पनि घरको चार दिवारमा सीमित गरिएको छ । उनीहरूका आत्मनिर्णयको अधिकारमा कुठाराघात भएको छ । अर्कोतिर कुनै कुनै ठाउँमा तीज पर्व सुरु नहुँदै तारेहोटलमा महिलाहरू दर खाने नाउँमा समय र पूँजी खर्च गरिरहेको पाइन्छ । अपसंस्कृतिको सिकार बनेको देखिन्छ । यसैले अबका दिनमा तीज दर खाने, नाचगानमा रमाउने र श्रीमान्‌को आयु लम्बियोस् भनी व्रत बस्ने पर्वको रूपमा रहेको छैन, अर्थात् विकृति देखा परेको छ । अनि अविवाहित युवतीले यो व्रत लिँदा भनेजस्तो वर पाउँछन् भन्ने मान्यतामा पनि शङ्का हुन्छ, किनभने अहिलेको परिस्थिति हेर्ने हो भने सुन्दर र पढेलेखेकी केटी र सम्पन्न घर परिवारकी केटीले मात्र राम्रो वर पाउने गर्छन् । सोझै नभए पनि पछिल्लो ढोकाबाट पसेको दाइजो नाउँको छारे रोगले हाम्रा छोरीचेलीलाई पनि सताएको छ ।

यो पर्वलाई हामीहरू सबै नारीको समानता र स्वतन्त्रताको पक्षमा आवाज बुलन्द गर्ने पर्वको रूपमा स्थापित गर्नुपर्छ । सहर-बजारमा बसोबास गर्ने शिक्षित महिलावर्गले यो पर्वको बुझाइ भिन्न रहे पनि गाउँघरमा रहेका महिलाहरू जो शिक्षाको उज्यालो घामबाट देश-देशान्तरको परिघटना बुझ्नबाट वञ्चित छन् उनीहरूका लागि यो पर्व परापूर्वकालदेखि जसरी चल्यो त्यसमै सीमित छ ।

वास्तवमा नारी कोमल हुन्छे । दयालु हुन्छे । घरपरिवारका सदस्यको दुःखमा आफू दुख्छे । धर्तीकी जननी हो नारी । आधा आकाश ओगटेकी नारीलाई विभिन्न अधिकार दिइए पनि अझै पनि त्यसको प्रत्याभूति हुन सकेको पाइँदैन । हाम्रो संविधानले नारीलाई प्रशस्त अधिकार दिएको छ । तर त्यसको सही कार्यान्वयन हुन सकेको छैन । राज्यको माथिल्लो निकायबाट तल्लो निकायसम्म नारी पात्रले सम्पूर्ण अधिकार पाउन सकेका छैनन् ।

महिलालाई पनि अब प्रशस्त मात्रामा सीप दिनुपर्छ । उनीहरूलाई आफ्नै खुट्टामा उभिनसक्ने गर्ने आत्मनिर्भर बनाउन सक्नुपर्छ । जसले घरपरिवारको लागि तथा आफ्ना लागि आवश्यक केही खरिद गर्नुपर्‍यो भने पनि श्रीमान्कै आय-आर्जनमा सीमित हुनु नपरोस् । उनीहरूलाई सक्षम र सबल बनाउँदै अघि बढाउन सकियो भने उनीहरूले अब श्रीमान्सँग केहीमात्र पैसाको लागि हात फैलाउनु पर्दैन, उनीहरू आफै अरूलाई दिन सक्ने होऊन् । त्यसका लागि राज्यले पनि नारीलाई अघि बढाउन, नारीलाई शैक्षिक योग्यतासँगै आवश्यकताअनुसार विभिन्न प्रकारका सीप सिकाउन विभिन्न योजना तय गर्नुपर्छ । यसो भए राम्रो श्रीमान् पाउन अन्य व्रत लिइरहन पर्दैन । महिला सशक्तीकरणको नारा धन्किनुपर्छ र यो नारा कार्यक्षेत्रमा प्रयोग हुनुपर्छ ।

नारी शिक्षित भइन् भने घरपरिवार नै शिक्षित हुन्छ । नारी सक्षम भइनन् भने घरपरिवार नै अक्षम बन्छ । सूचना र प्रविधिले मारेको फड्को जस्तै महिलालाई विभिन्न विषयमा आवश्यक सचेतना अभिवृद्धि गर्दै महिला-पुरुषलाई एक रथका दुई पाङ्ग्रासरी अगाडि बढाउनुपर्छ । तबमात्र देशको विकास र समृद्धि सम्भव छ । हर क्षेत्रमा नारी-पुरुष समान रूपमा अघि बढ्नलाई साथ र सहयोग गर्नुपर्छ ।

## उपसंहार

प्रत्येक चाडपर्वको आफ्नो गरिमा र महत्त्व हुन्छ । समयको परिवर्तनसँगै मान्यताको परिवर्तन हुन्छ । आज ईश्वर अल्लाह बस्ने मन्दिर मसजिदहरू पनि युगअनुसारका भए । पुरोहित योगीहरू आधुनिक भए । आजको शिक्षित समाजले पुरुष र नारीलाई समान दृष्टिले हेर्छन्, मान्यता र परम्पराहरू पनि छोड्न र ग्रहण गर्न जान्दछ । यसैले समयको परिवर्तनसँग पाइला मिलाएर, तर्क र युक्तिले अवैज्ञानिक कुराहरू त्यागेर हाम्रा मान्यता र परम्परामा परिवर्तन ल्याउनुपर्ने आवश्यकता छ । महान् चाड तीजलाई अपसंस्कृतिले नछोपोस्, अन्धविश्वासले ननिलोस् ।

**कामरूप खेत्री, असम**

# सय वर्ष उमेर धानेको असमेली नेपाली नाटक : एक खोज सर्वेक्षण



पूर्णकुमार शर्मा

## १:१ भूमिका

उत्तर पूर्वाञ्चल भारतको असम राज्यभित्र भारतका अरू राज्यहरूमा भन्दा बढी सङ्ख्या र दीर्घकालदेखि नेपालीहरूको बसोबास भइआएको छ। बसोबास मात्रै हैन- स्थानीय साहित्य, संस्कृति, शिक्षा, राजनीति, समाजनीति, कृषि, वाणिज्य इत्यादि क्षेत्रमा रैथानेको हकदार भएर जीवन निर्वाह गरिरहेका छन्। काल गतिमा नेपालबाट स्वइच्छा अथवा कुनै पनि कारणमा नेपालीहरू अरु अरू ठाउँ सरी असमतिर पनि झरेका हुन्।

पितृभूमि नेपालको माटो छाडे पनि स्थानान्तरित ठाउँमा पनि मन र आत्माले नेपाली भएरै बाँच्न चाहे र नेपाली भएरै मर्न पनि रुचाए। (विभिन्न विषयमा इतिहास लेख्नुपर्ने विषयको आधारसूत्र पनि त्यही हो।) भाषा साहित्य कृष्टि संस्कृति भनौं नेपाली आत्मा सदा जीवित रह्यो। त्यसभित्र नाना प्रकारका संघात संघर्ष समयका पीरमर्का पनि झेल्नु नपरेको होइन। तर धेरै कुरामा स्थानीय भूमिपुत्रहरूको स्नेहपूर्ण सहयोग पनि नेपालीले पायो। सबै कुरा सहर्ष दियो पनि लियो पनि। मूल घरबाट छुट्टिएको छोराले पराया माटोमा - आफ्ना पाखुरा बजारेर, आफ्नो खुट्टाले थिग्रिनु, उभिनु, ताते गर्दै हिंड्दा, घिस्रिंदै गर्दा पनि- गाँस, बास र कपासको समस्या, राजनीतिक, अर्थनैतिक र शैक्षणिक चेपारोमा जोगिदै घरमूली असमिया समाजसँग उत्तिकै दाँजिने प्रयासमा धेरै थोरै सफलता हासिल गर्न सक्नुको- एक वर्णमय दस्तावेजसँग सम्पर्क रहेको ऐतिहासिक पृष्ठभूमिमा माथि तोकिएको विषयमा चर्चा प्रस्तुत गरिएको छ।

## १:२ क्षेत्र र विषय प्रवेश

हामीले नाट्य चर्चा प्रारम्भ गरेको समयमा असमभन्दा मेघालयदेखि नेफासम्म- (वर्तमान अरुणाचल प्रदेश, ठुलो असम) एउटा विशाल भूखण्डमा बसोबास गर्ने नेपालीहरूको जमघटमा नाट्य क्षेत्र अङ्कुरित भएको फुलेको र फलेको समय थियो। पछि त्यो विशाल भूखण्ड राजनैतिक कारणमा खण्डित हुँदै गएर सात राज्यमा

विभक्त भयो, वर्तमान जस्लाई सात बहिनीमध्ये एउटा खण्ड असम राज्य हो। त्यसैले पहिलो चरणमा चर्चाको क्षेत्र धेरै ठूलो, दोस्रो चरणमा भौगोलिक क्षेत्र पहिलेभन्दा खुम्चिएको र तेस्रो चरणमा यो वर्तमानको असममा तुर्रिन पुगेको छ। नाट्य चर्चाको धाराप्रवाह पनि त्यस्तै प्रकारले समावेश गरिएको छ। हामीले पहिलो चरण, दोस्रो चरण र तेस्रो चरण समयलाई मात्र होइन बरु घटी बढी भएको नाट्य चर्चा र क्षेत्रीय रचनाकार तथा नाट्यकर्मको रूपरेखा प्रस्तुत गर्दा त्यस कुराको पुष्टि गर्ने प्रयास गरिएको छ।

असमेली नेपाली नाट्य धारामा महापुरुष श्रीमन्त शंकरदेवका पौराणिक र ऐतिहासिक तथा आधुनिक असमिया नाटकको पनि धेरै प्रभाव परेको कुरा अन स्वीकार्य छ। श्रीमन्त शङ्करदेव महापुरुष, एकजना धर्मगुरु, समाज संगठक मात्रै नभएर, नाट्य गुरु पनि हुनुहुन्थ्यो। असमिया भाषीको समाज बीचमा रहेका नाना जाति गोष्ठी सबैको उहाँ नाट्य गुरुका रूपमा आज पनि पूजित हुनुहुन्छ। यहाँ अति सामान्य परिचय प्रस्तुत गरियो।

आजको प्रायः छ सय वर्षअगावै विभिन्न जात, धर्म, वर्ण, सम्प्रदाय, नाना भाषा भाषी मानिसहरू आफू खुसी दिशाहीन दिशामा भौंतारिएको मानिसलाई सामाजिक र सांस्कृतिक तौरमा एक पार्न, समाजमा एक धर्म एक संस्कृतिको भावना र बृहत्तर समाजको निर्माण गर्नका लागि एक शरण भागवती धर्मको प्रचार-प्रसारसमेत "भाउना" नाटकको सृजना गर्नुभएको थियो। यसभित्र हरिनाम, गायन, वादन, पौराणिक धर्मीय उपदेशमूलक धर्मको जय र अधर्मको पराजय जस्ता नाटक माटोको मझेरीमा गराउनुभयो। त्यो परम्परा आज पनि छ। नेपाली भाषी निकै जना, महापुरुष श्रीमन्त शंकरदेवका चेला बनिए। गुरु शंकरदेवले प्रतिष्ठा गरेका विशेष गुरुकुल विद्यालय जसलाई "सत्र" भनिन्छ। ती सत्रमा नेपाली मान्छे शिष्य मात्रै हैन सत्राधिकारसम्म भए। जोरहाटको टिकन सत्रमा सत्राधिकार रतिकान्त उपाध्याय थिए भने माजुली भन्ने सत्र नगरीमा आज पनि नेपाली सत्र नामको सत्र छ। यो कुराले नेपाली नाट्य परम्परामा असमेली समाजको प्रभाव परेको स्पष्ट थाहा हुन्छ।

ऐतिहासिक र आधुनिक असमिया नाटककोपनि धेरै प्रभाव असमेली नेपाली नाटकमा परेको छ। स्नानान्तरमा प्रयोजन अनुसार अवश्यै यसबारे उल्लेख हुँदै जान्छन्।

यस लेखमा वर्तमान एक सय वर्ष अतिक्रम गरिसकेको असमेली नेपाली नाट्यचर्चा अनि विकासक्रमबारे उल्लेख र चर्चा गर्ने क्रममा एक सय वर्षे नेपाली

नाटकलाई चर्चाको सुविस्ता हेतु तीन चरणमा भाग गरिएको छ।

पहिलो चरण- १९१९- १९५२ सन्

दोस्रो चरण -१९५३-१९८६ सन्

तेस्रो चरण -१९८७-२०१९ सन् यानी वर्तमानसम्म। तदनुसार :-

**पहिलो चरण**-(१९१९-१९५२)

असमको वर्तमान विश्वनाथ जिल्ला (यो जिल्ला पहिले ठुलो दरङ जिल्ला थियो, दरङ जिल्ला भाग भएर शोणितपुर जिल्ला धेरै वर्ष शासन चलेको एक बर्ष पहिले शोणितपुर जिल्ला पनि दुई भाग भएर शोणितपुर छँदैछ, त्यसभित्र नयाँ विश्वनाथ जिल्ला सृष्टि भयो।) तेजपुर शहरबाट एक सय किलोमिटर पूर्व विहाली बटियामारी गाउँमा पण्डित हरिनारायण विद्याभूषणको अगुवाइ र ग्रामीण नाट्य प्रेमीहरूको सहयोगमा १९१९ सन्को दशैंको सांस्कृतिक कार्यक्रमअन्तर्गत हरिनारायण विद्याभूषणले अनुवाद गरेको नाटक "प्रबोध चन्द्रोदय" मञ्चन गरिएको हो भनेर यसबेलासम्म पाइएको तथ्यले पुष्टि गरेको छ। १९१९ त्यस नाट्यमञ्चनको आधारलाई मानेरै ठीक एक सय वर्षपछि सन् २०१९ को जुलाईमा उत्तराखण्डको देहरादूनमा अनुष्ठित राष्ट्रिय नाटक प्रतियोगितामा खेलिएको र पुरस्कृत नाटक पूर्णकुमार शर्माको "नौगेडी चोर"लाई एक सय वर्ष नाचेको नेपाली नाटक भनिएको छ र यस अवधिमा हाम्रो चर्चा रहनेछ।

यहाँ २०१९ पछि प्रकाशित नाटकको तथ्य पनि समावेस गर्ने प्रयास रहनेछ। अरू समयमा भन्दा दशैं पर्वमा असमको नेपाली बसोबास बाक्लो भएका धेरै गाउँहरूमा नाटक मञ्चन गर्ने परम्पराको थालनी हुनुमा प्रबोध चन्द्रोदय मञ्चनको ठुलो र दीर्घ प्रभाव परेको थियो।

प्रबोध चन्द्रोदय मञ्चनको आठ नौ वर्षपछि वर्तमान शोणितपुर जिल्लाअन्तर्गत जामुगुडीहाट निकट गमिरिपाल गाउँमा कालिदास काफ्ले र मोती चम्लागाईंको नेतृत्वमा गमिरिपाल गाउँ समितिको सहयोगमा "सरस्वती थिएटार पार्टी" ले सन् १९२८ मा परशुरामको मातृहत्या नाटक मञ्चन गरेको साक्षी प्रमाण पाइएको छ।

प्राय: त्यसै वर्ष १९२८/२९ सन्मा विहाली माजगाउँमा "माजगाउँमा थिएटर पार्टी" गठन हुन्छ। माजगाउँ थिएटर पार्टीले सम्पूर्ण रङ्गमञ्चीय ढाँचा पुऱ्याएर एक सय अस्सी फुट लामो छानोयुक्त हलघर र प्रेक्षालय, ब्यण्डपार्टी, बाजागाजा, राजकीय पोशाक, पेट्रोमाक्स, मञ्चमा संलग्न शृङ्गार गृहसमेतले परिपूर्ण भएर १९३० सन्मा पूर्णाङ्की नाटक मञ्चन गरेको हो। वेणी संहार, सती गोमा आदिसमेत नेपाली नाट्य जगत्मा सेक्सपियरको दर्जा पाउने नाट्यसम्राट् बालकृष्ण समको मुकुन्द इन्दिरा,

पहलमानसिंह स्वाँरको अटलबहादुर आदि अनेकौं नाटक वर्षेनी माजगाउँ थिएटर पार्टीले मञ्चन गरेको दसी प्रमाण पाइन्छ । त्यसताका समग्र असमको ब्रह्मपुत्र उपत्यकाको दुवै पाटामा, तेजपुरको बाण रङ्गमञ्च र बेङ्गोली थिएटर हलपछि नै माजगाउँ थिएटर पार्टी ठुलो गहकिलो र गतिशील नाट्य दल थियो भन्ने अनेक प्रमाण पाइन्छ । त्यस हलमा नेपाली अभिनेता अभिनेत्रीहरूले धेरैवटा पूर्णाङ्की असमिया नाटक पनि मञ्चन गरेको हो र असमिया रङ्गकर्मीहरूले सम्पूर्ण सहयोग गर्नुभएको थियो । (माजगाउँ थिएटर पार्टी- विष्णुलाल उपाध्याय-) । यस नाट्यदलले पूर्वभेक लखिमपुरदेखि लिएर विश्वनाथ, तेजपुर हुँदै पश्चिममा रौता, माजबाट, उदालगुडी र बान्दरगुरीसम्म गएर नाट्य घुमन्ते पाराले मञ्चन नाट्य प्रदर्शन गर्नुले भ्राम्यमान नाट्य दलको खाँचो पूरा गरेको श्रेय माजगाउँ थिएटर पार्टीलाई जान्छ । बटियामारी निवासी पूर्व उल्लिखित पण्डित हरिनारायण विद्याभूषण, नाट्यप्रेमी नाट्य अनुवादक टङ्कनाथ उपाध्याय, मुक्ति उपाध्याय, रामप्रसाद उपाध्याय, मास्टर गङ्गाधर खतिवडा, बाबू छविलाल उपाध्याय जस्ता भाषा, साहित्य, कला, संस्कृतिप्रेमी जाति हितैषी मानिसहरू माजगाउँ थिएटर पार्टीको नेतृत्वमा थिए । १९३९ सन्‌को द्वितीय विश्वयुद्ध अघिसम्म माजगाँउ थिएटर पार्टीले आसामको नाट्यक्षेत्रमा सामग्रिक रूपमा प्रतिनिधित्व गरेको बुझ्नुपर्दछ । विहाली माजगाउँ र बटियामारी दुवै छिमेकी गाउँ भएकोले गर्दा दुवैतर्फका पारङ्गत कलाकारहरूले आवश्यकताअनुसार सम्मिलित तरिकाले कामहरू गर्दथे र एउटा राम्रो परिवेश तयार भएको थियो । मुकुन्दइन्दिरा र अटलबहादुरजस्ता दुई चार मौलिक नाटक मञ्चन भए पनि धेरै जसो अनुवाद नाटक नै मञ्चन हुन्थे । हरिनारायण विद्याभूषण, टङ्कनाथ उपाध्यायहरूले बङ्गाली र हिन्दी भाषाका नाटक अनुवाद गरे जुन पछि गएर छापिए पनि । तर रामप्रसाद उपाध्याय, गङ्गाराम खतिवडा आदिले पनि नाटक अनुवाद गरेको थाहा भए पनि ती नाटक प्रकाशित भएका छैनन् । यसरी भारतीय स्वाधीनताको निकट पूर्वकालमा माजगाउँ थिएटर पार्टीको प्रचारप्रसारको प्रभावमा नेपाली भाषी बसोबास प्रधान असमको विभिन्न प्रान्तमा, दशैं, तिहार र अरू पनि चाडपर्वका उपलक्ष्यमा प्रशस्तै नेपाली नाटक खेलिएका हुन् । यसमध्ये विश्वनाथको बृहत् गमिरी अञ्चल, शोणितपुरको शिङरी चितलमारी अञ्चल गतिलो पाराले नाट्य विधामा अघि सरेको देखिन्छ । यस ठाउँमा जीतबहादुर छेत्री, शेरमान थापाहरूको नेतृत्व थियो त्यो समयमा ।

गमिरी, तेलेनी, डिपुरा, वेकिजान आदि ठाउँमा, भीमलाल दाहाल, बमबहादुर दर्जीहरू अगुवा थिए । सन् १९३९ मा द्वितीय विश्वयुद्धको हावाहुण्डरी र बम बारुदको चट्याङ्ग पर्न थालेपछि नाटक साहित्य कला संस्कृति समग्र देशमै छ सात

वर्ष (१९५४/४५) सम्म ठप्प भयो । यता भारतीय स्वाधीनता संग्राम चर्कियो जसमा हाम्रा मानिसहरू उत्तिकै मुछिएका थिए। त्यसैबेला कसो कसो गरी १९४२ मा हर्षबहादुर शाहीको शकुन्तला र बाटुली मणिप्रसाद उपाध्यायद्वारा प्रकाशित भयो र यो पहिलो चरणको नाटक यात्रा यहीं थामिन्छ।

पहिलो चरणमा प्रकाशित भएका नाट्य कृतिहरू (अनुवाद लेखिएको बाहेक सबै मौलिक कृतिहरू हुन् - लेखक।)

क्रमांक-कृतिकार- कृति-पू/ए-सन-प्रकाः

१. हरिनारायण विद्याभूषण- प्रवोध चन्द्रोदय-पूर्णाङ्की (अनुवाद) १९३४-शिलाङ प्रेस।

२. हर्षबहादुर शाही-शकुन्तला/ बाटुली(संयुक्त पूर्णाङ्की)१९४२-मणिप्रसाद उपाध्याय- शिलाङ।

३. टङ्कनाथ उपाध्याय-जुलियास सिजार- अनुवाद -१९५३- कमला आर्ट प्रेस, शिलाङ।

**दोस्रो चरण-(सन् १९५३-१९८६)**

द्वितीय विश्वयुद्ध थामिएर मानिसहरू खेती किसान, गाई भैंसीहरूसँग लहसिन लागेका मात्रै थिए १९५० सन्‌मा (नेपाली दुई हजार सात सालमा) विध्वंशकारी भुँइचालो आयो- जसले आसामको नक्सा बदलियो। भुँइचालाले छोडेपछि भोकमरी र दुर्भिक्षको ग्रासमा मानिसहरू निश्वासिए। २०१२ सन्‌को नेपालको भयङ्कर भुइँचालो जाँदा देखिएको त्रास, अत्याधुनिक समय र उद्धार कार्य, योगायोग माध्यमद्वारा राहतको व्यवस्था हुदाँ कति हानि भयो-६२ वर्षअघिको समयमा कस्तो अवस्था भएर मानिसहरू बाँच्न बाध्य भए अनुमान गर्न गाह्रो हुन्छ। यस्ता आपद्ले एकपल्ट पुनः मानिसहरू निस्तब्ध भए। कथा, कविता, उपन्यास अथवा नाटक पनि लेखिए होलान् तर नाटक मञ्चन हुने कुनै परिवेश रहेन। विश्वयुद्ध र भुईंचालोपछि शिलाङ र गुवाहाटी शहरतिर नाट्य विधामा मानिसहरू धेरै गम्किएर खटिए, नाटक लेखिए, खेलिए अनि एउटा रमाइलो पन पुनः सृजना हुनमा धेरै बेर लागेन। शिलाङमा पञ्जुलाल गुरुङ र सहयोगीहरू मिलेर गोर्खा जातीय सेवक दलको गठन हुन्छ। भारतीय नेपाली संगीत र सांस्कृतिक जगत्‌मा ठुलो योगदान दिने माष्टर मित्रसेन थापाको आविर्भाव र उपस्थितिमा शिलाङमा नयाँ जोशले भक्त अम्बरीश नाटक मञ्चन हुन्छ। लोकगीत लोकसंस्कृतिअनुरूप विषयले मित्रसेनले जाँगर थपेका थिए।

१९५० सन्मा राजनैतिक कारणवश जेल परेका प्रगतिशील भावधाराका प्रेमसिंह सुवेदीसँग, भारतीय गण नाट्य संघका उच्च पदाधिकारी नाट्यकार हेमाङ्ग विश्वासको भेट हुन्छ। यो संयोग थियो। हेमाङ्ग विश्वाससँगको भेटले एकजना धुरन्धर नेपाली नाट्यकार नाट्यकर्मीको जन्म भयो। सन् १९५१ मा प्रेमसिंह सुवेदीको गोलीको निशान, सन् १९५३ मा लइन छोकडो, सन् १९५६ मा पद्मश्री लीलबहादुर क्षेत्रीको सौंइला दाइ र लक्ष्य, गुवाहाटीको मञ्चमा धुमधामसहित मञ्चन हुन्छन्। १९५५ तिर गुवाहाटीमा पहिले भानु जयन्ती मनाउने क्रममा पनि मानिसहरू सचेत र सजग भए। सन् १९५८ मा योगलाल शर्माको "त्याग" मञ्चन हुन्छ भने सन् १९५८ मा कर्णबहादुर क्षेत्रीको "भत्केको घर" नाटक खेलिन्छ। सन् १९५९ मा फेरि योगलाल शर्माको "सौता" गुवाहाटीमा मञ्चन हुन्छ। (यी नाटक पुस्तकाकारमा प्रकाशित भएको पाइदैन।) प्रेमसिंह सुवेदीको विजय यात्रा, धनुषयज्ञ, कुमारी आमा (१९७१) भातृरेखा, सुनको ठुन्को आदि धेरै नाटक गुवाहाटी र आसामको विभिन्न मञ्चमा तीन दशकसम्म अर्थात् दोस्रो चरणको अन्त्यसम्म खेलिए। १९५९को नोबेम्बरदेखि गुवाहाटी रेडियोमा उत्तराञ्चल नेपाली सेवा सुरु भएको र त्यहाँ प्रसारण गर्न रेडियो नाटक लेखिएका हुन्। गुवाहाटी संगसंगै आसामको विभिन्न प्रान्तमा उत्तिकै नाटकहरू खेलिए, कतै बाक्लै र कतै पातलो गरी-डिगबोई, दुलियाजानतिर हरिभक्त कटुवालको अगुवाइमा नाटकहरू खेलिए। शिलाङ र गुवाहाटीका केही मुख्य रङ्गकर्मीहरूलाई उल्लेख गरेर तेस्रो चरणतिर लम्किनु छ। पञ्जुलाल गुरुङ, प्रेमसिंह सुवेदी, भोलानाथ गुरुङ, सी. बी. गुरुङ, हर्षबहादुर शाही, दिल सहानी, दशरथ शाही, लीलबहादुर क्षेत्री, अविनाश श्रेष्ठ, मुक्ति उपाध्याय बराल, लक्ष्मी सुवेदी, मोतीसिंह क्षेत्री आदि नै मुख्य थिए। यस भेकमा पहिलो सह अभिनयको प्रारम्भ गराउने नाट्यकार प्रेमसिंह सुवेदी नै हुन् भन्ने अहिलेसम्मको ठहर छ।

सन् १९८५ मा आसाममा विदेशी खेदाओ आन्दोलनको आगो बल्यो। जनजीवन अस्तव्यस्त पाऱ्यो। त्यस समयमा पनि नाटकमा थेरथोर केही काम भएको छ। यस दोस्रो चरणमा प्रकाशित भएका मौलिक र अनुवाद नाटकको क्रमानुसार सूची यस प्रकारले प्रस्तुत गरिएको छ-

क्रमांक-नाट्यकार-नाटक- सन्- प्रकाशन

१. दुर्वासा उपाध्याय- नैतिकता- एकाङ्की १९५९- प्रभात- दरङ नेपाली छात्र संघको मुखपत्रमा प्रकाशित

२. हरिभक्त कटुवाल- दुङ्गाको मान्छे- एकाङ्की- १९६६

३. (हरिभक्त कटुवालको पूर्व उल्लिखित "म मरेको छैन" भन्ने नाटकको अस्तित्व पाइएन)।

५. लीलबहादुर क्षेत्री-दोबाटो-१९६७-साझा प्रकाशन- नेपाल।

६. काशीनाथ सुवेदी- पुकार (सङ्कलन) १९७३-देव प्रकाशन - बङ्गाइगाउँ

७. काशीनाथ सुवेदी र युवराज काफ्ले (संयुक्त) दैव (पूर्णाङ्की) १९७३- देव प्रकाशन-बङ्गाइगाउँ।

८. मोतीसिंह क्षेत्री- एक अवलाको जीवन- १९७४-डम्बरकुमारी क्षेत्री-गुवाहाटी।

९. लीलबहादुर क्षेत्री-माग (सङ्कलनभित्र) -१९७७-सङ्कलक, सम्पादक- रामलाल अधिकारी-दार्जिलिङ।

१०. हरिप्रसाद गोर्खाराई- जननी जन्मभूमि (सङ्कलनभित्र) १९७७- सङ्कलक-सम्पादक- रामलाल अधिकारी- दार्जिलिङ।

११. टीकाराम उपाध्याय निर्भीक- निर्वाचन-(सङकलनभित्र) १९८२- संकलक सम्पादक- कृष्ण प्रधान- साहित्य एकाडेमी दिल्ली।

१२. दिल साहनी-ज्वाला/ जनताको शत्रु (सङ्कलन) -१९८३- चेतना प्रकाशन।

१३. लीलबहादुर क्षेत्री-सुरुको सुरु-१९८३-भानु प्रकाशन-भद्रपुर, नेपाल।

## २.४ **तेस्रो चरण**- (१९८६-२०१९)

तेस्रो चरणमा पर्ने समयमा भएको विश्वविख्यात छात्र आन्दोलनमा असमेली नेपाली जनजीवन राजनैतिक कारणवश धेरै समस्यामा शंकित, त्रासित र अस्थिर भए। यस सात वर्षको समयमा हाम्रा ग्रामबासी मानिसहरू मानसिक रूपमा पहिलेभन्दा धेरै सचेत भए। समाचार पढ्ने, सुन्ने आदतसँगै जातीयता, साहित्य कला/ संस्कृतिमा आफ्नोपन चर्किएको अनुभव भयो। साहित्यकार बुद्धिजीवीहरू आफ्नो पक्षमा बोल्न लागे। अघिको दरङ नेपाली छात्रसंघ- अखिल असम गोर्खा छात्रसंघ अर्थात् राज्यव्यापी संस्था भएर अधिकारका कुरा बोल्न लागे। सामाजिक पृष्ठभूमि बदलिएको परिस्थितिमा नाटक साहित्य पनि प्रभावित भएको पाइन्छ। असममा सन् १९३३ मै ब्रजनाथ शर्माले घुमन्ते (भ्राम्यमान) अपेरा थिएटर सुरु गरे पनि त्यो स्थायी भएन। सन् १९६२ मा पुनः रतन लहकर र अच्युत लहकरले धेरै खर्चिलो र अत्याधुनिक भ्राम्यमान नाट्य दल चलाए।

त्यसताका नलबारी जिला वर्तमान बाक्सा जिलाको निकासीमा सन् १९९३/९४ मा असमिया भ्राम्यमान थिएटरको हाराहारीमा लालीगुराँस थिएटर जन्मियो। हिमालयान थिएट्रिकेल पार्टीको नेतृत्वमा जन्मिएको यो नाटक पार्टी पेशादारी नाट्य प्रदर्शनभित्र पर्दछ। -पृथ्वीविलास भट्टराई, राम दाहाल, विनोद खनाल, डम्बरु भट्टराई, छविलाल भट्टराई, नारायण भण्डारी र समग्र निकासी बासीको तत्परतामा नेपाली भ्राम्यमान नाट्य टोलीले असमको गाउँ, ठाउँ घुमेर पनि नेपालको उर्लाबारीसम्म नाटक प्रदर्शन गर्न पुगे। त्यस क्रममा सन् १९९९ विनोद खनालको परिचालनमा ब्रह्मपुत्र थिएटर पुनर पुलक फुकन र विनोद खनालको परिचालनमा सन् २०५/०६ मा थिएटर लालिगुराँस, पूर्वी भेक जागुनमा दुर्गा नेपालको अगुवाइमा सन् १९९९मा थिएटर सयपत्री (यस नाट्य दलले दुईएक नाटक मात्र प्रदर्शन गरे) पछि सन् १९०६/०७ सनमा विश्वनाथ चारैतिर पानी भण्डारका बाबुल शइकीया (असमिया मानिसको अगुवाइमा) सयपत्री थिएटर पार्टीले दुएकवर्ष नाट्य प्रदर्शन गरेपछि त्यो पनि चुप लागेर बसेको छ। यसरी अत्याधुनिक नाट्य प्रदर्शन हेरेपछि गाउँठाउँमा अपेशादारी नाट्यकारितामा पनि ठुलो प्रभाव परेको हो।

सन् १९९४ सनमा विश्वनाथ जिल्लाअन्तर्गत समारदलनी गाउँमा उदयन कला परिषद्को जन्म भयो। यसमा सभापति श्री भवानीकुमार शर्मा र मूल सचिव पूर्णकुमार शर्मा चुनिएका थिए। यस संस्थाले असमेली नेपाली नाटकलाई जिला, राज्य, राष्ट्र र अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याएर एक क्रान्तिकारी भूमिका पालन गरो। सन् १९९४ मै संस्कृति विकास समिति असम नामको अर्को राज्यव्यापी नाट्यकला संस्कृतिको संस्था कुमार पोखेल सभापति र किशोर किरात मूल सचिव रहेर गठन हुन्छ। सन् १९९६ मा यसले पहिलो पल्ट राज्यव्यापी नाटक प्रतियोगिताको आयोजन गरेर नाटकको विकासको क्षेत्रमा चहलपहल ल्यायो।

यता उदयन कला परिषद्को नाट्य टोलीले सन् १९९४/९५ वार्षिक नाट्य प्रदर्शन सन् १९९६ मा संस्कृति विकास समिति असमको राज्यिक प्रतियोगिता (श्रेष्ठ नाट्य दल) सन् १९९८ मा स्थानीय हिसापले दुई दिने नाट्यउत्सव एवं प्रदर्शन गराए। सन् १९९८ मा संस्कृति विकास समिति असमले लखिमपुर जिल्लाको बिहपुरीयामा दोस्रो राज्यिक नाटक प्रतियोगिता सम्पन्न गराउँछ। त्यसपछि यो संस्था निष्क्रिय रहेको देखिन्छ।

यसक्रममा शोणितपुर नौदुवार अञ्चलको पुरानो र ठूलो नाट्य संस्था वाजुजी भवन नाट्यसमाजको स्वर्णजयन्ती समारोह उत्सवमा सन् २००१ को जनवरी महिनामा

नाट्यकार शेरमान थापा रचित र गोपाल शर्मा परिचालित नाटक "रुखको माकुरो" अति सुन्दर पराले मञ्चन भएको थियो । जसमा यस पंक्तिकारले पनि अभिनय गरेको हो । त्यो एक ऐतिहासिक र गरिमामय नाट्य मञ्चन थियो भन्ने आज पनि नाट्य प्रेमीहरूमा आलो स्मृति रहेको सुनिन्छ ।

**भारतीय राष्ट्रिय क्षेत्रमा असमेली नेपाली नाट्य यात्रा एक झलक-**

१. सन् २००० मा असमबाट सर्वप्रथम सर्व भारतीय (राष्ट्रिय) नाटक प्रतियोगितामा पूर्णकुमार शर्माको "तीन पोयाको डोरी" लिएर गएको उदयन कला परिषद्ले उडिसाको कटक शहरमा योगदान गरेर पुरस्कृत हुन्छ ।

यसरी २००१ मा साझा कला गोष्ठी, विश्वनाथ चाराली, मृत्युका रोल (अनुवाद- हरि लुइटेल) लिएर बिहारको डालमितिया नगर जान्छन् भने सन् २००२ उही साझा कला गोष्ठी, उत्तराखण्डको सोलनमा गएर नाट्य प्रदर्शन गरेर आउँछन् ।

सन् २००२ मा असम राज्यव्यापी नाट्य संस्था "असम नेपाली नाट्य सम्मेलनको जन्म हुन्छ, गोलाघाट जिल्लाअन्तर्गत उरियामघाटमा । प्रो. टीकाराम उपाध्याय निर्भीक सभापति र पूर्णकुमार शर्मा प्रधान सम्पादक चुनिएको यस संस्थाले राज्य स्तरमा नाट्य आन्दोलनको थालनी गर्दछ । सन् २००३ मा उदयन कला परिषद्, अभिनव कला संगमको राष्ट्रिय मञ्चमा- पूर्णकुमार शर्माको प्रभात यामिनी लिएर जान्छ ।

सन् २००३ को नोभेम्बर महिनामा असम सत्र महासभा र श्रीमन्त फाउन्डेसनद्वारा गुवाहाटी शहरमा अनुष्ठित विशाल जनगोष्ठीय भाउना समारोहमा- शोणितपुरको रङ्गाचकुवाका नेपाली कलाकारहरुले सम्पूर्ण भाउना- "भक्त प्रह्लाद" अभिनय गरेर नयाँ कृतिमान स्थापित गरेका हुन् ।

सन् २००४ मा बाक्साको निकासी टोली उत्तरभारतमा नाट्य प्रदर्शन गरेर आउँछ ।

सन् २००५ मा असम नेपाली नाट्य सम्मेलन, समारदलीन शाखाले पूर्णकुमार शर्माको ऐतिहासिक लघु नाटक लिएर, उत्कल युवा सांस्कृतिक संघ, कटक, उडिसा र भारत सरकारको सांस्कृतिक मन्त्रालयको संयुक्त आयोजनामा अनुष्ठित विश्व नाट्य महोत्सवमा भाग लिएर विश्वका ४२ देशहरूसँग कलाकारितापूर्ण प्रदर्शन गरेर आउँछ । यसै मञ्चमा दीर्घकाल नाट्य विधामा सेवा गरेबापत पूर्णकुमार शर्मालाई "नाट्य भूषण" सम्मानले विभूषित गरिन्छ । यस प्रकारले - सन् २००६ मा बालिजुरी नाट्य परिवार आफ्नो नाटक लिएर कटक उडिसामा उपस्थित थिए भने सन् २००८ मा समारदलीन नाट्य संघ, उडिसाको राष्ट्रिय मञ्चमा "नीर अधीर" लिएर उपस्थित थिए ।

सन् २००८ मा असम नेपाली नाट्य सम्मेलनले आफ्नो प्रथम पूर्णाङ्ग महाधिवेशन, शोणितपुरको जामुगुडीहाट निकट गमिरिपाल दुर्बासा क्षेत्रमा तीनदिने महोत्सव मनाउँछ। यसमा नाटक संगोष्ठी र नाटक प्रतियोगिता तथा कलाकार सम्मान समारोह आयोजन र सम्पन्न गराउँछ।

सन् २०१० मा असम साहित्य सभा (असमेली बृहत् जातीय अनुष्ठान) असम नेपाली साहित्य सभाद्वारा लखिमपुर शहरको जिल्ला पुस्तकालय नाट्य गृहमा जनगोष्ठीय नाटक समारोह आयोजन गर्दछ र त्यस गरिमापूर्ण नाट्य उत्सवमा असम नेपाली नाट्य सम्मेलन राजगढ शाखाले धर्मेन्द्र उपाध्यायको प्रगतिवादी पूर्णाङ्गी नाटक "कठपुतली" विनोद खनालको परिचालनमा मञ्चन हुन्छ। सन् २०११ मा असम नेपाली नाट्य सम्मेलन केन्द्र र उदालगुडी बान्दरगुडी शाखाको सौजन्य र नाट्यकार राम उपाध्यायको अगुवाइमा असम राज्यिक एकाङ्की नाटक प्रतियोगिता सम्पन्न हुन्छ। सन् २०१२मा अ ने ना स बटियामारी शाखा विनोद खनालको नाटक लिएर राष्ट्रिय मञ्चमा उपस्थित हुन्छ।

सन् २०१३ मा पण्डित हरिनारायण विद्याभूषण क्षेत्र बटियामारीमा, धुमधामसहित असम नेपाली नाट्य सम्मेलनको दोस्रो महाधिवेशन, नाटक संगोष्ठी र राज्यिक नाटक प्रतियोगिता तथा कलाकार सम्मान समारोह सम्पन्न हुन्छ। त्यस समारोहमा भारत र नेपालका नाट्य व्यक्तित्वको उपस्थितिमा तीनदिने भव्य कार्यक्रम सम्पन्न हुन्छ। २०१४ मा बाक्सा निकासीको नाट्य नृत्य टोलीले महाराष्ट्रको पुनेको राष्ट्रिय प्रतियोगितामा भाग लिएर आउँछ।

२०१५ मा विश्वनाथ गमिरीको मिलन ज्योति नाट्य संघले, उत्तर प्रदेशको मथुरा वृन्दावनमा पूर्णकुमार शर्माको "कुतकुती" प्रदर्शन गर्दछ भने त्यसै मञ्चमा धर्मेन्द्र उपाध्यायको "मृत्यु भूमिमा जीवनको कोलाज" बटियामारी शाखा नाट्य सम्मेलनले सफल मञ्चन गरेर आउँछ।

२०१६ मा गमिरीकै अर्को टोलीले बिहारको डालमितिया नगरमा पूर्णकुमार शर्माको "जेवर चोर" (हिन्दी) नाटक लिएर प्रतिभागी हुन पुग्दछ। २०१७ मा राम उपाध्याय रचित "वृद्धाश्रम" नाटक लिएर बिहार डाल्मियाको अभिनव कलासंगमद्वारा आयोजित राष्ट्रिय नाटक प्रतियोगितामा अंश ग्रहण एवं पुरस्कृत भएर आएको हो।

२०१८ मा गुवाहाटी स्थित श्रीमन्त शंकरदेव कलाक्षेत्र परिसरको माधवदेव अन्तार्राष्ट्रिय प्रेक्षालयमा बिबि क्रिएश्यन द्वारा आयोजित भगवान् श्रीकृष्णको महारास (रासलीला) एवं जनगोष्ठीय संस्कृति समारोहमा "असम नेपाली नाट्य सम्मेलन" को

सौजन्यमा, सम्मेलनको राजगढ शाखा एवं बटियामारी राङ्साली शाखाका कलाकार हरूले सम्पूर्ण रासलीला प्रदर्शन गरे, जसमा एक सयभन्दा बढी कलाकारहरूले एकैसाथ भाग लिएका थिए।

२०१९ मा अ.ने.ना.स. समारदलनी शाखाले पूर्णकुमार शर्माको "नौगेडी चोर" र बाक्सा निकासी शाखा नाट्य सम्मेलनले लोकनृत्य लिएर उत्तराखण्डको देहरादून शहरमा मनु अभिनय सांस्कृतिक संघद्वारा आयोजित नाटक नृत्य प्रदर्शन विभिन्न पुरस्कार लिएर आँउछ। यसरी असमेली नेपाली रङ्गकर्मीहरूले सम्पूर्ण स्वयंसेवा दिएर आसामको नेपाली नाट्यकारितामा आफ्नो योगदान पुऱ्याउने प्रयास गरिरहेका छन्। यसक्रममा तेस्रो चरणमा प्रकाशित नाटकहरूको सूची निम्न प्रकार छन्- (१९८६-२०१९)

क्रमांक-कृतकार- कृति- सन्- प्रकाशन

१४. हरि अधिकारी- जीउँदो मुर्दाको चित्कार (एकाङ्की)-१९८८-डिल्लीप्रसाद पौडेल-तुम्प्रेङ, कार्बिआङलङ।

१५. टी.कार्की- विजयका हातहरू (सङ्कलन)-१९९०-गोकुल प्रकाशन- शिलाङ।

१६. टङ्कनाथ उपाध्याय- भेनिसको सौदागर-(अनुवाद) -१९९२- गीता उपाध्याय-तेजपुर, असम। छविलाल उपाध्याय- (अनुवाद) चन्द्रगुप्त-१९९२।

१७. के. बी. नेपाली- मेघदूत-१९९२- विन्दु प्रकाशन- लामडिङ।

१८. अविनाश श्रेष्ठ (हाल काठमाडौं) समय समय अनि समय तथा अश्वत्थामा हतोहतः १९९४- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, काठमाडौं, नेपाल।

१९. लीला कालिकोटे- चुनौती- (पूर्णाङ्की)-१९९४- मनोरथ प्रसाई- कार्बिआङलङ

२०. छविलाल उपाध्याय-स्कन्दगुप्त, (अनुवाद) १९ -निर्माण प्रकाशन, सिक्किम।

२१. के.बी. नेपाली-सती गोमा (पौराणिक) १९९४-विन्दु प्रकाशन- लामडिङ, असम।

२२. रञ्जन अधिकारी-अनुभुति रात पर्नु-१९९४-भारतीय नेपाली विद्यार्थी परिषद्।

२३. मोहन रिजाल- एकताको शङ्खनाद- पूर्णाङ्की-१९९५- बोधकुमारी स्मृति प्रकाशन- डिगबोई, असम।

२४. शेरमान थापा- पाँच पाते-(एकाङ्की सङ्कलन) १९९६- नारायण शर्मा, जागीरोड, जुनकिरी सामयिक साहित्यिक पत्रिका।

२५. मुक्ति उपाध्याय बराल-अनन्त यात्रा-(सङ्कलन)-१९९८-पुष्पा प्रकाशन, सिलगढी।

२६. गीता लिम्बू- नवजात सैनिक- एकाङ्की-१९९८- सुमन नेपाली साहित्य सृजन

समिति- शिलाङ।

२७. तुलबहादुर मालेमा-जीवन हिड्छ अस्तित्वको खोजीमा-१९९८- नेसाप, असम।

२८. प्रेमसिंह सुवेदी- आम्रपाली( पूर्णाङ्की)-१९९९- विनोद कोइराला, गुवाहटी।

२९. प्रेमसिंह सुवेदी- कुमारी आमासहित मौसमी-(पूर्णाङ्की)-२०००- विनोद कोइराला, गुवाहाटी।

३०. दुर्गाप्रसाद घिमिरे-गाई (एकाङ्की)-२०००- नवध्वनि संगठन, गुवाहाटी।

३१. गुरुप्रसाद उपाध्याय- माटोको अभिशाप (ऐतिहासिक) २०००- शोनेसाप-तेजपुर।

३२. पूर्णकुमार शर्मा- बालिदिउँला दीयो हृदयमा तिम्रो (एकाङ्की सङ्कलन) -२००१- उदयन कला परिषद्, शोणितपुर।

३३. प्रेमसिंह सुवेदी- घाम झुल्केपछि (रेडियो नाटक सङ्कलन) २००१-लक्ष्मी सुवेदी- नारेङ्गी- गुवाहाटी।

३४. महीपति निरोला- युगको आह्वान (एकाङ्की सङ्कलन)-२००२-दीननाथ निरोला- शोणितपुर।

३५. लीलबहादुर क्षेत्री- भाइटीकाभित्रै (एकाङ्की)-२००२- विन्दु प्रकाशन-लामडिङ।

३६. प्रेमसिंह सुवेदी- गोलीको निशान- (पूर्णाङ्की)- २००२- विनोद कोइराला, गुवाहाटी।

३७. के.बी. नेपाली-हत्यारा-(पूर्णाङ्की)- २००२- विन्दु प्रकाशन, लामडिङ, असम।

३८. गुरुभक्त धिताल-नेताको साइकल (एकाङ्की) २००२- विन्दु प्रकाशन।

३९. खड्कराज गिरी-एउटा दृश्य (एकाङ्की) २००२ - विन्दु प्रकाशन।

४०. प्रेमसिंह सुवेदी- लइन छोडको(पूर्णाङ्की) २००२- लक्ष्मी सुवेदी, नारेङ्गी-गुवाहाटी।

४१. जयन्तकृष्ण शर्मा-भेला घर (एकाङ्की)-२००२- विन्दु प्रकाशन।

४२. डि. आर. सुब्बा- पञ्चामृत (एकाङ्की)-२००२- विन्दु प्रकाशन।

४३. इन्द्रकान्त कार्की- एकमुट्ठी आवाजको हत्या (एकाङ्की)-२००२- विन्दु प्रकाशन, लामडिङ।

४४. पूर्णकुमार शर्मा- हृदयको दियालो (एकाङ्की) -२००२- विन्दु प्रकाशन।

४५. प्रेमसिंह सुवेदीको कुमारी आमा, दिनकर कुमार (हिन्दी अनुवाद) (प्रगतिशील

धारा)- २००२- लक्ष्मी सुवेदी- नारेङ्गी- गुवाहाटी।

४६. दुर्गाप्रसाद घिमिरे- सामूहिक स्वार्थ (एकाङ्की)-२००३- नवध्वनि संगठन गुवाहाटी।

४७. मोहन सुवेदी- बलिदान (पूर्णाङ्की) २००३-हरि भट्टराई आमिनगाउँ गुवाहाटी।

४८. सुश्री लक्ष्मी मिनु- कर्त्तव्य (एकाङ्की सङ्कलन) २००३-विन्दु प्रकाशन।

४९. नव सापकोटा- मुनामदन (गीतिनाटक)-२००३- धनज्योति प्रकाशन, गुवाहाटी।

५०. प्रेमसिंह सुवेदी- कण्ठ युद्ध (रेडियो नाटक) २००४- लक्ष्मी सुवेदी- नारेङ्गी- गुवाहाटी।

५१. महीपति निरोला-असम गौरव (असमिया एकाङ्की सङ्कलन)-२००४- रूपालिम सांस्कृतिक संघ, तेजपुर।

५२. सविता अधिकारी- अधिकार (पूर्णाङ्की) -२००४- शोनेसाप- तेजपुर।

५३. महीपति निरोला- असम गौरव (असमिया एकाङ्की सङ्कलन) -२००६- रूपालिम सांस्कृतिक संघ -असम।

५४. विष्णु सुनार- रित्तो बाल्टी (एकाङ्की)-२००६- नवध्वनि संगठन गुवाहाटी।

५५. रेवतीमोहन तिमसिना- थपिनीको बाख्रो (एकाङ्की) २००७- मौदगल्य प्रकाशन- रौता, असम।

५६. मुक्ति उपाध्याय बराल-अन्तर्प्रेरणा- (नाटक) २००८- सुमेरु प्रकाशन सिलगढी।

५७. गीता उपाध्याय- दरबारकी सुसारे (अनुवाद)-२००८ - अनुराग प्रधान, गुवाहाटी।

५८. पूर्णकुमार शर्मा- परिक्रमा-(लघु नाटक, सङ्कलन)२००८- युद्धमाया स्मृति प्रकाशन- असम।

५९. ढुण्डिराज उपाध्याय-यात्रा- (एकाङ्की सङ्कलन) २००८- नारद निरोला, निरोला प्रकाशन, असम।

६०. गुरुप्रसाद उपाध्याय-घरभित्र (पूर्णाङ्की) -२००९- दाज्युभाइ प्रकाशन, असम।

६१. भीम धमाला- शिखरको बाटो (एकाङ्की सङ्कलन) २००९- राज प्रकाशन- सिलगढी।

६२. राम उपाध्याय- नेकेट लेडी( पूर्णाङ्की)-२०१०-प्रक्रिएट पब्लिकेशन।

६३. जगनिधि दाहाल- मान्छे च्याप्ने मिसिन- (एकाङ्की सङ्कलन) २०११- रौता प्रकाशन।

६४. कृष्णनील कार्की-भाग्यवान- (एकाङ्की सङ्कलन) २०१२-मन परिवार प्रकाशन- विश्वनाथ ।

६५. पूर्णकुमार शर्मा- अमर शहीद- लघु (नाटक सङ्कलन)-२०१२- युद्धमाया स्मृति प्रकाशन, शोणितपुर ।

६६. के.बी. नेपालीको सम्पादनमा-भारतीय नेपाली एकाङ्की विशेषाङ्क- (२६ एकाङ्कीको सङ्कलन) -२०१२- विन्दु प्रकाशन ।

६७. महीपति निरोला-वीर सेनानी छविलाल बाबू- (एकाङ्की/पूर्णाङ्की- संयुक्त)- २०१२-गोर्खा उन्नयन परिषद् ।

६८. जयन्तकृष्ण शर्मा- मुख्यमन्त्री (अनुवाद) २०१२ ।

६९. लक्ष्मीकान्त शर्मा-फिलिङ्गो (एकाङ्की सङ्कलन) २०१३-असम नेपाली नाट्य सम्मेलन ।

७०. महीपति निरोला- कर्मवीर चन्द्रनाथ शर्मा- (असमिया पूर्णाङ्की) -२०१३ असम कवि सम्मेलन, बिहगुरी शाखा ।

७१. मुक्ति उपाध्याय बराल- घर- पूर्णाङ्की-२०१४-निर्माण प्रकाशन- सिक्किम ।

७२. पूर्णकुमार शर्मा- प्रभात यामिनी- (असमिया एकाङ्की सङ्कलन) २०१४- भारतीय साहित्य प्रकाशन- तेजपुर ।

७३. लीला कालिकोटे- बलिदान (पूर्णाङ्की) २०१४।

७४. विष्णु शास्त्री-शहीद (बाल एकाङ्की सङ्कलन) २०१५- भारतीय साहित्य प्रकाशन- तेजपुर ।

७५. राम उपाध्याय- ब्युटीपार्लार-२०१५ (एकाङ्की सङ्कलन) दीपक कम्पिउटार प्रेस ।

७६. विनोद खनाल- डल्लीको बिये झिल्केलाई दिए-(गीतिनाटक) १९१५- आरोहण सामयिक साहित्यिक पत्रिका, लखिमपुर ।

७७. कृष्णनील कार्की-सत्यमेव जयते(एकाङ्की सङ्कलन) २०१५- मन परिवार प्रकाशन, विश्वनाथ ।

७८. भारती भण्डारी- लाश (पूर्णाङ्की)- २०१५- कानेखुसी परिवार प्रकाशन- निकासी, बाक्सा, असम ।

७९. भविलाल लामिछाने-(सम्पादक) पूर्वाञ्चलीय नेपाली नाटक-२०१५- नेसाप, असम ।

८०. मुक्ति उपाध्याय बराल-रहर(बाल एकाङ्की) २०१५-अरुण बराल एवं ने.सा.प्र. समिति ।

८१. दुर्गादत्त गौतम- आसन जब सिंहासन बन्छ (एकाङ्की सङ्कलन) २०१६-जागुन प्रकाशन ।

८२. पृथ्वीविलास भट्टराई- गहना- (पूर्णाङ्की)-२०१६-असम नेपाली साहित्य सभा ।

८३. रेवतीमोहन तिमसिना- बोक्सी-२०१६- मौदगल्य प्रकाशन- रौता ।

८४. पूर्णकुमार शर्मा- पाटेबाघ- (पूर्णाङ्की) २०१६- भारतीय साहित्य अकादमी- नइदिल्ली ।

८५. महीपति निरोला- बयाल्लिसका मुक्ति योद्धा(एकाङ्की /पूर्णाङ्की- संयुक्त)- २०१६- प्रदीप शर्मा- तेजपुर ।

८६. मुक्ति उपाध्याय बराल-गोर्खा मोडेल-२०१८- निउ इण्डिया पब्लिकेशन, सिलगढी ।

८७. महीपति निरोला- चिर्पटको चोट (लघु नाटक सङ्कलन) २०१९- दीननाथ निरोला- पोथिमारी ।

८८. मुक्ति उपाध्याय बराल- महिमा-( पूर्णाङ्की) २०१९- निउ इण्डिया पब्लिकेशन, सिलगढी ।

८९. डा. ढुण्डिराज उपाध्याय"राज"- कोपिला फूलहरू-एकाङ्कीसङ्ग्रह-२०१९- पूर्वायिण प्रकाशन ।

९०. पूर्णकुमार शर्मा- मुटुको खिया- एकाङ्कीसङ्ग्रह- २०२१- भारतीय साहित्य प्रतिष्ठान, तेजपुर ।

९१. राम उपाध्याय-आफ्नै गाउँ फर्की आएँ- पूर्णाङ्क-२०२१- पूर्वायण प्रकाशन ।

९२. विनोद खनाल- रगतको साइनो-पूर्णाङ्की-२०२१-पुकार खनाल, बटियामारी ।

९३. मुक्ति उपाध्याय बराल-शरत पूर्णकालीन रम्य रमिता- पूर्णाङ्की-२०२१- अनुपम चिन्तन मञ्च, विश्वनाथ असम ।

९४. धर्मेन्द्र उपाध्याय- कठपुतली र अन्य एकाङ्कीहरू- एकाङ्की सङ्ग्रह-२०२१- इजेल ग्राफिक्स, पुरी, असम ।

९५. विनोद खनाल- गरीबको आँसु-पूर्णाङ्की-२०२१-अगोस, विजिस, वि. चाराली ।

९६. के.बी. नेपाली-साइनो २०१८-२०२२ को साहित्य अकाडेमी पुरस्कार प्राप्त नाटक (यसक्रममा अझै पनि सम्पूर्ण प्रकाशित नाटक सूचीकृत हुने सम्भावना छ, तरै पनि धेरै खोजविन पछिको सूची हो । आउने दिनहरूमा कतै छुटेका नाटक भए अवश्य पनि सूचीमा गाभिनेछ ।)

## उपसंहार

माथिका संस्थागतरूपमा गरिएका कामहरूबाहेक विशेषता ग्राम शहर सर्वत्र शारदीय दुर्गोत्सवको (बडादशैं) को समयमा मणिपुर, मिजोरमको नेपाली जनबहुल अञ्चलगायत असमको शहराञ्चलसमेत सदिया, तिनसुकिया, दुलियाजान, शिव सागर नौगांव, बोकाखात, जागुन, टिराप मार्घेरिटा, डिगबोई र यता निकासी, नाग्रीजुली, कार्बिआङ्लङ, मेघालय, तुरा, गमिरी, विहाली, गहपुर, बिहपुरियामा, नारायणपुर, उता रौता माजबाट उदालगुडी, ओराङ, सरलपाडा, कोकराभार, चिहान, वङ्गाइगाउ, शिडरी, चितलमारी, ढेकियाजुली, बालिजुरी, राङासुक आदि समग्र असमेली नेपाली समाजमा नाट्य प्रदर्शन भएको छ।

असममा साहित्यिक र सांस्कृतिकरूपमा आफ्नो सक्रिय उपस्थिति दर्ता गराउने उद्देश्यले गठित असम नेपाली नाट्य सम्मेलन देशभरिमै नाट्यकला चर्चा गर्ने भारत देशभरिमै एकमात्र राज्यव्यापी अपरशादारी र सरकारी पञ्जीयनभुक्त बृहत् जातीय नाट्यानुष्ठान हो । यस संस्थाले असमेली नेपाली नाटकलाई भारतको विभिन्न राज्यमा रहेका विभिन्न भाषाभाषी भिन्न कला कृष्टी संस्कृति लोकनाटक, लोककला, लोकनृत्य आदि समग्र विषय समेटेर सांस्कृतिक समन्वयको ठूलो घडेरी निर्माण गर्न प्रयास गरिरहेका कुरा स्पष्ट छ। भारतीय मात्रै नभएर परापूर्वकालदेखि "भारत वर्षे-जम्बुद्वीपे" को पारम्परिक साहित्यिक, सांस्कृतिक समन्वयको आकांक्षा राखेर काम गर्नु, हाम्रो साहित्यिक सांस्कृतिक समन्वयको भावनामा कुनैपनि राजनैतिक सीमानाको धर्को नदेखिनु विश्व नेपाली समुदाय सामु आत्मविश्वास र एकताको लागि अत्यन्त महत्त्वपूर्ण विषय हो भन्ने पनि हाम्रो मान्यता छ। तर एउटा हातले ताली नबज्ने सत्यताको अनुभव पनि हामीले गर्नुपर्छ । राज्यस्तरमा, राष्ट्रस्तरमा अथवा अन्तर्राष्ट्रिय स्तरमा आयोजना गरिएका छलफल चर्चा अथवा नाट्य मेला/ भेलाहरूमा - एकअर्का देश र संस्थागत साझा कार्यक्रम नियोजित ढङ्गले सम्पन्न हुन आजको विश्वायनमा महत्त्वपूर्ण भएको छ। साहित्यिक क्षेत्रमा भारत नेपाल साहित्यिक विनिमय कार्यक्रम बाक्लै भए पनि नाटक विधा अछुत जस्तो परै रहेको कुरा मनन गर्न सक्नुपर्छ। हामी आसाममा एकमुट्ठी मान्छे, शैक्षणिक, भाषिक, साहित्यिक, सांस्कृतिक, राजनैतिक, आर्थिक कति कति समस्या भोग्नुपर्ने, सबै आफूले सृजना गर्नुपर्ने कुराहरू छुट्टै छन् । जनगोष्ठीय भाउना, जनगोष्ठीय लोककला र जनगोष्ठीय नाट्य प्रदर्शन परम्पराले असमको असमेली नेपाली नाट्य विधालाई सम्वृद्धिशाली बनाएको छ । आजको मितिमा "असम नेपाली नाट्य सम्मेलनको अगुवाइमा र कृष्णनील कार्कीको सम्पादनामा प्रायः

पैंचालीसवटा एकाङ्की गाभिएको एकाङ्कीसङ्ग्रह" "असमेली नेपाली एकाङ्कीसङ्ग्रह" नामले प्रकाशित हुने तर्खरमा छ भने, असम नेपाली साहित्य सभाको तत्परतामा र पूर्णकुमार शर्मा र कृष्णनील कार्कीको सम्पादनामा नेपाली एकाङ्की मानक ग्रन्थ प्रकाशनको कार्य पनि द्रुतगतिमा चलिरहेको छ। उसैगरी आजको समयमा भ्राम्यमान नाटक विश्वको ऐतिह्य भएर यस ठाउँबाट आज पनि सक्रिय उपस्थितिमा रहेको छ।

अन्त्यमा विषयमा हामीले जे जति सहयोग गर्न सकिउँ त्यो सम्पूर्ण तथ्य र साक्ष्य आधारमा प्रतिष्ठित छ। आउने समयमा विषयमाथि भाव विनिमय गर्ने मनसायसमेत यस प्रकारको अनुसन्धानपरक कार्यमा संलग्न हुन, वार्ता विनिमय तथा नाट्यकला मार्फत हाम्रो बृहत् नेपाली समाजमा समन्वय, सद्भाव तथा सहकार्यमार्फत नाट्य साहित्यको फाँटमा नेपाली नाटकको विश्वमुखी धारा अझ प्रवाहमान हुने आशा गर्दै लेखको बिट मारिन्छ।

**सन्दर्भ-ग्रन्थसूची**


१. पोखरेल, उमा "शैलपुत्री" 'मजगाँव र नाट्य परम्परा, साहित्य-संस्कृति समन्वय शताब्दी एक परिक्रमा'(१८१-१४८ पृष्ठ) स्मृतिग्रन्थ- गाङ्गमौथान- माजगाँउ सार्वजानीन दुर्गापूजा शतवर्ष उद्यापन समारोह-२०१२।

२. नेपाल, डा. खेमराज- नेपाली लोकनृत्य परम्परागत बालुन (पृष्ठ ३२४-३२८)भाउना संस्कृति, असमर नाट्यकला सृष्टिर परा वर्तमानलै, प्रथम खण्ड, मुख्य सम्पादक- केशव गगोई।

३. शर्मा, पूर्णकुमार, नाटक उद्भवको लहरो विभिन्न मत र सिद्धान्त (पृष्ठ ७१-७६) विन्दु- सामयिक साहित्यिक पत्रिका, अङ्क-१३७-२०१८, सम्पादक- के.बी. नेपाली, लामडिङ, असम।

४. मिश्र, डा. विश्वनाथ, भारतीय रङ्गमञ्च बदलते रूप (पृष्ठ ६०-९१) भारतीय नाट्यशास्त्र और आजका रङ्गमञ्च, उत्तर प्रदेश हिन्दी संस्थान, लखनौ।

५. शर्मा, चक्रपाणि, नौदुवार अञ्चलको नाट्यसंस्कृति चर्चा, ज्ञानोदय- स्मृतिग्रन्थ- नेपाली साहित्य परिषद्, असम २८औं प्रतिष्ठा दिवस, पशपतिपाल, समसरदलनी (२००५) सम्पादक-पूर्णकुमार शर्मा।

६. शर्मा, डा. तिलक - समस्याभित्र नेपाली नाट्य साहित्य एक दस्तावेज (पृष्ठ६६-७४) स्मृतिग्रन्थ, असम नेपाली नाट्य सम्मेलन प्रथम पूर्णाङ्क महाधिवेशन-२००८, गमिरिपाल, शोणितपुर असम, सम्पादक- डा.तिलक शर्मा।

७. गौतम, उदयनारायण-गहपुर भेकमा नाट्य आन्दोलनको एक झलक (पृष्ठ ४४-४९) नाट्यतीर्थ, स्मृतिग्रन्थ, असम नेपाली नाट्य सम्मेलन दोस्रो

महाधिवेशन, विहाली, बटियामारी, असम, सम्पादक- खगेन भराली ।
८. शर्मा, पूर्णकुमार- असमत नेपाली नाटकर रूपरेखा-पूर्वाञ्चल, आमार असम, साप्ताहिकी (पृष्ठ२५-२६)२००८- सम्पादक- हिरेण शइकिया ।
९. फुँएल, तीर्थराज, शोणितपुरमा नेपाली साहित्यको गतिविधि- सभा पत्रिका (पृष्ठ ३४-४५) पूर्वाञ्चलीय साहित्य सर्वेक्षण अङ्क-१९११, सम्पादक- डम्बर दाहाल ।
१०. उपाध्याय, मुक्तिप्रसाद बराल- प्रेमसिंह सुवेदीको सम्झनामा भञ्जालिएको खोला (पृष्ठ २८-४९)झ्याउरे पार्टीले गर्नु गऱ्यो-२०१४- नइ इण्डिया पब्लिकेसन सिलिगुडी ।
११. उपाध्याय, धर्मेन्द्र-नेपाली लोकनाट्य एटि समु आलोचना- (पृष्ठ ४७-४९) एनाजरी-स्मृतिग्रन्थ, असम साहित्य सभा आरू असम नाट्य सन्मिलन, जनगोष्ठीय नाटक समारोह, जिल्ला पुस्तकालय, उत्तर लखिमपुर-२०१०, सम्पादक द्वय- हिरण्य सभापण्डित, अरविन्द राजखोवा ।
१२. पोखेल फनीन्द्र- समसरदलनि र यसको सेरोफेरो, शक्ति प्रभा (पृष्ठ १४-२५) स्मृतिग्रन्थ-वासन्ती दुर्गोत्सव, शतचण्डी पाठ एवं श्री मद्देवीभागवत महापुराण ज्ञानयज्ञ-२०१५, सम्पादक- पुष्प दाहाल ।
१३. अधिकारी, भवानी, मणिपुरमा नेपाली नाटक (पृष्ठ ५८-६६) आँखीझ्यालभित्र मणिपुर-२०१७, नेपाली साहित्य परिषद्, मणिपुर ।
१४. उपाध्याय, धर्मेन्द्र- असमत नेपाली नाट्य चर्चा एटि समु आलोचना (पृष्ठ ७१-७७) नेपाली साहित्य त आलोकपात-२०१७सम्पादक-रुद्र बराल ।
१५. आत्रेय विनोद - मुटुको खिया एकाङ्कीसङ्ग्रहको संक्षिप्त आभास - असमेली नेपाली समालोचना, खण्ड-१(पृष्ठ-३६२-३७३) सम्पादक - रुद्र बराल, कृष्णनील कार्की ।
१६. फुँएल, तीर्थराज - महीपति निरोलाको, "युगको आह्वान" ऐ (१०९-११७)।
१७. कार्की, कृष्णनील - अमर शहीद - साहित्य पोष्ट - इ पत्रिका ।
१८. अधिकारी, भवानी - आँखीझ्यालभित्र मणिपुर, निबन्धसङ्ग्रह ।
१९. नरहरि रेग्मी प्रतिष्ठानबाट- केन्द्रप्रसाद उपाध्यायको तथ्य संलग्नता ।
२०. डा. तिलक शर्मा (गमिरिपाल), मनीषा दाहाल (रौता उदालगुडी) धर्मेन्द्र उपाध्याय (लखिमपुर) समेत कृष्णनील कार्की (कमलिया, विश्वनाथ चारालीको) क्षेत्र अध्ययन टिपोट संलग्न गरिएको छ ।

# भारतीय नेपालीहरूका जातीय चिनारी र चेतनाका सन्दर्भमा भानुभक्त आचार्य



योगेश खाती

## १. प्रवेश

भारतवर्ष सांस्कृतिक, भाषिक एवम् आध्यात्मिक दृष्टिकोणले एउटा सम्वृद्धशाली राष्ट्र हो । बहुभाषिक समुदाय, सांस्कृतिक विविधता, आध्यात्मिक सम्वृद्धतापूर्ण यस राष्ट्रमा विविध सांस्कृतिक, भाषिक, आध्यात्मिक गोष्ठीहरू पाइन्छन् । यी विभिन्न गोष्ठीहरूले कुनै न कुनै रूपमा आफ्नो भाषा र जातीय अस्तित्वलाई जोगाइ राख्ने प्रयास हरसम्भव गरि नै रहेका हुन्छन् । 'कुनै पनि जातीयता र चिनारीको कुरो आफै उम्रिन सक्दैन । यो राजनैतिक शक्ति र विचारले उमारिएका हुन्छन् । जातीय चिनारी विषयक धारणाहरू वास्तवमा समयसँगै परिवर्तन भइरहन्छन्, यसैले जातीयता र चिनारी विवेकले सिर्जित धारणा हो जसको प्रकृति परिवर्तनीय हुन्छ' । जातीयता र चिनारीका प्रश्नहरू गणतान्त्रिक भारतमा अति नै सम्वेदनशील छन् । विविध भाषिक समुदायहरूमा यो एउटा ठुलो महत्त्वकाङ्क्षातर्फको झुकाउ हो । भारतजस्तो गणतान्त्रिक, लोकतान्त्रिक, सामाजिक, धर्मनिरपेक्ष राष्ट्रमा आ-आफ्ना भाषा र जातीय अस्तित्वलाई संरक्षण गर्न प्रत्येक भाषिक समुदायहरू सङ्घर्षशील पाइन्छन् । 'छुट्टै चिनारी र लक्ष्य प्राप्त गर्न ती समुदाय आफ्ना भाषाकै माध्यमले केही सीमासम्म सफल एवम् सक्षम बनेका पनि छन् । ' भारतीय सन्दर्भमा नेपाली भाषिक समुदाय पनि यस्तै चिनारी र अस्तित्वबीच आफ्नो स्थान खोज्न प्रयासरत देखिन्छ ।

नेपाल र भारत राजनैतिक सिमानाले भिन्नाभिन्नै राष्ट्र हुन् । आ-आफ्ना भाषिक, सामाजिक, राजनैतिक, आर्थिक, आध्यात्मिकजस्ता विविध विशिष्टता र पक्षहरू यी दुवै देशहरूमा भिन्नाभिन्नै छन् । भाषा र साहित्यले यी दुवै देशका केही पक्षहरूलाई एउटै मञ्चमा ल्याएर हाम्रा निम्ति अध्ययनको पृष्ठभूमि बनाइदिएको छ । त्यस अध्ययनका क्रममा भारतभित्रका नेपालीभाषी जनमानसमा रहेका जातीय चिनारी र एकताका प्रसङ्गहरू 'भानुभक्त' र 'भानुजयन्ती' का माध्यमद्वारा चर्चा गर्ने प्रचेष्टा यहाँ गरिन्छ । सन् १८१४ मा नेपालको तनहूँ जिल्लामा जन्मेका भानुभक्त आचार्यको यहाँ

कुनै विस्तारित परिचयको आवश्यकता छैन । उनको मृत्यु केवल ५४ वर्षका उमेरमा सन् १८६८ मा भएको ठिक २० वर्षपछि मोतीराम भट्टले उनलाई नेपाली साहित्यका आदिकवि भनेर पुनः जीवित बनाइदिए । उनका अनूदित 'रामायण' ले तत्कालीन नेपाली संसारमा विविध प्रसङ्गहरू जोड्दै गयो । फलस्वरूप राजनैतिक सिमानाले अलग रहेका नेपाली भाषिक समुदायहरूबीच यसको प्रसङ्ग भने महत्त्वपूर्ण बनिन थाल्यो । यसै क्रममा नेपालबाहिर छिमेकी राष्ट्र भारतमा नेपालीहरूको बाहुल्य भएका विभिन्न स्थानहरूका सन्दर्भभित्र 'व्यक्ति भानुभक्त' र 'पर्व भानुजयन्ती' ले प्रविष्टि पाउँदै विविध अध्ययनका दिशा निर्माण गर्दै गएको देख्न पाइन्छ ।

## २. दार्जिलिङमा जातीय चेतना र चिनारीका पृष्ठभूमिमा भानुभक्त

भानुभक्तको भौतिक जीवनको अन्त्य भएपछि उनको 'रामायण'- ले पुनः नयाँ जीवन लिएर नेपाली भाषिक संसारमा पदार्पण गरेको देखिन्छ । भानुभक्तको जीवनकालमा यता भारतीय नेपालीहरूका सामाजिक स्थिति र जातीय चेतनाको स्थिति कस्तो थियो भन्ने विषयको चर्चा यहाँ सान्दर्भिक देखिन्छ । भारतीय नेपालीहरूको बहुलता रहेको स्थान दार्जिलिङको उल्लेख त्यस प्रसङ्गमा सही ठहर्दछ कारण सिङ्गो विश्वमा नै दार्जिलिङका नेपाली समाज र भाषिक समुदायको भूमिका एवम् उपस्थिति त्यस क्षण क्रियाशील र सक्रिय देखिएको छ । 'सन् १८४० मा डा.क्याम्पबेल, तत्कालीन ब्रिटिस अधिकारी, काठमाडौंबाट दार्जिलिङ स्थानान्तर भएर आएपछि उनले आसाममा गर्नसकेको चियाखेतीको स्मरण गर्दै प्रयोगका रूपमा दार्जिलिङमा पनि चियाका बुट्टा रोप्न थालेको देखिन्छ । त्यस समय दार्जिलिङको आधा जनसङ्ख्याभन्दा पनि धेरै जनसङ्ख्यामा नेपालीहरू थिए । ' यो आधिकारिक उल्लेखले तत्कालीन दार्जिलिङे नेपाली समाजका उपस्थिति, सक्रियता र क्रियाशीलतालाई पुष्टि गर्दछ ।

सन् १८४० पछि दार्जिलिङ वरिपरि चिया रोपियो । त्यसपछि चिया, मुनाफा, श्रम र उक्त श्रमको वेतनसामु तत्कालीन दार्जिलिङे समाज मुखामुखी भयो । यस प्रक्रियामा हक-हित, न्याय-अन्याय र सङ्गठित आवाजको संमिश्रण जातीय चेतना र चिनारीका रूपमा अघि आयो भने त्यो प्रक्रिया आजपर्यन्त विद्यमान रहेको छ । यस तथ्यलाई 'दार्जिलिङका नेपालीहरूमा उन्नाइसौं शताब्दीका आरम्भतिरै जातीय चेतना जन्मिसकेको' कुराको उल्लेखले पुष्टि गर्दछ । यसै कुरालाई आधार बनाएर हेर्दा सन् १९०९, सन् १९१७, सन् १९२९, सन् १९३०, सन् १९३४, सन् १९४७, सन् १९५२ अनि सन् १९५५ मा विभिन्न नेतृत्वहरूले विभिन्न क्षेत्रीय राजनैतिक संस्थाहरूका तत्त्वावधानमा बारम्बार ब्रिटिस सरकार र स्वतन्त्र भारतसमक्ष ज्ञापन प्रस्तुत गरेका

महत्त्वपूर्ण तथ्य सामुन्ने आउँछन् । उन्नाइसौं शताब्दीका आरम्भदेखि सन् १९५० को मध्य दशकसम्म देखिएका ती ज्ञापनहरूका निष्कर्ष नै 'भारतीय गोर्खाहरूका निम्ति छुट्टै प्रदेश र बङ्गालदेखि छुटकारा' प्रमुख थियो । भारतमा अब ब्रिटिस सरकारको धेरै दिन छैन भन्ने तय भएपछि स्वतन्त्र भारतको सपनामा देश डुबेको थियो भने यता दार्जिलिङमा उन्नाइसौं शताब्दीको थालनीदेखि नै जातीय चेतना र चिनारीका प्रश्नहरू झन् झन् प्रगाढ बन्दै गएको देख्न सकिन्छ । स्वतन्त्र भारतमा गोर्खाहरूको स्थिति र स्थान के कस्तो हुनेछ ? भन्ने विचार स्वाभाविक रूपमा चिन्तन मननका कुरा थिए । आर्थिक रूपले दुर्वल अनि शैक्षिक रूपले कमजोर तत्कालीन नेपाली समाजलाई यो चिनारी र चेतना मन मस्तिस्कमा उमार्नका लागि अब केवल एउटा महत्त्वपूर्ण सम्मिलन विन्दु र साझा मञ्चको आवश्यकता थियो । उक्त आवश्यकता र साझा मञ्चको अभाव भानुभक्तद्वारा पूर्ण भएको देख्न सकिन्छ । उन्नाइसौं शताब्दीको आरम्भदेखि नै सन् १९१३ का ८ जूनका दिन खरसाङमा गोर्खा पब्लिक लाइब्रेरी (हाल गोर्खा जन पुस्तकालय), सन् १९२५ को २५ मईमा दार्जिलिङमा नेपाली साहित्य सम्मेलन, सन् १९३२ को ३ जूनमा दार्जिलिङमा गोर्खा दुःख निवारक सम्मेलनलगायत सन् १९४३ का १५ मईमा भारतीय गोर्खाहरूको राजनैतिक सुरक्षा र हितका निम्ति स्थापित अखिल भारतीय गोर्खा लिग, (सर्व भारतीय स्तरमा नै गोर्खाहरूको पहिलो राजनैतिक सङ्गठन) जस्ता सामाजिक, राजनैतिक आदि सङ्गठनहरू स्थापित भएका पाइन्छन् । यी समस्त कार्यहरूलाई साँचो अर्थमा महत्त्वपूर्ण घटना मान्न सकिन्छ । उक्त राजनैतिक सङ्गठनको स्थापनादेखि दार्जिलिङका नेपालीहरूमा राजनैतिक चेतना आएको धारणा समालोचक गुमानसिंह चामलिङको रहेको छ । यस्तो स्थितिमा भारतीय नेपाली भाषिक समाजको वैचारिक गतिलाई टेवा दिन नेपाली भाषा अघि आएको देखिन्छ । 'सर्वहाराको एकात्मकताको भावना र त्यसको मूल आधार हुन थालेको भाषाले नै दार्जिलिङमा नेपाली जातीय भावनालाई भारतका सन्दर्भमा सशक्त बनाउन थालेको देखिन्छ' भन्ने विचार इतिहासकार कुमार प्रधानको रहेको छ । सन् १९१८ तिर कलकत्ता विश्वविद्यालयले नेपाली भाषालाई म्याट्रिकुलेसन, इन्टरमिडिएट र बी.ए.मा स्वभाषा विषयरूप स्वीकृति दिएका घटनालाई पनि भारतीय नेपालीहरूका जातीय चिनारी र चेतनाका सन्दर्भमा थप प्रोत्साहन मिल्न सकेको मान्न सकिन्छ ।

भारतीय नेपालीहरूका सन्दर्भमा चर्चा गर्दा यहाँ उत्तरपूर्वीय क्षेत्रका नेपालीहरूको उल्लेख पनि आवश्यक देखिन्छ । भारतका उत्तरपूर्वीय क्षेत्रहरूमा गोर्खाहरूले विविध परिस्थितिमा विविध प्रकारले प्रवेश गरेको थाहा पाइन्छ । ब्रिटिस फौजमा भर्ती भएर धेरै नेपाल फर्केर नगएको इतिहास छ भने धेरै यतै स्थानीयहरूसँग सामाजिक

बन्धनका कारण स्थायी भएर बसेको यथार्थ छ। परिवार बसेपछि कालान्तरमा खेती, पशुपालन इत्यादि व्यवसायमा लागेका देखिन्छन् भने केही स्कूल आदि खोलेर आफ्ना सन्तानलाई आफ्नो भाषा, साहित्यप्रति आकृष्ट गराउने प्रयासमा पनि देखिन्छन्। कुनै पनि जातिलाई सामाजिक रूपमा एकीकृत एवम् दह्रिलो राख्न त्यस जातिको भाषा-साहित्यलाई नै सम्मिलन बिन्दु मानिन्छ। यस कारण उत्तरपूर्वीय क्षेत्रमा बसोबास गर्ने नेपालीहरूका राष्ट्रियता, राजनीति, आध्यात्मिकता, सामाजिकता, भावानात्मकता आदि विषयबारे आफ्नो मनोविज्ञान, पूर्वाग्रह जे नै भए पनि सम्पूर्ण नेपालीभाषीलाई एक सूत्रमा बाँधेर भारतीय राष्ट्रियतातर्फ भाषाले नै प्रतिनिधित्व गरेको पाइन्छ। उत्तर पूर्वीय क्षेत्रहरूबाट आजपर्यन्त विभिन्न साहित्यिक कृति र रचनाहरू नेपाली साहित्यले प्रशस्त रूपमा पाइरहेको तथ्यलाई स्वीकार्दै नेपाली भाषाप्रतिको समर्पण र उनीहरूलाई सम्मिलित गरेर राख्ने आधारका रूपमा नेपाली भाषाका पत्र-पत्रिकाको नाम र प्रकाशन मिति आदिको सही उल्लेखले माथि उल्लिखित विषयलाई थप टेवा मिल्छ।

मेघालयबाट प्रथम पत्रिका 'गोर्खा सेवक'- सम्पादक मणिसिंह गुरुङ, सन् १९३५

आसामबाट प्रथम पत्रिका (हस्तलिखित) 'युवक'- सम्पादक-सी.बी.छेत्री, सन् १९४६

मिजोरमबाट प्रथम पत्रिका 'गोर्खा स्टार'- (बेनामी) अर्को पत्रिका 'कोपिला'-सम्पादक कृष्णलाल प्रधान, सन् १९७८

नागाल्याण्डबाट प्रथम पत्रिका 'उपहार' - सम्पादक परशु शाही, सन् १९७०

मणिपुरबाट प्रथम पत्रिका 'सन्देश' - (हस्तलिखित) - सम्पादक कमल थापा 'प्रकाश' आदि।

यसरी उत्तरपूर्वीय क्षेत्रहरूमा पनि जातीय चेतना र चिनारीका वैचारिक सम्प्रेषण आदान-प्रदान गर्न नेपाली भाषा नै प्रमुख माध्यम बनेको कुरालाई स्वीकार गर्न सकिन्छ। उपर्युक्त प्रसङ्गले के स्पष्ट हुन्छ भने भारतवर्षमा भानुभक्तको सन्दर्भ आउनु अघिदेखि नै नेपाली भाषा र साहित्यको उत्थानप्रति यहाँका नेपाली जाति प्रयासरत थिए। तथापि सन् १९५३ देखि उत्तरपूर्वीय राज्यहरूमा भानु जयन्तीलाई एउटा जातीय पर्वका रूपमा नै मान्न थालिएको कुराले 'व्यक्ति भानुभक्त' र 'पर्व भानुजयन्ती' अझ सान्दर्भिक बनेको देखिन्छ। यस्तो पृष्ठभूमिमा नेपाली भाषा एउटा साझा मञ्च र भानुभक्त उक्त मञ्चबाट जातीय चेतना र चिनारीका एक सम्मिलन बिन्दु नै बनिदिए।

### ३. जातीय एकताका प्रतीकका रूपमा भानुभक्त

भारत स्वतन्त्रपूर्व कालदेखि अर्थात् शिक्षाको प्रारम्भिक किरणले स्पर्श

गर्नथालेदेखि नै यहाँका नेपालीहरूले आफ्नो दयनीय जातीय, सामाजिक स्थिति बोध गर्न थालेका हुन् । स्वतन्त्रतापूर्व कालमा विदेशी शासनको प्रत्यक्ष दमन र स्वातन्त्र्योत्तर कालमा स्वदेशी बहुसङ्ख्यक जातिगोष्ठीहरूको जातीय अहम्लाई झेल्नुपरिरहेको यहाँका नेपालीहरूलाई बिस्तारै आफ्नो दयनीय जातीय स्थिति बोध हुनथालेको हो । उक्त प्रसङ्गलाई अझ स्पष्ट पार्न इतिहासकार कुमार प्रधानको विचार यस्तो पाइन्छ- 'स्वतन्त्रतापछि दार्जिलिङका नेपालीहरूमा प्रशस्त सामाजिक र राजनैतिक चेतना आइसकेको थियो । यस चेतनाको मूल आधार नेपाली भाषा थियो । यो भाषाले तिनीहरूमा एकात्मको भावलाई तिखार्न सकेको थियो । स्वातन्त्र्योत्तर भारतमा दार्जिलिङबाहेक देशका अन्य स्थानहरूमा नेपाली जातिको सङ्ख्या कम देखिन्छ भन्ने उल्लेख सन् १९२५ सालमा दार्जिलिङमा स्थापित नेपाली साहित्य सम्मेलनको अपिल पत्रमा पाइन्छ । सन् १८९१ मा मोतीराम भट्टले कवि भानुभक्तको जीवन चरित्र प्रकाशित गरेर भानुभक्तलाई साँचो अर्थमा चिनाए । यता दार्जिलिङमा भारत स्वतन्त्र हुनु अघिदेखि नै भारतीय नेपाली भाषी जनमानसमा अस्तित्व र चिनारीको चिन्तन प्रत्यक्ष-अप्रत्यक्ष रूपमा विभिन्न सङ्घ-संस्थाको माध्यमले देखिँदै आएको थियो ।

भारतीय नेपालीहरूलाई कुनै सामूहिक भेला र चर्चाको विशेष बिन्दुको त्यो समय अत्यन्तै अभाव थियो । नेपाल भिन्नै देशबाटै किन नहोस् भारतीय नेपालीहरूलाई दह्रिलो खम्बा त्यसक्षण चाहिएको थियो । नेपालीभाषी जनमानस जे जस्तो परिस्थितिहरूबीच भारत प्रवेश गरेका थिए त्यसको इतिहास खोज्न गए आखिर नेपाल नै पुगिन्थ्यो तथापि त्यसक्षण नेपाली जनमानसलाई एकअर्कासित मेलमिलाप गर्ने, भाइचारा बढाउने वास्तविक बहाना भानुभक्तकै माध्यम प्राप्त भयो । फलस्वरूप भारतमा भानुभक्तलाई आदिकविका रूपमा स्वीकार गर्दै जानु वा यहाँबाटै उनको प्रचार-प्रसार बढ्दै जानु तत्कालीन ब्रिटिस सरकार र इसाई मिसनेरीहरूका अघि उनको धार्मिक कृति 'रामायण' नभएर त्यस कृतिको भाषाको स्वाद र त्यो भाषामा रहेको सजिलोपनको आकर्षण प्रमुख मान्न सकिन्छ । इतिहासकार कुमार प्रधानका विचार 'भानुभक्तको रामायण एउटा धर्म सम्प्रदायको साम्प्रदायिक रामायणको अनुवाद भएर पनि नेपालीको जातीय महाकाव्य भई हाम्रो साहित्यको एउटा प्रमुख कृति भएको छ' यस अर्थमा प्रासङ्गिक देखिन्छ । यस्तो स्थितिमा भानुभक्तको 'रामायण'ले सम्पूर्ण नेपाली जनमानसमा धार्मिकभन्दा धेरै जातिक, भाषिक पक्षहरूलाई नै लिएर अघि बढ्नमा टेवा दियो । सर्वभारतीय स्तरमा नै नेपालीहरूको बौद्धिक संस्थाका रूपमा स्थापित नेपाली साहित्य सम्मेलनले भानुभक्तलाई आफ्नो अपिल पत्रमा जातीय 'उत्थापक महात्मा' सम्म भनेको छ । यसै सम्मेलनको तत्परतामा त्यस क्षण

चिनारी र जातीयताको वैचारिक कसरतबीच दार्जिलिङ जिल्लाका तीन प्रधान केन्द्रहरू कालेबुङ, खरसाङ र दार्जिलिङमा एक-एकवटा भानुभक्तको सालिग स्थापना गरिने महत् सोच स्थापित हुन्छ। उक्त सोचलाई कार्यमा परिणत गर्न १५ अगस्त, १९४७ का दिनदेखि नै ठोस कार्य सुरू भएको हो। तत्कालीन दार्जीलिङे नेपाली समाजको सामाजिक, आर्थिक, शैक्षिक कमजोरीहरूलाई चुनौती दिँदै आखिर भारत स्वतन्त्र भएको लगभग एक वर्ष १० महिना भित्रमा '१७ जून १९४९ को दिन दार्जिलिङको चौरस्तामा भानुभक्तको सालिग उद्घाटन भयो।' उक्त कार्यक्रमको समाचार २० जून १९४९ को अमृताबजार अङ्ग्रेजी पत्रिकामा छापिएको थियो। त्यस समाचारमा पश्चिम बङ्गालका तत्कालीन राज्यपाल डा.कैलाशनाथ काट्‌जुले भानुभक्तलाई 'नेपाल र नेपालीहरूका मात्र महान् कवि नभएर विशाल भारतवर्षकै कवि हुन्' भनेका थिए भन्ने उल्लेख छ।

उक्त समाचारको आधारमा भारतबाट भानुभक्तलाई 'कवि हुन्' भनेर सर्वप्रथम आधिकारिक घोषणा गरिएको यही हो भन्न सकिन्छ साथै सन् १९३९ मा सूर्यविक्रम ज्ञवालीले 'भानुभक्त स्मारक ग्रन्थ' प्रकाशित गरेर तत्कालीन भारतीय परिदृश्यमा भानुभक्तको स्थान निर्धारण गरिदिएका हुन् भन्न पनि सकिन्छ। आफ्नो सम्बोधनमा राज्यपालले जातीय चिनारी र चेतना खोजिरहेका भारतीय नेपालीहरूका निम्ति त्यसक्षण महत्त्वपूर्ण कुरा गरेका छन्- 'धेरै योद्धा र व्यक्तित्वहरू जन्मिन्छन् अनि भुलिइन्छन्। ठुल्ठुला लडाईं जितिन्छ, हारिन्छ अनि उनीहरूका सम्झना पनि धेरै रहँदैन हामीसँग। तथापि सन्त, दार्शनिक, कवि, नाटककार आदिले भने राष्ट्रलाई बचाएका हुन्छन् कारण यिनीहरूले कुनै पनि जातिको उत्कृष्टता र सबैभन्दा उत्तम-उच्च विचारलाई चोखो तुल्याउने एवम् अभिव्यक्ति दिने काम गर्दछन्। भानुभक्तबारे प्रस्तुत मन्तव्य तत्कालीन भारतीय नेपालीहरूको आफ्नो चिनारीका निम्ति आधिकारिक स्वीकृति भन्न सकिन्छ साथै जातीय चेतनाका निम्ति वैचारिक एवम् मनोवैज्ञानिक ऊर्जाका रूपमा मान्न सकिन्छ।

यस्तो परिस्थितिमा आदिकवि भानुभक्तको जन्मजयन्ती मनाउने परम्पराको थालनी यहाँ हुनु र यसक्रमले पछिबाट विराट् निरन्तरता पाउनुले भारतीय नेपालीहरूको मनमा सिर्जित जातीय चिन्तनकै भावनालाई पुष्टि गर्दछ। विशेष गरी दार्जीलिङे जनमानसलाई जातीय अस्तित्व, चिनारी, भाषा, साहित्य-संस्कृति आदि विषयमा एकत्रित हुन अवसर दिने नाम पनि भानुभक्त नै अथवा भानुजयन्ती नै हो भन्न सकिन्छ। नेपालमा भानुभक्तको सालिग दार्जिलिङभन्दा करिब १० वर्षपछि रानीपोखरी छेउ वि.सं. २०१६ मा स्थापना गरिएको हो। जातीय एकताका निम्ति विचार समायोजन

गरिने तथा सुसुप्त स्थितिमा नै किन नहोस् आजको स्थितिमा अस्तित्व, चिनारी र राजनैतिक सुरक्षाबारे चिन्तन मनन गरिने अवसर पनि भानुभक्त र भानुजयन्तीले प्रदान गरेको हो । भारतीय सन्दर्भमा नेपालीहरूका निम्ति भानुजयन्ती आदिकवि भानुभक्त आचार्यको योगदानलाई केलाउने, सम्झने र श्रद्धा गर्ने दिन अवश्य बन्यो तर त्यसभन्दा अझ धेरै यो पर्व यहाँका नेपालीहरूका निम्ति एकाअर्कामा भेट गर्ने, आफ्नो भाषा, साहित्य, संस्कृति, जाति र समाजबारे गन्थन-मन्थन गर्ने, आफूले आफैलाई हेर्ने अनि आफ्नो जातीय उपस्थिति अरूलाई पनि बोध गराउने एउटा अवसर बनिएर गयो । जातीय अस्तित्व र पहिचानबारे आत्मालोचना गर्ने, भाषिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक गतिविधिबारे परिचर्चा गर्ने तथा हाम्रो वर्तमान नवपिँढीलाई जातीयता, भाषा, साहित्य, संस्कृति र अस्तित्वका चेतनाप्रति आकृष्ट र सक्रिय गराउने पर्वका रूपमा पनि यो स्थापित बन्यो । स्वातन्त्र्योत्तर भारतमा बहुसङ्ख्यक जातिसत्ताद्वारा शासित हुनुपरेका हामी अल्पसङ्ख्यक नेपालीहरूमा विभिन्न ऐतिहासिक, राजनैतिक कारणवश जातीय असुरक्षाको भावना सिर्जित भइरहेको बेला त्यसलाई अभिव्यक्त गर्ने अनि जातीय चिन्तनधारामा एकीकृत बन्दै जाने मौका र मञ्चका रूपमा पनि भानुजयन्ती स्थापित बन्दै गएको सत्यतालाई नकार्न सकिन्न । विभिन्न संस्कार र धर्म सम्प्रदायमा विभाजित नेपाली समाजको आफ्नो विशुद्ध जातीय पर्व अथवा दिवस नभइरहेको स्थितिबीच भानुजयन्ती सिङ्गो भारतीय नेपाली जातिका निम्ति एउटा जातीय पर्वका रूपमा स्थापित बन्न पुगेको देखिन्छ । यसैले प्रत्येक वर्षको १३ जुलाई अथवा २९ असारको दिन जहाँ नेपाली आवादी सामाजिक रूपले सङ्गठित भएर बसेका छन् त्यहाँ भानुजयन्ती मनाउने गरिन्छ । विशेष गरी उत्तरपूर्वी राज्यहरू, सिक्किमलगायत दार्जीलिङ, तराई, डुवर्स क्षेत्रतिरका प्रायः विद्यालयहरूमा यस दिन भानुजयन्ती भव्य रूपमा मनाइन्छ । विद्यालयहरू अतिरिक्त विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूले पनि आ-आफ्ना क्षेत्रमा सामूहिक रूपमा यस दिवसलाई खुबै भव्यताका साथ मनाउने प्रचलन छ । भानुजयन्ती मनाउने चलन आज ससाना गाउँ-बस्तीहरूसम्म पुगेको छ । यस दिन धेरै ठाउँमा नेपालीहरूले विराट् सांस्कृतिक शोभा यात्राको आयोजन गरेर आफ्नो साहित्यिक, सांस्कृतिक चिनारी र एकताको परिचय गराउँछन् ।

## ४. निष्कर्ष

भारतीय सन्दर्भमा भानुभक्त र भानुजयन्तीबारे निम्न बुँदाहरू यसरी प्रस्तुत गर्न सकिन्छ -

- नेपाली भाषा प्रचार-प्रसार वास्तवमा भारतीय नेपालीहरूका निम्ति एकताका

बिन्दु भयो भने भानुभक्त यसका विषय भए।

- भानुभक्तको नामले यहाँका केही सचेत, सक्रिय व्यक्ति र झुण्डलाई आआफ्नै पृष्ठभूमि लिएर एक साथ एकै मञ्चमा उभ्याउने काम भयो।
- साहित्यिक, भाषिक, सामाजिक, शैक्षिक आदि विषयहरूमा चर्चा गर्दा गर्दै केही उत्साहित एवम् चिन्तित विचारहरूलाई एउटा साझा मञ्चमा एकमुष्ठ बनायो।
- भानुभक्तका नाममा जति जति भेला र चर्चा हुन थाल्यो उति उति नजानिँदो तरिकाले यहाँ जातीय अस्मिता, अस्तित्व, चिनारी आदि विषयमाथि हाम्राहरूका सोच गहिरिएर गयो।
- भारतको बङ्गालभित्र नेपाली भाषा र आफ्नो चिनारी खोज्ने सुसुप्त राजनैतिक विचारलाई पनि समयसँगै स्थापित गर्नमा सहयोग भएको कुरा यहाँ सन् १९४९ मा चौरस्तामा उनको मूर्ति स्थापनाले पुष्टि गर्दछ।
- यहाँका विभिन्न राजनैतिक पार्टी र नेतृत्वले भारतीय नेपालीहरूसँग भानुभक्तलाई पनि सँगै राख्न रुचाए साथै भानुभक्तका नाममा विभिन्न विकास परियोजनाका प्रारूप तयार पारे।

भारत स्वतन्त्र भएपश्चात् जातीयता र चिनारीका निम्ति भारतीय सिङ्गो नेपाली समाजले पटक पटक सङ्घर्ष गरिरहेको स्थितिबीच यहाँ देखा पर्ने राजनैतिक खिचातानी र स्वार्थ प्रेरित अहम् सोचले पनि भानुभक्तसँग जोडिएको यो महत् विचारलाई मारिहाल्न भने अझै सकेको छैन। सर्वभारतीय स्तरमा 'भानुभक्त' र 'भानुजयन्ती' जातीय एकताका प्रतीकका रूपमा स्थापित भएपछि यसलाई यहाँ राजनैतिक, सामाजिक, भाषिक र जातीय रूपमा तोडिने प्रयास गरिएको प्रसङ्गलाई पनि भुल्न सकिन्न। दार्जीलिङमा धेरैपल्ट देखापरेका राजनैतिक विवाद र भानुभक्तको सालिग भत्काउने घटनाले त्यो प्रयास आजपर्यन्त सुसुप्त रूपमा प्रयासरत देखिन्छ नै भन्नमा कुनै दुई मत छैन। तथापि जातीय अस्तित्व र पहिचानबारे आत्मालोचना गर्न; भाषिक, सांस्कृतिक, साहित्यिक, शैक्षिक गतिबिधिबारे परिचर्चा गर्न साथै वर्तमान नवपिँढीलाई जातीयता, भाषा, साहित्य, संस्कृति र अस्तित्वका चेतनाप्रति आकृष्ट र सक्रिय गराउन सक्ने भानुभक्त एक अविवादित विचार भइदिएका देखिन्छन्। उक्त विचारभित्र कहिले नमर्ने एक अजर आत्मविश्वास लिएर आजपर्यन्त भारतीय नेपाली समाज बाँचिरहेको स्थिति सामुन्ने छ। यसै कारण भारतीय सन्दर्भमा भानुभक्त र भानुजयन्ती जातीय एकताका प्रतीकका रूपमा प्रतिष्ठित हुँदाहुँदै पनि जातीय चिनारी र चेतनाका दह्रिलो आधार बनेका पाइन्छन्।

**सन्दर्भ-ग्रन्थ-सूची**


- घिमिरे, भवानीप्रसाद (प्रधान सम्पा.), वि सं २०२८, भानु, भानुभक्त विशेषाङ्क, वर्ष ८, किरण १६ असोज, भानु प्रकाशन, काठमाडौँ।
- चामलिङ, गुमानसिंह, सन् १९७८, मौलो, दार्जिलिङ, श्याम ब्रदर्स प्रकाशन।
- प्रधान, कुमार, सन् २००५, अधीति केही, सिलगढी, पूर्णिमा प्रकाशन।
- प्रधान, कुमार, सन् १९८२, पहिलो पहर, दार्जिलिङ, श्याम प्रकाशन।
- ब्रास, पावल, सन् १९९१, एथ्निसिटि एन्ड नेसनालिजम : थ्योरी एन्ड कम्प्यारिजन, न्यू दिल्ली, सेज पब्लिकेसन।
- मेल्ले, एल.एस.एस.ओ, सन् १९९९ (पुनः मुद्रित), बेङ्गल डिस्ट्रिक ग्याजिटियर्स, लोगोस् प्रेस।
- राई, इन्द्रबहादुर, सन् १९७६, टिपेका टिप्पणीहरू, नेपाली साहित्य संचयिका, दार्जिलिङ।
- राई, इन्द्रबहादुर, सन् १९८४, दार्जिलिङमा नेपाली नाटकको अर्धशताब्दी, दार्जिलिङ, साझा पुस्तक प्रकाशन।
- राई, बन्दना, सन२००९, गोर्खाज् - द वारियर रेस, नयाँ दिल्ली, कल्पज प्रकाशन।
- सक्सेना, साधना, सन् १९९७, ल्याङ्ग्वेज एन्ड द न्यासनालिटी कोइसन, दिल्ली, इकोनमिक एन्ड पोलिटिकल विक्ली (पत्रिका)।
- सिन्हा, ए.सी., टि.बी.सुब्बा (सम्पा), द नेपालिज इन् नर्थ इष्ट इण्डिया - ए कम्युनिटी इन् सर्च अफ् इण्डियन आइडेन्टिटी, नयाँ दिल्ली, इन्दस पब्लिसिङ कम्पनी।
- सोताङ, सुबास (मूल सम्पादक), सन् २०१३, भानु स्मारिका -१३, १९९ औं भानुजयन्ती समारोह आयोजन समिति -२०१३, जोरथाङ, दक्षिण सिक्किम।



*(योगेश खाती, एसोसिएट प्रोफेसर, स्नातकोत्तर नेपाली विभाग, खरसाङ महाविद्यालय, दार्जिलिङ- भारत। yogeshkhati@gmail.com)*

# लीलबहादुर क्षत्रीका नाटकहरू : सुदूर-धरातलमा अस्तित्वको शंखनाद



लक्ष्मण बियोगी

स्याङ्जाको सुदूर गाउँ माभ्कोट बाङ्खेबाट म हुर्कौंलो उमेरका पखेटा लाएर भविष्य अजमाउन काठमाडौं उक्लेको थिएँ, भ्रण्डै साढे दुई दशकअगाडि । त्यतिबेलै हो, मैले लीलबहादुर क्षत्रीलाई पढेको- *बसाइँ* उपन्यासमार्फत । *बसाइँ*का धने र मैनाले धेरै दिनसम्म मेरो हृदय कोतरेका थिए; मेरो निद्रा खोसेका थिए । यतिका वर्षसम्म *कुखुराको डाकमा मूल-दैलोबाट तीन प्राणी बाहिर निस्के*को दृष्य मेरो स्मृतिबाट हटेकै छैन । ती कहाँ पुगेर थामिए होलान्, सम्भेर आज पनि मेरो मन भुक्क हुन्छ ।

बसाइँ पनि के भन्नु यसलाई, शोषक सामन्तको जालमा परी आफ्नो भूमिबाट जबर्जस्ती धपाइएका ती अबोध प्राणीहरू मुगलान पसे होलान्- दार्जिलिङ, सिलगडी, आसाम, शिलोङ, मणिपुर वा त्यस्तै कुनै ठाउँ । अभ्र त्यहाँबाट पर भूटानका सुदूर गाउँहरू पारू, थिम्पू कता-कता हुँदै म्याना दोरखा भासिए कि ! कल्पनै-कल्पनाको वर्तमान बार्दलीमा उभिएर मेरो मन अभै भुट्भुटिन छोडेको छैन ।

धने र मैनाले जस्तै गोता नखाए पनि गोविन्दराज भट्टराईको *मुगलान*का ठूले, सुतार कान्छो र कार्कीहरू सम्भेर त्यसपछिका मेरा दिनहरू अभ्र पिरोलिएका थिए । *दोर्लिङ्ग*सम्म घिउ बेच्न हिंडेका उनीहरू मुगलानको रंगिचंगी हेर्ने उत्कट अभिलाषाले ट्रक चढेर हुर्रिए । *भुने र ठेकीमा दही र मोहीको भारी हालेर पातालको मालिङ्गेनी घारीबाट सुसेल्दै बेँसीको घरतिर भर्ने यी अबोध मूर्तिहरूले*, संसारको विचित्रता चाख्न हिंडेर खानु हण्डर खाए । ठूले र कार्कीले त एकबारको जुनी मुगलानलाई नै अर्पण गरेर बिदा भए; सुतार कान्छो अधमरो भयो ।

यो वियोगको सामाजिक कथाले मेरो मन र मुटु हल्लाएर रातरातभरि निदाउन सकेको थिइनँ । रातभरिको ऐंठन बोकेर एका-बिहानै बासी आँखा मिच्दै म पाउ छुन पुगेको थिएँ, त्यो श्रद्धाको मन्दिर कीर्तिपुरस्थित सुकर्म टोलको भट्टराई निवास । ती *डिपाइटेहरू*को अनुहार, धने र मैनाहरूको विगोगको कथालाई जोड्ने सन्धिकर्ता

लीलबहादुर क्षत्री र गोविन्दराज भट्टराईले नेपाली साहित्यलाई लगाएको तिरिनसक्नुको गुनकै कारण आज यो फुल्न र फक्रिन पाएको अनुभूति भइरहन्छ ।

मलाई आज पनि लागिरहन्छ; धने र मैनाहरू ठूले र सुतार कान्छो झैँ डिपाइटेमै भर्ती हुन पुगे र एक बारको चोला त्यतै बिसाए । *बसाइँ* सम्झयो कि त्यो अपरिचित जस्तै लाग्ने परिचित धने र मैनाको छोरो सम्झेर म निकै बेरसम्म घोरिने गर्छु । म जन्मिनुभन्दा २३ वर्षअगाडि जन्मेको *बसाइँ* तथा धनेको छोरो त्यतिबेला दुई वर्षको भएको अनुमान लाउँदा पनि आज ६७ वर्षको प्रौढ भइसकेछ ।

ऊ त मेरो काका उमेरको भएछ, आज भेट्न पाएको भए सोध्ने थिएँ- ए, काका तिमेरु पहाडबाट त्यसरी लघारिएपछि कसरी जीवन गुजाऱ्यौ ? तिमेरलाई मुगलानमा कसैले टिठाएकी टिठाएनन् ? तिम्रा बा-आमा (धने र मैना) ले कति गोता खाएर तिमीलाई हुर्काए ? बा-आमा परलोकतिर बसाइँ गए कि यतै छन् ? उत्तरै नभएका यी मनका प्रश्नहरूले पनि कहिले-कसो मलाई पिल्स्याइरहन्छन् ।

समाजको यति जीवन्त तस्बीर उतार्न सक्ने, पात्रलाई यति भित्रसम्म प्रवेश गराएर कथावस्तुका केस्रा-केस्रा केलाएर पाठकका हृदयमा तिनको बास गराउन सक्ने ती महान् साहित्यकार लीलबहादुर क्षत्रीप्रति जति नै सम्मान प्रकट गरे पनि मलाई नपुग लाग्छ । समय-प्रवाहसँगै पितातुल्य उहाँका *ब्रम्हपुत्रको छेउछाउ* र *लीलबहादुर क्षत्रीका कथाहरू* पढेँ । यी कृतिको पठनले समेत मेरो हृदयमा एउटा अमिट छाप छोड्न सफल भए ।

*बसाइँ* पढेको २३ वर्षपछि मेरो हातमा *लीलबहादुर क्षत्रीका चर्चित नाटकहरू* हात परे; सम्पादन तथा भूमिकाकार अर्थात् मेरा आस्थाका धरोहर *डा. गोविन्दराज भट्टराई*मार्फत । मैले नाटककार *लीलबहादुर क्षत्री*लाई चिनेकै रहेनछु; उहाँ अभिनयकलाका समेत सिद्धहस्त शिल्पी हुनुहुँदो रहेछ । यो कृति पढिसकेपछि, मेरा मनमा अनेक तर्कना उठ्दै र बस्दै गर्न थाले । भावनाका तरंगलाई शान्त पार्न मैले नाटकहरूका कथाभित्र पस्ने चेस्टा गरेको छु ।

**भूमिकाभित्र**

नाटकको मञ्चमा उक्लिनुअगाडि २८ पेज लामो सम्पादक गोविन्दराज भट्टराईको भूमिका पढ्न शुरू गरेँ- *लीलबहादुर क्षत्रीका नाटक संकलनको पृष्ठभूमि र प्रकाशन सन्दर्भ*।

गोविन्द गुरुले लेखेका हरेक कृतिका भूमिका होस् वा सन्दर्भहरू पढ्दा अलग्गै आख्यान पढेजस्तो अनुभूत हुन्छ । मलाई ती भूमिकाहरू लघु-उपन्यास

जस्तै लाग्छन् । ती कहीँ कथाका रूपमा आउँछन्, कहीँ उपन्यासको सागर बोकेर भित्रिन्छन् त कहीँ समालोचकीय दृष्टिले उत्तरवर्ती खुट्किलो उक्लेर भञ्ज्याङबाट नयाँ बाटो देखाइरहेका भेटिन्छन् । उहाँले अरूका कृतिमाथि लेखेका भूमिकाको मात्र अध्ययन गऱ्यो भने पनि साहित्य लेखनको नयाँ मार्ग पहिल्याउन मद्दत पुग्छ भन्ने मेरो ठम्याइ हो ।

लीलबहादुर क्षत्रीका नाटक संकलनपछिको भूमिकामा पनि एउटा छुट्टै आख्यानको बान्की फेला पर्छ; जहाँ लेखन शिल्पको लयले साहित्यको धून बजाइरहेको भेटिन्छ । *नेपाल-भारतको भौगोलिक सीमाभन्दा माथि र परका एक इतिहासभन्दा अग्ला साधक लीलबहादुर क्षत्रीसित बारम्बर भेट सम्पर्क भइ नै रहन्छ ।* यो वाक्यांशले समान संस्कृति, भूगोल, विचार र भावनालाई मात्र जोडेको छैन । नेपाली साहित्यका दुई धुरीलाई समेत एकाकार गराएको छ । नेपाली साहित्यलाई शिखरतिर उचाल्न यी महान् साधकहरूले खनेका बाटाहरू हिँड्न सकियो भने पनि सिर्जनामा गुणताको स्वाद भर्न सकिन्छ ।

*यो अन्न पानीको शरीरबाट धेरैले धेरै आशा राख्तछन्; रोगव्याध पनि नजिकै बस्न चाहन्छन् ।* यो भावना कति मार्मिक छ, जसले हरेक प्राणीले जगत्मा रहेर निर्वाह गर्नुपर्ने भूमिका उल्लेख गर्दछ । साथै, तिनले व्यहोर्नुपर्ने सामाजिक, मानसिक, वैयक्तिक एवम् शारीरिक कष्टको भेद खुलाएको छ । अर्कोतर्फ, *एक स्रष्टा/कलाकारको जीवनले धेरै डाँडा काटेर धौरालीमा पुगेपछि उहाँलाई अझै सिर्जना दिइरहनोस् भन्न मिल्दैन ।* स्रष्टाबाट सधैं मागिरहने तर दिन कन्जुस्याइँ गर्ने समाज, राज्य र यसका अंगका लागि यो गहनतम पाठ हो ।

उमेरका उर्वर यामहरू धुलीसात पार्दै सिर्जनाको भण्डार भरेर धौरालीमा पुग्ने बेलासम्म पनि *उसले के गऱ्यो र* भन्दै खिसिटिउरी गर्ने समाजका तन्तुहरूले यसको मर्म बुझिदिए वर्तमान र भविष्यका पुस्ताले समेत त्यसलाई अनुसरण गर्न सक्छन् । साहित्यमा फस्टाएका गुणस्तरीय बिरुवालाई गोड्दै, मलजल गर्दै, हुर्काउँदै, तिनलाई कलमी गर्दै नयाँ-नयाँ भूमिमा सार्दै जाने परिपाटीको विकास हुन सक्छ । यसर्थ, हामीले ती मूर्धन्य स्रष्टाबाट लिने मात्रै होइन दिने बानी बसाउनुपर्छ; तिनका कृतिको चर्चा-परिचर्चा, अध्ययन, खोज-अनुसन्धान गर्दै अप्रकाशित पाण्डुलिपिहरू भेटिए तिनमा प्राण भर्नुपर्छ भन्ने पाटो हामीले पाठ गर्नैपर्ने अलग्गै पुस्तक हो ।

उहिलेदेखि नेपालीहरू *कृषि, पशु र सैन्य सेवा लिएर त्यता पसे र आज आफ्नो कर्मभूमिका सचेत नागरिक बनेर अघि बढ्दैछन् ।* लीलबहादुर क्षत्री पनि पूर्वजले उता

पुऱ्याएपछि जीवनको गीतमा उतै धून भरेर दुनियाँभर गुन्जाइरहनुभएका शिखरपुरुष हुनुहुन्छ। उहाँले गुवाहटी बसेर पनि पूर्वी पहाडका जनबोलीलाई साहित्यको रागमा गाइरहनुभएको छ। फाट्टफुट्ट आसामेली भाषिकासमेत जडित ठिमाह सिर्जनाको स्वाद झन् अलग्गै हुँदो रहेछ।

मेचीवारि र पारि बसेर साहित्य सिर्जना गरिरहँदा भेद के पाइन्छ त ? वास्तवमा *यतैका उता गए, उताका यहाँ आए;* यो नदीको अविरल बहावजस्तै आज पनि बगिरहेकै छ। नाटककारसहित उता बस्नेको एउटा चिन्ता केमा गहिरिएको पाइन्छ भने- *कसरी जातीय यो विधा बढाउनु, कसरी भाषा संस्कृति जोगाउनु, कसरी जनतामा सचेतना ल्याउनु, कसरी उन्नति गर्नु।* यसरी भाषा संस्कृतिप्रति यत्रो चिन्ता प्रकट हुनु सारा नेपाली जातिका लागि गर्वको विषय हो।

*'नेपाली साहित्यमा एउटा कहिल्यै पुरानो नहुने सेतुको निर्माण गर्नु* परेको छ,' गोविन्द गुरु लेख्नुहुन्छ, *'हाम्रा साझा सम्पदा लीलबहादुरप्रति हामी कत्रो श्रद्धा प्रकट गर्दा रहेछौं ! उहाँको ऐतिहासिक जीवनले सारा नेपाली जातिलाई कसरी जोडेको रहेछ ? साँच्चै यस कृतिको ऐतिहासिक महिमा अपरिमित छ।'*

लीलबहादुर क्षत्रीले दुई भूगोलका नेपाली जातिलाई जोडे जस्तै गोविन्द गुरुले नेपाललाई विश्वसँग जोडिरहनु भएको छ। एकातिर, उहाँले विश्वका सरलदेखि जटिलतम साहित्यलाई नेपाली आँगनमा ओरालेर स्वदेशी पाठकका अघि पस्किदिनुभएको छ। अर्कोतिर, नेपाली साहित्यलाई अनुवाद गरी विश्व साहित्यको उकालोतिर धकेलिरहनुभएको छ।

अब गोविन्दराज भट्टराईलाई पनि नेपाली साहित्यको फाँटबाट उठाएर चिरकालसम्म चिनिने गरी मेचीपारि पुऱ्याउनु छ, कालीपारि चिनाउनु परेको छ। सात समुद्रपारिसम्म उहाँको व्यक्तित्व र कृतित्व पुऱ्याएर सिर्जनाको रोदीघरमा *गोविन्द गुरु* गाउँदै समालोचकीय मादल घन्काएर खरी झार्नु छ, पुनः नयाँ खरी भरेर बजाइरहनु छ। उहाँ हाम्रा लागि *ज्याक डेरिडा*भन्दा कम कहाँ हो र! त्यसो हो भने उहाँलाई नोबेल पुरस्कारको ढोकासम्म किन नपुऱ्याउने ?

गोविन्द गुरुले आफ्नो विद्वतालाई परिधितिर धकेलेर लीलबहादुर क्षत्रीलाई केन्द्रमा उभ्याउने भरभग्दुर प्रयास गर्नुभएको छ। यसअघि नचिनिनुभएका *नाटककार लीलबहादुर क्षत्री* अब नेपाली पाठक, साहित्यकार र समालोचकहरूबीच चिनिनुभएको छ। छरिएर रहेका उहाँका नाटकहरू यसरी संकलित भएर नेपाली साहित्यमा आउनु साँच्चै खुसीको विषय हो। उहाँका नाटकबाट नेपाली साहित्यले मेचीपारिको

तत्कालीन नेपाली समाज, परिवेश, भाषिक आन्दोलन, पहिचान जस्ता विषयहरू बुझ्न पाएको छ।

*मैले पो त्यति सजिलै जसलाई तसलाई कहाँ दिन्छु र पस्न त्यो मेरो संरक्षित वनभित्र ?* भन्नुहुने लीलबहादुर क्षत्रीले गोविन्द गुरुलाई आफ्नो त्यो *घनघोर जंगलभित्र* पस्न दिएर आफ्ना बहुमूल्य नाटक-कृति प्रकाशनमा ल्याउन स्वीकृति दिनुभएकोमा उहाँप्रति नमन गर्नैपर्छ। अनि, अति कष्टसाध्य मिहिनेतले संकलित रचनालाई पाठक, साहित्यसेवी र समालोचकसम्म पुऱ्याउने अभिभारा काँधमा बोक्नुहुने गोविन्द गुरुप्रति कोटि-कोटि प्रणाम !

## मञ्च, भूमि र भाष्य

*लीलबहादुर क्षत्रीका चर्चित नाटकहरू*भित्र दुईवटा लामा पूर्णाङ्की (**लक्ष्य** र **दोबाटो**) तथा तीनवटा एकाङ्की नाटक (**शुरुको शुरू, माग र भाइटीकाभित्रै**) र पाँचवटा रेडियो रूपकहरू (**प्रतीक्षा, अर्धशताब्दीभित्र एक जोर परेवा, कन्यार्थी, मिलन र महिषासुर वध**) संकलित छन्।

अधिकांश नाटकको मञ्च र भूमिको केन्द्र गुवाहटी एवम् गुवाहटी वरपर डिब्रुगढ जस्ता क्षेत्र नै छन्। कतै गाउँ त कतै सहरका प्रसङ्ग आउँछन्; सँगसँगै आसाम, दार्जिलिङ, सिक्किम, मणिपुर, शिलोङ, मेघालय र इम्फालसम्मको परिवेश घरीघरी झुल्किन्छ। नाटकहरूमा बारम्बार दोहोरिइरहन्छ- हाम्रो पहाड, हाम्रो जाति, हाम्रो भाषा; अनि फाट्टफुट्ट जोडिन्छ भोजपुर। त्यहाँ पूर्वी पहाडहरूको गन्ध प्रस्टै थाहा पाइन्छ।

घटित घटना, परिवेश, पात्र-पात्री, भाष्य, उखान-टुक्काको प्रयोगले नेपालका पहाडी गाउँहरू जुरुक्क उठेर उता सरे जस्तो लाग्छ। कताकती गण्डकी (कास्की, स्याङ्जा र पर्वत) प्रदेशभित्र प्रयोग हुने लवज पनि पाइन्छ (जस्तैः उछार, गइथ्यौ, दगुर्नु)। पूर्वदेखि पश्चिमसम्मका नेपाली जाति पुग्ने थलो आखिर त्यही आसाम, गुवाहटी र मणिपुर नै त हो। सबै एकैथलोमा पोको परेपछि त्यहाँ प्रयोग हुने भाषिका छ्यासमिसे हुने नै भयो। अझै, त्यसमा हिन्दी र आसामेली मिसिएर बोलिँदा अनौंठो पनि लाग्छ।

नाटकमा प्रयुक्त लबस्तरी, ढुंग्री, बाँहकाटे, राँडी, टोपी, दौरा-सुरुवाल, धोती, गुन्यू-चोली जस्ता शब्दावलीले नेपाली ग्रामीण परिवेशलाई झल्झली सम्झाउँछन्। उता घुर्नु, कुमिटी, पथार, दोरख, राइज, गोहाली घर, दामडा, दामडीले आसामी लोकजीवन

टिप्न खोजेको देखिन्छ भने अच्छा, सौतेली, चारपाईलगायत हिन्दी शब्दावली पनि प्रयुक्त छन् ।

माटोबारी शब्दले नयाँ अर्थको खोजी गरेको हो कि भन्ने अड्कल काट्न सकिन्छ। माटो किन्नु वा माटोबारी किनेर बस्नुको भावमा घोत्लिँदा; अर्कैको भूमिमा माटोमात्र किनेर बसोबास गरेको अर्थ लाग्न सक्छ। यद्यपि, स्थानीय जनबोलीले जग्गा वा भूमि किन्नुलाई माटो किन्नु उच्चारण गरेको पनि हुन सक्छ।

यसैगरी, **लक्ष्य** पूर्णाङ्कीको द्वितीय अंक प्रथम दृश्यमा प्रयुक्तः मर्दले दसोटी गर्छन्, खुकुरीभन्दा कर्द हान्ने, बाउभन्दा छोरो जान्ने; नाम न जस, खरानी घस, ज्योतिषीका छोरी राँड, सबै कुकुर काशी गए, गुहु केले खाने जस्ता उखानले नेपाली जनजीवन जुरुक्क उचालेर त्यता स्थापना गरेको आभास हुन्छ। कुनै-कुनै उखान ठाउँअनुसारको भावमा प्रयोग भएका छन् ।

अघि राजाका एक गोठ रानीहरू हुन्थे, बायाँ आँखो फर्फराउनु, एउटै आत्माका दुई शरीर, भुस निफनेर चामल खानु, लोग्ने मरिहाल्छन्, म पोइला गइहाल्छु जस्ता लोक-भाषिकाले परदेशमा समेत नेपाली जातिले आफ्नो समाज, परिवेश र जीवनशैलीलाई जीवन्तता दिइरहेको छर्लङ्ग हुन्छ।

महिनावारी हुँदा बार्ने नेपाली महिलाको चलन र जोगीले फेरी लाउने परम्परा जस्ताको तस्तै गोवाहाटी, आसामेली नेपाली गाउँमा पुगेका छन् । यसर्थमा, नेपाली पहाडी गाउँहरूबाट बगेर गएको झर्रो जीवनशैली विस्तारै त्यताकोमा मिसिन संघर्ष गरिरहेको देखिन्छ तर त्यसले भुइँ टेक्न नसकेको, हाँगो समाउन चुकेको पक्ष लुकाए पनि लुक्न सकेको छैन।

## उत्तरवर्ती परिवर्तनको खोज

नाटकहरूमा परम्परागत अँध्यारोबाट बाहिर निस्केर परिवर्तनको उज्यालो घामको खोजी गरिएको छ। सबैभन्दा शक्तिशाली र परिवर्तनकारी नाटक *लक्ष्य*मा आजभन्दा ६०-६५ वर्षअगाडि नै छुवाछूत अन्त्य र विधुवा विवाहको छुट दिनुपर्ने आन्दोलन शुरू भएको पाइन्छ; जसमा पात्रहरूको जीवन्त अभिनय भेटिन्छ।

नन्दे महाजनमा बहुविवाह र बासनाको भोक छ । *मर्दका दसोटी* वाक्यांशले महिलामाथिको अत्याचार र थिचोमिचो देखाइएको छ । कुरीतिको विरोध हुन थालेकोमा सचेतना एवम् अंग्रेजी शिक्षालाई दोष दिइन्छ। पैसामा छोरीको मोलमोलाई गर्ने प्रयाससमेत *लक्ष्य*मा देख्न सकिन्छ तर लीला पात्रको बलियो उपस्थितिले प्रतिरोध

गरेको छ। उसले सौतेनी आमालाई भनेका *के अधिकार छ तिमीलाई मेरो जीवनको दर गर्न* भन्ने उद्‌गारले नै थिचोमिचोको खुलेर विरोध गरेको छ।

सौतेनी आमाबाट जबर्जस्ती बेचिएपछि लीलाले नन्देसामु आफूलाई सुम्पिन चाहन्न। *तपाईंको धनले यो कुहुने रगत मासु किन्न सक्छ। यसलाई बाँधेर राख्न सक्छ तर मेरो आत्मा बाँधिदैन* भन्नुलाई लीलाको क्रान्तिकारी उद्‌घोषको रूपमा लिन सकिन्छ।

अर्कोतर्फ, लीलाको प्रेमी केशवले प्रेमलाई नयाँ सिराबाट विश्लेषण गर्नुपर्ने वकालत गरेको छ। लीलाले *प्रेम हृदयमा बस्छ, त्यो स्वतन्त्र हुन्छ* भनिरहँदा केशवले *मिलन नै नहुने प्रेमको* औचित्य देख्दैन। प्रेमी-प्रेमिका दुईतिर तड्पिएर, जीवन त्यागेर प्रेम अमर रहला ? यसले प्रेमको पुरानो परिभाषालाई भत्काएर नयाँ परिचय खोजेको बुझिन्छ।

पुरोहित बाजेले एक ठाउँमा नन्दे साहूलाई लक्षित गर्दै 'हजुरको लागि त ज्यानै दिन पनि मलाई नाई नास्ती छैन' भन्नुले तत्कालीन समयमा टपरे काममात्र गर्ने चाकडीबाज बाहुनको लोभी प्रवृत्ति झल्किन्छ भने अर्को ठाउँमा गोपालले बाबुलाई भन्छ- *बा, म यो युगसँगै दर्गुन चाहन्छु।* यसले *धोद्रे सिमल फोरेर पीपल उम्रिन लागेको* संकेत गरेको छ; जुन उत्तरआधुनिक बाटोतर्फको दृष्टि हो।

सत्य र निष्ठाको मार्ग अपनाउन राम र भीष्मको उदाहरण प्रस्तुत गरिएको छ, ऋषिमुनिहरूको त्याग (यौन र बासना) को चर्चा छ। हिन्दु धर्मको मर्म आत्मसात गर्दै मान्छेद्वारा धर्मभन्दा बाहिर स्थापित प्रथाले समाज विथोलिएको चिन्ता प्रकटित छ।

समाज सुधारको बाटोमा हिँडिरहँदा केशवको हातबाट अज्ञानबश नन्देको छोरो गोपालको ज्यान जान्छ। यसबाट, मर्ने मरेर गए पनि बाँच्नेले परिवर्तन भोग गर्छन्, दोषीले पश्चात्ताप गर्दै सत्मार्ग अपनाउँछन् भन्ने सन्देश दिएको छ। यद्यपि, यसले गोपालको निधनबाट बाबु-आमा तथा परिवारमा परेको चोटको पाटो उत्खनन गरेको छैन।

यति हुँदा-हुँदै पनि नन्देले आफूले विवाह गरिसकेकी लीलालाई छोरी मान्नु, आफूलाई केशव तथा गोपालले शुरू गरेको परिवर्तनको मार्गमा समाहित गराउनु र लीलालाई आफ्नै हातले कन्यादान गर्ने घोषणा गर्नुलाई अकल्पनीय परिवर्तनको रूपमा लिनुपर्छ।

अर्को नाटक **दोबाटो**ले जीवनप्रतिको प्रेम दर्शाएको छ- जतिसुकै संकट तथा

विघ्नबाधा आइपरे पनि समाज चलिरहन्छ; यो प्राकृतिक न्यायको सिद्धान्त हो। यसले, समाज सञ्चालन गर्ने उपरिसंरचनाभित्र- मान्छे, रीतिरिवाज, संस्कार, सह-सम्बन्ध एकअर्काका पूरक हुनुपर्छ भन्ने गतिलो सन्देश बोकेको छ।

उपरिसंरचनाभित्रको एउटा सामान्य अंग नष्ट हुँदैमा समाजको चक्र रोकिँदैन। यसका लागि, कुप्रथा चिर्दै मानव जीवनचक्रको घट्ट घुमाइरहन पनि विधुवा विवाह, पुनः विवाह जस्ता नयाँ परम्पराको शुरूवात गर्नुपर्छ भन्ने सन्देश नाटकको बलियो पक्ष हो; जसमा गीता, मदन र धनवीर जस्ता पात्रले जीवन्त भूमिका निभाएका छन्।

गीता फौजी श्रीमान् मदनलाई कुरेर बसिरहनु, मदन मरेको तार आउनु, गीतालाई धनवीरले शरण दिनु र पछि विवाह गर्नु यी सबै यथार्थको कुलेसो हुँदै अगाडि बढिरहन्छन्। एक्कासि मदन जिउँदै फर्किनु, धनवीरले मदनको नासो भन्दै गीतासँग छोडपत्र गरेर जिम्मा लाउनु, गीताले मदनलाई त्यागेर धनवीरलाई नै अँगाल्न खोज्नुले भ्रान्तिमा रुमल्लिएको देखिन्छ।

गीताको मनोदशालाई कहिले कर्तव्यपथमा डोऱ्याउनु त कहिले आत्माको प्रेमतिर एकोहोऱ्याउनुले यथार्थभित्रको भ्रमजालमा फनफनी घुमाइरहे जस्तो लाग्छ। उसलाई कहिले यता त कहिले उता लखेट्दा नाटककारले न्याय गर्नुभएन कि भन्ने शंका गर्ने ठाउँ रहन्छ। अन्ततः नाटकको मूल आशय छ; समाजमा जे जस्ता बाधा परिआए पनि कतर्व्य बिर्सनु हुँदैन।

यसैगरी, एकाङ्की र रेडियो रूपकमा पनि परिवर्तनका शृङ्खलाले निरन्तरता पाएका छन्। तिनमा नेपाली जाति संगठित हुँदै जातभात अन्त्यको संकेत, बढ्दो महँगी र उताको हुन नसक्नुको पीडा छन्। रेडियो रूपकहरूमा प्रेम, समाजमा महिला श्रीमती, बुहारी, आमा, हजुरआमामा रूपान्तरण हुँदै जाँदाको परिवेश झल्किएको छ। दशैं जस्तो महान् पर्वको धार्मिक महत्त्व दशाउँदै जिम्मेवारी र कर्तव्य निर्वाह गर्न कहीँ कतै चुक्न नहुने पक्षलाई सतर्ककताका साथ उठाइएको छ।

**अस्तित्वको खोजी**

*लीलबहादुर क्षत्रीका चर्चित नाटकहरूले* पहिचान खोजेका छन्। उताको भूमिमा अस्तित्व रक्षाका लागि लडाइँ गरिरहेको प्रस्ट देखिन्छ। शुरूमै भनिएको छ- *हे! खड्ग वीरको तँ अमर निशान। गोर्खाको छस् तँ सदा सान।* यो अस्तित्वको खोजी हो।

**लक्ष्य** नाटकमा पूर्वी पहाड र आसामको मिश्रित लवजमा जन्नै पात्रले *हाम्रो*

*पहाड, हाम्रो मुलुक बोल्छ, अनि हाम्रो फुथे कामीलाई एउटा दरो पितलको मसीदानी बनाएर पठाइ दे भनेर चिट्ठीमै लेखी पठाउँछ* भन्नु मातृभूमिप्रतिको स्नेहको तस्बीर हो। सबै कुरा उतैको राम्रो तर यो मुगलान ...

यसो भनिरहे पनि बाध्यता, परिवन्दले दुःखका डोका बिसाउन फेरि मुगलान नै धाउनु उही गरिबीको पीडा हो; यसैमा अल्भिएर आफ्नो पहिचान खोज्ने काम भइरहेकै छ। उता केशवले *बरु एउटा खुकुरी पनि ल्याएर यहाँ राख न। यस्तो समयमा हाम्रो जातीय निशान छेउमा रहन उचित हो* भन्नुले जातीय अस्तित्व स्थापित गर्न खोजिएको प्रस्ट हुन्छ।

प्रायः हरेक ठाउँमा खुकुरीको उच्चारण गर्नु, त्यसलाई साथैमा राख्नु, ढाका टोपी, दौरा-सुरुवाल, गुन्यू-चोली नछोड्नु पहिचानको खोजी। भाषा आन्दोलनका कुरा गर्नु, कमिटी गठन हुनु, नेपाली जातिले मान्यता पाउनुपर्छ भन्नु जस्ता पक्षहरू अस्तित्व खोजीकै निरन्तरता हुन्।

देशमा गरिबी थियो, त्यो उता जाँदा पनि सँगै गएको छ तर अस्तित्व रक्षापछि मात्र गरिबी हट्ने मीठो कल्पना गर्नु आशाको उज्यालो हो। **शुरूको शुरू** एकाङ्कीमा श्यामलाल भन्छ- *हामी भारतीय नेपाली हौं। नेपालको चासो हामीले लिने काम छैन। बरु हाम्रो समस्याको कुरा गर्नोस्।* अर्को ठाउँ हवलदार भन्छ- *म त गोर्खा फौजको जवान, गोर्खा पो हो त, नेपाली त होइन त।*

त्यहींनिर मरिचे भन्छ- *नेपाल छ र हामी नेपाली भयौं, नेपाली हुँदा पासोमा पऱ्यौं।*

यी सबैले के देखाउँछन् भने; मनमा नेपाल बसेको छ, मातृभूमि, पितृभूमि छ तर जबर्जस्ती उताको अस्तित्व खोज्नुपरेको छ। त्यो रहर, खुसी नभएर बाध्यता भई आएको छ। अस्तित्वको खोजीसँगै नेपालको चिन्ता छ। नेपाल-भारत बोर्डर सिल गरेर पासपोर्ट लागू गर्नुपर्ने बोली छ; जसले यस्तै दुःख पाउन नेपालीहरूलाई यता आउनबाट रोकोस्। यस्ता चिन्ताका आवाज पात्रका कथनमा अविरल आइरहन्छन्।

**केही प्रश्नहरू**

यी नाटकहरूले मुगलानमा बसोबास गरेर पहिचान खोज्दै अस्तित्व रक्षाका लागि संघर्ष गर्न तथा संगठितरूपले अगाडि बढ्न प्रेरित गरेको त छ नै; सँगसँगै पाठकहरूमा केही प्रश्नसमेत उत्पन्न गराइदिएको देखिन्छ।

**पहिलो प्रश्न : लक्ष्य** पूर्णाङ्कीको नन्दे महाजनले समाजमा थिचोमिचो र अत्याचार

गरेको छ । ५०-६० वर्षअगाडि मात्र होइन आज पनि बहुसंख्यक प्रवासी नेपालीहरू गासबासकै जोहो गर्न संघर्षरत छन् । त्यतिबेला झन् यताबाट दु:ख बिसाउन वा कामको खोजीमा उता गएका केही लाहुरे परिवारबाहेक अरू साहू-महाजन भए कि भएनन् होला ? यसको जवाफ नाटकमा भेटिँदैन ।

**दोस्रो प्रश्न** : पुरोहित बाजेले विवाहको प्रसंगमा नन्देलाई सम्बोधन गर्छ- *हजुरलाई के नपुग्दो छ र त्यस्तो डडेकी ठुटाजस्तीलाई भित्र्याइबक्सिन्छ ।* यो उच्च अदारार्थी दरबारिया ठकुराई भाषा नेपालमा मात्र प्रचलनमा थियो; त्यसबखत त्यता प्रचलनमा थियो कि थिएन ? गरिबी र दु:ख लिएर गई बसेकाहरूले यस्ता शब्दावली कसरी प्रयोग गरे होलान् ?

हुन त; दार्जिलिङ, सिम्ला, दिल्ली, कलकत्तासम्म देश निकालामा परेका 'सि क्लास'का राणाहरूको बसोबास पुगेको इतिहासले बताउँछ । तिनीहरूले प्रयोग गर्ने लवज पोखिँदै-पोखिँदै साहू-महाजनसम्म पुगेन भन्न सकिन्न तर नन्देका घरमा सबैले सामान्य अझ निम्न कोटिको लवज प्रयोग गर्नु र पुरोहितले मात्र ठकुराई बोली बोल्नुले पाठकलाई आश्चर्यमा पार्न सक्छ ।

अतः नाटकमा यसको पृष्ठभूमि थोरै खुलेर आएको भए पाठकहरू प्रस्ट हुन्थे कि !

**तेस्रो प्रश्न** : यो प्रश्न महिलाहरूको भेषभूषा अर्थात् पोशाकसँग जोडिएको छ । दुई पूर्णाङ्की, तीन एकाङ्की र पाँच रेडियो रूपक सबैमा महिलाको पहिरन गुन्यू-चोली र सारी उल्लेख छ । तत्कालीन समयमा परिवर्तन चाहने, शिक्षित महिलाले आधुनिक पहिरन लगाउँथे कि !

यसमा किन पनि अनुमान गर्न सकिन्छ भने भारत ब्रिटिशबाट उपनिवेशित थियो; उनीहरूको गन्ध नेपालसम्म आयो भने दार्जिलिङसम्म कब्जा जमाएकै हुन् । उता आसामतिर नपुग्नै कुरै रहेन । यसो हुँदा मेट्रिक पास गरेका, कलेज तहसम्म पढ्ने, जमाना फेरिनुपर्छ भन्ने केटी वा छोरीहरूले समयअनुसार कुर्ता-सुरुवाल लगाउन सक्थे कि !

नाटकहरूमा पुरुषको पोशाकमा परिवर्तन पाइन्छ, महिलाकोमा पाइँदैन । परिवर्तनको उज्यालो खोजिरहँदा नाटकले यथास्थितिको अड्कल काट्न नसकेको त होइन ? यो प्रश्नको जवाफ पनि नाटकका पात्रहरूले दिँदैनन् ।

**चौथो प्रश्न : शुरुको शुरु** एकाङ्कीमा हवलदारले *म गोर्खा फौजको जवान, गोर्खा*

*हो नेपाली होइन* भनिरहँदा शुरूमा '**गोर्खा**' शब्द कसरी उत्पत्ति भयो र यसको भाव के हो ? यसबारे पाठकले जान्न खोज्छन् । गोरखा आज नेपालको एउटा जिल्ला हो तर यो इतिहासमा एउटा शक्तिशाली राज्य थियो । त्यहाँका राजा तथा नेपाल एकीकरणका सूत्रधार पृथ्वीनारायण शाहले भुरे-टाकुरे राज्य गाभेर एउटै बनाएपछि मुलुकको नाम गोर्खा रह्यो र प्रकारान्तरमा नेपाल हुन गएको इतिहास छ । यहाँ, गोर्खा र नेपाल उही हो; गोर्खा भएपछि नेपाली भयो वा नेपाली भएर गोर्खा, यो एउटै हो ।

ब्रिटिशकालदेखि नेपालीहरू गोर्खा रेजिमेन्टमा भर्ती हुन जाने प्रचलन रहिआएको हो । समयान्तरमा उतै स्थायी बसोबास गरेका नेपालीहरूले आफूलाई *नेपाली*भन्दा *गोर्खा*को रूपमा चिनाउँदा बढी सुरक्षित महसुस गरेर यसप्रकारको संवाद प्रयोग गरिएको पनि हुन सक्छ । यी विषयमा अल्झिनुभन्दा आफ्नो पहिचान, त्यहींको बासिन्दा भएको प्रमाण जुटाउन पात्रलाई प्रेरित गरेको भए सुन्दर हुन्थ्यो होला ।

## पुछारतिर

रहर, कहर, सैनिक होस् वा कृषि, पशु वा व्यवसाय गर्न नेपाली मुगलानिएको इतिहास लामो छ । उनीहरूले विदेशी भूमिमा बसेर आफ्नो अस्तित्व खोज्दै संघर्ष गरेका कथा पनि अनगिन्ती छन् । त्यो गोरखा भूतपूर्व सैनिक संघ (गेसो) ले बेलायतमा पुनर्बास र ब्रिटिश सेनासरह सुविधा पाउनुपर्ने भन्दै गरेको आन्दोलन होस् वा दार्जिलिङमा गोर्खाल्याण्ड माग गर्दै समय-समयमा चर्किने विरोध वा आसाम, मणिपुर, मेघालय वा विश्वका जुनसुकै देशमा बसोबास गरिरहेका नेपाली जातिले भाषा, संस्कृति र पहिचानका लागि लडेका र लड्दै गरेका कथाहरूका चाङ छन् ।

ती कथाहरूमध्ये एउटा सानो आँखिझ्याल मात्र हो यो *लीलबहादुर क्षत्रीका चर्चित नाटकहरू ।* यस्ता नाटक, उपन्यास, नियात्रा, कथा-व्यथाहरू कति लेखिनु छ कति; त्यसको चर्चा गरिसाध्य छैन । यहाँ, ती अनेक विषयबाट फर्किएर *लीलबहादुर क्षत्रीका चर्चित नाटकहरू*ले स्थापित गर्न खोजेका मुद्दाकै निचोडमा घोरिनु मनासिब देखिन्छ ।

ब्रिटिशकाल अझ त्योभन्दा पहिलादेखि सैनिक सेवाबाट अवकाश पाएपछि त्यतै बसोबास गरेका पूर्वोत्तर भारतका हजारौं नेपालीभाषीहरू आजसम्म पहिचानको लडाईमै देखिन्छन् । तत्कालीन समयमा त्यहींको हुनुको गतिलो प्रमाण जुट्न नसकेको पीडा र दुखेसो पटक-पटक छचल्किएको छ, हरेक नाटकमा । राम्रो योग्यता भएका, शिक्षा-दिक्षा पाएका कलाकार, चित्रकार, साहित्यकार, शिक्षक, प्राध्यापक, डाक्टर, इन्जिनियर सबै नेपाल धाउने हुँदा त्यहाँ पहिचानको लडाईं एकत्रित हुन नसकेको

गुनासो पनि छ।

ती नाटकहरूमा भन्दा आज परिस्थिति धेरै बदलिएको छ। भारतमा नेपाली भाषाले मान्यता पाएको छ, हरेक वर्ष नेपाली भाषा दिवस मनाइने गरेको छ। प्रान्तीय वा केन्द्र सरकारका उच्च ओहोदासम्म नेपालीहरूले पहुँच पाएका छन्। पछिल्लो समय भारतले त्यहाँ बसोबास गर्ने नेपालीभाषीलाई विभेद गर्न नपाइने कानुनी व्यवस्था गरेको छ।

नेपाली जातिले भाषा साहित्यमा योगदान गरेबापत राज्य तहकै ठूला-ठूला पुरस्कार प्राप्त गरेका छन्। स्वयम् नाटककार लीलबहादुर क्षत्रीको **ब्रह्मपुत्रको छेउछाउ** (उपन्यास) ले भारतको **सहित्य अकादमी पुरस्कार** प्राप्त गऱ्यो; आसाम पूर्वाञ्चलमा नेपालीभाषीले पाएको यो सबैभन्दा ठूलो पुरस्कार हो। सन् २०२० मा उहाँले भारतका राष्ट्रपतिबाट **पद्मश्री सम्मान** पाउनुभयो- यो चानचुने उपलब्धि होइन।

ती उपलब्धिहरू लीलबहादुर क्षत्रीकै नाटकहरूको प्रभाव र नेपाली जातिको निरन्तरको लडाईंले स्थापित नतिजा हुन् भनेर सजिलै भन्न सकिन्छ। यद्यपि, भारतमा नेपाली जातिको बसोबास २०० वर्ष नाघिसक्दासमेत पहिचानकै लागि लडिरहनु परेको व्यथा २०७८ साल मंसिरमा *कविडाँडा साहित्य समाज, चितवन*द्वारा आयोजित अन्तरदेशीय साहित्य सम्मेलनमा दार्जिलिङका कवि मनप्रसाद सुब्बाले नमीठो गरी सुनाउनुभएको थियो।

यहाँ के प्रस्ट हुन्छ भने; उहिले लीलबहादुर क्षत्रीले नाटक लेख्दाताका होस् वा आज मनप्रसाद सुब्बा वा राजेन्द्र भण्डारीले कविता लेख्दा उताको पिरलो अझै पहिचानकै छ। अस्तित्व रक्षाकै छ। मणिपुरे युवा सर्जकहरू राहुल राई 'बोगिको', डा. सीताराम अधिकारी, नवीन पौड्याल वा हर्कबहादुर लामगादे 'रोहित' लगायत हरेकको एउटै दुखेसो पाइन्छ- हामी पहिचानको लडाइँमा संघर्ष गरि नै रहेका छौं।

*यताकाले उताका भन्ने उताकाले यताका भन्ने* समस्या आज पनि उच्छेदिन सकेको छैन। अबका आन्दोलनले यी कुराहरूमा उपलब्धि हासिल गर्ने विश्वास लिन सकिन्छ। अतः यहाँ *लीलबहादुर क्षत्री*का नाटकहरूले देखाएको बाटो भनेको- नवपरिवर्तनका लागि सधैं एक कदम अगाडि बढ। पहिचानको लडाईं नछोड र अस्तित्व रक्षामा एक जुट होऊ। यो गतिलाई आजका अनुहारले समेत काँधमा बोकेर समयको नयाँ देउरालीसम्म पुऱ्याउनुपर्ने देखिएको छ।

# धर्ती की परी



ललिता जोशी क्षेत्री

लक्ष्मण क्षत्री एक ख्यातिप्राप्त व्यापारी । अधबैसे स्वेत वर्णको, अग्लो बलिष्ट गठिलो अभिनेतासरह रवाफिलो व्यक्ति । आलिशान बैठक कोठामा बसी चिया सुरूप्प पार्दै टेलिभिजनमा समाचार हेरिरहेका थिए । अचानक भारतको आसाममा ब्रहम्मपुत्रले विकराल रूप धारण गरेको खबरले उसको पीडा फेरि बल्झिए झैं भान हुन्छ। अनुहार कठोर बन्छ, मुहारमा रातो रगत आएर थुप्रिरन्छ! रातै हुन्छ अनुहार मने हेरिरहन्छ! था छैन किन ? मनबहादुर अवाक बन्छ।

मनबहादुर लक्ष्मण क्षत्रीको बायाँ हात, उनको सुसारे, भान्से भने सबै, तीस पैंतीस वर्ष नै भयो क्यारे लक्ष्मण क्षत्रीसित बसेको । मन बहादुर सम्झन्छ आज पनि लक्ष्मण दाइलाई पुरानो सम्झनाले पिराउने रहेछ। साँचै नै कति कठोर परेछ नियतिको प्रहार दाइमाथि । हामी भए कहाँ सहन सक्ने थियौं होला र....!

हो, एक दिन दरकिने पानी परेको थियो, मैले कुखुराको भितरास भुटेको थिएँ, कुखराको खुट्टाको पकोडा बनाको थिएँ बाहिर डेकमा बसेर लक्ष्मण दाइले ब्लु लेबल घुटुक्क निल्दै भितरासको मजा लिदै मुख मिठाउदै विगतका कथा सुनाएका थिए। कति उज्यालो भएको थियो, तन्देरी हुदाँको कुरो गर्दा उनको अनुहार अनि बिस्तारै मलिन हुँदै गएको थियो त्यो अनुहार। परी गुरुआमा भएको भए कहाँ सुनाउने थिए होला र कुरै गर्न दिनुहुन्न। माइत जानु भाछ र पो....

लक्ष्मण दाइ :- म अठार वर्षको थिएँ, भरखर दशौं कक्षाको परीक्षा सकेर साथीहरूसित मोहनको जन्मदिन मनाउन उसको घर गएको थिएँ, त्यहाँ मोहनकी बहिनीको सुन्दरता र व्यवहार देखेर म मख्ख परें । उनलाई मभन्दा पहिले कसैले लगिदिने हो कि! उनको कोई अरू नै कोई छ कि! आजकल त थाह पनि त हुँदैन उफ...यस्तै अनेकानेक कुरोले मलाई सताउन थाल्यो। रात फर्लङ्ग भयो। हो उसको नाउ मालती! नाउ पनि मन परेको मान्छेको त कति राम्रो लागेको नि! पहिले पनि त सुनेको थिएँ नि यो नाम त तर आज... मलाई हतार लाग्न थाल्यो कहिले भेटेर

मालतीलाई आफ्नो मनको कुरो भन्ने ! भनी जसोतसो रात काटें । भोलि मालतीको स्कुल जाने बाटो कुरिरहें । अलिक ढिलै गरी आइन् उनी, तर सुखद कुरो के थियो भने मालती एक्लै थिइन् । म अलेङ टलेङ गर्दै उसको छेउमा पुगें । यता उताको कुरो गरेपछि झट्ट हात समाउन पुगें, उनले केही भनिनन्, मेरो उत्ताउलोपनाले हतारिन थालें । फेरि म हतारे मान्छे कुरो भनी त हाले ! म तिमीलाई मन पराउँछु तिमी नि मलाई मन.... ? उनी लजाइन्, तर उत्तर भने दिइनन् । भेटघाटको क्रम चल्न थाल्यो । त्यसकै दुई महिनापछि भित्राइ त हालें । अब पर्‍यो फसाद, घर त लानै पर्‍यो रात पनि परिसकेको थियो । राति त आमा बुवाले केही भन्नुभएन । तर बिहान भएपछि जात गोत्र सोध्दै जाँदा कुरो मिलेन ।

हामी अलग्गै एउटा डेरा खोजी बस्न थाल्यौं, अब घर चलाउने समस्या आइलाग्यो । घरकै बारी गोडगाड गरी आलु मकै लगाई, विशेष साग सब्जी बेची जीविका चलाउन थाल्यौं । अनि पढाइ पनि पूरा गर्नुपर्ने । समय बितेको थाहा नै भएन । सबै राम्रै चल्दै थियो, तर एक रात हाम्रो घरद्वार जगा जमीन खोसेर भारतको "कोखराझारबाट" हामीलाई लखेटि दिए । हामी सबै रातारात भागेर ब्रह्मपुत्र नदीको छेउ मामाघर गएर बस्यौं । फेरि खेती बारी र गाई पाली दिनचर्या चल्न थाल्यो, अलि अलि व्यापार पनि गर्दै थिएँ, पढाइ पनि साथसाथै चल्दै थियो । दिन राम्रै बित्दै थियो । कमाइ पनि धेरै हुन थाल्यो । बैंकमा पनि निकै पैसा जमा भइसकेको थियो । भविष्यको कल्पनामा धेरै कथा बुन्न थालिसकेका थियौं हामी दुवैले ।

मेरो दुई छोरा भइसकेका थिए, सानो छोरोको न्वारान गरी नाचगान गरी थाकेर मस्त निदाएका थियौं । भदौको महिना थियो, घनघोर वर्षा भइरहेको थियो । बिहानी पख धेरै हल्लाखल्ला, कराएको स्वरले ब्युँझायो, बाहिर त हाहाकार रहेछ, दैलो ठोक्दै रैछन्, ए निस्क बाहिर ! भन्दै रैछन् मामाहजुरले, ए यिनीहरू बग्ने रहेछन् अब । राति धेरै उत्ताउलो गर्‍यो, थाकेर सुतेका छन्, ढोका पनि खोल्दैनन् । के भो मामाहजुर किन गनगनिनुभाको हो मात्र के भनेको थिएँ पानी त ह्वात्त आइहाल्यो । चाइनाको डेम भत्केको छ रे र बाड आएको छ , सबै बगायो । तिमीहरूलाई नि बगाँउछ, ढिला नगर भन्दै रहेछन् । हस्याङ पस्याङ गर्दै बाहिरयौं हामी एक एकओटा नानी च्यापी । धन्न मालतीले सबै कागजपत्रको एउटा थैलो, चाहिने लुगाहरू, पानी र बिस्कुट त्यारी राखेकी रहिछ । पहिला पनि यसरी नै रातारात भाग्नुपरेकोले होला । नभन्दै एकछिनको फेर पर्‍यो नत्र हामीलाई पनि बगाउने । जति जोहो गरेका थियौं सबै ब्रहम्मपुत्रलाई भो । एक क्षण लामो साँस फेर्‍यौं, आफ्नो सबै कुरो बगेको रमिता हेरिरह्यौं । मालती डाँको छाडेर रुन थाली । कसै गरेर उसलाई सम्झाएँ । बेघर भयौं । लक्ष्मण दाइको

आँसु गालासम्म पुगेछ पुछ्दै भन्न थाले-

बैंकमा भएको पैसा निकै जम्मा भएको थियो, त्यसैले मेरो मनमा शान्ति त थियो फेरि मालतीले सबै खाताहरू सभालेर राखेकीले दौडधुप भने गर्न परेन। घुममा (दार्जिलिङ्ग, भारत) फुपू थिए मालतीका र त्यहीँ जाने निधो गरियो । अङ्ग्रेजी स्कुल उहाँहरूकै थियो र काम यतै गर्नु अब भन्दै उहाँहरूले बोलाउनभो र त्यतै लागियो । नेपाल गयो कपालसँगै, बर्मा गयो कर्मसँगै भने झैँ भयो । ग्रह नै लागेको रहेछ, हो दुई महिना मात्र भएको थियो काम गरेको गोर्खालेण्डको आन्दोलन आरम्भ भइ त हाल्यो । सबै बन्द, नानीहरूको पनि बिल्लीबाटो हुन थाल्यो । लौ त अब के गर्ने भनी सिलगढी लाग्यौं सबैलाई लिएर । सिलगढीमा जमीन खोज्न थालें । मिलन मोडमा सबै गोरखाली बीचको जमीन धेरै राम्रो लाग्यो र किन्ने निधो गरियो । बइना दिइयो र रजिस्टर पनि भयो । घर बनाउन भनि भूमि पूजन गर्न लागेका थियौं अर्को मान्छे आएर मेरो जमीन हो भन्छ । तँ तँ र म म भएपछि केही सिप लागेन, चारैतिर दौडधुप गरें, अर्काको जमीन देखाएर मलाई बेचेको रहेछ । मैले रजिष्टर अफिस गएर सोधी खोजी गर्नु पर्ने रहेछ, गरिएन । अब पुरपुरो समाएर के गर्ने ? खानेले सबै पैसा खाई त हाले ।

मलाई बिरक्त लाग्यो, तर पनि हार खाइनँ । नेपालमा त्रिभुवन केम्पसमा काम पाएको थिएँ नजाने मन बनाको थिएँ तर अब उतैतिर जानै पर्‍यो केही सिप लागेन । देवभूमिले बोलाको होला भनी सम्झें । नानीहरूलाई स्कुलमा हालें र म पढाउन थालें । दिन राम्रै बित्दै थियो । अब कसो कसो गर्दा चिट्ठामा नाम आयो । मेरो महत्त्वाकांक्षा फेरि जुर्मुराउन थाल्यो, श्रीमतीलाई बुझाई म अमेरिका लागें ।

धेरै खान भनी आएको म ! धेरै दिनको धोको पूरा गर्नपट्टि लागें । गाडी पनि धेरै दामको किनें लोन त पाइहाल्छ होइन तिरिहाल्छु जस्तो लाग्यो, घर पनि किनें सबै लोनमा, र ऐसको जिन्दगी बिताउन थालें । अब पर्‍यो फसाद । गाडी अलिक पुरानो रहेछ, घरी घरी बिग्रन्छ, गेरेज जाँदा जाँदा हत्तु हैरान । डल्लै पैसा गेरेजमा र घरको लोनमा जाने जहानलाई पैसा कसरी पठाउने ? घरमा जहानलाई पैसा पठाउन ढिला हुन थाल्यो, झगडा लाग्यो.... । पैसा कमाउनमा व्यस्त म (लक्ष्मण क्षत्री) फोन पनि कहिले काहीं मात्र गर्न थालें । दिन-रात काम गर्न थालें ।

छ महिनाको जोडतोडको परिश्रमले र त्यो गाडी बेची अर्को सानो गाडी किनेकोले सबै ठिक भो । बल्ल ढुक्क भो । उता भने मालती रिसले पुक्क छिन् ।

अब घरको सम्झनाले सताउन थाल्यो । टिकट ली सबैको निम्ति कोसेली ली

नेपालतिर लागें । घर पुगेँ, सबै खुशी भए, छोराहरू ठुला भएका थिए । नयाँ नयाँ लुगा र कोसेली पाएर खुशीको ठेगाना थिएन छोराहरूको, छोराकी आमाको मुहारबाट पनि खुशी छचल्किरहेको थियो, यी सब दृष्य देखेर म रमाइरहेको थिएँ ।

राति सुत्ने कोठा पुग्यौं, मालतीको खुशीको ठेगाना थिएन, म पनि अति प्रसन्न थिएँ । दुवै पलङ्गमा बस्यौं । केहीबेर रिसाउने मनाउने क्रम चल्यो । मेलमिलाप भो तर ..

जीवनका यी सब उतारचढावका बीच मैले आफूलाई मेरो उनीप्रति समर्पित गर्न असमर्थ भइसकेको रहेछु, थाहै भएन । परिस्थितिले मबाट म नै खोसिसकेको रहेछ । अब के भन्ने मालतीलाई ? नियतिको यो कस्तो कठोर दण्ड मैले के बिराएको थिएँ र ! महत्त्वाकांक्षी हुनु पाप हो त! के गरूँ कसो गरूँ केही थाहा भएन ! बिना बिच्चामा मालतीसित झगडा गरी म सदाको निम्ति परदेशिएँ । जस्तै अवस्थामा पनि बाँच्न त पर्दो रहेछ, कसैसित केही भन्ने मेरो कुनै केही कुरो नै थिएन । कसलाई दोष दिने ? म पागल बनें ।

उता मालतीले पनि हार मानेर बिहे गरी अरे भन्ने खबरले मेरो घाउमा नुन चुक थपे झैं लाग्यो । मैले उनलाई केही त बताएकै थिइन । स्वाभाविक हो उनलाई पनि हक छ अगाडि बढ्ने । आफैंले आफ्नो चित्त बुझाएँ । संसारमा मेरो नाम छ, वाह वाही छ ! तर म रित्तो छु । बस केम्पस गयो आयो, कैले खायो कैले खाएन कति बर्ष यस्तै चलिरह्यो । यस्तैमा मैले पढाउने केम्पसका मेरा सहकर्मीसित मेरो सम्बन्ध बढ्दै गयो । उनी पनि एक्लै थिइनु, नाउ पनि 'परी' मान्छे पनि परी जस्तै । परीलाई नदेखे मन उदासिने भइसकेको थिएँ । मनका कुरा साँटासाँट हुन थाल्यो । ममा पनि परिवर्तन आउन थाल्यो । एक अर्काबिना बाँच्न नसक्ने भयौं तर मेरो पीडा उसलाई कसरी भन्ने ? भनें भने त धोका हुनेछ भनी सम्झेर मैले परीलाई सबै दुखेसो पोख्ने अठोट गरें । आइतबारको दिन घरमा खाना खान भनी बोलाएँ । सबै सत्य परीलाई भने । परी अवाक बनी । एक्काइसौं सदीको मान्छे भएर पनि हजुर यस्तो कुरा गर्नुहुन्छ, आजको दुनियामा के हुन सक्दैन र ! यति नाथे कुरोको निम्ति ... परी अवाक बनी । लुकाएर राख्ने कुरो हो यो ? डाक्टरकहाँ जानुभएन हजुर ? मन कुँडाएर बसेर हुन्छ । भोलि म डाक्टरकहाँ समय माग्नेछु जानपर्छ हामी, भनेर मलाई अस्पताल पुऱ्याइन् र उपचार आरम्भ भयो । म स्वस्थ भएँ ।

अब म छोरीको बाउ बनें । अरू त सबै तँलाई था नै छ होइन परी ? मेरो जीवनमा स्वर्गदूत होइन धर्तीकी परी बनेर आएकी छिन् ।

**भारत**

"समुन्नत रेसुङ्गा हाम्रो शान, उत्कृष्ट नगर सबैको पहिचान"

## रेसुङ्गा नगरपालिकाको हार्दिक अनुरोध !

- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- उच्च रक्तचाप नियन्त्रण गर्न सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगरौं, नगराऔं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- नगरपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।
- खाद्य पदार्थहरूमा विषादिको प्रयोग नगरौं ।

**रेसुङ्गा नगरपालिका**

**तम्घास, गुल्मी**

# एक्काइसौं शताब्दीको सुब्बा



सैनिक कवि विशाल के.सी.

"असम नेपाली साहित्य सभाको स्वर्णजयन्ती बर्ष" को उपलक्ष्यमा मिति २३ अप्रिल २०२३ आइतबारको दिन एक दिने सृजनात्मक लेखन (Creative writing) कार्यशाला राखिएको थियो । उक्त कार्यक्रममा सिक्किमबाट साहित्यकार सुश्री डा. कविता लामा विभागीय प्रमुख, नेपाली विभाग सिक्किम विश्वविद्यालय एवम् सिक्किम विश्वविद्यालयका नै नेपाली विभागका सहकारी प्राध्यापक डा. देवचन्द्र सुब्बाज्यू पाल्नुभएको थियो । साहित्यकार सुश्री डा. कविता लामा गुरुआमाले सृजनात्मक लेखन (Creative writing) कार्यशालाको आफ्नो चैप्टरमा धेरै कुरा राख्नुभयो अनि त्यही धेरै कुरा एउटा यो पनि थियो" यदि तपाईंहरूले हिमालको टुप्पो समातेर म सृजनात्मक लेखन लेख्छु भन्नुभयो भने तपाईं कहिल्यै सृजनात्मक लेखन, लेख्न सक्नुहुन्न । यो सत्य हो, किनभने सृजनात्मक लेखन भनेको आफ्नो अनुभवको यात्रा हो । अब अनुभव भनेको सामान्यबाट लिएर विशाल पनि हुन सक्छ र पहिलो ती जम्मै मसिना अनुभवमा आफ्नो शब्द राखेर त्यसमा आफैं विमर्श गर्नुहोस् अनि लेख्न थाल्नुहोस्, लेख्दा लेख्दै एकदिन तपाईंबाट तपाईंको सबैभन्दा राम्रो सृजनाको उत्पति हुनेछ, तर सुरुवात हिमालको टुप्पो समातेर होइन हिमालको जराबाट गर्नुहोस् भनेको मैले र एकदिन हिमालको टुप्पोसम्म पनि अवश्य पुग्नुहुन्छ ।"

आफ्नो एक महिनाको सरकारी अवकाश सकेर म २५ अप्रिल २०२३ को दिन आफ्नो घर तेजपुरबाट दिमापुर आफ्नो ट्रांजिट कैम्प दिउँसो ०३:३० मा पुगें । अनि दुईदिनपछि अर्थात् २८ अप्रिल २०२३ को बिहान ०५:३० बजे हामी हाम्रो सरकारी कनवायमा दिमापुर ट्रांजिट कैम्पबाट इम्फाल हुदै म आफ्नो असम राइफल ट्रांजिट कैम्पमा मिनुथुवांग दिउँसो ०३:४५ बजे पुगें । यात्राको क्रममा मलाई मिति २३ अप्रिल २०२३ आइतबारको दिनको कार्यक्रमको झझल्को मेरो मन मस्तिष्कमा बारम्बार आइरहेको थियो र मलाई यो लाग्यो कि केही न केही त लेख्नुपर्छ अनि मैले विषयको चुनाव पनि गरें तर यसपालि चुनाव चुनौतीपूर्ण थियो । कारण मैले जुन

बिम्बलाई लिएको थिएँ त्यो बिम्बलाई प्रतीक मानेर उसको माथि विमर्श गरेर फेरि उसलाई शब्दको कैनवसभित्र सजाउनु पनि थियो। तर सजाउनुअगाडि उनको नाम र थरलाई संधिविच्छेद गर्नु अति आवश्यक थियो। किनकि मैले लेख्न खोजेको कुरा र उनको नाम एवम् थरमा नै सम्पूर्ण लेख आधारित थियो। अब धेरैलाई मन नपर्न पनि सक्ला र कसैलाई मन पनि पर्ला, त्यो आ-आफ्नो दृष्टिकोण हो। तर मैले जे जति मेरो बुद्धिले मेरो ज्ञानको प्रकाशले उनलाई अनुभव गरेँ एवम् भेँटे। असलमा मैले केवल त्यति नै लेखेको हुँ, किनभने उनको नाम र कर्मले मलाई धेरै प्रभावित गरेको छ, अनि साच्चै भन्ने हो भनेँ आज हाम्रो समाजमा र साहित्यमा यस्ता निडर र ज्ञानी मान्छेको धेरै खाँचो पनि छ।

जब मैले उनको नाम र थरको संधिविच्छेद गर्दा उनलाई यसरी पाएँ "देव" भनेको नै 'देउता' अनि देउता भनेको 'सत्य' र सत्य नै शिव हुन् अनि शिव नै सुंदरम् एवम् "चन्द्र" भनेको उज्यालो जसले अज्ञानको अन्धकारमाथि ज्ञानको प्रकाश फैलाउने काम गर्दछ त्यही भएर भगवान् शंकरले आफ्नो शिरमा धारण गर्नुभएको छ चन्द्रमालाई । अनि सुब्बा भनेको नायब सुब्बाभन्दा माथि र मीर सुब्बाभन्दा तलको एक निजामती दर्जा पनि हो अनि आर्कोतिर सुब्बा लिम्बू जातिको मानबोधक शब्द हो। जहाँ "मान" ले आदर; सत्कार; सम्मान; प्रतिष्ठालाई बुझाउने काम गर्छ भने सुब्बाले नायब सुब्बा र मीर सुब्बाको प्रतिष्ठालाई दर्साउने काम गर्दछ। अब नायब सुब्बा भनेको कुनै पदमा काम गरिरहेको व्यक्ति कारणवश केही दिनसम्म काम गर्न नसक्ने भएमा वा अनुपस्थित रहेमा उसको प्रतिनिधि भई काम गर्ने व्यक्ति अर्थात् काममा मद्दत पुऱ्याउने; सहायक अनि "मीर सुब्बा" भनेको सुब्बाभन्दा माथि र सरदारभन्दा मनिको एक उच्च निजामती दर्जा पनि हो यहाँ "मीर" शब्दले हामीलाई प्रमुख, नेता, लिडर (head leader, chief) को अर्थ बुझाउने काम गर्दछन्। यस्तो शब्दार्थले परिपूर्ण हुनुभएको व्यक्ति नै आदरणीय "देवचन्द्र सुब्बा" ज्यू हुनुहुन्छ।

"असम नेपाली साहित्य सभाको स्वर्णजयन्ती वर्ष" कार्यशाला मिति २३ अप्रिल २०२३ को दिन बिहान १२:२० मिनेटमा असमको विश्वनाथ जिल्लाअन्तर्गत "विश्वनाथ महाविद्यालय"मा भएको थियो। आदरणीय "देवचन्द्र सुब्बा" सरसँग यो मेरो प्रथम र प्रत्यक्ष परिचय यहीँ नै थियो। सरसँग प्रत्यक्ष परिचय भएको आज एक हप्ता मात्रै भएको छ, तर फेसबुकमा विगत दुई वर्षदेखि हामी "फेसबुके मित्र" बनेर अप्रत्यक्ष रूपले आफ्नो आफ्नो परिचय साटेर एक अर्कासँग हामी दुबै परिचित छौँ। हुन त हामी दुबै जनाको राष्ट्रियता एवम् जातीयता एउटै भए पनि, क्षेत्रीय भूगोल हामी दुवैको फरक फरक रहेको छ। फेसबुकको पाठशालामा "देवचन्द्र सुब्बा"

सर धेरै जसो "नेपाली भाषाको व्याकरण" लिएर आफ्नो उपस्थिति देखाउनुहुन्छ जो बिल्कुल निःशुल्क हुन्छ । सरको यस पाठशालाभित्रको म पनि एउटा विद्यार्थी हुँ । भौगोलिक सिमानाको क्षेत्रफल टाढा भए पनि सामाजिक सञ्जालको इन्टर नेटको डोरीले मलाई सरको पाठशालाभित्र नै राखेको छ । यो पाठशालाबाट म मात्रै होइन हजारौं विद्यार्थीहरूले शुद्ध नेपाली व्याकरण भाषाको ज्ञान लिइरहेका छन् यो सत्य हो ।

आज हाम्रो साहित्यको समाजमा "तिम्रो भाषा अशुद्ध छ भन्ने" धेरै भेटिन्छन् तर भाषा यसरी लेख्नुपर्छ वा "म सिकाउँछु तिमी आऊ मसँग" भन्ने संयोगवसले मात्रै पाइन्छ त्यो पनि निःशुल्क ज्ञान । किनभने आजभोलि यता-उता जतातते शुल्क लिएर नै काम हुने गरिन्छ यस्तोमा कतिपयको यो घर चलाउने व्यवसाय पनि हो । त्यही भएर यसलाई नराम्रो भन्न चैं मिल्दैन होला भन्दा मेरो भूल नहोला भन्छु । तर पनि आफूले आर्जित वा उपार्जन गरेको विद्यालाई समाजको र आफ्नो भाषाको मूल विकास गर्ने उद्देश्यले यसरी सामाजिक सञ्जालमा भाषाको प्रचार-प्रसार गर्नु त्यो पनि नित्य र निःशुल्क मेरो दृष्टिकोणले चाहिँ एउटा महान् एवम् पुण्य कार्य हो भन्छु । किनभने आफूले आर्जित गरेको ज्ञान केवल आफूसँग नै सीमित राख्नु नै ज्ञान होइन । त्यो ज्ञानको विस्तार गर्नुपर्ने हुँदा आधार केवल मुद्रा एवम् अर्थव्यवस्था हो भने त्यो पनि ज्ञान होइन । किनकि त्यसबेला त्यो ज्ञान व्यापारमा परिवर्तन हुन्छ । अनि व्यापारमा परिवर्तन भइसकेपछि, या त लाभ हुन्छ वा नोक्सान हुन्छ, जसको कुनै ग्यारेन्टी हुँदैन । ग्यारेन्टी नहुने कारण यो हो कि व्यवसायीको मूल सिद्धान्त नै "लाभ र हानि" हो, जसलाई अङ्ग्रेजीमा profit and loss भनिन्छ । जब सिद्धान्त नै "लाभ र हानि" को रहेको छ भने सम्भावना छ ज्ञानमा पनि हानि र लाभ हुन्छ होला होइन ? तर त्यही ज्ञान जसको एक मात्र सिद्धान्त सिक्नु र सिकाउने जब हुन्छ तब त्यहाँ "लाभ र हानि" हुँदैन, नहुने कारण ज्ञान होइन अपितु उद्देश्य र सिद्धान्त हो । जब कुनै कर्मको उद्देश्य र सिद्धान्त केवल ज्ञानको प्रकाशलाई विद्युतीय उपकरण झैं चारैपट्टि प्रभावित गरेर त्यसको प्रकाशलाई प्रकाशित गर्नु भनेर गरिन्छ तब त्यहाँ केवल लाभान्वित हुने कारण मात्रै भेटिन्छन् जस्तो मलाई लाग्दछ ।

अतः वर्तमान समयमा मलाई के लाग्छ भने यो कर्तव्य एवम् कार्य हाम्रो "देवचन्द्र सुब्बा" सरले गर्नुहुँदै छ भन्दा सायद मेरो भूल नहोला कि भन्छु म । अनि साथै म यसलाई मेरो आफ्नो बुझाइ पनि भन्दछु, त्यही भएर कसैलाई मन पर्ला अनि कसैलाई नपर्ला कुरा स्वाभाविक हो । तर सत्य त सत्य नै हो । अब कसैले सत्यलाई स्वीकार्न सकेन भने त्यो उसको भूल हो सत्यको होइन । यो थियो पहिलो कारण मलाई

"देवचन्द्र सुब्बा" सर मन पर्ने।

दोस्रो कारण उहाँको राष्ट्रको प्रति देशभक्ति। किनभने उहाँ निडर र निर्भीक भएर भन्नुहुन्छ "मेरो राष्ट्रियता भारतीय हो। मेरो जातीयता गोर्खा अनि मेरो भाषा नेपाली हो।" उहाँ यो पनि भन्नुहुन्छ कि "हामीले कविता, कथा, उपन्यास, नाटक आदि लेख्दा भारतलाई सम्झेर लेख्नुपर्छ। हाम्रो कविता, कथा, उपन्यास, नाटक आदिहरूमा हाम्रो आफ्नो भूगोल देखिनुपर्छ, यदि हामीले लेखेका कविता-कथा, उपन्यास नाटक आदिहरूमा आफ्नो राष्ट्र एवम् आफ्नो भूगोल नदेखिएर परराष्ट्रको भूगोल देखाउने गरिम वा देखिन्छ भने त्यो मानसिकतालाई हामीले परिवर्तन गर्नुपर्छ, किनभने जबसम्म हामीले हाम्रो आत्माबाट हामी भारतीय नैं हौं भन्ने कुरा नमानेपछि एवम् हामीद्वारा लिखित हाम्रा आफ्ना कविता, कथा, उपन्यास, नाटक आदिमा हामीले भारतको पृष्ठभूमि देखाउने प्रयास गर्दैनौं भने, हामीले अरूलाई दोष न दिए पनि हुन्छ"। हो

यो सत्य हो। म पनि यस कुराको समर्थन गर्दछु किनभने हाम्रो समाजको विचित्र यथार्थ के हो भने हाम्रा साहित्यकारहरूले साहित्य त राम्रो र उच्चकोटिको लेख्नुहुन्छ तर कविता लेखेर कोही कवि हुँदैन। कथा लेखेर पनि कोही कथाकार हुँदैन साहित्यकार हुन तपस्या र आफ्नो माटोप्रति प्रेम हुनु अत्यन्त महत्त्वपूर्ण हुन्छ र हाम्रो धैरै कलमकारहरूको साहित्यभित्र भारतीय राष्ट्रियता हुने रस थोरै देख्दछु यो सत्य हो। मसँग धैरै उदाहरण छन्, तर अहिले उदाहरण दिने समय होइन, समय आएमा त्यो पनि म गर्छु। तर समकालीन समयमा राष्ट्रियताले परिपूर्ण भएको त्यो रस म "देवचन्द्र सुब्बा" सरको व्यक्तित्वमा मात्रै नभएर उहाँका लेखहरूमा पनि छर्लङ्ग देख्दछु तथा सरको यही चरित्र नै मलाई सबैभन्दा धैरै मन परेको छ किनभने हामी के हौं ? वा हामी को हौं ? यो प्रश्न त्यति धैरै महत्त्वपूर्ण छैन यदि महत्त्वपूर्ण केही हुन्छ भने त्यो हो हाम्रो राष्ट्रियता के हो, किनकि हाम्रो असल परिचय, हाम्रो चिनारी नै हाम्रो राष्ट्रियता हो, त्यसपछि अरू परिचय आउँदछ भन्दा मेरो भूल कदापि नहोला।

यहाँसम्म त हजुरहरूले "देव र चन्द्र" को संधिविच्छेद परिभाषा पढ्नुभयो। जहाँ मैले देव भनेको देउता र देउता भनेको सत्य अनि चन्द्र भनेको प्रकाश भनेर उल्लेख गरैं तथा आदरणीय "देवचन्द्र सुब्बा" सर ले सत्य र प्रकाश फैलाउने काम गर्नुहुदै छ भन्ने उदाहरण पनि मैले लेखिसकेको छु। अब यहाँदेखि अघि उहाँको गुरु दायित्व एवं सुब्बा अर्थात् लिडरसिपको भूमिकाको बारेमा दुई शब्द यसरी जोड्दै छु।

"देवचन्द्र सुब्बा" सरको सबैभन्दा राम्रो पक्ष के हो भने उहाँले सत्यलाई सत्य र असत्यलाई असत्य, निडर र निर्भीक भएर भन्नुहुन्छ विशेष गरेर नेपाली भाषाको व्याकरण क्षेत्रमा, विगत केही दिनअघि सामाजिक सञ्जालमा र भारतीय नेपाली

भाषा साहित्यमा "ढ र ड" मा थोप्लो लाउने कि नल्याउने विषयमा एउटा ठूलो विवाद चलेको थियो जहाँ भारतीय भाषा परामर्शका अध्यक्षले थोप्लो नलागेको पुस्तकले "साहित्य एकेडेमी" पुरस्कार पाउँदैनन् भने पछाडि नै विवाद सुरुभएको थियो । अनि उक्त विवादमाथि एउटा आन्दोलन सुरु भयो जसलाई "सिग्नेचर कैंपिंग" नाम दिदै दार्जिलिङ, सिक्किम एवम् असमका साहित्यकारहरूले आ-आफ्नो हस्ताक्षर गरेर "भारतीय भाषा परामर्श" का अध्यक्षप्रति आफ्नो विरोध प्रदर्शन पनि गरे । देवचन्द्र सुब्बा सरले पनि यस विषयमा व्यत्तिगतरूपमा फेसबुकमा निडर र निर्भिक भएर "ढ र ड" माथि आफ्नो प्रतिक्रिया राख्नुभयो तथा "सिग्नेचर कैंपिंग" मा पनि उहाँले आफ्नो हस्ताक्षर दर्ता गरेर समाजिकरूपमा पनि यसको विरोध प्रदर्शन गर्नुभएको छ । देवचन्द्र सुब्बा सरले समय समयमा विशेष गरेर नेपाली भाषा, साहित्यमा फैलिँदै गरेको विकारहरूप्रति आफ्नो विरोध देखाउँदै सबैलाई जाग्रित गराउने काम पनि गर्नुहुन्छ तथा भाषालाई व्यंग्य एवम् आफ्नो लिडेढिपी गर्नेप्रति आफ्नो ज्ञानको ब्लैक बोर्डमा सत्य र निष्पक्ष भाषाको एक झलक देखाइदिनुहुन्छ ।

एक प्रकारले हेर्ने हो भने यो एउटा लिडरसिप नै हो, किनभने लिडर भनेको यस्तो एउटा व्यक्तित्व भएको मान्छे जसले अरूलाई लिएर कुनै पनि संग्रामलाई लिड गर्ने वा अघि बढ्ने काम गर्दछ । अब लिडरको पनि दुईवटा पक्ष हुन्छ एउटा राम्रो एउटा नराम्रो जस्तो उदाहरण राम र रावण । अब यी दुवैमा कसको लिडरसिप राम्रो थियो त्यो कुरा हामी सबैले जानेको र बुझेको कुरा हो । तर एकले लिडर भएर लिडरसिप गर्नु र समूहमा गर्नु धेरै फरक छ, अनि मलाई के लाग्छ भने हाम्रो "देवचन्द्र सुब्बा" सरले पनि एकान्तमा भाषाप्रति त्यही लिडरसिप वा सुब्बात्व (यहाँ मैले सुब्बात्व शब्द लेखेको छु यो शब्द दुई शब्दको जोग हो पहिलो "सुब्बा" र दुसरो हो "तत्त्व" यो मेरो आफ्नो उपज शब्द हो) निर्वाह गर्नुहुँदैछ । अनि अर्को कुरा मलाई के लाग्छ भने प्रत्यक्षरूपमा हातमा झण्डा लिएर हिंड्ने लिडर मात्रै लिडर हुँदैन अप्रत्यक्षरूपमा हातमा झण्डा बिना लिएर हिंड्ने एक्लो मान्छे पनि लिडर नै हो भन्छु । त्यस्तै एक सिंगो नेतृत्व गर्ने व्यक्ति हुनुहुन्छ "देवचन्द्र सुब्बा" सर । सामाजिक सञ्जालमा कतिपय हाम्रो बुद्धिजीवी मान्छे "देवचन्द्र सुब्बा" सरको विरोध गरेको पनि देख्दछु, तर मलाई लाग्दछ त्यो स्वाभाविक कुरा हो किनभने समकालीन समय तेल मालिस गर्नेहरूको हो । तर समय जसको भए पनि सत्य सर्वदा सत्य नै रहनेछ, आफ्नो एकमात्र स्वार्थको लागि जिउने मान्छेको अवधि थोरै समयका लागि हुन्छ किनभने मानव भनेको त अनन्त कालसम्म अनन्तको लागि हो । जसले मानवीय मूल्यको अर्थ सत्यको प्रकाशले बुझ्दछ त्यो नै असल मानव हो भन्ने मेरो धारणा हो । अब कसैलाई मिठो त कसैलाई तितो पनि

लाग्नसक्छ । यहाँसम्म "सुब्बा" अर्थात् "लिडरसिप" को भूमिका मैले "देवचन्द्र सुब्बा" सरलाई यसरी सजाएको छु र सरप्रति आफ्नो कृतज्ञता अर्पण गर्दै ।

असलमा भारतीय भाषा परामर्श समिति जस्तो गरिमामय पदमा "देवचन्द्र सुब्बा" सर जस्तो भाषाविद् व्यक्ति हुनु अति नै आवश्यक थियो, तर दुर्भाग्य यो हाम्रो समाजको पुरानो पेवा हो "माल पाएर चाल नपाउने" - अब के गर्नु ? तर साथै गर्वको कुरा पनि हो कि हामीसँग "देवचन्द्र सुब्बा" - सर हुनुहुन्छ जसलाई म "एक्काइसौ शताब्दीको सुब्बा" भनेर शब्द ध्वनिले लेख्दैछु किनभने अबका सुब्बाले केवल युद्ध भूमिमा आफ्नो पराक्रम देखाउदैनन् । अब सुब्बाहरूले आफ्नो सुब्बात्व भाषाविज्ञानमा पनि देखाउन थालेका छन् । जसको जिउँदो उदाहरण हाम्रा "देवचन्द्र सुब्बा" सर हुनुहुन्छ । अन्तमा म यही भन्न चाहन्छु कि कोही मान्छे ज्ञान नै मात्र ठूलो हुँदैन किनभने ज्ञानी त "रावण" पनि थियो "दैत्य गुरु शुक्राचार्य" पनि थिए तर सिद्धान्त मानवीय मूल्य एवम् धर्मविरोध थियो । त्यही भएर मेरो प्रिय पाठकहरू सधैं आफ्नो सत्यको सिद्धान्तमा अडिलो भएर बस्नुपर्दछ चाहे परिस्थिति जे जस्तो भए पनि । म "देवचन्द्र सुब्बा" सरसँग यो आशा राख्दछु आज हजुरको राष्ट्रिय भावना, जातीय भावना, सत्यको लागि निडर र निर्भीक भएर लेख्ने बानी तथा आफ्नो सिद्धान्तबाट नहल्लिने, आदर्श देखेरै आजको यो प्रस्तुत लेख धेरै साहस र विश्वास बटुलेर अनि धारा १४४ लागेको समकालीन मेरो युद्धभूमि मणिपुरबाट लेख्नसकें र म ईश्वरसँग प्रार्थना गर्दछु । हजुरको सिद्धान्त कहिल्यै पनि नभत्कियोस्, हजुरको राष्ट्रप्रतिको राष्ट्रियता एवम् भाषा र जातिप्रतिको सद्भाव सधैं सधैं यसरी नै कायम रहोस् भन्दै आजको यस लेखबाट बिदा लिन चाहन्छु । शब्दले निर्माण गरेको मेरो यो कैनवसमा कुनै शब्दका रङ तरंगहरूमा कुनै रङहरू अशुद्ध भएमा आफ्नो क्लासरूमको सिकारु विद्यार्थी सम्झेर भूल स्वीकार दिनुहुन्छ भन्ने आशा राख्दछु ।

जय हिन्द

साहित्यिक नाम : विशाल के.सी. (उपनाम सैनिक कवि), पेसा : सैनिक सेवा । हाल : भारतको मणिपुर घर : तेजपुर असम (भारत) ।

सम्पर्क : ९७७४७६८१५४ WhatsApp number

# कसरी देशले गति लिन्छ ? चिन्ता लागेको छ ।



विष्णुदत्त शर्मा

गुल्मीको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयअन्तर्गतको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थका प्रधान सम्पादक शशि पन्थीज्यू हाम्रो घर काठमाडौं नयाँ बानेश्वरमा अचानक आउनुभएकोमा सहर्ष स्वागत गर्दछु । जय नेपाल ।

**प्रश्न नं. १ : आज सौभाग्यले तपाईंको घरमा आएँ । तपाईंको स्वास्थ्य कस्तो छ ?**

**उत्तर** : मेरो स्वास्थ्य ठिक छ । हाल ८७ वर्षमा हिड्दैछु । मलाई सुगर, प्रेसर, ग्यास्टिक केही छैन, स्वस्थ छु, खुशी छु । सुखी पनि छु, सीताराम, जय नेपाल ।

**प्रश्न नं.२. : यसपटक तपाईंको घरमा आएको अवसरमा हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको अनुभव/अनुभूति स्तम्भमा तपाईंको जीवनका अनुभवहरू हाम्रा पाठकहरूलाई जानकारी गराउने चाहना छ । संभव भएसम्मको तपाईंको अनुभव हाम्रा पाठकवर्गलाई जानकारी गराउनुहोस् है त ?**

**उत्तर** : हाम्रो पुरुषार्थ मेरो मात्र होइन, तपाईंको मात्र पनि होइन, तपाई हामी सबैको हाम्रो पुरुषार्थ हो । मैले हाम्रो पुरुषार्थ गएको ४०/४५ वर्षदेखि हेरिरहेको छु, पढिरहेको छु । यो गुल्मीको सदरमुकाम, तम्घास चिदीचौरको लाकुरीमञ्च नजिकको झुपुडीमा जन्मिएको सानो बाल साहित्यिक पत्रिका हाम्रो पुरुषार्थले आफ्नो घर आफै बनाएर वयस्क भई साहित्यिक सिर्जना गर्दै आज ५० वर्ष पार गरेर शताङ्क निकाली विश्वलाई साहित्यिक पटुकीको फेरोमा बाँधी आफ्नो साहित्यिक सिर्जनाको किरण फैलाएर साहित्यिक सिर्जनामा महत्त्वपूर्ण योगदान गरेकोछ भन्नुमा अत्युक्ति नहोला ।

**प्रश्न नं ३ : तपाईंको पारिवारिक पृष्ठभूमि कस्तो रह्यो र बाल्यकाल कसरी बित्यो ?**

**उत्तर** : गुल्मी जोहाँग गाविस वार्ड ९ हाल सत्यवती गाउँपालिकाको आचार्य टोलमा १९९४ सालमा पिता तारानाथ आचार्य र माता पूर्णकलाबाट म जन्मिएको रहेछु । पिताजीहरू तीन भाइ हुनुहुँदो रहेछ । कान्छाको १९९३ मा र जेठाको १९९६ मा असमयमै अवसान भएको रहेछ । जेठाका २ श्रीमती, कान्छाकी एक गरी तीन बाल

बिधवा बुहारीहरू घरमा हुँदा बाबुआमालाई कति कष्ट, कति असहज भएको थियो होला, चिन्ताले कति सताएको थियो होला । २ वर्षको नातिलाई कहिले ठुलो होला भन्दै हजुरबुबा भवानीशंकर र हजुरआमा द्रुपदाको संरक्षणमा लालपालनमा हुर्किएको हुँ म ।

**प्रश्न नं. ४ : तपाईको शिक्षादीक्षा कहाँ कसरी भयो ?**

**उत्तर** : मलाई हजुरबुबा र हजुरआमाले कहीँ कतै जान नदिने, आफ्नै नजर वरिपरि राख्न चाहनुहुन्थ्यो । घरमै पण्डित राखेर रुद्री, चण्डी, कर्मकाण्ड, ज्योतिष पढाइसक्नु भएको थियो । त्यसैको फलस्वरूप चिना लेख्ने, हेर्नेसम्म भएको छु । २००७ सालमा जोहाँग माझगाउँ साहू मणिरत्न र दुर्गादत्त भण्डारीसँग भारू २५० दुईसय पचास ऋण लिएर छुट्टीमा आउनुभएका काका ऋषिराम आचार्यको साथमा भागेर मधेश महोत्तरी जिल्लाको मटिहानी संस्कृत महाविद्यालयमा गुरुपूर्णिमाका दिन प्रवेश गरी त्यही पढेँ । २०१४ सालमा गुल्मी घरमा आएँ ।

**प्रश्न नं. ५ : तपाईको विवाहको व्यवस्था कसरी कहाँ भयो ?**

**उत्तर** : मलाई त्यति जानकारी छैन । गर्भलाई १ वर्ष मानेर ७ वर्षमा उपनयन संस्कार र विवाह सँगै भएको हो । व्रतबन्ध गरेपछि नुहाएर खानुपर्थ्यो । ननुहाई, पूजा नगरी केही खान हुन्थ्यो । ४-५ माना पानी जाने तामे लोटा अँगेनाको भुङ्ग्रोमा राखी पानी तताइराखेको हुन्थ्यो । त्यसबाट सानो लोटामा पानी झिकी हजुरआमाले टाउकाबाट खनाइदिँदै हरहर गङ्गे, हरहर काशी भन्नू भन्दै नुहाइदिनुहुन्थ्यो र लङ्गौटी (धरो) फेर्न लगाउनुहुन्थ्यो । त्यसपछि गायत्री मन्त्र जप्न लगाउनुहुन्थ्यो । खान बस्दा जल अच्याउन, मन्त्र पढ्न, बलो हाल्न लगाउनुहुन्थ्यो । हसहरा श्यामलाल ज्ञवालीकी पुत्री पार्वतीसँग बालविवाह भएको हो । विवाहमा बन्दूक पड्काएको सम्झन्छु, अरू थाहा छैन । पार्वती रोगी थिइन् । बिरामी भैरहने, लामा, झाँक्री गरिरहनुपर्ने थियो । उनीबाट गुजारा चल्ने छाँट आएन । हजुरबुबा प्रायः औंसी, पूर्णिमा, संक्रान्तिमा कालीगण्डकी स्नान गर्न, रुद्रवेणी जान कहिल्यै नछुटाउने । घर फर्कदा बाटोमा मेरो नातिको विवाह गर्नुपर्ने भयो, नगरी भएन । सौता छ, रोगी छ, तपाईंकी कान्छी छोरी दिनुहवस् । सौताको पीर गर्नुपर्दैन भनी मागी आउनुभएछ । विद्यालयमा एक महिनाको छुट्टी लिएर आएपछि २०१३ फागुन १६ गते लिंघा श्याहाँग धर्मागत ज्ञवालीकी कान्छी पुत्री नुमासँग पुनः विवाह भयो । पहिला हजुरबुबाले मागेर, पछि दोस्रो विवाह पनि हजुरबुबाले नै मागेर विवाह गरिदिनुभयो ।

**प्रश्न नं. ६ : तपाईंका सन्तान कति भए र के के गर्दैछन् ?**

**उत्तर** : नुमाबाट २०१९ मा पुत्र हरि, २०२० मा पार्वतीबाट पुत्री शारदा । २०२१ मा

नुमाबाट पुत्र लक्ष्मण । २०२३ मा नुमाबाट पुत्री लक्ष्मी । जम्मा ४ सन्तान छन् । ठुलो छोरा हरिले त्रि.बि.बाट राजनितिशास्त्रमा उत्कृष्ट नम्बर ल्याएर मास्टर गरेका छन् । कोरोनले यूनिभर्सिटी अमेरिकाबाट पनि राजनीतिशास्त्रमा उनले मास्टर गरे । उनी प्रधानमन्त्री गिरिजाप्रसाद कोइरलाको सचिव, सल्लाहकार थिए । ठुली छोरी शारदाको SLC पछि विवाह भयो । कान्छो छोरा लक्ष्मणले इन्जिनियरिङमा हवाइ युनिभर्सिटी अमेरिकाबाट PH.D. गरे । कान्छी छोरी लक्ष्मी इन्जिनियरीङमा थाइल्याण्डबाट मास्टर गरिन् । यिनी हाल डी बि हेडक्वाटर मनिलामा कार्यरत छिन् । सबैको समयमै विवाह भयो । विवाहपछि सबै आ-आफ्ना काममा कार्यरत छन् र व्यस्त छन् ।

**प्रश्न नं.७ : पढाइ सकेर आएपछि के के गर्नुभयो ?**

**उत्तर** : पढाइ त के सकिन्थ्यो र छोडेर आएँ । हजुरबुबाले पहिला घरमै किताब फुकाएर भागवत पढ्ने भनेपछि श्रीमद्भागवत पुराण घरमै ७ दिन पढेँ । चिदीपानीमा र हसहरामा पनि ७/७ दिन भागवत वाचन र कथा प्रवचन गरे । गाउँमा राजनीति प्रवेश गरेको थियो । २०१४ ज्येष्ठ २५ मा गोकर्णराज शास्त्री र भरतमणि आएर जोहाँग मैदानमा चार तारे झण्डा गाडे । आमसभा भयो । दुई शब्द मैले पनि बोलेँ । मलाईसमेत लगेर भार्सेमा झण्डा गाडियो । त्यहाँ पनि बोलेँ । चन्द्रकोट साऊवोडमा दयानधि शर्माको नेतृत्वमा ठुलो आमसभा भयो । त्यो आसभामा म पुगेको थिएँ । म पनि दुई शब्द बोलेको थिएँ । अन्त्यमा दयानिधि शर्माले बोल्ने क्रममा आजदेखि यो साऊवोडको नाम शान्तिपुर भयो भन्दा गडगडाहट ताली बज्यो र शान्तिपुर नामकरण भयो । म त परेँ पण्डित काम गर्ने मान्छे । पूजाआजाको काम नपाए घरमा घाँस काट्ने, गाईवस्तु चराउन जाने । कतै बोलाए भने जाने, पढ्ने गर्दथेँ । फुर्सद हुन्थ्यो । वर्षा लाग्यो मानिस आ-आफ्नो काममा व्यस्त हुन्थे । खेतमा धान रोप्ने चटारो हुन्थ्यो । म गाई हेर्ने गर्थें । लौरो लगाउन बन्देज थियो । पिताले गाईगोरुमा लौरो लगाउन, हान्न दिनुभएन । पत्याउनुहुन्छ ! हाम्रा गाईगोरु पिताजीले जे भन्यो त्यही मान्थे । १५/१५ दिनमा नुन लिएर भकारोमा जाँदा आँ गर्थे । मुखभित्र मुठीले नुनपिठो राखिदिने गर्नहुन्थ्यो ।

**प्रश्न नं. ८. : तपाइंको रुचि राजनीतिमा पनि थियो कि ?**

**उत्तर** : विद्यार्थीकालदेखि नै केहीँ मात्रामा राजनीति लागेको थियो । त्यसबेला राणा शासन भरखर हटेको थियो । डा.के.आई. सिंह प्रधानमन्त्री भएको बेला हो । महोत्तरीको जलेश्वरको मैदानमा भएको आमसभामा बी.पी. कोइरालाले भाषण गर्ने क्रममा डाकु इन्द्रजित सिंह भनेर भाषण गर्नुभयो । प्रधानमन्त्रीलाई डाकु भनेको

आरोपमा बी.पी. लाई प्रशासनले पक्रेर लग्यो। हाम्रो विद्यालयको जुलुसले प्रशासनमा घेरा लगायो। बी.पी. ले डा भनेको डाक्टर कु भनेको कुँवर इन्द्रजित हो भनेर भाषण गर्नुभयो। १ घण्टापछि छोड्यो। बी.पी.लाई पहिला मैले यहीं देखें। जुलुसमा हाम्रो विद्यालयको छात्र संघसमेतले भाग लिएका थियो।

**प्रश्न नं. ९. १५/१६ सालको राजनीतिसम्बन्धमा केही बताइदिनुहुन्छ कि ?**

**उत्तर** : विद्यालय छोडेर आएको १ वर्ष बितिसकेको थियो। गुल्मी तम्घासमा जि. मोतीबहादुर थापाको बसारीमाथि ने.का.जि. कार्यालयको समिति थियो। मोहनसिं थापा जि.का. सचिवसँग परिचय गरें। अचानक काशीनाथ गौतम, भरतमणि, दिव्यदेव आउनुभयो। उहाँहरूसँग पनि परिचय भयो। एक वर्ष पहिल्यै ने.का.को साधारण सदस्य लिएको थिएँ, देखाएँ। अहो ठिक छ साथी भन्नुभयो। दुई दिन जिल्लामा बसी घर फर्कें। गुल्मी जिल्ला विशाल थियो, हालको अर्घाखाँचीसमेत गुल्मी थियो। १५ सालको चुनावमा गुल्मी ४ क्षेत्रमा विभाजित भएको थियो। ८९, ९०, ९१, ९२ नम्बरका चुनावी क्षेत्र थिए। ८९ मा गिरिप्रसाद बुढाथोकी, ९० मा नीलाम्बर पन्थी, ९१ मा सुवर्णसम्शेर राणा ९२ मा काशिनाथ गौतमले टिकट पाउनुभएको थियो। म ८९ मै सक्रिय भएर पार्टी उमेदवार गिरिप्रसाद बुढाथोकीलाई सहयोग गरें, उहाँले जित्नुभयो। २०१५ साल फागुन ७ गते सुरू भएको चुनावमा नेपली कांग्रेसले पूर्ण बहुमत पायो। राजाबाट आलटाल भएर २०१६ जेठ महिनामा मात्र राजा महेन्द्रले बी.पी. कोइरालालाई प्रधानमन्त्रीमा नियुक्त गरे। बी.पी.कै नेतृत्वमा नेपाली कांग्रेसको सरकार गठन भयो। राजदरबार र रक्षामन्त्रीको जिम्मेदारी बी.पी.सँगै रह्यो। मन्त्रीमण्डलमा उपप्रधानमन्त्री सुवर्णसम्शेर राणा अर्थ। मन्त्री गणेशमान सिंह यातायात। मन्त्री तुलसी गिरी परराष्ट्र। मन्त्री शेख इद्रिस र यस्तै अन्य द्वारिकादेवी ठकुरानी पनि मन्त्री हुनुभयो। काशीनाथ गौतम स्वायत्त शासन मन्त्री नियुक्त हुनुभएको थियो।

संत नेता कृष्णप्रसाद भट्टराई गोर्खाबाट चुनाव लड्नुभएको थियो। त्यहाँ उहाँले हार्नुभएको थियो। तापनि सभामुखमा नियुक्त हुनुभएको थियो। नेपल अधिराज्यभर स्वायत्त शासनअनुरूप प्रजातान्त्रिक ग्राम पंचायत गठन गर्ने काम भयो। प्रत्येक क्षेत्रबाट १/१ सुपरभाइजर नियुक्त गरी एक महीना काठमाण्डूमा तालिम गराई आ-आफ्नो जिल्लामा पठाउने मन्त्री परिषद्को निर्णय थियो।

गुल्मीका प्रत्येक क्षेत्रबाट सुपरभाइजर नियुक्त भए। जस्तै ८९ बाट म, ९० बाट पुण्य पन्थी, ९१ बाट पीताम्बर बेलवासे, ९२ बाट पीताम्बर गौतम नियुक्त भएका

थियौं। काठमाण्डू गएर त्यसबेलाको लालदरबारमा एक महिना तालिम लिएर जिल्लामा आयौं। बडाहाकिम नन्दबहादुर शाहको परामर्शमा अफिस खडा गरियो। अफिसमा काम गर्ने १ मुखिया, गौंडाबाट १ बहिदार पद्मपाणि पन्थीलाई नियक्ति गरियो। १ पियन पनि राखियो। आफ्नो क्षेत्रमा सबै खटियौं। अकस्मात् हठात् २०१७ पौष १ गते राजाबाट जननिर्वाचित संसद् अपहरण भयो। बडाहाकिम बदली भएर चन्द्रमान थकालीको उदय भयो। प्रजातन्त्रवादीको खेदो खन्न थालियो। वाङ्लाका होनाहार व्यक्तित्व यज्ञ आचार्य, ज्ञानहरिका पिता पोमनारायण आचार्यलाई अराष्ट्रिय तत्त्व घोषित गरी पाल्पा कारागार चलाइयो। अधिकार सम्पन्न शंकरप्रसादको दौडाहको आतंक मच्चाइयो। गर्दा गर्दा शम्शेरबहादुर खत्रीको टाउको काटी तम्घासको चिदीचौरको लाकुरीमञ्चमा घुमाइयो, सजाइयो यस्तै------ देखियो, भोगियो।

**प्रश्न नं**. १०. २०३६---२०४६ **सालदेखि यताको समयमा पनि केही काम गर्नुभयो कि ?**

**उत्तर** : २०२२ सालमा म विदेशिएँ। शान्तिपुर क्वाइदीका सुवेदार गम्भीरसिंह पुनका घरमा सप्ताह भन्न गएको थिएँ। त्यहाँ रेमीका यमबहादुर कप्तान छुट्टीको बेलामा त्यहीँ सुन्न आएका थिए। मेरो कथा सुनेर तपाईंजस्ता पण्डित हाम्रा पल्टनलाई पनि चाहिन्छन्। तपाईं पक्लिहवा, भैरहवा आउनुहोला भनेका थिए। म सप्ताह सकेपछि त्यहाँ गएँ। त्यहाँ दुईवटा पण्डितलाई सोधपुछ गरी मलाई रोजेर ब्रिटिश सेनाको धार्मिक गुरुमा नियुक्ति पाएँ। पण्डित भएपछि पक्लिहवा, सिङ्गापुर, मलेसिया, हङकङ, बेलायतमा २६ वर्ष ९ महिना सेवा गरेँ। २०३६ सालमा एक महिना घर आएर अचानक आन्दोलनमा सरिक भएँ। भाषण गरेकोमा सरकारले स्पष्टीकरण लियो, फेरि विदेशिएँ। २०४६ सालामा विदेश नजानेगरी फर्किएँ। २०४६ देखि २०६६ सालसम्म सरस्वती मा.वि. को अध्यक्ष भएँ, कलेज (+२) बनाएँ। S.L.C बोर्ड सत्यवती मा.वि. हसरामा ल्याउन सफल भइयो। इस्माका लागि पनि एसएलसीको केन्द्र कायम गराइयो। तम्घासमा भएका २ सेन्टरमध्ये १ लाई गुल्मी चारपालामा सारेर एसएलसी दिने छात्रछात्रालाई सुविधा गराएँ, सेन्टर स्थापना गराएँ। पञ्चायती सरकारले गुल्मी जिल्लाका साझा संस्थालाई दिएको ऋण असुल गरी सरकारका खातामा जम्मा गराउने संयोजक (अध्यक्ष) मा मलाई खटाइयो। जि.प्र. सहायक सिडिओ सदस्य, मालपोतको हाकिम सदस्य, बैंक मेनेजर सदस्य, जिल्ला साझाको हाकिम सदस्य सचिव रहने गरी ५ जनाको बोर्ड गठन गरी साझा संस्थाद्वारा पञ्चायती सरकारले दिएको ऋण उठाई सरकारको कोषमा दाखिला गराउनु पर्ने काम थियो। गुल्मी तम्घासमा आई तदनुरूप बोर्ड गठन गरी पहिलो बैठक बसी १५ दिनको म्याद

दिएर पत्र लेख्ने निर्णय भयो । ३ महिना जिल्लामा बसेर उठाउन सकेजति उठाएर कोषमा दाखिला गराएँ । गुल्मी जिल्लामा सहकारी संघ अफिस स्थापना गराएँ । उपल्लो तम्घास विष्णु पन्थीको आग्रहमा रेसुङ्गा सहकारीमा कार्यरत अर्घाखाँची निवासी फर्सु आचार्यलाई ल्याएर प्रबन्ध निर्देशक राखें । मेरो अगाडि जय नेपाल भन्ने, पछाडि मुट्ठी कस्ने मानिस रहेछन् । म सोझो आर्मी रिटायर मान्छे । मेरो निर्देशनमा काम गराएँ । छक्का पन्जा केही नगरी ग्राउण्ड लेयर आँपचौरमा थन्किएको कफीलाई जापान, अमेरिका, बेलायत, जर्मन, फ्रान्स आदि देशमा गुल्मीको अर्गानिक कफी भनेर विश्वभर चिनाएँ, परिचित गराएँ । जोहाँगमा कफी मिल स्थापना गरी अर्गानिक कफी प्याकेजिङ्ग कार्य गराउन थालियो । हाल पचासौं टन अर्गानिक कफी बाहिरी देश गएको छ ।

**प्रश्न नं. १२. तपाईंको विचारमा नेपालका असल नेता को को हुन् ?**

**उत्तर** : नेपालले असल होनहार नेता विश्वेश्वरप्रसाद कोइराला पाएको थियो । देश विकासको राम्रो जग बस्न लागेको थियो । राजा महेन्द्रले जगैसमेत भत्काइदिए । काम गर्न दिएनन्, जेल हाले । संगठनकर्ता असल नेता गिरिजाप्रसाद कोइराला मात्र देखेँ ।

**प्रश्न नं १३ . अहिलेको राजनीतिलाई कसरी हेर्नुभएको छ ?**

**उत्तर** : अहिलेको राजनीति नै होइन, यो स्वार्थको अखडा हो । यो गुट उपगुटको खेती गर्ने, भ्रष्टाचार गर्ने, अकुत सम्पति जोड्ने, अर्गानिक अखडा हो । पद ओगट्ने सधैं देशको कार्यकारी आफैं हुने र पदमै आर्यघाट जाने खालका व्यक्तिहरू मात्र देखिरहेको छु ।

**प्रश्न नं. १४. नेपालको भविष्य कस्तो देख्नुभएको छ ?**

**उत्तर** : दिन परदिन पतनको बाटोमा लागेको देखिरहेको छु । इन्टरनेशनलले नेपालको वर्षेनी देखाएको तथ्याङ्कबाट अनवरत पतनतिर गएको देख्दा चिन्ता थपेको छ । भ्रष्टाचार दिनप्रतिदिन उकालो लागिरहेछ । डाक्टर, इन्जिनियर सयौंको संख्यामा विदेशिएका छन् । पलायन रोकिएको छैन । देशमा रोजगार छैन, बुढो गोरुले जोत्न पनि सक्दैन, मेसो पनि छोड्दैन । कसरी देशले गति लिन्छ ? चिन्ता लागेको छ ।

**प्रश्न नं. १५. नयाँ पुस्तालाई केही सन्देश छ कि ?**

**उत्तर** : नयाँ पुस्ता जबसम्म जागरूक हुँदैन, देशले गति लिन सक्दैन । नेता भ्रष्ट भए । युवाजति पलायन । जाग है जाग नेपाली । देश पतनको बाटोमा गइसक्यो । अब युवाहरूले देश हाँक्नुपर्दछ, देशले युवा मागेको छ ।

## नेपालमै पहिलो सामुदायिक रेडियो संचालन गर्ने

# डोल्मा स्मृति सामुदायिक पुस्तकालय, सुर्खेत

**टेकेन्द्र बस्याल, सुर्खेत**

कर्णाली प्रदेशको राजधानी सुर्खेत जिल्लाको भेरीगंगा नगरपालिका वडा नम्बर ८ मैनतडामा वि.सं. २०७८ सालमा दर्ता भएको यस डोल्मा स्मृति सामुदायिक पुस्तकालय भेरीगंगा ९ जहरेबजारबाट पुस्तकालय संचालन गरिएको छ। सुर्खेत क्षेत्र नम्बर १ को एकमात्र र पहिलो सामुदायिक पुस्तकालयका रूपमा रहेको डोल्मा स्मृति सामुदायिक पुस्तकालय आधुनिक, सुविधासम्पन्न, रचनात्मक, सृजनात्मक कार्यहरूसँगै यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, संचार र कानुनी कार्य गर्न स्थापित सस्था हो। यो प्रदेशको कान्छो पुस्तकालयमा छ। स्थापनाकालदेखि यस पुस्तकालयले बजार सरसफाइ, रक्तदान, जटिल रोगबाट ग्रस्त व्यक्तिहरूका लागि सहयोगार्थ रकम संकलन अभियानमा समेत सहयोग गर्दै आएको छ। स्थानीय तहका वडा, पालिका, सरकारी कार्यालय र सामाजिक संघसस्थासँग मिलेर शिक्षा, स्वास्थ्य, चेतनाका कार्यहरू निरन्तर गर्दै आएको छ। पुस्तकालय दिवसमा विभिन्न कार्यक्रम गर्ने गरेको छ। पुस्तकालयको आयोजनामा स्थानीय क्षेत्रमा साहित्यिक कार्यक्रमदेखि विद्यालयमा विद्यार्थी केन्द्रित कार्यक्रम गर्दै आएको छ।



स्थापना भएको विगत चार वर्षदेखि संचारका विभिन्न क्षेत्रमा पुस्तकालयले काम गर्दै आएको छ। स्थापनाकालको ठेगाना भेरीगंगा ८ सुर्खेत रहे पनि हाल यसको कार्यालय भेरीगंगा ९ जहरेबजारमा कायम गरिएको छ। यो पुस्तकालय नेपालकै पहिलो १०० वाटको सामुदायिक रेडियो भोटेचुली १००.८ मेगाहर्ज

संचालन गर्ने पुस्तकालय हो । यस रेडियोमार्फत यस क्षेत्रमा शिक्षा, स्वास्थ्य, कानुनी र चेतनास्तरका कार्यक्रम संचालन हुँदै आएका छन् । हरेक महिना रेडियो श्रोतालाई रेडियो वितरणसमेत गर्दै आएको छ । पुस्तकालयमा संचारक्षेत्रमा क्रियाशील



युवा संचारकर्मीहरूद्वारा स्थापित भई लामो समयदेखि संचारसम्बन्धी काम गर्दै आएको छ । यसले स्थानीय टेलिभिजन, पत्रपत्रिका, रेडियो, अनलाइनबाट समेत सहकार्य गरेर संचारका विज्ञापन, सूचना, रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, संचार तालिम, अन्तरक्रिया, कार्यक्रम गर्दै आएको छ । गाउँपालिका र नगरपालिकाका सूचनामूलक, जानकारीमूलक जस्तै स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, सरसफाइ, वनजंगल, प्राकृतिक स्रोतसाधनको संरक्षण, नागरिक बडापत्र, नागरिक अधिकार, कानुनी प्रक्रिया, लक्षित समुदायमा जनचेतनामूलक सूचना र सन्देश प्रसारण र उत्पादनसमेत गर्दै आएको छ । संचारसंग सम्बन्धत तालिम, पत्रकारिता, रेडियो कार्यक्रम, समाचार, प्राविधिक



तालिमहरूसमेत संचालन हुँदै आएका छन् । निकट भविष्यमा रेडियोसँगै पुस्तकालयले अनलाइन पत्रिका, भित्तेपत्रिका, साप्ताहिक पत्रिका जस्ता कार्य गर्ने गरी कामहरू भइरहेका छन् ।

यो पुस्तकायको ७ सदस्यीय कार्यसमिति रहेको छ । जसमा ४ पुरुष र ३ जना



महिला कार्यसमितिका सदस्य छन् भने ५ सदस्यीय सल्लाहकार समिति रहेका छन् । पुस्तकालय अहिले भाडाको घरमा संचालित छ । पुस्तकालय संचालित घर र भवन खरिद गर्ने गरी काम भइरहेको छ । निकट भविष्यमा पुस्तकालय संचालित घर नै रेडियो र पुस्तकालय घर बनाउने योजना र तयारी रहेको छ । पुस्तकालयको एक लाइब्रेरी कोठा, एक अफिस, एक आगन्तुक कक्ष रहेका छन् । यस पुस्तकालयमा साहित्य, शिक्षा, स्वास्थ्य, कानुनी, विभिन्न भाषा र विषयगतका गरी करिव ५० हजार पुस्तकहरू रहेका छन् । पुस्तकालयमा पुस्तक बढाउने काम जारी छ । पुस्तकालयले वाईफाई, इन्टरनेट, कम्प्युटर शिक्षा निःशुल्क उपलब्ध गराउँदै आएको छ । बिहान ८ बजेदेखि बेलुका ६ बजेसम्म संचालन हुने पुस्तकालयमा अध्ययनका लागि निःशुल्क बनाइएको छ । पुस्तकालयको संचालक समितिबाहेक अन्य सदस्यता र शुल्क लिएको छैन । पुस्तकालय ईलाइब्रेरी संचालनको तयारीमा छ । यस्तै पुस्तकालय ब्याडमेन्टिन, टेबुल टेनिस, बास्केटबल खेलका लागि संरचना बनाउने तयारीमा रहेको छ । अबको एक वर्षमा एकलाख पुस्तक संख्या पुऱ्याउने र इ-लाइब्रेरी, प्रारम्भिक बालशिक्षा कार्यक्रम संचालन गर्ने योजना रहेको छ । आगामी दुई वर्षमा पुस्तकालय र रेडियोको आफ्नै घर बनाउने र प्रयोगमा ल्याउने गरी काम सुरु भएको छ । कर्णाली प्रदेशका अन्य संस्थागत र सामुदायिक पुस्तकालयहरूसँग समेत सहकार्य र हातेमालो गर्दै पुस्तकालय अगाडि बढेको छ । कर्णाली प्रदेशकै नमुना, पुस्तकालय बनाउने गरी विकासका लागि काम भैरहेका छन् ।

## हार्दिक अनुरोध !

- उच्च रक्तचाप नियन्त्रण गर्न सुर्ती तथा मदिराजन्य पदार्थको सेवन नगरौं, नगराऔं ।
- फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।
- सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ-आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।
- नगरपालिकामा तोकिएका कर शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।
- खुल्ला स्थानमा दिसापिसाब नगरौं, सभ्य नागरिकको परिचय दिऔं ।

**बुटवल उप–महानगरपालिका**

**बुटवल, रूपन्देही**

## हाम्रो पुरुषार्थको भारतीय नेपाली साहित्य र साहित्यकार विषेशाङ्क

- किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाले समय समयमा विभिन्न प्रकारका विशेषाङ्कहरू प्रकाशनमा ल्याउने काम गरिरहेको छ। अहिलेसम्म २० भन्दा बढी विशेषाङ्कहरू यसका निस्किसकेका छन्।
- यसपटक हामीले *'भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क'* निकाल्ने परिकल्पना गऱ्यौं। यो काम सहज थिएन। यस परिकल्पनालाई कसरी पूरा गर्ने भन्ने सोचमा हामीहरू थियौँ। यसका लागि छलफल गर्ने क्रममा हामीले प्राध्यापक डा. गोविन्दराज भट्टराईज्यूसँग सम्पर्क गऱ्यौं। हाम्रो परिकल्पना र योजना सुन्दाबित्तिकै उहाँले हामीलाई निस्फिक्रीका साथ यो योजना पूरा गर्नका लागि आफूले लेख-रचना जुटाउन पूर्ण सहयोग गर्ने वचनबद्धता व्यक्त गर्नुभयो। कुरा गरेको १-२ हप्ताभित्रै उहाँले भटाभट लेखहरू मगाइदिन पनि थाल्नुभयो।
- हामीले ३०० पृष्ठको विशेषाङ्क बनाउने सोच गरेका थियौँ। गर्दा-गर्दै यसले ४०० पृष्ठ पनि नाघ्ने भयो र थप लेखहरू नपठाउन अनुरोध पनि गऱ्यौं।
- 'भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्क'को प्रमुख सूत्रधार प्रा.डा. गोविन्दराज भटराई नै हुनुहुन्छ। उहाँले रचना सङ्कलन गर्ने जम्मै जिम्मा मैले लिन्छु भनेर जुन आँट र उत्साह हामीलाई दिनुभयो त्यसले गर्दा 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क १०५, एकासी सालभित्रैमा प्रकाशनमा ल्याउन हामीलाई सफलता प्राप्त भएको हो। लेख, अन्तर्वार्ता, समालोचना, फोटाहरू जुटाउन डा. भट्टराईको योगदान अविष्मरणीय रहेको छ। गोर्खे खबर कागत्‌जस्ता पुराना पत्रिकाहरू पनि हामीले उहाँबाटै पाएका हौँ, जसलाई आवरण पृष्ठमा राखिएको छ।
- भारतीय नेपालीहरूले आफ्नो भाषा, साहित्य र संस्कृति जोगाउन तथा यसको विकासका लागि जे जति संघर्ष र प्रत्यन्नहरू गरिरहेका छन् त्यसको कदर र सम्मानका लागि 'हाम्रो पुरुषार्थ'ले यो विशेषाङ्क निकाल्ने निर्णय गरेको थियो। यसका लागि लेख-रचना पठाउने सम्बद्ध सबैलाई आभारसहित कृतज्ञता प्रकट गर्दछौँ।

**-सचिव**

# नौलो सृष्टि : सानो दृष्टि

## १. अमेरिकी यात्राका ती दिन




'मनको सुस्केरा' कवितासंग्रह (२०६९) प्रकाशित गरिसक्नु भएका खिमानन्द पोखरेलको दोस्रो कृति 'अमेरिकी यात्राका ती दिन' शीर्षकको यात्रासंस्मरण (२०८१) प्रकाशित भएको छ। स्रष्टा पोखरेलले 'हिमाली गुराँस' पत्रिकाको अनवरत प्रकाशन गरेर यसका एकसय नौ अङ्क पुऱ्याइसक्नु भएको छ । प्रस्तुत यात्रासंस्मरणमा वि.सं. २०७३ देखि २०७६ सम्म उहाँले अमेरिका भ्रमण गरेका विविध अनुभूतिहरू प्रकाशित छन् ।

वि.सं. २०७३ जेठ १४ गतेदेखि २०७५ चैत्र २ गतेसम्म स्रष्टा खिमानन्दले तीनपटक अमेरिका भ्रमण गर्नुभएको छ। पारिवारिक भ्रमणका क्रममा अमेरिकाका पचास प्रान्तमध्ये केही प्रान्तहरू र त्यहाँका मनोरम प्राकृतिक तथा मानव निर्मित परिदृश्यहरू प्रस्तुत संस्मरणमा सङ्कलन गरिएको छ। यसभित्र रहेका ५२ वटा संस्मरणहरूमध्ये ३९ वटामा विभिन्न स्थानमा गरिएको भ्रमण र त्यहाँका मानव निर्मित तथा प्राकृतिक सौन्दर्यको वर्णन  छ। बाँकी १२ वटा लेखहरू जन्मदिन, दशैं टीका, भेटघाट आदि प्रसङ्गमा आधारित छन् ।

अमेरिका विश्वको शक्तिशाली मुलुक हो। यस मुलुकले हरेक क्षेत्रमा गरेका प्रगति र विधिको शासनका प्रसङ्गहरू सर्वविदितै छन् । यी विविध प्रसङ्ग त्यहाँको रहनसहन तथा विकास र प्रगतिका प्रसङ्गगहरू प्रस्तुत संस्मरणमा कैद गरिएकोछ। छोटा-छोटा मन लोभ्याउने खालका लेखहरूले प्रस्तुत कृतिको ओज बढाएका छन् ।

२. ढुकढुकी




पाल्पाली साहित्य आकाशबाट राष्ट्रियस्तरमा आफ्नो तेजिलो छवि छर्न सफल गुल्मेली कवि, समीक्षक र सफल अध्यापक डा. टंक पन्थको चौथो कवितासङ्ग्रह 'ढुकढुकी' अकिञ्चनका हातमा परेको छ । बाबा, आमा र स्वाभिमान गरी तीन भिन्न शीर्षकका तीन खण्डमा प्रस्तुत कृतिभित्र २०६ श्लोक रहेका छन् ।

पहिलो ढुकढुकी बाबाप्रति समर्पित छ । बाबाको स्तुति गर्दै काव्य सफलताको खुशी शार्दूलविक्रीडित छन्दमा कवि यसरी प्रकट गर्दछन् :

'बा लेख्दै म छु प्राप्त होस् सुजन यो कर्तव्य ठानीकन
बा बोल्दै म छु भित्रबाट विनयी आदर्श मानीकन
बा' को कर्म र धर्म खोज्न म बसें पाऊँ सदा आशिष
बाबाको गुणगान गर्न सजिलै को नै यहाँ सक्छ र ?
(बाबा : १)

बाबाको गुणगान गाउँदै कविले शार्दूलविक्रीडित, उपजाति, मन्दाक्रान्ता र शिखरिणी यी चारवटा छन्दमा १०२ श्लोक रचना गरेका छन् । ढुकढुकीको दोस्रो खण्ड आमाप्रति समर्पित छ । आमालाई साक्षात् देवीको रूपमा सम्मान गर्दै कवि लेख्दछन् :

देऊ शब्द र भाव भित्र मनमा आमा सुसेल्दै छु म
आमासाथ उठे कला र गरिमा संस्कार लेख्दै छु म
आमाभित्र पसेर घोत्लिन गएँ साक्षात देवी उनै
खोज्दामा रनभुल्ल आज म भएँ गाथा बनेकी उनै
(आमा : १)

त्याग र वात्सल्यकी खानी आमालाई गुमाएको पीडा कवि पन्थ यसरी पोख्छन् :

बाँचेर देख्नै सकिएन आमा
सम्झेर लेख्नै सकिएन आमा
पवित्र आत्मा छ भने कहीं त्यो
आएर बोले पनि शान्ति मिल्थ्यो ।
(आमा : ५७)

आमाले गरेका गृहस्थजीवनका सामान्य प्रसङ्गदेखि त्याग, वात्सल्य र समर्पणमा कतै रमाउँदै, कतै भावविभोर बन्दै कविले शार्दूलविक्रीडित, उपजाति, मालिनी र स्वागता छन्दका समेत १०२ श्लोक रचना गरेका छन् ।

काव्यको तेस्रो ढुकढुकी "स्वाभिमान" हो । यसभित्र पनि पञ्चचामर, शार्दूलविक्रीडित र इन्द्रवंशाका १०२ श्लोक रहेका छन् । स्वदेशको गौरवगाथा धरतीभित्रका अनमोल रत्न तथा वीर जातिका गौरवको इतिहासको गाथा यस खण्डमा गाइएको छ ।

३०६ श्लोकको यस लघुकाव्यभित्र कविका भावनाहरू सारगर्भित रूपमा प्रकट भएका छन् । कविले बाबाआमापछिको तेस्रो स्थान स्वाभिमानलाई दिएका छन् । सामाजिक सञ्जालमा मुक्तक/छेस्काहरूबाट निरन्तर प्रस्तुत हुने कविको कलम यस काव्यमा जनक, जननी र जन्मभूमिको गौरवगाथामा समर्पित छ ।

### ३. रेडक्रस

### अभियान एक : सेवा अनेक




वि.सं. २०४२ मा उदयपुर, नेपाल रेडक्रस सोसाइटीको पहिलो निर्वाचित सभापति भएका संजीव थापा नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यसमितिका अध्यक्ष भएका व्यक्ति हुन् । उनी शिक्षासेवा, समाजसेवा र राजनीतिमा पनि क्रियाशील व्यक्ति हुन् । आफूले २५ वर्ष सम्म रेडक्रसमा बिताएको समय र त्यसले दिएको अनुभवलाई आधार बनाएर 'रेडक्रस : अभियान एक, सेवा अनेक ' नामक कृति प्रकाशित गरेका छन् ।

एघार अध्यायमा तयार पारिएको प्रस्तुत कृतिमा रेडक्रसकर्मी संजीव थापाले रेडक्रसको सामीप्यतामा रहेर गरेका विभिन्न क्रियाकलापहरू उल्लेख गरेका छन् । पहिलो अध्यायमा अन्तर्राष्ट्रिय रेडक्रस एवं नेपाल रेडक्रसको अभ्युदय शीर्षक दिएर तीन अलग-अलग उपशीर्षकमा वर्णन गरिएको छ । अध्याय दुईमा रेडक्रसमा मेरो प्रवेश र विभिन्न हैसियतमा रहँदा भएका प्रयास शीर्षकमा विभिन्न पाँच उपशीर्षक दिएर वैयक्तिक अनुभूति र पदीय दायित्वका प्रसङ्गहरू, उल्लेख गरिएको छ । अध्याय तीनमा अध्यक्षताको तीन कार्यकालमा आफूले गरेका प्रयासहरू विभिन्न

तीन उपशीर्षकमा प्रस्तुत गरीएको छ । अध्याय चारमा रेडक्रसद्वारा सञ्चालित कार्यक्रम र तिनका उपलब्धिसमेत उल्लेख छन् । अध्याय पाँचमा ' नेपाल रेडक्रसका स्वर्णजयन्तीहरू ' शीर्षक दिएर तीन भिन्न उपशीर्षकमा रेडक्रस, युवा रेडक्रस र जुनियर रेडक्रसका स्वर्णजयन्तीका साथै रक्तसञ्चारसेवाको पनि स्वर्णजयन्तीका सन्दर्भमा उल्लेख गरिएको छ । अध्याय छ मा विकास योजनाको कार्यान्वयन तथा उपलब्धि शीर्षक र विकासयोजनाहरूको निरन्तरतामा एवं समसामयिक बनाउने प्रयास उपशीर्षकमा लेखकले रेडक्रसमा रहेर सञ्चालन गरेका विकासयोजनाहरू र तिनीहरूलाई समसामयिक बनाउन आफूले गरेका प्रयासहरूको फेहरिस्त उल्लेख छ ।

अध्याय सातमा लेखक थापाले आफू रेडक्रसमा रहेर गरेका कामहरूको उच्च मूल्याङ्कन गर्दै विदेश भ्रमण गर्ने अवसर प्राप्त भएको र यसभित्र आफूले पाएका सम्मानको उल्लेख गरिएको छ । नेतृत्व लिएपछि सपना देखेर सपना साकार पार्न प्रयासरत रहनुपर्ने भाव पनि व्यक्त गरिएको छ ।

अध्याय आठमा नेपाल रेडक्रस सोसाइटी र नेपाल सरकार बीचको सम्बन्धका साथै महाधिवेशन गर्न गरिएका प्रयासहरू उल्लेख गरिएको छ । अध्याय नौमा संस्थाले चाल्नुपर्ने कदमहरू उल्लेख गरेर भविष्यमा रेडक्रस सोसाइटी कसरी अगाडि बढ्यो भने सबल बन्न सक्छ ? भन्ने प्रश्नको जवाफ प्रस्तुत गरिएको छ ।

अध्याय दशमा सेवादान, पुरस्कृत हुने अवसर र रेडक्रस सोसाइटीका लागि आफ्नै क्रियाशीलतामा जग्गा खरिद गरी भक्तपुरमा गोदामघर निर्माण गरेको विवरण प्रस्तुत छ । अध्याय एघारमा 'समाजसेवामा बदलिदो प्रवृत्ति, रेडक्रस कानून र सम्झनुपर्ने नामहरू 'शीर्षक दिएर अहिले मानिसहरू पहिलेजस्तो समाज सेवामा केन्द्रित नभई सेवाभन्दा प्रतिफल बढी लिने उद्देश्य रहेको प्रसङ्ग छ ।

रेडक्रसमा मैले सम्झनै पर्ने नामहरू उपशीर्षकमा प्रिन्सेप शाह, हेलेन शाह, रमेश शर्मा, देवरत्न धाख्वालगायत शशि पन्थीसहित १६ जना व्यक्तित्वले रेडक्रसमा रहँदा गरेका निःस्वार्थपूर्ण कामहरूको वर्णन गरिएको छ । यस भिन्न-भिन्न शीर्षकका एघार अध्यायका साथै विभिन्न १४ वटा अनुसूचीमा विभिन्न समिति, उपसमिति र विभिन्न अवसरका छायाँ चित्रहरू छन् ।

यसरी नेपाल रेडक्रस सोसाइटीका जिल्ला सभापति हुँदै केन्द्रीय कार्यसमितिको तीन कार्यकाल अध्यक्ष भएका संजीव थापाका जीवनका अनुभवका सङ्गालोका रूपमा प्रस्तुत कृतिलाई चिनाउन सकिन्छ ।

४. जीवन...

**एक प्रवाह, एक श्रृङ्खला**




आधा दर्जनभन्दा बढी कृतिका स्रष्टा देवरत्न धाख्वाले 'जीवन.....एक प्रवाह, एक श्रृङ्खला' नामक आत्मकथा (२०८१ असोज) प्रकाशित गरेका छन् । त्यो जन्मचोक , शिक्षाको जग, नयाँ पुराना खेलहरू आदिसहित 'स्वास्थ्य समस्या' सम्मका ५१ वटा शीर्षकहरूमा लेखकले आफ्ना अनुभवहरू उल्लेख गरेका छन् । अर्को शीर्षकमा 'शुभचिन्तकको नजरमा देवरत्न धाख्वा' भित्र भिन्न चार शीर्षकमा देवरत्न धाख्वा र रेडक्रसलाई पर्यायवाची रूपमा लिइएको छ । अन्त्यमा धाख्वाका सन्दर्भमा लेखिएको कविता र लेखकको परिचय प्रस्तुत गरिएको छ ।

वि.सं. २००७ देखि नेपालको प्रजातान्त्रिक आन्दोलनमा लागेका धाख्वा प्रारम्भिक जीवनका दिनहरूमा राजनीतिक क्षेत्रमा पनि क्रियाशील भएको देखिन्छ । केही समय भूमिगत र जेलजीवनसमेत बिताएका धाख्वा २०२२ सालमा प्रशासनिक भूमिकामा नेपाल रेडक्रस सोसाइटीमा प्रवेश गरेपछि सन् १९८५ देखि २०२० सम्म झण्डैं साडे चारदशक नेपाल रेडक्रस सोसाइटीमा रहेर सेवा गरेका थिए । यिनै विविध प्रसङ्गहरू यस आत्मसंस्मरणमा प्रस्तुत गरिएको छ ।

यस संस्मरणभित्रका ५१ वटा मूल लेखहरूमध्ये २६ वटा लेखमा स्रष्टाले रेडक्रसको सामीप्यमा रहेर गरेका विविध अनुभवहरू प्रत्यक्ष रूपमा प्रस्तुत गरेका छन् । बाँकी लेखहरूमा पनि अधिकांश प्रसङ्गमा रेडक्रसमा रहँदाका अनुभवहरू प्रत्यक्ष वा अप्रत्यक्षरूपमा आएका छन् । तस्वीर खण्डमा रहेका अधिकांश तस्वीरहरू रेडक्रसका राष्ट्रिय र अन्तर्राष्ट्रिय कार्यक्रमसँग सम्बद्ध छन् । केही तस्वीर लेखकका व्यक्तिगत तथा सामाजिक जीवनसँग सम्बद्ध रहेका छन् ।

यसरी प्रस्तुत आत्मकथा धाख्वाको व्यक्तिगत जीवनका विविध अनुभवका साथै राजनीतिक परिवर्तनसँगै देखिएका प्रसङ्ग र अधिकांश प्रसङ्गहरू लेखकले रेडक्रससँग नजिक रहेर महामन्त्रीको हैसियतबाट लामो समयसम्म काम गरेका तमाम कार्यहरू प्रस्तुत छन् । यसैले होला सायद शुभचिन्तकहरूले धाख्वालाई रेडक्रसका अभिन्न अङ्गका रूपमा शब्दचित्रमा उतारेका छन् । **–अकिञ्चन**

## ५० वर्षअघिको समाचार

# किरण पुस्तकालयमा विचार गोष्ठी

(ध्वनि प्रतिनिधिबाट)

तम्घास !

वसन्त पञ्चमीको उपलक्ष्यमा तम्घास किरण पुस्तकालयमा एक समारोहको आयोजना गरिएको थियो । समारोहमा माघ १८ गते प्रातः सरस्वती पूजा विधिवत् गरियो ।

वसन्त पञ्चमीको उपलक्ष्यमा आयोजना गरिएको यस सरस्वती पूजाका अतिरिक्त यहाँ अर्को प्रमुख कार्यक्रम विचार गोष्ठी राखिएको थियो । गोष्ठीमा आजको राष्ट्रिय समस्याको विषयमा विचार विमर्श भयो । यस गोष्ठीमा विभिन्न युवकहरूले आ-आफ्नो विचार व्यक्त गरेका थिए । विश्वमा मानवको परिचय केबाट र कसरी दिने प्रश्नको समाधानका लागि श्री खगेश्वर शर्मा, देवीप्रसाद पन्थी, तेजबहादुर थापा, टीका राम खनाल, मुक्तिराम ढकाल आदि व्यक्तिहरूले यसको ठीक परिभाषा दिने प्रयास गर्नुभएको थियो ।

गोष्ठीमा खास गरेर नेपाल भारत वाणिज्य तथा पारवहन वार्ता, नेपालको असंलग्न परराष्ट्र नीति, निर्दलीय पञ्चायती व्यवस्था, श्री ५ युवराजधिराजको निशानीमा गठित जाँचबुझ केन्द्र, पञ्चायत व्यवस्थाको दोस्रो दशक र सौन्दर्य प्रतियोगिताको विषयमा विशेष छलफल तथा समालोचना गरिनुको साथै यस व्यवस्थालाई सफल पारेर देश विकासमा दृढ संकल्पित छौं भन्ने कुरामा विशेष जोड दिइयो ।

उक्त अवसरमा आयोजना गरिएको स्थान, विश्वका महान् व्यक्तिका वाणीहरू, विश्वका विभिन्न महत्त्वपूर्ण चित्रहरू, सरस्वती, लक्ष्मी, गणेश, विष्णु, शिव, ब्रह्मा आदि देवी-देवताहरूका फोटा एवं मालाहरूले सुशोभित र सुसज्जित बनाइएको थियो ।

**साभार : निष्पक्षध्वनि (राष्ट्रिय साप्ताहिक, भैरहवा वर्ष १, अंक ९, माघ २८, २०२७ बाट साभार**

पाठक-प्रतिक्रिया

# भारतीय नेपाली भाषीहरूको माझमा 'हाम्रो पुरुषार्थ'

आधा शताब्दीभन्दा लामो समयदेखि संस्थागत रूपमा किरण पुस्तकालय, गुल्मीबाट प्रकाशित हुँदै आइरहेको 'हाम्रो पुरुषार्थ' गुल्मीको माटोमा उम्रेर आज देशविदेश जहाँ पनि झाङ्गिएर, फैलिएर पृथ्वीको जुनसुकै कुनामा पुगे पनि वेभसाइट www.kiranpustakalaya.com खोलेर पढ्न सकिने हुनु सानो कुरा होइन ।

यसपटक भारतको उत्तराखण्डको राजधानी देहरादूनमा 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क १०४ समयमै आइपुग्यो । यसको आवरण पृष्ठमै राष्ट्रपति भवनमा प्रेस काउन्सिलको ५५ औँ वार्षिकोत्सवको अवसरमा 'हाम्रो पुरुषार्थ' सहित पुरस्कृत हुने पत्रकारहरूको सामूहिक चित्र छापिएको रहेछ । पत्रिकालाई फर्लक्क पछाडि पल्टाएर हेर्दा त्यहाँ 'हाम्रो पुरुषार्थ' को एउटा सूचना र सन्देशमूलक विज्ञापन छापिएको रहेछ । त्यसमा 'हाम्रो पुरुषार्थ' को सम्पूर्णाङ्क १०५ भारतीय नेपाली साहित्य र साहित्यकार विशेषाङ्कको रूपमा निस्कदै छ । त्यस अङ्कका लागि भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा लेखिएका रचना पठाउन आह्वान गरिएको रहेछ ।

'हाम्रो पुरुषार्थ' को यो अङ्क १७०+६+४ गरी जम्मा १८० पृष्ठको एउटा विशेषाङ्क जस्तै गरी निस्केको रहेछ । यसमा अन्तर्वार्ता, लेख, निबन्ध, समीक्षा, संस्मरण, टिप्पणी, जीवनी, कथा, लघुकथा, कविता, गीत, गजल, मुक्तकका साथै १० वटा स्थायी स्तम्भहरू रहेका छन् । सबै रचनाहरू पठनीय छन् ।

यस पत्रिकाले भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा धेरै पहिलेदेखि नै महत्त्वपूर्ण स्थान दिँदै आइरहेको छ । लीलबहादुर क्षत्री, कृष्णप्रसाद ज्ञवाली, दीपक मलिक, अरुणकुमार भारती, इन्द्रबहादुर राई, सुदीप बागची, भृगु आत्रेय, सलील ज्ञवाली, सञ्जय वान्तवा, दिवाकर प्रधान, डा. विष्णुकुमारी शर्मा, श्रीराम शर्मा आचार्य, डा. क्षितीशचन्द्र चक्रवर्ती, गीता श्री शर्मालाई यस पत्रिकाले पहिले नै चिनाइसकेको छ । इन्द्रबहादुर राई, लीलबहादुर क्षत्री, कृष्णप्रसाद ज्ञवाली, सूर्यविक्रम ज्ञवाली, लैनसिंह बाङ्देल आदिका अन्तर्वार्ताहरू यसमा पहिले नै छापिइसकेका छन् । भारतको देहरादूनदेखि आसामसम्म नेपाली भाषीहरूको माझमा यो पत्रिका कहाँ पुगने र ! नेपाली भाषी जहाँ जहाँ छन् त्यहाँ त्यहाँ पुग्न यसले प्रयास गरेको छ ।

अहिले भारतीय नेपाली साहित्य र साहित्यकारहरूको बारेमा एउटा विशेषाङ्क नै निकाल्ने जुन आँट 'हाम्रो पुरुषार्थ' ले देखाएको छ, त्यो पूर्णरूपमा सफल होस् भन्ने शुभकामना छ ।

**–सङ्गीता उपाध्याय पौडेल**

घुच्चुपानी रोड, अनारवाला ।

# किरण पुस्तकालयका आजीवन/विशिष्ट सदस्यको परिचय

## आजीवन सदस्य



नाम : **काशीनाथ ज्ञवाली**

जन्ममिति : वि.सं. २०३०/१०/०४

ठेगाना : रुरुक्षेत्र गाउँपालिका -५, सुनडाँडा, गुल्मी ।

हाल : कालीगण्डकी-५, फोक्सिङ

पिता/माता : शिवहरि/हिमकुमारी ज्ञवाली

पत्नी : बिनाकुमारी खनाल (ज्ञवाली)

शिक्षा : एम.ए. (नेपाली)

अभिरुचि : साहित्य सिर्जना

संलग्नता : शिक्षक, जनकल्याण मा.वि., फोक्सिङ, गुल्मी ।

मोबाइल : ९८४७२१६७७७

इमेल : kmishrit@gmail.com

---

## विशिष्ट सदस्य



नाम : **विष्णुदत्त शर्मा आचार्य**

जन्ममिति : वि.सं. १९९४/१०/२७

ठेगाना : विवेकचोक, कपन वडा नं. १०, बुढानीलकण्ठ

हाल : भीमसेनगोला, बानेश्वर, काठमाडौं ।

पिता/माता : तारानाथ उपाध्याय/पूर्णकला आचार्य

पत्नी : नुमा शर्मा

शिक्षा : शास्त्री (व्याकरण)

अभिरुचि : धार्मिक ग्रन्थ अध्ययन, राजनैतिक खबर श्रवण ।

संलग्नता : विभिन्न सामाजिक संस्थामा ।

अन्य : गुल्मीको कफी विकासमा योगदान, स्कुलहरूको सञ्चालक समितिको पूर्व अध्यक्ष आदि ।

मोबाइल : ९८४१२१७५१९, इमेल : bdatta1940@gmail.com

**हाम्रो पुरुषार्थका आजीवन सदस्यहरूको नामावली**

९७३. श्रीराम ज्ञवाली, रुरुक्षेत्र गा.पा.-५, बम्घा, सुलिडाँडा, गुल्मी ।
मो नं. ९८४६८५६४२६

राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिका

हाम्रो पुरुषार्थ

ले पचास वर्षमा गरेका उपलब्धिहरूको यथार्थ जानकारी लिनका लागि यसका शताङ्कका भाग १ र २ पढ्न नबिर्सनुहोस् ।



# क्षयरोगबाट बचौं र बचाऔं

- लगातार खोकी लाग्ने,
- खोकीमा रगत देखा पर्ने,
- तौल घट्ने,
- फोक्सो दुख्ने वा असजिलो महसुस हुने जस्ता लक्षण क्षयरोगका लक्षण हुन सक्छन् ।

## क्षयरोगबाट बच्न :

- धूमपान तथा मद्यपान नगरौं,
- धुवाँ धुलोमा नबसौं,
- खोक्दा हाच्छ्युँ गर्दा रुमालले नाकमुख छोपौं,
- बालबालिकालाई निश्चित समयमा बिसिजी खोप लगाऔं,
- क्षयरोग लागेका व्यक्तिभन्दा टाढै बसौं र रोगीको जुठो नखाऔं,
- क्षयरोगको शङ्का लागेमा चिकित्सकको सल्लाह लिऔं ।

**नेपाल सरकार**

**विज्ञापन बोर्ड**

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'का विशेषाङ्कहरू





किरण पुस्तकालयको साहित्यिक प्रकाशन 'हाम्रो पुरुषार्थ' पुस्तकालयका आजीवन सदस्य शेरजङ्ग बस्नेतद्वारा काठमाडौं -गुल्मी वनस्थली सम्पर्क समाजका सदस्यहरूलाई वितरण



किरण पुस्तकालयमा बालबालिकाहरू बालकक्षमा पढ्दै



किरण पुस्तकालयमा बेसिक कम्प्यूटर शिक्षा प्राप्त गर्ने प्रशिक्षार्थीहरू

# किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा
## प्रकाशित पुस्तकहरू

| क्र.सं. | पुस्तकको नाम | लेखक |
| --- | --- | --- |
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालिसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास (२०७८) | युवराज भुसाल |